नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फोन नं. ०१-४२११२४५
इमेलः-nagarikta@moha.gov.np

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४०६ ।

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७९/१०/२६

**विषयः "नागरिकता सम्बन्धी परिपत्रहरुको संगालो, २०७८" को PDF file प्रेसित गरिएको ।**

**श्री जिल्ला प्रशासन कार्यालयहरुः सबै ।**

प्रस्तुत विषयमा गृह मन्त्रालयको कार्य जिम्मेवारीमा रहेको "नागरिकता सम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन" लगायतका कार्यहरु मन्त्रालय वा मातहतका विभागीय तथा जिल्लास्थित कार्यालयहरुबाट सम्पादन भई आएको छ । जिल्ला प्रशासन कार्यालयहरुबाट प्रवाह हुने नागरिकता सम्बन्धी सेवामा सरलता, एकरुपता एवं निश्चचता कायम गरी सेवा प्रवाहलाई छिटो, छरितो, द्विविधारहित एवं प्रभावकारी बनाउन विगतदेखि नै मन्त्रालयबाट विभिन्न निर्देशन तथा परिपत्रहरु प्रेसित हुँदै आएको विदितै छ । संस्थागत स्मरण प्रभावकारी बनाई निर्णय प्रक्रियामा सहयोग पुर्याउने तथा तोकिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्न सहयोगी हुने विश्वासका साथ मन्त्रालयले विगतदेखि प्रेषित निर्देशनहरुको एकीकृत संग्रह **"नागरिकता सम्बन्धी परिपत्रहरुको संगालो, २०७८"** प्रकाशनमा ल्याएको छ ।

उक्त संगालोको Hard Copy मन्त्रालय मातहतका जिल्ला/इलाका/सीमा प्रसासन कार्यालयहरुमा प्रेसित हुन मन्त्रालयले चर्को व्ययभार ब्यहोर्नुपर्ने अवस्था समेतलाई मध्यनजर गर्दै मन्त्रालयको परिपत्र प्रणालीमा सबै कार्यालयहरुलाई Soft Copy प्रेसित हुँदा मितव्ययिताका हिसाबले उपयुक्त हुने, कार्यालयहरुको अभिलेखमा समेत सुरक्षित रहने, Hard Copy हराएको खण्डमा पुनः माग गर्ने झण्झटबाट कार्यालयहरु मुक्त हुने विषयलाई दृष्टिगत गरी यसै पत्रसाथ "नागरिकता सम्बन्धी परिपत्रहरुको संगालो, २०७८" को PDF file संलग्न राखी प्रेसित गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७९/१०/२६
..................
(मातृका सापकोटा)
शाखा अधिकृत

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।)

# नागरिकतासम्बन्धी परिपत्रहरूको संगालो, २०७८

(गृह मन्त्रालयको आन्तरिक प्रयोजनको लागि)

गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

२०७८ चैत्र

नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरवार,

काठमाडौं, नेपाल ।



## मन्तव्य

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य उद्देश्य हो भने शान्ति सुरक्षा कायम गर्नु, अपराध नियन्त्रण गर्नु, विधिको शासन कायम गर्नु, विपद् व्यवस्थापन गर्नु र नागरिकतासम्बन्धी सम्पूर्ण कार्यहरू गर्नु गृह प्रशासनको प्रमुख दायित्व हो । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले समेत गृह मन्त्रालयलाई "नागरिकतासम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन" लगायतका जिम्मेवारी सुम्पेको छ । गृह मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका कार्यहरू मन्त्रालय वा मातहतका विभागीय तथा जिल्लास्थित कार्यालयहरूबाट सम्पादन गर्दै आएको छ । तोकिएको जिम्मेवारीको कुशल निर्वहनको लागि विगतदेखि नै गृह मन्त्रालयबाट मातहतका निकायहरूमा विभिन्न निर्देशन तथा परिपत्रहरू प्रेषित हुँदै आएको छ । मातहतका कार्यलयहरुबाट प्रवाह हुने नागरिकता सम्बन्धी सेवामा एकरुपता र निश्चितता कायम गरी सेवा प्रवाहलाई छिटो, छरितो रुपमा सञ्चालन गर्न मौजुदा ऐन/कानूनका अलावा विगतदेखि प्रेषित निर्देशनहरूको एकीकृत संग्रह "नागरिकता सम्बन्धी परिपत्रहरुको संगालो, २०७८" ले निर्णय प्रक्रियामा सहयोग पुर्‍याउने विश्वास गरिएको छ । यस संगालोले मन्त्रालयबाट विभिन्न समयमा प्रेषित नागरिकतासम्बन्धी परिपत्रहरूको संस्थागत स्मरण कायम गर्न सघाउ पुर्‍याउने नै छ ।

यस परिपत्रको संगालो प्रकाशनार्थ यस मन्त्रालयको नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख डा. भीष्मकुमार भूसालको प्रत्यक्ष सुपरिवेक्षणमा मन्त्रालयलाई कुनै अतिरिक्त व्ययभार सिर्जना नगरी वर्गीकृत तथा कार्यक्रमअनुसार परिपत्रहरूको दोहोरो व्यवस्थापन गरी यसको प्रयोगमा सहजता प्रदान गर्दै संगालोलाई मूर्तरुप दिन भूमिका खेल्नुहुने नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखामा कार्यरत कर्मचारीहरु शाखा प्रमुख (उप-सचिव) श्री लिला कुमारी के.सी., शाखा अधिकृतद्वय संगम सापकोटा र सन्तोष शर्मा, नायब सुब्बा भक्ति रिजाल, कम्प्यूटर अपरेटर लक्की शेर्पा र कार्यालय सहयोगी रामशरण भुजेलको अथक मिहिनेत र लगनशिलताको प्रशंसा गर्दै धन्यवाद दिन चाहन्छु ।

(टिक नारायण पाण्डे)
सचिव

चैत्र, २०७८

# विषयसूची

**खण्ड क: सामान्य परिचय** ८

१. पृष्ठभूमी ८

२. आवश्यकता पहिचान ८

३. उद्देश्य ८

४. क्षेत्र र सीमा ९

५. परिपत्रको संगालो प्रयोग गर्ने तरिका ९

**खण्ड ख: परिपत्रहरुको वर्गीकृत विवरण** ११

१. अंगीकृत/वैवाहिक अंगीकृत नागरिकता सम्बन्धी ११

२. जन्मको आधारमा/जन्मसिद्ध नागरिकता सम्बन्धी १६

३. आमाको नामबाट नागरिकता प्रदान गर्ने सम्बन्धी २०

४. फरक लैङ्गिक पहिचान भएकाहरुलाई नागरिकता वितरण सम्बन्धी २१

५. नागरिकता अनुसन्धान/रद्द/बदर/खारेज/मुद्दा/परित्याग/कायम/समाप्ती /पुनःप्राप्ती सम्बन्धी २२

६. नागरिकताको लागि सनाखत/सिफारिस/सर्जमिन सम्बन्धी २८

७. नागरिकतामा ना.नं./जन्ममिति/नाम थर लगायतका विवरण कायम तथा संशोधन सम्बन्धी ३२

८. पेन्सनरहरुको हकमा नागरिकतामा रहेको विवरणहरु सच्याउने सम्बन्धी ३७

९. CIMS Software/Nagarik App आदि जस्ता प्रविधिसँग सम्बन्धित ३९

१०. नागरिकता कार्ड/अनुसूची/मिसिल/फोटो/होलोग्राम/छाप/टिप्पणी नोट/दस्तखत / दस्तुर/प्रतिवेदन तथा कार्यालय व्यवस्थावन र अन्यविवरण सम्बन्धी ४१

११. अभिलेख/नष्ट/नागरिकताको विवरण संरक्षण/भुत्रो/फरक/छुट/कायम/ अध्यावधिक सम्बन्धी ४४

१२. राउटे/वादी/देउकी/चेपाङ/सुनुवार/दलित/विशेष व्यक्ति लगायतलाई नागरिकता वितरण सम्बन्धी ४७

१३. धर्मपुत्र/धर्मपुत्रीलाई नागरिकता प्रदान गर्ने सम्बन्धी ५०

१४. शरणार्थी मामिला सम्बन्धी ५१

१५. नागरिकता टोली/नागरिकता विवरण अभियान/अस्थायी निस्सा/ नाबालक- साबालक रजिष्टरसँग सम्बन्धित ५२

१६. नाबालक परिचयपत्र सम्बन्धी ५४

१७. अधिकार प्रत्यायोजनसँग सम्बन्धित ५५

१८. नागरिकता प्रतिलिपीसँग सम्बन्धित ५९

१९. राहदानी/Travel Document लगायत अध्यागमनसँग सम्बन्धित ६१

२०. अन्य/विविध ६४

**खण्ड ग: परिपत्र/निर्देशनहरु** ७०

# खण्ड कः सामान्य परिचय

# खण्ड कः सामान्य परिचय

## १. पृष्ठभूमी

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य उद्देश्य हो । शान्ति सुरक्षा कायम गर्नु, अपराध नियन्त्रण गर्नु, विधिको शासन कायम गर्नु, विपद् व्यवस्थापन गर्नु र नागरिकतासम्बन्धी सम्पूर्ण कार्यहरू गर्नु गृह प्रशासनको प्रमुख दायित्व हो । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले समेत गृह मन्त्रालयलाई "नागरिकता सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन" लगायतका जिम्मेवारी सुम्पेको छ । गृह मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका कार्यहरू मन्त्रालय वा मातहतका विभागीय तथा जिल्लास्थित कार्यालयहरूबाट सम्पादन गर्दै आएको छ ।

नागरिकतासम्बन्धी कार्यसम्पादनको लागि हाल देहायबमोजिमका कानूनहरू प्रचलनमा रहेका छन्ः

क) नेपालको संविधान

ख) नेपाल नागरिकता ऐन, २०६३

ग) नेपाल नागरिकता नियमावली, २०६३

घ) नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३

ङ) नागरिकता प्रमाणपत्र वितरण टोलीको कार्यसञ्चालन निर्देशिका, २०७०

च) यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९

छ) नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिनेसम्बन्धी कार्यविधि, २०७५

गृह मन्त्रालय वा मातहतका निकायबाट हुने कार्यसम्पादनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी र जनउत्तरदायी बनाउँदै गृह प्रशासनबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रवर्द्धन गर्न गृह मन्त्रालयले गृह प्रशासन सम्बद्ध उल्लिखित ऐन, कानूनमा भएका व्यवस्थाका अतिरिक्त विभागीय निकाय तथा जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूबाट समय समयमा निर्देशन तथा परिपत्रहरू जारी गर्दै आएको छ ।

## २. आवश्यकता पहिचान

गृह मन्त्रालयबाट मातहतका जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूमा नागरिकता, राहदानी, नाबालक परिचयपत्र, आदिका सन्दर्भमा विगतदेखि हालसम्म प्रेषित भएका निर्देशन/परिपत्रहरू के के भए भनेर प्राप्त गर्न एकातिर मुश्किल छ भने एउटै मुद्दा वा विषयमा समेत समय समयमा फरक फरक परिपत्र/निर्देशनहरू हुने गरेको देखिन्छ । साथै पुराना परिपत्र तथा निर्देशनहरूको एकीकृत संगालो नबनेका कारण समेत मन्त्रालयबाट परिपत्र जारी गर्दा समेत पुराना परिपत्रहरू रहँदा रहँदै एउटै विषयमा पटक पटक परिपत्र भएको देखिन्छ । मन्त्रालयबाट मातहतका निकायहरूमा हुने परिपत्र/निर्देशनलाई व्यवस्थित गर्न र निर्देशनहरूको संस्थागत स्मरण कायम गर्न यो परिपत्रहरूको संगालो तयार गरिएको छ ।

## ३. उद्देश्य

यस परिपत्रको संगालो प्रकाशनका उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

क) मातहतका कार्यालयहरूबाट प्रवाह हुने नागरिकतासम्बन्धी सेवामा एकरुपता र निश्चितता कायम गरी सेवा प्रवाहलाई छिटो छरितो रुपमा सञ्चालन गर्नु ।

ख) मन्त्रालयबाट विभिन्न समयमा प्रेषित नागरिकतासम्बन्धि परिपत्रहरूको संस्थागत स्मरण कायम गर्नु ।

## ४. क्षेत्र र सीमा

गृह मन्त्रालय अन्तर्गतको नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखामा रहेका संकलित परिपत्रहरू, उपलब्ध भएसम्म विभिन्न फाइलहरूमा रहेका निर्देशन/ परिपत्रहरू आदिलाई समेटेर यो संगालो तयार गरिएको छ । साथै सीमित जिल्लाहरूलाई प्रेषित परिपत्रहरू जुन निर्देशन सबै जिल्ला प्रशासन कार्यालयहरूलाई समान रुपमा लागू हुन्छ, ती निर्देशनहरूसमेत यो परिपत्रको संगालोमा समेटिएको छ । साथै राहदानी विभाग, परराष्ट्र मन्त्रालय, आदिलाई नागरिकताको रोहमा दिईएको राय सुझाव तथा राष्ट्रिय सुरक्षा गोष्ठिमा यस शाखाबाट उठाईएका बुँदाहरूसमेत यो संगालोमा समेटिएको छ ।

## ५. परिपत्रको संगालो प्रयोग गर्ने तरिका

यस संगालोमा ३ वटा खण्डहरू रहेका छन् । पहिलो खण्डमा परिपत्रको संगालोको सामान्य परिचय समेटिएको छ । दोस्रो खण्डमा यस संगालोमा समावेश भएका परिर्पत्रहरूको मुख्य-मुख्य विवरणहरू वर्गीकृत (Clusterwise) रुपमा समेटिएको छ । तेस्रो खण्डमा नागरिकतासँग सम्बन्धित परिपत्र/निर्देशनहरू कालक्रम (Chronological Order) अनुसार राखिएको छ ।

यो संगालो गृह मन्त्रालय वा मातहतका निकायहरूको आन्तरिक प्रयोजनको लागि तयार गरिएको हो । यसको प्रयोग गर्दा प्रयोगकर्ताले परिपत्रको विवरण वर्गीकृत रुपमा हेर्ने प्रयोजनार्थ खण्ड 'ख' को प्रयोग गर्न सक्नेछन् भने यो खण्डमा रहेको विवरणहरू कहिंकतै प्रमाण ग्रहणयोग्य हुने छैनन् । प्रयोगकर्ताले यस संगालोमा रहेका परिपत्रहरूलाई निर्णयको क्रममा आधार/प्रमाणको रुपमा लिनुपरेमा खण्ड 'ग' मा रहेका आधिकारीक परिपत्रहरूलाई नै लिनुपर्नेछ ।

परिपत्रहरू अध्ययन गर्दा प्रयोगकर्ताहरूले खण्ड 'ख' मा वर्गीकृत रुपमा रहेका परिपत्रहरू हेर्दा सहज हुने देखिन्छ । सम्बन्धित वर्गमा पुग्न विषयसूचीको सहायता लिन सकिन्छ । खण्ड 'ख' मा रहेको प्रत्येक परिपत्रको प्रामाणिक प्रति उक्त विवरणको दायाँतर्फ रहेको पेज नम्बरबाट खण्ड 'ग' मा फेला पार्न सकिन्छ ।

खण्ड 'ख' मा रहेको विवरण खण्ड 'ग' मा रहेको सम्बन्धित परिपत्र/निर्देशनसँग मेल नखाएको खण्डमा खण्ड 'ग' मा रहेको परिपत्र/निर्देशन नै मान्य हुनेछ । त्यस्तै यस संगालोमा रहेका परिपत्र/निर्देशनहरूमा एउटा निर्देशन अर्को निर्देशनसँग मेल नखाएमा वा एक परिपत्रले अर्को परिपत्रको भन्दा भिन्न अर्थ दिने गरी निर्देशन भएको पाईएमा कालक्रमको हिसाबले पछिल्लो पटक प्रेषित निर्देशन/परिपत्र नै मान्य हुने हुन्छ ।

# खण्ड खः परिपत्रहरूको वर्गीकृत विवरण

## १. अंगीकृत/वैवाहिक अंगीकृत नागरिकता सम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४६/०६/०९ | श्री ५ को सरकारले नेपाल नागरिकता ऐन, २०२० को दफा १४ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा ६ अन्तर्गत नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी नारीलाई अंगीकृत नागरिकता प्रदान गर्न तथा नागरिकताको प्रमाणपत्र दिनेसम्बन्धी अधिकारहरू सोही ऐनको शर्त तथा बन्देजमा रही आवेदन स्वीकृत गरिएको पर्चा खडा गरी आ-आफ्नो जिल्लामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।<br>(नेपाल राजपत्र भाग ३, खण्ड ३९, संख्या २४ मा प्रकाशित सूचना) | ७ |
| २ | २०४६/०७/०६ | नेपाल नागरिकता ऐन, २०२० को दफा ६ मा नेपालको अंगीकृत नागरिकता प्राप्त व्यक्तिका सन्तानलाई पनि अंगीकृत नागरिकता प्रदान गर्ने गरी नागरिकता ऐन चौथो संशोधन, २०४६ ले व्यवस्था गरेको हुँदा नेपालको अंगीकृत नागरिकता प्राप्त व्यक्तिको नागरिकता प्राप्त गर्नु अगावै जन्म भई नेपालमा स्थायी रुपले बसोवास गरी आएका सन्तानहरू अंगीकृत नागरिकता माग गर्न जिल्ला कार्यालयमा आएमा निम्नानुसार गर्ने गराउनेः<br>१. नागरिक हुन चाहनेले अनुसूची ६ बमोजिमको ढाँचामा आवेदन गर्नुपर्ने र आवेदन पत्र संलग्न निम्न कागजातहरू पेश गर्नुपर्नेः<br>क) बाबुको अंगीकृत नागरिकता प्रमाणपत्रको प्रमाणित फोटोकपी<br>ख) साविक देशको नागरिकता परित्यास सम्बन्धमाः<br>अ) आवेदकको जन्म नेपाल मैँ भएको भए सम्बन्धित पञ्चायतको प्रमाणित र बाबु विदेशको कुन ठाउँबाट आएको हुन् सो ठाउँको सम्बन्धित अधिकारीलाई सम्बोधन गरी त्यस देशको नागरिकता नबन्ने किसिमको शपथ गरेर नेपाली नागरिकता लिने व्यहोरा उल्लेख गरी हुलाकमार्फत पठाएको निवेदनको प्रमाणित प्रतिलिपी र सो पठाएको हुलाक रसिद संलग्न राख्ने ।<br>आ) आवेदकको जन्म विदेशमा नै भको र बाबुको साथमा नेपालमा आई स्थाई रुपमा बसोबास गरेको छ भने सो कुरामा सम्बन्धित पञ्चायत को प्रमाणित पत्र र जुन देशबाट आएको हो, त्यस देशको नागरिकता परित्याग गरेको प्रमाण वा परित्याग गर्न रितपूर्वक कारवाही चलाएको प्रमाण संलग्न राख्ने ।<br>ग) आवेदकको असो साइजको तिनप्रति फोटो ।<br>२. उपर्युक्तबमोजिम पर्न आएको निवेदन प्र.जि.अ.ले निम्नानुसार गरी नागरिकता दिन गृह मन्त्रालयमा निर्णयको लागि पठाउनेः<br>क) नागरिक हुन चाहने व्यक्तिको आवेदन पत्रको पिठमा आवेदक मेरो फलानो (जेठा, माइलो, कान्छो, आदि) छोरा हो । निज मेरो साथमा वा | ८-९ |

| | | | |
|---|---|---|---|
| | | फलानो ठाउँमा स्थाई रुपमा बसोबास गरेको छ भन्नेसमेत खुलाई बाबुको सनाखत गराई ना.प्र. पत्रको नक्कलसमेत राख्न लगाउने ।<br>यदि बाबुको मृत्यु भएको वा अ्य कुनै कारणबाट सनाखत हुन नसकेमा कारण खुलाई सम्बन्धित पञ्चायतको प्रधानपञ्चबाट सनाखत गराउने र बाबुको ना.प्र.प. पनि राख्न लगाउने ।<br>ख) आवेदन उपर प्र.जि.अ.ले छानवीन गरी आवेदक नेपालमा स्थाई रुपले बसोबास गरेको छ, छैन, आवेदकले ऐनको दफा ६ बमोजिमको शर्त वा अवस्था पुरा गरेको छ, छैन र अगीकृत नागरिकता दिनुपर्ने नपर्ने भन्ने सम्बन्धमा प्र.जि.अ.ले आफ्नो मन्तव्य स्पष्ट उल्लेख गरी पठाउने र<br>ग) आवेदन पत्रमा टाँसिएको फोटो र अरु तिन प्रति फोटोमा पछाडिपट्टी आवेदकको नाम लेखि प्र.जि.अ.ले प्रमाणित गर्ने । | |
| ३ | २०४६/०८/११ | नेपाली नागरिकको साथ वैवाहिक सम्बन्ध भएकी विदेशी नारीले आफ्नो मुलुकको नागरिकता परित्यागसम्बन्धी प्रक्रिया पुरा गरी अन्य आधार प्रमाणहरूसहित आवेदन गरेमा वैवाहिक सम्बन्धका नाताले नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था भएअनुसार त्यस्तो आधार प्रमाणहरूमध्ये पतिको नागरिकता पेश गर्नुपर्ने हुँदा नागरिकता प्रमाणपत्र पेश गर्नुभन्दा अगाडी नै मृत्यु भईसकेको अवस्थामा पतिले नागरिकता प्रमाणपत्र नलिएको भएपनि निज प्रचलित कानूनबमोजिम नेपाली नागरिक हुन सक्ने हैसियतको मानिस हो होइन भन्ने कुरा बुझी सबुद प्रमाणहरूबाट नेपाली नागरिक हो भन्ने देखिएमा मृत्यु दर्ता प्रमाणपत्र लगायत अन्य आधारभूत प्रमाणहरु लिने, पर्चामा सबै कुरा खुलाई निर्णय गरी वैवाहिक अंगीकृत नागरिकता प्रमाणपत्र दिने । | १०-१२ |
| ४ | २०४७/१२/१२ | नागरिकता प्रमाणपत्रहरूमा दस्तखत गर्ने सम्बन्धमा प्र.जि.अ.को अधिकार वरिष्ठ प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने सम्बन्धमा अंगीकृत नागरिकताको हकमा बाहेक बाबुले नागरिकता पाईसकेको रहेछ र सोको प्रमाणसहित छोरा छोरीले नागरिकता माग गर्न आएमा वरिष्ठ प्रशासकीय अधिकृतले दिन सकिने गरी अधिकार प्रत्यायोजन गर्न सकिने । | १६ |
| ५ | २०४८/०५/०४ | नागरिकता वितरण गर्न खटिएको नागरिकता टोलीले अंगीकृत नागरिकताको आवेदन संकलन गर्दा टोलीमा प्रयोग गरिएका अंगीकृत नागरिकतासम्बन्धी आवेदन फाराम तत्काल टोलीको काम कारवाहीमा सजिलो हुने किसिमले तयार गरिएको र उक्त आवेदन फाराम नागरिकता नियमावलीको अनुसूचीमा तोकिएको ढाँचा अनुरुपको नभएको हुँदा टोलीमा प्रयोग गरिएको अंगीकृत नागरिकतासम्बन्धी पुरानो ढाँचाको आवेदन फाराम भर्दा संविधानमा उल्लिखित प्रावधानहरु समेत छुट्न गएको देखिएकोले कानूनबमोजिम अंगीकृत नागरिकता माग गर्न आउने व्यक्तिहरूलाई अबदेखि नागरिकता नियमावली, २०२५ को अनुसूची ५ बमोजिमको ढाँचाको आवेदन फाराम नै भर्ने भराउने गर्ने । | १८ |
| ६ | २०४९/०३/१० | अंगीकृत नागरिकता प्रदान गर्दा लाग्ने दस्तुर सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०४९ जारी भएको दिनभन्दा अघिल्लो दिनसम्म अंगीकृत नागरिकता प्रदान गर्ने निर्णय भएकोमा सो दिनसम्म प्रचलित ऐन, नियम बमोजिम दस्तुर लिने र सो जारी भएको दिनदेखि अंगीकृत नागरिकता प्रदान गर्ने निर्णय भएकोमा सोही नियमावली बमोजिम दस्तुर लिने । | २१ |
| ७ | २०४९/०४/२७ | झुठा विवरण देखाई प्राप्त गरेको नेपाली नागरिकतासम्बन्धी उजुरीमा र नेपालको अंगीकृत नागरिकता पाउँ भन्ने निवेदनहरूमा जिल्ला प्रशासन कार्यालयमा निवेदन परेपछि आवश्यक जाँचबुझ र छानविन जे जसो गर्नुपर्ने हो सबै गरी प्र.जि.अ.ले नै कारवाही गर्न सक्ने देखिए कारवाही सुरु गर्ने र प्र.जि.अ.को अधिकारक्षेत्र भन्दा बाहिरको देखिए आवश्यक छानवीन गरी किटानी रायसाथ मन्त्रालयमा पठाउनुपर्ने । | २३ |

| | | | |
|---|---|---|---|
| ८ | २०५०/०८/२२ | वैवाहिक अंगीकृतको नाताले अंगीकृत नागरिकता प्रदान गर्ने अधिकार श्री ५ को सरकारले प्र.जि.अ.लाई प्रदान गरिसकेको छ तापनि अझै कतिपय जिल्लाबाट यस विषयमा निर्देशन माग भएको देखिएकोले प्रचलित कानून बमोजिम वैवाहिक अंगीकृत नेपाली नागरिकता प्रमुख जिल्ला अधिकारीले प्रदान गर्ने । | २६-३० |
| ९ | २०५२/०४/२१ | • अंगीकृत नागरिकता लिएको विदेशीले नागरिकता परित्याग गरेपछि निजका नाबालक सन्तानको नागरिकता पनि स्वतः नरहने भएकोले नागरिकता प्रदान गर्नु अघि अंगीकृत नागरिकबाट जन्मेका नाबालक सन्तानले उमेर पुगी नेपालको अंगीकृत नागरिकता लिन चाहेमा बाबुले पूर्व मुलुकको नागरिकता परित्याग गरेकोलाई परित्यागको आधार मानी अंगीकृत नागरिकता प्रदान गर्ने ।<br>• अंगीकृत नागरिकका नाबालकहरूलाई अंगीकृत नागरिकता दिँदा नागरिकता समस्या समाधानका लागि उच्चस्तरीय नागरिकता आयोगको सुझाव समेतका आधारमा सरलीकरण गर्ने ।<br>• माथि उल्लेख भएका विदेशी व्यक्तिबाहेक अन्य विदेशीको हकमा अब उप्रान्त त्यस्ता व्यक्तिको पारिवारीक लगत र आश्रित संख्या तथा मुलुकको वहन क्षमतालाई पनि दृष्टित गरी नागरिकता दिने नीति लिने । | ३६-३८ |
| १० | २०५२/०९/०९ | अंगीकृत नागरिकताको प्रतिलिपी दिने सम्बन्धी अभिलेखहरू नभएका, भएपनि अस्पष्ट भएका र कार्यालयको छाप तथा नागरिकताको कार्ड सम्बन्धमा पर्ने प्राविधिक कठिनाई समेतलाई हेर्दास प्रतिलिपी गृह मन्त्रालयबाटै दिन उपयुक्त हुने हुँदा उक्त निवेदनहरूउपर वास्तविकता बुझी प्र.जि.अ.को रायसहित पठाउने । | ४६ |
| ११ | २०५३/०४/१८ | • अंगीकृत नागरिकता पाईसकेका नेपाली नागरिकका तत्कालिन (सम्बन्धित व्यक्तिले आवेदन गर्दा) नाबालिग सन्तानका भाई बहिनीहरूलाई पूर्व मुलुकको नागरिकता परित्याग गरिसकेको मानी गा.वि.स. वा न.पा. को सिफारिसमा जि.वि.स.ले प्रमाणित गरिदिएको आधारमा अंगीकृत नागरिकता प्रदान गरिने भएकाले अन्य शर्तहरू पुरा भएमा, अन्य मुलुकको नागरिकता परित्याग नगरेका उल्लेखित व्यक्तिहरूको सन्दर्भमा सम्बन्धित गा.वि.स. वा नगरपालिका र जि.वि.स.ले गरिदिएको सिफारिस एवं प्रमाणितको आधारमा प्र.जि.अ.ले राय साथ गृह मन्त्रालयमा पठाउने ।<br>• नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनुपुर्व (२०४७ कार्तिक २२ सम्म) अंगीकृत नागरिकताको लागि आवेदन गरिसकेकाको हकमा साविक व्यवस्थाबमोजिम नै प्रक्रिया पुरा गर्न लगाई अंगीकृत नागरिकताको प्रमाणपत्र दिने व्यवस्था भएकोले सोअनुसार गरी मन्त्रालयमा पठाउने । | ५६ |
| १२ | २०५८/०२/१२ | (२०५५/०८/०३ मा सचिवस्तरीय निर्णय भै मन्त्रालयमा सूचना टाँस भएको व्यहोरा अख्तियारमा पठाईएको) बाबुले अंगीकृत नागरिकता लिंदा सोह बर्ष नपुगेका तर हाल उमेर पुगेकाहरू, जन्मसिद्ध नागरिकता लिएका व्यक्तिका भाई बहिनीहरू, नेपाली आमा एवं विदेशी बाबुबाट नेपालमा नै जन्मी यहिँ बसेका छोरा छोरीहरू र ऐनमा व्यवस्था भए अनुरुप अन्य व्यक्तिहरूबाट पनि अंगीकृत नेपाली नागरिकताको लागि दिएको निवेदनहरू प्राप्त भएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखि आए अनुसार कानूनमा संशोधन गरी नागरिकता प्रदान गर्ने कारवाही गर्नुपर्ने हुँदा नागरिकता ऐन, २०२० लाई संशोधन गर्नेतर्फ कार्यवाही भैरहेको, सो संशोधन नहुँदा सम्मको लागि अंगीकृत नागरिकता प्रदान गर्ने कार्य स्थगीत रहेको । | ७०-७१ |
| १३ | २०५९/०७/०६ | भारतीय नागरिककी छोरीहरूले नेपाली नागरिकसँग विवाह गरी वैवाहिक अंगीकृत नेपाली नागरिकता प्रमाणपत्र लिएपछि केही महिलाहरूको पतिसँग सम्बन्ध विच्छेद भएपछि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९को उपधारा ५ र नेपाल नागरिकता ऐन, २०२० को दफा ६ को उपदफा २ र ६ बमोजिम नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको नाताले अंगीकृत नेपाली नागरिकता प्राप्त गर्ने हुँदा सो वैवाहिक नाता नै टुटेपछि निज विदेशी | ८९ |

| | | | |
|---|---|---|---|
| | | महिलाको पुरानै स्थितिमा हुने र निजले लिएको अंगीकृत नेपाली नागरिकता रद्द गर्न लेखि पठाउने । | |
| ९४ | २०६०/०१/०५ | नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०५९ प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा निजले पेश गरेको अनुसूची ३ बमोजिमको निवेदन प्रमुख जिल्ला अधिकारीमार्फत् मन्त्रालयमा पठाउनुपर्ने हो वा यसअघि भएको अधिकार प्रत्यायोजन बमोजिम जिल्ला प्रशासन कार्यालयबाट त्यस्ता व्यक्तिलाई वैवाहिक सम्बन्धले नेपालको नागरिकता प्रमाणपत्र दिने हो, सो सम्बन्धमा र उक्त नियमावलीको नियम ४(३) मा व्यवस्था भएबमोजिम कस्ता नेपालका नागरिकका छोराछोरी वा वंशजको कुनै व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा अनुसूची ३ बमोजिमको निवेदन पेश गर्नुपर्ने हो र त्यस्तो व्यक्तिको लागि नेपालको नागरिकता दिन मन्त्रालयमा पठाउनुपर्ने हो, होइन भन्ने सम्बन्धमा नेपाल नागरिकतासम्बन्धी नयाँ ऐन अहिले जारी भएको होइन । संशोधित ऐनमा श्री ५ को सरकारले अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था साविक बमोजिम नै रहेकोले नियमावलीको संशोधन भएकै कारणबाट मात्र सो सम्बन्धमा पुनः अधिकार प्रत्यायोजन गरिरहनु नपर्ने हुँदा यथावत रुपमा अधिकार प्रयोग गर्न । | ९४ |
| ९५ | २०६०/०१/१५ | प्र.जि.अ.को मातहत वा गृह मन्त्रालय अन्तर्गत नरहेका अधिकृतहरु नागरिकता टोली अधिकृत भई ०५३/५४ सालमा वितरण भएका नागरिकताहरू रद्द भएको कारण सो नागरिकता खिची प्रमाणको आधारमा नागरिक देखिनेलाई नयाँ नागरिकता जारी गर्ने सम्बन्धमा उक्त नागरिकता हराई पेश गर्न नसक्नेको हकमा नागरिकता प्रमाणपत्र हराएकै ठहर हुन आएमा पहिले प्राप्त गरेको अस्थायी निस्सामा वंशजको नाताले नागरिकता प्रमाणपत्र पाउन सक्ने खुलस्त आधार छ भने कार्यालयको अभिलेखमा सोही व्यहोरा जनाउने र कानूनी प्रक्रिया पुरा गरी प्र.जि.अ.ले नागरिकता प्रमाणपत्र दिँदा हुने । | ९५ |
| ९६ | २०६०/०७/०३ | आफू कार्यरत रहेको जिल्ला प्रशासन कार्यालयबाट कर्मचारीका परिवारलाई नेपाली नागरिकता प्रमाणपत्र दिने व्यवस्था भैरहेको सन्दर्भमा आफू कार्यरत रहेको जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीका पत्नीलाई वैवाहिक अंगीकृत नागरिकता प्रमाणपत्र समेत प्रदान गर्न सकिने । | १०४ |
| ९७ | २०६०/०७/१३ | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अभिलेख प्रमाणित एवं यकीन सिफारिसका आधारमा मन्त्रालयबाट अंगीकृत नागरिकता प्रमाणपत्रको प्रतिलिपी दिने गरिएकोमा अब उप्रान्त कार्यालयमा रहेको अभिलेखका आधारमा सम्बन्धित व्यक्ति यकीन गरी प्र.जि.अ.को निर्णयले अंगीकृत नागरिकता प्रमाणपत्रको प्रतिलिपी दिन र त्यसरी दिईएको प्रतिलिपीको मासिक विवरण मन्त्रालयमा पठाउने । | १०५ |
| ९८ | २०६२/०८/३० | विभिन्न कारणले नागरिकताको अभिलेख नष्ट भएका अभिलेखहरुलाई व्यवस्थित गर्ने सम्बन्धमा "नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६१" को परिच्छेद ८ को नं. (ध), (न), (प) मा प्रक्रियाको व्यवस्था गरिएको छ । उक्त प्रक्रिया अंगीकृत नागरिकताको हकमा लागू नहुने भनी उल्लेख भएको पनि पाईँदैन । तसर्थ मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, तत्कालीन अञ्चलाधीशको कार्यालयमा समेत अभिलेख फेला परेन तर व्यक्तिसँग अंगीकृत ना.प्र.प. छ, सोको आधिकारिकता यकीन गर्नुपर्यो वा प्रतिलिपी जारी गर्नुपर्यो भने निर्देशिकाको माथि उल्लिखित व्यवस्था अनुसार आवश्यक परेमा थप प्रक्रिया वा जो जे बुझ्नुपर्ने देखिन्छ, सो समेत बुझी प्र.जि.अ. यकीन भई अभिलेख व्यवस्थित गर्ने । | १२२ |
| ९९ | २०६३/०३/२९ | नागरिकताको प्रमाणपत्रमा नागरिकता नम्बर राख्न छुट भएका अंगीकृत नागरिकताको हकमा नयाँ नम्बर राखी प्रतिलिपी दिने नीति कायम गर्न उपयुक्त देखिने हुँदा यसरी नयाँ नम्बर राख्दा नयाँ ना.नं.रा.जि. ..... १,२,३ आदि उल्लेख गरी तथा ना.नं. कायम गरी ना.प्र.प. प्रतिलिपी दिने । | १२३ |

| | | | |
|---|---|---|---|
| २० | २०६४/०१/०४ | • विदेशी बाबुका छोराछोरीलाई नेपाल नागरिकता ऐन, २०६३ बमोजिम वंशज वा जन्मका आधारमा नेपाली नागरिकता दिन नमिल्ने ।<br>• विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई नेपाली नागरिकता ऐन, २०६३ बमोजिम अंगीकृत नागरिकता प्रदान गर्ने ।<br>• विदेशी पुरुषसँग विवाह भएकी नेपाली नागरिक महिलाले नेपालको नागरिकता कानून बमोजिम नत्यागेसम्म वा विदेशी नागरिकता नलिएसम्म निज नेपाली नागरिकताबाट वञ्चित हुने छैनन् । निज नेपाली नागरिक महिलाले विवाह गर्नुअघि नेपालको नागरिकताको प्रमाणपत्र नलिएको र पतिको मुलुकको नागरिकता समेत नलिएको अवस्थामा पतिको राष्ट्रियता खुलाई निज महिलालाई बाबुको नागरिकताको आधारमा नेपाली नागरिकता माग गरेमा नागरिकता प्रदान गर्न सकिने । | १३६ |
| २१ | २०६४/०५/१४ | • सम्बन्धित जिल्ला प्रशासन कार्यालयले शरणार्थी महिलाले नेपाली पुरुषसँग वैवाहिक सम्बन्ध कायम गर्दा निजले नजिकको UNHCR कार्यालय वा शरणार्थी शिविर सञ्चालन गर्ने सरकारी निकायमा आफ्नो साविकको मुलुक (Country of Origin) को नागरिकता /राष्ट्रियता परित्याग गरेको स्वघोषणा पत्र पेश गरेपछि वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्न कारवाही अगाडि बढाउने/निर्णय गर्ने ।<br>• साथै निज शरणार्थी महिलाले आफ्नो शरणार्थी परिचयपत्र जिल्ला प्रशासन कार्यालयमा बुझाउने व्यवस्था गर्ने ।<br>• निज महिला शरणार्थीले अंगीकृत नेपाली नागरिकता लिएको जानकारी UNHCR वा सम्बन्धित शरणार्थी शिविर व्यवस्था कार्यालयले शरणार्थी महिलाको उत्पत्तिको मुलुकमा जानकारी गराउने ।<br>• यस्तो विवरण अद्यावधिक बनाई राख्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालय, नागरिकता शाखा र शरणार्थी मामिला समन्वय राष्ट्रिय इकाई (NUCRA), गृह मन्त्रालयमा जानकारी पठाउने । | १४० |
| २२ | २०६८/०९/२८ | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानलाई अंगीकृत नेपाली नागरिकता प्रदान गर्ने सम्बन्धमा "निस्सा" भन्नाले "सम्बन्धित देशको नेपालस्थित राजदूतावासको पत्र वा सम्बन्धित देशको सरकारको आधिकारिक निकायबाट प्रमाणित भएको कागजातलाई मान्ने" । | १५७ |
| २३ | २०७०/०५/३१ | बाबुआमाको मृत्यु भैसकेको र एकाघरका व्यक्ति सनाखत गर्ने कोही नभएको अवस्थाका अंगीकृत नागरिकता लिनुअघि जन्मिएका सन्तानलाई अंगीकृत नागरिकता उपलब्ध गराउँदा देहायबमोजिमको प्रक्रिया पुरा गर्नेः<br>१. नागरिकता वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद ४ को दफा २८ मा व्यवस्था भए बमोजिमको कार्यविधि पुरा गर्न लगाउने ।<br>२. अंगीकृत नेपाली नागरिकता प्रमाणपत्र पाएको बाबुआमाको मृत्यु भईसकेको भए बाबुआमाको नागरिकताको प्रमाणपत्र, बाबुआमाको मृत्यु दर्ता प्रमाणपत्र पेश गर्न लगाउने ।<br>३. बाबुले अंगीकृत नागरिकताको प्रमाणपत्र पाएको तर बाबुआमा दुवैको मृत्यु भैसकेको भए प्रमुख जिल्ला अधिकारीले सो सम्बन्धमा प्रहरी तथा गाउँ विकास समितिबाट सर्जमिन बुझ्ने, गोप्य रुपमा स्थानीयस्तरमा बुझी थप छानवीन गरी नागरिकता प्रमाणपत्र दिनसक्ने ।<br>४) आवेदक बसोबास गर्ने स्थानका व्यक्तिहरूमध्ये सर्जमिनमा बसेका व्यक्ति बाहेकका ३ जना नेपाली नागरिकता प्राप्त व्यक्तिबाट सनाखत गराई नागरिकता प्रमाणपत्र दिन सकिने । | १९५ |

| | | | |
|---|---|---|---|
| २४ | २०७०/१०/१५ | निवेदकले अंगीकृत नागरिकता प्राप्तिको लागि आवश्यक पर्ने "निस्सा" कार्यालयबाटै झिकाई पाउँ भनी निवेदन गरेको सन्दर्भमा नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(२) बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले दफा ३ बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्ने भन्ने व्यहोरा सो ऐनको दफा ५(३) मा उल्लेख भएकोले आवश्यक कागजात/प्रमाणहरु व्यक्ति स्वयंले संकलन गरी तोकिएको अधिकारीसमक्ष पेश गर्नुपर्ने । | १९९ |
| २५ | २०७०/११/२५ | • विदेशी पुरुषसँग विवाह भएको नेपाली नागरिक महिलाले नेपालको नागरिकता कानूनबमोजिम नत्यागेसम्म वा विदेशी नागरिकता नलिएसम्म निज नेपाली नागरिकताबाट वञ्चित हुने छैनन् । निज नेपाली नागरिक महिलाले विवाह गर्नुअघि नेपालको नागरिकताको प्रमाणपत्र नलिएको र पतिको मुलुकको नागरिकता समेत नलिएको अवस्थामा पतिको राष्ट्रियता खुलाई निज महिलालाई बाबुको नागरिकताको आधारमा नेपाली नागरिकता माग गरेमा नागरिकता प्रदान गर्न सकिने ।<br>• "निस्सा" भन्नाले नेपालस्थित सम्बन्धित देशको कुटनीतिक नियोगको आधिकारिक पत्रलाई आधार मान्ने । | २०२ |
| २६ | २०७०/१२/२१ | कुनै व्यक्तिले नागरिकता प्राप्त गर्नु र नागरिकता प्रदान गर्नको लागि निर्णय हुनु फरक फरक फरक कुरा भएकोले कुनै व्यक्तिलाई अंगीकृत नागरिकता प्रदान गर्न निर्णय भए तापनि निजको नागरिकता प्राप्त गर्नुपूर्व नै मृत्यु भईसकेको अवस्थामा मृत्यु पूर्व नै नागरिकता लिनुपर्नेमा नागरिकता नलिई रेकर्ड मात्र प्रमाणित गराएको भरमा नागरिकता लिएको भन्न नमिल्ने हुँदा निजको छोरा/छोरीलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(५) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिन नमिल्ने । | २०७ |
| २७ | २०७६/०३/३० | वैवाहिक अंगीकृत नागरिकता प्रमाणपत्र प्राप्त गरेकी महिलाको अदालतको फैसला अनुसार सम्बन्ध विच्छेद भएपछि पतिको नाम हटाई प्रतिलिपी नागरिकता प्रमाणपत्र जारी गर्न सकिने । | २५३ |

## २. जन्मको आधारमा/जन्मसिद्ध नागरिकतासम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०५२/०४/२१ | • प्रक्रियागत त्रुटीका कारणले यदाकदा वंशजको व्यक्तिले जन्मसिद्धको र जन्मसिद्धको नागरिकता लिनु पर्ने व्यक्तिले वंशजको नाताले नागरिकता लिएको पाइएको अवस्थामा सो सम्बन्धमा छानविन गरी वंशज वा जन्मसिद्ध के को आधारमा नागरिकता पाउनु पर्ने हो सो ठहर गरी पहिले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र खिची सो अनुरुपको नागरिकता प्रमाणपत्र जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने ।<br>• नेपालको संविधना, २०१९ लागू भएपछि नेपालमा जन्मेका जन्मसिद्धको नागरिकता प्रमाणपत्र लिएका भाइ तथा अविवाहित वहिनीले नेपालको नागरिकता पाउन सक्ने कानूनी व्यवस्था नभएकोले त्यस्ता व्यक्ति हाल नेपालमा स्थायी बसोबास गरी आएका भए त्यस्ता जन्मसिद्ध नागरिकका भाइ तथा अविवाहित वहिनीले अंगीकृत नागरिकता माग गरेको अवस्थामा प्राथमिकता दिने नीति लिने । | ३८ |
| २ | २०५२/०९/१३ | निवेदक बालिग भएको अवस्थामा रजिष्टरमा नाम लेखिएको भए जन्मसिद्ध नागरिकता दिन मिल्ने तर रजिष्टरमा नाम लेखिदा निज नाबालक रहेको | ४१ |

| | | | |
|---|---|---|---|
| | | भए २०३७ साल चैत्र मसान्त भित्र त्यस्ता व्यक्तिले नागरिकता रोजीसक्नु पर्ने कानूनी प्रावधान भएकोले हाल जन्मसिद्ध वा वंशजको नागरिकता दिन नमिल्ने । | |
| ३ | २०५८/०३/२१ | जन्मसिद्धको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएका नेपाली नागरिकका सन्तान बाबुले जन्मसिद्ध नेपाली नागरिकताको प्रमाण पत्र पाउनु पूर्व र जन्मसिद्ध नेपाली नागरिकता प्राप्ती पछि जहिले जन्मिएका भएपनि दुवै सन्तानहरु वंशजको नाताले नेपाली नागरिक हुने । | ७५ |
| ४ | २०५८/०४/११ | २०५३ साल चैत्र २२ गते जितेन्द्र नारायण देवको संयोजकत्वमा गठित नागरिकता अनुगमन तथा कार्य मुल्याङ्कन समितिले बनाएको नागरिकता वितरण टोली कार्य निर्देशिका अनुरुप खटिएका टोलीबाट वितरण गरिएको नागरिकता सर्वोच्च अदालतको मिति २०५८ साल साउन ८ गतेको फैसलाबाट रद्द गर्ने गरी फैसला भएको सम्बन्धमा २०५८ साल साउन ९ गतेको गोरखापत्रमा समाचार प्रकाशित भएकोमा पेश हुँदा २०५३ सालमा (त्यस जिल्लामा) खटिएका टोलीबाट वितरित नागरिकता प्रमाणपत्रको आधारमा सनाखत गराउँदा प्रमाणको रुपमा नलिने, त्यस्ता नागरिकता रद्द गरी खिच्ने आदेश प्राप्त हुनासाथ रद्द गरी खिच्न तैयार अवस्थामा रहने, ती नागरिकताबाट आर्जित सम्पत्ति रोक्का गर्न तैयारी गर्ने, सोको आधारमा नयाँ जग्गा खरिद बिक्री गर्न मान्यता नदिने, सोको आधारमा राहदानी जारी नगर्ने, सो नागरिकताको आधारमा जारी भएका राहदानीको लगत खडा गर्ने र त्यसरी टोलीबाट नागरिकता प्रमाणपत्र लिने व्यक्ति नेपालको वंशज नागरिक ठहर्ने देखिएमा सो प्रमाणपत्र रद्द गरी अर्को नागरिकता प्रमाणपत्र प्रदान गर्न तैयारी अवस्थामा रहने । | ७६ |
| ५ | २०६०/०१/१५ | प्र.जि.अ.को मातहतमा वा गृह मन्त्रालय अनतर्गत नरहेका अधिकृतहरु नागरिकता टोली अधिकृत भई आ.व. ०५३/५४ मा वितरण भएको नागरिकता रद्द भएको कारण सो नागरिकता खिची प्रमाणको आधारमा नागरिक देखिनेलाई नयाँ नागरिकता जारी गर्ने सम्बन्धमा सो टोलीबाट वितरित नागरिकता प्रमाणपत्र हराई पेश गर्न नसक्नेको हकमा उक्त नागरिकता हराएकै ठहर हुन आएमा पहिला प्राप्त गरेको अस्थायी निस्सामा वंशजको नाताले नागरिकता प्रमाणपत्र पाउन सक्ने खुलस्त आधार छ भने कार्यालयको अभिलेखमा सोही व्यहोरा जनाउने र कानूनी प्रक्रिया पुरा गरी प्र.जि.अ.ले नागरिकता प्रमाणपत्र दिन हुने । | ९५ |
| ६ | २०६०/०६/०८ | नेपाल नागरिकता नियमावली, २०२५ को नियम ७ बमोजिमको कार्यविधि पुरा गरी २०३७ साल चैत्र मसान्तसम्म नेपाली नागरिकता रोजेको आवेदन दिएमा जन्मसिद्ध नागरिकता दिन सकिने व्यवस्था नेपाल नागरिकता नियमावली, २०४९ मा रहेको र त्यसरी रोजेर २०३६ सालको टोलीले खडा गरेको रेकर्डमा नाम उल्लेख भएकाहरुमा कोही नागरिकता नलिँदै मृत्यु भएका र निजका सन्तानहरुले नागरिकता प्राप्तिको लागि सोध्ने गरेको, कोही तत्काल कुनै अभियोगमा कारागारमा रही भर्खर छुटकारा पाई हाल नागरिकता लिन चाहने, कोही टोलीमा साबालक भई नाम रहेता पनि नलिएर हाल लिनको लागि बुझ्न आईरहेको सम्बन्धमाः<br>• २०३६ सालको टोलीले खडा गरेको रेकर्डमा नाम भएको कारणले निजका सन्तानहरुलाई नेपालको नागरिकता दिन मिल्दैन ।<br>• कुनै पनि विदेशीलाई नागरिकता दिने नदिने सम्बन्धमा श्री ५ को सरकारबाट निर्णय हुने विषय भएकोले जेल परेकोले नागरिकता नलिएको कारणले मात्र हाल श्री ५ को सरकार नागरिकता दिन बाध्य छैन ।<br>• टोली रेकर्डमा नाबालकको नाम दर्ता भै नागरिकता प्रमाणपत्र लिन बाँकीका सम्बन्धमा समेत श्री ५ को सरकार नागरिकता दिन बाध्य छैन । | १०० |

| | | | |
|---|---|---|---|
| ७ | २०६३/०९/३० | नेपालमा रहेका शरणार्थी र तिनका सन्तानहरूका साथै कुटनीतिक नियोगहरूमा कार्यरत विदेशीहरूबाट नेपालमा नै जन्मेका सन्तानहरूलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन नमिल्ने । | १२१ |
| ८ | २०६४/०१/०४ | विदेशी बाबुका छोराछोरीलाई नेपाल नागरिकता ऐन, २०६३ बमोजिम वंशज वा जन्मका आधारमा नेपाली नागरिकता दिन नमिल्ने । | १३६ |
| ९ | २०६४/०२/२८ | नागरिकता ऐन, २०६३ को दफा ३ मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजका नाताले नेपालको नागरिक हुनेछ भन्ने उल्लेख भएको देखिन्छ तर प्रस्तुत प्रश्नमा निज सुरेश चमारको पिताले नागरिकता ऐन, २०६३ को दफा ४ बमोजिम जन्मको आधारमा नागरिकता प्राप्त गरेको सन्दर्भमा सो व्यवस्था नेपाल नागरिकता ऐन, २०२० मा नरहेको हुँदा हाल प्रचलित नेपाल नागरिकता ऐन, २०६३ को थप व्यवस्थाले मात्र निजले नेपाली नागरिकको हैसियत प्राप्त गरेको देखियो । निजले सो हैसियत प्राप्त गर्नुपूर्व नै निजको छोरा सुरेश चमारको जन्म भैसकेको अवस्थामा निजको जन्म हुँदा निजको बाबु नेपालको नागरिक भईसकेको भन्न मिल्ने नदेखिएको स्थितिमा निजलाई उक्त ऐनको दफा ३ बमोजिम वंशजको आधारमा नागरिकता दिन मिल्ने अवस्था देखिएन । सोही ऐनको दफा ४ को प्रावधानअनुसार सम्वत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रुपले बसोबास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था हुँदा निवेदक सुरेश चमार र त्यस्तै अरु व्यक्तिले उक्त दफा ४ बमोजिमको अवस्था पूरा गरेको भए निजहरूलाई जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्रदान गर्न कानूनतः बाधा पर्ने नदेखिएको । | १३८ |
| १० | २०६८/०९/२६ | नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम जन्मका आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ र नेपाल नागरिकता नियमावली, २०६३ को **नियम ३ को** उपनियम १ को खण्ड (क), (ख), (ग) र उपनियम २ बमोजिमको प्रक्रिया पूरा गरी वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्ने । | १५५ |
| ११ | २०६८/१०/०२ | यस मन्त्रालयको च.नं. ३९४, मिति २०६८/०९/२६ को परिपत्र प्राप्त भएकै छ । उक्त पत्रको हरफ ४ मा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम १ को ......... हुनुपर्नेमा "नियम ३" भन्ने वाक्यांश छुट हुन गएकोले सोहीअनुसार गर्नु गराउनुहुन । | १५८ |
| १२ | २०६८/११/१२ | सम्मानित सर्वोच्च अदालतबाट मिति २०६८/११/०४ मा निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त परिपत्रहरू (च.नं. ३९४, मिति २०६८/०९/२६ र च.नं. ४१०, मिति २०६८/१०/०२) कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी भएको हुँदा उक्त परिपत्र बमोजिमका काम कारवाही नगर्नू नगराउनू । | १६१ |
| १३ | २०६९/०८/१८ | जन्मको आधारबाट नागरिकता प्रमाणपत्र लिने सन्तानको हकमा निजहरूलाई नागरिकता प्रमाणपत्र जारी नगर्ने भन्ने सम्मानीत सर्वोच्च अदालतबाट मिति २०६८/११/०४ मा अन्तरिम आदेश जारी भैसकेको अवस्थामा नाबालक परिचयपत्र पनि नागरिकता सरह नै मान्यता रहने हुँदा नाबालक परिचयपत्र पनि जारी गर्न नमिल्ने । | १६८ |
| १४ | २०६९/०९/१२ | नागरिकता ऐन, २०६३ बमोजिम बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नुपूर्व जन्मेका सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा | १७० |

| | | | |
|---|---|---|---|
| | | नागरिकतासम्बन्धी मौजुदा कानूनमा स्पष्ट व्यवस्था भएको नदेखिएको हुँदा नेपाल सरकार (मा.उपप्रधानमन्त्री तथा गृह मन्त्रीस्तर) को मिति २०६८/०९/२४ को निर्णयबाट त्यस्ता व्यक्तिका सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्ने भन्ने व्यहोराको परिपत्र सबै जिल्ला प्रशासन कार्यालयहरुमा गरिएको ।<br>नेपाल सरकारको उक्त निर्णय विरुद्ध सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन परी सम्मानित सर्वोच्च अदालतको च.नं. ५७५४, मिति २०६८/११/०५ को पत्रबाट "संविधानमा उल्लेखित आधार र तोकिएका व्यक्तिबाहेक अन्य व्यक्तिलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन, दिलाउने विषयमा निर्णय गर्ने क्षेत्राधिकार तथा अख्तियारी नेपाल सरकार माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीमा नहुने हुँदा यस्तो क्षेत्राधिकार विहिन तथा अख्तियारी विहिन भएको मिति २०६८/०९/२४ को निर्णय र मिति २०६८/०९/२६ को परिपत्र कार्यान्वयन नगर्नु नगराउनु" भन्ने व्यहोराको अन्तरिम आदेश जारी भएको जानकारी प्राप्त भएपश्चात् यस मन्त्रालयको च.नं. ४५४, मिति २०६८/११/१२ को पत्रबाट सबै जिल्ला प्रशासन कार्यालय र क्षेत्रीय प्रशासन कार्यालयहरूलाई पूर्व परिपत्रको कार्यान्वयन नगर्नु नगराउनु भन्ने व्यहोराको परिपत्र गरिएको र यसको अलावा यस विषयमा अन्य कुनै आदेश वा परिपत्र मन्त्रालयबाट नभएको । | |
| १५ | २०७०/०२/०१ | • जन्मको आधारमा नेपालको ना.प्र.प. प्राप्त गरेका व्यक्तिको बाबु नेपाली नागरिक रहेको प्रमाण पेश भई प्रमाणित भएमा वंशजको आधारमा त्यस्ता व्यक्तिका सन्तानलाई ना.प्र.प. उपलब्ध गराउन सकिने ।<br>• जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी आमा जसको पति विदेशी भएको अवस्थामा यस्ता व्यक्तिका सन्तानलाई कानूनको प्रक्रिया पुर्याई अंगीकृत ना.प्र.प. तर्फ कारवाही अघि बढाउने, वंशजको आधारमा ना.प्र.प. दिन नमिल्ने ।<br>• जन्मको आधारमा ना.प्र.प. लिएका व्यक्तिका दाजु भाइ तथा दिदी बहिनीहरूलाई वंशजको आधारमा ना.प्र.प. दिन नमिल्ने । | १८५ |
| १६ | २०७०/१२/२० | नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ४ मा उल्लिखित व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा २ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड ग बमोजिम मिति २०७०/१२/१२ गतेदेखि निस्क्रिय हुने भएकोले सो व्यवस्थाबमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने । | २०६ |
| १७ | २०७५/१०/११ | जन्मको आधारमा नागरिकता पाएकाको सन्तानको बाबु र आमा दुवै नेपाली नागरिक रहेको अवस्थामा अदालतबाट स्पष्ट रुपमा कानूनबमोजिम नागरिकता दिन नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय वा प्रमुख जिल्ला अधिकारीको नाउँमा परमादेश जारी भएका मुद्दाका सम्बन्धमा जुन व्यक्तिको हकमा अदालतले आदेश दिएको छ, निजको बारेमा वंशजको नागरिकता जारी गर्नुअघिको आवश्यक सम्पूर्ण कार्यविधि, प्रक्रिया पुर्याई जे जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिन आएमा आवश्यक सबै अभिलेख राखि कानून बमोजिम नागरिकता प्रदान गर्न सकिने । | २३७ |
| १८ | २०७५/१२/१९ | विद्यमान नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न पेश भएको विधेयक संघीय संदसमा विचाराधीन रहेको लामो समय भएको, सम्मानित सर्वोच्च अदालतबाट जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई कानून बमोजिम नागरिकता दिन आदेश भएको र नागरिकका उमेर पुगिसकेका वालिग सन्तालमे नागरिकता नपाएर आफ्नो शैक्षिक एवं वृत्ति विकास गर्न नपाई झेलिरहनु परेको समस्यालाई सम्बोधन गर्न नेपालको संविधानको धारा ११ को उपधारा (३) को व्यवस्था बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानले आफ्नो बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी नेपाली नागरिकता पाउन निवेदन दिएमा नेपाल नागरिकता ऐन, २०६३, नेपाल | २४५ |

| | | | |
|---|---|---|---|
| | | नागरिकता नियमावली, २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्दा अपनाउनुपर्ने कार्यविधि प्रक्रिया अपनाई जे जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिएमा वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने । | |
| १९ | २०७६/०१/२५ | गृह मन्त्रालयको च.नं. ५८३, मिति २०७५/१२/१९ को पत्रको विषयमा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट सुनुवाई भई अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा टुंगो नलागेसम्म उक्त पत्र कार्यान्वयन नगर्नु नगराउनु, हाल सो पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी अल्पकालीन अन्तरिम आदेश जारी भएकोले सो आदेशानुसार गर्नु गराउनुहुन । | २५० |

## ३. आमाको नामबाट नागरिकता प्रदान गर्नेसम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०६८/०५/०५ | • नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपाली नागरिक हुनेछ भन्ने व्यवस्था भए तापनि ऐनको दफा ३(२) मा दफा ३(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिकबाट जन्मिएका सन्तानको हकमा दफा ५(२) बमोजिम हुने भन्ने उल्लेख भएकोले विदेशी नागरिकसँग विवाह गरी नेपाली नागरिक आमाबाट जन्मिएका सन्तानको हकमा ऐनको उक्त प्रावधान बमोजिम गर्ने ।<br>• आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा ऐनको दफा ३(१) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र माग गर्न आउने १६ बर्ष उमेर पुरा भएका (बाबु नेपाली नागरिक रही नेपालमा नै जन्मिएका सन्तानहरुको हकमा) विभिन्न कारणले गर्दा बाबुको ठेगाना पत्ता लाग्न नसकी आवश्यक प्रमाण पेश गर्न नसक्नेहरुका हकमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(२) अनुरुपको आवश्यक प्रक्रिया पुरा गरी जो जे बुझ्नुपर्छ बुझी आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा आमाको थर, ठेगाना उल्लेख गरी नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने ।<br>• आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिहरूको पछि बाबु पत्ता लागेको अवस्थामा बाबुको नामथर र ठेगाना कायम गरिपाउँ भनी आवश्यक प्रमाणसहित निवेदन दिएमा बाबुको नागरिकताको प्रमाणपत्र राखी सोही व्यहोरा जनाई त्यस्ता नागरिकताको प्रमाणपत्र संशोधन गरिदिने । | २५४ |
| २ | २०६९/१०/०७ | • विवाहित महिलाले नागरिकताको लागि आवेदन गर्दा श्रीमानको नाम, थर, ठेगाना लगायत माइत तर्फका बाबु आमाको विवरण समेत आवेदनमा स्पष्ट रुपले उल्लेख गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै किसिमबाट निजले पतिको विवरण स्पष्ट गर्न नसकेको खण्डमा वंशज (बाबु आमाको नाताबाट) खुल्ने प्रमाणको आधारमा वंशजको नाताले नेपाली नागरिकता जारी गर्न सकिने ।<br>• बाबु आमाको अलग अलग वतन भएको कारणबाट नागरिकता लिन कठिनाई परेको अवस्थामा निवेदकको बाबु आमाको अलग अलग वतन भएपनि निजले रोजेको ठेगाना मध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिस साथ तोकिएको कार्यविधि पुरा गरी नागरिकताको प्रमाणपत्र माग्न आएमा निजले रोजेको बाबु वा आमाको ठेगानामध्ये कुनै एक स्थानबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने ।<br>• बाबु पत्ता नलागेको वा बाबुको ठेगान नभएको तर नेपाली नागरिक आमाबाट नेपाल मै जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता | १७२-१७३ |

| | | | |
|---|---|---|---|
| | | माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीको रित र कार्यविधि पूरा गरी आमाको नामबाट सहज गरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन बाधा नपर्ने । तर बाबु विदेशी हुन् भन्ने यकीन भएको अवस्थामा भने अंगीकृत नागरिकतातर्फ कारवाही अगाडी बढाउनुपर्ने ।<br>• नेपाल सरहदभित्र भेटिएका तर मातृत्व वा पितृत्व ठेगान नलागेका सन्तानलाई पछि मातृत्व पितृत्व ठेगान लागेको बखत सोही बमोजिम हुने गरी संरक्षकको सनाखतबाट नियमानुसार नागरिकता जारी गर्ने । यसरी ना.प्र.प. जारी गर्दा कार्यालयको अभिलेखमा मात्र अभिलेखिकरण गरी ना.प्र.प.को बाबु आमाको महलमा कुनै कुरा उल्लेख नगरी खाली (-) राख्ने ।<br>• माइत पक्ष (बाबु, आमा, दाजुभाइ, आदि) यकीन गर्न नसकी अरूको सहारामा बसेका महिलाहरूलाई विवाह पश्चात् कानूनले तोकेको रित पुर्‍याई पतिको सनाखतबाट नागरिकता जारी गर्ने । | |
| ३ | २०७५/११/२७ | नेपालको संविधानको धारा ११ को उपधारा (५) मा "नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजका आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ" भन्ने व्यवस्था रहेको साथै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा "कुनै व्यक्ति जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था रहेको हुँदा कोही व्यक्ति नेपालको नागरिक आमाबाट जन्मिएको, नेपालमा बसोबास रहेको र बाबुको पहिचान नखुलेको (बाबु विदेशी हो भन्ने नखुलेको अवस्था) आधारमा नागरिकता माग गर्न आएमा वंशजको आधारमा नागरिकता प्रदान गर्न संविधान र कानून बाधक नभएको । | २४१ |
| ४ | २०७७/०३/०९ | बिना विवाह नेपाली महिलाबाट विदेशमा जन्मिएको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई नेपालको नागरिकता प्रदान गर्ने सम्बन्धमा नेपालको संविधान र अन्य प्रचलित कानूनहरूमा स्पष्ट व्यवस्था नभएको परिप्रेक्ष्यमा त्यस्ता व्यक्तिलाई नेपाली नागरिकता प्रदान गर्न नमिल्ने । | २६८ |

## ४. फरक लैंगिक पहिचान भएकाहरूलाई नागरिकता वितरणसम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०६८/०४/०३ | फरक लैंगिक पहिचान र यौन अभिमुखिकरण भएका व्यक्तिहरूका सम्बन्धमा तेस्रो लिङ्ग जनाई नागरिकता दिनु भनी हालसम्म परिपत्र नभएको हुँदा नयाँ कानूनी व्यवस्था वा अन्य निर्देशन नभएसम्म "प्रचलित कानूनबमोजिम गर्नू" । | १५३ |
| २ | २०६९/०६/११ | नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९/०५/१८ को निर्णय, नेपाल मेडिकल बोर्डको मिति २०६९/०६/०३ को सिफारिस समेतको आधारमा प्रतिक प न्तको नाम र लिङ्ग परिवर्तन गरिदिने भनी नेपाल सरकार (मा. उपप्रधान एवं गृह मन्त्रीस्तर) बाट मिति २०६९/०६/११ मा निर्णय भएको । | १६६ |
| ३ | २०६९/०९/१७ | यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई पहिचान सहितको नागरिकता वितरण गर्ने सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०६३ का परिवर्तित अनुसूचीहरु तथा सो समुदायका व्यक्तिहरूलाई नागरिकता वितरण कार्यमा एकरुपता ल्याउन तयार भएको **यौनिक तथा** | १७१ |

| | | | |
|---|---|---|---|
| | | **लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९** बमोजिम गर्नू गराउनुहुन । | |
| ४ | २०६९/१०/०७ | लिङ्गको महलमा 'अन्य' लेखि नागरिकताको लागि आवेदन गर्ने यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई **यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९** अनुसार नागरिकता जारी गर्ने । | १७२–१७३ |

## ५. नागरिकता अनुसन्धान/रद्द/बदर/खारेज/मुद्दा/परित्याग/कायम/समाप्ति/पुनःप्राप्ति सम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४८ | नेपाल अधिराज्यमा हाल नक्कली तथा जाली नागरिकता प्रमाणपत्र लिई विदेश जाने राहदानी समेत बनाउने अपराधहरू हुने रेको बुझिएकोले यस्तो नक्कली तथा जाली काम नियन्त्रण तथा रोकथाम हुन नसकेमा विदेशमा नेपाली राहदानी प्रतिको विश्वसनीयतामा नै शंका उत्पन्न हुन जाने भई राष्ट्रिय प्रतिष्ठामा समेत धक्का लाग्नजाने र यस्तो अवैध कार्यमा संलग्न व्यक्ति वा गिरोहहरूले प्रश्रय पाउने हुँदा यस्तो गैरकानूनी कार्यहरूको पत्ता लगाई कानूनी कारवाही गर्नको लागि अनुसन्धानको सिलसिलामा विभिन्न सरकारी कार्यालय र परराष्ट्र मन्त्रालयसमेत सँग समन्वय राखि आवश्यक विवरण र तथ्यहरू बुझ्न आवश्यक पर्ने देखिएकोले सो कार्यमा खटिई आउने प्रहरी अधिकृतहरूलाई आवश्यक सहयोग गर्नुहुन । | १९ |
| २ | २०४९/०४/२७ | झुठो विवरण देखाई प्राप्त गरेको नेपाली नागरिकता सम्बन्धी उजुरीमा र नेपालको अंगीकृत नागरिकता पाउँ भन्ने निवेदनहरूमा जिल्ला प्रशासन कार्यालयमा निवेदन परेपछि आवश्यक जाँचबुझ र छानवीन गरी जे जसो गर्नुपर्ने हो सबै गरी प्र.जि.अ.ले नै कारवाही गर्न सक्ने देखिए कारवाही सुरु गर्ने र प्र.जि.अ.को अधिकारक्षेत्र भन्दा बाहिरको देखिए के गर्न उचित हुन्छ भनी आफ्नो राय साथ पठाउनुपर्नेमा कतिपय जिल्ला प्रशासन कार्यालयहरूबाट प्राप्त कागजातहरू सो अनुसार भए गरेको नदेखिँदा आवश्यक छानवीन गरी किटानी राय साथ मन्त्रालयमा पठाउनुपर्ने । | २३ |
| ३ | २०५०/०८/२२ | • नेपालको संविधान, २०१९ प्रारम्भ भएपछि नेपालको नागरिकताको प्राप्ति, समाप्ति र तत्सम्बन्धी अन्य कुरा कानूनले निर्धारित गरे बमोजिम हुने धारा ८ को उपधारा (१) को व्यवस्था अनुसार बनेको नेपाल नागरिकता ऐन, २०२० को दफा ९ को उपदफा (२) मा "कुनै व्यक्ति विदेशी मुलुकको र नेपालको नागरिक जन्म र वंशजको नाताले एकसाथ भएकोमा सोह्र बर्ष पुगेको पाँच बर्षभित्र त्यस्ता व्यक्तिले कुनै एक मुलुकको नागरिकता रोज्नुपर्छ । त्यसरी नागरिकता नरोज्ने व्यक्तिको सो म्याद नाघेपछि नेपाली नागरिकता स्वतः लोप हुनेछ ।<br>तर ऐन प्रारम्भ हुनुभन्दा अघिका त्यस्ता नागरिकहरूका हकमा २०३७ साल चैत्र मसान्तसम्मा सो बमोजिम नागरिकता रोजी सक्नुपर्नेछ । अन्यथा निजको नागरिकता स्वतः लोप हुनेछ" भन्ने व्यवस्था भएको पाईन्छ ।<br>• नेपालको संविधान, २०१९ को धारा ८ को उपधारा (१) ले नागरिकताको समाप्ति सम्बन्धमा आवश्यक कानून बनाउन सक्ने अधिकार दिएको र सोही अनुसार बनेको कानून नेपाल नागरिकता ऐन, २०२० को दफा ९ को उपदफा (२) नेपालको नागरिकता लोप हुन सक्ने अवस्था निर्धारण गरेकोले सोही दफाको प्रतिबन्धनात्मक वाक्यांश अनुसार २०३७ साल चैत्र मसान्तसम्म नेपालको नागरिकता नरोज्ने व्यक्तिको नेपालको | २६-३० |

| | | | |
|---|---|---|---|
| | | नागरिकता स्वतः लोप भई सकेकोले निजहरुलाई जन्मसिद्ध वा वंशजको आधारमा नागरिकता दिन मिल्ने देखिँदैन ।<br>• नागरिकताको प्रमाणपत्र पाउनुपर्ने सबैले प्रमाणपत्र पाए नपाएको अनुगमन प्रमुख जिल्ला अधिकारीले नियमित रुपमा गर्ने । साथै नागरिकता लिने क्रममा कसैलाई कुनै अप्ठेरो परेको वा अन्य शिकायत भएमा त्यस्तो शिकायतबारे समय मैँ जानकारी हासिल गर्ने किसिमको उपयुक्त व्यवस्था मिलाउने । | |
| ४ | २०५१/०७/११ | झुठो विवरण वा बयान दिई नेपालको नागरिकता प्राप्त गरेका वा त्यस्तो नागरिकता दिलाउन सिफारिस गर्ने व्यक्तिहरु उपर कतिपय जिल्लाहरुले कानूनी कारवाहीका लागि सम्बन्धित अदालतमा सिधै मुद्दा दायरका लागि प्रहरी कार्यालयमा लेखि पठाउने र नागरिकता प्रमाणपत्र रद्दका लागि पछिमात्र मन्त्रालयमा सिफारिस भई आउने गरेको पाईएकोले नागरिकता प्रमाणपत्र प्राप्त गर्नुपूर्वको स्थितिको हकमा झुठ्ठो विवरण वा बयान दिई नागरिकता प्रमाणपत्र लिन खोज्ने वा दिलाउन सिफारिस गर्ने व्यक्ति उपर आवश्यक छानवीन तथा तहकिकात गरी प्रचलित कानूनबमोजिम कारवाही गर्ने तर नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको अवस्थामा नेपाल नागरिकता ऐन, २०२० (संशोधन सहित) दफा १० (३क) बमोजिम कारवाहीको लागि प्र.जि.अ.को किटानी रायसाथ मन्त्रालयमा पठाई नागरिकताको प्रमाणपत्र रद्दको निर्णय भएपछि मात्र झुठ्ठा विवरण वा बयान दिई नागरिकता प्राप्त गर्ने र त्यस्तो नागरिकता सिफारिस गर्ने व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही चलाउने व्यवस्था हुन । | ३३ |
| ५ | २०५२/०४/२१ | • नागरिकता नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा वंशजको आधारमा नागरिकता पाउने रितपूर्वकको प्राप्त आवेदन उपर मनासिब माफिकको शंका लागेमा, छानवीन गरी ठहर गर्नुपर्ने अवस्था देखिएमा प्र.जि.अ.ले बढीमा ६० दिनभित्र छानवीन गरी आवेदक नेपाली नागरिक हो, होइन भन्ने ठहर गर्नुपर्ने ।<br>• प्रक्रियागत त्रुटीका कारणले यदाकदा वंशजको व्यक्तिले जन्मसिद्धको र जन्मसिद्धको नागरिकता लिनुपर्ने व्यक्तिले वंशजको नाताले नागरिकता लिएको पाईएको अवस्थामा सो सम्बन्धमा छानवीन गरी वंशज वा जन्मसिद्ध के को आधारमा नागरिकता पाउनुपर्ने हो सो ठहर गरी पहिले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र खिची सो अनुरुपको नागरिकताको प्रमाणपत्र जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने । | ३६-३८ |
| ६ | २०५३/०६/१३ | कुनै नेपाली नागरिकले पटक पटक नागरिकताको प्रमाणपत्र लिएकोमा एउटा नागरिकताको प्रमाणपत्र कायम राखि अन्य खारेज गर्न माग गरेमा सोको निमित्त यस मन्त्रालयमा पठाईने गरिएकोमा नागरिकता रद्द गर्नु र नागरिकको प्रमाणपत्रको एउटा प्रमाणपत्र कायम राखि अर्को खारेज गर्नु अलग अलग विषय हुँदा रद्द गर्ने बारे यहाँ पठाउने र प्रमाणपत्र खारेज गरी नागरिकता कायमै राख्नेमा यहाँ नपठाईरहने । | ५८ |
| ७ | २०५६/०५/२४ | • महिना बितेको ७ दिनभित्र रद्द भएका नागरिकता प्रमाणपत्र कार्ड र राहदानी पुस्तिका कार्यालय मैं शिलबन्दी गरी सुरक्षित राख्ने र सोको जानकारी मन्त्रालयलाई दिने । साथै आर्थिक बर्ष समाप्त भएपछि उक्त शिलबन्दी गरिएका ना.प्र.कार्डहरु र राहदानी पुस्तिका मन्त्रालयमा पठाउने ।<br>• नागरिकता र राहदानीको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालयबाट छानवीन गरी कारवाही गर्न प्राप्त पत्रहरु र कार्यालय मैं परेका उजुरीहरुको छुट्टै लगत राखि कानूनबमोजिम यथा समयमैँ कारवाहीको टुंगो लगाउने ।<br>• कानूनमा तोकिएको प्रक्रिया तथा मन्त्रालयबाट समय समयमा भएको निर्देशनको प्रक्रिया नपुर्याई नागरिकता तथा राहदानी जारी भएको पाइएमा कडाईका साथ विभागीय कारवाही हुने । | ६८ |
| ८ | २०५८/०४/११ | २०५३ साल चैत्र २२ गते जितेन्द्र नारायण देवको संयोजकत्वमा गठित नागरिकता अनुगमन तथा कार्य मुल्याङ्कन समितिले बनाएको नागरिकता | ७६ |

| | | | |
|---|---|---|---|
| | | वितरण टोली कार्य निर्देशिका अनुरुप खटिएका टोलीबाट वितरण गरिएको नागरिकता सर्वोच्च अदालतको मिति २०५८ साल साउन ... गतेको फैसलाबाट रद्द गर्ने गरी फैसला भएको सम्बन्धमा २०५८ साल साउन ९ गतेको गोरखापत्रमा समाचार प्रकाशित भएकोमा पेश हुँदा २०५३ सालमा (त्यस जिल्लामा) खटिएका टोलीबाट वितरित नागरिकता प्रमाणपत्रको आधारमा सनाखत गराउँदा प्रमाणको रुपमा नलिने, त्यस्ता नागरिकता रद्द गरी खिच्ने आदेश प्राप्त हुनासाथ रद्द गरी खिच्न तैयार अवस्थामा रहने, ती नागरिकताबाट आर्जित सम्पत्ति रोक्का गर्न तैयारी गर्ने, सोको आधारमा नयाँ जग्गा खरिद बिक्री गर्न मान्यता नदिने, सोको आधारमा राहदानी जारी नगर्ने, सो नागरिकताको आधारमा जारी भएका राहदानीको लगत खडा गर्ने र त्यसरी टोलीबाट नागरिकता प्रमाणपत्र लिने व्यक्ति नेपालको वंशज नागरिक ठहर्ने देखिएमा सो प्रमाणपत्र रद्द गरी अर्को नागरिकता प्रमाणपत्र प्रदान गर्न तैयारी अवस्थामा रहने । | |
| ९ | २०५८/०८/२६ | नागरिकताको विषयमा केन्द्रीत रहेका उजुरी निवेदनहरु उपर कारवाही गर्दै जाँदा नागरिकता प्रमाणपत्र लिएका व्यक्तिले नागरिकता लिंदाका बखत भरेका अनुसूची फारामहरु सहितका कागजातहरु अनुसन्धानको सिलसिलामा पठाईदिन जिल्ला प्रशासन कार्यालयहरुलाई लेखि पठाउँदा त्यस्ता अनुसूची फारामहरु फेला नपरेको, खोजतलास भई रहेको, पानीले भिजेको र अनुसूची लगायतका अन्य काम नलाग्ने कागजातहरु धुल्याईएको भनी जवाफ प्राप्त हुने गरेकोले अब आयन्दा नागरिकतासित सम्बन्धित प्रमाणसम्बन्धी कागजातहरुका विवरणहरु स्पष्ट खुल्ने गरी अभिलेख बनाई सुरक्षित रुपमा राख्नुहुन । | ७८ |
| १० | २०५९/०४/१७ | वंशजको नेपाली नागरिकता प्राप्त महिलाले विदेशीसँग विवाह गरेपछि पनि निजले नेपाली नागरिकता नत्याग्दाको अवस्था र विदेशी पतिको देशको नागरिकता प्राप्त नगर्दा सम्म निजको नेपाली नागरिकताको हैसियत कायम रहने हुँदा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानून अनुसार हुन । | ८७ |
| ११ | २०५९/०९/१६ | गैर नेपाली नागरिकले झुठ्ठो विवरण पेश गरी लिएको नेपाली नागरिकता उपर छानवीन र अनुसन्धान गरी नेपाल नागरिकता ऐनको दफा १०(३क) बमोजिम कारवाहीको लागि प्र.जि.अ.को किटानी रायसाथ मन्त्रालयमा पठाई नागरिकताको प्रमाणपत्र रद्दको निर्णय भएपछि मात्र झुठ्ठो विवरण वा बयान गर्ने व्यक्तिउपर प्रचलित कानून बमोजिम कारवाही चलाउने व्यवस्था हुन मिति २०५१/०७/०८ (?) को निर्देशन बमोजिम सबै जिल्ला प्रशासन कार्यालयमा परित्र भैसकेको छ । तर केही जिल्ला प्रहरी कार्यालयहरुले श्री ५ को सरकारले नागरिकता बदर गर्नु अगावै सोझै अदालतमा मुद्दा दायर गर्ने गरेको हुँदा यस्ता मुद्दामा प्रक्रिया नपुगेको भनी सम्मानित अदालतबाट मुद्दा खारेज हुने/गर्ने गरेको पाइएको छ । तसर्थ २०५१/०७/११ मा भएको परिपत्र अनुरुप गर्न सबै जिल्ला प्रहरी कार्यालयमा परिपत्र एवं निर्देशन हुन । | ९० |
| १२ | २०५९/११/१२ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी उपरको अनुसन्धानको सिलसिलामा नागरिकता प्रमाणपत्र दिनको निमित्त ग्रहण गरिएका अनुसूची फाराम समेतका आधारभूत प्रमाणहरु माग गर्दा फेला नपरेको भन्ने जवाफ विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त भएकोले यस्ता कागजातहरु आवश्यक परेको जुनसुकै समयमा उपलब्ध हुनसक्ने गरी सुरक्षित रुपमा राख्नको लागि आवश्यक व्यवस्था मिलाउनुहुन । | ९१ |
| १३ | २०५९/१२/२१ | कुनै नागरिकताको नेपाली नागरिकता रद्द सम्बन्धमा नेपाल नागरिकता ऐन, २०२० को दफा १० को उपदफा ३(क) बमोजिम नागरिकता रद्द गरी उक्त ऐनकै दफा १५ बमोजिम निजलाई र सो प्राप्त गराउन सहयोग पुऱ्याउने व्यक्तिहरु उपर मुद्दा चलाउन सकिने कानूनी प्रावधान छ । नागरिकता रद्द नहुँदै अदालतमा मुद्दा दायर गरिएकोले अदालतमा विचाराधीन रहेको अवस्थामा  नागरिकता रद्द गर्न सकिने ऐनको दफा १० को उपदफा ३(क) | ९३ |

| | | | |
|---|---|---|---|
| | | को व्यवस्था र ऐनको दफा १५ को दण्ड सजायको व्यवस्थाहरु छुट्टाछुट्टै कानूनी कारवाहीका प्रावधान रहे भएको देखिने हुँदा ती कारवाही मध्ये कुनै एउटाको टुंगो लागि सकेपछि मात्र अर्को कारवाही गर्नु पर्ने भन्ने अवस्था नभएकोले नागरिकता रद्दको लागि प्र.जि.अ.को यकीन रायसहित मन्त्रालयमा पठाउनुहुन । | |
| १४ | २०६०/०१/१५ | प्र.जि.अ.को मातहतमा वा गृह मन्त्रालय अनतर्गत नरहेका अधिकृतहरु नागरिकता टोली अधिकृत भई आ.व. ०५३/५४ मा वितरण भएको नागरिकता रद्द भएको कारण सो नागरिकता खिची प्रमाणको आधारमा नागरिक देखिनेलाई नयाँ नागरिकता जारी गर्ने सम्बन्धमा सो टोलीबाट वितरित नागरिकता प्रमाणपत्र हराई पेश गर्न नसक्नेको हकमा उक्त नागरिकता हराएकै ठहर हुन आएमा पहिला प्राप्त गरेको अस्थायी निस्सामा वंशजको नाताले नागरिकता प्रमाणपत्र पाउन सक्ने खुलस्त आधार छ भने कार्यालयको अभिलेखमा सोही व्यहोरा जनाउने र कानूनी प्रक्रिया पुरा गरी प्र.जि.अ.ले नागरिकता प्रमाणपत्र दिन हुने । | ९५ |
| १५ | २०६०/०५/०५ | सुरु मिसिल रहनुपर्ने निकायले सो मिसिलका आधारमा सुरु मुद्दा चलाउनुपर्ने भई सुरु अदालतमा मुद्दा दायर हुनासाथ सो मुद्दामा श्री ५ को सरकारका तर्फबाट बहस पैरवीको लागि अनुरोध गरिएको पत्रसाथ नक्कल मिसिल सुरु अदालतमा बहस पैरवी गर्ने सरकारी वकिल कार्यालयमा पठाउने । त्यसै गरी सुरु मिसिल रहेको निकायमा पुनरावेदन अदालतको तहबाट मिसिल झिकाएको खण्डमा मिसिल पठाउन साथै पुनरावेदन सरकारी वकिल कार्यालयमा पनि उक्त व्यहोराको पत्रसाथ नक्कल मिसिल पठाउने । त्यसै गरी सुरु मिसिल रहेको निकायबाट सर्वोच्च अदालतले मिसिल माग गर्दा सर्वोच्च अदालतमा मिसिल पठाउना साथ उक्त व्यहोराको पत्रसाथ नक्कल मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउने । | ९९ |
| १६ | २०६३/१०/०१ | • नागरिकता परित्याग गर्ने प्रक्रिया र नागरिकता परित्याग भएको जानकारी दिने सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ९ को उपनियम १, २, ३, ४ को प्रावधान मुताविक देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः<br>क) कुनै नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न चाहेमा निज नेपालभित्र बसेको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष र विदेशमा बसेको भए सम्बन्धित नेपाली राजदूत वा नेपाली नियोग प्रमुख वा महावाणिज्यदूत वा वाणिज्यदूत समक्ष नागरिकताको सक्कल प्रति संलग्न गरी नेपाल नागरिकता नियमावलीको अनुसूची ९ बमोजिमको ढाँचामा सूचना दिनुपर्ने छ ।<br>ख) विदेशमा बस्ने नेपालीले दिएको यस्तो सूचना प्राप्त भएपछि ती निकायले ७ दिनभित्र परराष्ट्र मन्त्रालयमार्फत गृह मन्त्रालयमा लेखि पठाउनुपर्नेछ ।<br>ग) यसरी प्राप्त भएको सूचना गृह मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनेछ ।<br>घ) सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उक्त नागरिकताको आधिकारीकता एकीन गरी ऐ. नियमावलीको अनुसूची १० बमोजिमको ढाँचामा दर्ता किताबमा दर्ता गर्नुपर्नेछ । यसरी दर्ता भएको मिति समेतको जानकारी गृह मन्त्रालयमार्फत परराष्ट्र मन्त्रालयमा दिनुपर्नेछ । परराष्ट्र मन्त्रालयले सो सम्बन्धी जानकारी सम्बन्धित राजदूत वा नेपाली नियोग प्रमुख वा महावाणिज्यदूत वा वाणिज्यदूतलाई पठाउनुपर्नेछ । यस्तो जानकारी प्राप्त भएपछि सम्बन्धित नियोगले सम्बन्धित व्यक्तिलाई नागरिकता समाप्त भएको जानकारी दिनुपर्नेछ ।<br>ङ) नागरिकता परित्याग गर्ने व्यक्ति नेपालमा नै रहेको अवस्थामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष सूचना दर्ता गराएपछि सो नागरिकताको आधिकारीकता यकीन गरी प्र.जि.अ.ले परित्याग भएको जानकारी दिनुपर्नेछ ।<br>• विदेशी नागरिकता प्राप्त गरिसकेपछि नेपाली नागरिकता कायम नरहेको जानकारी माग गरेमा सो जानकारी दिने सम्बन्धमा विदेशी नागरिकता | १३० |

| | | | |
|---|---|---|---|
| | | प्राप्त गरिसकेपछि नेपाली नागरिकता कायम नरहने व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को उपदफा १ मा उल्लेख छ । यस्तो जानकारी माग गर्ने व्यक्तिलाई निजको नागरिकताको आधिकारीकता यकीन गरी ऐनको सो प्राविधानको सन्दर्भ उल्लेख गरी विदेशी नागरिकता लिएको मितिदेखि नै निजको नागरिकता कायम नरहेको जानकारी दिनुपर्नेछ । यस्तो व्यक्ति विदेशमा भए सम्बन्धित नेपाली नियोग मार्फत र स्वदेशमा भए सम्बन्धित प्र.जि.अ.ले सो जानकारी दिनुपर्नेछ । | |
| १७ | २०६३/११/१६ | नेपाल राज्यभर नागरिकता टोली खटिई गएकोमा केही जिल्लाहरूमा शान्ति-सुरक्षामा देखिएको बिग्रँदो स्थितिको कारणले नागरिकता टोलीहरू खटिएको स्थानमा कर्मचारीहरूलाई दवावमा पारी वा जवरजस्ती गरी वा आफैँले कार्ड भरी अभिलेख राखि लिएका वा आवश्यक प्रक्रिया नै नपुर्‍याई लिएका नागरिकता बदर गर्नेतर्फ आवश्यक कारवाही गर्ने । | १३५ |
| १८ | २०६४/०२/३१ | जर्मनी लगायत युरोपीयन मुलुकहरूको नागरिकता लिनको लागि त्यहाँको सरकारले निश्चित समय तोकिदिने र उक्त समयभित्र नेपाली नागरिकता परित्यागको कागज सम्बन्धित देशका अधिकारीसमक्ष पेश गर्न नसकेमा उक्त सुविधाबाट वञ्चित हुनुपर्ने हुँदा यस सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ९ मा उल्लिखित व्यवस्था शिघ्र कार्यान्वयन गरी पठाउनुहुन । | १३९ |
| १९ | २०६५/१०/२७ | नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को उपदफा (२) मा नेपालको नागरिकता त्याग्न सूचना दर्ता गरेको मितिदेखि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोले सोही अनुसार नेपाली नागरिक नरहेको जानकारी दिँदा कानून प्रतिकूल नहुने । | १४१ |
| २० | २०६८/१०/२२ | • आमा नेपाली नागरिक तथा बाबु विदेशी नागरिकबाट विदेशमा जन्मेका बच्चाहरू नेपाल नागरिकता ऐन, २०६३ बमोजिम नेपाली नागरिक नहुने ।<br>• आमा नेपाली नागरिक तथा बाबु पहिले नेपाली नागरिक भई हाल विदेशी नागरिकता ग्रहण गरेकाबाट विदेशमा जन्मेका बच्चाहरू नेपाली नागरिक हुने । यदि ती व्यक्तिहरू बाबुले विदेशको नागरिकता लिएको आधारमा विदेशी नागरिक पनि हुने भए नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(४) बमोजिम १६ बर्ष उमेर पुगेको मितिले २ बर्षभित्र नेपाली नागरिकता लिने नलिने विषयमा रोजी सक्नुपर्ने, २ बर्ष रोज्ने म्याद समाप्त भएमा नेपाली नागरिकता कायम नरहने कानूनी व्यवस्था रहेको ।<br>• बच्चा जन्मँदा आमा बुबा दुवै नेपाल नागरिक रहेकोमा हाल बुवाले विदेशी नागरिकता ग्रहण गरेको प्रकृतिका विदेशमा जन्मेका बच्चाहरू नेपाली नागरिक हुने । यदि ती व्यक्तिहरू बाबुले विदेशको नागरिकता लिएको आधारमा विदेशी नागरिक पनि हुने भए नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(४) बमोजिम १६ बर्ष उमेर पुगेको मितिले २ बर्षभित्र नेपाली नागरिकता लिने नलिने विषयमा रोजी सक्नुपर्ने, २ बर्ष रोज्ने म्याद समाप्त भएमा नेपाली नागरिकता कायम नरहने कानूनी व्यवस्था रहेको । | १६० |
| २१ | २०७०/०२/१४ | गा.वि.स. सचिव हकहित संरक्षं केन्द्र, नेपालले श्रीमान सचिवज्यू, गृह मन्त्रालयलाई सम्बोधन गरी नागरिकताको अनुसूचीमा सिफारिस गरेको कारणबाट थुप्रै गा.वि.स. सचिवहरूले मुद्दा, जरिवाना र जेल सजाय समेत व्यहोर्नुपरेको, निजामती कर्मचारीलाई कुनै मुद्दा चलाउँदा निजामती सेवा ऐन, २०४९ को दफा ५७ को उपदफा १ र २ बमोजिम अख्तियारवालाको अनुमती प्राप्त भएको हुनुपर्ने र उपदफा ४ बमोजिम नेपाल सरकारबाटै प्रतिरक्षा गर्ने व्यवस्था भएको तथा अन्य कुनै कानून बमोजिम कारवाही हुने भएमा दफा ६१क को उपदफा १ बमोजिम सम्बन्धित अख्तियारवालाबाटै विभागीय सजाय हुने व्यवस्था हुँदाहुँदै गा.वि.स. सचिवहरूलाई नागरिकता सम्बन्धी मुद्दा चलाएको हुँदा नागरिकता वितरण | १८६ |

| | | | |
|---|---|---|---|
| | | टोलीम उपस्थित हुन र नागरिकताको प्रमाणपत्रमा उल्लेख भए बमोजिम नचिनेको व्यक्तिलाई चिन्दछु भनी नागरिकताको प्रमाणपत्रमा सिफारिस गर्न नसक्ने भन्ने व्यहोरा उल्लेख गरी यस मन्त्रालयमा पेश गरेको ज्ञापनपत्र कारवाहीको लागि पेश हुँदा आरोपित कसुरमा गा.वि.स. सचिवको संलग्नता रहे नरहेको विस्तृत अनुसन्धान गरेर मात्र निजामती कर्मचारीहरूलाई निजामती सेवा ऐनको प्रावधान अनुसार कानूनी कारवाही हुने प्रक्रिया अघि बढाउनुहुन । | |
| २२ | २०७०/०७/१० | एउटा जिल्ला प्रशासन कार्यालयमा दर्ता (जारी) भएको ना.प्र.प.को परित्याग लगायतको कारवाही अर्को जिल्ला प्रशासन कार्यालयबाट हुँदा अभिलेख व्यवस्थापन, क्षेत्राधिकार लगायतको विषयमा समस्या आउन सक्ने देखिएकोले नेपाली नागरिकता परित्याग सम्बन्धमा कारवाहीको लागि प्राप्त हुने निवेदनहरू नागरिकता जारी गरेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत नै कारवाही हुने व्यवस्था गर्ने । | १९७ |
| २३ | २०७०/११/२५ | • विदेशी पुरुषसँग विवाह भएको नेपाली नागरिक महिलाले नेपालको नागरिकता कानून बमोजिम नागरिकता नत्यागेसम्म वा विदेशी मुलुकको नागरिकता नलिएसम्म निज नेपाली नागरिकबाट वञ्चित हुने छैनन् । निज नेपाली नागरिक महिलाले विवाह गर्नुअघि नेपालको नागरिकताको प्रमाणपत्र नलिएको र पतिको मुलुकको नागरिकता समेत नलिएको अवस्थामा पतिको राष्ट्रियता खुलाई निज महिलालाई बाबुको नागरिकताको आधारमा नेपाली नागरिकता माग गरेमा नागरिकता प्रदान गर्न सकिने ।<br>• नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ मा उल्लिखित "निस्सा" भन्नाले नेपालस्थित सम्बन्धित देशको कुटनीतिक नियोगको आधिकारीक पत्रलाई आधार मान्ने । | २०२ |
| २४ | २०७०/१२/१० | कुनै व्यक्तिले स्वेच्छाले विदेशी नागरिकता लिएको र नेपालको नागरिकता त्यागको लागि कुनै सूचना नदिएको अवस्थामा निजको नेपाली नागरिकताको हैसियत के हुने भन्ने सम्बन्धमा निज विदेशी नागरिक भएको कुरा प्राप्त प्रमाणबाट स्पष्ट भएको र नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) मा नेपालको कुनै नागरिकले आफूखुसी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपालको नागरिकता कायम रहने छैन भन्ने स्पष्ट उल्लेख भएकोले ऐनको दफा १०(५) र नेपाल नागरिकता नियमावली, २०६३ को नियम १० बमोजिमः<br>१. निजको नेपालको नागरिकता कायम नरहने ।<br>२. निजसँग रहेको नेपाली नागरिकताको प्रमाणपत्र खिची अभिलेखमा समेत सो कुरा जनाई ७५ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई जानकारी दिने । | २०५ |
| २५ | २०७२/०३/१७ | सक्कल नागरिकता हराएका कुनै नेपाली नागरिकले नागरिकता त्याग गर्न निवेदन गरेको अवस्थामा सक्कल नागरिकता हराए नहराएको सम्बन्धमा प्रहरी प्रतिवेदन लगायत थप जे जो बुझ्नुपर्ने हो सबै बुझी हराएको हो भन्ने यकीन गर्न सकिने अवस्थामा नागरिकता परित्याग सम्बन्धी कारवाही अगाडी बढाउन सकिने । | २१७ |
| २६ | २०७२/०६/०६ | सक्कल नागरिकता हराएका कुनै नेपाली नागरिकले नागरिकता त्याग गर्न निवेदन गरेको अवस्थामा विदेशमा रहेका नेपाली नागरिकहरूको हकमा यस मन्त्रालयको च.नं. ५७९, मिति २०७२/०३/१७ को परिपत्रमा "थप जे जो बुझ्नुपर्ने हो सबै बुझी हराएको हो भन्ने यकीन" के कसरी गर्ने सम्बन्धमाः नागरिकता हराएको सम्बन्धमा यकीन गर्न प्रहरी प्रतिवेदन वा अन्य के कस्ता कागजात चाहिने (जस्तै नागरिकता हराएको सम्बन्धमा दुतावास/महावाणिज्य दुतावास/नियोगलाई पनि सूचना दिनुपर्ने व्यवस्था छ कि ?) हो सम्बन्धित निकायले नै प्रक्रिया तोक्ने वा यकीन गर्न सक्ने | २१९ |

| | | | |
|---|---|---|---|
| | | अवस्था नरहने भन्ने नहुने । यस्तो अवस्थामा यस मन्त्रालयले बुँदागत रुपमा यसो यसो गर्नु भन्ने अवस्था नरहने । तसर्थ हराएको नागरिकता परित्याग गर्ने सम्बन्धी कारवाही अगाडी बढाउन सम्बन्धित निकायले उपयुक्त ठानेको प्रक्रिया अवलम्बन गरी नागरिकता हराएको हो भनी यस मन्त्रालयमा सिफारिस भै आएमा नागरिकता परित्यागको प्रक्रिया अगाडी बढाउन सकिने । | |
| २७ | २०७५/०५/२४ | कुनै व्यक्तिले नागरिकता परित्याग सम्बन्धी निवेदन दिनु अगावै झुठ्ठा विवरण पेश गरी नागरिकता लिएको भन्ने उजुरी परेको भन्ने कारण देखाई नागरिकता रद्दको लागि उजुरी परेको अवस्थामा रद्दको निर्णय हुनु अगावै सम्बन्धित व्यक्तिले नागरिकता लिंदासम्म आफू वंशजको नाताले नेपाली नै भएको र पछि भारतीय नागरिक भएको भन्ने व्यहोरा दर्शाई आफूले प्राप्त गरेको सक्कल नागरिकता प्रमाणपत्र संलग्न गरी नागरिकता परित्यागको निवेदन पठाएको हुँदा प्रचलित कानून र कार्यविधि अनुसार परित्यागसम्बन्धी कारवाही अगाडि बढाउन र परित्याग दर्तापश्चात् नागरिता परित्याग गर्नुको कारणसहित परित्याग दर्ता भएको विवरण निजको नागरिकता मूल अभिलेखमा जनाई प्रमाणित गरी राख्ने । | २३२ |
| २८ | २०७५/१२/१३ | • नागरिकता नलिएको भनी वालिग व्यक्तिहरुले आफ्नो नागरिकता परित्यागको लागि निवेदन दिएमा नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १० बमोजिमको दर्ता किताबमा दर्ता नगर्ने । तर नागरिकता अभिलेख हेरी निजको नाममा नागरिकता जारी भए नभएको व्यहोरा जानकारी गराउने ।<br>• नाबालक परिचयपत्र जारी गर्दा कार्डमा स्पष्ट देखिने गरी "परिचयपत्र बाहकको उमेर १६ बर्ष नपुगेसम्म यो परिचयपत्र मान्य हुनेछ ।" भन्ने व्यवस्था अनिवार्य उल्लेख गर्ने । | २४४ |
| २९ | २०७६/११/२७ | नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाईएका व्यक्तिको हैसियत विदेशी सरह हुने हुँदा विदेशी नागरिकको नेपालमा रहेको अचल सम्पत्ति मुलुकी देहानी संहिताको दफा ४३२ वा ४३३ को अधीनमा रही नेपाल सरकारको नाममा कायम गर्ने भनी माननीय गृह मन्त्रीस्तरको मिति २०७६/११/२० मा भएको निर्णय कार्यान्वयन गर्न गराउन एवं कार्यान्वयनको प्रगति नियमित रुपमा मन्त्रालयमा पठाउनु हुन । | २६४ |
| ३० | २०७८/०७/२६ | १. कुनै नेपालीले झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको ठहरी सम्मानित अदालतबाट फैसला भई कार्यान्वयनको लागि आएमा सम्मानित अदालतबाट जुन नागरिकताको प्रमाणपत्र रद्दको लागि फैसला भएको हो, सोही नागरिकता रद्द गरी सही विवरण पेश गरी लिएको नागरिकता कायम राख्ने ।<br>२. कुनै नेपालीले झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित भई नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ बमोजिम नागरिकताको प्रमाणपत्र रद्द गर्दा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को दफा ३४(३) बमोजिम गर्ने । | २७३ |

## ६. नागरिकताको लागि सनाखत/सिफारिस/सर्जमिनसम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | २०४२/०५/२८ | • कसैले झुठो विवरण तथा बयान दिई नागरिकता प्राप्त गरेकोमा उजुर बाजुर पर्‍यो भने आवश्यक कारवाहीको लागि छानवीन गर्नुपर्ने हुन आउँछ । तसर्थ रा.प. पदमा अस्थायी नियुक्ति भएका अधिकृतहरु स्थायी पदपूर्ति भएपछि वा अस्थाई म्याद समाप्त भएपछि स्वतः खारेज हुने हुँदा छानवीन कार्यमा वाधा अड्चन आउने सम्भावनालाई दृष्टिगत गरी नागरिकता जस्तो संवेदनशील विषयमा रा.प. पदमा अस्थायी नियुक्ति भएका अधिकृतहरूले नागरिकता प्रमाणपत्र दिने प्रयोजनका लागि सिफारिस गर्न नमिल्ने ।<br>• विकास समिति ऐन अन्तर्गत नियुक्ती भएका अधिकृतको हकमा विकास समिति ऐन, २०१३ को दफा ४ ले समितिलाई संस्था (कर्पोरेट बडी) मानेकोले विकास समिति ऐन अन्तर्गत नियुक्ति भएका अधिकृतहरूलाई श्री ५ को सरकारको राजपत्रांकित अधिकृत मान्न नमिल्ने ।<br>• का.मु. रा.प. तृतीय श्रेणीका अधिकृतहरूको हकमा का.मु. समाप्त भएपछि आफ्नै पदबहाल नै रहने हुँदा सिफारिस गर्न मिल्ने ।<br>• जि.पं. सभापतिको अनुपस्थितिमा जि.पं. उपसभापतिलाई का.वा. सभापति भै कार्य सञ्चालन गर्न जि.पं. सभापतिले कानून बमोजिम अधिकार प्रदान गरेको छ भने नागरिकताको लागि गरेको सिफारिसलाई मान्यता दिन सकिने तर निमित्त सभापतिको हैसियतले सिफारिस गर्न नमिल्ने । | २ |
| २ | २०४७/०५/३१ | स्थानीय पंचायतका निकायहरु भंग भैसकेको सन्दर्भमा नेपाल नागरिकता नियमावली, २०२५ का विभिन्न ठाउँमा रहेको जिल्ला पंचायतको सभापति, नगर पंचायतको प्रधान पन्च र गाउँ पंचायतको प्रधान पन्च भन्ने शब्दहरु झिकी सोको सट्टा क्रमशः जिल्ला विकास समितिको अध्यक्ष, नगर पालिकाको अध्यक्ष र गाउँ विकास समितिको अध्यक्ष भन्ने शब्दहरु राखि संशोधन गर्ने । | १४ |
| ३ | २०४९/०८/०२ | नेपाल नागरिकता नियमावली, २०४९ बमोजिम वंशजको नाताले नागरिकता पाउने व्यक्तिहरूको निवेदन पत्रमा जिल्ला विकास समितिका सभापति वा उप सभापति, नगरपालिकाका प्रमुख वा उप प्रमुख, गाउँ विकास समितिका अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ को सरकारको वहालवाला राजपत्रांकित अधिकृतबाट सिफारिस गराई पेश गर्न सक्ने व्यवस्था भई रहेकै छ । जिल्ला विकास समिति ऐन, २०४८ बमोजिम सदस्यलाई कार्यवाहक सभापति तोक्न सक्ने व्यवस्था नरहेको, नगरपालिका र गाउँ विकास समितिका सदस्यहरु कानून बमोजिम कार्यवाहक प्रमुख वा अध्यक्ष भएको कुराको प्रमाणित अवस्थाको सिर्जना गर्न व्यावाहारिक रुपमा कठिनाई हुने हुँदा नगरपालिका वा गाउँ विकास समितिका कार्यवाहक प्रमुख वा अध्यक्ष भएको सदस्यका सिफारिसलाई स्वीकार नगर्ने । | २४ |
| ४ | २०५०/०८/२२ | श्री ५ को सरकारको कार्यालय तथा संस्थानहरूमा कार्यरत कर्मचारी र तिनका परिवारलाई कार्यरत रहेको जिल्लाबाट पनि नागरिकताको प्रमाणपत्र दिन सक्ने ।<br>प्रचलित कानूनको अधिनमा रही बेजिल्लाबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिको अभिलेख स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालय र सम्बन्धित गा.वि.स./न.पा.मा पठाउने । सम्बन्धित गा.वि.स. वा न.पा.ले नागरिकता प्रमाणपत्रमा उल्लिखित विवरणहरुको यथार्थता बारे अविलम्ब जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिने । | २६-३० |
| ५ | २०५२/०४/२१ | नागरिकताको आवेदनमा सिफारिस गर्ने अधिकारीले शंका लागेमा वंशज खुल्ने प्रमाण (बाबु वा आमा वा दाजुभाइ वा सहोदर काका वा जेठाबाबु वा काका वा जेठाबाबुका छोराहरूमध्ये कसैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी) जन्मसिद्धको हकमा जन्मेको प्रमाण, स्थायी बसोबास, जग्गा जमिनको प्रमाण (आफ्नो वा वंशजको व्यक्तिहरूको नाममा भएको) वा नागरिकता नियमावलीको नियम ३ को उपनियम ४ मा व्यवस्था | ३६-३८ |

| | | | |
|---|---|---|---|
| | | भएको प्रमाण आदि समेतलाई आधार मानी सिफारिस गर्न सक्ने नीति लिने दिने । | |
| ६ | २०५२/०५/१८ | गा.वि.स. ऐन, २०४८, नगरपालिका ऐन, २०४८ अनुसार गा.वि.स. अध्यक्ष र न.पा.का प्रमुखले उपाध्यक्ष र उप-प्रमुख नभएको अवस्थामा कुनै सदस्यलाई कार्यवाहक दिन सक्ने व्यवस्था भएको र कार्यवाहक भएको अवस्थामा कार्यालयको दैनिक काम समेत त्यस्ता सदस्यले सञ्चालन गर्ने हुँदा सर्वसाधारण जनतालाई नागरिकताको अनुसूचीमा सिफारिस गर्ने व्यक्तिको अभाव खड्किन नदिन अब उप्रान्त गा.वि.स. वा नगरपालिकाको कार्यवाहक अध्यक्ष वा प्रमुख भएका सदस्यले नागरिकताको अनुसूचीमा गरेको सिफारिसलाई मान्यता दिने । | ४० |
| ७ | २०५२/०९/२२ | नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न भर्नुपर्ने अनुसूची फारामहरूमा कसको सिफारिस आवश्यक पर्छ भन्ने विषयमा नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ को उपनियम १ समेतमा स्पष्ट व्यवस्था छँदैछ, तापनी यस्ता अनुसूचीहरूमा राजप्रसाद सेवाका अधिकृत शाही नेपाली सेनाका अधिकृत, नेपाल प्रहरीका अधिकृत तथा राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरु समेतबाट सिफारिस भई आएको खण्डमा, नागरिकताको अनुसूची सिफारिस गर्ने उपर्युक्त व्यवस्था बमोजिमका सिफारिस कर्ताहरूमा श्री ५ को सरकारका बहालवाला राजपत्रांकित अधिकृतहरु समेत पर्ने हुँदा श्री ५ को सरकारका बहालवाला राजपत्रांकित अधिकृत बाहेक अन्य अधिकृतहरूको सिफारिसबाट नागरिकता दिन मिल्ने देखिएन तर नागरिकताको विवाद परेको खण्डमा सो विवादको अनुसन्धान समेतमा प्रत्यक्ष वा परोक्ष रुपमै संलग्न हुनुपर्ने बहालवाला प्रहरी अधिकृत र राष्ट्रिय अनुसन्धान विभागका बहालवाला अधिकृतहरूले उक्त अनुसूचीमा सिफारिस गर्दा स्वयं सिफारिसकर्ताकै अनुसूची पनि अनुसन्धान गरिनुपर्ने अनुसूचीभित्र पर्न जान सक्ने हुँदा सो विषयमा प्रहरी अधिकृत र राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरूबाट सिफारिस गर्न नमिल्ने । | ४८ |
| ८ | २०५३/०५/२६ | राजपत्रांकित अधिकृतको नाताले प्रहरी सेवा र राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरूले नागरिकतामा सिफारिस गर्न कानूनले मिल्ने भए पनि कामको प्रकृतिलाई विचार गरी सो गर्न उपयुक्त नहुने सम्बन्धमा मन्त्रालयले नीति लिएको र तदनुसार निर्देशनसम्म दिईएको हो । तथापी यस्ता निर्देशनले कानूनले प्रदान गरेको हकबाट वञ्चित भएको हो भनी यदि ताहाँ कार्यालयलाई लागेको छ र सिफारिस गर्ने मनसाय पनि रहेको भए कानूनी तबरमा सिफारिस गर्न बाधा नहुने । | ५७ |
| ९ | २०५८/०२/१५ | नागरिकता प्रमाणपत्त प्राप्त गरिसकेपश्चात् विभिन्न कारणबाट प्रतिलिपी माग गरेकोमा सो प्रतिलिपी दिँदा विभिन्न कार्यालयहरूले विभिन्न प्रक्रिया अपनाउँदै आएको देखिएको छ । त्यसैले अब आयन्दा यसै साथ संलग्न फाराम प्रयोग गरी व्यक्ति यकीन गरी रेकर्ड भिडाई नागरिकताको प्रतिलिपी दिने गर्नुहुन । | ७३ |
| १० | २०५९/०५/१२ | नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ को १ मा नेपालको कुनै नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा नगरपालिकाको प्रमुख र गा.वि.स.को अध्यक्षले पनि सिफारिस गर्न सक्ने व्यवस्था भएको हुँदा गा.वि.स. अध्यक्ष एवं नगरपालिकाको प्रमुखले सो नियमावली बमोजिम गरेको नागरिकताको सिफारिस मान्य हुने । | ८८ |
| ११ | २०६०/०२/०९ | अस्थायी गा.वि.स. सचिवबाट सिफारिस भई आएको नागरिकताको अनुसूची फारामलाई मान्यता दिन मिल्ने । | ९६ |

| | | | |
|---|---|---|---|
| १२ | २०६०/०७/२४ | माओवादी आक्रमणका कारण जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु, अर्घाखाँची, जुम्ला र अछामका नागरिकताको अभिलेख नष्ट भएको हुँदा अभिलेख अद्यावधिक गर्ने कार्यको लागि तत्कालिन र दीर्घकालीन गरी अलग अलग व्यवस्था मिलाउने । उक्त जिल्लाहरूका व्यक्तिको नाउँमा राहदानी जारी गर्दा ती व्यक्तिको नागरिकता राम्रोसँग जाँच गर्ने आवश्यकताअनुसार सो नागरिकता जारी गर्ने अधिकारी उल्लेखित नागरिकता जारी हुँदाको अवस्थामा सम्बन्धित जिल्लामा कार्यरत रहे नरहेको विषयमा जानकारी लिने, नागरिकता सम्बन्धमा थप स्पष्ट हुनुपर्ने भएमा स्थानीय निकाय वा श्री ५ को सरकारका बहालवाला राजपत्रांकित अधिकृतको सिफारिसलाई समेत आधार मान्ने र नागरिकता पेश गर्ने व्यक्तिबाट पेश भएको नागरिकताको प्रतिलिपीमा सनाखत गराउने लगायतका आवश्यक अन्य उपायहरूको अवलम्वन गर्ने । | १०९ |
| १३ | २०६३/०९/३० | हाल स्थानीय निकायमा निर्वाचित पदाधिकारी नभएको स्थितिमा स्थानीय निकायको कार्य सञ्चालनका लागि गरिएको वैकल्पिक व्यवस्था बमोजिम गाउँ विकास समितिको अध्यंक्ष र नगरपालिकाको प्रमुखको काम जस्ले गर्ने गरी व्यवस्था गरिएको छ, सोही पदाधिरीबाट सिफारिस गराउनुपर्ने र स्थलगत सर्जमिन गराउने सम्बन्धमा नागरिकता प्रमाणपत्र वितरण गर्ने अधिकार पाएको अधिकारीले आफू वा आफू मातहतका कर्मचारीबाट स्थलगत सर्जमिन गर्ने ।* | १२९ |
| १४ | २०६३/१०/१४ | मतदाता नामावली संकलन तथा नागरिकता प्रमाणपत्र वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट देहायबमोजिमको समिति गठन भई समितिको निर्णय बमोजिम कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन भई उक्त पदाधिकारीले अनुसूचीमा सिफारिस गरी पठाएमा नियमानुसार नागरिकता वितरण गर्ने व्यवस्था मिलाउनेः<br>"महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरूको परिषद् र नगरपालिका (बोर्ड) को काम कार्यकारी अधिकृतको अध्यक्षतामा सबै विभागीय प्रुमखहरू तथा विभाग नभएको नगरपालिकामा शाखा प्रमुख, सम्बन्धित वडाको वडा अध्यक्षको काम गर्ने वडा सचिव वा वडा सचिवको काम गर्न तोकिएको कर्मचारी सदस्य रहेको समितिले गर्ने । नगर प्रमुखको काम कार्यकारी अधिकृतले र वडा अध्यक्षको काम वडा सचिव वा वडा सचिवको काम गर्न तोकिएको कर्मचारीले गर्ने ।" | १३२ |
| १५ | २०६३/१०/१४ | कर्मचारी परिवारको हकमा नागरिकता प्रमाणपत्र जारी गर्दा अनुसूचीमा गरिने सिफारिस कसबाट गराउनुपर्ने भन्ने सम्बन्धमा हालको ऐन नियमानुसार स्थानीय निकायबाटै सिफारिस गर्नुपर्ने देखिँदा सोहीबमोजिम गर्ने गराउने । | १३३ |
| १६ | २०७०/०२/१४ | गा.वि.स. सचिव हकहित संरक्षं केन्द्र, नेपालले श्रीमान सचिवज्यू, गृह मन्त्रालयलाई सम्बोधन गरी नागरिकताको अनुसूचीमा सिफारिस गरेको कारणबाट थुप्रै गा.वि.स. सचिवहरूले मुद्दा, जरिवाना र जेल सजाय समेत व्यहोर्नुपरेको, निजामती कर्मचारीलाई कुनै मुद्दा चलाउँदा निजामती सेवा ऐन, २०४९ को दफा ५७ को उपदफा १ र २ बमोजिम अख्तियारवालाको अनुमती प्राप्त भएको हुनुपर्ने र उपदफा ४ बमोजिम नेपाल सरकारबाटै प्रतिरक्षा गर्ने व्यवस्था भएको तथा अन्य कुनै कानून बमोजिम कारवाही हुने भएमा दफा ६१क को उपदफा १ बमोजिम सम्बन्धित अख्तियारवालाबाटै विभागीय सजाय हुने व्यवस्था हुँदाहुँदै गा.वि.स. सचिवहरूलाई नागरिकता सम्बन्धी मुद्दा चलाएको हुँदा नागरिकता वितरण टोलीम उपस्थित हुन र नागरिकताको प्रमाणपत्रमा उल्लेख भए बमोजिम नचिनेको व्यक्तिलाई चिन्दछु भनी नागरिकताको प्रमाणपत्रमा सिफारिस गर्न नसक्ने भन्ने व्यहोरा उल्लेख गरी यस मन्त्रालयमा पेश गरेको ज्ञापनपत्र कारवाहीको लागि पेश हुँदा आरोपित कसुरमा गा.वि.स. सचिवको संलग्नता रहे नरहेको विस्तृत अनुसन्धान गरेर मात्र निजामती कर्मचारीहरूलाई निजामती सेवा ऐनको प्रावधान अनुसार कानूनी कारवाही हुने प्रक्रिया | १८६ |

* **सि.नं. १३ निर्णय मिति २०६३/०९/३० को व्यहोरा फरक परेकोले प्रयोग गर्न नसकिने ।**

| | | | |
|---|---|---|---|
| | | अघि बढाउनुहुन । | |
| १७ | २०७५/०८/२६ | बाबु आमा वा तीन पुस्ता भित्रको नेपाली नागरिकता नभएको र निजको सनाखत गर्ने व्यक्ति कोही नभएको खण्डमा नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) को खण्ड (क) र (ख) ले समेत व्यवस्था गरेको छ भने नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद २, दफा ७ ले अझ बढी मार्ग निर्देश गरेको देखिन्छ । सनाखत गर्ने कोही नभई थप व्यक्तिको सनाखत गराउनु पर्ने आवश्यकता बोध भएमा हालको परिप्रेक्ष्यमा सम्बन्धित स्थानीय तहका निर्वाचित पदाधिकारी (नगर प्रमुख वा गाउँपालिका अध्यक्ष वा उप प्रमुख वा उपाध्यक्ष वा वडाध्यक्ष) ले सनाखत गरिदिएमा स्थानीय तहका पदाधिकारीलाई जिम्मेवार बनाउन उपयुक्त हुने । | २३५ |
| १८ | २०७५/११/१२ | "नागरिकता ऐन र नियमावलीमा नै स्पष्ट रुपमा उल्लेख भएको नागरिकता प्राप्त गर्न निवेदन दिएको व्यक्तिको बुवा वा आमा मध्ये एकजना व्यक्ति सनाखत गर्न उपस्थित हुनुपर्ने भनी जिल्ला प्रशासन कार्यालयबाट हुने गरेको कार्य संविधान एवं विद्यमान नागरिकता सम्बन्धी कानून विपरित रहेकोले नागरिकता प्राप्तिको लागि परेको निवेदन साथ पेश भएको जन्मदर्ताको प्रमाणपत्र लगायतका शैक्षिक योग्यताको प्रमाणपत्र एवं अन्य कागजातहरूबाट बुवा आमाको स्पष्ट पहिचान भईरहेको र बुवा वा आमा नेपाली नारिक रहेको अवस्थामा त्यस्ता व्यक्तिलाई नेपाली नागरिकता दिनलाई बुवा वा आमामध्ये एकजना लाई अनिवार्य उपस्थित गराई सनाखत गराउने कार्य नगर्नू, नगराउनू, नागरिकता प्राप्तिको लागि दिएको निवेदन, सम्बन्धित निकायको सिफारिस, जन्मदर्ताको प्रमाणपत्र लगायतका कागजातहरुको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने" भनी नेपाल सरकार गृह मन्त्रालयको नाममा सम्मानित अदालतबाट जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयन गर्ने । | २३९ |
| १९ | २०७६/०५/२३ | सकिला महर्जनले श्रीमानको नामथरबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि सम्बन्धित वडाले दोस्रो श्रीमतिको रुपमा विवाह दर्ता गर्न नमानेकोले निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्ने सन्दर्भमा निजले पेश गरेका कागजातहरुका आधारमा निवेदिका नेपाली नागरिक भएकोमा कुनै द्विविधा नदेखिएकोले निजलाइ नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिने । | २५८ |
| २० | २०७८/०६/२० | कानूनले वदरयोग्य र वदर घोषित गरेका वीस वर्ष उमेर नपुगी भएका विवाह, पुरुष र महिलाको मञ्जुरी नभई भएको विवाह, विवाहित पुरुष वा महिलाको वैवाहिक स्थिति कायम रहेको अवस्थामा गरेको अर्को विवाह, जवरजस्ती करणी वा हाडनाता करणीबाट जन्मिएको वा झुक्याई विवाह गरेको र मुलुकी देवानी संहिता, २०७४ को दफा ७०(२) बमोजिम आफ्नो धर्म र संस्कृति अनुसार कुलमा चलि आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह अगाडि नै जन्मिएका बच्चाको जन्म दर्ता गर्न र सोही अनुसार जन्म प्रमाणित गर्न सकिने कानूनी प्रावधान रहेको हुँदा सोही प्रावधान बमोजिम भएको विवाह दर्ता र जन्म दर्ताको विषयलाई कानूनी रुपमा भएको वैध कार्य मानी काम कारवाही अगाडि बढाउने । | २७२ |

## ७. नागरिकतामा ना.नं./जन्ममिति/नामथर लगायतका विवरण कायम तथा संशोधनसम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | २०३९/४/१४ | उमेर, नाम थर र जात सच्याउने नियमहरू अन्तर्गत शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा सच्याउने व्यवस्था छ । नागरिकता ऐन अन्तर्गत प्रदान गरिएको नागरिकता प्रमाणमा सच्याउने व्यवस्था भएको नदेखिएता पनि बाबु, दाज्युको नाम थर, वतन इत्यादि र अन्य समर्थक (प्रमाणित) कागज पत्रहरूको आधारमा स्थानीय अवस्था, नागरिकता टोली गाउँमा गएको वखतको जनताको घुइँचो, जनताको निरक्षरता जस्ता कारणहरूलाई ध्यानमा राखि सानातिना कुराहरू संशोधन गरिदिन प्र.जि.अ.को स्वविवेकमा निर्भर रहन सक्ने । | १ |
| २ | २०४५/०५/१९ | पहिले मजिष्ट्रेट, बडाहाकिम, अञ्चलाधीश कार्यालयहरूबाट दिने गरिएको नागरिकता प्रमाणपत्रमा ना.प्र.प.नं. उल्लेख नभएको, पुरानो भई फाटी झुत्रो भएको कारण नक्कल माग्र आउने व्यक्तिहरूलाई नागरिकता प्रमाणपत्र दिन पुरानो रेकर्ड फेला पर्न नसकेको र नागरिकता वितरण टोलीमा त्यसरी प्राप्त गरेको नागरिकता दरपीठ समेत नगराएको अवस्थामा सो पुरानो नागरिकता खिची नक्कलको रुपमा नदिई नयाँ लिए सरह रेकर्ड राखि नागरिकता प्रमाणपत्र दिने । | ३ |
| ३ | २०४६/०५/०९ | उमेर, नाम थर र जात सच्याउने नियमहरू अन्तर्गत शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा सच्याउने व्यवस्था छ । नागरिकता ऐन अन्तर्गत प्रदान गरिएको नागरिकता प्रमाणमा सच्याउने व्यवस्था भएको नदेखिएता पनि बाबु, दाज्युको नाम थर, वतन इत्यादि र अन्य समर्थक (प्रमाणित) कागज पत्रहरूको आधारमा स्थानीय अवस्था, नागरिकता टोली गाउँमा गएको वखतको जनताको घुइँचो, जनताको निरक्षरता जस्ता कारणहरूलाई ध्यानमा राखि सानातिना कुराहरू संशोधन गरिदिन प्र.जि.अ.को स्वविवेकमा निर्भर रहन सक्ने व्यहोराको च.नं. २५, मिति २०३९/०४/१४ को परिपत्र बमोजिम गर्नुहुन । | ६ |
| ४ | २०४७/१०/१५ | विवाहित महिलाले दोस्रो विवाह गरिसकेपछि र अविवाहित महिलाले विवाह गरेपछि थर परिवर्तन गरी पतिको नाम समेत उल्लेख गरी पाउन आवेदन गरेमा थर परिवर्तन गरिदिन कुनै बाधा नपर्ने । | १५ |
| ५ | २०५०/०८/२२ | • पहिले वितरण भैसकेका नागरिकताका प्रमाणपत्रहरूमा बाबु, दाजुको नाम थर, वतन इत्यादि र अन्य सार्थक प्रमाणित कागजातको आधारमा सानातिना कुराहरू प्रमुख जिल्ला अधिकारीको स्वविवेकले संशोधन गरिदिने ।<br>• विदेशमा जन्मेका नेपाली नागरिकका सन्तानले विदेशमा जन्मिएको आधारभूत प्रमाण पेश गरी जन्मस्थानको महलमा विदेशको ठेगाना राख्न कानून बमोजिम निवेदन दिएमा राखी नागरिकताको प्रमाणपत्र दिने ।<br>• एक पटक नागरिकताको प्रमाणपत्र लिईसकेका महिलाहरूले दोस्रो विवाह गरेपछि नागरिकतामा उल्लिखित पतिको नाम थर, जात, ठेगाना संशोधनका लागि निवेदन गर्न आएमा कानून बमोजिम पारपाचुके गरी दोस्रो विवाह गरेको रहेछ भने पतिको नाम, थर, जात र ठेगाना प्रमुख जिल्ला अधिकारीले संशोधन गरिदिने । | २६-३० |
| ६ | २०५०/११/२५ | नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्म मिति फरक परेमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मितिलाई आधार मान्ने । | ३१ |
| ७ | २०५२/०५/१८ | • जन्मस्थान नेपाल देखाई नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेका व्यक्तिहरूले आफ्नो जन्म हङकङ (विदेश) मा भएकोले प्राप्त नागरिकता प्रमाणपत्रमा जन्मस्थान संशोधन गरी पाउन सप्रमाण माग गर्ने गरेकोले त्यस्ता व्यक्तिहरूको नागरिकता प्रमाणपत्रमा जन्मस्थान संशोधन गर्ने | ४१ |

| | | | |
|---|---|---|---|
| | | सन्दर्भमा खासै गरी हङकङमा जन्मिएका व्यक्तिको नागरिकता प्रमाणपत्रमा जन्मस्थान नेपाल उल्लेख भएको रहेछ भने त्यस्ता व्यक्तिहरूको नागरिकता प्रमाणपत्र संशोधन गरिदिने ।<br>● साथै, नेपालमा जन्मिएका व्यक्तिको जन्मस्थान हङकङ (विदेश) कायम गर्न कानूनले नमिल्ने हुँदा कथम्कदाचित त्यस्ता व्यक्तिहरूको नागरिकता प्रमाणपत्रमा हङकङ जन्मस्थान गरी संशोधन गरेको पाईएमा विभागीय सजायको कारवाही हुने । | |
| ८ | २०५२/०८/२० | माध्यमिक शिक्षा उत्तीर्ण (एस.एल.सी) परिक्षा समितिको मिति २०५२/७/१० को निर्णयानुसार शैक्षिक योग्यताको (निस्सा) (लब्धांक पत्र) प्राप्त गरेको ६ महिना अवधि भित्रको लागि मात्र जिल्ला प्रशासन कार्यालयले कारवाही गरी दिने व्यवस्था हुन अनुरोध भईआएको हुँदा त्यसरी शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम, थर, उमेर सच्याउन आएका आवेदन उपर कारवाही गर्दा सो सम्बन्धी नियमहरू, २०१७ को नियम ६ को उप नियम (१) बमोजिम मात्र कारवाही गर्न । | ४४ |
| ९ | २०५२/०९/०२ | नाम, जात, थर, उमेर सच्याउने सम्बन्धमा सो सम्बन्धी नियमहरू, २०१७ को नियम ६ को उपनियम (१) बमोजिम मात्र कारवाही गर्ने भनी लेखिएको यस मत्रालयको २०५२/०८/२० को परिपत्रमा तत्सम्बन्धी कारवाही गर्दा निवेदकले आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र पाएको मितिले ६ महिनाभित्र निवेदन दिएमा त्यहाँबाट कारवाही चलाउन मिल्ने । | ४५ |
| १० | २०५२/०९/१० | हङकङको जन्म प्रमाणपत्रको आधारमा नाम र जन्म मिति समेत पहिले लिएको नागरिकताको प्रमाणपत्रमा सच्याउने सम्बन्धमा हङकङ जन्मस्तान भएको सन्दर्भमा यस मन्त्रालयको मिति २०५२/०५/१८ को परिपत्र बमोजिम गर्ने र नाम र जन्ममिति सच्याउने सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नु गराउनुहुन । | ४७ |
| ११ | २०५३/०२/११ | नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मिति फरक परेमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममितिलाई आधार मान्ने भनी मिति २०५०/११/१६ मा श्री ५ को सरकार (म.प.) द्वारा निर्णय भई सोही बमोजिम कार्यान्वयन भईरहेकै छ । तर सोभन्दा मुनी शैक्षिक योग्यता हुनेको हकमा पनि शैक्षिक योग्यताको प्रमाणलाई नै आधार मान्ने र सो आधार शंकास्पद देखिन आएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालय बुझी प्रमाणित हुन आएमा मात्र त्यसलाई आधार मान्ने तर विदेशबाट प्रमाणपत्र लिएको रहेछ वा नागरिकता लिई सकेपछिको शैक्षिक योग्यताको प्रमाणपत्र रहेछ भने त्यस्तो शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई मान्यता नदिने । | ५० |
| १२ | २०५३/०२/३१ | पहिले वितरण भैसकेका नागरिकताका प्रमाणपत्रहरूमा बाबु, दाजुको नाम, थर, वतन, इत्यादी अन्य सार्थक प्रमाणित कागजातको आधारमा साना तिना कुराहरू सशोधन गरी पुनः नागरिकता दिँदा पहिलेको नागरिकता खिची पुनः नयाँ नागरिकता दिने वा प्रतिलिपी नागरिकता दिने सम्बन्धमा निर्देशन माग भई आएकोमा लिई सकेको नागरिकतामा विवरण सच्याई दिएपश्चात् सोही व्यहोरा र निर्णय मिति समेत नागरिकता कार्डमा उल्लेख गरी प्रतिलिपी प्रमाणित गरी दिने व्यवस्था गर्ने । | ५१ |
| १३ | २०५३/०४/०२ | विवाह पूर्व अन्यत्र जिल्लाबाट नागरिकता प्रमाणपत्र प्राप्त गरेकी नेपाली महिलाले अर्को जिल्लाको नेपाली नागरिकसँग विवाह गरेपछि नागरिकतामा पतिको नाम समावेश गरी थर समेत संशोधन गर्न चाहेमा पूर्व नागरिकताको प्रमाणपत्र लिएको जिल्लालाई जानकारी गराई विवाह भएर आएको | ५४ |

| | | | |
|---|---|---|---|
| | | जिल्लाबाट थर संशोधन तथा पतिको नाम समावेश गरी कार्यालय प्रतिमा समेत व्यहोरा उल्लेख गरी गरिदिने । | |
| १४ | २०५४/०८/२६ | नाबालक रजिष्टरमा रहेको जन्म मिति र शैक्षिक योग्यताको प्रमाणपत्रमा रहेको जन्म मिति फरक पर्दा जन्म मिति जनाउने सम्बन्धमा एस.एल.सी. उत्तिर्ण गरेका व्यक्तिहरुको लागि शैक्षिक योग्यताको प्रमाणपत्रको जन्म मितिलाई नै आधार मानी नागरिकता प्रमाणपत्रमा जन्म मिति जनाउन बाधा नपर्ने । | ६२ |
| १५ | २०५८/०५/२७ | नेपालमा जन्म देखाई नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेपछि हङकङ बाहेक अन्य देशको जन्मस्थान राखी प्राप्त नागरिकता सच्याई पाउन माग भै आएमा पूर्व निर्देशन (हङकङसँग सम्बन्धित) अनुसार गर्ने गराउने । | ७७ |
| १६ | २०५९/०४/१७ | वंशजको नेपाली नागरिकता प्राप्त महिलाले विदेशीसँग विवाह गरेपछि पनि निजले नेपाली नागरिकता नत्याग्दाको अवस्था र विदेशी पतिको देशको नागरिकता प्राप्त नगर्दासम्म निजको नेपाली नागरिकताको हैसियत कायम रहने हुँदा सोहीबमोजिम र अन्यको हकमा प्रचलित कानून अनुसार हुन । | ८७ |
| १७ | २०५९/०७/०६ | भारतीय नागरिककी छोरीहरुले नेपाली नागरिकसँग विवाह गरी वैवाहिक अंगीकृत नेपाली नागरिकता प्रमाणपत्र लिएपछि केही महिलाहरुको पतिसँग सम्बन्ध विच्छेद भएपछि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९को उपधारा ५ र नेपाल नागरिकता ऐन, २०२० को दफा ६ को उपदफा २ र ६ बमोजिम नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको नाताले अंगीकृत नेपाली नागरिकता प्राप्त गर्ने हुँदा सो वैवाहिक नाता नै टुटेपछि निज विदेशी महिलाको पुरानै स्थितिमा हुने र निजले लिएको अंगीकृत नेपाली नागरिकता रद्द गर्न लेखि पठाउने । | ८९ |
| १८ | २०६०/०२/२३ | पतिको नाम उल्लेख गरी लिएको नागरिकतामा सम्बन्ध विच्छेद पश्चात् पतिको नाम हटाई नागरिकता माग्न आएमा हटाई दिने र अर्को विवाह नगरुन्जेल माइतितर्फ कै थर उल्लेख गर्न जानकारी दिने । | ९७ |
| १९ | २०६३/०३/२९ | नागरिकताको प्रमाणपत्रमा नागरिकता नम्बर राख्न छुट भएका अंगीकृत नागरिकताको हकमा नयाँ नम्बर राखी प्रतिलिपी दिने नीति कायम गर्न उपयुक्त देखिने हुँदा यसरी नयाँ नम्बर राख्दा नयाँ ना.नं.रा.जि. ..... १,२,३ आदि उल्लेख गरी तथा ना.नं. कायम गरी ना.प्र.प. प्रतिलिपी दिने । | १२३ |
| २० | २०६३/०७/१४ | सम्मानित सर्वोच्च अदालतको मिति २०६३/०२/०१ मा भएको परमादेश आदेशको फैसलामा "दलित जातिका मानिसहरुलाई नागरिकता प्रदान गर्दा, नागरिकता सच्याईदिंदा अथवा नागरिकता सिफारिस गर्दा समेत अन्य नागरिक सरह थर राखि सिफारिस दिने, थर राखि नागरिकता दिने व्यवस्था मिलाउनुको साथै थर राखि नागरिकता सच्याउने समेतको कार्य कानून बमोजिम गर्नू गराउनू भनी विपक्षी निकायहरुका नाममा परमादेश जारी हुने ठहर्छ" भनी निर्णय भएकोले तदनुरुप गर्नु गराउनुहुन । | १२५ |
| २१ | २०७०/०३/०२ | हाम्रो मुलुकको सन्दर्भमा नागरिकताको प्रमाणपत्र मुख्य कागजात (Prime Document) हो र यसैको आधारमा राहदानी लगायतका अन्य कागजातहरु बन्ने र बनाउने गरिन्छ । तसर्थ नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरणमा फरक पर्ने गरी राहदानी जारी गर्न मिल्ने नदेखिँदा नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख गरेको विवरण अनुसार र नाबालकको हकमा नाबालक परिचयपत्रमा उल्लेखित विवरण अनुसार राहदानी जारी गर्नुपर्ने । | १८७ |

| | | | |
|---|---|---|---|
| २२ | २०७०/०४/१० | नेपाल नागरिकता ऐन, २०६३ को दफा १७(१) मा कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर, शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटी भई सो सच्याउन चाहेमा आवश्यक प्रमाणसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ भन्ने उल्लेख भएकोमा नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद ८; विवरण सच्याउनेसम्बन्धी व्यवस्थाको ३७(१) मा "नाम, थर, उमेर, वतन" उल्लेख भई त्रुटि भएको देखिएकोले कार्यविधि निर्देशिकाको परिच्छेद ८ को ३७(१) मा रहेको "नाम" शब्द हटाई कार्यान्वयन गर्नु गराउनुहुन । | १९० |
| २३ | २०७०/०४/१७ | विदेशमा छोराछोरी जन्मेका व्यक्तिका आमाबाबु दुवै नेपाली नागरिक तथा बाबु नेपाली र आमा विदेशी भएको अवस्थामा नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को उपदफा ४ मा कुनै व्यक्तिलाई एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र बर्ष उमेर पुगेको दुई बर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नुपर्नेछ । त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने व्यवस्था अनुरुप हुने। आमा नेपाली नागरिक र बाबु विदेशी भएको तथा आमा नेपाली नागरिक भएको र बाबुको राष्ट्रियता नखुलेका अवस्थाका बालकहरुलाऐ निजको जन्म नेपालमा नभई विदेशमा भएकोले नेपाल नागरिकता ऐ, २०६३ को दफा ५ बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न नसकिने । | १९१ |
| | २०७०/०४/२३ | जन्मस्थान स्वदेशमा देखाई नागरिकता प्राप्त गरेका तर पछि विदेशमा जन्म भएको प्रमाण राखी जन्मस्थान परिवर्तन गरी विदेशमा जन्म भएको राखी प्रतिलिपि माग गर्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ मा स्पष्ट व्यवस्था नभएतापनि जन्मस्थान विदेशमा भएको प्रमाण राखी निवेदन दिन आएमा जन्मस्थान परिवर्तन गरी नागरिकताको प्रमाणपत्र दिन बाधा नपर्ने । | १९२ |
| २४ | २०७०/०४/२९ | बाबुको नागरिकता प्रमाणपत्रमा उपाध्याय जैसी, क्षेत्री, खत्रीजस्ता जात जनाउने शब्द मै थर उल्लेख नभएको हकमा छोराछोरीको शैक्षिक योग्यताको प्रमाणपत्रमा बाबुको जात थरसँग फरक नपर्ने गरी थर वा जातमात्र उल्लेख भएकोमा नागरिकता लिने व्यक्तिको इच्छानुसार शैक्षिक योग्यताको प्रमाणपत्र अनुसार निजको नागरिकतामा जात वा थर मात्र र बाबुको नामको महलमा बाबुको नागरिकतामा उल्लिखित थर जात नै लेखि नागरिकता जारी गर्न बाधा नपर्ने तर एकै बाबुका छोराछोरीको फरक फरक जात थर राखि नागरिकता लिन भने नमिल्ने । | १९४ |
| २५ | २०७०/११/२७ | कुनै व्यक्तिले नेपाली नागरिकता प्राप्त गर्दा निजको उमेर १४ बर्ष भएको सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ जारी हुनुपूर्व तत्कालीन नागरिकता सम्बन्धी कानूनमा नागरिकता प्राप्तिका लागि १६ बर्ष उमेर पुग्नुपर्ने प्रावधान अनिवार्य नदेखिएको हुँदा कतिपय जिल्ला प्रशासन कार्यालयहरुबाट १६ बर्षभन्दा कम उमेरका व्यक्तिका नाममा नेपाली नागरिकताको प्रमाणपत्र जारी भएको । | २०४ |
| २६ | २०७१/०१/२१ | नागरिकता प्रमाणपत्र र राहदानीमा जन्म मिति फरक परेको सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ को उपदफा १ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम १४ बमोजिम हुनुका साथै नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद ८ मा भएको विवरण सच्याउनेसम्बन्धी व्यवस्था अनुसारको प्रक्रिया पुरा गरी नागरिकतामा जन्म मिति कायम गर्न सकिने । | २०९ |
| २७ | २०७२/०२/०३ | जन्म क्रमशः हङकङ र ब्रुनाईमा भएकोमा अज्ञानतावश नागरिकता दिँदा जन्मस्थान नेपाल नै लेखिन गएको र निवेदकहरुले जन्मस्थान संशोधनको माग गरेमा जन्मस्थान परिवर्तन गरी वास्तविक जन्मस्थान हङकङ र ब्रुनाई कायम गरी प्रतिलिपी दिन सकिने । | २१५ |

| | | | |
|---|---|---|---|
| २८ | २०७२/०३/१३ | नागरिकता नं. दोहोरिएको कारणले राहदानी प्राप्त गर्न नसकेका व्यक्तिको सक्कल नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपी जारी गर्ने र प्रतिलिपी जारी गर्दा सक्कल नागरिकताको नम्बरपछि / (slash) राखी प्रतिलिपी नं. वा अन्य उपयुक्त संकेत उल्लेख गर्ने । | २१६ |
| २९ | २०७६/०३/०४ | स्वतन्त्र नामथरबाट नागरिकता प्रतिलिपी जारी गर्ने सम्बन्धमा मौजुदा कानूनी व्यवस्था नरहेको ।<br>(जर्ज एभरेष्टलाई प्रेषित) | २५१ |
| ३० | २०७६/०५/०३ | जातीय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिलाई बाबुको भन्दा नयाँ फरक थर राखी वा थर सच्याई नागरिकता प्रमाणपत्र दिन सकिने तर जातै संशोधन हुने गरी थर संशोधन गर्न नसकिने । | २५६ |
| ३१ | २०७६/०७/०३ | नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममिति फरक परेमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेखित मितिलाई आधार मान्ने भनी तत्कालीन श्री ५ को सरकार (म.प.) बाट मिति २०५०/११/१६ मा निर्णय भएको देखिन्छ भने एस.एल.सी. भन्दा मुनी शैक्षिक योग्यता हुनेको हकमा के गर्ने भन्ने सम्बन्धमा त्यस्ताको हकमा पनि शैक्षिक योग्यताको प्रमाणपत्रलाई नै आधार मान्ने र सो आधार शंकास्पद देखिन आएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा बुझी प्रमाणित हुन आएमा मात्र त्यसलाई आधार मान्ने तर विदेशबाट प्रमाणपत्र लिएको रहेछ भने शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मितिलाई मान्यता नदिने गरी तत्कालीन श्री ५ को सरकार (मन्त्रीस्तर) बाट मिति २०५३/०२/०८ मा निर्णय भएको । | २५९ |

## ८. पेन्सनरहरूको हकमा नागरिकतामा रहेको विवरणहरू सच्याउनेसम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४५/१२/२४ | • रोजगारीको लागि विदेशी मुलुकमा नोकरी गर्न गएका नेपालीहरूले आफ्नो वास्तविक थर नलेखाई अन्य जात लेखाई नोकरी गर्ने गरेकोबाट निजहरूले पेन्सन बुझ्न जाँदा पेन्सन क्याम्पले नागरिकता माग गर्ने गरेको यस अवस्तामा जि.का.बाट वास्तविक नाम जातको आधारमा दिएको नागरिकता प्रमाणपत्रमा उल्लेख भएको जातसँग नोकरी गर्दा लेखाएको जात नमिलेको भनी पेन्सन र अन्य सुविधा नदिने गरेकोले धेरै व्यक्तिहरूलाई कठिनाई परेको छ । सो समस्या समाधानका लागि निवेदनको आधारमा जात फरक परे पनि छुट्टाछुट्टै लेखिएको व्यक्ति एउटै हुन् भनी पठाउँदा पनि पेन्सन र अन्य सुविधा उपभोग गर्न पाईरहेका छैनन् भन्ने समेत कुरा बुझिन आएकोले तत्सम्बन्धमा जात फरक लेखाई नोकरी गरेका व्यक्तिहरू र तिनले सेवा गरे वापत सुविधा पाउने सम्बन्धित व्यक्तिको नागरिकतामा वास्तविक जात नै लेखि कोष्ठभित्र नोकरी गर्दा लेखाएको जात लेख्ने अथवा फलानो भन्ने फलानो (उदाहरणको लागि मान बहादुर खत्री भन्ने मान बहादुर घले) भनी नागरिकता प्रमाणपत्र दिनु हुनका साथै पहिले नागरिकता प्रमाणपत्र पाई सकेका व्यक्तिहरूको सम्बन्धमा पनि यस्तै समस्या पर्न आएमा वास्तविकता बुझी पर्चा खडा गरी उपरोक्त बमोजिम नाम तर सच्याई नागरिकता प्रमाणपत्र दिने ।<br>• यस्ता व्यक्तिहरूको सन्तानलाई पछि नागरिकता प्रमाणपत्र दिँदा थर कुन उल्लेख गर्ने भन्ने समस्या आउन सक्ने हुँदा सो निराकरणको लागि त्यस्ता व्यक्तिहरूकोक एउटा वेग्लै लगत समेत राखि सोको आधारमा तिनका सन्तानलाई पछि प्रमाणपत्र दिँदा वास्तविक जात मात्र उल्लेख गरी | ५ |

| | | | |
|---|---|---|---|
| | | नागरिकता प्रमाणपत्र दिने । | |
| २ | २०५०/०५/१५ | मन्त्रालयको मिति २०४५/१२/२४ को परिपत्र नं. ४ कायम नै राख्न यस परिपत्र बमोजिम पतिको नाम, थर परिवर्तन गरिएको अवस्थामा निजकी पत्नीको पनि उक्त परिपत्र अनुसार प्रमुख जिल्ला अधिकारीले मिलाउन सक्ने । | २५ |
| ३ | २०५०/०८/२२ | • रोजगारीको लागि विदेशी मुलुकमा नोकरी गर्न गएका केही व्यक्तिहरुले आफ्नो फरक विवरण लेखाई नोकरी गर्ने गरेका र पेन्सन बुझ्न जाँदा नागरिकताको प्रमाणपत्रमा भएको विवरण र नोकरी गर्दा लेखिएको विवरणमा फरक परी विभिन्न सुविधाबाट वञ्चित हुन सक्ने देखिएको हुँदा पेन्सन पट्टा बमोजिम नागरिकतामा फलानो भन्ने फलानो भनी संशोधन गरी रेकर्डमा कारण जनाई प्रमाणित गर्ने ।<br>• त्यसरी विदेशमा नोकरी गरेका व्यक्तिको मृत्यु भएपछि निजकी श्रीमतीको पनि विवरण फरक भएको कारणले सुविधाबाट वञ्चित हुने अवस्ता देखिएमा प्रमुख जिल्ला अधिकारीले "फलानी भन्ने फलानी" राखी संशोधन गरी रेकर्डमा सो कुरा जनाउने । | २६-३० |
| ४ | २०५५/०५/१५ | विदेशी मुलुकमा रोजगार गरी पेन्सनमा बसेका व्यक्ति र निजका परिवारहरुको पेन्सन पट्टा र नागरिकता प्रमाणपत्रमा जन्ममिति फरक परेमा यथार्थ बुझी पर्चा खडा गरी नेपाली नागरिकताको प्रमाणपत्रमा पेन्सन पट्टा बमोजिमको जन्म मिति वा उमेर "पेन्सन प्रयोजनको लागि फलानो मितिको निर्णयानुसार जन्म मिति यतिको सट्टा यति कायम गरिएको" भनी उल्लेख गरी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी दिने । | ६६ |
| ५ | २०६८/०२/२७ | सर्लाही, सिरहा र उदयपुर जिल्लामा नागरिकताको प्रमापत्रमा थर संशोधन गर्ने सम्बन्धमा कारवाही अगाडि बढाईयोस् भन्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०५२/०४/०४ को निर्णयानुसार जातीय आधारमा आफूलाई हिनताबोध गर्ने व्यक्तिले बाबुको थर भन्दा फरक थर राखि ना.प्र.पत्र माग गर्न आएमा व्यहोरा मनासिब देखिएमा छानवीन गरी नागरिकता प्रमाणपत्रमा नयाँ थर राखि ना.प्र. दिने व्यवस्था गर्ने भन्ने निर्णय भई परिपत्र समेत भैसकेको हुँदा यसै विषयमा थप निर्णय गरिदिनु नपर्ने । | १५२ |
| ६ | २०७१/०१/०४ | भारतीय र बृटिश सेना, प्रहरीमा नोकरी गरी सेवा निवृत्त भएका व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र र नोकरीको पारिवारीक विवरणमा नामथर, जन्ममिति लगायतका विवरण फरक परी निवृत्तिभरण लगायतका सुविधा पाउन कठिनाई परेमा त्यस्ता पेन्सनरहरु र निजका श्रीमतीको हकमा मात्र निजहरुको पेन्सन पट्टामा भएको विवरणअनुसार नागरिकताको प्रमाणपत्रमा फलानो भन्ने फलानो भनी संशोधन गरिदिई रेकर्डमा कारण जनाई पुरानो नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपी जारी गर्ने । | २०८ |
| ७ | २०७१/०४/२७ | विदेशका अन्य सेवामा नोकरी गरी सेवा निवृत्त भएका व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र र नोकरीको पारिवारीक विवरणमा नामथर, जन्ममिति लगायतका विवरण फरक परी निवृत्तिभरण लगायतका सुविधा पाउन कठिनाई परेमा त्यस्ता पेन्सनरहरु र निजका श्रीमतीको हकमा पनि निजहरुको पेन्सन पट्टामा भएको विवरणअनुसार नागरिकताको प्रमाणपत्रमा फलानो भन्ने फलानो भनी संशोधन गरिदिई रेकर्डमा कारण जनाई पुरानो नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपी जारी गर्ने । | २१३ |
| ८ | २०७५/०४/१६ | कुनै व्यक्तिले British National (Overseas) को हैसियतमा राहदानी प्राप्त गरेको तर बेलायको नागरिकता प्राप्त गरेको नदेखिएकोमा नेपाली नागरिकताको प्रतिलिपी प्रदान गर्नेतर्फ प्रचलित कानूनबमोजिम कारवाही हुन । | २२८ |

## ९. CIMS Software/Nagarik App आदिजस्ता प्रविधिसँग सम्बन्धितः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०६०/०६/१२ | असाध्य कमजोर अवस्थामा रहेको नागरिकताको अभिलेखलाई तत्काल कम्प्युटराइज्ड गर्न सुरु गर्नुपर्छ । यसको लागि जिल्ला प्रशासन कार्यालय, ललितपुरले सुरु गरेको कार्यलाई नमुनाको रुपमा लिई काठमाडौं र भक्तपुर जिल्ला प्रशासन कार्यालयहरूमा पनि कम्प्युटर प्रणाली सुरुवात गर्न मन्त्रालयले आवश्यक स्रोतको व्यवस्था गर्ने ।<br>(व्यवस्थापन र क.प्र. महाशाखालाई प्रेषित) | १०३ |
| २ | २०७१/०४/१६ | CIMS सफ्टवेयरबाट नागरिकता प्रदान गर्दा कुनै जिल्लाले साविकको गा.वि.स. र कुनै जिल्लाले हालको गा.वि.स राखि प्रतिलिपी दिने गरेको बुझिएकोले सबै जिल्लामा एकरुपता हुने गरी नागरिकताको प्रतिलिपी जारी गर्दा परिवर्तित गा.वि.स./न.पा.को ठेगानालाई नै आधार मानी प्रतिलिपी जारी गर्नू गराउनूहुन । | २१२ |
| ३ | २०७४/०७/२४ | नागरिकता प्रमाणपत्र वितरण गर्दा देहायबमोजिमका जिल्लाहरुमा देहाय बमोजिमको जिल्लागत कोड नं. काय गरी वितरण गर्नुहुनः<br>१. जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम भाग) साविकको जिल्ला प्रशासन कार्यालय रुकुमको कोड नं. ५६<br>२. जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्वी भाग) कोड नं. ७६ (नयाँ कायम हुने)<br>३. जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) साविकको जिल्ला प्रशासन कार्यालय, नवलपरासीको कोड नं. ३६<br>४. जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) कोड नं. ७७ (नयाँ कायम हुने)<br>५. प्रतिलिपी नागरिकता प्रमाणपत्र प्रदान गर्दा साविक कै नं. यथावत राखि जारी गर्ने ।<br>(४ जिल्लालाई प्रेषित) | २२३-२२५ |
| ४ | २०७५/०९/१२ | • साविकमा "साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अ्य जिल्लामा बसाईं सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाईं सराइको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकतासम्बन्धी प्रामाणिक अभिलेख मगाई सोको आधारमा प्रतिलिपी दिई साविक कार्यालयलाई जनाउ दिनुपर्छ" भन्ने व्यवस्था भएकोमा "साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अ्य जिल्लामा बसाईं सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाईं सराइको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकतासम्बन्धी प्रामाणिक अभिलेख मगाई वा नागरिकता सूचना प्रणाली (CIMS) अनुरुप गृह मन्त्रालयको केन्द्रीय विद्युतीय भण्डार (सर्भर) मा भएको अभिलेख हेरी सोको आधारमा प्रतिलिपी दिई साविक कार्यालयलाई जनाउ दिनुपर्छ" भनी यस मन्त्रालयको मिति २०७५/०९/०९ को (सचिवस्तर) निर्णयानुसार नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को दफा ४० को उपदफा ६ मा संशोधन भएकोले संशोधन भए बमोजिम कार्यान्वयन गर्नु गराउनुहुन । | २३६ |

| | | | |
|---|---|---|---|
| | | • साथै गृह मन्त्रालयको CIMS मा Entry भई केन्द्रीय सर्भरमा भण्डारण भएको नागरिकताको अभिलेख, सेवाग्राहीले विभिन्न सेवा लिने क्रममा पेश गर्ने नागरिकताको प्रमाणपत्र रुजु गर्न समेतत प्रयोग गरी सरल एवं छिटो छरितो सेवा प्रवाह गर्नु गराउनुहुन । | |
| ५ | २०७६/०४/१६ | साविक गुल्मी जिल्ला अन्तर्गत रहेको दगातुंडाँडा हालको बागलुङ जिल्लाको बडिगाड गाउँपालिका अन्तर्गत रहेको र हाल CIMS Software मा गुल्मी जिल्ला अन्तर्गत दगातुंडाँडा गा.वि.स. नरहेको हुँदा साविकमा जन्मस्थान र स्थायी ठेगाना गुल्मी जिल्ला दगातुंडाँडा गा.वि.स. कायम गरी दिईएको नागरिकता प्रमाणपत्रहरुको प्रतिलिपी जारी गर्दा साविक अन्य जिल्ला अन्तर्गत रहेका नगर/गाउँपालिकाहरु हाल त्यस जिल्ला अन्तर्गत रहने गरी भौलिक सीमा परिवर्तन भएको भए सोको यकीन गरी साविक जिल्लाको सट्टा हालको जिल्ला कायम गरी नागरिकताको प्रतिलिपी जारी गर्नुहुन । | २५४ |
| ६ | २०७६/०८/१० | नेपाली नागरिकता वंशज, अंगीकृत/वैवाहिक अगीकृत समेतको प्राप्ती, समाप्ती, पुनः प्राप्ती तथा नेपाल सरकारको निर्णयले नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिएका व्यक्तिहरूको विवरण अनिवार्य रुपमा CIMS मा अध्यावधिक (Update) गर्नुहुन । | २६० |
| ७ | २०७७/११/१३ | नेपाली नागरिकताको प्रमाणपत्र वितरणसम्बन्धी अभिलेखलाई व्यवस्थित, वैज्ञानिक, आधुनिक एवं Paperless बनाउनका लागि नागरिकताको प्रमाणपत्र जारी गर्दा प्रमाणको रुपमा पेश गरिने अनुसूची लगायतका प्रमाणजन्य कागजातहरु (Supporting Documents) नागरिकताको विस्तृत विवरण रहने *नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS)* मा मिति २०७८/०१/०१ देखि अनिवार्य अपलोड गर्ने सम्बन्धमा देहायबमोजिम गर्नु/गराउनुहुनः<br>• VPN जडान भई अनलाइन प्रणालीबाट नागरिकताको प्रमाणपत्र वितरण सुरु गरेका जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरुले मिति २०७८/०१/०१ बाट अनिवार्य रुपमा अनुसूची (दुवैतर्फ), वंश खुल्ने कागजात तथा जन्ममिति र स्थान खुल्ले कागजात लगायतका महत्वपूर्ण प्रमाणजन्य कागजातहरु CIMS मा अनिवार्य अपलोड गर्ने व्यवस्था मिलाउने ।<br>• CIMS मा अपलोड गर्ने अनुसुचीमा पेश गर्ने कर्मचारी तथा सदर गर्ने अधिकारीको नामथर, पद र मिति स्पष्ट उल्लेख गरी हस्ताक्षर भएको हुनुपर्ने र सोको नियमित निर्देशन र अनुगमनको व्यवस्था मिलाउने ।<br>• आफ्नो कार्यक्षेत्र भित्रका स्थानीय तहहरूसँगको समन्वयमा अनुसूची फाराम लगायतका कागजातहरुको साइजमा एकरुपता कायम गर्न A4 साइजको कागज मात्र प्रयोग गर्न अनिवार्य गर्ने।<br>• कागजात अपलोड गर्दा अरु समयमा भन्दा बढी समय खर्च हुने हुँदा प्रविष्ट तथा अपलोड गर्ने जनशक्तिको कार्यविवरण/कार्यभार पुनरावलोकन गर्ने, उक्त कार्यको लागि Dedicated कर्मचारीको व्यवस्था गर्ने तथा निजामती कर्मचारी प्रशासन शाखा, गृह मन्त्रालयसँगको समन्वयमा जनशक्तिको कुशल व्यवस्थापन गर्ने ।<br>• कागजात Scan गरी अपलोड गर्नका लागि उपयुक्त किसिमको स्क्यानर (सम्भव भएसम्म Duplex Scanner with Document Feeder) को व्यवस्था गर्ने । कागजात अपलोड गर्ने सन्दर्भमा Lease Line (VPN) को मौजुदा Bandwidth नपुग हुने अवस्था भएमा सूचना प्रविधि शाखा, गृह मन्त्रालयसँगको समन्वयमा Bandwidth थप गर्ने । | २६९ |
| ८ | २०७८/०८/१४ | साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाईं सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाईं सराईको तथा | २७६ |

| | | | |
|---|---|---|---|
| | | विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रतिलिपी माग गरेमा वा सेवाग्राहीहरूले विभिन्न सेवा लिने क्रममा पेश गर्ने नागरिकताको प्रमाणपत्र रुजु गर्न समेत यस मन्त्रालयको नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) को केन्द्रीय सर्भरमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रको डाटाको प्रयोग गरी सरल एवं छिटो छरितो माध्यमबाट सेवा प्रवाह गर्नुहुन । | |

## १०. नागरिकता कार्ड/अनुसूची/मिसिल/फोटो/होलोग्राम/छाप/टिप्पणी नोट/दस्तखत/दस्तुर/ प्रतिवेदन तथा कार्यालय व्यवस्थापन र अन्य विवरणसम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४९/०३/१० | अंगीकृत नागरिकता प्रदान गर्दा लाग्ने दस्तुर सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०४९ जारी भएको दिनभन्दा अघिल्लो दिनसम्म अंगीकृत नागरिकता प्रदान गर्ने निर्णय भएकोमा सो दिनसम्म प्रचलित ऐन, नियम बमोजिम दस्तुर लिने र सो जारी भएको दिनदेखि अंगीकृत नागरिकता प्रदान गर्ने निर्णय भएकोमा सोही नियमावली बमोजिम दस्तुर लिने । | २१ |
| २ | २०५०/०८/२२ | नागरिकताको प्रमाणपत्र लिन आवश्यक हुने दस्तुरको विवरण कार्यालय बाहिर सबैले देख्ने गरी ठूलो अक्षरमा लेखि टाँग्ने र स्थानीय निकाय तथा राजनैतिक दलहरूमार्फत् सर्वसाधारणलाई जानकारी गराउने । | २६-३० |
| ३ | २०५१/०४/११ | नेपाली नागरिकताको प्रमाणपत्र र नागरिकता प्रतिलिपिमा दस्तखत गर्ने अधिकार प्राप्त अधिकृत (सीमा तथा इलाका प्रशासन शाखाको समेत) को दस्तखत नमूनाको २/२ प्रति प्रमाणित गरी मन्त्रालयमा पठाउने व्यवस्था गर्नू गराउनू । | ३२ |
| ४ | २०५१/०८/१२ | कार्यालयमा रहेका खाली नागरिकता कार्डहरू चोरी भएको घटनाको जानकारी विभिन्न जिल्ला प्रशासन कार्यालयबाट आउने गरेको छ । नागरिकता जस्तो संवेदनशील विषयमा यी कार्डहरू हराउँदै जाने घटनाप्रति चनाखो हुनुपर्ने अति आवश्यक छ । यस प्रकारका घटना हुन र दोहोरिन नदिनका लागि कार्यालयमा पालो पहराको व्यवस्था राम्रोसँग मिलाउन र कार्डको जिम्मा माथवर व्यक्तिलाई दिई कार्यालयमा कार्यरत सबै कर्मचारी र सामुहिक उत्तरदायित्वको बोध गर्नुपर्ने हुन्छ । कार्ड हराएतर्फ तदारुकताका साथ कारवाही गर्न र हराउन नपाउने व्यवस्था गर्नुहुन । | ३४ |
| ५ | २०५३/०२/३२ | साधारण राहदानीको लागि आवेदन गर्नेहरूबाट प्रस्तुत हुने नागरिकता प्रमाणपत्रहरू मध्ये केही जिल्लाबाट जारी भएका नागरिकता प्रमाणपत्रहरूमा जिल्ला प्रशासन कार्यालय तथा अधिकारीको छाप अस्पष्ट हुने गरेको र नागरिकता प्रदान गर्ने अधिकारीको नाम तथा जारी मितिसमेत उल्लेख नहुने गरेको पाईएकोले राहदानी जारी गर्ने काममा असुविधा भएको हुँदा कार्यालयको छाप, नागरिकता प्रदान गर्ने अधिकारीको नाम र नागरिकता जारी मिति स्पष्ट हुने गरी मात्र नागरिकताको प्रमाणपत्र जारी गर्नुहुन । | ५२ |
| ६ | २०५३/०७/१२ | नागरिकताको प्रमाणपत्र वितरण गर्दा सम्बन्धित अधिकारीको नाम, थर उल्लेख गर्नुपर्नेमा कतिपय जिल्लाबाट वितरण भएका नागरिकता प्रमाणपत्रमा सो उल्लेख भएको नदेखिएकोले सर्वसाधारण जनतामा पर्ने असुविधा समेतलाई हेरी नागरिकताको प्रमाणपत्रमा दस्तखत गर्ने | ५९ |

| | | | |
|---|---|---|---|
| | | अधिकारीको नाम, थर अनिवार्य रुपमा उल्लेख गर्ने व्यवस्था गर्न गराउन । | |
| ७ | २०५५/०८/२५ | कतिपय जिल्ला प्रशासन कार्यालयहरूबाट राहदानी हराएको सम्बन्धमा पत्र प्राप्त भएकोले देहायबमोजिम गर्नुहुनः<br>● प्र.जि.अ.ले प्रत्येक महिना राहदानी कार्ड र नागरिकताको कार्ड स्वयं निरीक्षण गरी ठिक दुरुस्त भए नभएको जानकारी प्रत्येक महिना मन्त्रालयलाई दिने ।<br>● केरमेट भई बिग्रेका कार्डहरू अलग्गै राख्ने व्यवस्था मिलाउन र मन्त्रालयबाट निरीक्षण हुँदा आफ्नो इनिसिएटिभबाट मन्त्रालयको अधिकारीलाई देखाउने र यसको बारे निरीक्षणकर्ताको मन्तव्य निरीक्षण पुस्तिकामा लेख्न यो परिपत्र देखाउने ।<br>● हराएकोमा जानकारी तुरुन्तै मन्त्रालयलाई दिने र कसको लापरवाही, हेलचक्राई वा वदनियतबाट हराएको हो छानवीन गरी नि.से.ऐन बमोजिमको विभागीय कारवाही (कसूरको मात्रा अनुसार नोकरीबाट हटाउने सम्मको सजाय प्रस्ताव गरी) चलाउने र यो प्रकृया यो परिपत्र जारी हुनुभन्दा अगाडीको केशमा पनि अवलम्वन गर्ने ।<br>● उक्त ३ नं. बमोजिम नगर्ने प्र.जि.अ.लाई मन्त्रालयले माथि ३ नं. बमोजिम गर्ने । | ६७ |
| ८ | २०५६/०५/२४ | नागरिकता तथा राहदानी वितरण गर्ने सम्बन्धमा निम्न बमोजिम गर्नु गराउनुहुनः<br>● नागरिकताको प्रमाणपत्र पाउन आवेदन गर्दा भर्नुपर्ने तोकिएको अनुसूची फाराम र राहदानी प्राप्त गर्न भर्नुपर्ने आवेदन फाराम सम्बन्धित शाखामा दर्ता किताब खडा गरी अनिवार्य रुपमा दर्ता गर्ने व्यवस्था गर्ने ।<br>● राहदानी र नागरिकताको प्रमाणपत्र जारी गर्दा शाखाबाट टिप्पणी पेश गर्न लगाई सम्बन्धित अधिकृतको राय लिई निर्णयकर्ताले निर्णय गर्ने प्रक्रिया अपनाउने ।<br>● महिना बिंतेको ७ दिनभित्र रद्द भएका नागरिकता प्रमाणपत्र कार्ड र राहदानी पुस्तिका कार्यालय मैँ शिलबन्दी गरी सुरक्षित राख्ने र सोको जानकारी मन्त्रालयलाई दिने । साथै आर्थिक बर्ष समाप्त भएपछि उक्त शिलबन्दी गरिएका ना.प्र.प. कार्डहरू र राहदानी पुस्तिका मन्त्रालयमा पठाउने ।<br>● मन्त्रालयबाट तोकिए बमोजिमको फाराममा नागरिकता र राहदानी वितरणको मासिक प्रतिवेदन महिना वितेको ७ दिनभित्र पठाउँदै रहने ।<br>● नागरिकता र राहदानीको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालयबाट छानवीन गरी कारवाही गर्न प्राप्त पत्रहरु र कार्यालय मैँ परेका उजुरीहरूको छुट्टै लगत राखि कानून बमोजिम यथा समय मैँ कारवाहीको टुंगो लगाउने ।<br>● कानूनमा तोकिएको प्रक्रिया तथा मन्त्रालयबाट समय समयमा भएको निर्देशनको प्रक्रिया नपुर्याई नागरिकता तथा राहदानी जारी भएको पाईएमा कडाईका साथ विभागीय कारवाही हुने । | ६८ |
| ९ | २०५८/०२/१५ | नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेपश्चात् विभिन्न कारणबाट प्रतिलिपी माग गरेकोमा सो प्रतिलिपी दिंदा विभिन्न कार्यालयहरुले विभिन्न प्रक्रिया अपनाई आएको देखिएको छ । त्यसैले अब आयन्दा यसैसाथ संलग्न फाराम प्रयोग गरी व्यक्ति यकीन गरी रेकर्ड भिडाई नागरिकताको प्रतिलिपी दिने गर्नुहुन । | ७३ |

| | | | |
|---|---|---|---|
| १० | २०५९/११/१२ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी उपरको अनुसन्धानको सिलसिलामा नागरिकता प्रमाणपत्र दिनको निमित्त ग्रहण गरिएका अनुसूची फाराम समेतका आधारभूत प्रमाणहरु माग गर्दा फेला नपरेको भन्ने जवाफ विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त भएकोले यस्ता कागजातहरु आवश्यक परेको जुनसुकै समयमा उपलब्ध हुनसक्ने गरी सुरक्षित रुपमा राख्नको लागि आवश्यक व्यवस्था मिलाउनुहुन । | ९९ |
| ११ | २०६०/०५/०५ | सुरु मिसिल रहनुपर्ने निकायले सो मिसिलका आधारमा सुरु मुद्दा चलाउनुपर्ने भई सुरु अदालतमा मुद्दा दायर हुनासाथ सो मुद्दामा श्री ५ को सरकारका तर्फबाट बहस पैरवीको लागि अनुरोध गरिएको पत्रसाथ नक्कल मिसिल सुरु अदालतमा बहस पैरवी गर्ने सरकारी वकिल कार्यालयमा पठाउने । त्यसै गरी सुरु मिसिल रहेको निकायमा पुनरावेदन अदालतको तहबाट मिसिल झिकाएको खण्डमा मिसिल पठाउन साथै पुनरावेदन सरकारी वकिल कार्यालयमा पनि उक्त व्यहोराको पत्रसाथ नक्कल मिसिल पठाउने । त्यसै गरी सुरु मिसिल रहेको निकायबाट सर्वोच्च अदालतले मिसिल माग गर्दा सर्वोच्च अदालतमा मिसिल पठाउना साथ उक्त व्यहोराको पत्रसाथ नक्कल मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउने । | ९९ |
| १२ | २०६०/०६/१२ | श्री ५ को सरकारले सुशासनलाई उच्च प्राथमिकता दिएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालयहरुले निम्न बमोजिमको कारवाही गर्नु गराउनुः<br>• सम्पर्क विन्दुहरुको संख्या घटाउनेः<br>क) सम्भव भएसम्म फाँट र सम्बन्धित अधिकृतको कोठा अत्यन्त समीपमा राख्ने ।<br>ख) नागरिकता र राहदानीका निवेदनहरुमा तोक फाँट मैँ लगाउने ।<br>ग) अधिकृतहरुले फाँट मैँ आएर रजिष्टरहरुमा सही गर्ने ।<br>• निवेदन परेकै दिन राहदानी वितरण गर्ने, कुनै कारणवश सोही दिन वितरण हुन नसकेका राहदानीहरु भोलिपल्ट वितरण गर्ने ।<br>• राहदानी फाँटमा सम्भव भएसम्म एउटा Fax र STD टेलिफोनको व्यवस्था गर्ने ।<br>• विवाहित महिलाको नागरिकता प्रमाणपत्रको लागि अन्य प्रमाणहरु पुगेको अवस्थामा माइती जिल्ला बुझ्ने प्रचलन बन्द गर्ने ।<br>• कार्यालयमा अनिवार्य रुपमा एउटा सोधपुछ कक्षको व्यवस्था गर्ने, यस कक्षमा बस्ने कर्मचारीले सेवाग्राहीहरुलाई कुन कार्यको लागि कहाँ, कोसँग सम्पर्क गर्ने बारेमा शिष्ट भाषामा जानकारी गराउने ।<br>• नागरिकता एवं राहदानी फाँटमा फाँटसँग सम्बन्धित कामको प्रक्रियाका बारेमा जानकारी दिने सूचना सबैले देख्ने ठाउँमा पढ्न सकिने गरी राख्ने । यसमा के कागजात चाहिन्छ, कति शुल्क लाग्छ, समय कति लाग्छ, कोसँग सम्पर्क राख्ने, सम्पर्कको लागि वैकल्पिक कर्मचारी र सिकायत सुन्ने अधिकृतको नाम आदि कुराहरु समावेश भएको हुनुपर्ने ।<br>• वितरित नागरिकताको प्रमाणपत्र र राहदानी प्राप्तकर्ताहरुको ठेगाना सहितको नामावली वितरण गरेको भोलिपल्ट सार्वजनिक सूचना टाँसको व्यवस्था गर्ने ।<br>• नागरिकता र राहदानीको आवेदन रजिष्टरमा दर्ता गर्ने । सो रजिष्टरमा दर्ता गरेको समय उल्लेख गर्ने, कार्य सम्पन्न भएपछि नागरिकता/राहदानी प्राप्तकर्ताको हस्ताक्षर र समयसमेत उल्लेख गर्ने व्यवस्था गर्ने । उपलब्ध सेवाप्रति सेवाग्राहीको कुनै मन्तव्य भए सो समेत बेग्लै रजिष्टरमा उल्लेख गर्न लगाउने । | १०१ |
| १३ | २०६३/०८/०७ | दुवै कानसहित अनुहार प्रष्ट चिनिने फोटो प्रयोग गर्ने व्यवस्था गर्ने । | १२६ |

| | | | |
|---|---|---|---|
| १४ | २०६३/०८/१० | आ-आफ्नो भेष अनुसारको फोटो टाँसी नागरिकता प्रमाणपत्र उपलब्ध हुन र बिना टोपीको फोटो टाँसी नागरिकता प्रमाणपत्र उपलब्ध हुन माग भई आएको सन्दर्भमा "दुवै कानसहित अनुहार प्रष्ट चिनिने फोटो प्रयोग गर्ने व्यवस्था गर्न निर्देशन दिने" बमोजिम गर्नु गराउनुहुन । | १२७ |
| १५ | २०६६/०५/३० | नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १, २, ७ र ८ मा संशोधन गरी २०६६ साल मंसिर १ गतेदेखि लागू हुने गरी नेपाल राजपत्र खण्ड ५९, मिति २०६६ साल श्रावण १९ मा प्रकाशित भएकोमा सोही बमोजिम गर्न गराउनुहुन । | १४४-१४६ |
| १६ | २०६६/०७/२० | नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को पेज नं. ६७ र ६८ समेत संशोधन भएको हुँदा मिति २०६६ साल मार्ग १ गतेदेखि नेपाल राज्यभर नयाँ ढाँचाको नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने । | १४७-१४८ |
| १७ | २०६६/०८/०७ | नागरिकताको प्रमाणपत्रमा विभिन्न निकायहरुले संकेत नम्बर, मिति आदि लेख्दा नागरिकताको प्रमाणपत्र कुरुप हुने र छिमेकी मुलुकको भ्रमणमा जाँदा Nepali Identity Show हुने उक्त Card को Authenticy मा समेत प्रश्न उठाउने गरेको देखिएकोले राष्ट्रिय परिचयपत्रको रुपमा रहने उक्त प्रमाणपत्रमा उल्लेख गरिएका विवरण बाहेक (राहदानीको नम्बर कम्प्युटर वा नागरिकताको कार्यालय प्रति रजिष्टरमा जनाउने) थप विवरणहरु उक्त नागरिकताको प्रमाणपत्रमा उल्लेख नगर्नु/नगराउनु । | १४९ |
| १८ | २०७०/०६/०६ | जिल्ला प्रशासन कार्यालयले बिना टोपी नागरिकता दिन अस्वीकार गरेको उपर परेको निवेदनका सम्बन्धमा नागरिकता सम्बन्धी मौजुदा कानूनमा निश्चित पोशाकको आधारमा मात्र नागरिकता दिन मिल्ने भन्ने व्यहोरा कहिँ कतै उल्लेख भएको नदेखिएकोले सोही बमोजिम छिटो छरितो रुपमा सेवा प्रवाह हुन । | १९६ |
| | २०७१/०२/१८ | नेपाल सरकारले विभिन्न गा.वि.स.हरुलाई मिलाई नगरपालिका घोषणा गरेकोले न.पा.को कोड नम्बर तपसीलबमोजिम व्यवस्थापन गर्नेः<br>• जिल्लाका साविकका गा.वि.स./नगरपालिकालाई दिएको कोड नम्बरलाई यथावत कायम राख्ने ।<br>• हाल घोषणा भएको नगरपालिकाका लागि साविकको सबैभन्दा पछिल्लो कोड नं. पछिको नम्बरलाई कोड नं. कायम गर्ने ।<br>• साविक जिल्ला कोड, गा.वि.स./न.पा. कोड र हाल कायम गरिएको कोड नं.को विवरण सम्बन्धित जि.वि.स.को कार्यालय, गृह मन्त्रालय ई-गभर्नेन्स शाखा र नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखालाई उपलब्ध गराउने ।<br>• CIMS Software प्रणालीबाट नागरिकता वितरण गर्ने कार्यालयको हकमा Software ले नागरिकता नम्बर प्रदान गरेपबमोजिम नै हुने । | २११ |

## ११. अभिलेख/नष्ट/नागरिकताको विवरण संरक्षण/झुत्रो/फरक/छुट/कायम/अद्यावधिकसम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४५/०५/१९ | पहिले मजिष्ट्रेट, बडाहाकिम, अञ्चलाधीश कार्यालयहरुबाट दिने गरिएको नागरिकता प्रमाणपत्रमा ना.प्र.प.नं. उल्लेख नभएको, पुरानो भई फाटी झुत्रो भएको कारण नक्कल माग्न आउने व्यक्तिहरुलाई नागरिकता प्रमाणपत्र दिन पुरानो रेकर्ड फेला पर्न नसकेको र नागरिकता वितरण टोलीमा त्यसरी प्राप्त गरेको नागरिकता दरपीठ समेत नगराएको अवस्थामा सो पुरानो नागरिकता खिची नक्कलको रुपमा नदिई नयाँ लिए सरह रेकर्ड राखि | ३ |

| | | | |
|---|---|---|---|
| | | नागरिकता प्रमाणपत्र दिने । | |
| २ | २०४६/०८/१९ | कार्यालयमा रहेका कागजातहरू सुरक्षित रुपमा राख्नुपर्ने सम्बन्धित फाँटका कर्मचारी एवं अधिकृतको दायित्व हुँदा कार्यालयको कागजात प्राप्त हुन नसकेको भनी दायित्वबाट अलग्गिन मिल्दैन । फेरी कार्यालयमा नक्कल माग्न आउने व्यक्तिलाई कार्यालय प्रति फेला नपरेको भनी नक्कल दिन नमिल्ने भन्दा पनि निज आफ्नो प्रतिलिपी पाउने अधिकारबाट वञ्चित हुन पुग्दछ । अतः यस्तो अवस्थामा कार्यालयका कागजात फाँटका कर्मचारी एवं अधिकृतले सुरक्षित रुपमा राख्ने, राख्न लगाउने र नागरिकताको कार्यालय प्रति प्राप्त नभए पनि रेकर्ड (रजिष्टर) मा नाम उल्लेख छ भने पछि कार्यालय प्रति फेला परेका बखत ठहरे बमोजिम हुने गरी हाललाई रजिष्टरलाई नै आधार मानी नक्कल दिने तर नक्कल नरहेको हुँदा प्रतिलिपी माग गर्ने व्यक्ति उही हो होइन भनी यक़ीन गर्न सही र फोटो दुवै नहुने हुँदा सो यकीन गरेर मात्र दिने । | १०-१२ |
| ३ | २०५०/०८/२२ | कतिपय कार्यालयमा खोजेको समयमा अभिलेखहरू फेला नपरी समस्या हुन गएको बुझिन्छ । यसरी कार्यालयमा रहेका अभिलेखहरू सुरक्षित रुपमा राख्नुपर्ने दायित्व सम्बन्धित फाँटका कर्मचारी एवं अधिकृतहरूको भएको हुँदा कार्यालयको अभिलेख प्राप्त हुन नसकेको भनी दायित्वबाट पन्छिन मिल्दैन । कार्यालयमा नक्कन माग गर्न आउने व्यक्तिलाई कार्यालय प्रति फेला नपरेको भनी नक्कन नदिने गर्दा निज आफ्नो अधिकारबाट वञ्चित हुन पुग्छ । अतः यस्तो अवस्थामा कार्यालयमा कागजात सुरक्षित रुपमा राख्ने, राख्न लगाउने र नागरिकताको प्रमाणपत्रको कार्यालय प्रति प्राप्त नभए तापनि अभिलेखमा नाम उल्लेख छ भने पछि कार्यालय प्रति फेला परेको समयमा तदनुरुप हुने गरी तत्काललाई रजिष्टरलाई नै आधार मानी नक्कल दिने तर यस अवस्थामा उही व्यक्ति हो होइन सो यकीन गर्ने । | २६-३० |
| ४ | २०५३/०३/०४ | साविक जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिई हाल अन्य जिल्लामा बसाइँ सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकहरूले सार्थक प्रमाण राखि हालको जिल्ला प्रशासन कार्यालयमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी माग गरेमा सो कार्यालयले साविकको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकतासम्बन्धी प्रमाणिक अभिलेख मगाई सोको आधारमा नागरिकताको प्रतिलिपी दिने । | ८३ |
| ५ | २०६०/०७/२४ | माओवादी आक्रमणका कारण नष्ट भएका नागरिकतासम्बन्धी अभिलेखहरू अद्यावधिक गर्न तत्कालीन र दीर्घकालीन रुपमा गर्न सकिने गरी अलग अलग व्यवस्था गरिएको र तत्कालीन रुपमा त्यहाँबाट निम्नानुसार गर्नेः<br>● नष्ट भएका अभिलेखहरू अद्यावधिक गर्ने कार्य तत्कालै सुरु गर्ने ।<br>● यसका लागि निश्चित समयावधि तोकी आफू र आफ्नो परिवारका सदस्यले प्राप्त गरेका नागरिकता प्रमाणपत्र स्थानीय निकायसको सिफारिस समेत संलग्न गरी जिल्ला प्रशासन कार्यालयमा पेश गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने ।<br>● यसरी पेश हुन आएका नागरिकताको अभिलेख रजिष्टरमा उतार गरी सक्कल प्रतिमा लगत लिएको व्यहोरा जनाई सोको फोटोकपी (कार्यालयबाटै गराई) कार्यालयमा राखि सक्कल नागरिकता तुरुन्तै सम्बन्धितलाई फिर्ता दिने ।<br>● उल्लिखित कामका लागि कार्यालयमा आएका व्यक्तिबाट आफ्नो परिवारका नागरिकता पाईसकेका व्यक्तिको विवरण (सम्भव भएसम्म ना.प्र.प. लिएको मितिसमेत उल्लेख गरी) नागरिकता पाउन बाँकी वालिग नागरिकहरूको विवरण साथै नाबालकहरूको नाम नामेसी संकलन गरी यसमा सम्बन्धित व्यक्तिको सही गराई सो व्यहोरा कार्यालयले प्रमाणित गर्ने ।<br>● यस्तो विवरण प्रत्येक गा.वि.स./न.पा.को अलग अलग रजिष्टरमा संकलन गर्ने । | १०६-१०७ |

| | | | |
|---|---|---|---|
| | | • अभिलेख अद्यावधिक गर्न स्थानीय निकायको सिफारिस र उपलब्ध भए सम्मका अन्य कागज प्रमाणहरूको आधार लिने । | |
| ६ | २०६०/०७/२४ | माओवादी आक्रमणका कारण जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु, अर्घाखाँची, जुम्ला र अछामका नागरिकताको अभिलेख नष्ट भएको हुँदा अभिलेख अद्यावधिक गर्ने कार्यको लागि तत्कालिन र दीर्घकालीन गरी अलग अलग व्यवस्था मिलाउने । उक्त जिल्लाहरूका व्यक्तिको नाउँमा राहदानी जारी गर्दा ती व्यक्तिको नागरिकता राम्रोसँग जाँच गर्ने आवश्यकताअनुसार सो नागरिकता जारी गर्ने अधिकारी उल्लेखित नागरिकता जारी हुँदाको अवस्थामा सम्बन्धित जिल्लामा कार्यरत रहे नरहेको विषयमा जानकारी लिने, नागरिकता सम्बन्धमा थप स्पष्ट हुनुपर्ने भएमा स्थानीय निकाय वा श्री ५ को सरकारका बहालवाला राजपत्रांकित अधिकृतको सिफारिसलाई समेत आधार मान्ने र नागरिकता पेश गर्ने व्यक्तिबाट पेश भएको नागरिकताको प्रतिलिपीमा सनाखत गराउने लगायतका आवश्यक अन्य उपायहरूको अवलम्वन गर्ने । | १०९ |
| ७ | २०६०/०८/२४ | नागरिकतासम्बन्धी अभिलेखहरूलाई अद्यावधिक गर्न तयार गरिएको संलग्न कार्य योजना लागु गर्नुहुन । साथै प्रस्तुत कार्य योजनामा उल्लिखित विषयहरु तत्काल लागू गरी तुरुन्तै सोको जानकारी गराउनुहुनका साथै मासिक प्रगति विवरण पठाउनुहुन ।<br>(पाना ८ को कार्ययोजना संलग्न) | १११ |
| ८ | २०६९/१२/२३ | विगतको द्वन्दको क्रममा कार्यालयको अभिलेख नष्ट भएका नागरिकता प्रमाणपत्रको अभिलेख कायम गर्ने सम्बन्धमा पेश हुँदा देहाय अनुसार गर्नु गराउनुहुनः<br>• उपलब्ध भएसम्म व्यक्तिको सक्कल नागरिकता प्रमाण पत्र पेश गर्न लगाउने । सक्कल नागरिकता प्रमाणपत्र हराइसकेको वा अन्य कारणले नष्ट भइसकेको रहेछ भने निजले नागरिकता प्रमाणपत्र लिइसकेको थियो भन्ने व्यहोरा पुष्टि हुने उपलब्ध भएसम्मका अन्य कुनै प्रमाण (लालपूर्जा, ड्राइभिङ्ग लाइसेन्स, विधुत्/खानेपानीको ग्राहक कार्ड आदि) पेश गर्न लगाउने ।<br>• स्थानीय निकायको सिफारिश साथ नेपाली नागरिकता प्रमाणपत्र पाएको निजको परिवारभित्रको व्यक्तिबाट अनुसूचि फारममा सनाखत गर्न लगाउने ।<br>• त्यसरी पेश भइसकेपछि अभिलेख रजिष्टरमा अभिलेख तयार पारी कार्यालयको अभिलेख नष्ट भएको कारण जनाई पुरानो नागरिकता नं.खुल्न सके नागरिकता कार्ड र कार्यालयप्रतिमा सो नं. समेत जनाई प्रमाणित गरी नागरिकता प्रमाणपत्र जारी गर्नु पर्दछ । पुरानो नं. खुल्न नसके पहिले नागरिकता प्रमाणपत्र जारी भएतापनि कार्यालयको अभिलेख नष्ट भएको कारणले नयाँ नागरिकता प्रमाणपत्र जारी गरिएको भन्ने व्यहोरा जनाई प्रमाणित गरी नागरिकता प्रमाणपत्र जारी गर्ने ।<br>• त्यसरी नागरिकता प्रमाणपत्र जारी गर्न शंका लागेमा स्थानीय प्रहरी कार्यालयबाट रित पूर्वकको सर्जमिन गर्न लगाई पेश गर्न लगाउने ।<br>• नागरिकता जारी गर्ने अधिकारीले नागरिकता प्रमाणपत्र जारी गर्दा उक्त व्यक्तिसँग अनिवार्य रुपमा आफैले सोधपुछ गर्ने ।<br>• विगतको द्वन्द्वको समयमा अभिलेख नष्ट भएका जिल्ला/इलाका प्रशासन कार्यालयबाट जारी भएका नागरिकता प्राप्त व्यक्तिले बसाईं सराईं गरी अर्को जिल्लाबाट नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन वा आफ्ना परिवारका सदस्यको ना.प्र. लिने प्रयोजनका लागि माथि उल्लेख भएका प्रक्रिया पुरा गरी आएमा नयाँ अभिलेख हालको बसोबासबाटै कायम गरिदिने । सोको जानकारी सम्बन्धित नागरिकता जारी गर्ने कार्यालयलाई अनिवार्य रुपमा दिने ।<br>• विगतको द्वन्द्वको क्रममा अभिलेख नष्ट भएको अवस्थामा वाहेक अन्य कारणले पुरानो अभिलेख नष्ट भै फेला पार्न नसकिएकोमा नागरिकता | १७५ |

| | | | |
|---|---|---|---|
| | | प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद-९ दफा ४० को (५) बमोजिम गर्ने । | |
| ९ | २०७८/०८/०६ | नागरिकताको लागि निवेदन दिने व्यक्तिको हातको औँला वा हात नभएको खण्डमा अनुसूची फाराम र नेपाली नागरिकताको प्रमाणपत्र लगायतका कागजातहरूमा रेखात्मक (ल्याप्चे) सहिछाप गराउने सम्बन्धमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद ४ को दफा ३१, ३२, ३३, ३४ मा भएको व्यवस्थाबमोजिम रेखात्मक सहिछाप (ल्याप्चे) को रीत पुर्‍याई सहिछाप गराउने । | २७५ |
| १० | २०७८/०८/१४ | साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाईं सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाईं सराईको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रतिलिपी माग गरेमा वा सेवाग्राहीहरूले विभिन्न सेवा लिने क्रममा पेश गर्ने नागरिकताको प्रमाणपत्र रुजु गर्न समेत यस मन्त्रालयको नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) को केन्द्रीय सर्भरमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रको डाटाको प्रयोग गरी सरल एवं छिटो छरितो माध्यमबाट सेवा प्रवाह गर्नुहुन । | २७६ |

## १२. राउटे/वादी/देउकी/चेपाङ/सुनुवार/दलित/विशेष व्यक्ति लगायतलाई नागरिकता वितरण सम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४६/०९/११ | वादी, बधिनी र देउकी तथा निजहरूका सन्तानलाई पनि बाबुको नागरिकताको अभावमा नागरिकता उपलब्ध गराउने सम्बन्धमा नागरिकता ऐन, २०२० को दफा ३ को उपदफा ४ मा "पितृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने छ" भन्ने व्यवस्था भएकोले बाबुको पत्ता नलागेका वादी, बधिनी तथा देउकीका सन्तानहरूलाई बाबु को हो भन्ने थाहा नभए पनि नागरिकता ऐनको दफा ३(४) अनुसार नागरिक हुने नै देखिँदा प्रमाणपत्र दिन बाधा देखिँदैन । तर प्रमाणपत्र दिँदा राम्रोसँग बुझी प्रमाणपत्र दिने र प्रमाणपत्रमा बाबुको खण्डमा "बाबु पत्ता नलागेको" भनी उल्लेख गर्ने, तथा नागरिकताको किसिममा ऐनको दफा ३ बमोजिम "वंशज" भनी उल्लेख गरेर नागरिकता प्रमाणपत्र दिने । | १३ |
| २ | २०५२/०४/२१ | समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातीय आधारमा आफूलाई हीनताबोध गर्ने व्यक्तिले बाबुको भन्दा रक थर राखी नागरिकता प्रमाणपत्र माग गर्ने गरेको हुनाले त्यस्तो व्यक्तिहरूको सम्बन्धमा छानविन गरी व्यहोरा मनासिब देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने । साथै विदेशमा रोजगारी गर्न गएका व्यक्तिहरूको नाम, थर फरक गरी रोजगारी गरेको भए पेन्सन पट्टाको सुविधा उपयोग गर्न पाउने गर्नको लागि त्यस्ता व्यक्तिहरूको नागरिकता प्रमाणपत्र सच्याईदिने । त्यस्तै महाकाली अञ्चलका केही जिल्लाहरूका व्यक्तिले अशोभनीय थर ठग, ढाँट, चोर, भूल आदि राखी लिएको नागरिकतामा थर सच्याउन चाहेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्रमा थर सच्याई दिने । | ३६-३८ |
| ३ | २०६०/०४/०२ | अधिकांश चेपाङ्ग जातीहरू नागरिकता प्रमाणपत्र पाउनबाट वञ्चित रहेकोले उक्त जातीको बसोबास भएको क्षेत्रमा प्रचलित ऐन नियमको परिधिभित्र | ९८ |

| | | | |
|---|---|---|---|
| | | रही सुलभ तरिकाबाट नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्था हुन । | |
| ४ | २०६३/०४/२२ | • नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद ६(क) मा समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णता र हिनताबोधले गरी फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरी नागरिकता प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकता प्रमाणपत्र दिने र त्यस्तै महाकाली अञ्चलका केही जिल्लाहरुका व्यक्तिले अशोभनीय थर, ठग, ढाँट, चोर, भूल आदि राखी लिएको नागरिकतामा थर सच्यान चाहेमा जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्रमा थर सच्याइदिने भन्ने व्यहोराको प्रावधान रहेको स्पष्ट छ ।<br>• यति हुँदा हुदै पनि कतिपय प्रमुख जिल्ला अधिकारीहरुले सो बमोजिम नगरेको गुनासाहरु बारम्बार आउने गरेको र जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट हिनताबोध हुने थरको सट्टामा राष्ट्रिय दलित आयोगले निर्दिष्ट गरेका थरहरु राखी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपी दिन मिल्ने-नमिल्ने सम्बन्धमा लिखित निर्देशन समेत माग भई आएको सन्दर्भमा निर्देशिकाको ६(क) मा उल्लेख भए अनुसार महाकाली अञ्चलका केही जिल्लाहरुको हकमा नागरिकतामा थर सच्याउन सकिने भनी राखिएको प्रावधान अन्य जिल्लाहरुको हकमा समेत लागू गर्न र हिनताबोध हुने थरहरु संशोधन गर्न चाहनेहरुका सम्बन्धमा निर्देशिका एवम् यस अघिका परिपत्रहरुमा भएका व्यवस्थाहरु कडाईका साथ लागु गर्नुहुन । | १२४ |
| ५ | २०६३/०७/१४ | ससम्मानित सर्वोच्च अदालतको मिति २०६३/०२/०१ मा भएको परमादेश आदेशको फैसलामा "दलित जातिका मानिसहरुलाई नागरिकता प्रदान गर्दा, नागरिकता सच्याईदिँदा अथवा नागरिकता सिफारिस गर्दा समेत अन्य नागरिक सरह थर राखि सिफारिस दिने, थर राखि नागरिकता दिने व्यवस्था मिलाउनुको साथै थर राखि नागरिकता सच्याउने समेतको कार्य कानून बमोजिम गर्नू गराउनू भनी विपक्षी निकायहरुका नाममा परमादेश जारी हुने ठहर्छ" भनी निर्णय भएकोले तदनुरुप गर्नु गराउनुहुन । | १२५ |
| ६ | २०६७/१०/१२ | केही जिल्लाहरुबाट वादी जातीका व्यक्तिहरुलाई नेपाली नागरिकताको प्रमाणपत्र वितरण कार्यमा जटिलता सृजना भएको र यी जातीहरुका अशोभनीय थरहरु संशोधन गर्न जिल्ला प्रशासन कार्यालयहरुमा जाँदा सरल रुपबाट काम हुन नसकेको भनी गुनासो प्राप्त भएको हुँदा वादी जातीका सन्तानहरुलाई प्रचलित ऐन, नियम अनुसार सहज एवं सरल रुपबाट नारिकताको प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था र यी जातीका अशोभनीय थरहरु संशोधनका लागि यसअघि भएका परिपत्रहरु समेतका आधारमा सरल एवं सहज रुपमा थर संशोधन गरिदिने व्यवस्था हुन । | १५१ |
| ७ | २०६८/०९/२८ | समाजमा अझै विद्यमान रहेको जातीगत संकिर्णताले गर्दा जातीय आधारमा आफूलाई हिनताबोध हुने एवं जातीगत संकिर्णता जनाउने थर भएका व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरेमा छानवीन गरी व्यहोरा मनासिव देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने गरी तत्कालीन श्री ५ को सरकार (मं.प.) बाट मिति २०५२।०४।०४ मा निर्णय भई २०५२।०४।२१ मा सबै जिल्लामा परिपत्र गरिएको र मिति २०६३।०४।२२ मा पुनः सोही व्यहोरा उल्लेख गरी सो व्यवस्था कडाईका साथ लागू गर्न परिपत्र गरिएको व्यहोरा अवगतै छ । उक्त परिपत्र अनुसारको कार्यान्वयन कतिपय जिल्लाहरुबाट नभएको भन्ने गुनासाहरु आएकोले यस सम्बन्धमा भएको पूर्व परिपत्र अनुसारको व्यवस्था कार्यान्वयन गर्नु गराउनुहुन । | १५६ |
| ८ | २०६९/१०/०७ | • नेपाल सरहदभित्र भेटिएका तर मातृत्व वा पितृत्व ठेगान नलागेका सन्तानलाई पछि मातृत्व पितृत्व ठेगान लागेको बखत सोहीबमोजिम हुने गरी संरक्षकको सनाखतबाट नियमानुसार नागरिकता जारी गर्ने । यसरी ना.प्र.प. जारी गर्दा कार्यालयको अभिलेखमा मात्र अभिलेखिकरण गरी | १७२ |

| | | | |
|---|---|---|---|
| | | ना.प्र.प.मा बाबु आमाको महलमा कुनै कुरा उल्लेख नगरी खाली (-) राख्ने ।<br>● दलित जातीका मानिसहरूलाई नागरिकता प्रदान गर्दा अन्य नागरिक सरह थर राखी नागरिकता जारी गर्न कुनै बाधा नपर्ने । | |
| ९ | २०६९/११/१३ | दलित समुदायका मानिसहरूले आफ्नो परम्परागत जातथर जनिने शब्दहरूबाट हिनताबोध भई संशोधनका लागि निवेदन दिएका व्यक्तिहरुको थर संशोधन गरी नागरिकताको प्रमाणपत्र संशोधन गरिदिएकोमा पुनः साविक कै थर उल्लेख गरी नागरिकता पाउँ भनी निवेदन पर्न आउने विषयमा उमेर, नाम, र जात सच्याउने नियमहरु, २०१७ को नियम ६(छ) को अधिनमा रही पेश भए अनुसारको काम कारवाही गर्न बाधा नपर्ने । | १७४ |
| १० | २०७०/०१/०३ | दैलेख, सुर्खेत, दाङ्ग, सल्यान र जाजरकोट जिल्लाका जंगलमा घुमन्ते जीवन बिताउँदै आएका लोपोन्मुख अवस्थामा रहेका अल्संख्यक राउटेहरूलाई हाल बसोबास रहेको जिल्लाबाट नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ को उपदफा ४ र ५ एवं नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम २ समेतको आधारमा उक्त जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग समन्वय गरी उक्त जातीलाई सरल र सहज रुपमा नागरिकता प्रमाणपत्र वितरण गर्ने व्यवस्था मिलाउनुहुन । | १८४ |
| ११ | २०७३/११/२४ | राउटे जातीको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा नागरिकताको प्रमाणपत्र नभएको हुँदा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दा कानूनी समस्या आएको र नागरिकता प्रमाणपत्र प्राप्त नगरेका राउटे जातीका व्यक्तिहरु यो सुविधा उपभोग गर्नबाट वञ्चित हुन सक्ने देखिएकोले उक्त जातीलाई नागरिकता प्रमाणपत्र वितरणको व्यवस्थाको सम्बन्धमा अल्पसंख्यक राउटे समुदायलाई हाल बसोबास रहेको जिल्लाबाट नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ को उपदफा ४ र ५ एवं नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम २ समेतको आधारमा विभिन्न जिल्लाहरुमा बसोबास गर्दै आएका राउटे जातीलाई उच्च प्राथमिकतामा राखी सरल र सहज रुपमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्था मिलाउनु हुन । | २२० |
| १२ | २०७५/०८/१० | विभिन्न कारणले नागरिकता लिने बेलामा आफ्नो थरको पछाडी वास्तविक थर (जाती) ह्योल्मो उल्लेख नभई तामाङ्ग, शेर्पा, गुरुङ्ग, लामा, कागते, उल्लेख भई फरक पर्न गएकोले आफ्नो पहिचान खुल्ने ह्योल्मो थर (जाती) उल्लेख गरी नागरिकता संशोधन अथवा प्रतिलिपी उपलब्ध गराउने सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ मा व्यक्तिगत रुपमा आफ्नो नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर तथा सानातिना त्रुटी सच्याउन दिएको निवेदनको आधारमा सवुत प्रमाण साक्षी सर्जमिन बुझी सम्बन्धित अधिकारीले साविकको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्ने व्यवस्था छ । यस कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा आफ्नो नागरिकताको विवरण सच्याउन चाहने व्यक्तिले सम्बन्धित अधिकारीसमक्ष निवेदन दिन सक्ने । | २३४ |
| १३ | २०७५/११/२८ | समाज कल्याण केन्द्र वृद्धाश्रम, देवपतन पशुपतीमा रहेका नागरिकता प्रमाणपत्र विहिन २६ (छब्बीस) जना वृद्ध वृद्धाहरुलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा सरोकारवाला निकायहरुबीच विभिन्न चरणमा छलफल भएबमोजिम उक्त आश्रममा रहेका नेपाली नागरिकता बनाउनु पर्ने वृद्धहरुको विवरण संलग्न गरी नागरिकता प्रमाणपत्र प्रदान गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई अनुरोध भई आएको र सोही सम्बन्धमा कतिपय वृद्धाहरुको तीन पुस्ता भित्रको सनाखत गर्ने व्यक्ति समेत कोही नभएको तथा अधिकांशको ठेगाना अन्य जिल्ला रहेकोले निजहरुलाई नेपाली नागरिकता प्रदान गर्ने प्रक्रिया सम्बन्धमा दुविधा उत्पन्न भएको सम्बन्धमा देहाय बमोजिमको मिति २०७५।११।२७ मा यस मन्त्रालयबाट (सचिव स्तरीय) निर्णय भएकाले | २४२ |

| | | | |
|---|---|---|---|
| | | निजहरुलाई नागरिकता दिलाउन तहाँ मन्त्रालय (महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय) ले नेतृत्व लिई समन्वय गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।<br>१.सम्बन्धित वृद्ध व्यक्ति कहिलेदेखि कुन व्यक्तिमार्फत वृद्धाश्रममा रहनुभएको हो विस्तृत विवरणसहित निजलाई नागरिकता दिलाउन सिफारिस गर्ने, सम्बन्धित स्थानीय तह वडाबाट अनुसूची फाराम, जन्म लगायत आवश्यक सिफारिस कागजात प्राप्त गर्न पहल गर्ने र तीन पुस्ता भित्रको कोही नभएका व्यक्तिको हकमा संरक्षकको नाताले सनाखत गर्ने कार्य वृद्धाश्रमले गर्ने।<br>२.वृद्धहरुलाई नागरिकता दिलाउने कार्यमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले नेतृत्व लिई सम्बन्धित वृद्ध व्यक्तिको ठेगाना पत्ता लागेकोमा उक्त सम्बन्धित स्थानीय तह वडाको जन्म प्रमाण/सिफारिस लगायतका आवश्यक सिफारिस तीन पुस्ता भित्रको कोही फेला परेमा निजको ना.प्र.प को प्रतिलिपि, सम्बन्धित बद्धसँगको नाता प्रमाणित लगायतको प्रमाण संकलन गरी माथि बँदा नं. १ को कार्य समेतको लागि सहजीकरण गरिदिन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई अनुरोध गर्ने।<br>३.संलग्न सूची अनुसारका वृद्धहरुको तत्कालीन ठेगाना अन्य जिल्ला भएपनि हाल बसोबास काठमाडौं जिल्लाभित्र वृद्धाश्रममा असहायको रुपमा रहेको हुँदा काठमाडौंमा स्थायी बसोबास भएको मानी सिफारिश सहितको अनुसूची -१ फाराम प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालय, काठमाडौंले प्रचलित कानून र समयसमयमा मन्त्रालयबाट भएको परिपत्रअनुसार आवश्यक छानविन एवं जे जो बुझ्नुपर्छ बुझी नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने।<br>४.बाबु आमाको नाम खुलेको तर आफ्नो तीन पुस्ताभित्र सनाखत गर्ने व्यक्ति कोही नभएको वा तीन पुस्ता भित्रको कसैको नागरिकता प्रमाणपत्र नभएको व्यक्तिको हकमा यसअघि यस मन्त्रालयको मिति २०७५।०८।२३ को निर्णय बमोजिम मिति २०७५।०८।२६ मा जिल्ला प्रशासन कार्यालय, रौतहटलाई दिएको निर्देशन यस सन्दर्भमा समेत लागु हुने हुँदा सो निर्देशनलाई समेत आधार मानी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले कार्य गर्न सक्ने। | |
| १४ | २०७६/०३/०९ | पशुपति वृद्धाश्रममा रहनुभएका २६ जना वृद्ध वृद्धाहरु नागरिकता विहिन भई समस्या परेको हुँदा वृद्ध वृद्धालाई नागरिकता प्रदान गर्नेतर्फ प्रचलित कानून र अभ्यासबमोजिम यथाशिघ्र आवश्यक प्रक्रिया पुरा गरी कारवाही हुन । | २५२ |
| १५ | २०७८/०१/०५ | समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातीय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरेमा छानवीन गरी व्यहोरा मनासिव देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिन सकिने व्यहोराको समय-समयमा गरिएको निर्देशन अवगत नै होला । मन्त्रालयबाट नागरिकतामा थर सच्याउने सम्बन्धमा भएका निर्देशन अनुसारको कार्यान्वयन कतिपय जिल्लाहरुबाट नभएको भन्ने जानकारी प्राप्त भएको हुँदा यस सम्बन्धमा मन्त्रालयबाट समय-समयमा भएको निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनुहुन । | २७१ |

## १३. धर्मपुत्र/धर्मपुत्रीलाई नागरिकता प्रदान गर्नेसम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | २०६४/०२/२३ | नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० र मुलुकी ऐन, २०२० को आधारमा कानून बमोजिम कुनै व्यक्ति धर्मपुत्र भइसकेको छ भन्ने प्रमाणित भएमा धर्मपिताको नामथरबाट नागरिकता प्रदान गर्न मिल्ने । | १३७ |
| २ | २०७५/०४/०२ | धर्मपुत्रको कागज पेश गरी धर्म बाबुको नाम कायम गरी नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदनको सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ को व्यवस्था बमोजिम आवश्यक प्रक्रिया पुरा गरी यकिन गर्नु पर्ने कुरा यकिन गरी व्यहोरा साँचो ठहरे कानून बमोजिम नागरिकता दिन बाधा नपर्ने । | २२७ |
| ३ | २०७५/०८/०३ | नाबालक परिचयपत्रको बाबु/आमाको महलमा धर्मपिता/धर्मआमाको नाम उल्लेख गरी परिचयपत्र दिन मिल्ने नमिल्ने सम्बन्धमा "नाबालक परिचयपत्रको बाबु/आमाको महलमा जन्म दिने बाबु/आमा कै नाम उल्लेख गर्ने र संरक्षकको महलमा अदालतद्वारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने अनुमतिप्राप्त दम्पत्ती (व्यक्ति) को नाम उल्लेख गरी कोष्ठभित्र धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने व्यक्ति जनाई, यी विवरण निर्णय पुस्तिका, अभिलेखमा समेत जनाई नाबालक परिचयपत्र जारी गर्ने ।" | २३३ |
| ४ | २०७६/०४/२३ | कानूनबमोजिम धर्मपिता/माता कायम भएको अवस्थामा निवेदकको माग बमोजिम धर्मपिता/माताको नाम राखी नागरिकता दिन सकिने, तर बायोलोजिकल पिता/माताको पहिचान भए सो को अभिलेख र धर्मपिता/माताको अभिलेख निर्णय पुस्तिकामा जनाई नागरिकता प्रमाणपत्रको बाबु आमाको नामको महलमा धर्मपुत्र/पुत्री ग्रहण गर्ने व्यक्तिको नाम राख्न सकिने । | २५५ |

## १४. शरणार्थी मामिलासम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०६४/०५/१४ | • सम्बन्धित जिल्ला प्रशासन कार्यालयले शरणार्थी महिलाले नेपाली पुरुषसँग वैवाहिक सम्बन्ध कायम गर्दा निजले नजिकको UNHCR कार्यालय वा शरणार्थी शिविर सञ्चालन गर्ने सरकारी निकायमा आफ्नो साविकको मुलुक (Country of Origin) को नागरिकता /राष्ट्रियता परित्याग गरेको स्वघोषणा पत्र पेश गरेपछि वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्न कारवाही अगाडि बढाउने/निर्णय गर्ने ।<br>• साथै निज शरणार्थी महिलाले आफ्नो शरणार्थी परिचयपत्र जिल्ला प्रशासन कार्यालयमा बुझाउने व्यवस्था गर्ने ।<br>• निज महिला शरणार्थीले अंगीकृत नेपाली नागरिकता लिएको जानकारी UNHCR वा सम्बन्धित शरणार्थी शिविर व्यवस्था कार्यालयले शरणार्थी महिलाको उत्पत्तिको मुलुकमा जानकारी गराउने ।<br>• यस्तो विवरण अद्यावधिक बनाई राख्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालय, नागरिकता शाखा र शरणार्थी मामिला समन्वय राष्ट्रिय इकाई (NUCRA), गृह मन्त्रालयमा जानकारी पठाउने। | १४० |

## १५. नागरिकता टोली/नागरिकता वितरण अभियान/अस्थायी निस्सा/नाबालक-साबालक रजिष्टरसँग सम्बन्धितः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४५/११/०१ | विगतमा खटिएको नागरिकता टोलीले खडा गरेको लगतमा नाम समावेश भएका व्यक्तिहरूको सम्बन्धमा छानवीन गरी निर्णय गर्न गठित छानवीन समितिको अध्यक्ष प्र.जि.अ. स्वयं नै उपस्थित भई समितिको बैठकबाट नागरिकता दिने भनी सिफारिस भएका व्यक्तिहरूलाई निजहरूले पाउने नागरिकता प्रमाणपत्रमा दस्तत गर्ने अधिकार प्र.जि.अ.ले आफ्नै कार्यालयका वरिष्ठ प्रशासकीय अधिकृत भए निजलाई र सो नभए प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने भनी यस मन्त्रालयको च.नं. ३०६, मिति २०४५/०८/१५ को परिपत्र भई सकेकै हुँदा सो प्राप्त भएकै हुनुपर्छ । तर नागरिकता छानवीन समितिको बैठक अध्यक्ष (प्र.जि.अ.) बाहेक अरु दुई जना सदस्यको उपस्थितिमा पनि बस्न सक्ने र प्र.जि.अ.को अनुपस्थितिमा बसेको बैठकले सिफारिस गरेका व्यक्तिहरूलाई निजहरूले पाउने नागरिकता प्रमाणपत्रमा वरिष्ठ प्रशासकीय अधिकृत वा प्रशासकीय अधिकृतले दस्तखत गर्दा नागरिकता दिनेसम्बन्धी महत्वपूर्ण कार्यमा प्र.जि.अ.को असंलग्नता हुन सक्ने सम्भावना भएको र त्यस्तो असंलग्नताले नागरिकतासम्बन्धी ऐन तथा नियमको मनसाय पुरा नहुने सम्भावना देखिएको साथै प्रशासकीय दृष्टिकोणले प्र.जि.अ.लाई नागरिकतासम्बन्धी कार्यमा संलग्न गराउनु उपयुक्त हुने हुँदा प्र.जि.अ.को अनुपस्थितिमा समितिका कम्तिमा अरु दुईजना सदस्य बसेको छानवीन समितिको बैठकले नागरिकता दिने भनी सिफारिस गरेका व्यक्तिहरूलाई निजहरूले पाउने नागरिकता प्रमाणपत्रमा प्र.जि.अ.को नै दस्तखत हुनुपर्ने । | ४ |
| २ | २०४८/०५/०४ | नागरिकता वितरण गर्न खटिएको नागरिकता टोलीले अंगीकृत नागरिकताको आवेदन संकलन गर्दा टोलीमा प्रयोग गरिएका अंगीकृत नागरिकतासम्बन्धी आवेदन फाराम तत्काल टोलीको काम कारवाहीमा सजिलो हुने किसिमले तयार गरिएको र उक्त आवेदन फाराम नागरिकता नियमावलीको अनुसूचीमा तोकिएको ढाँचा अनुरुपको नभएको हुँदा टोलीमा प्रयोग गरिएको अंगीकृत नागरिकतासम्बन्धी पुरानो ढाँचाको आवेदन फाराम भर्दा संविधानमा उल्लिखित प्रावधानहरू समेत छुट्न गएको देखिएकोले कानूनबमोजिम अंगीकृत नागरिकता माग गर्न आउने व्यक्तिहरूलाई अबदेखि नागरिकता नियमावली, २०२५ को अनुसूची ५ बमोजिमको ढाँचाको आवेदन फाराम नै भर्ने भराउने गर्ने । | १८ |
| ३ | २०५८/०४/११ | २०५३ साल चैत्र २२ गते जितेन्द्र नारायण देवको संयोजकत्वमा गठित नागरिकता अनुगमन तथा कार्य मुल्याङ्कन समितिले बनाएको नागरिकता वितरण टोली कार्य निर्देशिका अनुरुप खटिएका टोलीबाट वितरण गरिएको नागरिकता सर्वोच्च अदालतको मिति २०५८ साल साउन ८ गतेको फैसलाबाट रद्द गर्ने गरी फैसला भएको सम्बन्धमा २०५८ साल साउन ९ गतेको गोरखापत्रमा समाचार प्रकाशित भएकोमा पेश हुँदा २०५३ सालमा (त्यस जिल्लामा) खटिएका टोलीबाट वितरित नागरिकता प्रमाणपत्रको आधारमा सनाखत गराउँदा प्रमाणको रुपमा नलिने, त्यस्ता नागरिकता रद्द गरी खिच्ने आदेश प्राप्त हुनासाथ रद्द गरी खिच्न तैयार अवस्थामा रहने, ती नागरिकताबाट आर्जित सम्पत्ति रोक्का गर्न तैयारी गर्ने, सोको आधारमा नयाँ जग्गा खरिद बिक्री गर्न मान्यता नदिने, सोको आधारमा राहदानी जारी नगर्ने, सो नागरिकताको आधारमा जारी भएका राहदानीको लगत खडा गर्ने र त्यसरी टोलीबाट नागरिकता प्रमाणपत्र लिने व्यक्ति नेपालको वंशज नागरिक ठहर्ने देखिएमा सो प्रमाणपत्र रद्द गरी अर्को नागरिकता प्रमाणपत्र प्रदान गर्न तैयारी अवस्थामा रहने । | ७६ |
| ४ | २०६०/०१/१५ | प्र.जि.अ.को मातहतमा वा गृह मन्त्रालय अनतर्गत नरहेका अधिकृतहरू नागरिकता टोली अधिकृत भई आ.व. ०५३/५४ मा वितरण भएको नागरिकता | ९५ |

| | | | |
|---|---|---|---|
| | | रद्द भएको कारण सो नागरिकता खिची प्रमाणको आधारमा नागरिक देखिनेलाई नयाँ नागरिकता जारी गर्ने सम्बन्धमा सो टोलीबाट वितरित नागरिकता प्रमाणपत्र हराई पेश गर्न नसक्नेको हकमा उक्त नागरिकता हराएकै ठहर हुन आएमा पहिला प्राप्त गरेको अस्थायी निस्सामा वंशजको नाताले नागरिकता प्रमाणपत्र पाउन सक्ने खुलस्त आधार छ भने कार्यालयको अभिलेखमा सोही व्यहोरा जनाउने र कानूनी प्रक्रिया पुरा गरी प्र.जि.अ.ले नागरिकता प्रमाणपत्र दिन हुने । | |
| ५ | २०६०/०६/०८ | नेपाल नागरिकता नियमावली, २०२५ को नियम ७ बमोजिमको कार्यविधि पुरा गरी २०३७ साल चैत्र मसान्तसम्म नेपाली नागरिकता रोजेको आवेदन दिएमा जन्मसिद्ध नागरिकता दिन सकिने व्यवस्था नेपाल नागरिकता नियमावली, २०४९ मा रहेको र त्यसरी रोजेर २०३६ सालको टोलीले खडा गरेको रेकर्डमा नाम उल्लेख भएकाहरूमा कोही नागरिकता नलिँदै मृत्यु भएका र निजका सन्तानहरूले नागरिकता प्राप्तिको लागि सोध्ने गरेको, कोही तत्काल कुनै अभियोगमा कारागारमा रही भर्खर छुटकारा पाई हाल नागरिकता लिन चाहने, कोही टोलीमा साबालक भई नाम रहेता पनि नलिएर हाल लिनको लागि बुझ्न आईरहेको सम्बन्धमाः<br>• २०३६ सालको टोलीले खडा गरेको रेकर्डमा नाम भएको कारणले निजका सन्तानहरूलाई नेपालको नागरिकता दिन मिल्दैन ।<br>• कुनै पनि विदेशीलाई नागरिकता दिने नदिने सम्बन्धमा श्री ५ को सरकारबाट निर्णय हुने विषय भएकोले जेल परेकोले नागरिकता नलिएको कारणले मात्र हाल श्री ५ को सरकार नागरिकता दिन बाध्य छैन ।<br>• टोली रेकर्डमा नाबालकको नाम दर्ता भै नागरिकता प्रमाणपत्र लिन बाँकीका सम्बन्धमा समेत श्री ५ को सरकार नागरिकता दिन बाध्य छैन । | १०० |
| ६ | २०६०/०८/०८ | नागरिकता वितरण अभियानसम्बन्धी मार्गदर्शन, २०६० को बुँदा नं. ९ मा उल्लिखित विषयलाई कडाईका साथ पालना गरी गैर नागरिकले कुनैपनि हालतमा नागरिकता प्राप्त गर्न नसकुन् भन्नेतर्फ विशेष सतर्कता अपनाई स्थलगत रुपमा नागरिकता वितरण गर्ने क्रममा कुनै शंका उत्पन्न भएमा जिल्ला प्रशासन कार्यालयबाट विस्तृत रुपमा छानवीन गरी नेपाली नागरिकता पाउन सक्ने देखिएमा मात्र त्यस्ता व्यक्तिलाई जिल्ला प्रशासन कार्यालयबाटै नागरिकता प्रमाणपत्र प्रदान गर्ने व्यवस्था मिलाउनुहुनका साथै कुनैपनि बहानाबाट गैर नेपाली नागरिकले नागरिकता प्राप्त गरेमा नागरिकता प्रदान गर्ने सम्बन्धित कर्मचारीलाई कडा कारवाही हुने । | ११० |
| ७ | २०६३/१०/०७ | नागरिकता टोलीबाट २०५४ सालमा वितरण गरेका नागरिकता सर्वोच्च अदालतको निर्णयबाट रद्द भएको सन्दर्भमा नेपाल नागरिकता ऐन, २०६३ को प्रक्रिया पुरा गरी पुरानो नागरिकता खिची नयाँ नागरिकता दिने । | १३१ |
| ८ | २०६३/११/१६ | नेपाल राज्यभर नागरिकता टोली खटिई गएकोमा केही जिल्लाहरूमा शान्ति-सुरक्षामा देखिएको बिग्रँदो स्थितिको कारणले नागरिकता टोलीहरू खटिएको स्थानमा कर्मचारीहरूलाई दवावमा पारी वा जवरजस्ती गरी वा आफैँले कार्ड भरी अभिलेख राखि लिएका वा आवश्यक प्रक्रिया नै नपुर्याई लिएका नागरिकता बदर गर्नेतर्फ आवश्यक कारवाही गर्ने । | १३५ |
| ९ | २०७४/०४/२३ | घुम्ती सेवा सञ्चालन गरी नागरिकता वितरण गर्दा नागरिकता नं.मा निम्नानुसारको अनुक्रम कायम गरी नागरिकता वितरण गर्नुहुनः<br>**निम्नः**<br>नागरिकता नं. = जिल्ला कोड + घुम्ती कोड + चालु बर्ष + पाँच अंकको ना.प्र.नं.<br>जस्तैः काठमाडौंको बि.सं. २०७४ को पहिलो घुम्तीको ना.प्र.नं. = २७-१०-७४-०००१ | २२२ |

| | | | |
|---|---|---|---|
| | | साथै घुम्ती कोड १० भन्दा माथि राख्र एवं एउटा जिल्ला भित्रको हकमा एकभन्दा बढी घुम्ती सेवा सञ्चालन गर्दा घुम्ती कोड क्रमशः १०, ११, १२, १३, १४, १५, ... कायम गरी नागरिकता वितरण गर्नुहुन । | |
| १० | २०७६/०८/११ | सबै जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयहरूले अर्को आदेश नभएसम्म घुम्ती टोलीबाट नागरिकताको लागि आवश्यक पर्ने कागजातहरूको प्रकृयाका विषयमा जनचेतना जगाउने तर नागरिकता भने जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयबाट मात्र दिने व्यवस्था मिलाउने । | २६१ |

## १६. नाबालक परिचयपत्र सम्बन्धीः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०५२/०२/२८ | नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरेपछि पनि निजसँग भएको नेपालको नागरिकता र राहदानीको आधारमा निजबाट जायजन्म भएका नाबालकहरूलाई नाता प्रमाणित गरी नाबालक परिचयपत्र दिने नदिने सम्बन्धमा पिता नेपाली नागरिक नभएको हुँदा नेपालको नागरिकता पाउन सक्ने कानूनी प्रावधान नभए तापनि निजको साथमा रहेका नाबालकहरूको लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा ८ बमोजिम आमाको नागरिकता नं. र पिताको नाम समेत जनाई नाता प्रमाणित वा नाबालक परिचयपत्र जारी गर्न कुनै बाधा नपर्ने । | ३५ |
| २ | २०६९/०८/१८ | जन्मको आधारबाट नागरिकता प्रमाणपत्र लिने सन्तानको हकमा निजहरूलाई नागरिकता प्रमाणपत्र जारी नगर्ने भन्ने सम्मानीत सर्वोच्च अदालतबाट मिति २०६८/११/०४ मा अन्तरिम आदेश जारी भैसकेको अवस्थामा नाबालक परिचयपत्र पनि नागरिकता सरह नै मान्यता रहने हुँदा नाबालक परिचयपत्र पनि जारी गर्न नमिल्ने । | १६८ |
| ३ | २०७१/०९/२२ | नेपाली नागरिकका सन्ततीहरु वालिग नहुन्जेलको हकमा नाबालक परिचयपत्र वितरण गर्ने सम्बन्धमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट जारी हुने नाबालक परिचयपत्रमा एकरुपता नपाईएको । कतिपय जिल्ला प्रशासन कार्यालयबाट कार्ड कै ढाँचामा लेटरप्याडमा नाबालक परिचयपत्र जारी गर्ने गरेको तथा केहीले कार्ड कै रुपमा जारी गर्ने गरेको । ७५ वटै जिल्ला प्रशासन कार्यालयहरुबाट जारी हुने नाबालक परिचयपत्रमा एकरुपता कायम गर्न आवश्यक भएकोले हाल प्रचलनमा रहेको नेपाली नागरिकताको कार्डको साइजमा देहायको नमूना बमोजिम नाबालक परिचयपत्र जारी गर्नु गराउनुहुन । | २१४ |

| | | | |
|---|---|---|---|
| | |  नाबालक परिचय-पत्र<br>जिल्ला : ... वडा नं. ...<br>जन्म मिति : ...<br>बाबुको नाम, थर : ... ठेगाना : ...<br>आमाको नाम, थर : ... ठेगाना : ...<br>संरक्षकको नाम/ठेगाना : ...<br>मिति : २० / / को निर्णयानुसार यो नाबालक परिचय-पत्र दिईएको छ ।<br>नाबालक परिचय-पत्र जारी गर्ने अधिकारीको<br>दस्तखत :<br>नाम, थर :<br>पद : प्रशासकीय अधिकृत<br>मिति : २० / / | |
| ४ | २०७५/०८/०३ | नाबालक परिचयपत्रको बाबु/आमाको महलमा धर्मपिता/धर्मआमाको नाम उल्लेख गरी परिचयपत्र दिन मिल्ने नमिल्ने सम्बन्धमा "नाबालक परिचयपत्रको बाबु/आमाको महलमा जन्म दिने बाबु/आमा कै नाम उल्लेख गर्ने र संरक्षकको महलमा अदालतद्वारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने अनुमतिप्राप्त दम्पत्ती (व्यक्ति) को नाम उल्लेख गरी कोष्ठभित्र धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने व्यक्ति जनाई, यी विवरण निर्णय पुस्तिका, अभिलेखमा समेत जनाई नाबालक परिचयपत्र जारी गर्ने ।" | २३३ |
| ५ | २०७५/१२/१३ | • नागरिकता नलिएको भनी वालिग व्यक्तिहरूले आफ्नो नागरिकता परित्यागको लागि निवेदन दिएमा नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १० बमोजिमको दर्ता किताबमा दर्ता नगर्ने । तर नागरिकता अभिलेख हेरी निजको नाममा नागरिकता जारी भए नभएको व्यहोरा जानकारी गराउने ।<br>• नाबालक परिचयपत्र जारी गर्दा कार्डमा स्पष्ट देखिने गरी "परिचयपत्र बाहकको उमेर १६ बर्ष नपुगेसम्म यो परिचयपत्र मान्य हुनेछ ।" भन्ने व्यवस्था अनिवार्य उल्लेख गर्ने । | २४४ |

## १७. अधिकार प्रत्यायोजनसँग सम्बन्धितः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४२/०५/२८ | • कसैले झुठो विवरण तथा बयान दिई नागरिकता प्राप्त गरेकोमा उजुर बाजुर पर्‍यो भने आवश्यक कारवाहीको लागि छानवीन गर्नुपर्ने हुन आउँछ । | २ |

| | | | |
|---|---|---|---|
| | | तसर्थ रा.प. पदमा अस्थायी नियुक्ति भएका अधिकृतहरू स्थायी पदपूर्ति भएपछि वा अस्थाई म्याद समाप्त भएपछि स्वतः खारेज हुने हुँदा छानवीन कार्यमा वाधा अड्चन आउने सम्भावनालाऐ दृष्टिगत गरी नागरिकता जस्तो संवेदनशील विषयमा रा.प. पदमा अस्थायी नियुक्ति भएका अधिकृतहरूले नागरिकता प्रमाणपत्र दिने प्रयोजनका लागि सिफारिस गर्न नमिल्ने ।<br>● विकास समिति ऐन अन्तर्गत नियुक्ती भएका अधिकृतको हकमा विकास समिति ऐन, २०१३ को दफा ४ ले समितिलाऐ संस्था (कर्पोरेट बडी) मानेकोले विकास समिति ऐन अन्तर्गत नियुक्ति भएका अधिकृतहरूलाई श्री ५ को सरकारको राजपत्रांकित अधिकृत मान्न नमिल्ने ।<br>● का.मु. रा.प. तृतीय श्रेणीका अधिकृतहरूको हकमा का.मु. समाप्त भएपछि आफ्नै पदबहाल नै रहने हुँदा सिफारिस गर्न मिल्ने ।<br>● जि.पं. सभापतिको अनुपस्थितिमा जि.पं. उपसभापतिलाई का.वा. सभापति भै कार्य सञ्चालन गर्न जि.पं. सभापतिले कानून बमोजिम अधिकार प्रदान गरेको छ भने नागरिकताको लागि गरेको सिफारिसलाई मान्यता दिन सकिने तर निमित्त सभापतिको हैसियतले सिफारिस गर्न नमिल्ने । | |
| २ | २०४५/११/०९ | विगतमा खटिएको नागरिकता टोलीले खडा गरेको लगतमा नाम समावेश भएका व्यक्तिहरूको सम्बन्धमा छानवीन गरी निर्णय गर्न गठित छानवीन समितिको अध्यक्ष प्र.जि.अ. स्वयं नै उपस्थित भई समितिको बैठकबाट नागरिकता दिने भनी सिफारिस भएका व्यक्तिहरूलाई निजहरूले पाउने नागरिकता प्रमाणपत्रमा दस्तत गर्ने अधिकार प्र.जि.अ.ले आफ्नै कार्यालयका वरिष्ठ प्रशासकीय अधिकृत भए निजलाई र सो नभए प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने भनी यस मन्त्रालयको च.नं. ३०६, मिति २०४५/०८/१५ को परिपत्र भई सकेकै हुँदा सो प्राप्त भएकै हुनुपर्छ । तर नागरिकता छानवीन समितिको बैठक अध्यक्ष (प्र.जि.अ.) बाहेक अरु दुई जना सदस्यको उपस्थितिमा पनि बस्न सक्ने र प्र.जि.अ.को अनुपस्थितिमा बसेको बैठकले सिफारिस गरेका व्यक्तिहरूलाई निजहरूले पाउने नागरिकता प्रमाणपत्रमा वरिष्ठ प्रशासकीय अधिकृत वा प्रशासकीय अधिकृतले दस्तखत गर्दा नागरिकता दिने सम्बन्धी महत्वपूर्ण कार्यमा प्र.जि.अ.को असंलग्नता हुन सक्ने सम्भावना भएको र त्यस्तो असंलग्नताले नागरिकतासम्बन्धी ऐन तथा नियमको मनसाय पुरा नहुने सम्भावना देखिएको साथै प्रशासकीय दृष्टिकोणले प्र.जि.अ.लाई नागरिकतासम्बन्धी कार्यमा संलग्न गराउनु उपयुक्त हुने हुँदा प्र.जि.अ.को अनुपस्थितिमा समितिका कम्तिमा अरु दुईजना सदस्य बसेको छानवीन समितिको बैठकले नागरिकता दिने भनी सिफारिस गरेका व्यक्तिहरूलाई निजहरूले पाउने नागरिकता प्रमाणपत्रमा प्र.जि.अ.को नै दस्तखत हुनुपर्ने । | ४ |
| ३ | २०४६/०६/०९ | श्री ५ को सरकारले नेपाल नागरिकता ऐन, २०२० को दफा १४ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा ६ अन्तर्गत नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी नारीलाई अंगीकृत नागरिकता प्रदान गर्न तथा नागरिकताको प्रमाणपत्र दिनेसम्बन्धी अधिकारहरू सोही ऐनको शर्त तथा बन्देजमा रही आवेदन स्वीकृत गरिएको पर्चा खडा गरी आ-आफ्नो जिल्लामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।<br>(गृह मन्त्रालयको सूचना (नेपाल राजपत्र, भाग ३, खण्ड ३९, संख्या २४)) | ७ |
| ४ | २०४७/१२/१२ | नागरिकता प्रमाणपत्रहरूमा दस्तखत गर्ने सम्बन्धमा प्र.जि.अ.को अधिकार वरिष्ठ प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने सम्बन्धमा अंगीकृत नागरिकताको हकमा बाहेक बाबुले नागरिकता पाईसकेको रहेछ र सोको प्रमाणसहित छोरा छोरीले नागरिकता माग गर्न आएमा वरिष्ठ प्रशासकीय अधिकथतले दिन सकिने गरी अधिकार प्रत्यायोजन गर्न सकिने । | १६ |
| ५ | २०४८/०१/०४ | नागरिकतासम्बन्धी कामको लागि जनता टाढा-टाढा क्षेत्रबाट सदरमुकामसम्म धाइराख्नुपर्ने भएकोले नागरिकता प्रमाणपत्र पाईसकेका नागरिकको | १७ |

| | | | |
|---|---|---|---|
| | | छोरा छोरीलाई इलाका प्रशासन शाखाका शा.अ. ले नै नागरिकता प्रमाणपत्र दिन सक्ने गरी अधिकार प्रत्यायोजन गर्न पाउने व्यवस्थाको सम्बन्धमा इलाका प्रशासन शाखाको काम, कर्तव्य र अधिकारमा "नागरिकताको अस्थायी निस्सा पाएका वालिगहरूलाई स्थायी प्रमाणपत्र वितरण गर्ने" भन्ने उल्लेख भएकोले हाललाई इलाका प्रशासन शाखाका अधिकृतलाई त्यतिमात्र अधिकार दिने । | |
| ६ | २०४९/०२/२८ | नेपाल नागरिकता ऐन, २०२० को दफा ६ बमोजिमको शर्तहरु पूरा गरेकी नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले अंगीकृत नागरिकता माग गरी निवेदन दिएमा मिति २०४६/०६/०९ मा प्रकाशित खण्ड ३९, संख्या २४ को नेपाल राजपत्र भाग ३ को सूचनाबमोजिम नै प्रमुख जिल्ला अधिकारीले वैवाहिक सम्बन्धको नाताबाट अंगीकृत नागरिकता प्रदान गर्ने र नागरिकताको प्रमाणपत्र दिनेसम्बन्धी अधिकारहरु यथावत प्रयोग गर्न पाउने । | २० |
| ७ | २०४९/०४/२७ | झुठा विवरण देखाई प्राप्त गरेको नेपाली नागरिकतासम्बन्धी उजुरीमा र नेपालको अंगीकृत नागरिकता पाउँ भन्ने निवेदनहरूमा जिल्ला प्रशासन कार्यालयमा निवेदन परेपछि आवश्यक जाँचबुझ र छानविन जे जसो गर्नुपर्ने हो सबै गरी प्र.जि.अ.ले नै कारवाही गर्न सक्ने देखिए कारवाही सुरु गर्ने र प्र.जि.अ.को अधिकारक्षेत्र भन्दा बाहिरको देखिए आवश्यक छानवीन गरी किटानी रायसाथ मन्त्रालयमा पठाउनुपर्ने । | २३ |
| ८ | २०५०/०८/२२ | श्री ५ को सरकारबाट हालै स्वीकृत कार्य विवरण अनुसार इलाका प्रशासन शाखा र सीमा प्रशासन शाखाहरूबाट निम्न कार्य तदारुकताका साथ सम्पन्न गर्ने गराउने व्यवस्था मिलाउनेः<br>● नागरिकताको अस्थायी निस्सा भएका वा नागरिकता टोलीले नाम दर्ता गरेका व्यक्तिहरूलाई छानवीन गरी नागरिकताको प्रमाणपत्र दिने । नागरिकताको प्रमाणपत्र पाइसकेका व्यक्तिले त्यस्तो प्रमाणपत्र हराई, बिग्री, नोक्सान भई प्रतिलिपी माग गरेको अवस्थामा प्रतिलिपी दिने ।<br>● अन्य नागरिकताको सम्बन्धमा रायसहित जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।<br>● नागरिकता टोलीले दिएको अस्थायी निस्सा, बाबुको नागरिकता, अनुसूची फाराम, गाउँ विकास समितिको सिफारिस, अचल सम्पत्तिको प्रमाण, जन्म दर्ता लगायतका अन्य प्रमाणको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिइन्छ भन्ने कुरा सबैलाई जानकारी गराउन र नागरिकताको अस्थायी निस्सा पाएकाले सम्बन्धित इलाका प्रशासन शाखा वा सीमा प्रशासन शाखाबाट नागरिकताको प्रमाणपत्र पाउने कुराको जानकारी सम्बन्धित सबैलाई अवगत गराई दिन जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगरपालिका र जिल्लास्थित सबै पार्टी कार्यालयलाई समेत अनुरोध गर्ने ।<br>● माथि लेखिएका प्रमाणहरु समेत संलग्न राखि सिफारिस गर्न गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई अवगत गराउने र झुठो विवरण वा बयान दिई आवेदन पत्र दिने र सिफारिस गर्ने व्यक्तिलाई नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिम ५ बर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने तथा त्यस्तो झुठो विवरण दिई प्राप्त गरेको नागरिकताको प्रमाणपत्र रद्द हुने कानूनी व्यवस्था रहेको समेत जानकारी गराउने ।<br>● जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन शाखा र सीमा प्रशासन शाखाहरूमा नागरिकताको प्रमाणपत्र बनाउन चाहिने आधारभूत प्रमाणहरु सबैले स्पष्टसँग बुझ्ने गरी बुँदा बनाई टाँस्ने । | २६-३० |
| ९ | २०५२/०५/१८ | श्री ५ को सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरूको सिफारिसमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट अन्य जिल्लाका व्यक्तिहरूलाई पनि | ३९ |

| | | | |
|---|---|---|---|
| | | नागरिकताको प्रमाणपत्र दिने प्रचलन गरेकोले सो कार्य बन्द गर्ने गरी श्री ५ को सरकार (मन्त्रिपरिषद्) बाट मिति २०५२/०४/०४ मा निर्णय भए अनुरुप आगामी असोज १, २०५२ देखि अन्य जिल्लाका व्यक्तिलाई नागरिकताको प्रमाणपत्र दिने कार्य बन्द गर्ने । | |
| १० | २०५२/०७/०२ | श्री ५ को सरकार र सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीका परिवारलाई झैँ शिक्षकको परिवारलाई पनि शिक्षक कार्यरत जिल्ला (बेजिल्ला) बाटै नागरिकता प्रमाणपत्र दिन मिल्ने/नमिल्ने सम्बन्धमा श्री ५ को सरकारको बजेटबाट तलव भत्ता खाने र वंशज/जन्मसिद्ध नागरिकता (बाबुको) प्राप्त गरेका स्थायी शिक्षकका परिवारलाई समेत कर्मचारीका परिवारलाई नागरिकता प्रमाणपत्र दिँदा अवलम्वन गर्नुपर्ने प्रक्रिया अपनाई नागरिकको प्रमाणपत्र दिन सकिने ।<br>साथै उपर्युक्त बमोजिम बेजिल्लाका शिक्षकका परिवारलाई नागरिकता दिँदा सम्बन्धित गा.वि.स. तथा जिल्ला प्रशासन कार्यालयलाई समेत अनिवार्य रुपमा जानकारी दिने व्यवस्था हुन । | ४२ |
| ११ | २०५३/०६/१३ | कुनै नेपाली नागरिकले पटक पटक नागरिकताको प्रमाणपत्र लिएकोमा एउटा नागरिकताको प्रमाणपत्र कायम राखि अन्य खारेज गर्न माग गरेमा सोको निमित्त यस मन्त्रालयमा पठाईने गरिएकोमा नागरिकता रद्द गर्नु र नागरिकको प्रमाणपत्रको एउटा प्रमाणपत्र कायम राखि अर्को खारेज गर्नु अलग अलग विषय हुँदा रद्द गर्ने बारे यहाँ पठाउने र प्रमाणपत्र खारेज गरी नागरिकता कायमै राख्नेमा यहाँ नपठाईरहने । | ५८ |
| १२ | २०५५/०३/२२ | अंगीकृत नागरिकताको हकमा बाहेक बाबुले नागरिकता पाईसकेको रहेछ र सोको प्रमाणसहित छोराछोरीले नागरिकता माग गर्न आएमा वरिष्ठ प्रशासकीय अधिकृतले दिन सक्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिने भन्ने श्री ५ को सरकारले मिति २०४७/११/०२ मा निर्णय गरेको व्यहोराको यस मन्त्रालयको मिति २०४७/१२/०८ को परिपत्रमा वरिष्ठ प्रशासकीय अधिकृत भन्ने शब्द भएकोमा सोको सट्टा सहायक प्रमुख जिल्ला अधिकारी भन्ने शब्द राखी अन्य कुराको हकमा सोही परिपत्रअनुसार हुन । | ६५ |
| १३ | २०६०/०१/०५ | नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०५९ प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा निजले पेश गरेको अनुसूची ३ बमोजिमको निवेदन प्रमुख जिल्ला अधिकारीमार्फत् मन्त्रालयमा पठाउनुपर्ने हो वा यसअघि भएको अधिकार प्रत्यायोजन बमोजिम जिल्ला प्रशासन कार्यालयबाट त्यस्ता व्यक्तिलाई वैवाहिक सम्बन्धले नेपालको नागरिकता प्रमाणपत्र दिने हो, सो सम्बन्धमा र उक्त नियमावलीको नियम ४(३) मा व्यवस्था भएबमोजिम कस्ता नेपालका नागरिकका छोराछोरी वा वंशजको कुनै व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा अनुसूची ३ बमोजिमको निवेदन पेश गर्नुपर्ने हो र त्यस्तो व्यक्तिको लागि नेपालको नागरिकता दिन मन्त्रालयमा पठाउनुपर्ने हो, होइन भन्ने सम्बन्धमा नेपाल नागरिकतासम्बन्धी नयाँ ऐन अहिले जारी भएको होएन । संशोधित ऐनमा श्री ५ को सरकारले अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था साविक बमोजिम नै रहेकोले नियमावलीको संशोधन भएकै कारणबाट मात्र सो सम्बन्धमा पुनः अधिकार प्रत्यायोजन गरिरहनु नपर्ने हुँदा यथावत रुपमा अधिकार प्रयोग गर्न । | ९४ |
| १४ | २०६३/१०/१८ | नेपाली नागरिकताको प्रमाणपत्र वितरण कार्यलाई अझ सरल र सहज बनाउन नेपाल नागरिकता नियमावली, २०६३ मा प्रथम संशोधन भएको हुँदा संशोधित व्यवस्थाअनुरुप आफू मातहतका टोली प्रमुखलाई आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्न सबै प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिने । | १३४ |

## १८. नागरिकता प्रतिलिपीसँग सम्बन्धितः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४६/०८/१९ | सक्कल नागरिकता हराई वा अन्य कुनै कारणबाट काम नलाग्ने भई सम्बन्धित व्यक्ति प्रतिलिपी माग गर्न आएमा कानूनको रित पुर्याई दिने गरिएको । सम्बन्धित व्यक्तिलाई त्यस्तो प्रतिलिपी दिँदा कानूनी रित पुर्याई कार्डमा ल्याप्चे सहिछाप पनि गराउने प्रचलन रहेको । तर सम्बन्धित व्यक्तिको मृत्यु भईसकेको अवस्थामा अरु सरोकारवाला व्यक्तिले प्रतिलिपी माग गर्न आएमा पनि प्रतिलिपी दिनुपर्ने हुँदा सम्बन्धित व्यक्ति र सरोकारवाला व्यक्तिलाई दिने प्रतिलिपीको प्रकृति बेग्लै किसिम् हुन जरुरी देखिन्छ । यसको लागि त्यसरी प्रतिलिपी माग गर्न आउने सरोकारवाला व्यक्तिलाई प्रतिलिपी दिँदा कार्डमा नदिई अन्य पत्रमा यो यस्तो व्यक्तिले नागरिकताको प्रमाणपत्र यो मितिमा लिएको देखिन्छ भनी प्रमाणित गरी दिने । | १०-१२ |
| २ | २०५०/०८/२२ | • कतिपय कार्यालयमा खोजेको समयमा अभिलेखहरु फेला नपरी समस्या हुन गएको बुझिन्छ । यसरी कार्यालयमा रहेका अभिलेखहरु सुरक्षित रुपमा राख्नुपर्ने दायित्व सम्बन्धित फाँटका कर्मचारी एवं अधिकृतहरुको भएको हुँदा कार्यालयको अभिलेख प्राप्त हुन नसकेको भनी दायित्वबाट पन्छिन मिल्दैन । कार्यालयमा नक्कन माग गर्न आउने व्यक्तिलाई कार्यालय प्रति फेला नपरेको भनी नक्कन नदिने गर्दा निज आफ्नो अधिकारबाट वञ्चित हुन पुग्छ । अतः यस्तो अवस्थामा कार्यालयमा कागजात सुरक्षित रुपमा राख्ने, राख्न लगाउने र नागरिकताको प्रमाणपत्रको कार्यालय प्रति प्राप्त नभए तापनि अभिलेखमा नाम उल्लेख छ भने पछि कार्यालय प्रति फेला परेको समयमा तदनुरुप हुने गरी तत्काललाई रजिष्टरलाई नै आधार मानी नक्कल दिने तर यस अवस्थामा उही व्यक्ति हो होइन सो यकीन गर्ने ।<br>• तत्कालिन वडाहाकिम, मजिष्ट्रेट र अञ्चलाधीशहरुले प्रदान गरेका नागरिकताका कार्यालय प्रति फेला नपरेको भनी कतिपय जिल्लाहरुबाट लेखि आएको हुँदा कार्यालय प्रति फेला नपरेमा नागरिकता प्रमाणपत्र नलिएका व्यक्तिलाई नागरिकता दिँदा अपनाउनुपर्ने प्रक्रिया अपनाई नागरिकता प्रमाणपत्र दिने । | २६-३० |
| ३ | २०५३/०३/०४ | साविक जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिई हाल अन्य जिल्लामा बसाइँ सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकहरुले सार्थक प्रमाण राखि हालको जिल्ला प्रशासन कार्यालयमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी माग गरेमा सो कार्यालयले साविकको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकतासम्बन्धी प्रमाणिक अभिलेख मगाई सोको आधारमा नागरिकताको प्रतिलिपी दिने । | ५३ |
| ४ | २०५३/०४/०२ | विवाह पूर्व अन्यत्र जिल्लाबाट नागरिकता प्रमाणपत्र प्राप्त गरेकी नेपाली महिलाले अर्को जिल्लाको नेपाली नागरिकसँग विवाह गरी आएकी महिलाले नागरिकतामा पतिको नाम समावेश गरी थर समेत संशोधन गर्न चाहेमा पूर्व नागरिकताको प्रमाणपत्र लिएको जिल्लालाई जानकारी गराई विवाह भएर आएको जिल्लाबाट थर संशोधन तथा पतिको नाम समावेश गरी कार्यालय प्रतिमा समेत व्यहोरा उल्लेख गरी गरिदिने । | ५४ |
| ५ | २०५८/०२/१५ | नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेपश्चात् विभिन्न कारणबाट प्रतिलिपी माग गरेकोमा सो प्रतिलिपी दिँदा विभिन्न कार्यालयहरुले विभिन्न प्रक्रिया अपनाई आएको देखिएको छ । त्यसैले अब आयन्दा यसैसाथ संलग्न फाराम प्रयोग गरी व्यक्ति यकीन गरी रेकर्ड भिडाई नागरिकताको प्रतिलिपी दिने गर्नुहुन । | ७३ |

| | | | |
|---|---|---|---|
| ६ | २०५८/०९/२४ | नागरिकता प्रमाणपत्र प्राप्त गरिसके पश्चात् विभिन्न कारणबाट प्रतिलिपी माग गरेकोमा सो प्रतिलिपी दिँदा विभिन्न कार्यालयहरुले विभिन्न प्रक्रिया अपनाउँदै आएको देखिएको छ । प्रतिलिपी दिने विषयमा विगतना पनि एकरुपताका लागि निर्देशन भै रहेका छन् । ती निर्देशनलाई समेटी निम्न थप प्रक्रिया समेत अपनाई प्रतिलिपी दिनुहुन ।<br>• साविकको कार्यालय प्रति मौजुद रहेको अवस्थामा प्रतिलिपी लिन आउने आवेदक मौजुदा कार्यालय प्रतिमा रहेको फोटो समेत हेर्दा बुझ्दा एकै व्यक्ति हो भन्ने ठहर भएमा आवेदनकै आधारमा (सिफारिस बिना नै) अविलम्ब प्रतिलिपी दिने ।<br>कार्यालय प्रतिबाट ठहर हुन नसकेमा मन्त्रालयबाट भएको मिति २०५८/०२/१५ को परिपत्रसाथ संलग्न गरी पठाएको फाराम भराई सिफारिस गराई यकीन गरी प्रतिलिपी दिने ।<br>सिफारिस नगरिदिएको वा हुन नसकेको अवस्थामा परिस्थिति अनुसार प्रहरी तथा कर्मचारीमार्फत वा अन्य उपयुक्त प्रक्रियाबाट बुझी यकीन गरी प्रतिलिपी दिने ।<br>• साविकको कार्यालय प्रति मौजुद नरहेको अवस्थामा माननीय मन्त्री ज्यूबाट निर्णय भै मिति २०५०/०८/२२ मा भएको परिपत्रको नं. ४ मा उल्लेख भए बमोजिम गर्ने अर्थात् नागरिकता प्रमाणपत्र नलिएका व्यक्तिलाई नागरिकता प्रमाणपत्र दिँदा अपनाउनुपर्ने प्रक्रिया अपनाई नागरिकता प्रमाणपत्र दिने ।<br>• कार्यालय प्रति नभेट्टाई रजिष्टर आदिमा नागरिकता लगेको रेकर्डसम्म पाएको अवस्थामा मिति २०५०/०८/२२ मा भएको परिपत्रको नं. १ बमोजिम गर्ने अर्थात् पछि कार्यालय प्रति फेला परेको समयमा तदनुरुप हुने गरी तत्काललाई रजिष्टरलाई नै आधार मानी नक्कल दिने र यस अवस्थामा उही व्यक्ति हो होइन सो यकीन गर्ने । यसमा व्यक्ति यकीन गर्ने हकमा माथि पहिलो बुँदामा उल्लेख भए बमोजिम गर्ने । | ७९-८० |
| ७ | २०६६/०७/२० | नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को पेज नं. ६७ र ६८ समेत संशोधन भएको हुँदा मिति २०६६ साल मार्ग १ गतेदेखि नेपाल राज्यभर नयाँ ढाँचाको नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने । | १४७ |
| ८ | २०६९/०९/०९ | नागरिकताको प्रतिलिपी जारी गर्दा कार्यालयको अभिलेखसँग फरक नपर्ने गरी जारी गर्नुपर्ने । अभिलेख फरक पारी प्रतिलिपी जारी भएमा अभिलेखभन्दा फरक पारी जारी भएको प्रतिलिपी नागरिकता खिची अभिलेख अनुसार कै विवरण भरी नयाँ प्रतिलिपी जारी गर्ने र ना.प्र.पत्रमा कुनै विवरण छुट भई थप गर्नुपर्ने देखिएमा बुझ्नुपर्ने कुरा बुझी कानूनको रित पुर्याई गर्ने । | १६९ |
| ९ | २०७२/०३/१३ | विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट नागरिकता जारी गर्दा फरक फरक नागरिकता प्रमाणपत्रमा एउटै नागरिकता नम्बर उल्लेख भएबाट MRP (मेसिन रेडेबल राहदानी) बनाउन समस्या भएको सम्बन्धमा नागरिकता नं. दोहोरिएको कारणले राहदानी प्राप्त गर्न नसकेका व्यक्तिको सक्कल नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपी जारी गर्ने र प्रतिलिपी जारी गर्दा सक्कल नागरिकताको नम्बरपछि / (Slash) राखी प्रतिलिपी नं. वा अन्य उपयुक्त संकेत उल्लेख गर्ने । | २१६ |
| १० | २०७२/०३/२४ | नागरिकता प्रमाणपत्र जारी गर्दा कतिपय अवस्थामा नागरिकता नम्बर लेख्न छुट हुन गई नागरिकताधारीले नम्बर कायम गर्न निवेदन गरेको अवस्थामा सक्कल नागरिकता खिची नियमानुसार प्रतिलिपी जारी गर्ने र उपयुक्त नम्बर कायम गरी नागरिकता दिने । | २१८ |
| ११ | २०७५/०४/१६ | कुनै व्यक्तिले British National (Overseas) को हैसियतमा राहदानी प्राप्त गरेको तर बेलायको नागरिकता प्राप्त गरेको नदेखिएकोमा नेपाली | २२८ |

| | | | |
|---|---|---|---|
| | | नागरिकताको प्रतिलिपी प्रदान गर्नेतर्फ प्रचलित कानूनबमोजिम कारवाही हुन । | |
| १२ | २०७८/०८/१४ | साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाईं सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाईं सराईको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रतिलिपी माग गरेमा वा सेवाग्राहीहरूले विभिन्न सेवा लिने क्रममा पेश गर्ने नागरिकताको प्रमाणपत्र रुजु गर्न समेत यस मन्त्रालयको नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) को केन्द्रीय सर्भरमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रको डाटाको प्रयोग गरी सरल एवं छिटो छरितो माध्यमबाट सेवा प्रवाह गर्नुहुन । | २७६ |

## १९. राहदानी/Travel Document लगायत अध्यागमनसँग सम्बन्धितः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०४८ | नेपाल अधिराज्यमा हाल नक्कली तथा जाली नागरिकता प्रमाणपत्र लिई विदेश जाने राहदानी समेत बनाउने अपराधहरू हुने रेको बुझिएकोले यस्तो नक्कली तथा जाली काम नियन्त्रण तथा रोकथाम हुन नसकेमा विदेशमा नेपाली राहदानी प्रतिको विश्वसनीयतामा नै शंका उत्पन्न हुन जाने भई राष्ट्रिय प्रतिष्ठामा समेत धक्का लाग्नजाने र यस्तो अवैध कार्यमा संलग्न व्यक्ति वा गिरोहहरूले प्रश्रय पाउने हुँदा यस्तो गैरकानूनी कार्यहरूको पत्ता लगाई कानूनी कारवाही गर्नको लागि अनुसन्धानको सिलसिलामा विभिन्न सरकारी कार्यालय र परराष्ट्र मन्त्रालयसमेत सँग समन्वय राखि आवश्यक विवरण र तथ्यहरू बुझ्न आवश्यक पर्ने देखिएकोले सो कार्यमा खटिई आउने प्रहरी अधिकृतहरूलाई आवश्यक सहयोग गर्नुहुन । | १९ |
| २ | २०५३/०२/३२ | साधारण राहदानीको लागि आवेदन गर्नेहरूबाट प्रस्तुत हुने नागरिकता प्रमाणपत्रहरू मध्ये केही जिल्लाबाट जारी भएका नागरिकता प्रमाणपत्रहरूमा जिल्ला प्रशासन कार्यालय तथा अधिकारीको छाप अस्पष्ट हुने गरेको र नागरिकता प्रदान गर्ने अधिकारीको नाम तथा जारी मितिसमेत उल्लेख नहुने गरेको पाईएकोले राहदानी जारी गर्ने काममा असुविधा भएको हुँदा कार्यालयको छाप, नागरिकता प्रदान गर्ने अधिकारीको नाम र नागरिकता जारी मिति स्पष्ट हुने गरी मात्र नागरिकताको प्रमाणपत्र जारी गर्नुहुन । | ५२ |
| ३ | २०५५/०८/२५ | कतिपय जिल्ला प्रशासन कार्यालयहरूबाट राहदानी हराएको सम्बन्धमा पत्र प्राप्त भएकोले देहायबमोजिम गर्नुहुनः<br>• प्र.जि.अ.ले प्रत्येक महिना राहदानी कार्ड र नागरिकताको कार्ड स्वयं निरीक्षण गरी ठिक दुरुस्त भए नभएको जानकारी प्रत्येक महिना मन्त्रालयलाई दिने ।<br>• केरमेट भई बिग्रेका कार्डहरू अलग्गै राख्ने व्यवस्था मिलाउन र मन्त्रालयबाट निरीक्षण हुँदा आफ्नो इनिसिएटिभबाट मन्त्रालयको अधिकारीलाई देखाउने र यसको बारे निरीक्षणकर्ताको मन्तव्य निरीक्षण पुस्तिकामा लेख्न यो परिपत्र देखाउने ।<br>• हराएकोमा जानकारी तुरुन्तै मन्त्रालयलाई दिने र कसको लापरवाही, हेलचक्राई वा वदनियतबाट हराएको हो छानवीन गरी नि.से.ऐन बमोजिमको विभागीय कारवाही (कसूरको मात्रा अनुसार नोकरीबाट हटाउने सम्मको सजाय प्रस्ताव गरी) चलाउने र यो प्रकृया यो परिपत्र जारी हुनुभन्दा अगाडीको केशमा पनि अवलम्वन गर्ने ।<br>• उक्त ३ नं. बमोजिम नगर्ने प्र.जि.अ.लाई मन्त्रालयले माथि ३ नं. बमोजिम गर्ने । | ६७ |

| | | | |
|---|---|---|---|
| ४ | २०५६/०५/२४ | नागरिकता तथा राहदानी वितरण गर्ने सम्बन्धमा निम्न बमोजिम गर्नु गराउनुहुनः<br>• नागरिकताको प्रमाणपत्र पाउन आवेदन गर्दा भर्नुपर्ने तोकिएको अनुसूची फाराम र राहदानी प्राप्त गर्न भर्नुपर्ने आवेदन फाराम सम्बन्धित शाखामा दर्ता किताब खडा गरी अनिवार्य रुपमा दर्ता गर्ने व्यवस्था गर्ने ।<br>• राहदानी र नागरिकताको प्रमाणपत्र जारी गर्दा शाखाबाट टिप्पणी पेश गर्न लगाई सम्बन्धित अधिकृतको राय लिई निर्णयकर्ताले निर्णय गर्ने प्रक्रिया अपनाउने ।<br>• महिना बितेको ७ दिनभित्र रद्द भएका नागरिकता प्रमाणपत्र कार्ड र राहदानी पुस्तिका कार्यालय मैँ शिलबन्दी गरी सुरक्षित राख्ने र सोको जानकारी मन्त्रालयलाई दिने । साथै आर्थिक बर्ष समाप्त भएपछि उक्त शिलबन्दी गरिएका ना.प्र.प. कार्डहरु र राहदानी पुस्तिका मन्त्रालयमा पठाउने ।<br>• मन्त्रालयबाट तोकिए बमोजिमको फाराममा नागरिकता र राहदानी वितरणको मासिक प्रतिवेदन महिना वितेको ७ दिनभित्र पठाउँदै रहने ।<br>• नागरिकता र राहदानीको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मन्त्रालयबाट छानवीन गरी कारवाही गर्न प्राप्त पत्रहरु र कार्यालय मैँ परेका उजुरीहरुको छुट्टै लगत राखि कानून बमोजिम यथा समय मैँ कारवाहीको टुंगो लगाउने ।<br>• कानूनमा तोकिएको प्रक्रिया तथा मन्त्रालयबाट समय समयमा भएको निर्देशनको प्रक्रिया नपुर्‍याई नागरिकता तथा राहदानी जारी भएको पाईएमा कडाईका साथ विभागीय कारवाही हुने । | ६८ |
| ५ | २०५८/०४/११ | २०५३ साल चैत्र २२ गते जितेन्द्र नारायण देवको संयोजकत्वमा गठित नागरिकता अनुगमन तथा कार्य मुल्याङ्कन समितिले बनाएको नागरिकता वितरण टोली कार्य निर्देशिका अनुरुप खटिएका टोलीबाट वितरण गरिएको नागरिकता सर्वोच्च अदालतको मिति २०५८ साल साउन ८ गतेको फैसलाबाट रद्द गर्ने गरी फैसला भएको सम्बन्धमा २०५८ साल साउन ९ गतेको गोरखापत्रमा समाचार प्रकाशित भएकोमा पेश हुँदा २०५३ सालमा (त्यस जिल्लामा) खटिएका टोलीबाट वितरित नागरिकता प्रमाणपत्रको आधारमा सनाखत गराउँदा प्रमाणको रुपमा नलिने, त्यस्ता नागरिकता रद्द गरी खिच्ने आदेश प्राप्त हुनासाथ रद्द गरी खिच्न तैयार अवस्थामा रहने, ती नागरिकताबाट आर्जित सम्पत्ति रोक्का गर्न तैयारी गर्ने, सोको आधारमा नयाँ जग्गा खरिद बिक्री गर्न मान्यता नदिने, सोको आधारमा राहदानी जारी नगर्ने, सो नागरिकताको आधारमा जारी भएका राहदानीको लगत खडा गर्ने र त्यसरी टोलीबाट नागरिकता प्रमाणपत्र लिने व्यक्ति नेपालको वंशज नागरिक ठहर्ने देखिएमा सो प्रमाणपत्र रद्द गरी अर्को नागरिकता प्रमाणपत्र प्रदान गर्न तैयारी अवस्थामा रहने । | ७६ |
| ६ | २०६०/०६/१२ | श्री ५ को सरकारले सुशासनलाई उच्च प्राथमिकता दिएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालयहरुले निम्न बमोजिमको कारवाही गर्नु गराउनुः<br>• सम्पर्क विन्दुहरुको संख्या घटाउनेः<br>क) सम्भव भएसम्म फाँट र सम्बन्धित अधिकृतको कोठा अत्यन्त समीपमा राख्ने ।<br>ख) नागरिकता र राहदानीका निवेदनहरुमा तोक फाँट मैँ लगाउने ।<br>ग) अधिकृतहरुले फाँट मैँ आएर रजिष्टरहरुमा सही गर्ने ।<br>• निवेदन परेकै दिन राहदानी वितरण गर्ने, कुनै कारणवश सोही दिन वितरण हुन नसकेका राहदानीहरु भोलिपल्ट वितरण गर्ने ।<br>• राहदानी फाँटमा सम्भव भएसम्म एउटा Fax र STD टेलिफोनको व्यवस्था गर्ने ।<br>• विवाहित महिलाको नागरिकता प्रमाणपत्रको लागि अन्य प्रमाणहरु पुगेको अवस्थामा माइती जिल्ला बुझ्ने प्रचलन बन्द गर्ने ।<br>• कार्यालयमा अनिवार्य रुपमा एउटा सोधपुछ कक्षको व्यवस्था गर्ने, यस कक्षमा बस्ने कर्मचारीले सेवाग्राहीहरुलाई कुन कार्यको लागि कहाँ, कोसँग | १०१-१०२ |

| | | | |
|---|---|---|---|
| | | सम्पर्क गर्ने बारेमा शिष्ट भाषामा जानकारी गराउने ।<br>● नागरिकता एवं राहदानी फाँटमा फाँटसँग सम्बन्धित कामको प्रक्रियाका बारेमा जानकारी दिने सूचना सबैले देख्ने ठाउँमा पढ्न सकिने गरी राख्ने । यसमा के कागजात चाहिन्छ, कति शुल्क लाग्छ, समय कति लाग्छ, कोसँग सम्पर्क राख्ने, सम्पर्कको लागि वैकल्पिक कर्मचारी र सिकायत सुन्ने अधिकृतको नाम आदि कुराहरू समावेश भएको हुनुपर्ने ।<br>● वितरित नागरिकताको प्रमाणपत्र र राहदानी प्राप्तकर्ताहरूको ठेगाना सहितको नामावली वितरण गरेको भोलिपल्ट सार्वजनिक सूचना टाँसको व्यवस्था गर्ने ।<br>● नागरिकता र राहदानीको आवेदन रजिष्टरमा दर्ता गर्ने । सो रजिष्टरमा दर्ता गरेको समय उल्लेख गर्ने, कार्य सम्पन्न भएपछि नागरिकता/राहदानी प्राप्तकर्ताको हस्ताक्षर र समयसमेत उल्लेख गर्ने व्यवस्था गर्ने । उपलब्ध सेवाप्रति सेवाग्राहीको कुनै मन्तव्य भए सो समेत बेग्लै रजिष्टरमा उल्लेख गर्न लगाउने । | |
| ७ | २०६०/०७/२४ | माओवादी आक्रमणका कारण जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु, अर्घाखाँची, जुम्ला र अछामका नागरिकताको अभिलेख नष्ट भएको हुँदा अभिलेख अद्यावधिक गर्ने कार्यको लागि तत्कालिन र दीर्घकालीन गरी अलग अलग व्यवस्था मिलाउने । उक्त जिल्लाहरूका व्यक्तिको नाउँमा राहदानी जारी गर्दा ती व्यक्तिको नागरिकता राम्रोसँग जाँच गर्ने आवश्यकताअनुसार सो नागरिकता जारी गर्ने अधिकारी उल्लेखित नागरिकता जारी हुँदाको अवस्थामा सम्बन्धित जिल्लामा कार्यरत रहे नरहेको विषयमा जानकारी लिने, नागरिकता सम्बन्धमा थप स्पष्ट हुनुपर्ने भएमा स्थानीय निकाय वा श्री ५ को सरकारका बहालवाला राजपत्रांकित अधिकृतको सिफारिसलाई समेत आधार मान्ने र नागरिकता पेश गर्ने व्यक्तिबाट पेश भएको नागरिकताको प्रतिलिपीमा सनाखत गराउने लगायतका आवश्यक अन्य उपायहरूको अवलम्वन गर्ने । | १०९ |
| ८ | २०६२/०२/२० | विभिन्न परिस्थितिबाट नेपालमा रहँदै आएका र नेपाली नागरिकता प्राप्त गर्न नसकेका व्यक्तिहरू विदेश जान/आउन वञ्चित रहेको वर्तमान अवस्थालाई मानवीय संवेदनशीलता र व्यवहारीक रुपमा मनन् गरी देहायबमोजिम गर्नेः<br>१. नेपाली नागरिकताको प्रमाणपत्रको वैधताको प्रश्न अदालतमा विचाराधीन रहेको अवस्थामा सम्बन्धित व्यक्ति काम विशेषले केही समयको लागि नेपाल बाहिर जान चाहेमा त्यस्तो व्यक्तिलाई गृह मन्त्रालयले यात्रा अनुमतिपत्रको लागि परराष्ट्र मन्त्रालयमा सिफारिस गर्ने ।<br>२. अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति (बाबु) का सन्तान जसले नेपाली नागरिकता प्राप्त गरेको छैन तर नेपाल मैँ बसोवास गरिराखेको छ, त्यस्ता त्यक्तिले नेपाल बाहिर आवत-जावत गर्न चाहेमा निजलाई गृह मन्त्रालयले यात्रा अनुमतिपत्रको लागि परराष्ट्र मन्त्रालयमा सिफारिस गर्ने ।<br>३. आमा नेपाली नागरिक र बाबु विदेशी नागरिकबाट नेपालमा जन्म भई नेपाल मैँ रहेका व्यक्तिले राहदानीको अभावमा नेपाल बाहिर जान नसकेको अवस्थामा त्यस्ता व्यक्तिलाई विदेश जाने/आउने प्रयोजनको लागि यात्रा अनुमतिपत्र बनाउन गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयमा सिफारिस गर्ने । | १२१ |
| ९ | २०६६/०८/०७ | नागरिकताको प्रमाणपत्रमा विभिन्न निकायहरूले संकेत नम्बर, मिति आदि लेख्दा नागरिकताको प्रमाणपत्र कुरुप हुने र छिमेकी मुलुकको भ्रमणमा जाँदा Nepali Identity Show हुने उक्त Card को Authenticy मा समेत प्रश्न उठाउने गरेको देखिएकोले राष्ट्रिय परिचयपत्रको रुपमा रहने उक्त प्रमाणपत्रमा उल्लेख गरिएका विवरण बाहेक (राहदानीको नम्बर कम्प्युटर वा नागरिकताको कार्यालय प्रति रजिष्टरमा जनाउने) थप विवरणहरू उक्त नागरिकताको प्रमाणपत्रमा उल्लेख नगर्नु/नगराउनु । | १४९ |

| | | | |
|---|---|---|---|
| १० | २०६९/०३/१४ | कुनै व्यक्तिको बाजे नेपालको अंगीकृत नागरिकता भएका, निजले नेपालको अंगीकृत नागरिकता लिनुपूर्व तिब्बतीयन नागरिक रहेका र निजहरूका बाबुहरूसमेत निश्चित प्रक्रिया पूरा गरी नेपालको नागरिकता प्राप्त गर्ने हैसियत भएका तर नागरिकता लि नसकेका हुँदा निजहरूलाई हाल विदेश जाने प्रयोजनार्थ Travel Document आवश्यक भएकोले निजहरूले नेपाली नागरिकताको प्रमाणपत्र लिई नसकेको अवस्था हुँदा निजहरूको राष्ट्रियताको Status तिब्बतीयन नै जनाई Travel Document जारी हुन । | १६३ |
| ११ | २०७०/०३/०२ | हाम्रो मुलुकको सन्दर्भमा नागरिकताको प्रमाणपत्र मुख्य कागजात (Prime Document) हो र यसैको आधारमा राहदानी लगायतका अन्य कागजातहरू बन्ने र बनाउने गरिन्छ । तसर्थ नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरणमा फरक पर्ने गरी राहदानी जारी गर्न मिल्ने नदेखिँदा नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख गरेको विवरण अनुसार र नाबालकको हकमा नाबालक परिचयपत्रमा उल्लेखित विवरण अनुसार राहदानी जारी गर्नुपर्ने । | १८७ |
| १२ | २०७०/१०/०६ | विदेशमा जन्मिएका बच्चा नेपालमा ल्याउने सन्दर्भमा एउटा अबोध नाबालक/नाबालिकालाई एक्लै विदेशी मुलुकमा छाड्नु पनि उपयुक्त नहुने र निजको बाबुआमाको विषयमा टुङ्गोमा पुग्नुपर्ने । यस अवस्थामा सो बच्चाको बाबुआमा निज कृष्ण दर्जी र कविता परियार नै हुन् भन्ने विषयमा अन्य कुनै सबुद प्रमाणबाट यकीन गरी प्रमाणित भएमा निजको नाउँमा Travel Document जारी गर्न बाधा नपर्ने र बाबु आमा यकीन भैसकेको सन्दर्भमा बाबुले छाडेको भए पनि आमाको साथमा बच्चा रहन सक्ने भएको हुँदा बाबुको राष्ट्रियतामा विदेशी जनाई Travel Document जारी गर्न सकिने । | १९८ |
| १३ | २०७१/०१/२१ | नागरिकता प्रमाणपत्र र राहदानीमा जन्म मिति फरक परेको सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ को उपदफा १ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम १४ बमोजिम हुनुका साथै नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद ८ मा भएको विवरण सच्याउनेसम्बन्धी व्यवस्था अनुसारको प्रक्रिया पुरा गरी नागरिकतामा जन्म मिति कायम गर्न सकिने । | २०९ |
| १४ | २०७२/०३/१३ | नागरिकता नं. दोहोरिएको कारणले राहदानी प्राप्त गर्न नसकेका व्यक्तिको सक्कल नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपी जारी गर्ने र प्रतिलिपी जारी गर्दा सक्कल नागरिकताको नम्बरपछि / (slash) राखी प्रतिलिपी नं. वा अन्य उपयुक्त संकेत उल्लेख गर्ने । | २१६ |
| १५ | २०७६/०८/२२ | नेपाली नागरिकताको प्रमाणपत्र जुन नामथरबाट जारी भएको हो, सोही नामथर राखी नेपालको राहदानी बन्ने । | २६२ |

## २०. अन्य/विविधः

| क्र.सं. | मिति | व्यहोरा | पेज नं. |
|---|---|---|---|
| १ | २०५०/०८/२२ | • पितृत्वको ठेगान नभएको र नेपालमा फेला परेको बालकको पितृत्वको ठेगान नभएसम्म वंशजका नाताले नेपाली नागरिक हुने कुरा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९(२) मा उल्लेख भएकोले विस्तृत छानवीन गरी उक्त कुरा ठहरिन आएमा सोही अनुसार गर्ने ।<br>• विदेशमा जन्मेका नेपाली नागरिकका सन्तानले विदेशमा जन्मिएको आधारभूत प्रमाण पेश गरी जन्मस्थानको महलमा विदेशको ठेगाना राख्न | २६-३० |

| | | | |
|---|---|---|---|
| | | कानूनबमोजिम निवेदन दिएमा राखी नागरिकताको प्रमाणपत्र दिने ।<br>• श्री ५ को सरकारको कार्यालय तथा संस्थानहरूमा कार्यरत कर्मचारी र तिनका परिवारलाई कार्यरत रहेको जिल्लाबाट पनि नागरिकताको प्रमाणपत्र दिन सक्ने ।<br>• प्रचलित कूनको अधीनमा रही बेजिल्लाबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिको अभिलेख स्थायी ठेगाना भएका जिल्ला प्रशासन कार्यालय र सम्बन्धित गा.वि.स./नगरपालिकामा पठाउने । सम्बन्धित गा.वि.स. वा नगरपालिकाले नागरिकता प्रमाणपत्रमा उल्लिखित विवरणहरूको यथार्थताबारे अविलम्ब जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिने ।<br>• परेका निवेदनहरु छानवीन गरी प्रमाणपत्र दिन उपयुक्त देखिएका आवेदकहरूलाई तीन दिनभित्र नागरिकताको प्रमाणपत्र दिने ।<br>• छानवीनबाट थप प्रमाण आवश्यक पर्ने देखिएका आवेदकहरु जसलाई प्रमाण अभावमा नागरिकताको प्रमाणपत्र प्रदान गर्न सकिन्न त्यस्ता व्यक्तिहरूलाई के के कागजात नपुग भयो, थप के के प्रमाण पेश गर्नुपर्ने हो, सो सम्बन्धमा भोलिपल्ट सम्ममा स्पष्ट रुपले जानकारी गराउने ।<br>• नागरिकताको प्रमाणपत्र पाउनुपर्ने सबैले प्रमानपत्र पाए नपाएको अनुगमन प्रमुख जिल्ला अधिकारीले नियमित रुपमा गर्ने । साथै, नागरिकता लिने क्रममा कसैलाई कुनै अप्ठेरो परेको वा अन्य शिकायत भएमा त्यस्तो शिकायतबारे समयमैँ जानकारी हासिल गर्ने किसिमको उपयुक्त व्यवस्था मिलाउने । | |
| २ | २०५२/०४/२१ | • नागरिकता नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा वंशजको आधारमा नागरिकता पाउने रितपूर्वकको आवेदन प्राप्त भएपछि शंका गर्ने मनासिव माफिकको कारण भएको अवस्थामा बाहेक साधारणतया सिफारिसको आधारमा नागरिकता प्रमाणपत्र दिने नीति लिने ।<br>• नागरिकताको लागि प्राप्त आवेदन उपर मनासिव माफिकको शंका लागेमा, छानवीन गरी ठहर गर्नुपर्ने अवस्था देखिएमा प्र.जि.अ.ले बढीमा ६० दिनभित्र छानवीन गरी आवेदक नेपाली नागरिक हो, होइन भन्ने ठहर गर्नुपर्ने ।<br>• प्रक्रियागत त्रुटीका कारणले यदाकदा वंशजको व्यक्तिले जन्मसिद्धको र जन्मसिद्धको नागरिकता लिनुपर्ने व्यक्तिले वंशजको नाताले नागरिकता लिएको पाईएको अवस्थामा सो सम्बन्धमा छानवीन गरी वंशज वा जन्मसिद्ध के को आधारमा नागरिकता पाउनुपर्ने हो, सो ठहर गरी पहिले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र खिची सो अनुरुपको नागरिकताको प्रमाणपत्र जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने ।<br>• नागरिकता प्रमाणपत्रको लागि सिफारिस गरिएका व्यक्तिहरूको लगत गा.वि.स./न.पा.मा अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नको लागि जिल्ला विकास समितिमार्फत् आवश्यक व्यवस्था गर्ने ।<br>• नागरिकता प्रमाणपत्रमा दस्तखत गर्ने अधिकारीको नमूना दस्तखत (Specimen Signature) ३ (तीन) प्रति नियमित रुपमा मन्त्रालयमा पठाउने। | ३६-३८ |
| ३ | २०५२/०७/०२ | श्री ५ को सरकार र सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीका परिवारलाई झैँ शिक्षकको परिवारलाई पनि शिक्षक कार्यरत जिल्ला (बेजिल्ला) बाटै नागरिकता प्रमाणपत्र दिन मिल्ने/नमिल्ने सम्बन्धमा श्री ५ को सरकारको बजेटबाट तलव भत्ता खाने र वंशज/जन्मसिद्ध नागरिकता (बाबुको) प्राप्त गरेका स्थायी शिक्षकका परिवारलाई समेत कर्मचारीका परिवारलाई नागरिकता प्रमाणपत्र दिँदा अवलम्वन गर्नुपर्ने प्रक्रिया अपनाई नागरिकको प्रमाणपत्र दिन सकिने ।<br>साथै उपर्युक्त बमोजिम बेजिल्लाका शिक्षकका परिवारलाई नागरिकता दिँदा सम्बन्धित गा.वि.स. तथा जिल्ला प्रशासन कार्यालयलाई समेत अनिवार्य रुपमा जानकारी दिने व्यवस्था हुन । | ४२ |

| | | | |
|---|---|---|---|
| ४ | २०५८/०१/१० | वर्तमान संविधान र नागरिकतासम्बन्धी अन्य प्रचलित कानूनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनुपर्ने कुरा विदितै छ । यसरी नागरिकता प्रमाणपत्र उपलब्ध गराउँदा वास्तविक नेपाली नागरिकलाई मात्र सरल र सुलभ ढंगबाट प्रदान गर्न उच्चस्तरको सतर्कता र जागरुकता राख्नुहुन । | ६९ |
| ५ | २०६०/०६/१२ | श्री ५ को सरकारले सुशासनलाई उच्च प्राथमिकता दिएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालयहरूले निम्न बमोजिमको कारवाही गर्नु गराउनुः<br>• सम्पर्क विन्दुहरूको संख्या घटाउनेः<br>क) सम्भव भएसम्म फाँट र सम्बन्धित अधिकृतको कोठा अत्यन्त समीपमा राख्ने ।<br>ख) नागरिकता र राहदानीका निवेदनहरूमा तोक फाँट मैँ लगाउने ।<br>ग) अधिकृतहरूले फाँट मैँ आएर रजिष्टरहरूमा सही गर्ने ।<br>• निवेदन परेकै दिन राहदानी वितरण गर्ने, कुनै कारणवश सोही दिन वितरण हुन नसकेका राहदानीहरू भोलिपल्ट वितरण गर्ने ।<br>• राहदानी फाँटमा सम्भव भएसम्म एउटा Fax र STD टेलिफोनको व्यवस्था गर्ने ।<br>• विवाहित महिलाको नागरिकता प्रमाणपत्रको लागि अन्य प्रमाणहरू पुगेको अवस्थामा माइती जिल्ला बुझ्ने प्रचलन बन्द गर्ने ।<br>• कार्यालयमा अनिवार्य रुपमा एउटा सोधपुछ कक्षको व्यवस्था गर्ने, यस कक्षमा बस्ने कर्मचारीले सेवाग्राहीहरूलाई कुन कार्यको लागि कहाँ, कोसँग सम्पर्क गर्ने बारेमा शिष्ट भाषामा जानकारी गराउने ।<br>• नागरिकता एवं राहदानी फाँटमा फाँटसँग सम्बन्धित कामको प्रक्रियाका बारेमा जानकारी दिने सूचना सबैले देख्ने ठाउँमा पढ्न सकिने गरी राख्ने । यसमा के कागजात चाहिन्छ, कति शुल्क लाग्छ, समय कति लाग्छ, कोसँग सम्पर्क राख्ने, सम्पर्कको लागि वैकल्पिक कर्मचारी र सिकायत सुन्ने अधिकृतको नाम आदि कुराहरू समावेश भएको हुनुपर्ने ।<br>• वितरित नागरिकताको प्रमाणपत्र र राहदानी प्राप्तकर्ताहरूको ठेगाना सहितको नामावली वितरण गरेको भोलिपल्ट सार्वजनिक सूचना टाँसको व्यवस्था गर्ने ।<br>• नागरिकता र राहदानीको आवेदन रजिष्टरमा दर्ता गर्ने । सो रजिष्टरमा दर्ता गरेको समय उल्लेख गर्ने, कार्य सम्पन्न भएपछि नागरिकता/राहदानी प्राप्तकर्ताको हस्ताक्षर र समयसमेत उल्लेख गर्ने व्यवस्था गर्ने । उपलब्ध सेवाप्रति सेवाग्राहीको कुनै मन्तव्य भए सो समेत बेग्लै रजिष्टरमा उल्लेख गर्न लगाउने । | १०२ |
| ६ | २०६९/०५/०१ | प्रचलित कानून बमोजिम नागरिकता प्रमाणपत्र दिने अधिकार प्र.जि.अ.लाई छँदैछ । कानूनबमोजिम नागरिकता दिन मिल्ने भए दिने र कानूनबमोजिम ना.प्र. दिन नमिल्ने भएमा कारण खुलाई यो यो कारणले दिन मिल्दैन भनी सम्बन्धितलाई जानकारी गराईदिने । | १६४ |
| ७ | २०६९/०५/१८ | नेपाल नागरिकता नियमावलीमा उल्लिखित वंशजको नाताले नेपाली नागरिकता प्राप्तिको लागि १६ बर्ष उमेर पुरा भएको हुनुपर्ने प्रावधानको सम्बन्धमा जानकारी भएको हुनुपर्दछ । नेपालबाट वैदेशिक रोजगारीको प्रयोजनको लागि विदेशमा गएका महिलाहरूको वास्तविक उमेर १२-१४ बर्ष भए तापनि नागरिकतामा १८-२० बर्ष जनाई केही जिल्लाहरूबाट नागरिकता दिने लिने गरिएको भन्ने जानकारी प्राप्त हुन आएकोले यस किसिमको अनियमितता हुन नदिनेतर्फ गम्भिर रुपमा सचेतना अपनाउनुहुन । | १६५ |

| | | | |
|---|---|---|---|
| ८ | २०७०/०४/०३ | सरल र सहज किसिमबाट नेपाली नागरिकहरुले आ-आफ्नै घरदैलोमा सरकारी सेवा प्राप्त गरुन भनेर एकिकृत घुम्ती सेवा तथा नागरिकता वितरण अभियान नेपालभर सञ्चालन भएको । सो अभियानबाट एकल महिला, जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिलगायत विभिन्न सिमान्तकृत जनताहरु लाभान्वित भएका । नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली,२०६३ तथा सम्मानित सर्वोच्च अदालतबाट समय समयमा भएका आदेशहरुको कार्यान्वयनका लागि यस मन्त्रालयबाट मातहतका कार्यालयहरुलाई विभिन्न निर्देशनहरु जारी भएका । विवाहित महिलाले आफ्नो बाबुको नामबाट नागरिकता लिन सक्ने,बाबु वा आमाको ठेगानामध्ये कुनै एक ठाउँबाट नागरिकता लिन सक्ने, नियमानुसार आमाको नामबाट नागरिकता जारी गर्न सकिने, मातृत्व पितृत्व ठेगान नलागेका सन्तानलाई नागरिकता जारी गर्ने, दलित जातिका नागरिकलाई अन्य नागरिकसरह थर राखी नागरिकता जारी गर्ने, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई लिङ्गको महलमा "अन्य" जनाई नागरिकता जारी गर्ने लगायतका विषयमा सम्मानित सर्वोच्च अदालतका आदेशहरु कार्यान्वयन भइरहेको । यसै सन्दर्भमा कुनै पनि एकल महिलाले आफ्नो इच्छाअनुसार नेपाली नागरिकताको प्रमाणपत्र नपाएको भन्ने सम्बन्धमा कहीं कतैबाट गुनासो प्राप्त भएको नदेखिएको तथा हालै सम्पन्न भएको एकिकृत घुम्ती सेवा तथा नागरिकता वितरण अभियानबाट योग्य नेपाली नागरिकलाई सरल र सहज किसिमबाट नेपाली नागरिकता प्रदान गरी फोटो सहितको मतदाता नामावली सङ्कलन गर्ने कार्य भएको हुनाले सम्मानित सर्वोच्च अदालतको आदेशको कार्यालयन्वयन भईरहेको । | १८९ |
| ९ | २०७०/११/१३ | ७५ वटै जिल्ला प्रशासन कार्यालयहरुमा मतदाता दर्तास्थल सञ्चालन गर्न आवश्यक देखिएकोले यही मिति २०७० फाल्गुन १५ गतेदेखि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयको तर्फबाट त्यस्तो दर्तास्थल सञ्चालन गर्न खटिने १ जना कर्मचारीलाई जिल्ला प्रशासन कार्यालयको नागरिकताको प्रमाणपत्र वितरण हुने विन्दुमा बसी कार्य गर्नको लागि आवश्यक पर्ने स्थान/कक्षको उपलब्धताको लागि सबै जिल्ला प्रशासन कार्यालयहरुलाई आवश्यक निर्देशन दिने व्यवस्था हुन भनी निर्वाचन आयोगबाट लेखिआएको हुँदा सोहीबमोजिम गर्नु गराउनुहुन । | २०१ |
| १० | २०७०/११/२५ | विदेशमा बसोबास गर्दै आएका नेपाली नागरिक र निजको अविवाहित विदेशी महिला साथीबाट जन्मेको नाबालकले नेपाली नागरिकता प्राप्त गर्ने सम्बन्धमा नेपालको नागरिकता प्राप्ति सम्बन्धी प्रचलित कानूनमा व्यवस्था नभएको । | २०३ |
| ११ | २०७५/०४/२४ | जिल्ला प्रशासन कार्यालयमा कुनै समस्या परेको खण्डमा कतिपय जिल्ला प्रशासन कार्यालयबाट प्रमुख जिल्ला अधिकारीलाई जानकारी नै नभई सिधै यस मन्त्रालयमा पत्राचार गरेको पाइयो । तसर्थ अब उप्रान्त मन्त्रालयमा कुनै विषयमा राय/आदेश/निर्देशन माग गर्दा प्रमुख जिल्ला अधिकारीको राय निर्णयसहित वा दस्तखतको पत्र पठाउनुहुन । | २३० |
| १२ | २०७५/०५/२१ | मिति २०७५/०५/०१ देखि लागू भएको मुलुकी संहितामा २० बर्ष नपुगी कसैले पनि विवाह गर्नु नहुने र गरेमा स्वतः बदर हुने साथै बहुविवाहसमेत स्वतः बदर हुनेजस्ता ऐनको व्यवस्थाको सन्दर्भमा नेपाली नागरिकता जारी गर्दा २० बर्ष नपुगी पति वा पत्नीको नाम कायम गर्न आएमा वा बहुविवाह गरी पति वा पत्नीको नाम कायम गर्न आएमा नयाँ वा प्रतिलिपी नागरिकता जारी गर्न दुविधा परेको सम्बन्धमा देहायबमोजिम गर्नुहुनः<br>● मिति २०७५/०५/०१ भन्दा अगाडी भएका विवाहको हकमा तत्काल प्रचलित कानूनबमोजिम यसअघि जे जसरी नागरिकता वा प्रतिलिपी जारी गर्ने गरिन्थ्यो, सोहीअनुसार गर्ने ।<br>● मिति २०७५/०५/०१ देखिपछि भएका विवाहको हकमा हाल प्रचलित कानूनबमोजिम गर्ने । | २३१ |

| | | | |
|---|---|---|---|
| १३ | २०७५/१०/२३ | जन्मको आधारमा नागरिकता प्राप्त गरेकाका सन्तान (नताशा तोदी) लाई नेपालको संविधानको धारा ११ को उपधारा ३ ले नेपाली नागरिकता प्राप्त गर्न योग्य देखाए तापनि नेपाल नागरिकता ऐन, २०६३ मा संविधान बमोजिम संशोधन भई नसकेकोले (संशोधन विधेयक हाल संघीय संसदमा विचाराधीन रहेको) अवस्था रहेकोले त्यस्ता जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न नसकिएकोले निजको बाबु आमाको नागरिकता एवं निजले यसअघि प्राप्त गरेको नाबालक परिचयपत्र र राहदानीको छायाँप्रति समेत संलग्न गरी निवेदन दिनुभएको हुँदा निज नताशा तोदीको नियमानुसार राहदानी बनाईदिनेतर्फ आवश्यक कार्यार्थ । | २३८ |
| १४ | २०७५/११/१९ | १. दलितले शुरुमा नागरिकता बनाउन आउँदा आमा-बाबुको थर जेसुकै भएपनि निजको शैक्षिक प्रमाणपत्र अनुसारको र सो नभए जन्मदर्तामा राखिएको थर राखी नागरिकता प्रमाणपत्र जारी गर्न सकिने ।<br>२. दलित व्यक्तिले आफ्नो नागरिकतामा उल्लेख भएको थर आफूलाई हिनताबोध भएको भनी सच्याउन आएमा दमाई, कामी, सार्कीजस्ता थर भएमा एक पटकलाई मन्त्रालयको परिपत्रअनुसार सच्याई दिने ।<br>३. बाबुको पहिचान नभएको (बाबु विदेशी हो भनी खुलेको अवस्थामा बाहेक) व्यक्तिलाई प्रचलित कानूनबमोजिम आमाको नागरिकताको आधारमा बाबुको महलमा XXX उल्लेख गरी नागरिकता दिन सकिन्छ, दिनुपर्छ ।<br>४. जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई निजको बाबु र आमा दुवैको नागरिकता प्रमाणपत्र रहेछ र अदालतबाटसमेत आदेश भएको छ भने वंशजको नागरिकता दिँदा पु-याउनु पर्ने प्रक्रिया पुरा गरी नागरिकता दिने ।<br>५. विदेशी व्यक्तिले झुठा विवरण पेश गरी नेपाली नागरिकता प्राप्त गरे भन्ने विषयको उजुरी उपर पुरा अनुसन्धान नै नगरी पर्याप्त प्रमाण र आधार बेगर नेपाल नागरिकताबाट हटाउन कतिपय जिल्लाबाट सिफारिस भै आएको देखिन्छ । अबदेखि निम्न कुरालाई मध्यनजर गरेर मात्र निर्णय सिफारिस गर्नेः<br>- निजको नेपालभित्र घरबास कतै नभएको पाइएमा ।<br>- नागरिकता दिँदा प्राप्त अनुसूची हेरी सो अनुसूची र कागजातअनुसार सिफारिश गर्ने, सनाखत गर्ने र (सर्जमिन भए सोमा बस्ने व्यक्तिबाट समेत बयान लिई निजहरुले व्यक्त गरेको व्यहोरा विदेशी देखिएमा<br>- विदेशमा स्थायी बसोबास भएको वा विदेशी नागरिक भएको प्रमाण फेला परेमा र सोको आधिकारिकता प्रमाणित भै आएमा ।<br>- सम्बन्धितको समेत बयान लिई नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ अनुसार प्रक्रिया पुरा गरी पठाउने । कसैले पोलेको, उजुरी गरेको र निज व्यक्ति विदेशको फलाना व्यक्ति नै हो भनी भनेकै आधारमा सिफारिस नगर्ने ।<br>६. अंगीकृत नागरिकताको लागि सिफारिश गर्दा ऐन र नियमले तोकेको सबै शर्त पुरा भएमा सोको प्रमाण राखेर मात्र सिफारिश गर्ने । खासगरी अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग्न कारवाही चलाएको निस्साका सम्बन्धमा सम्बन्धित देशको सरकारको वा दूतावासको पत्र संलग्न गर्ने ।<br>७. नागरिकताको किसिम, आर्थिक वर्ष, संख्या समेटेर नागरिकताको विवरण तयार गर्ने र अभिलेख दैनिक अध्यावधिक गर्ने ।<br>८. CIMS मा दिएको Read only access को उपयोग गरी सेवा प्रवाह सहज तुल्याउने ।<br>९. नागरिकता नियमावली र कार्यविधिमा कुनै संशोधन/परिमार्जन गर्नुपर्ने देखिएको भए सोको लागि सुझाव प्रस्तुत गर्ने ।<br>(सुरक्षा गोष्ठीमा प्र.जि.अ.हरुलाई दिइने निर्देशनका विषयहरु कन्ट्रोलमा पठाईएको) | २४० |
| १५ | २०७६/०१/०१ | जिल्ला प्रशासन कार्यालयबाट मन्त्रालयमा निर्देशन माग गर्ने सम्बन्धमा एकरुपता नहुने र सामान्य विषयमा समेत विद्यमान ऐन, नियम, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट समय समयमा भएका निर्देशन/परिपत्र अध्ययन नगरी पत्राचार गर्ने गरेको पाइएकोले मन्त्रालयमा निर्देशन माग गर्ने | २६३ |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनुहुनः<br>१) केही जिल्ला प्रशासन कार्यालयहरुले मन्त्रालयमा राय उपलब्ध गराइ पाउन भनी पत्राचार गर्ने गरेको पाइएकोले मन्त्रालयसँग राय माग नभई निर्देशन माग गर्नुहुन ।<br>२) कुनै पनि विषयमा निर्देशन माग गर्नुभन्दा अगाडि त्यस विषयसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट समय समयमा भएका निर्देशन/परिपत्रहरु अध्ययन गरी अस्पष्टता/द्विविधा उत्पन्न भएमा मात्र निर्देशन माग गर्नुहुन ।<br>३) निर्देशन माग गर्ने विषयवस्तुको संक्षिप्त व्यहोरा, निर्देशन माग गरिएको मुख्य विषय र त्यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट भएको पहल/अध्ययन/छानवीन र रायसहित निर्देशन माग गर्नुहुन ।<br>४) निर्देशन माग गर्दा र मन्त्रालयमा पत्राचार गर्दा उपलब्ध भएसम्म प्रमुख जिल्ला अधिकारीबाट नै हस्ताक्षर गरी पठाउने व्यवस्था मिलाउनुहुन । साथै हस्ताक्षर गर्ने अधिकृतको नामथर र पद अनिवार्य रुपमा उल्लेख गर्नुहुन ।<br>५) प्रमुख जिल्ला अधिकारीले सामान्य किसिमका समस्याको पनि समाधानको पहल नगरी मन्त्रालयमा पत्राचार गर्ने गरेको पाइएकोले नागरिक सेवाग्राहीलाई मर्का पर्ने गरेको गुनासो आउन थालेकोले बढी जिम्मेवार र उत्तरदायी भई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुहुन । | |
| १६ | २०७८/०९/१९ | मन्त्रालयमा निर्देशन माग गर्दा मन्त्रालयबाट स्वीकृत ढाँचामा, स्वीकृत निर्देशिका बमोजिमको प्रक्रिया पुरा गरी माग गर्नुहुन । | २७७ |

9

श्री ५ को सरकार

गृह मन्त्रालय

( नागरिकता तथा हातहतियार शाखा )

प.सं. ०३८/३९ च.नं. ७२५ मिति ०३८।५।१४

विषय:- उमेर, नाम, थर र जात सच्याउने ।

श्री जिल्ला कार्यालय,

................. ।

---

उपरोक्त सम्वन्धमा आवश्यक निर्देशनको लागि जिल्ला कार्यालय रूपन्देहीको च.नं २५६१ मिति २०३८।१०।२०, जिल्ला कार्यालय सुर्खेतको च.नं ६६२ मिति २०३८।११।३ जिल्ला कार्यालय दाङको च.नं ४९८ मिति २०३८।११।४ र जिल्ला कार्यालय दार्चुलाको च.नं १२३६ मिति ०३८।११।२७ को पत्रहरूको व्यहोरा पेश भएकोमा ।

उमेर नाम थर र जात सच्याउने नियमहरू अन्तरगत शैक्षिक योग्यताको प्रमाण पत्रको आधारमा सच्याउने व्यवस्था छ। नागरिकता ऐन अन्तरगत प्रदान गरिएको नागरिकता प्रमाणमा सच्याउने व्यवस्था भएको नदेखिंदा पनि बाबु, दाज्यूको नाम थर वतन इत्यादि र अन्य समर्थक (प्रमाणित) कागज पत्रहरूको आधारमा स्थानीय अवस्था, नागरिकता टोली गाउँमा गएको वखतको जनताको पुइचो, जनताको निरक्षरता जस्ता कारणहरूलाई ध्यानमा राखी संशोधन गरि दिन प्र.जि.अ.को स्व विवेकमा निर्भर रहन सक्ने देखिन्छ। सोही व्यहोराको परिपत्र हुनु पर्ने भनि २०३९।४।१२ मा निर्णय भएकोले सो निर्णय अनुसार गर्नुहुन अनुरोध छ ।

(केदार नाथ खत्री)

शाखा अधिकृत

०३८।५।१४

बोधार्थ:-

---

श्री..............अन्चलाधीश कार्यालय,

................................ ।

श्री ५ को सरकार
गृह मन्त्रालय
( नागरिकता तथा हात हतियार शाखा ). सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ८-०४२/४३-च ने.१४३
प्राप्त पत्र संख्या र मिति :-
मिति :- ०४२।५।२८

विषय :-

गोप्य

जिल्ला कार्यालय,
पचहत्तर ।

---

वंशजको नाताले नेपालको नागरिकता प्राप्त गर्नको लागी पेश गर्ने निवेदनमा राजपत्रांकित पदमा अस्थायी नियुक्ति भएका अधिकृत, विकास समिति ऐन अन्तरगत नियुक्ति भएका अधिकृत, श्री ५ को सरकारको काम मु० रा.प. तृतीय श्रेणीका अधिकृत र कहिले काँही जि.प. को सभापतिको अनुपस्थितिमा जि.प. उपसभापतिले का.वा. सभापति जनाई सिफारिस गरेको अवस्थामा उक्त सिफारिसलाई मान्यता दिने मिल्ने नमिल्ने कुरा जानकारी पाउन जिल्ला कार्यालय दोलखा वाट अनुरोध गरीपठाएको च.नं. १३४ मिति०४२।४।२३ को पत्र कारवाहीको लागि पेश भएकोमा निम्न वमोजिम गर्न निर्देशन पठाउने मिति ०४२।५।२६ मा निर्णय भएकोले अनुरोध गरिन्छ ।

कसैले झुठो विवरण तथा वयान दिई नागरिकता प्राप्त गरेकोमा उजूर वाजूर पऱ्यो भने आवश्यक कारवाहीको लागी छानवीन गर्नु पर्ने हुन आउछ तसर्थ रा.प. पदमा अस्थायी नियुक्ति भएका अधिकृतहरु स्थायी पद पूर्ति भएपछि वा अस्थाई म्याद समाप्त भएपछि स्वत: खारेज हुने हुंदा छानवीन कार्यमा वाधा अड्चन आउने सम्भावनालाई दृष्टिगत गरी नागरिकता जस्तो सम्वेदन शिल विषयमा रा.प. पदमा अस्थाई नियुक्ति भएका अधिकृत हरुले नागरिकता प्रमाण पत्र दिने प्रयोजनका लागि सिफारिस गर्न नमिल्ने ।

विकास समिति ऐन अन्तरगत नियुक्ति भएका अधिकृत को हकमा विकास समिति ऐन, २०१३ को दफा ४ ले समितिलाई संस्था (कर्पोरेट वडी) मानेकोले विकास समिति ऐन अन्तरगत नियुक्ति भएका अधिकृतहरुलाई श्री ५ को सरकारको राजपत्रांकित अधिकृत मान्न नमिल्ने ।

का.मु. रा.प. तृतीय श्रेणीका अधिकृतहरुको हकमा का.मु. समाप्त भएपछि आफ्नै पदमावहाल नै रहने हुंदा सिफारिस गर्न मिल्ने ।

जि.प. सभापतिको अनुपस्थितिमा जि.प. उपसभापतिलाई का.वा. सभापति भै कार्य संचालन गर्न जि.प. सभापतिले कानून वमोजिम अधिकार प्रदान गरेको छ भने नागरिकता को लागि गरेको सिफारिसलाई मान्यता दिन सकिने तर निमित्त सभापतिको हैसियतले सिफारिस गर्न नमिल्ने ।

वोधार्थ

श्री ५ को सरकार

गृह मन्त्रालय

(नागरिकता अध्यागमन तथा आप्रवाशन शाखा)

पत्र :- ०४५।०४६

च.नं.:- १८४

सिंहदरवार, काठमाडौं

मिति:-२०४५।५।१६

विषय:- नयां नागरिकता दिने सम्बन्धमा ।

श्री............. अन्चलाधीश कार्यालय

................. ।

श्री..७५ प्रत्येक.. जिल्ला कार्यालय हरु

................. ।

महाकाली अन्चलाधीश कार्यालयवाट ०२४।११।१३ मा मोहन माया शर्माले प्राप्त गरेको नागरिकता प्रमाण पत्रमा नागरिकता नं. उल्लेख नभएको सो नागरिकता फाटी फुत्री भएकोले प्रतिलिपि पाउं भनि यस कार्यालयमा निवेदन गरेकी छन् । यस कार्यालयमा सो को रेकर्ड नरहेकोले नक्कल दिन नमिल्ने देखिन्छ भने नागरिकता टोलीका रजिष्टरमा पनि निजको नाम नरहेकोले यस्तोमा नक्कल माग भई आएमा के गर्ने भनि जिल्ला कार्यालय कन्चनपुरको च.नं ३२३८ मिति ०४५।३।२० को पत्रवाट निर्देशन माग गरि आएको पत्र निर्णयार्थ पेश गर्दा निम्न बमोजिम गर्न सबै अन्चलाधीश कार्यालय र जिल्ला कार्यालयहरुलाई परिपत्र गर्ने मिति ०४५।५।१७ मा निर्णय भएको हुंदा सो बमोजिम गर्न गराउन हुन अनुरोध गरिन्छ ।

पहिले मजिष्ट्रेट, बडाहाकिम, अन्चलाधीश कार्यालयहरुवाट दिने गरिएको नागरिकता प्रमाण पत्रमा ना.प्र.नं उल्लेख नभएको, पुरानो भई फाटी फुटी भएको कारण नक्कल माग्न आउने व्यक्तिहरुलाई नागरिकता प्रमाण पत्र दिन पुरानो रेकर्ड फेला पर्न नसकेको र नागरिकता वितरण टोलीमा त्यसरी प्राप्त गरेको नागरिकता दरपिठ समेत नगराएको अवस्थामा सो पुरानो नागरिकता खिचि नक्कलको रुपमा नदि नयां लिए सरह रेकर्ड राखी नागरिकता प्रमाण पत्र दिने ।

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

( ना. आ. तथा अ शाखा )

पत्र संख्या :- ०४५।४६ च.नं ५५७

प्राप्त पत्र संख्या र मिति :-

सिंहदरवार

मिति:-२०४५।११।६

विषय:- नागरिकता प्रमाण पत्र दिने सम्बन्धमा ।

श्री जिल्ला कार्यालयहरु

सबै ।

विगतमा सरिटको नागरिकता टोलीले खडा गरेको लगतमा नाम समावेश भएका व्यक्तिहरुको सम्बन्धमा छानविन गरि निर्णय गर्न गठित छानविन समितिको अध्यक्ष प्र.जि.अ.स्वयं नै उपस्थित भई समितिको बैठकबाट नागरिकता दिने भनि सीफारिस भएका व्यक्तिहरुलाई निजहरुले पाउने नागरिकता प्रमाण पत्रमा दस्तखत गर्ने अधिकार प्र.जि.अ.ले आफ्नै कार्यालयका वरिष्ट प्रशासकिय अधिकृत भए निजलाई र सो नभए प्रशासकिय अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने भनि यस मन्त्रालयको च.नं ३०६ मिति ०४५।८।१५ को परिपत्र भई सकेकै हुंदा सो प्राप्त भएकै हुनु पर्छ । तर नागरिकता छानविन समितिको बैठक अध्यक्ष (प्र.जि.अ) वाहेक अरु दुई जना सदस्यको उपस्थितिमा पनि वस्न सक्ने र प्र.जि.अ.का अनुपस्थितिमा वसेको बैठकले शिफारिस गरेका व्यक्तिहरुलाई निजहरुले पाउने नागरिकता प्रमाण पत्रमा वरिष्ठ प्रशासकिय अधिकृत वा प्रशासकिय अधिकृतले दस्तखत गर्दा नागरिकता दिने सम्बन्धी महत्वपूर्ण कार्यमा प्र.जि.अ.को असलग्नता हुन सक्ने संभावना भएको र त्यस्तो असलग्नताले नागरिकता सम्बन्धी ऐन तथा नियमको मनसाय पुरा नहुने संभावना देखिएको साथै प्रशासकिय दृष्टिकोणले प्र.जि.अ.लाई नागरिकता सम्बन्धी कार्यमा संलग्न गराउनु उपयुक्त हुने हुंदा प्र.जि.अ.को अनुपस्थितिमा समितिका कम्तिमा अरु दुईजना सदस्य वसेको छानविन समितिको बैठकले नागरिकता दिने भनि सिफारिस गरेका व्यक्तिहरुलाई निजहरुले पाउने नागरिकता प्रमाण पत्रमा प्र.जि.अ.को नै दस्तखत हुनु पर्ने व्यहोराको परिपत्र सबै जि.का हरुलाई गर्ने भन्ने श्री ५ को सरकारले मिति ०४५।११।३ मा निर्णय गरेकोले सो अनुसार गर्न हुन अनुरोध गरिन्छ ।

बोधार्थ:-

श्री अञ्चलाधीश कार्यालय,

४

श्री ५ को सरकार

( नागरिकता आप्रवासन तथा अध्यागमन शाखा )

पत्र संख्या:- ना. ०४५।४६ च. नं. ७३२

सिंहदरवार, काठमाडौं

मिति:-२०४५।१२।२४

विषय:- विदेशी सरकारवाट पाउने पेन्सन वा अन्य सुविधा पाउन जात फरक परेकोवाट कठिनाई परेको सम्वन्धमा ।

श्री जिल्ला कार्यालय,
सवै ।

रोजगारीको लागि विदेशी मुलुकमा नोकरी गर्न गएका नेपालीहरुले आफ्नो वास्तविक थर नलेखाई अन्य जात लेखाई नोकरी गर्ने गरेकोवाट निजहरुले पेन्सन बुझ्न जांदा पेन्सन क्याम्पले नागरिकता माग गर्ने गरेको यस अवस्थामा जि.का वाट वास्तविक नाम जातको आधारमा दिएको नागरिकता प्रमाण पत्रमा उल्लेख भएको जातसंग नोकरी गर्दा लेखाएको जात नमिलेको भनि पेन्सन र अन्य सुविधा नदिने गरेकोले धेरै व्यक्तिलाई कठिनाई परेको छ। सो समस्या समाधानका लागि निवेदनको आधारमा जात फरक परे पनि छुट्टा छुट्टै लेखिएको व्यक्ति एउटै हुन भनि पठाउंदा पनि पेन्सन र अन्य सुविधा उपभोग गर्न पाई रहेका छैनन् भन्ने समेत कुरा बुझिन आएकोले तत्सम्वन्धमा जात फरक लेखाई नोकरी गरेका व्यक्तिहरु र तिनले सेवा गरे वापत सुविधा पाउने सम्वन्धित व्यक्तिको नागरिकता वास्तविक जात नै लेखि कोष्ठ भित्र नोकरी गर्दा लेखाएको जात लेख्ने अथवा फलानो भन्ने फलानो (उदाहरणको लागि मान वहादुर खत्री भन्ने मान वहादुर घले) भनी नागरिकता प्रमाण पत्र दिनु हुनको साथै पहिले नागरिकता प्रमाण पत्र पाई सकेको व्यक्तिहरुको सम्वन्धमा पनि यस्तै समस्या पर्न आएमा वास्तविकता बुझि पर्चा खडा गरी उपरोक्त वमोजिम नाम थर सच्याई नागरिकता प्रमाण पत्र दिन सवै जिल्ला कार्यालयमा निर्देशन पठाउने भन्ने मिति २०४५।१२।६ को निर्णय अनुसार अनुरोध गरिन्छ ।

यस्ता व्यक्तिहरुको सन्तानलाई पछि नागरिकता प्रमाण पत्र दिदा थर कुन उल्लेख गर्ने भन्ने समस्या आउन सक्ने हुंदा सो निराकरणको लागि त्यस्ता व्यक्तिहरुको एउटा वेग्लै लगत समेत राखी सो आधारमा तिनका सन्तानलाई पछि प्रमाण पत्र दिंदा वास्तविक जात मात्र उल्लेख गरी नागरिकता प्रमाण पत्र दिने गर्नु हुन समेत अनुरोध गरिन्छ ।

( शम्भु प्रसाद खनाल )

वोधार्थ:-

श्री अञ्चलाधीश कार्यालय,

श्री ५ को सरकार

गृह मन्त्रालय

( ना. प्र. व्यवस्था शाखा )

पत्र संख्या :- सा. प्र. ना. क. १(क) ०४६-४७ च. नं २२५ मिति :- २०४६-५-८

विषय:- उमेर नाम थर र जात सच्याउने ।

श्री जिल्ला कार्यालयहरु

सबै ।

उमेर नाम थर र जात सच्याउने नियमहरु अन्तरगत शैक्षिक योग्यताको प्रमाण
पत्रहरु सच्याउने व्यवस्था छ । तर नागरिकता ऐन अन्तरगत प्रदान गरिएको नागरिकता
प्रमाण पत्रमा उमेर नाम थर जात सच्याउने प्रावधान नागरिकता सम्बन्धी ऐन नियममा
व्यवस्था नभएतापनि बाबु दाजु को नाम, थर जात इत्यादि र अन्य सम्बन्धित (प्रमाणित)
कागज पत्रको आधारमा स्थानिय व्यवस्था, नागरिकता टोली गाउँमा गएको बखतको जनता
को भुइचो, जनताको निरक्षरता जस्ता कारणहरु लाई ध्यानमा राखी साना तिना कुरा
हरु संशोधन गरि दिन प्र. जि. अ. को स्वविवेकमा निर्भर रहने भन्ने समेत व्यहोराको
परिपत्र च.नं २५ बाट मिति २०३५-४-१४ मा भई सकेकोमा यस विषयमा विभिन्न
जिल्लाबाट निर्देशन माग गरी पत्रहरु आउन थालेकोले सोही अनुसार गर्न आदेशानुसार पुन :
यो परिपत्र गरिएको व्यहोरा अनुरोध छ ।

( शम्भु प्रसाद खनाल )

उप- सचिव

बोधार्थ :-

श्री अंचलाधीश कार्यालयहरु ।

सबै ।

श्री ५ को सरकार
गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल नागरिकता ऐन २०२० को दफा १४ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा ६ अन्तरगत नेपाली नागरिक संग बैवाहिक सम्बन्ध भएकी बिदेशी नारीलाई अंगीकृत नागरिकता प्रदान गर्ने तथा नागरिकताको प्रमाण पत्र दिने सम्बन्धी अधिकारहरू सोही ऐनको शर्त तथा बन्देजमा रही आवेदन स्वीकृत गरिएको पर्चा खडा गरी आ-आफ्नो जिल्लामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले

भक्त बहादुर कोइराला
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

गृह मन्त्रालय

( ना. आ. तथा अं शाखा )

पत्र संख्या :- सा प्र ना अ. १(क) ०४६-४७ च. नं ४६७ मिति :- ०४६-७-६

विषय:- अंगिकृत नागरिकता प्राप्त व्यक्तिका सन्तानलाई अंगिकृत नागरिकता दिने सम्बन्धमा ।

श्री जिल्ला कार्यालय-

सबै ।

नेपाल नागरिकता ऐन २०२० को दफा ६ मा नेपालको अंगिकृत नागरिकता प्राप्त व्यक्तिका सन्तानलाई पनि अंगिकृत नागरिकता प्रदान गर्ने गरी नागरिकता ऐन चौथो संशोधन २०४६ ले व्यवस्था गरेको हुँदा नेपालको अंगिकृत नागरिकता प्राप्त व्यक्ति को नागरिकता प्राप्त गर्नु अगाबि जन्म भई नेपालमा स्थाई रूपले बसोबास गरि आएका सन्तानहरू अंगिकृत नागरिकता माग गर्न जि. का. मा आएमा निम्नानुसार गर्ने गराउन हुन अनुरोध गरिन्छ ।

१. नागरिक हुन चाहनेले अनुसूची ६ बमोजिमको ढाँचामा आबेदन गर्नु पर्ने र आबेदन पत्र संलग्न निम्न कागजातहरू पेश गर्नु पर्ने ,

(क) बाबुको अंगिकृत नागरिकता प्रमाण पत्रको प्रमाणित फोटोकपी ।

(ख) साबिक देशको नागरिकता परित्याग सम्बन्धमा -

(अ) आबेदकको जन्म नेपालमै भएको भए सम्बन्धीत पंचायतको प्रमाणित र बाबु बिदेशको कुन ठाउँबाट आएको हुन सो ठाउँको सम्बन्धित अधिकारीलाई सम्बोधन गरी त्यस देशको नागरिकता नबन्ने किसिमको सपथ गरेर नेपाली नागरिकता लिने व्यहोरा उल्लेख गरी हुलाक मार्फत पठाएको निबेदनको प्रमाणित प्रतिलिपी र सो पठाएको हुलाक रसिद संलग्न राख्ने ।

(आ) आबेदकको जन्म बिदेशमा नै भएको र बाबुको साथमा नेपालमा आई स्थाई रूपमा बसोबास गरेको छ भन्ने सो कुरामा सम्बन्धित पंचायत को प्रमाणित पत्र र जुन देशबाट आएको हो त्यस देशको नागरिकता परित्याग गरेको प्रमाण वा परित्याग गर्ने रित पूर्वक कारबाई चलाएको प्रमाण संलग्न राख्ने ।

(ग) आवेदकको अटो साइजको तीन प्रति फोटो ।

उपरोक्त बमोजिम ... आएको आवेदन प्र. जि. अ. ले निम्नानुसार गरी नागरिकता दिन गृह मन्त्रालयमा सिफारिसको लागि पठाउने ।

(क) नागरिक हुन चाहने व्यक्तिको आवेदन पत्रको पिठमा आवेदक मेरो फलानो (जेठा, माहिलो, कान्छो, आदी) छोरा हो । निज मेरो साथमा वा फलाना ठाउँमा स्थाई रूपमा बसोबास गरेको छ भन्ने सहित व्यहोरा बुबाको सनाखत गराई ना. प्र. प्रतको नै सहित राख्न लगाउने ।

यदि बाबुको मृत्यु भएको वा अन्य कुनै कारणबाट सनाखत हुन नसकेमा कारण खुलाई सम्बन्धित पंचायतको प्रधान पंच बाट सनाखत गराउने र बाबुको ना. प्र. प. नै राख्ने लगाउने ।

(ख) आवेदन उपर प्र. जि. अ. ले छानबिन गरी, आवेदक नेपालमा स्थाई रूपले बसोबास गरेको छ छैन, आवेदकले ऐनको दफा ६ बमोजिमको शर्त वा अवस्था पुरा गरेको छ छैन र अंगीकृत नागरिकता दिनु पर्ने सम्बन्धमा प्र. जि. अ. ले आफ्नो मन्तव्य स्पष्ट उल्लेख गरी पठाउने र

(ग) आवेदन पत्रमा टाँसिएको फोटो र अरू तिन प्रति फोटोमा पछाडी पट्टि आवेदकको नाम लेखी प्र. जि. अ. ले प्रमाणित गर्ने ।

(ञ) ...र्थ तथा कार्यार्थ :-

...धीश कार्यालय ।

(शम्भु प्रसाद सन्याल)
उप-सचिव

श्री ५ को सरकार
गृह मन्त्रालय
( ना.अ.त.,  अ. शाखा )

पत्र संख्या:- ना.प्र.ना.अ १(क) ०४६।४७-८७६०१

सिंहदरबार,काठमाडौं
मिति:-२०४६ । ८ ।१५

श्री जिल्ला कार्यालय सबै
श्री अन्चलाधीश कार्यालय, सबै ।

जिल्ला कार्यालय बाटबाट नागरिकता सम्बन्धमा देखा परेका समस्या देहाय बमोजिम उल्लेख गरी निर्देशन माग गरिएकोमा त्यस्ता समस्या अन्यत्र जिल्लामा पनि हुन सक्ने भएकोले तत् सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा जानकारीको लागि अनुरोध गरिन्छ ।

देखाइएका समस्या:-

१) नेपाली नागरिकको साथ वैवाहिक सम्बन्ध भएकी विदेशी नारीले आफ्नो मुलुकको नागरिकता परित्याग सम्बन्धी प्रक्रिया पुरा गरी अन्य आधार प्रमाणहरू सहित आवेदन गरेमा वैवाहिक सम्बन्धको नाताले नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था भए अनुरुप त्यस्तो आधार प्रमाणहरू मध्ये पतिको नागरिकता पेश गर्नु पर्ने हुँदा नागरिकता प्रमाण पत्र प्राप्त गर्नु भन्दा अगाडि नै मृत्यु भैसकेको त्यस्तो पतिको पत्नीलाई कसरी दिन मिल्छ वा मिल्दैन । साथै पतिले नागरिकता प्रमाण पत्र प्राप्त गरी मृत्यु भएको तर नागरिकता हराएमा पत्नीले पतिको नागरिकता प्रमाणपत्रको नक्कल मागेमा दिन मिल्छ मिल्दैन।

२) मृत्यु दर्ताको निमित्त नागरिकता प्रमाण पत्रको आवश्यकता पर्दा मृत्यु वालाले नागरिकता प्रमाणपत्र प्राप्त गरेका तर नागरिकता हराएमा निजको परिवार मध्ये कसैले मागेमा दिने वा के गर्ने ?

३) कसैले नागरिकता प्रमाणपत्र प्राप्त गरी रेकर्डमा सपेत नाम भएको,कार्यालय प्रतिलिपी खोजी गर्दा प्राप्त हुन नसकेमा नक्कल माग्नेहरूलाई नक्कल दिन के गर्ने ?

४) विदेशमा विवाह भएर गएका नेपाली महिला लोग्नेको मृत्यु पश्चात वा जिवित लोग्नेसँगै नेपालमा नै आई बस्ने महिलाहरूले नेपालको नागरिकताको लागि आवेदन गरेमा नागरिकता दिन मिल्छ मिल्दैन मिल्ने भए के कस्तो प्रक्रिया अपनाई दिनु मिल्छ ।

उपरोक्त समस्या सम्बन्धमा निम्नानुसार गर्ने :-

१) नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएको भनि अंगिकृत नागरिकता माग गर्न आउने विदेशी महिलाले पतिको नागरिकता प्रमाणपत्र पेश गर्नु पर्ने .तर नागरिकता प्रमाणपत्र प्राप्त गर्नु भन्दा अगावै पतिको मृत्यु भै सकेको अवस्थामा पतिले नागरिकता प्रमाणपत्र नलिएको भए पनि निज प्रचलित कानून बमोजिम नेपाली नागरिक हुन सक्ने हैसियतको मानिस हो होइन भन्ने कुरा बुझी सबुद प्रमाणबाट नेपाली नागरिक हो भन्ने देखिएमा मृत्यु दर्ता प्रमाणपत्र लगायत अन्य आधारभूत प्रमाणहरू लिने,पर्चामा सबै कुरा खुलाई निर्णय गरी वैवाहिक अंगिकृत नागरिकता प्रमाण पत्र दिने ।

२) सक्कल नागरिकता हराई वा अन्य कुनै कारणबाट काम नलाग्ने भई सम्बन्धित व्यक्ति प्रतिलिपि माग गर्न आएमा कानूनको रित पु-याई दिने गरिएको छ । सम्बन्धित व्यक्तिलाई यस्तो प्रतिलिपि दिंदा कानूनी रित पु-याई कार्डमा लगाप्चे सहिछाप पनि गराउने प्रचलन भएको । तर सम्बन्धित व्यक्तिको मृत्यु भईसकेको अवस्थामा अरू सरोकारवाला व्यक्तिले प्रतिलिपि माग गर्न आएमा पनि प्रतिलिपि दिनु पर्ने हुंदा सम्बन्धित व्यक्ति र सरोकारवाला व्यक्तिलाई दिने प्रतिलिपिको प्रकृति नै बेग्लै किसिम हुन जरूरी देखिन्छ । यसको लागी त्यसरी प्रतिलिपि माग गर्न आउने सरोकारवाला व्यक्तिलाई प्रतिलिपि दिंदा कार्डमा नदिई अन्य पत्रमा यो यस्तो व्यक्तिले नागरिकताको प्रमाणपत्र यो मितिमा लिएको देखिन्छ भनि प्रमाणित गरी दिने गर्नु उपयुक्त देखिन्छ ।

३) दफा ३ को सम्बन्धमा कार्यालयमा रहेका कागजातहरू सुरक्षित रूपमा राख्नुपर्ने सम्बन्धित फाटका कर्मचारी एवं अधिकृतको दाइत्व हुंदा कार्यालयको कागजात प्राप्त हुन नसकेको भनि दाइत्वबाट अलगिन मिल्दैन,फेरी कार्यालयमा नक्कल माग्न आउने व्यक्तिलाई कार्यालय प्रति फेला नपरेको भनि नक्कल दिन नमिल्ने भन्दा पनि निज आफ्नो प्रतिलिपि पाउने अधिकारबाट बञ्चित हुन पुग्दछ । अत: यस्तो अवस्थामा कार्यालयका कागजात फांट का कर्मचारी एवं अधिकृतले सुरक्षित रूपमा राख्ने,राख्न लगाउने, र नागरिकताको कार्यालय प्रति प्राप्त नभए पनि रेकर्ड (रजिष्टर्ड)मा नाम उल्लेख छ भने पछि कार्यालय प्रति फेला परेका वखत ठहरे बमोजिम हुने गरी हाललाई रजिष्टरलाईने आधार मानि नक्कल दिने तर नक्कल नरहेको हुंदा प्रतिलिपि माग्ने व्यक्ति उही हो होईन भनि एकिन गर्न सहि र फोटो दुवै नहुने हुंदा सो एकिन गरी मात्र दिने ।

४) दफा ४.को सम्बन्धमा विदेशी नागरिकसंग विवाह भएका (नेपालको वंशजको नाताले नागरिकता पाउने ) नेपाली महिला नेपालमा नै स्थायी रूपले बसोबास गरी नागरिकताको लागि आवेदन गरेमा त्यस्ता महिलाले लोग्नेको मुलुकको नागरिकता लिएको छैन (अर्थात लोग्ने

को मुलुकको नागरिकता उपभोग गरेको छैन ) भने त्यस्तो महिलालाई नागरिकता दिन कानूनत बाधा देखिदैन । विदेशी नागरिक भई सकेको भए लोग्नेको मृत्यु पश्चात वा लोग्नेसंग सम्बन्ध विच्छेद भई नेपाल आई बसेको नागरिकता ऐनको दफा (८ क ) मा व्यवस्था भएको देखिन्छ । तर यसरी विदेशीसंग विवाह भएपनि नेपाली नागरिकता कायम राख्ने महिलाको विदेशी लोग्ने र विदेशी लोग्नेको तर्फबाट जन्म भएका निजका छोरा छोरीलाई कुनै पनि किसिमको नागरिकता दिन मिल्दैन भन्ने कुरा पनि निजलाई नागरिकताको प्रमाण पत्र दिंदानै अवगत पनि गराई दिने ।

[signature] ७/८/४२

श्री ५ को सरकार

गृह मन्त्रालय

( ना. आ. तथा अं शाखा )

पत्र संख्या :- ना.प्र ना. अ १(क) ०४६ -४७च, नं ६८५ मिति :- ०४६ -९- ११

बिषय :- बादी बधिनी र देउकीका सन्तानलाई नागरिकता दिने सम्बन्ध मा ।

श्री जिल्ला कार्यालय

मध्य पं र सु.प. क्षा. सबै जिल्ला

बधिनी जातिलाई बाबुको नागरिकताको आधारमा नागरिकता लिन कठिनाई परि रहेको कुरा दर्शाइ नारी सेवा समन्वय समितिबाट लेखी आएको साथै बादी बधिनी र देउकीका सन्तानहरूलाई पनि बाबुको नागरिकताको अभावमा नागरिकता पाउन कठिनाइ परेको कुरा दर्शाइ सामाजिक सेवा समन्वय परिषद बाट लेखी आएको सन्दर्भमा नागरिकता ऐन २०२० को दफा ३ को उपदफा ४ मा " पितृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागे सम्म बंशजको नाताले नेपालको नागरिक मानिने छ " भन्ने व्यवस्था भएकोले बाबुको पत्ता नलागेका बादी बाधिनी तथा देउकीका सन्तान हरूलाई बाबु को हो भन्ने थाहा नभए पनि नागरिकता ऐन का दफा ३ (४) अनुसार नागरिक हुने नै देखिंदा प्रमाण पत्र दिन बाधा देखिदैन । तर प्रमाण पत्र दिंदा राम्रो संग बुझी प्रमाण पत्र दिने र प्रमाण पत्रमा बाबुको खण्डमा " बाबु पत्ता नलागेको " भनि उल्लेख गर्ने, तथा नागरिकताको किसिममा ऐनको दफा ३ बमोजिम " बंशज " भनि उल्लेख गरेर नागरिकता प्रमाण पत्र दिन मिति ०४६ -९-४ को निर्णयानुसार अनुरोध गरिन्छ ।

शाखा अधिकृत
२०४६-९-११

बोधार्थ :-

श्री अंचलाधिश कार्यालय .......................।

श्री सामाजिक सेवा समन्वय परिषद :- ताहाको च.नं. ...४३५८ लैनचौर । मिति ०४६ -३-२१ को पत्रको सन्दर्भमा ।

श्री सा. से. स. प

नारी सेवा समन्वय समिति :- त्यहाँबाट पं. तथा स्था. वि. मन्त्रालयलाई लेखेको च नं. ३०४८ मिति ०४६।२।२५ मा लेखेको पत्रको सन्दर्भमा ।

श्रेष्ठ

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना.अ.तथा आ. शाखा)

सिंहदरवार

काठमाडौं, नेपाल।

पत्र संख्याः- चिपाना १(क) ०४७।४८

प्राप्त पत्र संख्या र मितिः-

मिति... २०४७।५।३१...

विषयः- निर्देशन सम्बन्धमा ।

बाटः- गृह मन्त्रालय, ना.अ.तथा आ. शाखा ।

जानः- काठमाडौं, ललितपुर र भक्तपुर जि.प्र.का.बाहेक सबै जि.प्र.का.हरु ।

---

मन्त्रिपरिषद् सचिवालयको मिति ०४७।५।२७ को निर्णय बमोजिम नेपाल नागरिकता नियमावलीमा भएको देहायका शब्दावलीको सट्टा देहाय बमोजिम संशोधन गर्ने भन्ने निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ -

स्थानीय पंचायतका निकायहरु भंग भएकोले सन्दर्भमा नेपाल नागरिकता नियमावली, २०३५ का विभिन्न ठाउँमा रहेको "जिल्ला पंचायतको सभापति, नगर पंचायतको प्रधान पञ्च र गाउँ पंचायतको प्रधान पञ्च" भन्ने शब्दहरुको सट्टा क्रमशः जिल्ला विकास समितिको अध्यक्ष, नगर पालिकाको अध्यक्ष र गाउँ विकास समितिको अध्यक्ष" भन्ने शब्द राखी संशोधन गर्ने" ।

---

श्री ५ को सरकार
# गृह मन्त्रालय
(ना.आ.तथा अ. शाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या:- वियोना क्र (ख) ०४७।४८
पत्र संख्या र मितिः-

मिति... २०४७।१०।१५

विषयः- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
लमजुङ ।

त्यस कार्यालयको नं. ६७१ मिति ०४७।१०।६ को आ.वा. प्राप्त भै व्यहोरा अवगत भयो ।

उपरोक्त सम्बन्धमा अविवाहित महिलाले विवाह गरिसकेपछि र विवाहित महिलाले औपचारिक रुपमा सम्बन्ध विच्छेद गरिसकेपछि निजहरुको थर परिवर्तन हुने कुरा विदित नै होला । त्यसैले विवाहित महिलाले दोश्रो विवाह गरिसकेपछि र अविवाहित महिलाले विवाह गरेपछि थर परिवर्तन गरि पतिको नाम समेत उल्लेख गरि पाउन आवेदन गरेमा थर परिवर्तन गरी दिन कुनै बाधा नपर्ने व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

(शाखा अधिकृत)

( ना.अ.तथा प्र. [illegible] )

पत्र संख्या:- [illegible] ४९।५०।१८ [illegible]

चलानी पत्र संख्या :- [illegible]

[illegible]

[illegible]

विषय:- [illegible] , ना.अ.तथा [illegible] ।

[illegible]:- काठमाडौं, भक्तपुर र ललितपुर बाहेक [illegible] प्रशासन कार्यालय [illegible] ।

---

नागरिकता प्रमाण पत्रहरूमा दस्तखत गर्ने सम्बन्धमा प्र.जि.अ.को अधिकार वरिष्ठ प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने सम्बन्धमा जि.प्र.का. भक्तपुरको [illegible] सन्दर्भमा ~~अंगीकृत~~ अंगीकृत नागरिकता बाहेक बाँकी नागरिकता पाउनेको [illegible] सो को प्रमाण सहित [illegible] नागरिकता [illegible] वरिष्ठ प्रशासकीय अधिकृतले दिन सकिने गरी अधिकार प्रत्यायोजन गर्न [illegible] मन्त्री [illegible] को सरकारले मिति ०४९।१२।१ मा निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

---

[illegible]

99

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.आ.तथा प्र.अ. शाखा)

पत्रसंख्या:- विशेष १ (क) ०४७।४८ मिति:-२०४८।१।४

च.नं. :- ५६५

विषय:- नागरिकता वितरण सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय सबै ।

---

नागरिकता सम्बन्धी कामको लागि धनकुटा टाढा टाढा गाउँबाट सदर मुकाम सम्म धाइ राख्नु पर्ने भएकोले नागरिकता प्रमाणपत्र पाइ सकेका नागरिकको छोरा छोरीलाई इलाका प्रशासन शाखाका प्र.अ. ले नै नागरिकता प्रमाण पत्र दिन सक्ने गरी अधिकार प्रत्यायोजन गर्न पाउने व्यवस्थाको लागि धनकुटा जिल्ला प्रशासन कार्यालयबाट अनुरोध गरी आएकोमा कारवाईको सिलसिलामा पेश हुंदा मन्त्रिपरिषद्को मिति ०४६।८।१ को निर्णयानुसार इलाका प्रशासन शाखाको काम कर्तव्य र अधिकारमा "नागरिकताको अस्थायी निस्सा पाएका नागरिकहरुलाई स्थायी प्रमाण पत्र वितरण गर्ने" भन्ने उल्लेख भएकोले उनलाई इलाका प्रशासन शाखाका अधिकृतलाई स्थायि पत्र अधिकार दिने भन्ने मिति ०४७।१२।२६ को श्री ५ को सरकारको निर्णय भएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

४८।१।४

(रेवती रमण नेपाल)

उप सचिव

श्री ५ को सरकार
गृह मन्त्रालय,
(ना.आ.तथा अ.शाखा)

सिंहदरबार ।

पत्रसंख्या:- वियोना १ (क) ०४८।४९ च.नं. ८९

मिति:-२०४८।५।४

विषय:- अंगीकृत नागरिकताको आवेदन फारम सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

---

नागरिकता वितरण गर्न खटिएको नागरिकता टोलीले अंगीकृत नागरिकताको आवेदन संकलन गर्दा टोलीमा प्रयोग गरिएका अंगीकृत नागरिकता सम्बन्धी आवेदन फाराम तात्काल टोलीको काम कारवाईमा सजिलो हुने किसिमले तयार गरिएको र उक्त आवेदन फाराम नागरिकता नियमावलीको अनुसूचीमा तोकिएको ढांचा अनुरूपको नभएको हुंदा टोलीमा प्रयोग गरिएको अंगीकृत नागरिकता सम्बन्धी पुरानो ढांचाको आवेदन फाराम भर्दा संविधानमा उल्लेखित प्रावधानहरू समेत छुट्न गएको देखिएकोले कानून बमोजिम अंगीकृत नागरिकता माग गर्न आउने व्यक्तिहरूलाई अब देखि नागरिकता नियमावली, २०२५ को अनुसूची ५ बमोजिमको ढांचाको आवेदन फाराम नै भर्ने भराउने गर्न जि.प्र.का.हरूलाई निर्देशन पठाउने भन्ने निर्णय भएको हुंदा सो निर्णय अनुसार गर्न गराउन अनुरोध गरिन्छ ।

(हस्ताक्षर)
(डुल्लुराज बस्नेत)
शाखा अधिकृत

श्री ५ को सरकार
गृह मन्त्रालय
(ना.आ.प्रशा. [illegible] शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- [illegible] च.नं. [illegible]

मिति:- ०४८ [illegible]

विषय:- अनुसन्धान कार्यमा सहयोग गरी दिने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल अधिराज्यमा हाल नक्कली तथा जाली नागरिकता प्रमाण-पत्र लिई विदेश जाने राहदानी समेत बनाउने अपराधहरु हुने गरेको बुझिएकोले यस्तो नक्कली तथा जाली काम नियन्त्रण तथा रोकथाम हुन नसकेमा विदेशमा नेपाली राहदानी प्रतिको विश्वसनियतामा नै शंका उत्पन्न हुन जाने भई राष्ट्रिय प्रतिष्ठामा समेत धक्का लाग्न जाने र यस्तो अवैध कार्यमा संलग्न व्यक्ति वा गिरोहहरुले प्रश्रय पाउने हुँदा यस्तो गैर कानूनी कार्यहरुको पत्ता लगाई कानूनी कारवाही गर्नको लागि अनुसन्धानको सिलसिलामा विभिन्न सरकारी कार्यालय र परराष्ट्र मन्त्रालय समेत सँग समन्वय राखी आवश्यक विवरण र तथ्यहरु बुझ्न आवश्यक पर्ने देखिएकोले सो कार्यमा खटी आउने प्रहरी अधिकृतहरुलाई आवश्यक सहयोग गरी दिने तर्फ श्री परराष्ट्र मन्त्रालय र नेपाल अधिराज्यका सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन हुन अनुरोध छ भनी प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान कार्यालयबाट च.नं. १५६ मिति ०४८।६।२५।३ मा लेखि आएकोले सो सम्बन्धमा आवश्यक सहयोग गरी दिन हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

[illegible]

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.आ.तथा अ.शाखा)

सिंहदरबार,

काठमाडौं, नेपाल ।

पत्रसंख्या:- पिओना १(क)०४८।४९ च.नं. ७५७

मिति:-२०४९।२।२८

विषय:- अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

नेपाल नागरिकता ऐन २०२० को दफा ६ बमोजिमको शर्तहरू पूरा गरेकी नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले अंगीकृत नागरिकता माँग गरी निवेदन दिएमा मिति २०४६।६।६ मा प्रकाशित खण्ड ३९ संख्या २४ को नेपाल राजपत्र भाग ३ को सूचना बमोजिम न प्रमुख जिल्ला अधिकारीले वैवाहिक सम्बन्धको नाता बाट अंगीकृत नागरिकता प्रदान गर्ने र नागरिकताको प्रमाण पत्र दिने सम्बन्धी अधिकारहरू यथावत प्रयोग गर्न पाउने भन्ने निर्देशन पठाउने श्री ५ को सरकार (मन्त्री स्तरीय) को मिति २०४९।२।२८ मा निर्णय भएको हुँदा निर्णयानुसार हुन अनुरोध छ ।

(देवराज रेग्मी)

उप सचिव

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.आ.का.अ. ...)

सिंहदरबार

काठमाडौं, नेपाल ।

पत्रसंख्या:- जिनाना १(क) ०४८।४९-८-१७८

मिति:-२०४९।३।१०

विषय:- अंगीकृत नागरिकताको दस्तुर लिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

अंगीकृत नागरिकता प्रदान गर्दा लाग्ने दस्तुर सम्बन्धमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरूबाट निर्देशन मांग गै आएको पत्रहरू पेश हुंदा नेपाल नागरिकता नियमावली २०४९ जारी भएको दिन भन्दा अघिल्लो दिनसम्म अंगीकृत नागरिकता प्रदान गर्ने निर्णय भएकोमा सो दिनसम्म प्रचलित ऐन नियम बमोजिम दस्तुर लिने र सो जारी भएको दिन देखि अंगीकृत नागरिकता प्रदान गर्ने निर्णय भएकोमा सोही नियमावली बमोजिम दस्तुर लिने भन्ने मिति ०४९।३।६ मा निर्णय भएको हुंदा सोही अनुसार हुन अनुरोध छ ।

(गंगा सागर ढकाल)

प्रा. अ.

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.आ. तथा अ. शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल ।

पत्रसंख्या:- विशेना १ (क) ०४८।४९ च.नं. २

मिति:-२०४९।४।२

विषय:- नागरिकताको अस्थायी निस्सा वितरण लगत सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

---

जिल्ला प्रशासन कार्यालय म्याग्दीको च.नं. २७११ मिति २०४९।३।६ को पत्रबाट विगत वर्षहरूमा खटिएका नागरिकता टोलीले तयार गरेको अस्थायी नागरिकताको लगत तथा छुट लगतका रजिष्टरहरू फुस्रो भई काम लिन अप्ठ्यारो परेको हुंदा त्यस्ता विवरण अर्को रजिष्टरमा सारी राख्नको लागि निर्देशन र बजेट रकमको व्यवस्था हुन अनुरोध भै आएको पत्र पेश हुंदा सबै जिल्लाबाट रजिष्टरहरूको स्थिति र अर्को रजिष्टर मा सार्न सकिने नसकिने यथार्थ स्थिति बुझ्ने भन्ने मिति २०४९।३।२८ मा श्री ५ को सरकार (सचिव स्तरिय) निर्णय भएकोले त्यस जिल्लामा भएका रजिष्टरको स्थिति र अर्को रजिष्टरमा सार्न सकिन्छ सकिंदैन, उक्त कार्यको लागि अनुमानित कति रकम लाग्न जान्छ सो समेत खुलाई पठाई दिनु हुन अनुरोध गरिन्छ ।

(गंगा सागर ढकाल)

शा.अ.

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.आ. तथा अ. शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल ।

पत्रसंख्या:- विशेना १ (क) ०४६।५० च.नं. ७४

मिति:-२०४६।४।२७

विषय:-

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

झूठा विवरण देखाई प्राप्त गरेको नेपाली नागरिकता सम्बन्धी उजुरीमा र नेपालको अंगीकृत नागरिकता पाऊं भन्ने निवेदनहरुमा जिल्ला प्रशासन कार्यालयमा निवेदन पुगे पछि आवश्यक जाँचबुझ र छानबिन गरी जारी गर्नु पर्ने हो सो गरी प्र.जि.अ.ले नै कारवाही गर्न सक्ने देखिए कारवाही शुरु गर्ने र प्र.जि.अ.को अधिकार क्षेत्र भन्दा बाहिरको देखिए के गर्न उचित हुन्छ भनी आफ्नो राय साथ पठाउन पर्नेमा कतिपय जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त कागजातहरु सो अनुसार भए गरेको नदेखिंदा आवश्यक छानबिन गरी किटानी राय साथ मन्त्रालयमा पठाउन पर्ने भनी सबै जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गर्ने भन्ने मिति २०४६।४।२५ मा श्री ५ को सरकार (सचिव स्तर) बाट निर्णय भएको हुंदा सोही अनुसार हुन अनुरोध गरिन्छ ।

(गंगा सागर ढुंगेल)

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना.आ. तथा अ. शाखा)

सिंहदरबार,

काठमाडौं, नेपाल।

पत्र संख्या :- वियोना १ (क) ०४८।५० च.नं. २७

मिति २०४८।८।२

विषय:- नागरिकताको प्रमाण पत्र माग गर्ने निवेदन सिफारिस गर्ने बारे।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,

जिल्ला प्रशासन कार्यालय (सबै)।

नेपाली नागरिकताको प्रमाण पत्र माग गरी पेश हुने निवेदन पत्रमा कार्यवाहक भई कार्यसम्पादन गर्ने व्यक्तिबाट सिफारिश गर्न मिल्छ मिल्दैन भनी केही जिल्ला प्रशासन कार्यालयहरूबाट सोधी आएको सम्बन्धमा नेपाल नागरिकता नियमावली २०४६ बमोजिम वंशको नाताले नागरिकता पाउने व्यक्तिहरूको निवेदन पत्रमा जिल्ला विकास समितिका सभापति वा उप सभापति, नगरपालिकाका प्रमुख वा उप प्रमुख, गाउँ विकास समितिका अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ को सरकारको वहालवाला राजपत्रांकित अधिकृतबाट सिफारिश गराई पेश गर्न सक्ने व्यवस्था भई रहेको छ। जिल्ला विकास समिति ऐन २०४८ बमोजिम सदस्यलाई कार्यवाहक सभापति तोक्न सक्ने व्यवस्था नरहेको, नगरपालिका र गाउँ विकास समितिका सदस्यहरू कानून बमोजिम कार्यवाहक प्रमुख वा अध्यक्ष भएको कुराको प्रमाणित अवस्थाको सिर्जना गर्न व्यवहारिक रूपमा कठिनाई हुने हुँदा नगरपालिका वा गाउँ विकास समितिका कार्यवाहक प्रमुख वा अध्यक्ष भएका सदस्यको सिफारिशलाई स्वीकार नगर्न श्री ५ को सरकार (मन्त्री स्तरीय) को मिति २०४८।७।२८ को निर्णयानुसार अनुरोध छ।

(... ... ... ... ...)

... अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना. तथा अ. शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- नाअ १ (ख) टि. ६५।०५०-५१ च.नं. [illegible] मिति:- २०५०।५।१५

विषय:- पेन्सनर र तिनका परिवारको नागरिकता सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपर्युक्त विषयमा यस मन्त्रालयबाट भएको मिति २०४५।१२।२४ को परिपत्र नं.४ कायम नै राख्न र यस परिपत्र बमोजिम पतिको नाम, थर परिवर्तन गरिएको अवस्थामा निजकी पत्नीको पनि उक्त परिपत्र अनुसार प्रमुख जिल्ला अधिकारीले मिलाउन सक्ने वेहोरा श्री ५ को सरकार (मन्त्री स्तर) को मिति २०५०।५।१३ को निर्णयानुसार अनुरोध गर्दछु ।

(रमेश चन्द्र अधिकारी)
शाखा अधिकृत

श्री ५ को सरकार
गृह मन्त्रालय
(नागरिकता तथा अध्यागमन शाखा)

पत्रसंख्या- ना.अ.१।(क) ०५०।५१।५०३ मिति- २०५०।८।२२

विषय- नागरिकताको प्रमाणपत्र वितरण सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

श्री ५ को सरकार (मन्त्रिस्तरीय) को मिति २०५।८।२२ को निम्न निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध छ ।

वास्तविक नेपाली नागरिकहरुले नागरिकताको प्रमाणपत्र सुगमता पूर्वक पाउन सकून् भन्ने अभिप्रायले यस मन्त्रालयबाट विभिन्न समयमा पठाइएका परिपत्रहरु प्राप्त भएकै होलान् । नेपाली नागरिकताको प्रमाणपत्र अझ सजिले सँग दिलाउन र यस सम्बन्धमा गुनासाहरु आउन नदिन नागरिकताको प्रमाणपत्र प्रदान गर्ने प्रक्रियालाई सरल गर्दै लैजानु परेको सन्दर्भमा श्री ५ को सरकारले नेपाल नागरिकता नियमावली, २०४९ मा सिफारिश गर्ने पदाधिकारीको रुपमा गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्षलाई समेत तोकी सोही अनुरुप कार्य भैरहेको बेहोरा अवगतै छ । विगतका परिपत्रहरुबाट त्यहां पठाइएका निम्न निर्देशनहरु पुन: स्मरण गराइएको छ ।

१. कतिपय कार्यालयमा खोजेको समयमा अभिलेखहरु फेला नपरी समस्या हुन गएको बुझिन्छ । यसरी कार्यालयमा रहेका अभिलेखहरु सुरक्षित रुपमा राख्नु पर्ने दायित्व सम्बन्धित फाँटका कर्मचारी एवं अधिकृतहरुको भएको हुँदा कार्यालयको अभिलेख प्राप्त हुन नसकेको भनी दायित्वबाट पन्छिन मिल्दैन । कार्यालयमा नक्कल माग गर्न आउने व्यक्तिलाई कार्यालय प्रति फेला नपरेको भनी नक्कल नदिने गर्दा निज आफ्नो अधिकारबाट वञ्चित हुन पुग्छ । अत: यस्तो अवस्थामा कार्यालय मा कागजात सुरक्षित रुपमा राख्ने, राख्न लगाउने र नागरिकताको प्रमाणपत्रको कार्यालय प्रति प्राप्त नभएता पनि अभिलेखमा नाम उल्लेख छ भने पछि कार्यालय प्रति फेला परेको समयमा तदअनुरुप हुने गरी तत्काललाई रजिष्टरलाई नै आधार मानी नक्कल दिने तर यस अवस्थामा उही व्यक्ति हो होइन सो एकीन गर्ने ।

२. पितृत्वको ठेगान नभएको र नेपालमा फेला परेको बालकको पितृत्वको ठेगान नभएसम्म वंशजका नाताले नेपाली नागरिक हुने कुरा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९ (२) मा उल्लेख भएकोले विस्तृत छानबिन गरी उक्त कुरा ठहरिन आएमा सोही अनुसार गर्ने ।

३ पहिले वितरण भैसकेका नागरिकताका प्रमाणपत्रहरुमा बाबु, बाजुको नाम, थर, वतन इत्यादि र अन्य सार्थक प्रमाणित कागजातको आधारमा सानातिना कुराहरु प्रमुख जिल्ला अधिकारीको स्वविवेकले संशोधन गरी दिने ।

४ तत्कालीन बडाहाकिम, मजिष्ट्रेट र अञ्चलाधीशहरुले प्रदान गरेका नागरिकताका कार्यालय प्रति फेला नपरेको भनी कतिपय जिल्लाहरुबाट लेखी आएको हुँदा कार्यालय प्रति फेला नपरेमा नागरिकता प्रमाण नलिएका व्यक्तिलाई नागरिकता दिंदा अपनाउनु पर्ने प्रक्रिया अपनाई नागरिकता प्रमाणपत्र दिने ।

रोजगारीको लागि विदेशी मुलुकमा नोकरी गर्न गएका केही व्यक्तिहरुले आफ्नो फरक विवरण लेखाई नोकरी गर्न गएका र पेन्सन बुझ्न जाँदा नागरिकताको प्रमाण पत्रमा भएको विवरण र नोकरी गर्दा लेखिएको विवरणमा फरक परी विभिन्न सुविधाबाट वंचित हुन सक्ने देखिएको हुँदा पेन्सन पट्टा बमोजिम नागरिकतामा फलानो भन्ने फलानो भनी संशोधन गरी रेकर्डमा कारण जनाई प्रमाणित गर्ने ।

त्यसरी विदेशमा नोकरी गरेका व्यक्तिको मृत्यु भएपछि निजकी श्रीमतीको पनि विवरण फरक भएको कारणले सुविधाबाट वंचित हुने अवस्था देखिएमा प्र.जि.अ.ले "फलानी भन्ने फलानी" राखी संशोधन गरी रेकर्डमा सो कुरा जनाउने ।

६ वैवाहिक सम्बन्धको नाताले अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र दिने अधिकार श्री ५ को सरकारले प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरिसकेको छ तापनि अझै कतिपय जिल्लाबाट यस विषयमा निर्देशन माग भएको देखिएकोले प्रचलित कानून बमोजिम वैवाहिक अंगीकृत नेपाली नागरिकता प्रमुख जिल्ला अधिकारीले प्रदान गर्ने ।

७ विदेशमा जन्मेका नेपाली नागरिकका सन्तानले विदेशमा जन्मिएको आधारभूत प्रमाण पेश गरी जन्मस्थानको महलमा विदेशको ठेगाना राख्न कानून बमोजिम निवेदन दिएमा राखी नागरिकताको प्रमाण पत्र दिने ।

८ श्री ५ को सरकारको कार्यालय तथा संस्थानहरुमा कार्यरत कर्मचारी र तिनका परिवारलाई कार्यरत रहेको जिल्लाबाट पनि नागरिकताको प्रमाणपत्र दिन सक्ने ।

९ प्रचलित कानूनको अधीनमा रही जुनसुकै जिल्लाबाट नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिको अभिलेख स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालय र सम्बन्धित गा.वि.स./नगरपालिकामा पठाउने । सम्बन्धित गा.वि.स. वा नगरपालिकाले नागरिकता प्रमाणपत्रमा उल्लिखित विवरणहरुको यथार्थता बारे सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिने ।

ग श्री ५ को सरकारबाट तर्फ स्वीकृत कार्य विवरण अनुसार इलाका प्रशासन शाखा र सीमा प्रशासन शाखाहरुबाट निम्न कार्य नागरिकताको सम्बन्धमा गर्ने व्यवस्था मिलाउने-

१ नागरिकताको अस्थायी निस्सा पाएका वा नागरिकता टोलीले नाम दर्ता गरेका व्यक्तिहरुलाई छानबिन गरी नागरिकताको प्रमाण पत्र दिने । नागरिकताको प्रमाणपत्र पाइसकेका व्यक्तिले त्यस्तो प्रमाणपत्र हराई, च्यातिई वा नोक्सान भई प्रतिलिपि माग गरेको अवस्थामा प्रतिलिपि दिने ।

२ अन्य नागरिकताको सम्बन्धमा राय सहित जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

ग. नागरिकता टोलीले दिएको अस्थायी निस्सा, बाबुको नागरिकता, अनुसूची फाराम, गाउँ विकास समितिको सिफारिश, अचल सम्पत्तिको प्रमाण, जन्म दर्ता प्रमाणपत्र अन्य प्रमाणको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र दिइन्छ भन्ने कुरा सबैलाई जानकारी गराउने र नागरिकताको अस्थायी निस्सा पाएकाले सम्बन्धित इलाका प्रशासन वा सीमा प्रशासन शाखाबाट नागरिकताको प्रमाण पत्र पाउने कुराको जानकारी सम्बन्धित सबैलाई अवगत गराइदिन जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगर पालिका र जिल्ला स्थित सबै पार्टी कार्यालयलाई समेत अनुरोध गर्ने ।

माथि तोकिएका प्रमाणहरु समेत संलग्न राखी सिफारिश गर्ने गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई अवगत गराउने र झुठो विवरण वा बयान दिई आवेदन पत्र दिने र सिफारिश गर्ने व्यक्तिलाई नेपाल नागरिकता ऐन,२०२० को दफा १४ बमोजिम (५ वर्ष सम्म कैद वा १० हजार रुपैंया सम्म जरिबाना वा दुवै सजाय हुने तथा त्यस्तो झुठो विवरण दिई प्राप्त गरेको नागरिकताको प्रमाणपत्र रद्द हुने कानूनी व्यवस्था [illegible] समेत जानकारी गराउने ।

घ जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन शाखा र सीमा प्रशासन शाखाहरुमा नागरिकताको प्रमाणपत्र बनाउन चाहिने [illegible] स्पष्ट रुपमा बुझिने गरी [illegible] राखाइ दिने ।

ङ नागरिकताको प्रमाणपत्र लिन आउने व्यक्तिहरुको [illegible] उल्लेखित जन्म मिति र [illegible] प्रमाणपत्रको जन्म मितिमा फरक भएमा [illegible] कायम गरी दिने ।

च. नागरिकताको प्रमाणपत्र लिनको लागि चाहिने विभिन्न प्रमाणहरु नभएका व्यक्तिहरु पनि नागरिकताको प्रमाणपत्र माग गर्न आएमा छानविन गर्दा निज वंशजका नाताले नेपाली नागरिक हो भन्ने एकीन हुन आएमा नागरिकता प्रमाणपत्र दिने ।

छ. एक पटक नागरिकताको प्रमाणपत्र लिई सकेका महिलाहरुले दोश्रो विवाह गरे पछि नागरिकतामा उल्लिखित पतिको नाम, थर, जात, ठेगाना संशोधनका लागि निवेदन गर्न आएमा कानून बमोजिम पारपाचुके गरी दोश्रो विवाह गरेको रहेछ भने पतिको नाम, थर, जात र ठेगाना प्रमुख जिल्ला अधिकारीले संशोधन गरी दिने ।

ज. नेपालको संविधान , २०१९ प्रारम्भ भएपछि नेपालको नागरिताको प्राप्ति समाप्ति र ततसम्बन्धी अन्य कुरा कानूनले निर्धारित गरे बमोजिम हुने धारा ८ को उपधारा (१) को व्यवस्था अनुसार बनेको नेपाल नागरिकता ऐन, २०२० को दफा ९ को उप दफा (२) मा " कुनै व्यक्ति विदेशी मुलुकको र नेपालको नागरिक जन्म र बंशजको नाताले एकसाथ भएको मा सोह्र वर्ष पुगेको पांच वर्ष भित्र त्यस्ता व्यक्तिले कुनै एक मुलुकको नागरिकता रोज्नु पर्छ त्यसरी नागरिकता नरोज्ने व्यक्तिको सो म्याद नाघेपछि नेपाली नागरिकता स्वत लोप हुनेछ ।
तर ऐन प्रारम्भ हुनु भन्दा अघिका त्यस्ता नागरिकहरुका हकमा २०३७ साल चैत्र मशान्त सम्ममा सो बमोजिम नागरिकता रोजि सक्नु पर्ने छ । अन्यथा निजको नागरिकता स्वत लोप हुनेछ" । भन्ने व्यवस्था भएको पाइन्छ ।

नेपालको संविधान, २०१९ को धारा ८ को उप धारा (१) ले नागरिकताको समाप्ति सम्वन्धमा आवश्यक कानून बनाउन सक्ने अधिकार दिएको र सोही अनुसार बनेको कानून नेपाल नागरिकता ऐन, २०२० को दफा ९ को उप दफा (२) नेपालको नागरिकता लोप हुन सक्ने अवस्था निर्धारण गरेकोले सोही दफाको प्रतिबन्धात्मक बांक्यास अनुसार २०३७ साल चैत्र मसान्त सम्म नेपालको नागरिकता नरोज्ने व्यक्तिको नेपालको नागरिकता स्वत लोप भई सकेकोले निजहरुलाई जन्मसिद्ध वा बंशजको आधारमा नागरिकता दिन मिल्ने देखिंदैन ।

झ. नागरिकताको प्रमाणपत्र दिइने अवधि

१. परेका निवेदनहरु छानविन गरी प्रमाणपत्र दिन उपयुक्त देखिएका आवेदकहरुलाई तीन दिन भित्र नागरिकताको प्रमाणपत्र दिने ।

२. छानविनबाट थप प्रमाण आवश्यक पर्ने देखिएका आवेदकहरु जसलाई खण्ड (झ)को १ बमोजिम नागरिकताको प्रमाणपत्र प्रदान गर्न सकिन्न त्यस्ता व्यक्तिहरुलाई के के कागजात नपुग भयो, थप के के प्रमाण पेश गर्नु पर्ने हो सो सम्बन्धमा भोलिपल्ट सम्ममा स्पष्ट रुपले जानकारी गराउने ।

३. नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ को उपनियम (२) अनुसार नागरिकताको प्रमाणपत्र प्राप्त गर्न दिइने निवेदन अनुसूची १ मा जिल्ला विकास समितिको सभापति वा उपसभापति, नगरपालिकाको प्रमुख वा उपप्रमुख , गाउं विकास समितिको अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ को सरकारका वहालवाला राजपत्रांकित अधिकृत मध्ये कुनै एकको मात्र सिफारिश भए पुग्नेमा नियम ३ को उपनियम (२) अनुसार निवेदक वसोवास गरी आएको ..डा वा निर्वाचित गाँउ विकास समिति वा नगर पालिकाको सदस्यको सिफारिश नभए निवेदन ..त्तै दर्ता नगरिदिने भन्ने गुनासोहरु सुनिन आएकोले नियम ३ को उपनियम (१) अनुसारको मात्र सिफारिश भई आएमा पनि निवेदन पत्र दर्ता गरी जाँच बुझ गरी नागरिकता दिने ।

दस्तुर सम्वन्धी व्यवस्था:

नागरिकताको प्रमाणपत्र लिन आवश्यक हुने दस्तूरको विवरण कार्यालय वाहिर सवैले देख्ने गरी ठूलो अक्षरमा लेखी टांग्ने र स्थानीय निकाय तथा राजनैतिक दलहरु मार्फत सर्वसाधारणलाई जानकारी गराउने ।

नागरिकताको प्रमाणपत्र पाउनु पर्ने सवैले प्रमाणपत्र पाए नपाएको अनुगमन प्रमुख जिल्ला अधिकारीले नियमित रुपमा गर्ने । साथै, नागरिकता लिने क्रममा कसैलाई कुनै अप्ठेरो परेको वा ..य सिकायत भएमा त्यस्तो सिकायत बारे समयमै जानकारी हासिल गर्ने किसिमको उपयुक्त व्यवस्था मिलाउने ।

(देवराज रेग्मी)
उप-सचिव

परिपत्र नं. १(क) परिपत्र नं. १(ख)

१४

[illegible]

श्री ५ को सरकार

गृह मन्त्रालय

(सेन नियम परामर्श शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल

[illegible] ३६६

२०५०/११/२५

विषय :- परिपत्र ।

जिल्ला प्रशासन कार्यालय,

सबै ।

नागरिकताको प्रमाण–पत्र र शैक्षिक योग्यताको प्रमाण–पत्रमा उल्लेखित जन्म मिति फरक परेमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यताको प्रमाण – पत्रमा उल्लेखित जन्म मितिलाई आधार मान्ने " भनी श्री ५ को सरकार ( म. प. ) स्तर मिति २०५०।११।१६ मा निर्णय भएकोले तदनुरुप गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

२०५०।११।२५
([illegible] कुमार वैद्य)
कानून अधिकृत

श्री ५ को सरकार
गृह मन्त्रालय
(नागरिकता तथा [illegible] शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्रसंख्या : ना.क्र. १ का ०४१।४२ च. नं. २०

२०४१।४।१५

विषय : - दस्तखत नमूना पठाउने ।

श्री जिल्ला प्रशासन कार्यालय,सबै ।
श्री इलाका प्रशासन शाखा,सबै ।
श्री सीमा प्रशासन शाखा,सबै ।

नेपाली नागरिकताको प्रमाणपत्र र नागरिकता प्रतिलिपिमा दस्तखत गर्ने अधिकार प्राप्त अधिकृत (सीमा तथा इलाका प्रशासन शाखाको समेत) को दस्तखत नमूनाको २।२ प्रति प्रमाणित गरी मन्त्रालयमा पठाउने व्यवस्था गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ । दस्तखत कार्डको नमूना यसै साथ संलग्न राखी पठाइएको बेहोरा अनुरोध छ ।

(बालकृष्ण प्रसाई)
उप सचिव

श्री ५ को सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा अध्यागमन शाखा)

सिंहदरबार
काठमाडौं ।
मिति : २०५१ । ७ ।११

प.सं. ना. अ. १(७) ०५१।५२
च.नं. २६७

विषय : परिपत्र ।

श्री जिल्ला प्रशासन कार्यालय,
........सोले....... ।

झुठो विवरण वा बयान दिई जन्म वा वंशजको नाताले नेपाली नागरिकता प्राप्त गरेको उजुरी सम्बन्धमा आवश्यक जाँचबुझ र छानवीन गरी प्र.जि.अ. ले नै कारबाही गर्न सक्ने देखिए कारबाही शुरु गर्ने र प्र.जि.अ.को अधिकार क्षेत्र भन्दा बाहिरको देखिए के गर्न उचित हुन्छ आफ्नो किटानी राय साथ पठाउन यस मन्त्रालयबाट मिति ०४९।४।२७ च.नं. ७४ को परिपत्र भएकै छ ।

झुठो विवरण वा बयान दिई नेपालको नागरिकता प्राप्त गरेका वा त्यस्तो नागरिकता दिलाउन सिफारिश गर्ने व्यक्तिहरु उपर कतिपय जिल्लाहरुले कानूनी कारबाहीको लागि सम्बन्धित अदालतमा सिधै मुद्दा दायरका लागि प्रहरी कार्यालयमा लेखी पठाउने र नागरिकता प्रमाणपत्र रद्दका लागि पछि मात्र मन्त्रालयमा सिफारिश भई आउने गरेको पाइएकोले नागरिकता प्रमाणपत्र प्राप्त गर्नु पूर्वको स्थितिको हकमा झुठो विवरण वा बयान दिई नागरिकता प्रमाणपत्र लिन खोज्ने वा दिलाउन सिफारिश गर्ने व्यक्ति उपर आवश्यक छानवीन तथा तहकिकात गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने तर नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको अवस्थामा नेपाल नागरिकता ऐन, २०२० (संशोधन सहित) दफा १० (३क) बमोजिम कारबाहीका लागि प्र.जि.अ.को किटानी रायसाथ मन्त्रालयमा पठाई नागरिकताको प्रमाणपत्र रद्दको निर्णय भएपछि मात्र झुठो विवरण वा बयान दिई नागरिकता प्राप्त गर्ने र त्यस्तो नागरिकता दिलाउन सिफारिश गर्ने व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही चलाउने व्यवस्था हुन मिति ०५१।७।८ को निर्णयानुसार अनुरोध छ ।

(कामकृष्ण घर्ती)
उ. स.

ना. तथा अ.

श्री ५ को सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा [illegible] शाखा)

[illegible]

[illegible]

विषय :- नागरिकता कार्ड सुरक्षा सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

कार्यालयमा रहेका खालि नागरिकता कार्डहरु चोरि भएको घटनाको जानकारि विभिन्न जिल्ला प्रशासन कार्यालयबाट आउने गरेको छ । नागरिकता जस्तो संवेदनशील विषयमा यी कार्डहरु हराउँदै जाने घटना प्रति चनाखो हुनु पर्ने अति आवश्यक छ । यस प्रकारका घटना हुन र दोहोरिन नदिनका लागि कार्यालयमा पालो पहराको व्यवस्था राम्रो सँग मिलाउन र कार्डको जिम्मा माथवर व्यक्तिलाई दिई कार्यालयमा कार्यरत सबै कर्मचारी र सामुहिक उत्तरदायित्वको बोध गर्नु पर्ने हुन्छ । कार्ड हराए तर्फ तदारुखताका साथ कारवाई गर्न र हराउन नपाउने व्यवस्था गर्नु हुन आदेशानुरुप अनुरोध गर्दछु ।

(उप सचिव)

श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन शाखा

प. सं. - जि.प्र.फु १७।०५१।०५२
च.नं. - ३३३३

सिंहदरबार, काठमाण्डौ
मिति - ०५२।२।२८

विषय :- नावालक परिचय पत्र बारे ।

श्री जिल्ला प्रशासन कार्यालयहरु
सबै ।

नेपाली महिलाले बिदेशी नागरिकसँग विवाह गरे पछि पनि निजसँग भएको नेपालको नागरिकता र राहदानीको आधारमा, निजबाट जाय जन्म भएका नावालकहरुलाई नाता प्रमाणित गरी नावालक परिचयपत्र दिने नदिने संबन्धमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट निर्देशन माग भै आएकोमा कारवाही हुँदा विदेशी नागरिकसँग विवाहित नेपाली महिलाबाट जन्मेका छोरा छोरीले पिता नेपालको नागरिक नभएको हुँदा नेपालको नागरिकता पाउन सक्ने कानूनी प्रावधान नभएता पनि निजको साथमा रहेका नावालकहरुको लागि स्थानीय प्रशासन ऐन २०२८ को दफा ९ को उप-दफा (८) बमोजिम आमाको नागरिकता नं. र पिताको नाम समेत जनाई नाता प्रमाणित वा नावालक परिचय पत्र जारी गर्न कुनै बाधा नपर्ने कुरा संबन्धित सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिने गरी श्री ५ को सरकार (सचिवस्तर) बाट मिति ०५२।२।२५ मा निर्णय भएको हुँदा निर्णयानुसार जानकारीको लागि अनुरोध गरेको छु ।

(आत्माराम पाण्डे)
उप-सचिव

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना. तथा अ. शाखा)

पत्र संख्या- ना.अ.१(क) ०५५।५६ च.नं. १७

प्राप्त पत्र संख्या र मिति-

सिंहदरबार

काठमाडौं, नेपाल ।

मिति- २०५५।६।२१

विषय: निर्णय कार्यान्वयन गर्ने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,

(सबै) ।

नागरिकता समस्या समाधानका लागि उच्चस्तरीय नागरिकता आयोगले श्री ५ को सरकार समक्ष पेश गरेको सुझावहरु निम्नानुसार कार्यान्वयन गर्ने भनी श्री ५ को सरकार (मन्त्रिपरिषद्) बाट २०५२।४।१४ मा निर्णय भएको हुँदा म. प. को निर्णयानुसार गर्ने गराउने व्यवस्था हुन निर्णयानुसार अनुरोध गरिन्छ ।

१. नागरिकता नियमावलीको अनुसूचि १ बमोजिमको ढाँचामा वंशजको आधारमा नागरिकता पाउने रीतपूर्वकको आवेदन प्राप्त भए पछि शंका गर्ने मनासिब माफिकको कारण भएको अवस्थामा बाहेक साधारणतया सिफारिसको आधारमा नागरिकता प्रमाणपत्र दिने नीति लिने भन्ने निर्णय भएकोले सो अनुरुप नागरिकता प्रमाणपत्र दिने व्यवस्था गर्न ।

२. नागरिकताको लागि प्राप्त आवेदन उपर मनासिब माफिकको शंका लागेमा, छानविन गरी ठहर गर्नु पर्ने अवस्था देखिएमा प्र.जि.अ. ले बढीमा ६० दिन भित्र छानविन गरी आवेदक नेपाली नागरिक हो होइन भन्ने ठहर गर्नु पर्ने ।

३. नागरिकताको आवेदनमा सिफारिस गर्ने अधिकारीले शंका लागेमा वंशज खुल्ने प्रमाण (बाबु वा आमा वा दाजुभाइ वा सहोदर काका वा जेठाबाबु वा काका वा जेठाबाबुका छोराहरुमध्ये कसैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,) जन्मसिद्धको हकमा जन्मको प्रमाण, स्थायी बसोबास,जग्गाजमिनको प्रमाण (आफ्नो वा वंशजको व्यक्तिहरुको नाममा भएको) वा नागरिकता नियमावलीको नियम ३ को उपनियम (४) मा व्यवस्था भएको प्रमाण आदि समेतलाई आधार मानी सिफारिस गर्न सक्ने नीति लिने दिने निर्णय भएकोले सो अनुरुप गर्ने व्यवस्थाको लागि प्र.जि.अ. ले सिफारिस गर्ने अधिकारीलाई जानकारी गराउन ।

प्रक्रियागत त्रुटीका कारणले यदाकदा वंशजको व्यक्तिले जन्मसिद्धको र जन्मसिद्धको नागरिकता लिनु पर्ने व्यक्तिले वंशजको नाताले नागरिकता लिएको पाईएको अवस्थामा सो सम्बन्धमा छानविन गरी वंशज वा जन्मसिद्ध के को आधारमा नागरिकता पाउनु पर्ने हो सो ठहर गरी पहिले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र झिकी, सो अनुरुपको नागरिकताको प्रमाणपत्र जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने ।

५ समाजमा अझै विद्यमान रहेको जातिगत संकीर्णताले गर्दा जातीय आधारमा आफूलाई हीनताबोध गर्ने व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गर्ने गरेको हुनाले त्यस्तो व्यक्तिहरुको सम्बन्धमा छानविन गरी व्यहोरा मनासिब देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने। साथै विदेशमा रोजगारी गर्ने गएका व्यक्तिहरुको नाम, थर फरक गरी रोजगारी गरेको भए पेन्सन पट्टाको सुविधा उपयोग गर्न पाउने गर्नको लागि त्यस्ता व्यक्तिहरुको नागरिकता प्रमाणपत्र सच्याइ दिने। त्यस्तै महाकाली अञ्चलका केही जिल्लाहरुका व्यक्तिले अशोभनीय थर ठग, ढाँट, चोर, भूल आदि राखी लिएको नागरिकतामा थर सच्याउन चाहेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्रमा थर सच्याई दिने।

६ अंगीकृत नागरिकता लिएका विदेशीको नावालक सन्तानको नागरिकता वावुले नागरिकता परित्याग गरेपछि अंगीकृत नागरिकता लिएका विदेशीको नावालक सन्तानको नागरिकता पनि स्वत नरहने स्थिति रहेकोले नागरिकता प्राप्ति गर्नु अघि अंगीकृत नागरिकबाट जन्मेका नावालक सन्तानले उमेर पुगी नेपालको अंगीकृत नागरिकता लिन चाहेकी अवस्थामा बाबुले पूर्व मुलुकको नागरिकता परित्याग गरेकोलाई परित्यागको आधारमानी अंगीकृत नागरिकता प्रदान गर्ने नीति अवलम्वन गर्ने।

७. नेपालको संविधान, २०१९ लागू भएपछि नेपालमा जन्मेका जन्मसिद्धको नागरिकता प्रमाणपत्र लिएका नागरिकका भाइ तथा अविवाहित वहिनीले नेपालको नागरिकता पाउन सक्ने कानूनी व्यवस्था नभएकोले त्यस्ता व्यक्ति हाल नेपालमा स्थायी वसोवास गरी आएका भए त्यस्ता जन्मसिद्ध नागरिकका भाइ तथा अविवाहित वहिनीले अंगीकृत नागरिकता माग गरेको अवस्थामा प्राथमिकता दिने नीति लिने।

८. अंगीकृत नागरिकका नावालकहरुलाई अंगीकृत नागरिकता लिन केही सरलीकरण गर्ने उद्देश्यले नेपाल नागरिकता ऐन, २०२० को दफा ६ (५) मा भएको विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्व शान्ति, मानवकल्याण वा नेपालको उद्योगधन्दा वा आर्थिक उन्नतिमा योगदान भएको वा गर्न सक्ने हुनुपर्ने व्यवस्था लागू नहुने गर्न ऐनमा संशोधन गर्ने। आयोगको सुझावका सम्बन्धमा त्यस्ता नागरिकका नावालक सन्तान (हाल उमेर पुगेका) लाई अंगीकृत नागरिकता दिने सम्बन्धमा निर्णय हुँदा आयोगको सुझावलाई समेत दृष्टिगत गर्ने।

९ माथि दफा ८ मा उल्लेख भएका विदेशी व्यक्ति बाहेक अन्य विदेशीको हकमा अब उप्रान्त त्यस्ता व्यक्तिको पारिवारिक लगत र आश्रित सङ्ख्या तथा मूलुकको वहन क्षमतालाई पनि दृष्टिगत गरी नागरिकता दिने नीति लिने।

१० नागरिकता प्रमाणपत्रको लागि सिफारिश गरिएका व्यक्तिहरुको लगत गा.वि.स./न.पा. मा अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नका लागि जिल्ला विकास समिति मार्फत आवश्यक व्यवस्था गर्ने।

११ नागरिकता प्रमाणपत्रमा दस्तखत गर्ने अधिकारीको नमूना दस्तखत (Specimen Signature) ३ (तीन) प्रति नियमित रुपमा मन्त्रालयमा पठाउने।

(बालकृष्ण प्रसाई)
उप-सचिव

९८

श्री ५ को सरकार

गृह मन्त्रालय

(ना. तथा अ. शाखा)

पत्र संख्या :- ना. अ. १(क) ०५२।५३ च. नं. २८५

प्राप्त पत्र संख्या र मिति :-

सिंहदरबार

काठमाण्डौ, नेपाल ।

मिति :- २०५२।४।१८

विषय :-

श्री ..............................................सचिवालय,

श्री ५ को सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरुको सिफारिसमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौबाट अन्य जिल्लाका व्यक्तिहरुलाई पनि नागरिकताको प्रमाणपत्र दिने प्रचलन रहेकोमा सो कार्य बन्द गर्ने गरी श्री ५ को सरकार(मन्त्रिपरिषद्) बाट २०५२।४।४ मा निर्णय भए अनुरुप आगामी असोज १, २०५२ देखि अन्य जिल्लाका व्यक्तिलाई नागरिकताको प्रमाणपत्र दिने कार्य बन्द गर्ने निर्देशन उक्त कार्यालयलाई पठाईसकिएको वेहोरा जानकारीका लागि सादर अनुरोध गर्दछु ।

(मोहन बहादुर के.सि.)

शाखा अधिकृत

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय,

काठमाण्डौ ।

२४

श्री ५ को सरकार
गृह मन्त्रालय
([illegible] शाखा)

पत्र संख्या :- [illegible]
प्राप्त पत्र संख्या र मिति :-

सिंहदरबार
काठमाण्डौ, नेपाल
मिति :- २०५२।४।१८

श्री जिल्ला प्रशासन कार्यालय,
..........................................

नागरिकताको अनुसूचीमा नगरपालिका वा गाउँ विकास समितिका कार्यवाहक प्रमुख वा अध्यक्ष भएका सदस्यले गरेको सिफारिसलाई मान्यता दिन मिल्ने नमिल्ने सम्बन्धमा निर्देशनकोलागि माग भई आएको सन्दर्भमा गा. वि. स. ऐन, २०४८, नगरपालिका ऐन, २०४८ अनुसार गां. वि. स. अध्यक्ष र न. पा. का. प्रमुखले उपाध्यक्ष र उप-प्रमुख नभएको अवस्थामा कुनै सदस्यलाई कार्यवाहक दिन सक्ने व्यवस्था भएको र कार्यवाहक भएको अवस्थामा कार्यालयको दैनिक काम समेत त्यस्तो सदस्यले संचालन गर्ने हुँदा सर्वसाधारण जनतालाई नागरिकताको अनुसूचीमा सिफारिश गर्ने व्यक्तिको अभाव नहुने गरी अड्किन नदिन अब उप्रान्त गा. वि. स. वा नगरपालिकाको कार्यवाहक अध्यक्ष वा प्रमुख भएका सदस्यले नागरिकताको अनुसूचीमा गरेको सिफारिसलाई मान्यता दिन सबै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने भनी श्री ५ को सरकार (मन्त्रिस्तरीय) बाट २०५२।४।१४ मा भएको निर्णयानुसार अनुरोध गर्दछु ।

(मोहन बहादुर के.सी.)
शाखा अधिकृत

श्री ५ को सरकार
गृह मन्त्रालय
(ना. तथा अ. शाखा)

पत्र सख्या :- ना. अ. १(क) ०५२।५३ च. नं. [illegible]
प्राप्त पत्र सख्या र मिति :-

सिंहदरबार
काठमाण्डौ, नेपाल ।
मिति :- २०५२।४।१८

विषय :- जन्मस्थान संशोधन बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
...........शाखा।...........

जन्मस्थान नेपाल देखाई नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेका व्यक्तिहरुले आफ्नो जन्म हङकङ (विदेश) मा भएकोले प्राप्त नागरिकता प्रमाणपत्रमा जन्मस्थान संशोधन गरि पाउन सप्रमाण माग गर्ने गरेकाले त्यस्ता व्यक्तिहरुको नागरिकता प्रमाणपत्रमा जन्मस्थान संशोधन गर्ने सन्दर्भमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट निर्देशनको लागि माग भै आएको सम्बन्धमा खासै गरी हङकङमा जन्मिएका व्यक्तिको नागरिकता प्रमाणपत्रमा जन्मस्थान नेपाल उल्लेख भएको रहेछ भने त्यस्ता व्यक्तिहरुको नागरिकता प्रमाणपत्र संशोधन गरी दिने व्यवस्था हुन श्री ५ को सरकार (मन्त्रिस्तर) को मिति २०५२।४।५ को निर्णयानुसार अनुरोध गरिन्छ ।

साथै, नेपालमा जन्मिएका व्यक्तिको जन्मस्थान हङकङ (विदेश) कायम गर्न कानूनले नमिल्ने हुदाँ कथमकदाचित त्यस्ता व्यक्तिहरुको नागरिकता प्रमाणपत्रमा हङकङ जन्मस्थान गरी संशोधन गरेको पाइएमा विभागीय सजायको कारवाही हुने वेहोरा समेत निर्णयानुसार जानकारीको लागि अनुरोध गरिन्छ ।

(मोहन बहादुर के.सि.)
शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(नागरिकता तथा अध्यागमन शाखा)

पत्र संख्या: ना. अ.-१ (२०) ०५२।... , ... ४५५
प्राप्त पत्र संख्या र मिति:-

सिंहदरवार
काठमाडौं, नेपाल ।
मिति २०५२।७।२

विषय :-

श्री जिल्ला प्रशासन कार्यालय,

.......................................... ।

श्री ५ को सरकार र सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीका परिवारलाई झैं शिक्षकको परिवारलाई पनि शिक्षक कार्यरत जिल्ला (बेजिल्ला) बाटै नागरिकता प्रमाणपत्र दिन मिल्ने/नमिल्ने बारेमा निर्देशन माग भै आएको सन्दर्भमा श्री ५ को सरकारको बजेटबाट तलव भत्ता खाने र वंशज / जन्मसिद्ध नागरिकता (बाबुको) प्राप्त गरेका स्थायी शिक्षकका परिवारलाई समेत कर्मचारीका परिवारलाई नागरिकता प्रमाणपत्र दिंदा अवलम्बन गर्नुपर्ने प्रक्रिया अपनाई नागरिकताको प्रमाणपत्र दिन सकिने नीति श्री ५ को सरकारको २०५२।६।२४ को निर्णयबाट प्रतिपादन भएको हुँदा निर्णयानुसार गर्नु हुन अनुरोध गरिन्छ ।

साथै, उपर्युक्त बमोजिम बेजिल्लाका शिक्षकका परिवारलाई नागरिकता दिंदा सम्बन्धित गा. वि. स. तथा जिल्ला प्रशासन कार्यालयलाई समेत अनिवार्य रुपमा जानकारी दिने व्यवस्था हुन अनुरोध गर्दछु ।

( बालकृष्ण प्रसाई )
उप-सचिव

२१

श्री ५ को सरकार
# गृह मन्त्रालय
ना. तथा अ.
(.......................... शाखा)

ना.अ. १(क) ०५२।५३ च. नं. ६४१

सिंहदरवार,
काठमाडौं, नेपाल।
मिति... २०५२।८।१७

विषयः–

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

नेपालको अंगीकृत नागरिकता प्राप्तीकालागि र बिदेशमा जन्मिएका नेपाली उत्पतिका २१ वर्ष पुरा गरिसकेका व्यक्तिले जन्मस्थान बिदेश कायम गराई नागरिकताको प्रमाणपत्र पाउन वा जन्मस्थान विदेश संशोधन गर्नकालागि दिएका निवेदन के, कति छन् ? निम्न बमोजिमको विवरण यसै संलग्न फर्मेट बमोजिम भरी ७ दिन भित्र उपलव्ध गराई दिनु हुन आदेशानुसार अनुरोध छ।

१. नेपालको अंगीकृत नागरिकता प्राप्तीकालागि पिताले आबेदन दिदाका अवस्थामा नाबालक रहेका तर पितालाई नेपालको अंगीकृत दिने गरी निर्णय हुँदाका बखत बालिक भैसकेका अंगीकृत नागरिकका सन्तानले नेपालको अंगीकृत नागरिकता प्राप्तीकालागि दिएका २०४७।७।२२ सम्मका निबेदन र सो पछि हाल सम्म दिएका निवेदनको पृथक पृथक विवरण।

२. बाबु, धेरै वर्ष अगाडी देखि नेपालमा आई स्थायी बसोवास गर्दै रहेको तर नागरिकता प्रमाणपत्र नलिई मृत्यु भैसकेको अवस्थाको व्यक्तिको २०१९ साल पौष १ भन्दा पछि जन्मेका र २०३७ साल चैत्र मसान्त भित्र नेपालको नागरिकता रोजी नसकेका सन्ततीलाई जन्मसिद्ध नागरिकता दिन सक्ने प्रचलित कानूनी व्यवस्था नरहेको हुँदा त्यस्ता व्यक्तिले आफ्नो दाज्यू वा दिदी कसैले प्राप्त गरेको जन्मसिद्ध नागरिकताको प्रमाण संलग्न गराई अंगीकृत नागरिकता प्राप्तीकालागि दिएका निबेदनको उपर्युक्त बमोजिमको बिबरण।

३. पिताले नेपालको अंगीकृत नागरिकता पनि प्राप्त नगरेको तथा दाज्यू, दिदीले नेपालको जन्मसिद्ध नागरिकता पनि प्राप्त नगरेको तर आफ्नो पूर्व मुलुक छोडी नेपालमा स्थायी बसोबास गर्ने उद्देश्य लिई नेपालमा अटुट रुपमा बसोबास गर्दै आएका बिदेसीबाट परेको निवेदनको उपर्युक्त बमोजिमको बिबरण।

४. वंशज र जन्मको आधारमा नेपाल र बिदेशको नागरिक हुन सक्ने हैसियत देखिने नेपाली उत्पतिका सन्ततीले २१ वर्ष भित्र नेपालको नागरिकता रोजीसक्नु पर्ने नेपाल नागरिकता ऐन (संशोधन सहित) २०२० को दफा ९ (२) ले व्यवस्था गरेको हुँदा २१ वर्ष नाघेका त्यस्ता व्यक्तिले जन्मस्थान विदेश देखाई नागरिकता लिन वा नेपालको वतन देखाई लिएको नागरिकतामा जन्मस्थान संशोधन गर्न दिएका निवेदनको संलग्न फर्मेट बमोजिमको विवरण।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(...... ना. तथा अ. को शाखा)

गृह मन्त्रालय
सिंहदरबार

पत्र संख्या:- ना. अ. १(३) ०५२।५३

प्राप्त पत्र संख्या र मिति:- च. नं. ६६१

सिंहदरबार
काठमाडौं, नेपाल ।
मिति ... ..२०५३।८।२०... ...

विषय:- नाम, जात, उमेर सच्याउने सन्दर्भमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

परिक्षा नियन्त्रण कार्यालयको च.नं. ११६५ मिति ०५२।८।१२ को पत्रबाट माध्यमिक शिक्षा उत्तीर्ण (एस.एल.सी.) परीक्षा समितिको मिति ०५२।७।१० को निर्णयानुसार शैक्षिक योग्यताको (निस्सा) (लब्धांक पत्र) प्राप्त गरेको ६ महिना अवधि भित्रकोलागि मात्र जिल्ला प्रशासन कार्यालयले कारवाई गरी दिने ब्यवस्था हुन अनुरोध छ भनी लेखी आएकोले त्यसरी शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम, थर, उमेर सच्याउन आएका आबेदन उपर कारवाई गर्दा सो सम्बन्धी नियमहरु २०१७ को नियम ६ को उप नियम (१) बमोजिम मात्र कारवाई गर्न निर्देशानुसार अनुरोध गरिन्छ ।

०५२-८-२०
शाखा अधिकृत

**बोधार्थ**

श्री परीक्षा नियन्त्रण कार्यालय,
सानोठिमी, भक्तपुर

- त्यहाँको च.नं. ११६५ मिति ०५२।८।१२ को पत्रको सन्दर्भमा ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

ना. तथा अ... शाखा

(... ... ... ... ... ... शाखा)

सिंहदरवार

काठमाडौं, नेपाल।

पत्र संख्याः– न.अ.१६ ०५२।५३ च.नं. ७१९

प्राप्त पत्र संख्या र मितिः–

मिति ... ...२०५२।९।२ ... ...

विषयः– नाम, जात, थर, उमेर सच्याउने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नाम, जात, थर, उमेर सच्याउने सम्बन्धमा सो सम्बन्धी नियमहरु २०१७ को नियम ६ को उपनियम (१) बमोजिम मात्र कारवाही गर्ने भनि लेखिएको यस मन्त्रालयको च.नं. ६६१ मिति ०५२।८।२० को परिपत्र प्राप्त भएकै छ । सो सम्बन्धमा उक्त परिपत्रमा शैक्षिक योग्यताको (निस्सा) (लब्धांकपत्र) भन्ने शब्द परेकोमा द्विविधा परेको भनि विभिन्न जिल्लाबाट सोधनी भै आएको हुँदा तत्सम्बन्धी कारवाही गर्दा निवेदकले आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र पाएको मितिले ६ महिना भित्र निवेदन दिएमा त्यहाँबाट कारवाही चलाउन मिल्ने व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०५२।९।२

शाखा अधिकृत

बोधार्थ

श्री परीक्षा नियन्त्रण कार्यालय,
सानोठिमी, भक्तपुर ।

O/C

२२

श्री ५ को सरकार

गृह मन्त्रालय

(... ... ... ... ... ... ... ... ना. तथा अ. शाखा)

पत्र संख्या:- ना.अ.१(क) ०५२/५३ प.न. ८२०

प्राप्त पत्र संख्या र मिति:-

सिंहदरबार

काठमाडौं, नेपाल ।

मिति ... ... २०५२।९।१९

विषय:- अंगीकृत नागरिकताको प्रतिलिपि वारे ।

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

यस मन्त्रालय र तत्कालीन अंचलाधीश कार्यालयहरुबाट वितरण भएका अंगीकृत नागरिकताका प्रतिलिपि पाउँ भनी संवन्धित व्यक्तिले माग गर्न आएमा के, कसरी दिने भनी विभिन्न जिल्लाबाट निर्देशन मागी आएको व्यहोरा पेश हुदा कतिपय जिल्लाहरुमा तत्सम्वन्धि अभिलेखहरु नभएका, भएपनि अस्पष्ट भएका र कार्यालयको छाप तथा नागरिकताको कार्ड सम्वन्धमा पर्ने प्राविधिक कठिनाई समेतलाई हेर्दा त्यस किसिमका नागरिकताका प्रतिलिपि गृह मन्त्रालयबाटै दिन उपयुक्त देखिएकोले त्यस कार्यालयमा त्यस किसिमका निवेदनहरु प्राप्त हुन आएमा सोउपर वास्तविकता बुझी प्र.जि.अ.को राय सहित यस मन्त्रालयमा पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

०५२।९।१०

उप-सचिव

श्री ५ को सरकार

# गृह मन्त्रालय

(... ... ... ... ... ... ... शाखा)
ना. तथा अ.

पत्र संख्या:- ०५/०५७ ९(३) च.नं. ७६४३
प्राप्त पत्र संख्या र मिति:-

सिंहदरबार
काठमाडौं, नेपाल ।
मिति ...२०५२।९।१०... ...

विषय:-
नाम, जन्ममिति संशोधन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै,

केही जिल्ला प्रशासन कार्यालयहरुबाट हङकङको जन्म प्रमाण-पत्रको आधारमा नाम र जन्म मिति समेत पहिले लिएको नागरिकताको प्रमाण पत्रमा सच्याउने सम्बन्धमा माग भै आएकोमा हङकङ जन्मस्थान भएको सन्दर्भमा यस मन्त्रालयको मिति ०५२।५।१८ को परिपत्र बमोजिम गर्ने र नाम र जन्ममिति सच्याउने सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नु गराउनु हुन मिति ०५२।९।६ को निर्णय अनुसार अनुरोध गरिन्छ ।

०५२।९।१०
उप सचिव

२५

श्री ५ को सरकार
गृह मन्त्रालय
(... ... ... ...ना. तथा अ. व्यवस्था)

सिंहदरवार
काठमाडौं, नेपाल ।

पत्र संख्या:– ना. ४१.१(२) च.नं. ७६६ २
प्राप्त पत्र संख्या र मिति:–

मिति ... ... ... २०५२।९।१२ ...

विषय:– सिफारिश गर्ने अधिकारी सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न भर्नु पर्ने अनुसूची फारामहरुमा कसको सिफारिश आवश्यक पर्छ भन्ने विषयमा नेपाल नागरिकता नियमावली २०४९ को नियम ३ को उपनियम (१) समेत मा स्पष्ट व्यवस्था छँदैछ तापनि यस्ता अनुसूचीहरुमा राजप्रसाद सेवाका अधिकृत, शाही नेपाली सेनाका अधिकृत, नेपाल प्रहरीका अधिकृत तथा राष्ट्रिय अनुसन्धान बिभागका अधिकृतहरु समेतबाट सिफारिश भई आउने हुँदा सो सिफासिश कानून सम्मत हुन्छ हुदैन भनी जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट निर्देशन माग भएको ।

नागरिकताको अनुसूची सिफारिश गर्ने उपर्युक्त व्यवस्था बमोजिमका सिफारिश कर्ताहरुमा श्री ५ को सरकारका वहालवाला राजपत्रांकित अधिकृतहरु समेत पर्ने हुँदा श्री ५ को सरकारका बहालवाला राजपत्रांकित अधिकृत बाहेक अन्य अधिकृतहरुको सिफारिशबाट नागरिकता दिन मिल्ने देखिएन तर नागरिकताको बिबाद परेको खण्डमा सो विवादको अनुसन्धान समेतमा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न हुनु पर्ने बहालवाला प्रहरी अधिकृत र राष्ट्रिय अनुसन्धान बिभागका बहालवाला अधिकृतहरुले उक्त अनुसूचीमा सिफारिश गर्दा स्वयं सिफारिशकर्ताकै अनुसूची पनि अनुसन्धान गरिनु पर्ने अनुसूची भित्र पर्न जान सक्ने हुँदा सो विषयमा प्रहरी अधिकृत र राष्ट्रिय अनुसन्धान बिभागका अधिकृतहरुबाट सिफारिश गर्न नमिल्ने व्यवस्था गर्ने गरी श्री ५ को सरकार (मन्त्रीस्तरीय) बाट मिति ०५२।९।१० मा निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

०५२।९।१२
(प्रेमनारायण आचार्य)
शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

(............श्री............शाखा)

ना. तथा अ. को दर्ता शाखा

पत्र संख्याः- च. नं. १५८१

प्राप्त पत्र संख्या र मितिः-

सिंहदरबार
काठमाडौं, नेपाल।
मिति .....२०५२।९।१३......

विषयः- निर्देशन।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विगत ०३३।०३४ सालमा खटिएको नागरिकता टोलीले खडा गरेको रजिष्टरमा नागरिकताको किसिम जन्मसिद्ध उल्लेख भएका व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र माग गर्न आएमा जन्मसिद्ध नेपाली नागरिकताको प्रमाणपत्र दिन मिल्छ, मिल्दैन भनी जिल्ला प्रशासन कार्यालय नवलपरासीबाट निर्देशन माग भई आएको व्यहोरा पेश हुँदा " यसमा निवेदक बालिग भएको अवस्थामा रजिष्टरमा नाम लेखिएको भए जन्मसिद्ध नागरिकता दिन मिल्ने तर रजिष्टरमा नाम लेखिंदा निज नाबालक रहेको भए २०३७ साल चैत्र मसान्त भित्र त्यस्ता व्यक्तिले नागरिकता रोजीसक्नु पर्ने कानूनी प्रावधान भएकोले हाल जन्मसिद्ध वा वंशजको नागरिकता दिन नमिल्ने " भनी मिति ०५२।९।१२ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

०५२।९।१३
शाखा अधिकृत

श्री ५ को सरकार

# गृह मन्त्रालय

(.................................. शाखा)
ना. तथा अ.

पत्र संख्या:- ना. र. अ. ९ (३) ०५२/५३ च. नं. १४२३
प्राप्त पत्र संख्या र मितिः-

सिंहदरबार
काठमाडौं, नेपाल।
मिति......२०५३।२।९...

विषयः- जन्ममिति फरक परेको बारे ।

श्री ..................
.................................. ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मिति फरक परेमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममितिलाइ आधार मान्ने भनी मिति ०५०।११।१६ मा श्री ५ को सरकार (मं.प.) द्वारा निर्णय भई सोही बमोजिम कार्यान्वयन भइरहेकै छ । तर सो भन्दा मुनी शैक्षिक योग्यता हुनेको हकमा के गर्ने भन्ने विषयमा पेश हुंदा यस्ताको हकमा पनि शैक्षिक योग्यताको प्रमाणलाई नै आधार मान्ने र सो आधार शंकास्पद देखिन आएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालय बुझी प्रमाणित हुन आएमा मात्र त्यसलाइ आधार मान्ने तर विदेशबाट प्रमाणपत्र लिएको रहेछ वा नागरिकता लिई सकेपछिको शैक्षिक योग्यताको प्रमाणपत्र रहेछ भने त्यस्तो शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई मान्यता नदिने भनी श्री ५ को सरकार (मन्त्रीस्तर) आट मिति ०५३।२।८ मा निर्णय भएकोले आवश्यक जानकारी एवं कारवाहीका लागि अनुरोध गरिन्छ ।

२०५३।२।११

२८

श्री ५ को सरकार

# गृह मन्त्रालय

(................ शाखा)
ना. तथा अ.

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्याः– ना.अ. १(क)०५२।५३ च.नं. ११८१९

प्राप्त पत्र संख्या र मितिः–

मिति... ..०५३।२।३१.

विषयः– नागरिकतामा साना तिना कुरा संशोधन गर्ने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपरोक्त विषयमा पहिले वितरण भै सकेका नागरिकताका प्रमाणपत्रहरुमा बाबु, दाजुको नाम, थर, वतन इत्यादी व अन्य सार्थक प्रमाणीत कागजातको आधारमा साना तिना कुराहरु संशोधन गरी पुनः नागरिकता दिंदा पहिलेको नागरिकता खिचि पुनः नयाँ नागरिकता दिने वा प्रतिलिपि नागरिकता दिने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय ताप्लेजुङवाट निर्देशन माग भै आएको व्यहोरा पेश हुँदा लिई सकेको नागरिकतामा विवरण सच्याई दिए पश्चात् सोही व्यहोरा र निर्णय मिति समेत नागरिकता कार्डमा उल्लेख गरी प्रतिलिपि प्रमाणित गरी दिने व्यवस्था गर्ने गरी मिति ०५३।२।२७ मा श्री ५ को सरकार (सचिव स्तरीय) निर्णय भएको हुँदा निर्णयानुसार हुन अनुरोध गरिन्छ ।

२०५३।२।३२

शा.अधिकृत

२८

श्री ५ को सरकार

# गृह मन्त्रालय

(... ... ... ... ना. तथा अ. ... शाखा)

सिंहदरवार

काठमाडौं, नेपाल ।

पत्र संख्याः– ना.अ. १(क) ०५२।५३ च.नं. १९२०

प्राप्त पत्र संख्या र मितिः–

मिति.२०५३।२।३२ ...

विषयः– नागरिकताको प्रमाण पत्र सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

साधारण राहदानीको लागि यस मन्त्रालयमा आवेदन गर्नेहरुबाट प्रस्तुत हुने नागरिकता प्रमाण पत्रहरु मध्ये केहि जिल्लाबाट जारी भएका नागरिकता प्रमाणपत्रहरुमा जिल्ला प्रशासन कार्यालय तथा अधिकारीको छाप अस्पष्ट हुने गरेको र नागरिकता प्रदान गर्ने अधिकारीको नाम तथा जारी मिति समेत उल्लेख नहुने गरेको पाइएकोले राहदानी जारी गर्ने काममा असुविधा महसुस भै रहेको छ । तसर्थ नागरिकताको प्रमाणपत्र जारी गर्ने जिल्ला प्रशासन कार्यालयहरुलाई उपरोक्त व्यहोरा प्रति ध्यानाकर्षण गराईदिई कार्यालयको छाप, दस्तखत आदी स्पष्ट हुने गरी नागरीकताको प्रमाण पत्र जारी गर्ने निर्देशन भएमा नेपाली राहदानी जारी गर्ने काममा सजिलो पर्ने व्यहोरा उल्लेख भै परराष्ट्र मन्त्रालयबाट लेखी आएको हुदां उल्लेख भए अनुसार कार्यालयको छाप, नागरिकता प्रदान गर्ने अधिकारीको नाम र नागरिकता जारी मिति स्पष्ट हुने गरी मात्र नागरीकताको प्रमाण पत्र जारी गर्नु हुन आदेशानुसार अनुरोध गरीन्छ ।

२०५३।२।३२

बोधार्थ :

श्री परराष्ट्र मन्त्रालय,
सितल निवास : तहाँको प.सं. ०५३।प्रो।१२४ मिति ०५३।२।३० को पत्रको सिलसिलामा जानकारीका लागि ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना. तथा अ. शाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ना०अ०/१९६/०५२/५३ च०नं० १६३३

प्राप्त पत्र संख्या र मितिः-

मिति २०५३।३।४

विषयः- नागरिकताको प्रतिलिपि सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

साविक जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिई हाल अन्य जिल्लामा बसाँई सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकहरुले सार्थक प्रमाण राखी हालको जिल्ला प्रशासन कार्यालयमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि माग गरेमा सो कार्यालयले साविकको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकता सम्वन्धी प्रमाणिक अभिलेख मगाई सो को आधारमा नागरिकताको प्रतिलिपि दिने गरी श्री ५ को सरकार (सचिवस्तर) बाट मिति ०५३।३।२ मा निर्णय भएकोले भएका निर्णय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

२०५३/३/४

शा. अधिकृत

बोधार्थ :

श्री स्थानीय विकास मन्त्रालय,
श्रीमहल, पुल्चोक ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना. तथा अं. शाखा)

पत्र संख्या:- ना.अ.१.६/०५३/५४-च.नं. १०
प्राप्त पत्र संख्या र मिति:-

सिंहदरबार
काठमाडौं, नेपाल।
मिति ... ... ... ... ... ...

विषय:- नागरिकतामा पतिको नाम र घर परिवर्तन गर्ने बारे।

श्री जिल्ला प्रशासन कार्यालय,
रामेछाप।

उपरोक्त विषयमा विवाह पूर्व अन्यत्र जिल्लाबाट नागरिकता प्रमाण-पत्र प्राप्त गरेको नेपाली महिलाले अर्को जिल्लाको नेपाली नागरिक सँग विवाह गरी आएको महिलाले नागरिकतामा पतिको नाम समावेश गरी घर समेत संशोधन गर्न चाहेमा एवं नागरिकता को प्रमाण-पत्र लिएको जिल्लालाई जानकारी गराई विवाह भएर आएको जिल्लाबाट घर संशोधन तथा पतिको नाम समावेश गरी कार्यालय प्रतिमा समेत व्यहोरा उल्लेख गरी गरीदिन मिति ०५३।३।३१मा निर्णय भएकोहुदा निर्णयानुसार हुन अनुरोध गरीन्छ।

(हस्ताक्षर)
०५३।४।२

बोधार्थ:-
श्री जिल्ला प्रशासन कार्यालय
पर्वत:- तपाईंको च.नं. २४६५ मिति ०५३।३।२१ को फ्याक्स कपिको सन्दर्भमा।

O/C

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना. तथा अ.को ......... शाखा)

पत्र संख्या:- ना.अ. १५१०५३।५४ च.नं. २०

प्राप्त पत्र संख्या र मिति:-

सिंहदरबार
काठमाडौं, नेपाल।

मिति. २०५३।४।४

विषय– सिफारिश गर्ने अधिकारी सम्बन्धमा।

श्री प्रहरी प्रधान कार्यालय,
नक्साल।

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न भर्नु पर्ने अनुसूची फाराम हरुमा कसको सिफारिश आवश्यक पर्छ भन्ने विषयमा नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ को उपनियम (१) समेतमा स्पष्ट व्यवस्था छँदैछ तापनि यस्ता अनुसूचीहरुमा राजप्रसाद सेवाका अधिकृत, शाही नेपाली सेनाका अधिकृत, नेपाल प्रहरीका अधिकृत तथा राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरु समेतबाट सिफारिश भई आउने हुँदा सो सिफारिश कानून सम्मत हुन्छ हुँदैन भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट निर्देशन माग भएको।

नागरिकताको अनुसूची सिफारिश गर्ने उपर्युक्त व्यवस्था बमोजिमका सिफारिश कर्ताहरुमा श्री ५ को सरकारका बहालवाला राजपत्रांकित अधिकृतहरु समेत पर्ने हुँदा श्री ५ को सरकारका लवाला राजपत्रांकित अधिकृत बाहेक अन्य अधिकृतहरुको सिफारिशबाट नागरिकता दिन मिल्ने देखिएन तर नागरिकताको विवाद परेको खण्डमा सो विवादको अनुसन्धान समेतमा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न हुनु पर्ने बहालवाला प्रहरी अधिकृत र राष्ट्रिय अनुसन्धान विभागका बहालवाला अधिकृतहरुले उक्त अनुसूचीमा सिफारिश गर्दा स्वयं सिफारिश कर्ताकै अनुसूची पनि अनुसन्धान गरिनु पर्ने अनुसूची भित्र पर्न जान सक्ने हुँदा सो विषयमा प्रहरी अधिकृत र राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरुबाट सिफारिश गर्न नमिल्ने व्यवस्था गर्ने गरी श्री ५ को सरकार मन्त्री स्तरीय) बाट मिति ०५२।९।१० मा निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन र्णयानुसार अनुरोध छ।

शाखा अधिकृत

श्री ५ को सरकार

# गृह मन्त्रालय

(.... ना. तथा अ. .... शाखा)

३४

सिंहदरवार

काठमाडौं, नेपाल ।

पत्र संख्याः- ना.अ./१५/०५३/५४ च.नं. ७०९

प्राप्त पत्र संख्या र मितिः-

मिति २०५३।४।१८

विषयः- परिपत्र ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

देशमा विद्यमान नागरिकता सम्बन्धी समस्यालाई सरल गराउने अभिप्रायले मिति ०५३।३।१७ को मं.प. को निर्णयको आधारमा यस मन्त्रालयका मा. मन्त्रीज्यूको स्तरबाट मिति ०५३।४।१६ मा निम्नानुसारको व्यवस्था मिलाउने गरी निर्णय भएकाले सोही अनुसारको व्यवस्था मिलाउनु हुन निर्देशानुसार अनुरोध छ ।

१. अंगीकृत नागरिकता पाइसकेका नागरिकहरुका तत्कालिन (सम्बन्धीत व्यक्तिले आवेदन गर्दा) नावालिग सन्तान नावालिग भाई बहिनीहरुलाई पूर्व मुलुकको नागरिकता परित्याग गरिसकेको मानी गा.वि.स. वा न.पा. को सिफारिसमा जि.वि.स. ले प्रमाणित गरिदिएको आधारमा अंगीकृत नागरिकता प्रदान गरिने भएकाले अन्य शर्तहरु पूरा भएमा, अन्य मुलुकको नागरिकता परित्याग नगरेका उल्लेखित व्यक्तिहरुको सन्दर्भमा सम्बन्धित गा.वि.स. वा नगरपालिका र जि.वि.स. ले गरिदिएको सिफारिस एवं प्रमाणितको आधारमा प्र.जि.अ. ले राय साथ गृह मन्त्रालयमा पठाउने,

२. नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनु पूर्व (२०४७ कात्तिक २२ गते सम्म) अंगीकृत नागरिकताको लागि आवेदन गरिसकेकाको हकमा साविक व्यवस्था बमोजिम नै प्रकृया पूरा गर्न लगाई अंगीकृत नागरिकताको प्रमाणपत्र दिने व्यवस्था भएकाले सो अनुसार गरी गृह मन्त्रालयमा पठाउने,

२०५३।४।१८

शाखा अधिकृत

बोधार्थ

श्री नेपाल अधिराज्यका महान्यायधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाण्डौ ।
श्री कानून तथा न्याय मन्त्रालय, बबरमहल ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

( ना. तथा अ. शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल ।

पत्र संख्या:– ना.अ. १ (क) च.नं. ३८३/०५३/५४

प्राप्त पत्र संख्या र मिति:–

मिति २०५३।५।२६

विषय:– सिफारिस गर्ने अधिकारी सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय,
नक्साल ।

उपरोक्त विषयमा ताहाँ कार्यालयको प.सं. २०४।४२ च.नं. १०६ मिति ०५३।४।१६ को पत्र प्राप्त भयो । तत् सम्बन्धमा राजपत्रांकित अधिकृतको नाताले प्रहरी सेवा र राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरुले नागरिकतामा सिफारिस गर्न कानूनले मिल्ने भए पनि कामको प्रकृतिलाई विचार गरी सो गर्न उपयुक्त नहुने मन्त्रालयको नीति लिएको र तदनुशार निर्देशन सम्म दिइएको हो । तथापी यस्ता निर्देशनले कानूनले प्रदान गरेको हकबाट वञ्चित भएको हो भनि यदि ताहाँ कार्यालयलाई लागेको छ र सिफारिश गर्ने मनसाय पनि रहेको भए कानूनी तवरमा सिफारिस गर्न बाधा नहुने जानकारी पठाउने मिति ०५३।५।२३ मा श्री ५ को सरकार (मन्त्रीस्तरीय) निर्णय भएको व्यहोरा अनुरोध छ ।

०५३।५।२६

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना. तथा अ. शाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

संख्याः- ना. अ. १ क/०५३।५४ — ८८.नं ४४८
पत्र संख्या र मितिः-

मिति २०५३।६।१३

विषयः- **नागरिकताको प्रमाणपत्र खारेज गर्ने बारे ।**

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
(सबै) ।

कुनै नेपाली नागरिकले पटक पटक नागरिकताको प्रमाणपत्र लिएकोमा एउटा नागरिकताको प्रमाणपत्र कायम राखि अन्य खारेज गर्न माग गरेमा सोको निम्ति यस मन्त्रालयमा पठाइने गरिएको व्यहोरा पेश हुंदा "नागरिकता रद्द गर्नु र नागरिकताको प्रमाणपत्रको एउटा प्रमाणपत्र कायम राखी अर्को खारेज गर्नु अलग अलग विषय हुंदा रद्द गर्ने बारे यहां पठाउने र प्रमाणपत्र खारेज गरी नागरिकता कायमै राख्नेमा यहां नपठाइरहन सबै प्र.जि.अ. हरुलाई निर्देशन दिने" भनी श्री ५ को सरकार (मन्त्रीस्तर) बाट मिति ०५३।६।११ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

२०५३।६।१३

( प्रेम नारायण आचार्य )
शा.अ.

श्री ५ को सरकार
गृह मन्त्रालय
( ... ... ... ना. तथा अ. ... शाखा)

सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ना०३७०/१२८/०५३/५४ च.नं. ५३६
तपाईंको पत्र संख्या र मितिः-

२०५४।७।१२ ... ...

विषयः- नागरिकता प्रमाणपत्र दिने अधिकारीको नाम उल्लेख गर्ने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नागरिकताको प्रमाणपत्र वितरण गर्दा सम्वन्धित अधिकारीको नाम, थर उल्लेख गर्नु पर्नेमा कतिपय जिल्लाबाट वितरण भएका नागरिकता प्रमाणपत्रमा सो उल्लेख भएको नदेखिएकोले सर्व साधारण जनतामा पर्ने असुविधा समेतलाई हेरी नागरिकताको प्रमाणपत्रमा दस्तखत गर्ने अधिकारीको नाम, थर अनिवार्य रुपमा उल्लेख गर्ने व्यवस्था गर्न गराउन निर्देशानुसार अनुरोध छ ।

(श्याम प्रसाद मैनाली)
उप सचिव

श्री ५ को सरकार
# मन्त्रिपरिषद् सचिवालय
(.............. शाखा)

संख्या:-

सिंहदरवार काठमाडौं,
नेपाल।

मितिः- २०५३।११।२१

श्री सचिव,
गृह मन्त्रालय।

मिति २०५३।११।२१ मा वसेको मन्त्रिपरिषद्द्वारा गठित समितिबाट देहाय बमोजिम निर्णय भएकोले आवश्यक कार्यार्थ अनुरोध गरेको छु --

नागरिकता सम्बन्धी समस्या र समाधान वारे गृह मन्त्रालयबाट प्रस्तुत प्रस्तावमा मन्त्रिपरिषद्द्वारा मिति २०५३।१०।२८ मा "यस विषयमा माननीय शिक्षा मन्त्री, माननीय परराष्ट्र मन्त्री, माननीय निर्माण तथा यातायात मन्त्री, माननीय स्थानीय विकास मन्त्री, माननीय आपूर्ति मन्त्री र माननीय विना विभागीय मन्त्रीले छलफल गरी निर्णय गरे बमोजिम गर्ने "निर्णय भए अनुसार छलफल हुंदा देहाय बमोजिम गर्न स्वीकृति प्रदान गर्ने निर्णय भयो–

"देशमा विद्यमान नागरिकता सम्बन्धी समस्या तत्काल समाधान गर्नु पर्ने भएबाट उच्चस्तरीय नागरिकता आयोग तथा सुझाव कार्यान्वयन समितिले दिएका सुझावहरु समेतलाई दृष्टिगत गरी विद्यमान संविधान र कानून भित्र रही देहाय बमोजिम गरी कार्यान्वयन गर्ने –

(क) अंगीकृत नागरिकका नागरिकता प्राप्त गर्नु भन्दा अगाडी जन्मेका नावालक सन्तानको हकमा बाबुले अंगीकृत नागरिकताको लागि आवेदन गर्दा पूर्व मुलुकको नागरिकता त्यागेको वा त्याग्न कारवाही चलाएका वखत नावालक रहेका सन्तानहरुलाई बाबुले आवेदन गरेका वखत नावालक रहेका सन्तानलाई नागरिकता त्यागेको सम्झी अंगीकृत नागरिकताको प्रमाणपत्र दिने।

(ख) नेपालको संविधान, २०१९ प्रारम्भहुनु अघि नेपाल अधिराज्यमा जन्म भएका आधारमा नेपालको जन्मसिद्ध नागरिक ठहर्ने तर त्यस्तो व्यक्तिको भाई वहिनी नेपालको संविधान, २०१९ प्रारम्भ भएपछि जन्म भएको आधारमा नेपालको जन्मसिद्ध नागरिक नठहर्ने हुंदा त्यस्ता व्यक्तिलाई अंगिकृत नागरिकता दिन प्राथमिकता दिने।

(ग) अंगिकृत नागरिकता प्राप्त गरेपछि जन्मेका सन्तान वंशजको आधारमा नेपालको नागरिक ठहर्ने तर अंगिकृत नागरिकता प्राप्त गर्नु अगावै जन्मेका सन्तान नेपालको नागरिक नठहर्ने हुंदा त्यस्ता व्यक्तिलाई अंगिकृत नागरिकता दिन प्राथमिकता दिने।

(घ) नेपालको कानूनले जन्मसिद्ध वा वंशजको नागरिक भएका तर प्रमाणपत्र नलिएका व्यक्तिका सन्तानहरुले नागरिकताको प्रमाणपत्र प्राप्तच गर्न कठिनाई भैरहेकोले त्यस्ता व्यक्तिहरुलाई वंशजको आखधारमा नागरिकताको प्रमाणपत्र सरल र सुलभ तवरले उपलब्ध गराउने।

(ङ). नेपालमा स्थायी बसोवास गरिरहेका नेपाली महिला र विदेशी पुरुषवाट नेपालमै जन्मी निरन्तर रुपमा नेपालमा बसोवास गरी बसेका र अन्य कुनै मुलुकको नागरिकता नलिएका सन्तानहरुलाई नागरिकता त्यागेको सम्झी अंगीकृत नागरिकता उपलव्ध गराउने ।

(च). विदेशीसंग विवाह गरेका तर वंशजको नाताले नेपालको नागरिक रहेका नेपाली महिलाले आफ्नो पतिको मुलुकको नागरिकता नलिएको अवस्थामा पतिको नाम र ठेगाना उल्लेख गरी पतिलाई विदेशी जनाई नेपालको नागरिकता माग गर्ने त्यस्ता नेपाली महिलालाई वंशजको आधारमा नेपालको नागरिकता दिने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने ।

(छ) वंशज र जन्मसिद्धको नागरिकता वितरण गर्ने कार्य आवश्यकतानुसार नागरिकता प्रमाणपत्र वितरण टोली गठन गरी टोलीलाई नागरिकता वितरण सम्बन्धमा अधिकार प्रत्यायोजन गर्न र सरल र सुलभ तरीकाले नागरिकताको प्रमाणपत्रको वितरण गर्ने व्यवस्थाम गृह मन्त्रालयले मिलाउने ।

(ज) वंशज र जन्मसिद्ध किसिमको नेपाली नागरिकताको प्रमाणपत्रको कार्ड वापत रु. ५।– लिने गरिएकोमा उक्त कार्ड वापतको रकम नलिई निःशुल्क रुपमा नागरिकता वितरण गर्ने ।

(झ) नागरिकता सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि राजनीतिक पदाधिकारी समेत रहेको एक नागरिकता अनुगमन तथा कार्य मूल्यांकन समिति गृह मन्त्रालयले गठन गरी कार्य गर्ने ।

(यं) नागरिकता वितरण कार्यको लागि आवश्यक बजेट अर्थ मन्त्रालयले तुरुन्त उपलव्ध गराउनु पर्ने ।

(ट) नेपालमा बसोबास गरी आएका विदेशी नागरिकले अंगीकृत नागरिकताको लागि आवेदन गर्दा सम्बन्धित मुलुकको नागरिकता त्यागेको हुनुपर्ने कानूनी प्रावधान रहेकोमा भारतीयको हकमा भारतीय नागरिक नियमहरु १९५६ को नियम २८ र २९ मा उल्लेखित अधिकारी समक्ष नागरिकता त्यागेको घोषणा गरेको प्रमाणको आधारमा र चीनको स्वशासित प्रदेश तिव्वतका नागरिकका हकमा राजदूतावासमा नागरिकता त्याग गरेका प्रमाण पेश गरेका आधारमा आवश्यक प्रकृया पुरा गरी अंगीकृत नागरिकता प्रदान गर्ने । यी देखि वाहेक अन्य विदेशी नागरिकको हकमा पनि अंगीकृत नागरिकता दिनु पर्दा सम्बन्धित राजदूतावासले नागरिकता त्याग गरेको प्रमाणित आधारमा अन्य आवश्यक प्रकृया पुरा गरी अंगीकृत नागरिकता प्रदान गर्ने ।"

( बलराम सिंह मल्ल )
मुख्य सचिव

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना. तथा अ. शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल ।

ना.अ. ०५४।५५।

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मितिः-

मिति ...२०५४।८।२६

विषयः-- जन्म मिति जनाउने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय,

ओखलढुङ्गा, खोटाङ,

र बारा ।

नावालक रजिष्टरमा रहेको जन्म मिति र शैक्षिक योग्यताको प्रमाणपत्रमा रहेको जन्म मिति फरक पर्दा जन्म मिति जनाउने सम्बन्धमा विभिन्न जिल्लाहरुबाट यस मन्त्रालयमा निर्देशन माग भई आएकोमा कार्यवाही हुंदा एस.एल.सी. उर्तिण गरेका व्यक्तिहरुको लागि शैक्षिक योग्यताको प्रमाणपत्रको जन्म मितिलाई नै आधार मानी नागरिकता प्रमाणपत्रमा जन्म मिति जनाउन बाधा नपर्ने भनी मिति २०५४।८।१५ मा (मन्त्रीस्तरीय) निर्णय भएको हुंदा सोही अनुसार जन्म मिति जनाइं नागरिकताको प्रमाणपत्र जारी गर्ने कार्य गर्न निर्देशानुसार अनुरोध गरिन्छ ।

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालय

( . . . . . . . . शाखा )

पत्र संख्या –
च.नं.–

सिंहदरबार काठमाडौं,
नेपाल ।

मिति........२०५४।१०।६

विषय:–

श्री सचिव,
गृह मन्त्रालय ।

नागरिकता वितरण सम्बन्धी विषय म.प.बै.सं. ७०।०५४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुंदा, त्यसमा श्री ५ को सरकार (कार्य सम्पादन) नियमावली, २०४३ को नियम २६ (अनुसूची १ खण्ड क) अनुसार श्री ५ को सरकारले देहायमा लेखिएबमोजिम गर्ने निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन अनुरोध गरेकोछु ---

श्री ५ को सरकारको निर्णय

तराई क्षेत्रमा सुल्झन नसकिरहेको नागरिकता समस्याको सम्बन्धमा व्यावहारिकतालाई ध्यानमा राखी यसमा के गर्न सकिन्छ, माननीय वाणिज्य मन्त्रीको संयोजकत्वमा माननीय वन तथा भू-संरक्षण मन्त्री र माननीय सूचना तथा संचार मन्त्री रहनुभएको समितिले सुझाव पेश गर्ने गरी मन्त्रिपरिषद्को म.प.बै.सं. ६५।०५४ द्वारा मिति २०५४।९।१० मा भएको निर्णय बमोजिम उक्त समितिले दिएको सुझावलाई दृष्टिगत गर्दै देहायबमोजिम गर्ने–

क) नागरिकता वितरण सम्बन्धी मुद्दामा श्री सर्वोच्च अदालतबाट मिति २०५४।४।२७ मा जारी गरिएको उत्प्रेषणको आदेशको विपरीत नहुने गरी गृह मन्त्रालयले नागरिकता वितरणको प्रयोजनका लागि आवश्यक व्यवस्था गर्ने ।

ख) सो व्यवस्था अन्तर्गत स्थलगत रुपमा सुलभ ढंगबाट नागरिकता उपलब्ध गराउने बन्दोबस्त गृह मन्त्रालयले मिलाउने ।

ग) यो कार्य आगामी २०५५ साल वैशाख मसान्तसम्ममा सम्पन्न गर्ने ।

घ) नागरिकताका सम्बन्धमा गृह मन्त्रालयमा टुंगो लाग्न बाकी रहेका जे जति निवेदनहरु छन्, गृह मन्त्रालयले तत्काल एउटा कार्य टोली गठन गरी ती निवेदनहरु यथाशीघ्र फछ्यौंट गराउने ।

( बलराम सिंह मल्ल )
मुख्य सचिव

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालय

(...... शाखा)

सिंहदरवार काठमाडौं,

नेपाल ।

विषयः–

मितिः– २०५४।१२।१६

श्री गृह मन्त्रालय ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रसंख्या २ (घ)११६।०५४।५५ च.नं. ४६८६ मिति २०५४।१२।११ को पत्रबाट प्रचलित संविधान, नेपाल नागरिकता ऐन, २०२० का प्रावधानहरुलाई मध्यनजर राखी नागरिकता वितरण गर्दा सम्बन्धमा देखिएका व्यवहारिक एवं वस्तुगत समस्याहरुको निराकरणार्थ सुझाव प्रस्तुत गर्न श्री ५ को सरकार (मं.प.) को निर्णयानुसार गठित उच्चस्तरीय नागरिकता आयोगले नेपाल नागरिकता ऐन, २०२० को दफा ६(१) र ६ (५) मा भएको अंगिकृत नागरिकता सम्बन्धी प्रावधानबाट अंगिकृत नागरिकता पाउनु भन्दा अगाडिका व्यक्तिबाट जन्मेका नाबालकले बालिग भएपछि नेपालको नागरिकता पाउन असहज हुने अवस्थालाई दृष्टिगत गरी अंगिकृत नागरिकता प्राप्त गर्नु अघि निजबाट जन्मेका नाबालकको हकमा नागरिकता ऐन, २०२० को दफा ६ (५) को व्यवस्था लागू नहुने गरी ऐनमा संशोधन गर्ने र त्यस्ता नाबालकलाई उमेर पुगेपछि नेपालको अंगिकृत नागरिकता प्रदान गर्ने सिलसिलामा बाबुले पूर्व मुलुकको नागरिकता परित्याग गरेको आधारलाई त्यस्ता नाबालकको हकमा समेत विदेशी मुलुकको नागरिकता परित्याग गरेको मानिने गरी ऐनमा संशोधन गर्ने सुझाव दिएको देखिन्छ ।

श्री ५ को सरकार (मं.प.) बाट उपरोक्त बमोजिम आयोगले दिएको सुझाव आवश्यक महसुस भएमा सुझाव अनुरुप ऐन, संशोधन गर्ने तर्फ आवश्यक कारवाही अगाडि बढाउनु पर्नेमा त्यस तर्फ कुनै निर्णय नगरी सोझै आयोगले दिएको सुझाव कार्यान्वयन गराउने तर्फ मिति ०५२।४।४ र ०५३।११।२१ मा समेत नीतिगत निर्णय गरेको पाइयो । श्री ५ को सरकारको यस किसिमको निर्णयले ऐनमा गरेको व्यवस्थामा आघात पर्न गएको र ऐनले नै अधिकार प्रदान गरेको अवस्थामा बाहेक ऐनमा भएको व्यवस्था श्री ५ को सरकार (मं.प.) को निर्णयबाट परिवर्तन हुन नसक्ने भएकोले नेपाल नागरिकता ऐन, २०२० को दफा ६ (५) समेतमा रहेको प्रावधान संग बाझिने गरी कार्य सम्पादन हुदै आएको देखिएको हुंदा भविष्यमा त्यसो हुन नदिन आवश्यक व्यवस्था मिलाउन श्री ५ को सरकारमा सुझाव पठाउने गरी मिति ०५४।११।११ मा निर्णय भएको व्यहोरा लेखी आएको हुंदा उक्त अनुरोध भई आए बमोजिमको विषयका सम्बन्धमा आवश्यक कारवाही हुन निर्देशानुसार अनुरोध गर्दछु ।

( राजेन्द्रबहादुर राजभण्डारी )

उप–सचिव

बोधार्थः–

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(..........ना.तथा अ.............शाखा)

४०

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०५५ - २

प्राप्त पत्र संख्या र मिति:-

मिति:-....२०५५।३।२२

विषय:- अधिकार प्रत्यायोजन बारे ।

श्री जिल्ला प्रशासन कार्यालय

... ....

अंगीकृत नागरिकताको हकमा बाहेक बाबुले नागरिकता पाइ सकेको रहेछ र सो को प्रमाण सहित छोरा छोरीले नागरिकता माग गर्न आएमा वरिष्ट प्रशासकीय अधिकृतले दिन सक्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिने भन्ने श्री ५ को सरकारले मिति २०४७।११।२ मा निर्णय गरेको व्यहोराको यस मन्त्रालयको मिति २०४७।१२।८ को परिपत्रमा वरिष्ट प्रशासकी अधिकृत भन्ने शब्द भएकोमा सो को सट्टा सहायक प्रमुख जिल्ला अधिकारी भन्ने शब्द राखी अन्य कुराको हकमा सोही परिपत्र अनुसार हुन मिति २०५५।३।१४ को यस मन्त्रालय ( सचिव स्तर) को निर्णय अनुसार अनुरोध छ ।

२०५५।३।२२

शाखा अधिकृत

२०५५।३।२२

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना. तथा व. शाखा)

४१

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या:- ६४
प्राप्त पत्र संख्या र मिति:-

मिति: २०५[illegible]

विषय:- **पेन्सन प्रयोजनको लागि जन्ममिति संशोधन गरि दिने सम्बन्धमा ।**

[illegible] प्रशासन कार्यालय,

विदेशी मुलुकमा रोजगार गरी पेन्सनमा बसेका व्यक्ति र निजका परिवारहरुको पेन्सन पट्टा र नागरिकता प्रमाणपत्रमा जन्ममिति फरक परेमा यथार्थ बुझी मुचुल्का खडा गरी नेपाली नागरिकताको प्रमाणपत्रमा पेन्सन पट्टा बमोजिमको जन्ममिति वा उमेर "पेन्सन प्रयोजनको लागि फलानो मितिको निर्णय बमोजिम जन्म मिति यतिको सट्टा यति कायम गरिएको" भन्ने उल्लेख गरी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि प्रमाणपत्र दिन श्री ५ को सरकार (सचिवस्तर) को मिति २०५४।५।[illegible] को निर्णय अनुसार अनुरोध छ।

२०५४।[illegible]

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना. तथा अ. ................ शाखा)

४२

सिंहदरवार,
काठमाडौं, नेपाल ।

गो.अ. ०५५।५६(६६)-न.नं. २३६

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

मिति:- २०५५।८।२६

विषय:-

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विभिन्न जिल्ला प्रशासन कार्यालयबाट राहदानी हराएको सम्वन्धमा पत्र प्राप्त भै पेश हुंदा श्री ५ को सरकार (सचिवस्तर) बाट मिति २०५५।८।२१ मा निम्न बमोजिम गर्ने गरी निर्णय भएको हुंदा तदनुसार गर्न गराउन हुन निर्णयानुसार अनुरोध गरिएको छ ।

१. प्र.जि.अ.ले प्रत्येक महिना राहदानी कार्ड र नागरिकताको कार्ड स्वयं निरीक्षण गरी ठिक दुरुस्त भए नभएको जानकारी प्रत्येक महिना मन्त्रालयमा दिने ।

२. केरमेट भई बिग्रेका कार्डहरु अलगै राख्न व्यवस्था मिलाउन र मन्त्रालयवाट निरिक्षण हुंदा आफ्नो इनिसिएटिभबाट मन्त्रालयको अधिकारीलाई देखाउने र यसको बारे निरिक्षण कर्ताको मन्तव्य निरिक्षण पुस्तिकामा लेख्न यो परिपत्र देखाउने ।

३. हराएकोमा जानकारी तुरुन्तै मन्त्रालयलाई दिने र कसको लापरवाही, हेलचेक्र्याइँ वा बदनियतबाट हराएको हो छानवीन गरी नि.से.ऐन बमोजिमको विभागिय कार्यवाही, (कसुरको मात्रा अनुसार नोकरीबाट हटाउने सम्मको सजाय प्रस्ताव गरी) चलाउने र यो प्रकृया यो परिपत्र जारी हुनु भन्दा अगाडिको Case मा पनि अवलम्वन गर्ने ।

४. उक्त ३ नं. बमोजिम नगर्ने प्र.जि.अ. माथि मन्त्रालयले ३ नं. बमोजिम गर्ने ।

०५५।८।२६

बोधार्थ

श्री परराष्ट्र मन्त्रालय,
शीतलनिवास, महाराजगञ्ज ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
बबरमहल ।
श्री विशेष प्रहरी विभाग,
सिंहदरबार ।
श्री प्रहरी प्रधान कार्यालय,
नक्साल ।
श्री राष्ट्रिय अनुसन्धान विभाग,
दाफ्याग, सिंहदरबार ।
श्री अध्यागमन विभाग,
नयाँ बानेश्वर ।
श्री कारागार व्यवस्थापन विभाग,
सिंहदरबार ।

द्रष्टव्य :- नागरिकता कार्ड र राहदानीको विवरण पठाउने नमूना फार्म यसै साथ संलग्न छ ।

४८

श्री ५ का सरकार

# गृह मन्त्रालय

(……ना.तथा रा.……शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :- च.नं. ८३

मिति :- २०५६।५।२४

विषय :- निर्देशन ।

श्री जिल्ला प्रशासन कार्यालय
सबै

नागरिकता तथा राहदानी वितरण गर्ने सम्बन्धमा निम्न बमोजिम गर्नु गराउनु हुन श्री ५ को सरकार ( सचिव स्तर ) को मिति २०५६।५।२१ को निर्णयानुसार अनुरोध गर्दछु ।

१, नागरिकताको प्रमाण पत्र पाउन आवेदन गर्दा भर्नु पर्ने तोकिएको अनुसूची फाराम र राहदानी प्राप्त गर्न भर्नु पर्ने आवेदन फाराम सम्बन्धीत शाखामा दर्ता किताब खडा गरी अनिवार्य रूपमा दर्ता गर्ने व्यवस्था गर्ने ।

२, राहदानी र नागरिकताको प्रमाण पत्र जारी गर्दा शाखावाट टिप्पणि पेश गर्न लगाई सम्बन्धित अधिकृतको राय लिई निर्णय कर्ताले निर्णय गर्ने प्रकृया अपनाउने ।

३, महिना वितेको ७ दिन भित्र रद्द भएका नागरिकता प्रमाण पत्र कार्ड र राहदानी पुस्तिका कार्यालय मै शिलवन्दी गरी सुरक्षित राख्ने र सो को जानकारी मन्त्रालयलाई दिने । साथै आर्थिक वर्ष समाप्त भएपछि उक्त शिलवन्दी गरिएका ना.प्र. कार्डहरू र राहदानी पुस्तिका मन्त्रालयमा पठाउने ।

४, मन्त्रालयवाट तोकिए बमोजिमको फाराममा नागरिकता र राहदानी वितरणको मासिक प्रतिवेदन महिना वितेको ७ दिन भित्र पठाउदै रहने ।

५, नागरिकता र राहदानीको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र मन्त्रालयवाट छानवीन गरी कारवाही गर्न प्राप्त पत्रहरू र कार्यालय मै परेका उजुरीहरूको छुट्टै लगत राखी कानून बमोजिम यथा समय मै कारवाहीको टुंगो लगाउने ।

६, कानूनमा तोकिएको प्रकृया तथा मन्त्रालयवाट समय समयमा भएको निर्देशनको प्रकृया नपु-याई नागरिकता तथा राहदानी जारी भएको पाइएमा कडाईका साथ विभागीय कारवाही हुने ।

शाखा अधिकृत

५२

श्री ५ को सरकार

# गृह मन्त्रालय

(........पा. तथा हा........शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः– ना.हा. ०५७।५८ च.नं. ४५९
प्राप्त पत्र संख्या र मितिः–

मिति . . . . . . . . . .

विषयः—

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय,
सवै ।

बर्तमान संविधान र नागरिकता सम्बन्धी अन्य प्रचलित कानून बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र उपलव्ध गराउनु पर्ने कुरा विदितै छ । यसरी नागरिकता प्रमाणपत्र उपलव्ध गराउँदा वास्तविक नेपाली नागरिकलाई मात्र सरल र सुलभ ढंगबाट प्रदान गर्न उच्च स्तरको सतर्कता र जागरुकता राख्न सवै प्र.जि.अ. हरुलाई जानकारी गराउन मिति २०५८।१।६ मा श्रीमान् सचिवज्यूबाट आदेश भएको हुँदा तदनुरुप हुन आदेशानुसार अनुरोध छ ।

५८।१।१०
शाखा अधिकृत

४९/२


... को सरकार

# गृह मन्त्रालय

(.................................शाखा)
ना. तथा हा

सिंहदरवार,
काठमाडौं, नेपाल ।


पत्र संख्या :- ना.हा. ०५७५८ च.नं. ४८३

प्राप्त पत्र संख्या र मिति :-

मिति :- ............................

विषय :- परिपत्रको सम्वन्धमा ।

अत्यन्त जरुरी
गोप्य

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
बबर महल ।

आयोगको प.सं. ३ (घ) के.उ.द.नं.६६१।गो.द.नं. ६५७३।०५७५८ (गृह) च.नं. १०३० मिति २०५८।२।१० को पत्र प्राप्त भै वेहोरा अवगत भयो ।

अंगीकृत नागरिकता जारी गर्ने सम्वन्धमा मन्त्रिपरिषद सचिवालयले यस मन्त्रालयलाई लेखि तहां दिएको प.सं. शा. ६४०।०५४ मिति २०५४।१२।१६ को बोधार्थ प्राप्त भएकै होला । सो को प्रतिलिपि यसै साथ संलग्न छ ।

मन्त्रिपरिषद सचिवालयको उक्त पत्रानुसार कारवाई हुंदा मिति २०५५।८।३ मा सचिव स्तरीय निर्णय भै मन्त्रालयमा सूचना टाँस भएको र यस विषयमा सूचना बाहेक अन्य परिपत्र नभएको वेहोरा समेत निर्देशानुसार अनुरोध छ ।

संलग्न :- सूचनाको प्रतिलिपि ।

०५८।२।१२
शाखा अधिकृत

०५८
२।१२

४८ छैठौं मन्त्रिपरिषद्

# अंगीकृत नागरिकता प्रदान गर्ने कार्य स्थगित रहेको

बाबुले अंगीकृत नागरिकता लिंदा सोह्र वर्ष नपुगेका तर हाल उमेर पुगेकाहरु, जन्मसिद्ध नागरिकता लिएका व्यक्तिका भाई बहिनीहरु, नेपाली आमा एवं विदेशी बाबुबाट नेपालमै जन्मी यहीं बसेका छोरा छोरीहरु र ऐनमा व्यवस्था भए अनुरुप अन्य व्यक्तिहरुबाट पनि अंगीकृत नागरिकताको लागि दिएका निवेदनहरु जिल्ला प्रशासन कार्यालयहरु मार्फत मन्त्रालयमा प्राप्त भै रहेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आए अनुसार कानूनमा संशोधन गरी नागरिकता प्रदान गर्ने कारवाही गर्नु पर्ने हुँदा नागरिकता ऐन, २०२० लाई संशोधन गर्ने तर्फ कार्यवाही भैरहेकोले सो संशोधन नहुंदा सम्मको लागि अंगीकृत नागरिकता प्रदान गर्ने कार्य स्थगित रहेको जानकारी गराईन्छ।

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालय

(... ... शाखा)

प.सं.-मि.प्र.-८४०/०५४

सिंहदरवार काठमाडौं,
नेपाल ।

विषयः-

मितिः- २०५४।१२।१६

श्री गृह मन्त्रालय ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रसंख्या २ (घ)११६।०५४।५५ च.नं. ४६८६ मिति २०५४।१२।११ को पत्रबाट प्रचलित संविधान, नेपाल नागरिकता ऐन, २०२० का प्रावधानहरूलाई मध्यनजर राखी नागरिकता वितरण गर्दा सम्बन्धमा देखिएका व्यवहारिक एवं वस्तुगत समस्याहरूको निराकरणार्थ सुझाव प्रस्तुत गर्न श्री ५ को सरकार (मं.प.) को निर्णयानुसार गठित उच्चस्तरीय नागरिकता आयोगले नेपाल नागरिकता ऐन, २०२० को दफा ६(१) र ६ (५) मा भएको अंगिकृत नागरिकता सम्बन्धी प्रावधानबाट अंगिकृत नागरिकता पाउनु भन्दा अगाडिका व्यक्तिबाट जन्मेका नावालकले वालिक भएपछि नेपालको नागरिकता पाउन असहज हुने अवस्थालाई दृष्टिगत गरी अंगिकृत नागरिकता प्राप्त गर्नु अघि निजबाट जन्मेका नावालकको हकमा नागरिकता ऐन, २०२० को दफा ६ (५) को व्यवस्था लागू नहुने गरी ऐनमा संशोधन गर्न र त्यस्ता नावालकलाई उमेर पुगेपछि नेपालको अंगिकृत नागरिकता प्रदान गर्दा सिलसिलामा वाबुले पूर्व मुलुकको नागरिकता परित्याग गरेको आधारलाई त्यस्ता नावालकको हकमा समेत विदेशी मुलुकको नागरिकता परित्याग गरेको मानिने गरी ऐनमा संशोधन गर्न सुझाव दिएको देखिन्छ ।

श्री ५ को सरकार (मं.प.) बाट उपरोक्त बमोजिम आयोगले दिएको सुझाव आवश्यक महसुस भएमा सुझाव अनुरूप ऐन, संशोधन गर्ने तर्फ आवश्यक कारवाही अगाडि बढाउनु पर्नेमा त्यस तर्फ कुनै निर्णय नगरी सोझै आयोगले दिएको सुझाव कार्यान्वयन गराउने तर्फ मिति ०५२।४।४ र ०५३।११।२१ मा समेत नीतिगत निर्णय गरेको पाइएको । श्री ५ को सरकारको यस किसिमको निर्णयले ऐनमा भएको व्यवस्थामा आघात पर्न गएको र ऐनले नै अधिकार प्रदान गरेको अवस्थामा वाहेक ऐनमा भएको व्यवस्था श्री ५ को सरकार (मं.प.) को निर्णयबाट परिवर्तन हुन नसक्ने भएकोले नेपाल नागरिकता ऐन, २०२० को दफा ६ (५) समेतमा रहेको प्रावधान संग वाझिने गरी कार्य सम्पादन हुदै आएको देखिएको हुंदा भविष्यमा त्यसो हुन नदिन आवश्यक व्यवस्था मिलाउन श्री ५ को सरकारमा सुझाव पठाउने गरी मिति ०५४।११।११ मा निर्णय भएको व्यहोरा लेखी आएको हुंदा उक्त अनुरोध भई आए बमोजिमको विषयका सम्बन्धमा आवश्यक कारवाही हुन निर्देशानुसार अनुरोध गर्दछु ।

( राजेन्द्रबहादुर राजभण्डारी )
उपसचिव

बोधार्थः-

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(.....ना. तथा हा.............शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

४६/१

पत्र संख्या :- ना.हा. ०५७५८ च.नं. ५४५.

चलानी पत्र संख्या र मिति :-

मिति :- ..........................

विषय :- नागरिकताको प्रतिलिपि बारे ।

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय,
सबै ।

नागरिकता प्रमाणपत्र प्राप्त गरिसके पश्चात् विभिन्न कारणबाट प्रतिलिपि मांग गरेकोमा सो प्रतिलिपि दिंदा बिभिन्न कार्यालयहरुले विभिन्न प्रकृया अपनाउंदै आएको देखिएको छ। त्यसैले अब आयन्दा यसै साथ संलग्न फारम प्रयोग गरी व्यक्ति एकीन गरी रिकर्ड भिडाई नागरिकताको प्रतिलिपि दिने गर्नु हुन मिति २०५८।२।११ को निर्णयानुसार (सचिव स्तरीय) अनुरोध छ ।

०५८।२।१५

शाखा अधिकृत

८३

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू, 5807
जिल्ला प्रशासन कार्यालय,
विषय : नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी पाउँ।

रू. ५/- को टिकट

महोदय,

मैले मेजिष्ट्रेट अफिस काठमाडौं/बागमती अञ्चलाधीशको कार्यालय/यसै कार्यालयबाट देहायको विवरण भएको नेपाली नागरीकताको प्रमाण-पत्र लिएकोमा सो प्रमाण-पत्रको सक्कल प्रति झुत्रोभएको/हराएको हुँदा सोको प्रतिलिपि पाउनका लागि सो ना.प्र.प को सक्कल नक्कल प्रति संलग्न राखी रू. ५/- को टिकट टाँसी सिफारिश सहित यो निवेदन पेश गरेको छु।

मैले ना.प्र.प. लिंदाको विवरण यस प्रकार छ।

१. ना.प्र.प.नं. ............ मिति: ............
२. (क) नाम थर: ............
(ख) जन्म स्थान: ............ अञ्चल ............ जिल्ला ............ महा.न.पा./गा.वि.स. वडा नं. ............ टोल ............
(ग) स्थायी ठेगाना: ............ अञ्चल ............ जिल्ला ............ महा.न.पा./गा.वि.स. वडा नं. ............ टोल ............
(घ) जन्म मिति: ............ वा वर्ष ............
(ङ) बाबुको नाम थर वतन: ............
(च) पतिको नाम थर वतन: ............
(छ) नागरिकताको किसिम ............

माथि लेखिएको विवरण मैले ............ कार्यालयबाट लिएको नं. ............ को ना.प्र.प को व्यहोरा सँग दुरुस्त छ फरक छैन। लेखिएको व्यहोरा झुठ्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको
दस्तखत: ............
नाम थर: ............
मिति: ............

(प्रतिलिपि ना.प्र.प. का लागि सिफारिश)

श्री ............ को छोरा छोरी पत्नी ............ जिल्ला ............ गा.वि.स. महा.न.पा. वडा नं. ............ बस्ने वर्ष ............ लाई म राम्ररी चिन्दछु। निजको माग बमोजिम उपर्युक्त विवरण भएको नं. ............ मिति ............ को ना.प्र.प. को सक्कल प्रति झुत्रो भएको/हराएको व्यहोरा साँचो हुँदा प्रतिलिपि बनाई दिएमा फरक नपर्ने व्यहोरा सिफारिश गर्दछु। फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको फोटो

सिफारिस गर्नेको दस्तखत ............
नाम थर ............
पद ............ श्रेणी ............
कार्यालय ............
मिति ............
(कार्यालयको छाप)

द्रष्टव्य: (१) यो फाराम कालो मसिले भर्नु पर्छ, रंगीन फोटो टाँस्नु हुँदैन।
(२) प्रतिलिपिका लागि गलत विवरणको सिफरिश भै आएमा सिफारिसकर्ता उपर कानूनी कारवाही हुनेछ।

४८

श्री ५ को सरकार

# गृह मन्त्रालय

(.................ना. तथा ... शाखा)

श्री ५ को सरकार
गृह मन्त्रालय
२०३८

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- ना.हा. ०५७५८ च.नं. ४९२

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

मिति:- ... ... ... ... ...

**विषय:-** **निर्देशन सम्वन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय,
चितवन, भरतपुर ।

त्यस कार्यालयको प.सं. नाग ०५७५८ च.नं. १४।१०४ मिति २०५८।३।१३ को पत्र प्राप्त भयो।

जन्मसिद्धको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएका नेपाली नागरिकका सन्तान बाबुले जन्मसिद्ध नेपाली नागरिकताको प्रमाण पत्र पाउनु पूर्व र जन्मसिद्ध नेपाली नागरिकता प्राप्ती पछि जहिले जन्मिएका भएपनि दुवै सन्तानहरु बंशजको नाताले नेपाली नागरिक हुने वेहोरा निर्देशानुसार अनुरोध छ।

०५।३।२१

शाखा अधिकृत

३।२१

८०

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना. तथा हा. शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल।

ना.हा. ०५८।५९ च.नं. २२
संख्या:-
प्त पत्र संख्या र मिति:-
नं.:-

मिति:-

श्री ५ को सरकार गृह मन्त्रालय २०३८

विषय:- निर्देशन सम्बन्धमा।

श्री प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय,
झापा, मोरङ्ग, सुनसरी , सप्तरी , सिराहा, धनुषा, महोत्तरी ,
सर्लाही, रौतहट, बारा , पर्सा , चितवन, रुपन्देही , कपिलवस्तु ,
नवलपरासी , बांके, बर्दिया , कैलाली ,कन्चनपुर र दाङ्ग।

अत्यन्त जरुरी

श्री ५ को सरकारद्वारा २०५३ साल चैत्र २२ गते जितेन्द्र नारायण देवको संयोजकत्वमा गठित [ना]गरिकता अनुगमन तथा कार्य मुल्यांकन समितिले बनाएको नागरिकता वितरण टोली कार्य निर्देशिका [अनु]रुप खटिएका टोलीबाट भएको नागरिकता वितरण कार्य बिरुद्ध २०५४ जेष्ठ ६ मा अधिवक्ता [बा]लकृष्ण न्यौपानेद्वारा सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दायर भएकोमा २०५८ साल साउन [...] गते सो अदालतबाट तत्कालिन टोलीबाट वितरण गरिएको नागरिकता रद्द गर्ने फैसला गरेको छ भन्ने [२०]५८ साल साउन ९ गतेको गोरखापत्रमा समाचार प्रकाशित भएकोमा पेश हुंदा २०५३ सालमा त्यस [जि]ल्लामा खटिएका टोलीबाट वितरित नागरिकता प्रमाणपत्रको आधारमा सनाखत गराउंदा प्रमाणको [रू]पमा नलिने, त्यस्ता नागरिकता रद्द गरी खिच्ने आदेश प्राप्त हुनासाथ रद्द गरी खिच्न तैयार अवस्थामा [रा]ख्ने, ती नागरिकताबाट आर्जित सम्पत्ति रोक्का गर्न तैयारी गर्ने, सो को आधारमा नयां जग्गा खरिद [बि]क्रि गर्न मान्यता नदिने, सो को आधारमा राहदानी जारी नगर्ने,सो नागरिकताको आधारमा जारि भएका [रा]हदानीको लगत खडा गर्ने र त्यसरि टोलीबाट नागरिकता प्रमाण पत्र लिने व्यक्ति नेपालको वंशज [ना]गरिक ठहर्ने देखिएमा सो प्रमाण पत्र रद्द गरी अर्को नागरिकता प्रमाण पत्र प्रदान गर्न तैयारी रहन [...]त सम्वन्धीत प्र जि अ हरुलाई निर्देशन दिने भन्ने मिति २०५८।४। ९ मा निर्णय भएको हुंदा [निर्णय]ानुसार गर्नुहुन अनुरोध छ।

[बोधा]र्थ
[जि]ल्ला प्रशासन कार्यालय
.......................उक्तानुसार गर्नु हुन।

(हस्ताक्षर) ०५८।४।११
शाखा अधिकृत
शाखा अधिकृत

५९

श्री ५ को सरकार

# गृह मन्त्रालय

(नागरिकता शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल ।

पत्र संख्याः– ना.हा.०५८।५६

प्राप्त पत्र संख्या र मितिः– ९६९

मिति... ... ... ... ...

विषयः– पूर्व परिपत्रको प्रतिलिपि पठाएको ।

श्री क्षेत्रीय प्रशासन कार्यालय

... ....

जन्मस्थान नेपाल देखाई नागरिकताको प्रमाण पत्र प्राप्त गरि सकेका व्यक्तिहरूले आफ्नो जन्म इ०क०० (विदेश) मा भएकोले प्राप्त नागरिकता प्रमाण पत्रमा जन्मस्थान संशोधन गरी पाउन सप्रमाण माग गरेकोमा त्यस्ता व्यक्तिहरूको नागरिकता प्रमाण पत्रमा जन्मस्थान संशोधन गर्ने सन्दर्भमा मन्त्रालयको प.सं.ना.अ. १ (क) ०५२।५३ च.नं.२८६ मिति ०५२।५।१८ को परिपत्रबाट र नागरिकता प्रमाण पत्र मुलुकमालिदाकोअवस्थामा विदेशमा जन्मेका नेपाली नागरिकका सन्तानले विदेशमा जन्मेको आधारभूत प्रमाण पेश गरी जन्मस्थानको महलमा विदेशको ठेगाना राखन कानून बमोजिम निवेदन दिएमा राखी नागरिकताको प्रमाणपत्र दिने भनी प.सं.ना हा.१ (क) ०५०।५१।५०३ मिति ०५०।८।२२ को परिपत्रबाट जानकारी गराइसकिएको छ ।

नेपालमा जन्म देखाई नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेपछि इ०क०० बाहेक अन्य देशको जन्मस्थान राखी प्राप्त नागरिकता सच्याई पाउन माग भै आएको व्यहोरा देखाई आवश्यक निर्देशन पाउन हाल केही जिल्ला प्रशासन कार्यालयहरूबाट माग भै आएको व्यहोरा पेश हुंदा मै रहेका पूर्व निर्देशन अनुसार नै गर्ने गराउने गरी निर्देशन दिन मिति ०५८।५।२६ मा (सचिवस्तरीय) निर्णय भएको हुंदा आफ्नो मातहतका कार्यालयमा समेत सोही अनुसार जानकारी गराउनु हुन पूर्व परिपत्रको प्रतिलिपि यसै साथ राखी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

श्री ५ को सरकार.

# गृह मन्त्रालय

(……नागरिकता……शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल।

५२

पत्र संख्या:- ना.हा.०५८।५६

प्राप्त पत्र संख्या र मिति:-

चनं - ३५६५

मिति:- … … … …

विषय:-

श्री क्षेत्रीय प्रशासन कार्यालय

धनकुटा (पू.विकास क्षेत्र)।

गृह मन्त्रालय अन्तरगत नागरिकताको विषयमा केन्द्रीत रहेका उजुरी निवेदनहरू उपर कारवाही गर्दै जादां नागरिकता प्रमाण पत्र लिएका व्यक्तिले नागरिकता लिंदाका वखत भरेको अनुसूची फारामहरू सहितका कागजातहरू अनुसन्धानको सिलसिलामा पठाई दिन जिल्ला प्रशासन कार्यालयहरूलाई लेखि पठाउंदा त्यस्ता अनुसूची फारामहरू फेला नपरेको, खोज-तलास भई रहेको, पानीले भिजेको र अनुसूची लगायतका अन्य काम नलाग्ने कागजातहरू धुल्याइएको भनि जवाफ प्राप्त हुने गरेकोले अब अयन्दा नागरिकता सित सम्वन्धित प्रमाण सम्वन्धी कागजातहरूका विवरणहरू स्पष्ट खुल्ने गरी अभिलेख वनाई सुरक्षित रूपमा राख्न लगाउन गृह मन्त्रालयलाई लेखि पठाउने भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति ०५८।७।२७ को वैठकवाट निर्णय भएको व्यहोरा आयोगको च.नं.४८५ मिति ०५८।८।८ को पत्रवाट लेखि आएकोमा पेश हुंदा नागरिकता सित सम्वन्धित प्रमाण सम्वन्धी कागजातहरूका हकमा त्यसका विवरणहरू प्रस्ट खुल्ने गरी अभिलेख वनाई सुरक्षित रूपमा राख्ने गर्न त्यस कार्यालय मार्फत अन्तरगतका जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिने भनि मिति ०५८।८।२२ मा निर्णय भएको हुंदा निर्णयानुसार अनुरोध छ।

५८।८।२६

उप-सचिव

श्री ५ को सरकार

# गृह मन्त्रालय

(.....नागरिकता.....शाखा)

५८/२

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ना.हा.०५८।५६ च.नं. ४२६

प्राप्त पत्र संख्या र मिति :-

मिति :- ..................

विषय :- नागरिकता प्रतिलिपि बारे ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,

धनकुटा, हेटौंडा, पोखरा, सुर्खेत र डोटी

नागरिकता प्रमाण पत्र प्राप्त गरि सके पश्चात विभिन्न कारणवाट प्रतिलिपि माग गरेकोमा सो प्रतिलिपि दिंदा विभिन्न कार्यालयहरू विभिन्न प्रकृया अपनाउँदै आउँदै आएको देखिएको छ । प्रतिलिपि दिने विषयमा विगतमा पनि एकरूपता का लागि निर्देशन नै रहेका छन् । तो निर्देशनलाई समेत निम्न थप प्रकृया समेत अपनाई प्रतिलिपि दिन आफू मातहतका प्र.जि.अ.हरूलाई निर्देशन दिनु हुन मिति ०५८।६।१६ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

क) साविकको कार्यालय प्रति मौजुद रहेको अवस्थामा प्रतिलिपि लिन आउने आवेदक मौजुदा कार्यालय प्रतिमा रहेको फोटो समेत हेर्दा बुझ्दा एकै व्यक्ति हो भन्ने ठहर भएमा आवेदनकै आधारमा (सिफारिस विना नै) अविलम्ब प्रतिलिपि दिने ।

कार्यालय प्रतिवाट ठहर हुन नसकेमा मन्त्रालयवाट भएको मिति ०५८।२।१५ को परिपत्र साथ संलग्न गरी पठाएको फाराम भराई सिफारिस गराई (कर्मचारी) प्रतिलिपि दिने ।

सिफारिस नगरिदिएको वा हुन नसकेको अवस्थामा परिस्थिति अनुसार प्रहरी तथा कर्मचारी मार्फत वा अन्य उपयुक्त प्रक्रियावाट बुझी एकिन गरी प्रतिलिपि दिने ।

ख) साविकको कार्यालय प्रति मौजुद नरहेको अवस्थामा माननीय मन्त्रीज्यूवाट निर्णय भै मिति ०५०।८।२२ मा भएको परिपत्रको नं.४ मा उल्लेख भए बमोजिम गर्ने अर्थात नागरिकता प्रमाणपत्र नलिएका व्यक्तिलाई नागरिकता प्रमाणपत्र दिंदा अपनाउनु पर्ने प्रक्रिया अपनाई नागरिकता प्रमाण पत्र दिने ।

श्री ५ को सरकार,

# गृह मन्त्रालय

(.......................शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

श्री ५ को सरकार
गृह मन्त्रालय
२०३८

र मिति :-

मिति :- ..........................

विषय :-

२.

ग) कार्यालय प्रति नभेटाई रजिष्ट्रर हव आदिमा नागरिकता लिएको रेकर्ड सम्म पाएको अवस्थामा मिति ०५०।८।२२ मा भएको परिपत्रको नं.१ बमोजिम गर्ने अर्थात पछि कार्यालय प्रति फेला परेको समयमा तदनुरूप हुने गरो तत्काललाई रजिष्ट्ररलाई नै आधार मानी नक्कल दिने तर यस अवस्थामा उही व्यक्ति हो होइन सो एकिन गर्ने यसमा व्यक्ति एकिन गर्ने हकमा माथि क ^कुदोमा^ मा उल्लेख भए बमोजिम गर्ने ।

०५।७।२५

पुनश्च: मिति २०५८।२।१५ र २०५०।८।२२ को परिपत्रको प्रतिलिपि यसै साथ संलग्न छ ।

शाखा

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालय

(………………………शाखा)

पत्र संख्या :- नै.शा. ५८।०५१
च. नं. :-

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति ……… २०५१।१।१८

विषय :-

श्री सचिव,
सबै मन्त्रालय/सचिवालय/कार्यालय ।

मन्त्रिपरिषद् समक्ष निर्णयका लागि मन्त्रालयहरुबाट प्रस्तुत गरिने प्रस्तावहरु निर्णयका प्रमुख आधार हुने, निर्णयको स्तरीयता वा गुणस्तर धेरै हदसम्म तिनकै गुणस्तरमा निर्भर गर्ने र त्यस्ता प्रस्तावहरु निर्णय प्रक्रियाको महत्वपूर्ण अभिलेख वा दस्तावेजका रुपमा रहीरहने हुंदा तिनमा स्तरीयता, शुद्धता, स्पष्टता र सूचनाका दृष्टिले पूर्णता समेत हुनु अत्यन्त जरुरी हुन्छ ।

यसै सन्दर्भमा, यस सचिवालयबाट प्रस्तावहरुका सम्बन्धमा मन्त्रिपरिषदबाट भएका निर्णयहरु, श्री ५ को सरकार (कार्य सम्पादन) नियमावली, २०४७ मा रहेका प्रावधानहरु तथा स्थापित परम्परा समेतलाई दृष्टिगत गरी प्रस्तावहरुको स्तरीयता र गुणस्तर कायम गर्नका लागि यस सचिवालयबाट पटक-पटक परिपत्रहरु गरिंदै आएको भएता पनि विभिन्न मन्त्रालयहरुबाट प्राप्त हुने गरेका प्रस्तावहरुको गुणस्तरमा सुधार हुन सकेको नदेखिएकोले देहायका कुराहरुमा विशेष ध्यान पु-याएर मात्र प्रस्तावहरु तयार गरी पठाउने प्रक्रिया अवलम्बन गर्नु, गराउनु हुन निर्देश गरेको छु–

१. यस सचिवालयसंग निकटतम सम्पर्कमा रही मन्त्रिपरिषदको आकार अनुसार निर्दिष्ट संख्यामा मात्र प्रस्ताव पठाउने । त्यसमध्ये ८ प्रति प्रस्तावमा सचिवको हस्ताक्षरको दस्तखत भएको हुनुपर्ने ।

२. प्रस्ताव कार्य सम्पादन नियमावली, २०४७ (संशोधनसहित) द्वारा निर्दिष्ट ढाँचामा पेश गर्ने । जुन जुन प्रकरणहरुका जे जे कुराहरु उल्लेख गर्नुपर्ने हो, नदोहोऱ्याइकन ती कुराहरु प्रष्ट रुपमा उल्लेख गर्ने । यसरी उल्लेख गर्दा प्रत्येक प्रकरणको आशयबमोजिम पर्याप्त विवरण तथा जानकारी समावेश गर्ने ।

३. प्रस्तावको प्रकरण ५ "निर्णय हुनुपर्ने व्यहोरा" मा मन्त्रिपरिषदबाट जे निर्णय माग गरिएको हो सोही व्यहोरा स्पष्ट, दुविधामुक्त र किटानीयुक्त रुपमा उल्लेख भई आउनुपर्ने । प्रकरण ४ "मन्त्रालयको सिफारिश" अन्तर्गत मन्त्रालयले आफ्नो धारणा प्रस्तुत गर्दा समेत सोही रुपमा प्रस्तुत गर्नुपर्ने । "मन्त्रिपरिषदबाटै उपयुक्त निर्णय हुन" भन्ने व्यहोरा राखी प्रस्ताव पेश नगर्ने ।

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालय

( ......................... शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-



मिति ..................

विषय :-

४ कार्य सम्पादन नियमावलीको अनुसूची १ को खण्ड (क) र (ख) का विषयगत क्रमसंख्याहरु उद्धृत गर्दा प्रस्तावको विषयसंग सम्बन्धित वा मिल्दो क्रमसंख्या मात्र उद्धृत गर्ने । यसमा कुनै सन्देह उत्पन्न हुन गएमा मन्त्रिपरिषद् सचिवालयको बैठक महाशाखाका अधिकृतहरुसंग सम्पर्क गर्ने ।

५. भाषिक र मुद्रण सम्बन्धी शुद्धाशुद्धिका साथै प्रस्तावको तथ्यगत र विषयगत शुद्धताका साथै प्रस्तुति पक्षतर्फ समेत विशेष ध्यान दिने र प्रस्ताव पठाउनु अघि राम्ररी रुजु गरेर मात्र पठाउने ।

६. प्रस्तावसाथ संलग्न भै आउने पत्र (Covering letter) मा सो प्रस्ताव मस्यौदा र परिमार्जन गर्ने अधिकृतहरुको नाम र सम्पर्क फोन नम्बर समेत अनिवार्य रुपमा उल्लेख गर्ने ।

७ प्रस्तावित विषयसंग सम्बन्धित कानूनी, आर्थिक तथा अन्य नीतिगत दायित्व र विषयका सम्बन्धमा कार्य सम्पादन नियमावलीमा उल्लेख भएबमोजिम अनिवार्य रुपमा सम्बन्धित मन्त्रालयहरुको परामर्श लिएर मात्र प्रस्ताव पेश गर्ने । यस्तोमा राय/परामर्श दिने मन्त्रालयहरुले पनि शीघ्रतापूर्वक आफ्नो मन्त्रालयको राय/परामर्श सम्बन्धित मन्त्रालयहरुलाई समयमै पठाउने व्यवस्था मिलाई एउटै विषयमा बारम्बार लेखापढी गर्नु पर्ने स्थिति सिर्जना हुन नदिने । साथै, प्राप्त परामर्श बमोजिम प्रस्तावमा समायोजन गरिए नगरिएको खुलाई समायोजन गर्न नसकिएको भए सोको कारण समेत प्रष्ट गर्ने । साथै, प्राप्त हुने परामर्शको व्यहोरा प्रस्तावमा उल्लेख गरी प्राप्त परामर्श पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा संलग्न गर्ने । "परामर्शको लागि लेखिएको" भन्ने व्यहोरा राखी जुन मितिमा त्यसरी लेखिपठाएको हो सोही मितिमै प्रस्ताव पठाउने प्रचलन तत्काल बन्द गर्ने ।

८. ऐन, नियम वा गठन आदेश निर्माण वा संशोधन सम्बन्धी प्रस्तावमा सम्बन्धित मन्त्रालयले कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको परामर्श लिंदा सो मन्त्रालयले परामर्श दिएको पत्रसहित सोही मन्त्रालयका अधिकृतको दस्तखत सहितको ऐन, नियम वा गठन आदेशको मस्यौदा २ प्रति समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

९. माननीय विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त भएको ७ (सात) दिन ननघाई प्रस्ताव पेश गर्ने । प्रस्तावको पुछारमा सचिवले दस्तखत गर्दा दस्तखतको मुनि वा त्यसको बाँयातर्फ मिति उल्लेख गर्न नबिर्सने ।

52

Paripatra

१०. प्रस्तावित विषयसंग सम्बन्धित देखिने र त्यसलाई संलग्न नगर्दा प्रस्तावको व्यहोरा नै स्पष्ट नहुने वा अधूरो हुने प्रकृतिका कागजातहरु, सम्बन्धित विषयका अध्ययन-प्रतिवेदनहरु तथा विशेषज्ञहरुको राय समेतलाई सन्दर्भ सामग्री (Reference), अनुसूची वा परिशिष्टका रुपमा प्रस्तावकै संख्यामा प्रस्तावसाथ संलग्न गरी पठाउने । त्यस्ता सन्दर्भ-सामग्रीहरुको मूल प्रति यथासम्भव नेपाली भाषामा नै तयार गर्ने, गराउने र मूलप्रति अंग्रेजीमा तयार भएको भए त्यसको सारांश नेपाली भाषामा तयार गराई पेश गर्ने । यसरी सन्दर्भ-सामग्री, अनुसूची वा परिशिष्टका रुपमा पठाउने कागजातहरु बारे प्रस्तावमा स्पष्ट उल्लेख गर्ने ।

११. नेपाल अधिराज्यको संविधानको धारा ६ मा "नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ" भनी स्पष्ट व्यवस्था भएको हुंदा प्रस्तावको विषय वा शीर्षकका साथै प्रस्तावका अन्य प्रकरणहरुमा समेत अंग्रेजी शब्द/वाक्यांशको प्रयोग नगर्ने । यदि प्रयोग गर्नै परेमा त्यसको उपयुक्त नेपाली रुपान्तरण राखी अंग्रेजी शब्द वा वाक्यांशलाई कोष्ठक () भित्र उल्लेख गर्ने ।

१२. विदेशमा जाने/पठाउने निर्णय हुन पेश गरिने प्रस्तावहरुमा मं.प.को मिति २०५७।२।९ को निर्णयबमोजिम मिति २०५७।२।१२ मा सबै मन्त्रालयहरुका सचिवहरुलाई गरिएको परिपत्रलाई समेत दृष्टिगत गर्दै (क) विदेश जानुपर्ने कारण, (ख) निम्तोपत्रको प्रतिलिपि, (ग) कुनै सभा, सम्मेलन वा गोष्ठीमा भाग लिन जाने भए त्यसमा छलफल हुने विषयका मुख्य-मुख्य बूँदाहरु, (घ) कुनै पनि प्रकारबाट श्री ५ को सरकारको आर्थिक दायित्व वा संलग्नता हुने देखिए अर्थ मन्त्रालयको परामर्शको प्रतिलिपि, र (ङ) खर्चको प्रस्तावित फाँटवारी समेत शीर्षकहरुमा छुट्टयाई अनिवार्य रुपमा संलग्न गर्ने । श्री ५ को सरकारको आर्थिक दायित्व वा संलग्नता पर्ने/रहने विषयमा अर्थ मन्त्रालयको परामर्श नलिइ प्रस्तुत हुन आउने प्रस्तावलाई निर्णयको कारवाहीमा समावेश गरिने छैन ।

१३. देशको वर्तमान वस्तुस्थितिलाई समेत दृष्टिगत गरी विदेश भ्रमणमा पठाउने प्रतिनिधिमण्डलको आकार सानो, छरितो र वास्तविक आवश्यकतामुखी बनाउनका लागि जुन पदाधिकारीलाई निमन्त्रणा आएको हो, जो जांदा बढी फलदायी वा उपलब्धिमूलक हुन्छ र जसको सम्बन्धित क्षेत्रमा दखल र कार्यानुभव छ उही पदाधिकारीलाई मात्र पठाउने नीति लिने । यसरी भ्रमणमा जांदा आवश्यक पर्ने/प्राप्त हुने/व्यहोर्ने खर्चको स्रोत र स्वरुप स्पष्ट खुलाएर पेश गर्ने । साथै, विदेशी ऋण सहयोगबाट सञ्चालित आयोजनाहरु तथा भ्रमण कार्यक्रमको उद्देश्यसंग असम्बन्धित कार्यक्रम वा शीर्षक अन्तर्गतको बजेटबाट खर्च व्यहोर्ने गरी विदेश भ्रमणका लागि प्रस्ताव पेश नगर्ने ।

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालय

(...................................शाखा)

पत्र संख्या :-
च. नं. :-

सिंहदरबार, काठमाडौं
नेपाल।



विषय :-

मिति ............

१४. प्रचलित कानूनबमोजिम मन्त्रालय अन्तर्गत स्थापित भएका संस्थान तथा निकायहरुमा अध्यक्ष, उपाध्यक्ष र महाप्रबन्धकको नियुक्ति वा मनोनयनसम्बन्धी प्रस्ताव पेश गर्दा मं.प. बाट मिति २०५७।२।२ मा भएको निर्णयमा उल्लेख भएको कार्यविधि पूरा गरेर मात्र पेश गर्ने । साथै, अध्यक्ष, कार्यकारी अध्यक्ष वा महाप्रबन्धकको नियुक्तिका लागि प्रस्ताव प्रस्तुत गर्दा निजलाई सो पदमा नियुक्त गर्नुको औचित्य प्रष्टसंग उल्लेख गरी प्रस्तावित व्यक्तिको पर्याप्त वैयक्तिक विवरण समेत अनिवार्य रुपमा संलग्न गरी कम्तिमा एक हप्ता अगाडि नै प्रस्तुत गर्ने ।

१५. कुनै अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैरसरकारी संस्थाहरुसंग कुनै विषयमा द्विपक्षीय वा बहुपक्षीय नयां सम्झौता गर्ने वा पुरानो सम्झौता नवीकरण गर्ने विषयको प्रस्ताव पेश गर्दा मं.प.को मिति २०५७।२।१६ को निर्णयबमोजिम सोही मितिमा सबै मन्त्रालयहरुका सचिवहरुलाई गरिएको परिपत्रलाई समेत दृष्टिगत गर्दै अनिवार्य रुपमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको परामर्श लिएर मात्र पेश गर्ने ।

१६. सन्धि, महासन्धिहरु सम्पन्न गर्ने वा तिनको अनुमोदन गर्ने सम्बन्धी प्रस्तावहरु पेश गर्दा मं.प.को मिति २०५७।५।१ को निर्णयबमोजिम मिति २०५७।५।२ मा सबै मन्त्रालयहरुका सचिवहरुलाई गरिएको परिपत्रलाई समेत दृष्टिगत गर्दै त्यस्ता सन्धि, महासन्धिसंग सम्बन्धित कानूनमा संशोधन गर्नुपर्ने प्रावधानहरु तथा अन्य कानूनी तथा नीतिगत पूर्वाधारहरु समेत उल्लेख गरी सो अनुमोदन पश्चात राज्यले सम्पन्न गर्नुपर्ने कार्यहरु र वहन गर्नुपर्ने दायित्वहरुका बारेमा समेत खुलाई कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको राय/परामर्श पनि अनिवार्य रुपमा पेश गर्ने । सन्धि, महासन्धि, सम्झौता, स्मृति वा समझदारी पत्र (MOU) वा सहमतिपत्र (Agreed Minutes) जस्ता कागजातहरु र मस्यौदाको मूलप्रतिहरु तथा तिनको संक्षिप्त नेपाली रुपान्तर अनिवार्य रुपमा प्रस्तावसाथ पेश गर्ने ।

१७. सजाय माफी, मुल्तवी, कमी, परिवर्तन गर्ने वा फौज्दारी मुद्दाहरु फिर्ता लिने विषयको प्रस्ताव सम्बन्धित मन्त्रालय (क्रमशः गृह मन्त्रालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय) ले पेश गर्दा अनिवार्य रुपमा मं.प.को मिति २०५५।५।१ तथा २०५५।५।४ का निर्णयहरुबाट तोकिएको प्रक्रिया वा मापदण्ड पुरा गरेर मात्र पेश गर्ने र के कति कारणले त्यस्ता प्रक्रिया वा मापदण्ड पुरा भएको मानिएको हो प्रस्तावमा प्रष्ट खुलाउने ।

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालय

(.......................शाखा)

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल।

विषय :—

मिति

१८ औषधोपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने विषयको प्रस्ताव भए अनिवार्य रुपमा मं.प.को मिति २०५५।५।१४ को निर्णयले तोके अनुसारको मापदण्ड र प्रक्रिया पुरा गरी सो पुरा भएको स्पष्ट पारेर मात्र पेश गर्ने।

१९. कुनै सामाजिक तथा धार्मिक संघ-संस्थाहरुलाई सरकारी स्वामित्वको जग्गाको भोगाधिकार उपलब्ध गराउने वा आर्थिक तथा अन्य सहायता दिने सम्बन्धी प्रस्ताव पेश गर्दा त्यस्ता संस्थाहरुको कानूनी हैसियत यकीन गरेर मात्र सम्बन्धित मन्त्रालय मार्फत पेश गर्ने। उक्त बमोजिम जग्गाको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी प्रस्ताव पेश गर्दा यस सम्बन्धी मं.प.को मिति २०५७।७।१५ को निर्णयद्वारा स्वीकृत कार्यनीति, २०५७ बमोजिम हुने गरी मात्र भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत पेश गर्ने।

२०. श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०५७ ले तोकेअनुसारका विषयहरुमा सम्बन्धित मन्त्रालयबाट मात्र प्रस्ताव पेश गर्ने र अर्को मन्त्रालयमार्फत प्रस्ताव पेश गर्नु पर्ने स्थिति भएमा समन्वय गरी सोही मन्त्रालयमार्फत नै प्रस्ताव पठाउने व्यवस्था मिलाउने।

२१. श्री ५ को सरकार (कार्य सम्पादन) नियमावली, २०४७ (संशोधनसहित) को नियम २१ (२) बमोजिम मं.प.मा छलफल हुने विषयको कार्यसूची सामान्यतः मं.प.को बैठक हुनु भन्दा ७२ घण्टा अगावै वितरण गरिसक्नुपर्ने प्रावधान भएकोले त्यसरी वितरण हुने कार्यसूचीमा समावेश गर्न भ्याउने गरी समयमै प्रस्ताव पेश गर्ने।

कार्यसूचीमा समावेश गर्न नभ्याउने गरी मं.प.बैठककै दिनमा वा सोको पूर्वसन्ध्यामा मं.प.सचिवालयमा प्रस्ताव पठाउने प्रचलनका साथै यसरी स्वभावत कार्यसूचीमा पर्न नभ्याएको त्यस्तो प्रस्ताव सिधै मं.प.बैठकमा पेश हुने अवस्था आउन नदिन ठाडो प्रस्ताव पेश गर्ने परिपाटी तत्काल बन्द गर्ने।

मन्त्रिपरिषद सचिवालयमा प्रेषित प्रस्तावहरु उपर मं.प.बाट निर्णय भैनसकेको स्थितिमा सरकारमा पुनर्गठन वा हेरफेर भएमा सम्बन्धित मन्त्रालयका सचिवहरुले स्वतः त्यस्ता प्रस्तावहरु वर्तमान विभागीय मन्त्रीलाई जानकारी गराई प्रस्तावहरुमा कुनै हेरफेर वा संशोधन गर्नुपर्ने भए के कस्तो हेरफेर वा संशोधन गर्नुपर्ने हो प्ष्टरुपमा खुलाई पठाउने वा हेरफेर वा संशोधन गर्न नपर्ने भए सोही व्यहोरा अवगत गराउने प्रयोजनार्थ मन्त्रिपरिषद्मा पेश भैरहेका

६५/

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालय

(.................... शाखा)

पत्र संख्या :-
च. नं. :-

सिंहदरबार, काठमाडौं
नेपाल।



विषय :-

मिति ....................

ती प्रस्तावहरु फिर्ता गर्ने र निर्णयको क्रममा मन्त्रिपरिषद्का विभिन्न समितिहरुमा रहेका वा लेखापढीका माध्यमबाट थप सूचना तथा विवरणहरुको माग गरिरहेका प्रस्तावहरुका सम्बन्धमा पनि सोही बमोजिम गर्ने।

उपर्युक्त बुंदाहरु बमोजिम बाहेक प्रस्तावको स्तरीयता एवं उत्कृष्टता स्थापना गर्नमा मद्दत मिल्ने अरु कुनै सुझावहरु यहाँसंग भए मलाई अवगत गराउनु हुनेछ। साथै, प्रस्तुत परिपत्र बमोजिम प्रस्तावहरु पेश गई नआएमा त्यसबाट मन्त्रिपरिषद्का पूर्वनिर्णयहरु तथा श्री ५ को सरकार (कार्य सम्पादन) नियमावली, २०४७ का प्रावधानहरुको उल्लङ्घन हुने तथ्यतर्फ यहाँहरुको ध्यान आकृष्ट गर्दै त्यस्ता प्रस्तावहरुलाई मन्त्रिपरिषद्को कार्यसूचीमा समावेश नगरी फिर्ता गरिने व्यहोरा समेत अवगत हुन अनुरोध गर्दछु।

यसैगरी, मन्त्रालयहरुबाट पेश भइआउने प्रस्तावहरुका सम्बन्धमा कुनै नीतिगत वा प्रक्रियागत स्पष्टता समेत आवश्यक देखिए प्रस्ताव प्राप्त हुनासाथ मन्त्रिपरिषद् सचिवालयबाट ती मन्त्रालयहरुमा अनुरोध गरिपठाइने, त्यसपछि महिनाको एक पटक गरी दुई पटक सम्म ताकेता गरिने र तत्पश्चात पनि जवाफ प्राप्त नभएमा त्यस्ता प्रस्ताव फिर्ता गरिने व्यहोरा समेत अवगत हुन अनुरोध गरेको छ।

( केशवराज राजभण्डारी )
मुख्य सचिव

अवगतार्थ :

सम्माननीय प्रधानमन्त्रीज्यू।
माननीय मन्त्रीज्यूहरु।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(नागरिकता शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

८३

पत्र संख्या:- ना.हा.०५६।६०

प्राप्त पत्र संख्या र मिति:-

च.नं:- ९६

श्री ५ को सरकार
गृह मन्त्रालय
२०३५

मिति:- ... ... ... ... ...

विषय:-

श्री वाणिज्य विभाग,
फर्म रजिष्ट्रेशन शाखा,
बबरमहल ।

त्यहांको च.नं.३६ मिति ०५६।४।७ को पत्र प्राप्त भयो ।

वंशजको नेपाली नागरिकता प्राप्त महिलाले विदेशीसंग विवाह गरे पछि पनि निजले नेपाली नागरिकता नत्याग्दाको अवस्था र विदेशी पतिको देशको नागरिकता प्राप्त नगर्दा सम्म निजको नेपाली नागरिकताको हैसियत कायम रहने हुंदा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानून अनुसार हुन यस मन्त्रालयको मिति ०५६।४।१४ को निर्णयानुसार अनुरोध छ ।

शाखा अधिकृत

५

५८/२

श्री ५ को सरकार

# गृह मन्त्रालय

(........ ...............................शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

मिति:- ... ... ... ... ...

ना.हा. ०५९।६० च.नं. ८५

विषय:-

नाना हा
श्री ५ को सरकार
गृह मन्त्रालय
२०३८

अत्यन्त जरुरी

नागरिकता अनुसुचिमा सिफारिश वारे

श्री क्षेत्रिय प्रशासन कार्यालय
पाँच बिकास क्षेत्र ।

स्थानीय बिकास मन्त्रालयको च.नं. २६ मिति ०५९।५।५ को पत्र प्राप्त भई व्यहोरा पेश हुँदा नेपाल नागरिकता नियमावली २०४९ को नियम ३ को (१) मा नेपालको कुनै नागरिकले नेपाली नागरिकताको प्रमाण पत्र लिन चाहेमा नगरपालिकाको प्रमुख र गा.वि.स.को अध्यक्षले पनि सिफारिश गर्न सक्ने व्यवस्था भएको हुँदा स्थानीय बिकास मन्त्रालयको मिति ०५९।५।५ को पत्रमा उल्लेख भए अनुसारको गा.वि.स. अध्यक्ष एवं नगरपालिकाको प्रमुखले सो नियमावली बमोजिम गरेको नागरिकताको सिफारिश मान्य हुने भनी यस मन्त्रालयको, मिति ०५९।५।११ (सचिब स्तरीय) मा, निर्णय भएको हुँदा सो अनुसार हुन आफू मातहतका जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गर्नु हुन स्थानीय प्रशासन मन्त्रालयको च नं २६ मिति ०५९।५।५ को पत्रको प्रतिलिपि समेत राखी निर्णयानुसार अनुरोध छ ।

०५९/५/१२

शाखा अधिकृत

श्री ५ को सरकार

# गृह मन्त्रालय

(..... नागरिकता ............शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ना.हा.०५६।०६०

प्राप्त पत्र संख्या र मिति:-

च.नं.- 986

मिति:- ... ... ... ...

विषय:- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सप्तरी,राजवीराज ।

भारतीय नगरककी छोरीहरुले नेपाली नागरिकसंग विवाह गरी वैवाहिक अंगीकृत नेपाली नागरिकता प्रमाण पत्र लिसपछि केही महिलाहरु पतिसंग सम्वन्ध विच्छेद गरेर वस्ने गरेका, पति पत्नी वीच सम्वन्ध विच्छेद भएपछि पत्नीको वैवाहिक अंगीकृत नागरिकतावाट पतिको नाम हटाई पाउं भनि सम्वन्ध विच्छेद भएका पतिले निवेदन पेश गर्ने गरेका हुंदा यस्ता वैवाहित नाताले पाएको ना.प्र.पत्र शुन्य हुन्छ कि हुंदैन ? ती महिलाहरुको कानुनी र नागरिक हैसियत के हुन्छ निर्देशन पाउंन माग भै आएको विषय पेश हुंदा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९ को उप-धारा (५) र नेपाल नागरिकता ऐन २०२० को दफा ६ को उपदफा (२) र (६) वमोजिम नेपाली नागरिकसंग वैवाहिक सम्वन्ध भएको नाताले अंगीकृत नेपाली नागरिकता प्राप्त गर्ने हुंदा सो वैवाहिकनाताने टुटे पछि निज विदेशी महिलाको पुरानै स्थिति हुने र निजले लिएको अंगीकृत नेपाली नागरिकता रद्द गर्न लेखि पठाउने भनि मिति ०५६।६।२५ मा निर्णय भएको हुंदा सोही व्यहोरा निर्णयानुसार अनुरोध छ ।

वोधार्थ तथा कार्यार्थ :-

श्री क्षेत्रीय प्रशासन कार्यालय,
पांच विकास क्षेत्र :- उक्त अनुसार आफ्नू अन्तरगतका जि.प्र.कार्यालय हरुमा जानकारी गराउनु हुन ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(........ना. तथा ह.........शाखा)

सिंहदरवार
काठमाडौं, नेपा

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- २६३

मिति:- ०४८१.८.

अत्यन्त जरुरी

विषय:- परिपत्र गर्ने।

श्री प्रहरी प्रधान कार्यालय
नक्साल।

गैर नेपाली नागरिकले झुठो विवरण पेश गरी लिएको नेपाली नागरिकता उपर छानविन र अनुसन्धान गरी नेपाल नागरिकता ऐनको दफा १० (२क) बमोजिम कारवाहीका लागि प्र.जि.अ.को निर्णय साथ मन्त्रालयमा पठाई नागरिकताको प्रमाण पत्र रद्द भएपछि मात्र झुठो विवरण वा बयान गर्ने व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही चलाउने व्यवस्था हुन मिति ०४१।७।८ को निर्णय बमोजिम सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र भै सकेको छ। तर केही जिल्ला प्रहरी कार्यालयहरुले श्री ५ को सरकारबाट नागरिकता बदर गर्नु अगावै सोझै अदालतमा मुद्दा दायर गरेको हुँदा यस्ता मुद्दामा प्रक्रिया नपुगेको भनि सम्मानित अदालतबाट मुद्दा खारेज हुने गर्ने गरेको पाइएको हुँदा ०४१।७।१० मा भएको परिपत्र अनुरुप गर्न सबै जिल्ला प्रहरी कार्यालयमा परिपत्र एवं निर्देशन हुन उक्त मितिको परिपत्रको प्रतिलिपि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा मिति ०४८।१।१५ को निर्णयानुसार अनुरोध

२०४३/५/१३

२०४८/३/१६

श्री ५ को सरकार

# गृह मन्त्रालय

६२

सिंहदरवार,
काठमाडौं, नेपाल।

(ना. तथा दा. शाखा)

पत्र संख्या:- ०४८/०६०

मिति:- २०४९।११।८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.- ७६८

विषय:- रेकर्ड व्यवस्थित गर्ने।

श्री क्षेत्रीय प्रशासन कार्यालय

।

यस मन्त्रालयको च.नं. ३६५ मिति ०४८।९।२६ को परिपत्र प्राप्त भएकै छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी उपरको अनुसन्धानको सिलसिलामा नागरिकता प्रमाण पत्र दिनका निमित्त ग्रहण गरिएका अनुसूचि फाराम समेतका आधारभुत प्रमाणहरु माग गर्दा फेला नपरेको भन्ने जवाफ विभिन्न जिल्ला प्रशासन कार्यालयहरुवाट प्राप्त भएकोले यस्ता कागजातहरु आवश्यक परेको जुनसुकै समयमा उपलब्ध हुनसक्ने गरी सुरक्षित रुपमा राख्नका लागि आवश्यक व्यवस्था मिलाउन अनुरोध भनि लेखि आएको व्यहोरा पेश हुँदा सो वमोजिम गर्न गराउनु हुन आफू मातहतका जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र हुन मिति ०४९।११।६ को निर्णयानुसार अनुरोध छ।

(हस्ताक्षर) ०४९।११।२

शाखा अधिकृत

परिपत्र फाइल

श्री ५ को सरकार

# शिक्षा तथा खेलकूद मन्त्रालय

(उच्च तथा प्राविधिक शिक्षा शाखा)

फोन नं. ४११७०४, ४१८१६१, ४१८५८१, ४१८७८०, ४१८७८३, ४१८७८४
एक्सचेन्ज नं. २२८,२३०
फ्याक्स् नं. ४१४८८७, ४१२४६०, ४२७७८२
केशरमहल
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नम्बर :-उ.तथा.प्रा.शि.०५९।६०। ४२५

मिति : २०५९।११।२०

विषय : विद्यार्थीको जन्म मिति प्रमाणित गर्ने सम्वन्धमा ।

श्री त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर ।
श्री महेन्द्र संस्कृत विश्वविद्यालय,वेलझुण्डी,दाङ्ग ।
श्री काठमाडौं विश्वविद्यालय,धुलखेल,काभ्रे ।
श्री पूर्वान्चल विश्वविद्यालय,विराटनगर ।
श्री पोखरा विश्वविद्यालय,पोखरा ।
श्री उच्च माध्यमिक शिक्षा परिषद,सानोठिमी ।
श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद,सानोठिमी।

प्रचलित कानून अनुसार १६ वर्ष पुगेका नेपाली नागरिकहरुले मात्र नेपाली नागरिकता पाउने प्रावधान रहेको र प्रवेशिका परीक्षा पास गरेका तर उमेर कम भएको कारणले नागरिकता प्राप्त गर्न नसकेको अवस्थामा जिल्ला प्रशासन कार्यालयवाट जन्म मिति प्रमाणित गरी ल्याउनु भनी क्याम्पसवाट भनिएको व्यहोरा जनाई विद्यार्थीले सो अनुसारको प्रमाणित गराई लाने गरेको अवस्था रहेको हुंदा जिल्ला प्रशासन कार्यालयवाट जन्म मिति प्रमाणित गर्दा पनि प्रवेशिका परीक्षाको प्रमाण पत्र वा लव्धाङ्क पत्र वा चारिचिक प्रमाण पत्रकै आधारमा गरिने भएकोले ती प्रमाण पत्र क्याम्पसमा पेश गर्दा नै समस्याको समाधान हुने भई विद्यार्थीहरुलाई दोहोरो झन्झट नहुने हुदा यस अनुसारको व्यवस्था हुन जिल्ला प्रशासन कार्यालय,अर्घाखांचीवाट अनुरोध भई आएको सन्दर्भमा कारवाही हुंदा "नेपाली नागरिकता प्रमाण पत्र प्राप्त गरी नसकेका विद्यार्थीको सन्दर्भमा प्रवेशिका परीक्षाको प्रमाण पत्र वा लव्धाङ्क पत्र वा चारित्रिक प्रमाण पत्र मध्ये जुन प्रमाण पत्रमा जन्म मिति लेखिएको छ सोही मितिलाई आधार मानी विद्यार्थी भर्ना गर्ने सम्वन्धी कार्य गर्न सम्वन्धित विश्वविद्यालयमा लेखि पठाउने" भनी मिति २०५९।११।१६ मा (मा. विभागीय मन्त्री स्तरीय) निर्णय भएको व्यहोरा अनुरोध छ ।

शाखा अधिकृत

बोधार्थ:-
श्री गृह मन्त्रालय,सिंहदरवार ।
श्री जिल्ला प्रशासन कार्यालय,अर्घाखांची ।

५३

श्री ५ को सरकार

# गृह मन्त्रालय

गोप्य

(ना. तथ्यांक शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०४५/०८०

मिति:- २०४५।०२।२१

प्राप्त पत्र संख्या र मिति:-

च.नं.- ४२५

विषय:- नागरिकता सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय
झापा ।

त्यस कार्यालयको च नं ३२४६ मिति २०४५।११।८ को पत्र प्राप्त भयो। उक्त पत्रमा उल्लेखित बिन्नी भन्ने नारायण शर्मा कोइरालाको नागरिकता सम्बन्धमा नेपाल नागरिकता ऐन २०२० को दफा १० को उपदफा (३क) बमोजिम नागरिकता रद्द गरी उक्त ऐनकै दफा १४ बमोजिम निजलाई र सो प्राप्त गराउन सहयोग पुर्‍याउने व्यक्तिहरु उपर मुद्दा चलाउन सकिने कानूनी प्रावधान छ। प्रस्तुत केशमा नागरिकता रद्द नहुँदै अदालतमा मुद्दा दायर गरिएकोले अदालतमा विचाराधीन रहेको अवस्थामा नागरिकता रद्द गर्न मिल्ने वा नमिल्ने द्विविधा परेको अवस्था देखाई जिल्ला प्रशासन कार्यालय बाट एकिन राय दिएको देखिएन। यस सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको राय लिइएकोमा नागरिकता रद्द गर्न सकिने ऐनको दफा १० को उपदफा (३क) को अवस्था र ऐनको दफा १४ को दण्ड सजायको व्यवस्थाहरु छुट्टा छुट्टै कानूनी कारवाहीका प्रावधान रहे भएको देखिने हुँदा ती दुई कारवाही मध्ये कुनै एउटाको टुंगो लागि सकेपछि मात्र अर्को कारवाही गर्नुपर्ने भन्ने अवस्था नभएको व्यहोरा लेखि आएकोले प्र.जि.अ. झापालाई आवश्यक छानविन गरी एकिन राय पठाउन निर्देशन दिने र सो प्राप्त भएपछि कारवाही अगाडि बढाउन भनि श्री ५ को सरकार (मा. मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा निर्णयानुसार हुन अनुरोध छ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(……नागरिकता……………शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०५६।६० नि२।२।२ - ९६ २०५६

मिति:- २०६०।१।१५

प्राप्त पत्र संख्या र मिति:-
च.नं.- ४४८

**विषय:- वै.अ.ना.प्र.प. दिने सम्बन्धमा परिपत्र ।**

श्री जिल्ला प्रशासन कार्यालय,
काठमाडौं ।

त्याहांको च.नं.२७१।०५६।१२।२५ को नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली २०५६ प्रारम्भ भए पछि नेपाली नागरिक संग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा निजले पेश गरेको अनुसूची - ३ बमोजिम को निवेदन प्रमुख जिल्ला अधिकारी मार्फत यहाँ मन्त्रालयमा पठाउनु पर्ने हो वा यस अघि भएको अधिकार प्रत्यायोजन बमोजिम यस कार्यालयबाट त्यस्ता व्यक्तिलाई वैवाहिक सम्बन्धले नेपालको नागरिकता प्रमाण पत्र दिने हो सो सम्बन्धमा र उक्त नियमावलीको नियम ४(३) मा व्यवस्था भए बमोजिम कस्ता नेपालका नागरिकका छोरा छोरी वा वंशजका कुनै व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा अनुसूची -३ बमोजिमको निवेदन पेश गर्नु पर्ने हो र त्यस्ता व्यक्तिका लागि नेपालको नागरिकता दिन त्यहाँ पठाउनु पर्ने हो होइन आवश्यक निर्देशनका लागि लेखि आएको पत्र पेश हुंदा श्री ५ को सरकार (सचिवस्तर) को मिति ०६०।१।१४ मा नेपाल नागरिकता सम्बन्धी नयाँ ऐन ऐले जारी भएको होइन । संशोधित ऐनमा श्री ५ को सरकारले अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था साविक बमोजिम नै रहेकोले नियमावलीको संशोधन भएकै कारणबाट मात्र सो सम्बन्धमा पुनः अधिकार प्रत्यायोजन गरी रहनु नपर्ने हुंदा यथावत रुपमा अधिकार प्रयोग गर्न सबै जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन पठाउने भन्ने भएकोले निर्णयानुसार अनुरोध छ ।

बोधार्थ तथा कार्यार्थ :-

श्री क्षेत्रीय प्रशासन कार्यालय
धनकुटा, हेटौंडा । पोखरा । सुर्खेत । दिपायल । :- आफ्नो क्षेत्रका जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र गरी दिनु हुन ।

OC

२०६०।१।१५
शाखा अधिकृत

# गृह मन्त्रालय

(.................. नागरिकता ..................शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०५९/०६०

मितिः- ... ... ... ... ...

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ४६०

विषयः-

श्री जिल्ला प्रशासन कार्यालय

बारा ।

प्रमुख जिल्ला अधिकारीको मातहतमा वा गृह मन्त्रालय अन्तरगत नरहेका अधिकृतहरू नागरिकता टोली अधिकृत भै ०५३।५४ सालमा वितरण भएको नागरिकता रद्द भएका कारण सो नागरिकता लिंदा प्रमाणको आधारमा नागरिक देखिनेलाई नयाँ नागरिकता जारी गर्ने सम्बन्धमा पूर्व परिपत्र प्राप्त भएकै छ । तर सो टोलीबाट वितरित नागरिकता प्रमाण पत्र हराई पेश गर्न नसक्ने हकमा सम्बन्धमा पूर्व निर्देशनमा केही उल्लेख नभएको हुँदा निर्देशन पाउन त्यस जिल्ला प्रशासन कार्यालयबाट लेखि आएको सन्दर्भमा टोलीबाट २०५३ सालमा लिएको नागरिकता प्रमाण पत्र हराएको ठहर हुन आएमा पनि प्राप्त गरेको अस्थायी निस्सामा वंशजको नाताले नागरिकता प्रमाण पत्र पाउन सक्ने पुख्ता आधार छ भनी कार्यालयको अभिलेखमा साक्षी व्यहोरा जनाउने र कानूनी प्रक्रिया पुरा गरी प्र.जि.अ.ले नागरिकता प्रमाण पत्र दिंदा हुने व्यहोरा मिति ०६०।१।११ को निर्णयानुसार अनुरोध छ ।

०६०-९-१५

शाखा अधिकृत

बोधार्थ :-

श्री क्षेत्रीय प्रशासन कार्यालय,
पाँच विकास क्षेत्र :- त्यस मातहतका टोली खटेका जिल्ला प्रशासन कार्यालयमा उपरोक्तनुसारको परिपत्र गरि दिनु हुन निर्णयानुसार अनुरोध छ ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(ना० द्रा० ई० शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल।

संख्या:- नि.द.श. / ३

मिति:- २०६०।२।१८

त पत्र संख्या र मिति:-

नं:- ४८०

विषय:- परिपत्र।

श्री क्षेत्रीय प्रशासन कार्यालय
धनकुटा। हेटौंडा। पोखरा। सुर्खेत। दिपायल।

यस मन्त्रालयको च.नं. ६५ मिति २०४३।५।१२ को पत्रबाट नागरिकता अनुसूचीमा सिफारिस सम्बन्धी परिपत्र भएकोमा सो अनुसार गा.वि.स. सचिवबाट अनुसूचीमा सिफारिस भएको मिल्ने नमिल्ने सम्बन्धमा पर्न हुँदा अब उप्रान्त गा.वि.स. सचिवबाट सिफारिस भई आएको नागरिकताको अनुसूची प्रमाणलाई मान्यता दिन मिल्ने भनी मिति २०६०।२।१८ मा निर्णय (सचिवस्तर) भएकोले सोही बमोजिमको परिपत्र गरी आफ्ना क्षेत्रका जिल्ला प्रशासन कार्यालयहरूलाई गरी दिनु हुन निर्णयानुसार अनुरोध छ।

२०६०।२।१८

शाखा अधिकृत

60

श्री ५ को सरकार
गृह मन्त्रालय
(..........................शाखा)
नागरिकता तथा हातहतियार

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ना.हा./०५९/६० च.नं.
प्राप्त पत्र संख्या र मिति :-
च. न.:- ५२०

मिति :- २०६०/२/२३

विषय :-

श्री क्षेत्रीय प्रशासन कार्यालय,

........(पश्चिमाञ्चल)।

पतिको नाम उल्लेख गरी लिएको नागरिकतामा सम्बन्ध विच्छेद पश्चात पतिको नाम हटाई नागरिकता माग्न आएमा हटाई दिने र अर्को विवाह नगरुन्जेल माइतितर्फकै थर उल्लेख गर्न जानकारी दिने भनी मिति २०६०।२।२० मा (सचिवस्तरीय) निर्णय भएको हुँदा तदनुरुप गर्न आफू अन्तर्गतका सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरिदिनु हुन निर्णयानुसार अनुरोध छ।

शाखा अधिकृत

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय,
चितवन :- तहाँको च.नं. ५/१५३१ मिति २०६०।२।७ को पत्रबाट माग भएको निर्देशनका सम्बन्धमा ।

६१

श्री ५ को सरकार

# गृह मन्त्रालय

(....नागरिकता तथा हातहतियार शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ०६०/०६०
प्राप्त पत्र संख्या र मिति :-
च. न.:- ६

२०६०/४/२
मिति :- ..........................

विषय :-

श्री जिल्ला प्रशासन कार्यालय,
धादिङ, गोरखा, चितवन, मकवानपुर ।

अधिकांश चेपाङ्ग जातिहरु नागरिकता प्रमाणपत्र पाउनवाट वञ्चित रहेकाले उक्त जातिको वसोवास भएको क्षेत्रमा नागरिकता वितरण टोली खटाइयोस् भन्ने प्रमुख माग सहित विविध मागहरु कार्यान्वयनको लागि नेपाल चेपाङ्ग (प्रजा) संघ, केन्द्रीय कार्यालय काठमाडौंले सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष दिएको ज्ञापनपत्रको छायाँप्रति संलग्न छ। सो सम्वन्धमा प्रचलित ऐन नियमको परिधिभित्र रही सुलभ तरिकावाट नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्थाका लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुमा निर्देशन दिने भनि श्री ५ को सरकार (सचिवस्तर) वाट मिति २०६०।३।३२ मा निर्णय भएकोले निर्णयानुसार गर्ने गराउने व्यवस्था हुन अनुरोध छ ।

२०६०/४/२
शाखा अधिकृत

Z:\saraswati\letters.doc

62

श्री ५ को सरकार

# गृह मन्त्रालय

(................................शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

च.नं. ९६६

पत्र संख्या:- २०६०।०६१

मितिः- ... ... ... ... ...

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ५२

**विषय:-** नक्कल मिसिल सम्बन्धमा परिपत्र ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
पूर्वाञ्चल,मध्यमाञ्चल,पश्चिमाञ्चल,मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल ।

सरकारी वकील कार्यालयहरूवाट नक्कल मिसिल माग गर्दा सक्कल मिसिल अदालतमा गै सकेको हुँदा नक्कल मिसिल पठाउन नसकिएको भन्ने जस्ता जवाफहरू प्राप्त हुने गरेको सन्दर्भमा पेश हुँदा निम्नानुसार हुन मिति ०६०।४।३० मा निर्णय (सचिव स्तरिय) भएको हुँदा निर्णयानुसार हुन आ-आफ्ना क्षेत्रका सवै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र हुन अनुरोध छ ।

निर्णय:

"शुरु मिसिल रहनु पर्ने निकायले सो मिसिलका आधारमा शुरु मुद्दा चलाउनु पर्ने भई शुरु अदालतमा मुद्दा दायर हुना साथ सो मुद्दामा श्री ५ को सरकारका तर्फवाट वहस पैरवीको लागि अनुरोध गरीएको पत्रसाथ नक्कल मिसिल शुरु अदालतमा वहस पैरवी गर्ने सरकारी वकिल कार्यालयमा पठाउने । त्यसै गरी शुरु मिसिल रहेको निकायमा पुनरावेदन अदालतको तहवाट मिसिल फिकाएको खण्डमा मिसिल पठाउना साथै पुनरावेदन सरकारी वकिल कार्यालयमा पनि उक्त व्यहोराको पत्र साथ नक्कल मिसिल पठाउने । त्यसै गरी शुरु मिसिल रहेको निकायवाट सर्वोच्च अदालतले मिसिल माग गर्दा सर्वोच्च अदालतमा मिसिल पठाउना साथ उक्त व्यहोराको पत्र साथ नक्कल मिसिल श्री महान्यायाधिवक्ता को कार्यालयमा पठाउने ।"

२०६०।५।५
शाखा अधिकृत

**बोधार्थ :-**

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(.... नागरिकता ........ शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल।

श्री ५ को सरकार
गृह मन्त्रालय
२०३८

पत्र संख्या:- २०६०।६१ नि. प्रा. नं. १४

मिति:- २०६०।३।८

प्राप्त पत्र संख्या र मिति:- ०६०/०६१

द.नं.:- १०६

**विषय:- निर्देशन वारे।**

श्री क्षेत्रीय पशासन कार्यालय,
धनकुटा, हेटौंडा, पोखरा, सुर्खेत, दिपायल।

नेपाल नागरिकता नियमावली २०२५ को नियम ७ बमोजिमको कार्यविधि पुरा गरि २०३७ साल चैत्र मसान्त सम्म नेपाली नागरिकता रोजेको आवेदन दिएमा जन्मसिद्ध नागरिकता दिन सकिने व्यवस्था नेपाल नागरिकता नियमावली २०४६ मा रहेको र त्यसरी रोजेर २०३६ सालको टोलीले खडा गरेको रेकर्डमा नाम उल्लेख भएकाहरुमा कोही नागरिकता नलिंदै मृत्यू भएका र निजका सन्तानहरुले नागरिकता प्राप्तिको लागि सोध्ने गरेको, कोहि तत्काल कुनै अभियोगमा कारागारमा रहि हाल छुटकारा पाइ हाल नागरिकता लिन चाहेने, कोहि टोलीमा सावालक भै नाम रहेता पनि नलिएर हाल लिनको लागि बुझन आई रहेका हुंदा उल्लेखित व्यक्तिहरुको सम्वन्धमा के गर्ने हो आवश्यक निर्देशन पाउन अनुरोध छ भनि जिल्ला प्रशासन कार्यालय मोरंङवाट प्राप्त पत्र निर्णयार्थ पेश हुंदा यसमा निम्न लिखित वुंदाहरुलाई मध्यनजर राखि छानविन गरी कानून बमोजिम आवश्यक कारवाही गर्न निर्देशन दिने भनी मिति २०६०।६।५ मा निर्णय (सचिवस्तर) भएकोले आ-आफ्नो क्षेत्रका जिल्ला प्रशासन कार्यालय हरुमा परिपत्र हुन निर्णयानुसार अनुरोध छ।

१. २०३६ सालको टोलीले खडा गरेको रेकर्डमा नाम भएको कारणले निजका सन्तानहरुलाई नेपालको नागरिकता दिन मिल्दैन।

२. कुनै पनि विदेशीलाई नागरिकता दिने नदिने सम्वन्धमा श्री ५ को सरकारवाट निर्णय हुने विषय भएकोले जेल परेकोले नागरिकता नलिएको कारणले मात्र हाल श्री ५ को सरकार नागरिकता दिन वाध्य छैन।

३. टोली रेकर्डमा नावालकको नाम दर्ता भै नागरिकता प्रमाण पत्र लिन वांकीका सम्वन्धमा समेत श्री ५ को सरकार नागरिकता दिन वाध्य छैन।

२०६०/३/८
अधिकृत

श्री ५ को सरकार
गृह मन्त्रालय
(स्थानीय प्रशासन शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- स्था.प्र.।८-७।०६०।६१
प्राप्त पत्र संख्या र मिति :-
च. नं.:- ६१८

मिति :- २०६०।६।१२

विषय :-

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालयहरुबाट प्रदान गरिने सेवाहरुमध्ये नेपाली नागरिकताको प्रमाणपत्र र राहदानी वितरण प्रमुख रहिआएका छन् । नागरिकता वितरणमा दशकौंदेखिको अनुभव एवं उपलव्ध साधन र स्रोतको तुलनामा धेरै बढी नागरिकता वितरण गर्ने गरिएको भएतापनि नागरिकता वितरण प्रक्रिया छिटो छरितो, सरल, सहज एवं व्यावसायिक हुन नसकेको गुनासो कायमै छ । त्यस्तै विगत केही वर्षदेखि ७५ रै जिल्ला प्रशासन कार्यालयहरुबाट राहदानी वितरण शुरु गरिएबाट सेवाग्राहीहरुलाई सुविधा पुगेको भएतापनि राहदानी वितरणमा अद्यापि अनियमितता हुने गरेको, वितरणमा एकरुपता नभएको र सेवाग्राहीले झण्झट वेहोर्नु परेको जस्ता गुनासोहरु आइरहेका छन् । साथै उपलव्ध साधन स्रोतको तुलनामा अत्यधिक सेवा प्रदान गर्दा पनि त्यसको जस प्राप्त भइनरहेको अवस्था विद्यमान छ । श्री ५ को सरकारले सुशासनलाई उच्च प्राथमिकता दिएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालयहरुले निम्न वमोजिमको कार्य तत्काल गर्नु पर्ने भएको हुँदा आफू मातहतका जिल्ला प्रशासन कार्यालयहरुमा सो वमोजिम गर्न गराउन निर्देशन दिनु हुन मिति २०६०।६।७ मा भएको श्री ५ को सरकार (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

१. जिल्ला प्रशासन कार्यालयहरुले तत्काल लागु गर्ने वुँदाहरु:

१.१. सम्पर्क विन्दुहरुको संख्या घटाउने :

(क) सम्भव भएसम्म फाँट र सम्बन्धित अधिकृतको कोठा अत्यन्त समीपमा राख्ने,

(ख) नागरिकता र राहदानीका निवेदनहरुमा तोक फाँटमै लगाउने,

(ग) अधिकृतहरुले फाँटमै आएर रजिष्टरहरुमा सही गर्ने ।

१.२. निवेदन परेकै दिन राहदानी वितरण गर्ने, कुनै कारणवश सोही दिन वितरण हुन नसकेका राहदानीहरु भोलिपल्ट वितरण गर्ने ।

१.३. राहदानी फाँटमा सम्भव भएसम्म एउटा Fax र STD टेलिफोनको व्यवस्था गर्ने ।

१.४. विवाहित महिलाको नागरिकता प्रमाणपत्रको लागि अन्य प्रमाणहरु पुगेको अवस्थामा माइती जिल्ला बुझ्ने प्रचलन वन्द गर्ने ।

१.५. कार्यालयहरुमा अनिवार्य रुपमा एउटा सोधपुछ कक्षको व्यवस्था गर्ने, यस कक्षमा वस्ने कर्मचारीले सेवाग्राहीहरुलाई कुन कार्यको लागि कहाँ, को सँग सम्पर्क गर्ने, वारेमा शिष्ट भाषामा जानकारी गराउने ।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(............................शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च. न.:-

मिति :- ..............................

विषय :-

१.६. नागरिकता एवं राहदानी फाँटमा फाँटसंग सम्बन्धित कामको प्रक्रियाका वारेमा जानकारी दिने सूचना सबैले देख्ने ठाँउमा पढ्न सकिने गरी राख्ने । यसमा के कागजात चाहिन्छ, कति शुल्क लाग्छ, समय कति लाग्छ, को संग सम्पर्क राख्ने, सम्पर्कको लागि वैकल्पिक कर्मचारी र सिकायत सुन्ने अधिकृतको नाम आदि कुराहरु समावेश भएको हुनुपर्छ ।

१.७. वितरित नागरिकताको प्रमाणपत्र र राहदानी प्राप्तकर्ताहरुको ठेगाना सहितको नामावली वितरण गरेको भोलिपल्ट सार्वजनिक सूचना टाँसको व्यवस्था गर्ने ।

१.८. नागरिकता र राहदानीको आवेदन रजिष्टरमा दर्ता गर्ने । सो रजिष्टरमा दर्ता गरेको समय उल्लेख गर्ने, कार्य सम्पन्न भएपछि नागरिकता/राहदानी प्राप्तकर्ताको हस्ताक्षर र समय समेत उल्लेख गर्ने व्यवस्था गर्ने । उपलब्ध सेवाप्रति सेवाग्राहीको कुनै मन्तव्य भए सो समेत बेग्लै रजिष्टरमा उल्लेख गर्न लगाउने ।

उप सचिव

62

श्री ५ को सरकार
गृह मन्त्रालय
(…स्थानीय प्रशासन……………शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- स्था.प्र.।(ब.व्य) ।०६०।६१
प्राप्त पत्र संख्या र मिति :-
च. नं.:- 826

मिति :- २०६०।६।१२

विषय :-

श्री व्यवस्थापन महाशाखा,
गृह मन्त्रालय ।
श्री कर्मचारी प्रशासन महाशाखा,
गृह मन्त्रालय ।

जिल्ला प्रशासन कार्यालयहरुबाट प्रदान गरिने सेवाहरुमध्ये नेपाली नागरिकताको प्रमाणपत्र र राहदानी वितरण प्रमुख रहिआएका छन् । नागरिकता वितरणमा दशकौंदेखिको अनुभव एवं उपलव्ध साधन र स्रोतको तुलनामा धेरै वढी नागरिकता वितरण गर्ने गरिएको भएतापनि नागरिकता वितरण प्रक्रिया छिटो छरितो, सरल, सहज एवं व्यावसायिक हुन नसकेको गुनासो कायमै छ । त्यस्तै विगत केही वर्षदेखि ७५ रै जिल्ला प्रशासन कार्यालयहरुबाट राहदानी वितरण शुरु गरिएबाट सेवाग्राहीहरुलाई सुविधा पुगेको भएतापनि राहदानी वितरणमा अद्यापि अनियमितता हुने गरेका, वितरणमा एकरुपता नभएको र सेवाग्राहीले झण्झट वेर्होनु परेको जस्ता गुनासोहरु आइरहेका छन् । अव्यवस्थित अभिलेख, जनचापको तुलनामा निकै कम जनशक्ति, सेवाग्राहीले धेरैवटा कोठामा धाउनु पर्ने, सेवाग्राहीलाई सेवाको प्रक्रियावारे प्रष्ट जानकारी गराउन नसक्नु, स्रोत साधनको कमी र जनमानसमा रहेको नकारात्मक सोचाई आदि कारणले सेवाग्राहीले अपेक्षित सेवा सुविधा प्राप्त गर्न सकेका छैनन् । अर्कोतर्फ उपलव्ध साधन स्रोतको तुलनामा अत्यधिक सेवा प्रदान गर्दा पनि त्यसको जस प्राप्त भइनरहेको अवस्था छ । श्री ५ को सरकारले सुशासनलाई उच्च प्राथमिकता दिएको सन्दर्भमा मन्त्रालयले देहाय वमोजिमको व्यवस्था गर्न त्यस महाशाखाबाट कारवाही अगाडि बढाउनु हुन मिति २०६०।६।७ मा भएको श्री ५ को सरकार (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

१. <u>गृह मन्त्रालयले व्यवस्था गर्नु पर्ने कुराहरु:</u>

१.१. <u>कम्प्यूटराइज्ड अभिलेख प्रणालीको स्थापना</u> : असाध्य कमजोर अवस्थामा रहेको नागरिकताको अभिलेखलाई तत्काल कम्प्यूटराइज्ड गर्न शुरु गर्नु पर्छ । यसको लागि जिल्ला प्रशासन कार्यालय, ललितपुरले शुरु गरेको कार्यलाई नमूनाको रुपमा लिई काठमाडौं र भक्तपुर जिल्ला प्रशासन कार्यालयहरुमा पनि कम्प्यूटर प्रणाली शुरुवात गर्न मन्त्रालयले आवश्यक स्रोतको व्यवस्था गर्ने।

१.२. पर्याप्त जनशक्तिको व्यवस्था: खासगरी काठमाडौं जिल्ला प्रशासन कार्यालयमा जनशक्ति न्यून रहेकोले दरवन्दी थप वा काजमा कर्मचारी खटाउने व्यवस्था गर्ने ।

१.३. अभिलेख व्यवस्थापनको लागि आवश्यक पर्ने दराज, र्‍याक, इण्डेक्स फाइलहरु आदिको लागि केही न्यूनतम रकम प्रदान गर्ने ।

१.४. नागरिकताको प्रमाणपत्रको कार्डको गुणस्तर सुधार्ने ।

६५

श्री ५ को सरकार

# गृह मन्त्रालय

(........ना० ह० ........ शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- नि.प्र.ना.७५
प्राप्त पत्र संख्या र मिति ९२१

मितिः- २०६०।६।२९

विषयः- निर्देशन ।

श्री क्षेत्रीय प्रशासन कार्यालय
सेवा ।

कर्मचारी परिवारको आधारमा अन्य जिल्लाको वैवाहिक अंगीकृत नागरिकता माग गरेकोमा दिन मिल्ने नमिल्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय उदयपुर वाट निर्देशन माग गरेको विषय पेश हुँदा आफु कार्यरत रहेको जिल्ला प्रशासन कार्यालयवाट कर्मचारीको परिवारलाई नेपाली नागरिकता प्रमाण-पत्र दिने व्यवस्था भैरहेको सन्दर्भमा आफु कार्यरत रहेको जिल्ला प्रशासन कार्यालयवाट कार्यरत कर्मचारीको पत्नीलाई वैवाहिक अंगीकृत नागरिकता प्रमाणपत्र समेत प्रदान गरिने मिति २०६०।६।२८ मा निर्णय (सचिवस्तर) भएको हुँदा सो वमोजिम मातहतका जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गर्न निर्देशानुसार अनुरोध छ ।

२०६०/६/३

शाखा अधिकृत

७१

१४

श्री ५ को सरकार

# गृह मन्त्रालय

( नागरिकता शाखा)

सिंहदरवार
काठमाडौं, नेपाल ।

पत्र संख्या:– ०६०।६१ ) निर्देशन २२
प्राप्त पत्र संख्या र मितिः–

मिति २०६०।७।१३.

विषय:– अंगिकृत नागरिकताको प्रतिलिपि सम्वन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,

सवै ।

सम्वन्धित जिल्ला प्रशासन कार्यालयको अभिलेख प्रमाणित एवं यकिन सिफारिसका आधारमा मन्त्रालयवाट अंगिकृत नागरिकता प्रम ण पत्रको प्रतिलीपी दिने गरिएकोमा अव उप्रान्त कार्यालयमा रहेको अभिलेखका आधारमा सम्वन्धित व्यक्ति यकिन गरी प्र.जि.अ.को निर्णयले अंगिकृत नागरिकता प्रमाण पत्रको प्रतिलिपि दिन र त्यसरी दिइएको प्रतिलिपिको मासिक विवरण मन्त्रालयमा पठाउन सवै प्र.जि.अ.ज्यूहरूलाई निर्देशन दिने भनी मिति ०६०।७।११ मा निर्णय (सचिवस्तर) भएकोले निर्णय अनुसार गर्न गराउन आ-आफ्ना क्षेत्र भित्रका प्र.जि.अ. ज्यूहरूमा निर्देशन हुन निर्णयानुसार अनुरोध छ ।

२०६०/७/१३
शाखा अधिकृत

O/C

श्री ५ को सरकार

# गृह मन्त्रालय

(........ नागरिकता ........ शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ना. ०५८।५९ च.नं. १४८
प्राप्त पत्र संख्या र मितिः-

मितिः २०५८।६।२८

विषयः- नागरिकताको अभिलेख अद्यावधिक गर्ने ।

श्री जिल्ला प्रशासन कार्यालय
सोलुखुम्बु, अर्घाखाँची, जुम्ला, अछाम ।

त्यस कार्यालयमा रहेको माओवादी आक्रमणको कारण नष्ट भएका नागरिकता सम्बन्धी अभिलेखहरु अद्यावधिक गर्न तत्कालीन र दीर्घकालीन व्यवस्था गर्न सकिने गरी अलग अलग व्यवस्था गरिएको र तत्कालीन व्यवस्था देहाय बमोजिम गर्ने गरी मिति २०५८।६।२० मा श्रीमान्को सरकार (सचिवस्तर)को निर्णय भएकोले सो निर्णयानुसार गर्न गराउन हुन अनुरोध छ ।

- नष्ट भएका अभिलेखहरु अद्यावधिक गर्ने काम तत्काल शुरु गर्ने ।
- यसका लागि निश्चित समयावधि तोकी आफु र आफ्ना परिवारका सदस्यले प्राप्त गरेको नागरिकता प्रमाण-पत्र स्थानीय निकायको सिफारिस समेत संलग्न गरी जिल्ला प्रशासन कार्यालयमा पेश गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने ।
- यसरी पेश हुन आएका नागरिकताको अभिलेख रजिष्टरमा उतार गरी सक्कल प्रतिमा लगत लिएको व्यहोरा जनाई सो को फोटोकपी (कार्यालयको लागि) कार्यालयमा राखी सक्कल नागरिकता प्रमाणपत्र सम्बन्धित व्यक्तिलाई फिर्ता दिने ।
- उल्लेखित कामका लागि कार्यालयमा आएका व्यक्तिले आफ्नो परिवारको नागरिकता पाइसकेका व्यक्तिको विवरण (नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र लिएको मिति समेत उल्लेख गरी) नागरिकता पाउन बाँकी बालिग नागरिकहरुको विवरण साथै नाबालकहरुको नाम नामेसी संकलन

क्रमशः

श्री ५ को सरकार

# गृह मन्त्रालय

(............... शाखा)

पत्र संख्या:–

प्राप्त पत्र संख्या र मिति:–

सिंहदरबार
काठमाडौं, नेपाल ।

विषय:– मिति............

२. यी घटना सम्बन्धित व्यक्तिको सही गाईड हो भएको आफन्तले प्रमाणित गर्ने।

– मृतको विवरण प्रत्येक गा.वि.स./न.पा.को अलग अलग रजिष्टरमा संकलन गर्ने।

– अभिलेख अद्यावधिक गर्न स्थानीय निकायको सिफारिस र उपलब्ध भए सम्मका अन्य कागज प्रमाण हरुको आधार लिने।

शाखा अधिकृत

बोधार्थ

क्षेत्रीय प्रशासन कार्यालय

धनकुटा, पोखरा, सुर्खेत, दिपायल।

श्री ५ को सरकार

# गृह मन्त्रालय

(....नागरिकता तथा ...... शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्या :-०६०/६१ च.नं. १५९
प्राप्त पत्र संख्या र मिति :-
च. न.:-

मिति :- ....२०६०/७/२४...

**विषय :-** "नागरिकता वितरण अभियान सम्बन्धी मार्ग दर्शन, २०६०" पठाएको सम्बन्धमा।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै।

श्री ५ को सरकारले हालै प्रकाशमा ल्याएको भावी लक्ष्य, रणनीति तथा कार्यनीतिमा समावेश भएको नागरिकता वितरण अभियानलाई प्रभावकारी रुपले सञ्चालन गर्ने उद्देश्यले श्री ५ को सरकार (सम्माननीय प्रधानमन्त्री तथा गृह मन्त्रीस्तर)को मिति २०६०/७/२१ को निर्णयबाट स्वीकृत भएको "नागरिकता वितरण अभियान सम्बन्धी मार्ग दर्शन, २०६०" यसै साथ संलग्न गरि पठाइएको छ। प्राप्त हुनासाथ आफ्नो क्षेत्र भित्रका सबै प्रमुख जिल्ला अधिकारीहरुलाई छिटो साधनद्वारा जानकारी गराई नागरिकता वितरण सम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु भै सो को जानकारी मन्त्रालयमा समेत गराउन हुन निर्णयानुसार अनुरोध छ।

२०६०/७/२४
शाखा अधिकृत

श्री ५ को सरकार

# गृह मन्त्रालय

(............ शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः– ना–६०।६१–नागरिकता ९५०
प्राप्त पत्र संख्या र मितिः–

मिति २०६०।८।२४

विषयः– परिपत्र ।

श्री क्षेत्रीय प्रशासन कार्यालय
धनकुटा, हेटौंडा, पोखरा, सुर्खेत, दिपायल ।

माओवादी आक्रमणको कारण जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु, अर्घाखाँची, जुम्ला र अछामका नागरिकताको अभिलेख नष्ट भएको हुँदा अभिलेख अद्यावधिक गर्ने कार्यको लागि तत्कालीन र दीर्घकालीन गरी अलग अलग व्यवस्था मिलाउन श्री ५ को सरकार (सचिवस्तर)का मिति २०६०।८।२० को निर्णय नम्बर ६७ को निर्णय अनुरुप उक्त जिल्लाहरुका व्यक्तिको नाममा राहदानी जारी गर्दा ती व्यक्तिको नागरिकता प्रति सँग जाँच गर्न आवश्यकता अनुसार सो नागरिकता जारी गर्ने अधिकारी उल्लेखित नागरिकता जारी हुँदाको वखतमा सम्बन्धित जिल्लामा कार्यरत रहे नरहेको विषयमा जानकारी लिने नागरिकता सम्बन्धमा पत्र व्यवहार हुनु पर्ने भएमा स्थानीय निकाय वा श्री ५ को सरकारका वहालवाला राजपत्राङ्कित अधिकृतको सिफारिसलाई समेत आधार मान्ने र नागरिकता पेश गर्ने व्यक्तिबाट पेश भएको नागरिकताको प्रतिलिपीमा सनाखत गराउने लगायतका आवश्यक अन्य उपायहरुको अवलम्बन गर्न आफ्नो क्षेत्र भित्रका सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिन निर्णयानुसार अनुरोध छ ।

O/C

२०६०/८/२४
शाखा अधिकृत

श्री ५ को सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

अत्यन्त जरुरी

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ०६०।६१
प्राप्त पत्र संख्या र मिति :-
च. न.:- नि.५२.१.२३
१६२

मिति :- २०६०।८।८

विषय :-
नागरिकता वितरण अभियान सम्बन्धी मार्ग दर्शन, २०६० का सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
धनकुटा/हेटौंडा/पोखरा/सुर्खेत/दिपायल ।

उपर्युक्त सम्वन्धमा यस मन्त्रालयको च.नं. १५९ मिति २०६०।७।२४ को पत्रसाथ पठाईएको "नागरिकता वितरण अभियान सम्वन्धी मार्ग दर्शन, २०६०" प्राप्त भएकै छ । उक्त मार्ग दर्शनको बुंदा नं. ९ मा उल्लेखित विषयलाई कडाईका साथ पालना गरी गैर नागरिकले कुनैपनि हालतमा नागरिकता प्राप्त गर्न नसकुन् भन्नेतर्फ विशेष सतर्कता अपनाई स्थलगत रुपमा नागरिकता वितरण गर्ने क्रममा कुनै शंका उत्पन्न भएमा जिल्ला प्रशासन कार्यालयवाट विस्तृत रुपमा छानवीन गरी नेपाली नागरिकता पाउन सक्ने देखिएमा मात्र त्यस्ता व्यक्तिलाई जिल्ला प्रशासन कार्यालयवाटै नागरिकता प्रमाणपत्र प्रदान गर्ने व्यवस्था मिलाउनु हुनका साथै कुनैपनि वहानावाट गैरनेपाली नागरिकले नागरिकता प्राप्त गरेमा नागरिकता प्रदान गर्ने सम्वन्धित कर्मचारीलाई कडा कारवाही हुने वेहोरा समेत तुरुन्तै आफ्नो क्षेत्रभित्रका सबै प्र.जि.अ. हरुलाई जानकारी गराईदिनु हुन अनुरोध छ ।

(उपसचिव)

बोधार्थ तथा कार्यार्थ:-
श्री जिल्ला प्रशासन कार्यालय
सबै ।

Fax ओल्गाफ

अत्यन्त जरुरी

श्री ५ को सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

०६०।६१

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०६०।८।२४

च. नं.:- २०२

**विषय :-** नागरिकता सम्बन्धी अभिलेखहरुलाई अध्यावधिक गर्न तयार गरिएको कार्ययोजना पठाएको ।

श्री जिल्ला प्रशासन कार्यालय,
झापा/धनकुटा/काठमाडौं/ललितपुर/भक्तपुर/पर्सा/रुपन्देही/कास्की/वांके/कञ्चनपुर ।

नागरिकता सम्बन्धी अभिलेखहरुलाई अध्यावधिक गर्न तयार गरिएको संलग्न कार्य योजना लागु गर्नुहुन श्री ५ को सरकार (सम्माननीय प्रधानमन्त्री एवं गृहमन्त्री स्तर) को मिति २०६०।८।२३ को निर्णयानुसार अनुरोध गरिएको छ ।

प्रस्तुत कार्य योजनामा उल्लेखित विषयहरु तत्काल लागु गरी तुरुन्तै सोको जानकारी गराउनु हुनका साथै मासिक प्रगति विवरण पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

वोधार्थ:-
श्री क्षेत्रीय प्रशासन कार्यालय,
धनकुटा/हेटौंडा/पोखरा/सुर्खेत/दिपायल : माथि उल्लेखित १० जिल्ला वाहेकका आफ्नो क्षेत्रभित्रका अन्य जिल्लाहरुमा समेत कार्ययोजना उपलब्ध गराई सम्बन्धित जिल्लाले गर्ने भनिएका विषयहरु लागु गरी जानकारी पठाउन परिपत्र गरिदिने समेतको व्यवस्था हुन अनुरोध छ ।

२०६० ८।२४
शाखा अधिकृत

Z:\Bishwo\Administration\Letters\Yojana-lett.doc

# नागरिकता सम्बन्धी अभिलेखहरुलाई अध्यावधिक गर्न तयार गरिएको

## कार्ययोजना

१) नागरिकता सम्बन्धी अभिलेख अध्यावधिक गर्ने क्रममा पहिलो चरणमा निम्न लिखित १० जिल्ला छनौट गरी कार्यारम्भ गरिन लागिएको छ । यसको लागि जिल्लामा भैरहेको श्रोत, साधन र जिल्लाबाट परिचालन गर्न सकिने श्रोत साधनको परिचालन गरिनेछ र मन्त्रालयले समेत थप logistic support उपलब्ध गराउँदै जानेछ ।

छनौट गरिएका जिल्लाहरु:-

(१) झापा (२) धनकुटा (३) काठमाडौं (४) ललितपुर (५) भक्तपुर (६) पर्सा (७) रुपन्देही (८) कास्की (९) बांके (१०) कञ्चनपुर

२) माथि उल्लेखित जिल्लाहरुका अतिरिक्त अन्य ६५ जिल्लाहरुमा समेत भैरहेको श्रोत साधन तथा जिल्लाबाट परिचालन गर्न सकिने श्रोत साधनलाई अधिकतम रुपमा परिचालन गरी प्रस्तुत कार्ययोजनामा उल्लेखित तत्काल लागु गर्न सकिने विषयहरुलाई क्रमशः लागु गर्दै लगिनेछ ।

३) कार्ययोजनामा उल्लेखित कामहरुको पूर्ण जिम्मेवारी प्र.जि.अ. को हुनेछ र प्र.जि.अ. ले कुन कुन कर्मचारीको के के जिम्मेवारी रहने भन्ने विषयमा सम्बन्धित कर्मचारीलाई स्पष्टसंग लिखित रुपमा अवगत गराई सोको जानकारी सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालय र गृह मन्त्रालयमा दिनु पर्नेछ ।

४) प्रस्तुत कार्ययोजनामा उल्लेखित विषयहरुको कार्यान्वयन पक्षलाई समेत आधारमानी प्र.जि.अ.हरुको कार्य सम्पादन मूल्यांकन गरिनुका साथै उत्कृष्ट अभिलेख व्यवस्थापन गर्ने प्र.जि.अ. तथा अन्य कर्मचारीहरुलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

५) उल्लेखित कार्य सम्पादनका लागि सबै प्रमुख जिल्ला अधिकारीले हाल भैरहेको श्रोत साधन र जनशक्तिको अधिकतम परिचालन गर्नु पर्नेछ र गृह मन्त्रालयले आवशयकता अनुरुप थप श्रोत साधन र जनशक्ति उपलब्ध गराउँदै जानेछ ।

# कार्य योजना

| क्र.सं. | के गर्ने ? | कहिले गर्ने ? | कसले गर्ने ? |
|---|---|---|---|
| १ | नागरिकता जारी गर्ने अधिकृत कर्मचारीहरुको नाम थर, दर्जा सहित उल्लेख गरी उनीहरुको दस्तखत नमूना सम्बन्धित कार्यालयको अभिलेखमा राखी एक/एक प्रति सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालय र गृह मन्त्रालयको नागरिकता तथा हातहतियार शाखामा उपलब्ध गराउने । कुनै कर्मचारी सरुवा भै सो ठाउँमा अर्को कर्मचारी आएपछि निजको, हस्ताक्षर नमूना समेत सोही अनुरुप गर्ने । | ०६० साल पौष महिनादेखि शुरु गरी यसलाई निरन्तरता दिने । | – सबै जिल्ला प्रशासन कार्यालयले नमूना पठाउने काम गर्ने ।<br>– क्षेत्रीय प्रशासन कार्यालय र गृह मन्त्रालयले प्रत्येक जिल्लाको अलग अलग फाइल खडा गरी सम्बन्धित जिल्लाबाट प्राप्त विवरण सोही फाइलमा सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउने । |
| २ | प्रत्येक दिन नागरिकता पाउने व्यक्तिको ठेगाना सहितको नामावली भोलिपल्ट पहिलो प्रहरमा सूचनापाटीमा प्रकाशित गरी एकप्रति सूचना कार्यालयको फाइलमा राखी एक/एक प्रति सूचना मासिक रुपमा सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालय र गृह मन्त्रालयमा पठाउने ।<br>यस्तो सूचना फोटोकपी गरी सम्बन्धित जि.वि.स. मा समेत पठाउने । | ०६० साल माघ महिनादेखि निरन्तर रुपमा । | – सबै जिल्ला प्रशासन कार्यालय,<br>– क्षेत्रीय प्रशासन कार्यालय र गृह मन्त्रालयले प्राप्त सूचनालाई संकलन गरी सम्बन्धित जिल्लाको फाइलमा राख्ने ।<br>– जि.वि.स. ले यो सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।<br>– प्र.जि.अ. हरुले स्थानीय निकायको सहयोग मा वर्षभरि नागरिकता लिएका व्यक्तिको नामावली पुस्तिकाको रुपमा प्रकाशित गर्ने प्रयासको थालनी गर्ने । |
| ३ | नागरिकताको लागि नेपाली कागजमा अनुसूचि फाराम तयार गरी सो फारामको पछाडि नागरिकता प्राप्त गर्न पेश गरिएका सबै प्रमाणहरु उल्लेख गरी यसलाई सम्बन्धित अधिकृतले प्रमाणित समेत गर्ने ।<br>(नमूना संलग्न छ) । | माथि उल्लेखित १० जिल्ला मा ०६० साल माघदेखि र अन्य जिल्लाहरुमा क्रमवद्ध रुपमा । | सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरु । |

shwo\Nagarik\Kary-Yojana.doc

| | | | |
|---|---|---|---|
| ४. | नागरिकता प्रमाणपत्रमा टाँस्ने गरिएको सुरक्षा चिन्ह (Hologram) फोटो र कार्ड दुवै ठाउँमा पर्ने गरी टाँस्ने । | ०६० साल पौषदेखि निरन्तर रुपमा । | सबै जिल्ला प्रशासन कार्यालय |
| ५. | प्रत्येक महिना वितरण गरिएका नागरिकता कार्डको अधकट्टी बाहिर ठूलो अक्षरले साल र मिति लेखी सुरक्षित र व्यवस्थित रुपमा राख्ने । | ०६० साल पौषदेखि निरन्तर रुपमा । | सबै जिल्ला प्रशासन कार्यालय |
| ६. | नयां अभिलेखहरुलाई पुरानासंग नमिसिने गरी व्यवस्थित रुपमा छुट्टै स्थानमा र्‍याक तथा दराजमा राख्ने । | ०६० साल पौषदेखि निरन्तर रुपमा । | सबै जिल्ला प्रशासन कार्यालय |
| ७. | खर्च भएका, नासिए विग्रिएका र मौज्दात रहेका कार्डहरुको हिसाव स्पष्टसंग राखी सोको विवरण मासिक रुपमा मन्त्रालयमा पठाउने ।<br>– विग्रिएका कार्ड तथा सूरक्षा चिन्ह (Hologram) प्रत्येक तीन/तीन महिनामा मन्त्रालयमा पठाउने ।<br>– मन्त्रालयले हिसाव मिले नमिलेको हेर्ने ।<br>– मन्त्रालयबाट प्राप्त हुन आएका कार्ड र सुरक्षा चिन्ह जिन्सी दाखिला गरी जिन्सी शाखाले नागरिकता फाँटका कर्मचारीलाई स्वीकृत माग फारामको आधारमा मात्र बुझाउने व्यवस्था गर्ने ।<br>– बुझ्ने व्यक्तिले दैनिक खर्च भएको विवरण प्रमाणित गराएर राख्ने । | ०६० साल माघदेखि निरन्तर रुपमा । | जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालय । |
| ८. | नागरिकता अभिलेख फाँटलाई बढी प्रभावकारी एवं कृयाशील बनाउने :-<br>– यो फाँटमा कम्तिमा १ जना सहायक स्तर र १ जना पियन (आवश्यकता अनुरुप प्र.जि.अ.ले थपघट गर्न सक्ने गरी) कर्मचारीको व्यवस्थां गर्ने,<br>– नागरिकता अभिलेख फाँटले नागरिकता वितरण गरिसकेपछि तयार गरेका फाइल तथा रजिष्टरहरु भर्पाई गरी अभिलेख फाँटमा बुझाउने,<br>– फाइल बुझ्दा सम्बन्धित फाइलमा कागजात पुरा भए नभएको राम्ररी हेरी कुनै कैफियत भए कैफियत जनाएर | ०६० साल पौषदेखि निरन्तर रुपमा । | सबै जिल्ला प्रशासन कार्यालय |

| | | | |
|---|---|---|---|
| | मात्र बुझ्ने,<br>– यही फाँटबाट प्रतिलिपि दिने,<br>– अभिलेख अध्यावधिक गरिरहने,<br>– कर्मचारी सरुवा हुँदा अनिवार्य रुपमा वरबुझारथ गर्ने । | | |
| ९ | सालवसाली रुपले अनुसूचि फाराम लगायतका कागज़ातहरु छानेर पोका पार्ने र वाइण्डिङ्ग गर्ने काम शुरु गर्ने । यसरी काम शुरु गर्दा चालु वर्ष सकेपछि ०५९ साल, ०५८ साल, ०५७ साल गर्दै क्रमशः मिलाउँदै जाने ।<br>यसको प्रगति विवरण हरेक महिना गृह मन्त्रालयमा पठाउने । | माथि उल्लेखित १० जिल्लामा ०६० साल माघदेखि र अन्य जिल्लाहरुमा अनुकूल समयमा । | सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| १० | नागरिकता सम्बन्धी अभिलेखलाई कम्प्यूटरमा राख्न शुरु गर्ने । | – ललितपुरमा राख्न शुरु भएको ।<br>– माथि उल्लेखित वांकी ९ जिल्लामा ०६० साल माघदेखि ।<br>– स्थानीय स्तरमा श्रोत साधन जुट्न सकेका जिल्लामा क्रमवद्ध रुपमा । | जिल्ला प्रशासन कार्यालयले अभिलेखहरु कम्प्यूटरमा राख्ने ।<br>मन्त्रालयले आवश्यक Package Programme, Software लगायत अन्य श्रोत साधन र जनशक्ति उपलब्ध गराउँदै जाने । |
| ११ | कम्प्यूटरमा राखिएको अभिलेखको एक/एक थान CD मन्त्रालयमा पठाउने । | ०६० साल फाल्गुणदेखि । | – जिल्ला प्रशासन कार्यालयले पठाउने ।<br>– मन्त्रालयले Harddisk मा सुरक्षित राख्ने । |
| १२ | नागरिकता प्रदान गर्ने तरीका र पालन गर्नुपर्ने कुराहरु उल्लेख गरी नागरिकता सम्बन्धी निर्देशिका तयार गरी श्री ५ को सरकारको स्वीकृतिका लागि पेश गर्ने ।<br>निर्देशिकामा उल्लेखित अन्य विभिन्न विषयका अतिरिक्त निम्न विषय समेत समावेश गर्ने :<br>– रजिष्टरमा राखिने नागरिकताको कार्यालय प्रति रहने वेहोराको नमूना समेत समावेश गर्ने ।<br>– सरकारी कागजात धुल्याउने नियम, २०२७ को परिधिभित्र रही | ०६० साल फाल्गुण महिना भित्र | गृह मन्त्रालय |

श्री ५ को सरकार गृह मन्त्रालय २०५९

| | | | |
|---|---|---|---|
| | कुन कुन कागज कहिलेसम्म सुरक्षित राख्ने भन्ने विषय समेत समावेश गर्ने । | | |
| १३ | मन्त्रालयमा रहेका करीब ९ हजार अंगीकृत नागरिकता सम्बन्धी अभिलेख अध्यावधिक गरी कम्प्यूटराइज गर्ने । | ०६१ साल वैशाख महिनाभित्र | गृह मन्त्रालय |
| १४ | निर्णय पुस्तिका नेपाली कागजको बनाउने । निर्णय पुस्तिकामा नागरिकता प्रमाणपत्र लिनका लागि पेश भएका कागजातहरु अनिवार्य रुपमा उल्लेख गर्ने व्यवस्था गर्ने र यो पुस्तिका संधैभरी सुरक्षित रुपमा राख्ने । | – माथि उल्लेखित १० जिल्लामा २०६० साल माघदेखि ।<br>– अन्य ६५ जिल्लामा क्रमवद्ध रुपमा । | जिल्ला प्रशासन कार्यालय |
| १५ | नागरिकताको कार्यालय प्रति रहने रजिष्टर, बाक्लो नेपाली कागजको बनाउने ।<br>(रजिष्टरमा राखिने वेहोरा संलग्न गरिएको छ) । | ०६१ साल वैशाख देखि । | जिल्ला प्रशासन कार्यालय |
| १६ | नागरिकता सम्बन्धी अभिलेख रहने ठाउँमा कर्मचारी वाहेकका अन्य असम्बन्धित व्यक्तिको प्रवेश निषेध गर्ने । | ०६० साल पौष देखि । | सबै प्र.जि.अ. |
| १७ | जिल्ला प्रशासन कार्यालयहरुमा नागरिकता सम्बन्धी अनुगमन पुस्तिका राख्ने ।<br>मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालयले नियमित रुपमा अनुगमन गरी देखिएका वेहोरा सो पुस्तिकामा उल्लेख गर्ने । | ०६० साल पौष देखि । | पुस्तिका राख्ने - जिल्ला प्रशासन कार्यालय<br>अनुगमन गर्ने - गृह मन्त्रालय र क्षेत्रीय प्रशासन कार्यालय । |
| १८ | नागरिकता कार्ड छापिंदाकै अवस्थामा नम्बर राख्ने सम्बन्धमा गृहकार्य शुरु गर्ने । | अहिले भैरहेका कार्ड समाप्त भएपछि । | गृह मन्त्रालय |
| १९ | काठमाडौं, ललितपुर र भक्तपुरमा नागरिकता का अभिलेख राख्न एक/एक वटा थप कोठा निर्माण गर्ने । | आ.व. ०६१।६२ भित्र | – काठमाडौं र ललितपुरका लागि गृह मन्त्रालयले बजेट उपलब्ध गराउने ।<br>– जिल्ला प्रशासन कार्यालयले समयमै काम सम्पन्न गर्ने ।<br>– भक्तपुरमा स्थानीय श्रोत परिचालन गरी थप कोठाको व्यवस्था गर्ने । |
| | | | |

श्री ५ को सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, ........................

वंशज/जन्मसिद्ध/वैवाहिक अंगीकृत नागरिकता प्रमाणपत्रको अभिलेख

| क.सं. | नागरिकता नं. | ना.प्र.प. प्राप्त गर्ने व्यक्तिको | बाबु तथा पतिको नाम, थर | जन्मस्थान | स्थायी वासस्थान | जन्म मिति | तस्वीर | औंठाको छाप | | ना.प्र.प. पाउने व्यक्तिको सही | ना.प्र.प. दिने अधिकारीको | सिफारिश गर्नेको | पेश भएका कागजातहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | दा. | बा. | | | | |
| १ | | नाम, थर:- | बाबु:-<br>पति:- | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | | | | | | नाम,थर:-<br>दर्जा:- | नाम,थर:-<br>दर्जा:- | १.<br>२.<br>३. |
| २ | | नाम, थर:- | बाबु:-<br>पति:- | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | | | | | | नाम,थर:-<br>दर्जा:- | नाम,थर:-<br>दर्जा:- | १.<br>२.<br>३. |
| ३ | | नाम, थर:- | बाबु:-<br>पति:- | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | | | | | | नाम,थर:-<br>दर्जा:- | नाम,थर:-<br>दर्जा:- | १.<br>२.<br>३. |
| ४ | | नाम, थर:- | बाबु:-<br>पति:- | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | | | | | | नाम,थर:-<br>दर्जा:- | नाम,थर:-<br>दर्जा:- | १.<br>२.<br>३. |
| ५ | | नाम, थर:- | बाबु:-<br>पति:- | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | जिल्ला:-<br>न.पा./गा.वि.स.:-<br>वडा नं. | | | | | | नाम,थर:-<br>दर्जा:- | नाम,थर:-<br>दर्जा:- | १.<br>२.<br>३. |

home\Bishwo\Nagarik\Nagarikta-format\Sheet1.xls

(नियम ३ को उपनियम (१) सग सम्बान्धत)

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
.................................. ।

निवेदकको दुवै कान देखिने पासपोर्ट साइजको फोटो

विषयः- नेपाली नागरिकताको प्रमाणपत्र पाउँ ।

महोदय,

म नेपाली नागरिक भएकोले देहायको विवरण खोली नेपाली नागरिकताको प्रमाणपत्र पाउनको लागि सिफारिस साथ रु.१।- को टिकट टाँसी यो निवेदन पत्र पेश गरेको छु । मैले यसअघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको छैन ।

१. नाम, थरः- ..................................................
२. जन्मस्थानः- ..................................................
..................................................................
३. जन्म मितिः- ..........................................
(शैक्षिक प्रमाणपत्र हुनेले सोही मिति उल्लेख गर्ने)
४. स्थायी वासस्थानः- ....................................
..................................................................
५. बाबुको नाम, थरः- ..................................................
६. बाबुको ठेगानाः- ..................................................
..................................................................
७. बाबुको नागरिकताः- ..................................................
८. पतिको नाम, थरः- ..................................................
९. पतिको ठेगानाः- ..................................................
१०. पतिको नागरिकताः- ..................................................

मैले माथि लेखिदिएको व्यहोरा ठीक साँचो हो । झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

भवदीय,

मितिः- ..................................................

निवेदकको दस्तखतः-
औंठाको छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

........................................ गाउँ विकास समिति/नगरपालिका ........................... नं. वडा ................ मा स्थायी घरवास भएको वा वसोवास गरिआएको यसमा लेखिएको श्री ........................................ को छोरा/छोरी/पत्नी वर्ष .............. को श्री/सुश्री/श्रीमती ........................................ लाई म राम्ररी चिन्दछु । उपर्युक्त लेखिए वमोजिमको निजको व्यहोरा मैले जानेबुझेसम्म साँचो हो । झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

मितिः-

गाउँ विकास समितिको/नगरपालिकाको सदस्यको
दस्तखतः- ..................................................
नाम, थरः- ..................................................
कार्यालयको छापः- ..................................................

यसमा लेखिएका श्री .................................................. को छोरा/छोरी/पत्नी वर्ष .............. को श्री/सुश्री/श्रीमती .................................................. लाई म राम्ररी चिन्दछु । उपर्युक्त लेखिए वमोजिमको निजको व्यहोरा मैले जानेबुझेसम्म साँचो हो । झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

मितिः-

सिफारिस गर्नेकोः-
दस्तखतः- ..................................................
नाम, थरः- ..................................................
पदः- ..................................................
कार्यालयको नाम र छापः- ..............................
..................................................................

कार्यालयले भर्ने :

निवेदक/निवेदिका .................................................. मेरो आफ्नो .......................... हो । निजलाई वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र दिएमा फरक पर्ने छैन । फरक परे प्रचलित ऐन नियम बमोजिम सजाय सहुंला बुझाउंला भनी कार्यालयमा उपस्थित भई सहिछाप (सनाखत) गर्ने न.पा./गा.वि.स. ..... ........................................................................ वडा नं. ................................ बस्ने निवेदकको ........................ श्री ..........................................................................

सनाखत गर्नेको:-

सहिछाप:-

ना.प्र.प.नं.:-

मिति:-

अनुसूचि फाराममा भएको सिफारिस, निवेदकको .................... श्री ................................ को सनाखत तथा अनुसूचि फाराम साथ संलग्न निम्न कागज प्रमाणहरुको आधारमा निवेदकलाई वंशजको नाताले नागरिकता प्रमाणपत्र दिन उपयुक्त हुनेदेखि पेश गरेको छु ।

संलग्न प्रमाणहरु:-

१.

२.

३.

४.

(पेश गर्ने) (सदर गर्ने)

वितरित नागरिकता नं. ............................

श्री ५ को सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा शाखा)

**पत्र संख्याः-सा.सु. ०६१।६२**
**च.नं. ३५६८**

**मितिः-२०६१।११।२०**

**विषयः-**

बाटः- गृ.मं.शा.सु. शाखा,
लाईः- क्षेत्रीय प्रशासन कार्यालय सबै

जिल्ला प्रशासन कार्यालयहरूबाट जारी गरिने नागरिकता सम्बन्धी अभिलेखको **दुई प्रति** तयार गरी दोहोरा अभिलेख कायम हुने गरी दोश्रो प्रतिलाई सबैभन्दा सुरक्षित स्थानमा **राख्न** लगाउने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध गर्दछु ।

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

नागरिकता तथा हातहतियार .........शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- / /०६१/६२

प्राप्त पत्र संख्या र मिति :-

च. न.:- ६०५

मिति :- २०६२/२/२०

विषय :- यात्रा अनुमती पत्र जारी गर्ने सम्बन्धमा ।

श्री योजना तथा विशेष सेवा महाशाखा ।
कर्मचारी प्रशासन ,,
शान्ति शाखा ,,
व्यवस्थापन ,,

गृह मन्त्रालयले विभिन्न परिस्थितिवाट नेपालमा रहँदै आएका र नेपाली नागरिकता प्राप्त गर्न नसकेका व्यक्तिहरु विदेश जान/आउन बंचित रहेको वर्तमान अवस्थालाई मानवीय संवेदनशीलता र व्यवहारिक रुपमा मनन् गरी देहाय बमोजिम गर्ने गरी श्री ५ को सरकार (मा मन्त्रीस्तर) वाट मिति २०६२/२/११ मा निर्णय भएको हुँदा जानकारीको लागि अनुरोध छ ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्रको वैधताको प्रश्न अदालतमा विचाराधीन रहेको अवस्थामा सम्वन्धित व्यक्ति काम विशेषले केही समयको लागि नेपाल वाहिर जान चाहेमा त्यस्तो व्यक्तिलाई गृह मन्त्रालयले यात्रा अनुमतिपत्रको लागि परराष्ट्र मन्त्रालयमा सिफारिश गर्ने ।

२. अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति (वावु) का सन्तान जसले नेपाली नागरिकता प्राप्त गरेको छैन तर नेपालमै बसोवास गरिराखेको छ,, त्यस्ता व्यक्तिले नेपाल वाहिर आवत-जावत गर्न चाहेमा निजलाई गृह मन्त्रालयले यात्रा अनुमतिपत्रको लागि परराष्ट्र मन्त्रालयमा सिफारिश प्रदान गर्ने ।

३. आमा नेपाली नागरिक र बावु विदेशी नागरिकवाट नेपालमा जन्म भई नेपालमै रहेका व्यक्तिले राहदानीको अभावमा नेपाल वाहिर जान नसकेको अवस्थामा त्यस्ता व्यक्तिलाई विदेश जाने/आउने प्रयोजनको लागि यात्रा अनुमतिपत्र वनाउन गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयमा सिफारिश गर्ने ।

०६२/२/२०

उप-सचिव

श्री ५ को सरकार

# गृह मन्त्रालय

(......नागरिकता तथा हातहतियार...... शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- / /०६२/६३
प्राप्त पत्र संख्या र मिति :-
च. नं. :- ३५२

मिति :- २०६२/८/३०

विषय :- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
काठमाडौं ।

त्यहाँको च.नं २७८ (क) मिति २०६२।८।९ को पत्र प्राप्त भयो । विभिन्न कारणले नागरिकताको अभिलेख नष्ट भएका अभिलेखलाई व्यवस्थित गर्ने सम्वन्धमा "नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका - २०६१" को परिच्छेद ८ को नं (६) (न) (प) मा प्रकृयाको व्यवस्था गरिएको छ । उक्त प्रकृया अंगीकृत नागरिकताको हकमा लागू नहुने भनी उल्लेख भएको पनि पाइदैन । तसर्थ मन्त्रालयमा पनि अभिलेख फेला परेन सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा पनि अभिलेख फेला परेन, तत्कालिन अञ्चलाधीशको कार्यालयको अभिलेख पनि फेला परेन तर सम्वन्धित व्यक्तिसँग अंगीकृत ना.प्र.प.छ सो को आधिकारिकता यकिन गर्नु पर्‍यो वा प्रतिलिपि जारी गर्नु पर्‍यो भने निर्देशिकाको माथि उल्लेखित व्यवस्था अनुसार आवश्यक परेमा थप प्रकृया वा जो जे वुझ्नु पर्ने जरुरी देखिन्छ सो समेत वुझी प्र.जि.अ. यकिन भई अभिलेख व्यवस्थित गर्ने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

वोधार्थ तथा कार्यार्थ
श्री जिल्ला प्रशासन कार्यालय,
सवै ।

नेपाल सरकार

# गृह मन्त्रालय

(........नागरिकता तथा हातहतियार......शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :- ०६३/६३
च. नं. :- ६४३

मिति :- ..............२०६३/०३/२९

विषय :- **निर्देशन पठाइएको ।**

श्री जिल्ला प्रशासन कार्यालय,
..................सबै.............. ।

उपरोक्त सम्बन्धमा जिल्ला बारा, गा.वि.स. भवानीपुर, जितपुर वडा नं. ३ बसने किशोरी साह तेलीले गृह मन्त्रालयबाट मिति २०३८।१०।०२ मा लिएको नेपाल अंगीकृत नागरिकतामा ना.प्र.नं. उल्लेख नभएको हुँदा व्यवहारिक कठिनाई परेकोले ना.प्र.नं. उल्लेख गरी प्रतिलिपी पाउँ भनी सक्कलै नागरिकता प्रमाणपत्र राखी निवेदन दिएकोमा यस कार्यालयमा रहेको अभिलेखमा निजको नागरिकता नं. नदेखिएको व्यहोरा खोली मन्त्रालयमा रहेको अभिलेखबाट निजको नागरिकता प्रमाणपत्र नं. खुलाई पठाईदिनुहुन भनी लेखी आएकोमा यस मन्त्रालयमा रहेको अभिलेखमा समेत निजको ना.प्र.नं. उल्लेख भएको नदेखिएको र निवेदक किशोरी साह तेलीले नम्बर विनाको प्रतिलिपी नलिने भनी बारम्बार यस कार्यालयमा तारताकेता गरी आएको हुँदा के कुन प्रक्रिया अपनाई निजलाई ना.प्र.प. प्रतिलिपी दिन मिल्ने हो निर्देशन पाउँ भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय, बाराको च.नं.८२०४ मिति २०६३।०३।०७ को पत्रका सम्बन्धमा पेश हुँदा यो लगायत यस्तै किसिमका ना.प्र.प. नं. राख्न छुट भएका अन्य केशहरु (Cases) का सम्बन्धमा समेत नयाँ नम्बर राखी ना.प्र.प. प्रतिलिपी दिने निती कायम गर्न उपयुक्त देखिने हुँदा यसरी नयाँ नम्बर राख्दा नयाँ ना.नं.रा.जि. ..... १,२,३ आदि उल्लेख गरी तथा ना.नं. कायम गरी ना.प्र.प. प्रतिलिपी दिने निती तय गरी निर्देशन पठाउन मिति २०६३।०३।२२ मा नेपाल सरकार सचिव स्तरिय निर्णय **भएको हुँदा सोही बमोजिम गर्न गराउनहुन निर्णयानुसार अनुरोध छ ।**

(सुदेवकुमार पोखरेल)
शाखा अधिकृत

Z:\Anil Shrestha\Nagarikta\Nagarikta Hathatiyar letter.doc

नेपाल सरकार

# गृह मन्त्रालय

( नागरिकता तथा हातहतियार ...................................... शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०६३।६४
प्राप्त पत्र संख्या र मिति:-
च. नं.:- ४३

मिति:- २०६३/०४/२२.......

विषय: नागरिकतामा थर सच्याउने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिकाको परिच्छेद ६(क) मा समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णता र हिनताबोधले गरी फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरी नागरिकता प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकता प्रमाणपत्र दिने र त्यस्तै महाकाली अञ्चलका केही जिल्लाहरुका व्यक्तिले अशोभनीय थर, ठग, ढाँट, चोर, भूल आदि राखी लिएको नागरिकतामा थर सच्यान चाहेमा जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्रमा थर सच्याइदिने भन्ने व्यहोराको प्रावधान रहेको स्पष्टै छ ।

यति हुँदा हुदै पनि कतिपय प्रमुख जिल्ला अधिकारीहरुले सो बमोजिम नगरेको गुनासाहरु बारम्बार आउने गरेको र जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट हिनताबोध हुने थरको सट्टामा राष्ट्रिय दलित आयोगले निर्दिष्ट गरेका थरहरु राखी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपी दिन मिल्ने-नमिल्ने सम्बन्धमा लिखित निर्देशन समेत माग भई आएको सन्दर्भमा निर्देशिकाको ६(क) मा उल्लेख भए अनुसार महाकाली अञ्चलका केही जिल्लाहरुको हकमा नागरिकतामा थर सच्याउन सकिने भनी राखिएको प्रावधान अन्य जिल्लाहरुको हकमा समेत लागू गर्न र हिनतावोध हुने थरहरु संशोधन गर्न चाहनेहरुका सम्बन्धमा निर्देशिका एवम् यस अघिका परिपत्रहरुमा भएका व्यवस्थाहरु कडाईका साथ लागू गर्न सवै जिल्लामा परिपत्र गर्न नेपाल सरकार (सचिवस्तर) वाट मिति २०६३।०४।२१ मा निर्णय भएकोले सो निर्णय अनुसार गर्न गराउनुहुन अनुरोध छ ।

(सुनील खनाल)
शाखा अधिकृत

\\server\Datahome\home\Anil Shrestha\Nagarikta\Nagarikta Hathatiyar letter.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६३/६४
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १८४

मिति :- २०६३/०७/१४

विषय :- **थर राखी नागरिकता उपलब्ध गराउने बारे ।**

श्री जिल्ला प्रशासन कार्यालय,
.........सबै......... ।

सम्मानित सर्वोच्च अदालतको मिति २०६३।०२।०१ मा भएको परमादेश आदेशको फैसलामा "दलित जातिका मानिसहरुलाई नागरिकता प्रदान गर्दा, नागरिकता सच्याईदिंदा अथवा नागरिकता सिफारिश गर्दा समेत अन्य नागरिक सरह थर राखी सिफरिश दिने, थर राखी नागरिकता दिने व्यवस्था मिलाउनुको साथै थर राखी नागरिकता सच्याउने समेतको कार्य कानून बमोजिम गर्नु गराउनु भनी विपक्षी निकायहरुका नाममा परमादेश जारी हुने ठहर्छ" भनी निर्णय भएकोले तदनुरुप गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

०६३/७/१४

शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

**पत्र संख्या :-**
**प्राप्त पत्र संख्या र मिति :-**
**च.नं. :-** २९०। ०६३। ६४

मिति :- २०६३/०८/०७

**विषय :- निर्देशन बारे ।**

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालय, सिराहाको पत्रबाट निर्देशन माग भई आए अनुसार निर्णयको लागि फाईल पेश हुँदा माननीय मन्त्रीस्तरबाट "दुबै कान सहित अनुहार प्रष्ट चिनिने फोटो प्रयोग गर्ने व्यवस्था गर्न" निर्देशन दिने भनी मिति २०६३।०७।२८ मा निर्णय भएकोले सोही बमोजिम गर्नुगराउनु हुन अनुरोध छ ।

२०६३।८।८

N:\Anil Shrestha\Nagarikta\letter Nagarikta Hatahatiyar.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६३/०६४
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २१४

मिति :- २०६३/०८/१०

विषय :- **निर्देशन बारे ।**

श्री क्षेत्रीय प्रशासन कार्यालय,
धनकुटा/हेटौंडा/पोखरा/विरेन्द्रनगर/दिपायल ।

जिल्ला प्रशासन कार्यालय, कपिलबस्तुबाट आ-आफ्नो भेष अनुसारको फोटो टाँसी नागरिकता प्रमाणपत्र उपलब्ध हुन र जिल्ला प्रशासन कार्यालय, सिरहाबाट बिना टोपीको फोटो टाँसी नागरिकता प्रमाणपत्र उपलब्ध हुन स्थानीयस्तरबाट माग भई आएको व्यहोरा सहित निर्देशनका लागि लेखी आएकोमा "दुवै कान सहित अनुहार प्रष्ट चिनिने फोटो प्रयोग गर्ने व्यवस्था गर्न निर्देशन दिने" भनी नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिति २०६३।०७।२८ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

२०६३/८/१०

o/c

N:\Anil Shrestha\Nagarikta\letter Nagarikta Hatahatiyar.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता कर्मचारी प्रशासन शाखा)

सिंहदरबार,
काठमाण्डौं, नेपाल।

पत्र संख्या :- ०६३।०६४

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ८२१

२०६३।९।३०

विषय : निर्देशन सम्बन्धमा

श्री क्षेत्रीय प्रशासन कार्यालय,

सर्व..........................।

उपर्युक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट नागरिकता नियमावली २०६३ मा नागरिकता प्राप्तीका लागि पेश गर्ने अनुसूचि फारममा कुन दर्जाको पदाधिकारीले सिफारिस गर्ने भन्ने निर्देशन माग भएको सम्बन्धमा हाल स्थानिय निकायमा निर्वाचित पदाधिकारी नभएको स्थितिमा स्थानिय निकायको कार्य सञ्चालनका लागि गरिएको बैकल्पिक व्यवस्था बमोजिम गाँउ विकास समितिको अध्यक्ष र नगरपालीकाको प्रमुखको काम जस्ले गर्ने गरि व्यवस्था गरिएको छ, सोही पदाधिकारीबाट सिफारिश गराउनु पर्ने स्थलगत सर्जमिन गराउने सम्बन्धमा नागरिकता प्रमाणपत्र वितरण गर्ने अधिकार पाएको अधिकारीले आफु वा आफु मातहतका कर्मचारीबाट स्थलगत सर्जमिन गर्ने भनि यस मन्त्रालयको मिति २०६३।९।२८ मा (सचिवस्तरिय) निर्णय भएको हुदाँ सोही बमोजिम आ-आफ्नो क्षेत्र भित्रका जिल्ला प्रशासन कार्यालयहरुमा जानकारी गराउनु हुन निर्देशानुसार अनुरोध छ।

शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(ना.वि.अ.का.सं.के. इकाई शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- २०६३/०६४
प्राप्त पत्र संख्या र मिति:-
च. नं.:- ३२६

मिति:- २०६३।९।३०

विषयः जन्मको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र संबन्धमा।

श्री क्षेत्रीय प्रशासन कार्यलिय,
सबै।

"नेपालमा रहेका शरणार्थी र तिनका सन्तानहरुका साथै कुटनैतिक नियोगहरुमा कार्यरत बिदेशीहरुबाट नेपालमा जै जन्मेका सन्तानहरु लाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र दिन नमिल्ने" ब्यहोरा सबै प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिने भनि नेपाल सरकार (सचिव स्तर) को मिति :- २०६३।९।२८ मा निर्णय भएकोले निर्णयानुसार आफ्ना क्षेत्र भित्रका प्रमुख जिल्ला अधिकारीहरुलाई जानकारी गराउनु हुन अनुरोध गरिन्छ।

२०६३।९।३०
(शम्भु प्रसाद घिमिरे)
उप सचिव

नेपाल सरकार

# गृह मन्त्रालय

( ....नागरिकता तथा हातहतियार शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

०६३/६४

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ३३५

मिति:- २०६३/१०/

**विषय:** नागरिकता समाप्ती सम्वन्धमा ।

श्री परराष्ट्र मन्त्रालय,
कन्सुलर तथा कानूनी परामर्श शाखा,
शितलनिवास, काठमाडौं ।

उपर्युक्त विषयमा तहाँको संकेत नं. कन.का.।८।CR९४० मिति २०६३।९।१९ को प्राप्त पत्रको व्यहोरा उपर कारवाही हुँदा नागरिकता समाप्ती सम्वन्धमा देहाय बमोजिम गर्नु गराउनुहुन नेपाल सरकार (सचिव स्तर) को मिति २०६३।९।२७ को निर्णयानुसार अनुरोध छ ।

१. नागरिकता परित्याग गर्ने प्रक्रिया र नागरिकता परित्याग भएको जानकारी दिने सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ९ को उप नियम १, २, ३, ४ को प्रावधान मुताविक देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

(क) कुनै नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न चाहेमा निज नेपाल भित्र वसेको भए सम्वन्धित प्रमुख जिल्ला अधिकारी समक्ष र विदेशमा वसेको भए सम्वन्धित नेपाली राजदूत वा नेपाली नियोग प्रमुख वा महावाणिज्यदूत वा वाणिज्यदूत समक्ष नागरिकताको सक्कल प्रति संलग्न गरी नेपाल नागरिकता नियमावलीको अनुसूची ९ बमोजिमको ढाँचामा सूचना दिनुपर्ने छ ।

(ख) विदेशमा वस्ने नेपालीले दिएको यस्तो सूचना प्राप्त भएपछि ती निकायले ७ दिन भित्र परराष्ट्र मन्त्रालय मार्फत गृह मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(ग) यसरी प्राप्त भएको सूचना गृह मन्त्रालयले सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने छ ।

(घ) सम्वन्धित जिल्ला प्रशासन कार्यालयले उक्त नागरिकताको आधिकारीकता यकीन गरी ऐ. नियमावलीको अनुसूची १० बमोजिमको ढाँचामा दर्ता कितावमा दर्ता गर्नुपर्नेछ । यसरी दर्ता भएको मिति समेतको जानकारी गृह मन्त्रालय मार्फत परराष्ट्र मन्त्रालयमा दिनुपर्नेछ । परराष्ट्र मन्त्रालयले सो सम्वन्धी जानकारी सम्वन्धित राजदूत वा नेपाली नियोग प्रमुख वा महावाणिज्यदूत वा वाणिज्यदूतलाई पठाउनु पर्नेछ । यस्तो जानकारी प्राप्त भएपछि सम्वन्धित नियोगले सम्वन्धित व्यक्तिलाई नागरिकता समाप्त भएको जानकारी दिनुपर्नेछ ।

(ङ) नागरिकता परित्याग गर्ने व्यक्ति नेपालमा नै रहेको अवस्थामा सम्वन्धित प्रमुख जिल्ला अधिकारी समक्ष सूचना दर्ता गराएपछि सो नागरिकताको आधिकारीकता यकिन गरी प्र.जि.अ.ले परित्याग भएको जानकारी दिनुपर्नेछ ।

२. विदेशी नागरिकता प्राप्त गरिसकेपछि नेपाली नागरिकता कायम नरहेको जानकारी माग गरेमा सो जानकारी दिने सम्वन्धमा विदेशी नागरिकता प्राप्त गरिसकेपछि नेपाली नागरिकता कायम नरहने व्यवस्था नेपाल नागरिकता ऐन २०६३ को दफा १० को उपदफा १ मा उल्लेख छ । यस्तो जानकारी माग गर्ने व्यक्तिलाई निजको नागरिकताको आधिकारीकता यकिन गरी ऐनको सो प्रावधानको सन्दर्भ उल्लेख गरी विदेशी नागरिकता लिएको मिति देखि नै निजको नागरिकता कायम नरहेको जानकारी दिनु पर्नेछ । यस्तो व्यक्ति विदेशमा भए सम्वन्धित नेपाली नियोग मार्फत र स्वदेशमा भए सम्वन्धित प्र.जि.अ.ले सो जानकारी दिनुपर्नेछ ।

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता वितरण अभियान कार्य संचालन केन्द्रीय इकाई)

टेलिफोन/फ्याक्स
०१४२११९४६
Email:- nagarikta@gmail.com
सिंहदरबार
काठमाण्डौं, नेपाल ।

मिति :- २०६३/१०/०७

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४२५

**विषय :-**

श्री जिल्ला प्रशासन कार्यालय,
महोत्तरी ।

नागरिकता टोलीबाट २०५४ सालमा वितरण गरेका नागरिकता सर्वोच्च अदालतको निर्णयबाट रद्द भएको सन्दर्भमा पेश हुँदा नेपाल नागरिकता ऐन, २०६३ को प्रकृया पुरा गरी पुरानो नागरिकता खिची नयाँ नागरिकता दिने निर्णय (मा. मन्त्रिस्तर बाट मिति २०६३।१०।०५ मा ) भएको हुँदा सो बमोजिम हुन अनुरोध छ ।

०६३-१०-६
(शम्भुप्रसाद घिमिरे)
उप-सचिव

*बोधार्थ :-*
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

नोट :- नागरिकता वितरण टोलीले वितरण गरेको ना.प्र.प-संख्या आज [illegible]
२बजे भित्र आफ्नो क्षेत्र भित्रको सबै जिल्लाहरुबाट संकलन गर्[illegible]
अनिवार्य रुपमा पठाउनु हुन।

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता वितरण अभियान कार्य संचालन केन्द्रीय इकाई)

टेलिफोन/फ्याक्स
०१४२११९४६
Email:- nagarikta@gmail.com
सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४४६

मिति :- २०६३/१०/१४

विषय :- सिफारिस सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

मतदाता नामावली संकलन तथा नागरिकता प्रमाणपत्र वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६३।१०।०३ मा देहाय बमोजिम निर्णय भएको छ । उक्त निर्णयानुसारको समिति गठन भई समितिको निर्णय बमोजिम कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन भई उक्त पदाधिकारीले अनुसूचीमा सिफारिस गरी पठाएमा [illegible] नियमानुसार नागरिकता वितरण व्यवस्था मिलाउनहुन अनुरोध छ ।

**निर्णय**

"महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरुको परिषद् र नगरपालिका (बोर्ड) को काम कार्यकारी अधिकृतको अध्यक्षतामा सबै विभागीय प्रमुखहरु तथा विभाग नभएको नगरपालिकामा शाखा प्रमुख, सम्बन्धीत वडाको वडा अध्यक्षको काम गर्ने वडा सचिव वा वडा सचिवको काम गर्न तोकिएको कर्मचारी सदस्य रहेको समितिले गर्ने । नगरप्रमुखको काम कार्यकारी अधिकृतले र वडा अध्यक्षको काम वडा सचिव वा वडा सचिवको काम गर्न तोकिएको कर्मचारीले गर्ने ।"

(द्रोण पोखरेल)
उप-सचिव

D:\Nagarikta\Shambhu\letter\letter Cell.doc

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता वितरण अभियान कार्य संचालन केन्द्रीय इकाई)

टेलिफोन/फ्याक्स
०१४२११९४६
Email:- nagarikta@gmail.com
सिंहदरबार
काठमाण्डौं, नेपाल ।

मिति :- २०६३/१०/१४

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

विषय :- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
काठमाण्डौं ।

"कर्मचारी परिवारका [illegible] नागरिकता प्रमाणपत्र जारी गर्दा अनुसूचीमा गरिने सिफारिस कसबाट गराउनुपर्ने भन्ने सम्बन्धमा स्पष्ट निर्देशन हुन" भनी तहाँबाट लेखिएको च.नं ७७४ मिति २०६३।१०।०५ को पत्र माथि कारबाही हुँदा "[illegible] ऐन नियमानुसार स्थानीय निकायबाटै सिफारिस गर्नुपर्ने देखिदाँ सोही व्यहोरा जानकारी गराउने" भन्ने नेपाल सरकार (सचिवस्तर) को मिति २०६३।१०।१० मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

(शम्भुप्रसाद घिमिरे)
उप-सचिव

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता वितरण अभियान कार्य संचालन केन्द्रीय इकाई)

टेलिफोन/फ्याक्स
०१४२११११४६
Email:- nagarikta@gmail.com
सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ५८७

मिति :- २०६३/१०/१८

विषय :- अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

उपरोक्त विषयमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण कार्यलाई अझ सरल र सहज बनाउन नेपाल नागरिकता नियमावली, २०६३ मा प्रथम संशोधन भएको हुँदा संशोधित व्यवस्था अनुरुप आफू मातहतका टोली प्रमुखलाई आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्न सबै प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिन मिति २०६३।१०।१७ गते (सचिव स्तरीय) निर्णय भएको हुँदा सो बमोजिम गर्न आफू मातहतका जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिनुहुन अनुरोध छ ।

१०।१८

(शम्भुप्रसाद घिमिरे)
उप-सचिव

D:\Nagarikta\Shambhu\letter\letter Cell.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६३/०६४
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४८२

मिति २०६३।११।१६

विषय : निर्देशन सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय
......धनकुटा......

उपर्युक्त सम्बन्धमा नेपाल राज्यभर नागरिकता टोली खटिई गएकोमा केही जिल्लाहरुमा शान्ति-सुरक्षामा देखिएको बिग्रदो स्थितिको कारणले नागरिकता टोलीहरु खटिएको स्थानमा कर्मचारीहरुलाई दबाबमा पारी वा जबरजस्ती गरी वा आफैले कार्ड भरी अभिलेख राखी लिएका वा आवश्यक प्रक्रिया नै नपुर्याई लिएका नागरिकता बदर गर्ने तर्फ आवश्यक कारवाही गर्न प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिने सम्बन्धमा यस मंत्रालयको मिति २०६३।११।१५ को मन्त्रिस्तरीय निर्णय भएको हुदा त्यस क्षेत्रभित्रका प्रमुख जिल्ला अधिकारीहरुलाई सोही निर्देशन पठाउनुहुन निर्देशानुसार अनुरोध छ ।

२०६३।११।१६

नेपाल सरकार
गृह मन्त्रालय
(नागरिकता तथा हातहतियार शाखा)

टेलिफोन/फ्याक्स
०१४२११९४६
Email:- nagarikta@gmail.com
सिंहदरवार
काठमाण्डौं, नेपाल ।

(25)

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-६०४६

(66)

मिति : २०६४/९/४

विषय : निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल सरकार (मन्त्रिस्तरिय) मिति २०६४।९।३ को निर्णयानुसार तपसिल बमोजिम गर्न गराउनुहुन अनुरोध गरिन्छ ।

**तपसील**

(क) विदेशी बाबुका छोराछोरीलाई नेपाल नागरिकता ऐन, २०६३ बमोजिम वंशज वा जन्मको आधारमा नेपाली नागरिकता दिन नमिल्ने ।

(ख) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहनेछ भने निजलाई नेपाल नागरिकता ऐन, २०६३ बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्ने ।

(ग) विदेशी पुरुषसँग विवाह भएकी नेपाली नागरिक महिलाले नेपालको नागरिकता कानून बमोजिम नत्यागे सम्म वा विदेशी नागरिकता नलिए सम्म निज नेपाली नागरिकताबाट वञ्चित हुने छैनन् । निज नेपाली नागरिक महिलाले विवाह गर्नु अघि नेपालको नागरिकताको प्रमाणपत्र नलिएको र पतिको मुलुकको नागरिकता समेत नलिएको अवस्थामा पतिको राष्ट्रियता खुलाई निज महिलालाई बाबुको नागरिकताको आधारमा नेपाली नागरिकता माग गरेमा नागरिकता प्रदान गर्न सकिने ।

२०६४/९/४

(रेशम बहादुर पाण्डे)
शाखा अधिकृत

बोधार्थ :
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

C:\Nagarikta\Shambhu\letter\letter Cell.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६३/०६४
प्राप्त पत्र संख्या र मिति :-
च.नं. : ८६२

मिति . २०६४।२।२३

बिषयः- **निर्देशन सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय
महोत्तरी ।

उपर्युक्त सम्वन्धमा तहाँको च.न४५९५ मिति २०६४।२।१० को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो पत्र अनुसार शशिभुषण कुमार चौधरीले धर्मपिताको नामबाट नागरिकता पाउँ भन्ने सम्वन्धमा नेपाल कानून व्याख्या सम्वन्धी ऐन, २०१० र मुलुकी ऐन, २०२० को आधारमा कानून वमोजिम कुनै व्यक्ति धर्मपुत्र भइसकेको छ भन्ने प्रमाणित भएमा धर्मपिताको नामथरबाट नागरिकता प्रदान गर्न मिल्ने व्यहोरा मिति २०६४।२।२२ को नेपाल सरकार (सचिव स्तरीय ) निर्णयानुसार अनुरोध छ ।

२०६४।२।२३

०११·९१· ३०८२
२।१९

महान्यायाधिवक्ताको कार्यालय

४०९२

विषयः राय सम्बन्धमा ।

२०६४।२।२८

श्री गृह मन्त्रालय
(नागरिकता तथा हातहतियार शाखा)
सिंहदरवार, काठमाण्डौं ।

उपरोक्त सम्बन्धमा तहाँ मन्त्रालयको प.सं. ०६३/०६४ च.नं. ८५१ मिति २०६४।२।१४ को राय माग गरिएको पत्रसहितको फाइल प्राप्त भयो । तत् सम्बन्धमा बांके जिल्ला बसुदेवपुर गाविस, वडा नं. ८ बस्ने भग्गु चमारको छोरा सुरेश चमारले नागरिकता वितरण टोली २०६३ बाट बाबुले जन्मका आधारमा प्राप्त गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि राखी वंशजका आधारमा नागरिकताको प्रमाणपत्र पाउँ भनी निवेदन पेश गरेपश्चात प्रस्तुत विषयमा निवेदक सुरेश चमार र त्यस्तै अरू ब्यक्तिलाई नागरिकता ऐन, २०६३ को दफा ३ अनुसार वंशजका आधारमा नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने वा सोही ऐनको दफा ४ अनुसार जन्मको आधारमा नै नागरिकता उपलब्ध गराउने बारे राय माग गरिएको पाइयो ।

सो सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाको अध्ययन गर्दा नागरिकता ऐन, २०६३ को दफा ३ मा कुनै ब्यक्तिको जन्म हुंदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो ब्यक्ति वंशजका नाताले नेपालको नागरिक हुनेछ भन्ने उल्लेख भएको देखिन्छ तर प्रस्तुत प्रश्नमा निज सुरेश चमारको पिताले नागरिकता ऐन, २०६३ को दफा ४ बमोजिम जन्मको आधारमा नागरिकता प्राप्त गरेको भन्ने उल्लेख भै आएको र सो ब्यवस्था नेपाल नागरिकता ऐन, २०२० मा नरहेको हुंदा हाल प्रचलित नेपाल नागरिकता ऐन, २०६३ को थप ब्यवस्थाले मात्र निजले नेपाली नागरिकको हैसियत प्राप्त गरेको देखियो । निजले सो हैसियत प्राप्त गर्नु पूर्व नै निजको छोरा सुरेश चमारको जन्म भैसकेको अवस्थामा निजको जन्म हुंदा निजको बाबु नेपालको नागरिक भइसकेको भन्न मिल्ने नदेखिएको स्थितिमा निजलाई उक्त ऐनको दफा ३ बमोजिम वंशजको आधारमा नागरिकता दिन मिल्ने अवस्था देखिएन । सोही ऐनको दफा ४ को प्रावधान अनुसार सम्वत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भै नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको ब्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ भन्ने ब्यवस्था हुंदा निवेदक सुरेश चमार र त्यस्तै अरू ब्यक्तिले उक्त दफा ४ बमोजिमको अवस्था पूरा गरेको भए निजहरूलाई जन्मको आधारमा नागरिकताको प्रमाण पत्र प्रदान गर्न कानूनतः बाधा पर्ने नदेखिएको रायसाथ प्राप्त फाइल फिर्ता पठाइएको ब्यहोरासमेत अनुरोध गरिन्छ ।

२०६४।२।२८

(चेतनाथ घिमिरे)
नायव महान्यायाधिवक्ता

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १८६०

मिति :- २०६४/२/२१

विषय :- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ७५ वटै............ ।

नेपाली राजदुतावास जर्मनीको बर्लिन/०६३।६४ मिति २०६४।२।२ को पत्रानुसार जर्मनी लगायत युरोपियन मुलुकहरुको नागरिकता लिनको लागि त्यहाँको सरकारले निश्चित समय तोकिदिने र उक्त समय भित्र नेपाली नागरिकता परित्यागको कागज सम्बन्धित देशका अधिकारी समक्ष पेश गर्न नसकेमा उक्त सुविधाबाट बञ्चित हुनु पर्ने र यस सम्बन्धमा नेपाली नागरिकता परित्याग गर्ने सन्दर्भमा नेपाली नागरिकताको आधिकारीकता एकीनका लागि नेपालमा पत्राचार गर्दा ढिलो गरी मात्र जानकारी उपलब्ध हुने भनी नेपाली राजदुतावास वर्लिन मार्फत लेखि आएको हुँदा यस सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ९ मा उल्लेखित व्यवस्था शीघ्र कार्यान्वयन गरी पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

२।२१

शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६४।०६५
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६५

मिति :- २०६४/५/१४

विषय :- शरणार्थी महिलाको वैवाहिक अङ्गीकृत नागरिकता सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सोलुखुम्बु ।

उपरोक्त विषयमा त्यस कार्यालयको च.नं. १२६ मिति २०६४।४।२५ को फ्याक्स पत्रबाट "जिल्ला काठमाण्डौं, बौद्ध शरणार्थी क्याम्पमा बस्ने शरणार्थी परिचयपत्र नं. १०३६/२८११ का तिब्बतीयन शरणार्थी NGAWANG DECHEN (महिला) ले यस जिल्लाको गोलि गा.वि.स., वडा नं. ८ बस्ने श्री आङ छिरिङ शेर्पा नेपाली नागरिक (पुरुष) सँग विवाह गरेको देखाई विवाहदर्ता प्रमाणपत्र, पतिको नागरिकताको प्रमाणपत्र, गा.वि.स.को सिफारिश, शरणार्थी परिचयपत्र, तिब्बतमा नागरिकता प्रमाणपत्र त्याग्न पठाएको निवेदन समेत राखी यस कार्यालयमा वैवाहिक अङ्गीकृत नागरिकता पाउँ भनी अनुसूची-७ बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दिनु भएको ।

प्रस्तुत विषयमा निवेदक शरणार्थी भएकोले नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(१) निवेदकको हकमा लागू हुने नहुने सम्बन्धमा आवश्यक निर्देशन पाउन अनुरोध छ ।" भनी प्राप्त भै पेश हुँदा नेपाल सरकार, गृह मन्त्रिस्तरबाट मिति २०६४।५।१० मा देहाय बमोजिम गर्न निर्देशन दिने भनी निर्णय भएकोले सो बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ ।

(क) सम्बन्धित जिल्ला प्रशासन कार्यालयले शरणार्थी महिलाले नेपाली पुरुषसँग वैवाहिक सम्बन्ध कायम गर्दा निजले नजिकको UNHCR कार्यालय वा शरणार्थी शिविर संचालन गर्ने सरकारी निकायमा आफ्नो साविकको मुलुक (Country of Origin) को नागरिकता/राष्ट्रियता परित्याग गरेको स्वघोषणा पत्र पेश गरेपछि वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गर्न कारबाही अगाडी बढाउने/निर्णय गर्ने ।

(ख) साथै निज शरणार्थी महिलाले आफ्नो शरणार्थी परिचयपत्र जिल्ला प्रशासन कार्यालयमा बुझाउने व्यवस्था गर्ने ।

(ग) निज महिला शरणार्थीले अङ्गीकृत नेपाली नागरिकता लिएको जानकारी UNHCR वा सम्बन्धित शरणार्थी शिविर व्यवस्था कार्यालयले शरणार्थी महिलाको उत्पत्तिको मुलुकमा जानकारी गराउने ।

(घ) यस्तो विवरण अद्यावधिक बनाई राख्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालय, नागरिकता शाखा र शरणार्थी मामिला समन्वय राष्ट्रिय इकाई (NUCRA), गृह मन्त्रालयमा जानकारी पठाउने ।

*बोधार्थ तथा कार्यार्थ :*
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

(कमलराज भण्डारी)
शाखा अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा हातहतियार शाखा)

email:- citizenship@moha.gov.np
फ्याक्स:- ०१-४२१११४६
सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६५/६६
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३२९

मिति :- २०६५/१०/२७

## विषय :- नागरिकता परित्याग सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
काठमाण्डौं।

उपरोक्त विषयमा त्यस कार्यालयको प.सं.ना.प.२०६५/६६ च.नं. १२० मिति २०६५।९।२२ को पत्र प्राप्त भई पेश हुँदा प्रस्तुत विषय नागरिकताको प्रमाणपत्र त्याग गर्ने सन्दर्भमा उठेको देखियो। नेपाल नागरिकता ऐन, २०६३ को दफा १० मा नेपाली नागरिकता कायम नरहने विभिन्न अवस्थाको बारेमा कानूनी व्यवस्था गरेको देखिन्छ। यसमा विशेष गरी नागरिकता त्याग गर्न चाहेका व्यक्ति हङकङमा जन्मेका र हाल आएर बेलायत सरकारले जन्मको आधारमा नागरिकता दिने नीति अबलम्बन गरेपछि नेपालको नागरिकता त्याग्ने प्रक्रिया अबलम्बन गर्ने गरेको देखिन्छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को उपदफा (२) मा नेपालको नागरिकता त्याग्न सूचना दर्ता गरेको मितिदेखि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोले सोही अनुसार नेपाली नागरिक नरहेको जानकारी दिंदा कानून प्रतिकूल नहुने भनी मिति २०६५।१०।२२ मा सचिवस्तरीय निर्णय भएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(कमलराज भण्डारी)
शाखा अधिकृत

O.K.

**बोधार्थ तथा कार्यार्थः**
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबैः- उपरोक्त बमोजिमको परिपत्र मातहतका सबै जिल्ला प्रशासन कार्यालयहरूलाई गरिदिनुहुन साथै जिल्ला प्रशासन कार्यालयहरूले नागरिकता परित्याग सम्बन्धमा गरेका निर्णयहरूको जानकारी यस मन्त्रालयमा गराउने व्यवस्था मिलाउनुहुन।

[illegible] सदर अनुसारको पत्र पठाउने स्वीकृतिको लागि पेश गरेको छु।
२०६५।१०।२६
२०६५।१०।२६

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

email:- citizenship@moha.gov.np
फ्याक्स:- ०१-४२१११४६
सिंहदरबार
काठमाण्डौं, नेपाल ।

**पत्र संख्या :- ०६६/६७**
**प्राप्त पत्र संख्या र मिति :-**
**च.नं. :- ६९**

मिति :- २०६६/५/१६

**विषय:- पुरानो नागरिकता कार्ड सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सबै ।**

नेपाल सरकारले नेपाल नागरिकता नियमावली, २०६३ को नियम १८ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची १, २, ७ र ८ को सट्टा नयाँ अनुसूची १, २, ७ र ८ राखी २०६६ साल मंसिर १ गते देखि लागू हुने गरी हेरफेर गरेको व्यहोरा यस मन्त्रालयको च.नं. २३ मिति २०६६।४।२० पत्रद्वारा अवगतै छ । यसरी हेरफेर भएपछि नयाँ नेपाली नागरिकताको प्रमाणपत्रको कार्ड प्रयोग गर्नुपर्ने र पुरानो नागरिकता प्रमाणपत्रको कार्ड धुल्याउने सम्बन्धमा मिति २०६५।५।१४ मा (सचिवस्तरिय) निम्नानुसार निर्णय भएकोले निर्णयानुसार गर्नु/गराउनहुन अनुरोध छ ।

**निर्णय**

(१) २०६६ साल मंसिर ७ गते भित्र सीमा प्रशासन शाखा, इलाका प्रशासन शाखाहरुको र जिल्ला प्रशासन कार्यालयमा प्रयोगमा आउन नसकी बाँकी रहेका र रद्द भएका सबै नागरिकता कार्डहरु धुल्याउने सम्बन्धमा निम्न समिति गठन गरी निर्णयानुसार कार्य गर्ने ।

**समिति**

| | | |
|---|---|---|
| १. | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| २. | सम्बन्धित जिल्लाको ले.नि.का.को प्रमुख | सदस्य |
| ३. | सम्बन्धित जिल्लाको जिल्ला सरकारी वकिल | " |
| ४. | सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयको प्रमुख | " |

(२) नियमानुसार धुल्याउने ।

(३) धुल्याए जतिको अभिलेख तपसील बमोजिमको ढाँचामा राख्ने र मन्त्रालयमा जानकारी दिने ।

| सि.नं | गृह मन्त्रालयबाट बुझेर ल्याएको नेपाली नागरिकताको प्रमाणपत्रको संख्या | जिल्लामा जारी गरिएका नेपाली नागरिकताको प्रमाणपत्रको संख्या | नागरिकता जारी गर्दा गलत विवरण लेखि केरमेट भै रद्द भएका नेपाली नागरिकताको प्रमाणपत्रको संख्या | बाँकी रहन गएका नेपाली नागरिकताको प्रमाणपत्रको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

(४) दुरुपयोग नहोस् भन्नेतर्फ विशेष ध्यान दिने ।

पुनश्च : धुल्याइएको कार्डहरुको जम्मा संख्या कैफियत महलमा उल्लेख गर्ने ।

(कमलराज भण्डारी)
शाखा अधिकृत

**बोधार्थ तथा कार्यार्थ :**
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै :- तहाँबाट समेत अनुगमन हुन ।

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा हातहतियार शाखा)

email:- citizenship@moha.gov.np
फ्याक्स:- ०१-४२११९४६
सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६६/६७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ८२

मिति :- २०६६/५/२१

विषय:- अनुसूची फारममा सिफारिस गर्ने सम्बन्धमा ।

श्री स्थानीय विकास मन्त्रालय,
श्रीमहल, पुल्चोक ।

नेपाली नागरिकता प्राप्त गर्न पेश गरिने अनुसूची फारममा सम्बन्धित गाउँ विकास समिति/उपमहानगरपालिका/महानगरपालिका/नगरपालिकाको सिफारिस गरी पठाउने कानूनी व्यवस्था रहेको छ । तर जि.वि.स. रसुवाको च.नं. २१४ मिति २०६६।५।११ को पत्रानुसार स्थानीय विकास मन्त्रालयको च.नं. ६०० मिति २०६६।५।१ को पत्रमा २०६६।५।१ को निर्णयानुसार गा.वि.स.मा कार्यरत सहायक कर्मचारीलाई गा.वि.स.मा कामकाज लगाउन सहमति दिइएको भनी लेखी आएको हुँदा गा.वि.स. सचिवको कार्य गर्न तोकिएका सहायक कर्मचारीले नागरिकता प्राप्त गर्न पेश गर्ने अनुसूची फारममा सिफारिस गर्ने कानूनी हैसियत हुने नहुने कुरा जानकारीको लागि निर्देशानुसार अनुरोध छ ।

(कमलराज भण्डारी)
शाखा अधिकृत

श्रीमान्
यसै अनुसारको पत्र पठाउने स्वीकृतिको लागि
पेश गरेको छु ।
२०६६।५।२१

०।८

२०६६।५।२१

नेपाल सरकार
# गृह मन्त्रालय
नागरिकता तथा हातहतियार
( ...................................... शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०६६/६७
प्राप्त पत्र संख्या र मिति:-
च. नं.:-

मिति:- ...२०६६।५।३०........

विषय: नागरिकता प्रमाणपत्रको रेकर्ड रजिष्टरको ढाँचा ।

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सबै ।**

उपरोक्त विषयमा नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १, २, ७ र ८ मा संशोधन गरी २०६६ साल मंसिर १ गते देखि लागु हुने गरी नेपाल राजपत्र खण्ड ५९ मिति २०६६ साल श्रावण १९ मा प्रकाशित भइ सो बमोजिम गर्न गराउनको लागि त्यस कार्यालयमा यस भन्दा पहिले नै पत्राचार भैसकेको छ । सो बमोजिम २०६६ मंसिर १ गते देखि वितरण हुने नागरिकताको अभिलेख यसैसाथ संलग्न ढाँचा अनुसार जिल्ला प्रशासन कार्यालय, इलाका र सीमा प्रशासन शाखाहरुमा राख्ने व्यवस्था मिलाउन हुन निर्देशानुसार अनुरोध छ ।

बोधार्थ तथा कार्यार्थ
श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

२०६६/५/३०
(कमलराज भण्डारी)
शाखा अधिकृत

D:\2066 5 29\LetPadNep.doc

नागरिकता प्रमाणपत्र वितरण अभिलेख

# नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, ............... .

इलाका प्रशासन शाखा ..............................
सीमा प्रशासन शाखा ..............................

| सि.नं | ना.प्र.नं. र [redacted]मिति | नाम थर र जन्म मिति | ठेगाना | बाबु/आमाको नाम, थर र नागरिकता | पति/पत्नीको नाम, थर र नागरिकता | लिङ्ग (Sex) | औंठाको छाप र दस्तखत | | सिफारिसकर्ताको नाम, थर र पद | दस्तखत गर्नेको नाम, थर र ना.प्र.नं | फोटो (२.५X३ से.मी.) | पेश भएका कागजातहरु | ना.प्र.प. जारी गर्ने अधिकारीको दस्तखत, नामथर र दर्जा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दायाँ | बायाँ | | | | | |
| | ना.नं.:<br>Citizenship No:<br>मिति :<br>Date : | नाम थर :<br>Full Name:<br>(in block)<br>जन्ममिति (वि.सं.) :<br>..... वर्ष ..... महिना .... गते<br>Date of Birth (AD):<br>..... Year ...... Month ..... Day | १.जन्मस्थान :<br>Place of birth:<br>(in block)<br>२.स्थायी ठेगाना :<br>........ जिल्ला ......<br>गा.वि.स / उ.म.न.पा. ...... वडा नं.<br>Permanent Address:<br>.............. District .........<br>VDC/Municipality/Sub/Metropolis ........ Ward No. | | | | | | | १<br>२<br>३ | | १<br>२<br>३<br>४<br>५ | |

# नेपाल सरकार
## गृह मन्त्रालय
### अङ्गीकृत नागरिकता प्रमाणपत्र वितरण अभिलेख

| सि.नं | ना.प्र.नं. र [redacted]मिति | नाम थर र जन्म मिति | ठेगाना | बाबु /आमाको नाम, थर र नागरिकता | पति /पत्नीको नाम, थर र नागरिकता | लिङ्ग (Sex) | औंठाको छाप र दस्तखत | | सिफारिसकर्ताको नाम, थर र पद | सनाखत गर्नेको नाम, थर र ना.प्र.नं. | फोटो (२.५X३ से.मी.) | पेश भएका कागजातहरु | ना.प्र.प. जारी गर्ने अधिकारीको दस्तखत, नामथर र दर्जा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दायाँ | बायाँ | | | | | |
| | ना.नं.:<br><br>Citizenship No:<br><br>मिति :<br>Date : | नाम थर :<br><br>Full Name:<br>(in block)<br><br>जन्ममिति (वि.स.) :<br>.... वर्ष ...... महिना .... गते<br><br>Date of Birth (AD):<br>..... Year ...... Month ..... Day | १.जन्मस्थान :<br><br>Place of birth:<br>(in block)<br><br>२.स्थायी ठेगाना :<br>........ जिल्ला ......<br>गा.वि.स./उ.म.न.पा. ....... वडा नं.<br><br>Permanent Address:<br>.............. District .........<br>VDC/Municipality/Sub/Metropolis ........ Ward No. | | | | | | | १.<br>२.<br>३. | | १.<br>२.<br>३.<br>४.<br>५. | |

नेपाल सरकार

# गृह मन्त्रालय

**नागरिकता तथा हातहतियार शाखा)**

पत्र संख्या ०६६/०६७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४३८

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०६६।७।२०

विषय :- **प्रतिलिपी नागरिकताको ढाँचा सम्वन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपरोक्त विषयमा यही २०६६ साल मार्ग १ गते देखि नेपाल राज्यभर नयां ढाँचाको नेपाली नागरिकताको प्रमाणपत्र वितरण गरिने गरी यस शाखावाट नयां ढाँचाको नागरिकताको प्रमाण पत्र सवै जिल्ला प्रशासन कार्यालयहरु, सीमा तथा इलाका प्रशासन शाखामा प्राप्त हुने गरी पठाइसकिएको छ । सो को लागि आवश्यक पर्ने सवै पूर्व तयारी समेत भईरहेको हुनुपर्दछ । यसै सिलसिलामा नयाँ ढाँचाको नेपाली नागरिकताको प्रमाण पत्रको चाहना राखी प्रतिलिपी माग गर्न आएमा प्रतिलिपी उपलब्ध गराउने र सो को लागि आवश्यक पर्ने ढाँचा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को पेज नं. ६७ र ६८ समेत संशोधन गरी २०६६ साल मार्ग १ गते वाटै लागु गर्ने नेपाल सरकार (माननीयमन्त्रीस्तर) वाट मिति २०६६।७।२० मा निर्णय भएकाले निर्णयानुसार गर्न गराउनुहुन अनुरोध छ । साथै संशोधित ढाँचा समेत यसैसाथ संलग्न छ ।

२०६६।७।२०
(कमल राज भण्डारी)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ :
श्री क्षेत्रीय प्रशासन कार्यालय,
सवै :- यसै साथ संलग्न ढाँचा
सवै जिल्ला प्रशासन कार्यालयहरुलाई
उपलब्ध गराइ सोही अनुरुप कार्य भए नभएको
अनुगमन समेत गर्नु हुन ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय,
.......................................।

विषय : **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाऊँ ।**

महोदय,

मैले मेजिष्ट्रेट अफिस ............../................अञ्चलाधीशको कार्यालय /.............. गोश्वारा कार्यालय र यसै कार्यालयबाट देहायको विवरण भएको नेपाली नागरिकता प्रमाणपत्र लिएकोमा सो प्रमाणपत्रको सक्कल भुत्रो भएको/हराएको/ नयाँ ढाँचाको आवश्यक भएको हुँदा सोको प्रतिलिपि पाउनका लागि सो नागरिकता प्रमाणपत्रको सक्कल/नक्कल प्रति संलग्न राखि रु ५ (पाँच) को टिकट टाँसी सिफारिस सहित यो निवेदन पेश गरेको छु ।

मैले नागरिकताको प्रमाणपत्र लिदाको विवरण यसप्रकार छ ।

१. ना.प्र.प.नं.:- ..........................मिति ........................किसिम....................................
२. नाम, थर:-............................................
Full Name (in block)...........................
३. लिङ्ग:-.................................
Sex :-............................
४. जन्मस्थान:-..........................
Place of Birth (in block).....................
५. स्थायी वासस्थान :- जिल्ला...................गा.वि.स./उ.म.न.पा...................वडा नं. ..............
Permanent Address :- District.........................V.D.C./Municipality/ Sub-Metropolis.............................................ward No.............
६. जन्म मिति ............साल...........महिना......गते
Date of birth : (AD)................year...........Month...........Day
७. बाबुको नामथर, वतन,................................ नागरिकताको किसिम..........................
८. आमाको नामथर, वतन.................................नागरिकताको किसिम..........................
९. पतिको नामथर, वतन ..............................नागरिकताको किसिम.......................

माथि लेखिएको विवरण मैले ..................................कार्यालयबाट लिएको नं.......... को ना.प्र.प.को व्यहोरासँग दुरुस्त छ । फरक छैन । लेखिएको व्यहोरा भुठ्ठा ठहरेमा कानुन बमोजिम सहुँला/ बुझाउँला ।

औंठाको छाप

| दाँयाँ | बायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखत ...............
नाम, थर................
मिति .....................

**(प्रतिलिपि ना.प्र.प.का लागि सिफारिस)**

.................गाउं विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ...........................मा मिति .................मा जन्म भई हालसम्म स्थायी रुपमा बसोबास गरी आएका यसमा लेखिएका श्रीमान्/श्रीमती...................................को छोरा/छोरी/पत्नी वर्ष..............को श्री/सुश्री/श्रीमती................................लाई म राम्ररी चिन्दछु । निजको माग बमोजिम उपर्युक्त विवरण भएको नं. ..............मिति ..............को नागरिकता प्रमाणपत्रको सक्कल प्रति भुत्रो भएको/हराएको/ नयाँ ढाँचाको आवश्यक भएको व्यहोरा साँचो हुँदा प्रतिलिपि बनाई दिएमा फरक नपर्ने व्यहोरा सिफारिस गर्दछु । उक्त विवरण भुठ्ठाठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

मिति :-
कार्यालयको नाम र छाप...................
.....................................................

सिफारिस गर्नेको :-
दस्तखत-
नाम, थर:-
पद:-

दुवै कान देखिने
हालसालै खिचेको
२.५ x ३ सेमी
साइजको फोटो

नेपाल सरकार

# गृह मन्त्रालय

(...नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्या :-०६६।०६७

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-959

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः- ०६६।८।७

विषय :- **नागरिकता प्रमाणपत्रमा अन्य संकेत राख्न नहुने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,
सवै ।

नागरिकताको प्रमाणपत्रमा विभिन्न निकायहरुले संकेत नम्बर, मिति आदि लेख्दा नागरिकताको प्रमाणपत्र कुरुप हुने र छिमेकी मुलुकको भ्रमणमा जाँदा Nepali Identity Show हुने उक्त Card को Authenticity मा समेत प्रश्न उठाउने गरेको देखिएकोले राष्ट्रिय परिचयपत्रको रुपमा रहने उक्त प्रमाणपत्रमा उल्लेख गरिएका विवरण वाहेक (राहदानीको नम्बर कम्प्युटर वा नागरिकताको कार्यालयप्रति रजिष्टरमा जनाउने) थप विवरणहरु उक्त नागरिकता प्रमाणपत्रमा उल्लेख नगर्न/नगराउन मिति २०६६।८।२ को (मन्त्रिस्तरीय) निर्णयानुसार अनुरोध छ ।

२०६६।८।७

(कमलराज भण्डारी)
शाखा अधिकृत

E:\account66\nagrikta\LETTEr.doc

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा हातहतियार........ शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ०६७/६८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९४५

मिति:- २०६७।१०।११

**विषय :- वादी जातिको नागरिकता सम्बन्धमा समेत ।**

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सवै ।

केही जिल्लाहरुबाट वादी जातिका व्यक्तिहरुलाई नेपाली नागरिकताको प्रमाणपत्र वितरण कार्यमा जटीलता सृजना भएको र यी जातिहरुका अशोभनीय थरहरु संशोधन गर्न जिल्ला प्रशासन कार्यालयहरुमा जाँदा सरल रुपबाट काम हुन नसकेको भनी गुनासो प्राप्त भएको हुँदा वादी जातिका सन्तानहरुलाई प्रचलित ऐन नियम अनुसार सहज एवं सरल रुपबाट नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था र यी जातिका अशोभनीय थरहरु संशोधनका लागि यस अघि भएका परिपत्रहरु समेतका आधारमा सरल एवं सहज रुपमा थर संशोधन गरिदिने व्यवस्थाका लागि सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गरिदिने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

वोधार्थ

श्री व्यवस्थापिका संसद ।
महिला बालबालिका र समाज कल्याण समिति,
संसद भवन, सिंहदरवार ।

२०६७।१०।११
(पुण्यराज भट्टराई)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा हातहतियार........ शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ०६७/६८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 284

मितिः- ........२०६७।१०।११

**विषय :-** वादी जातिको नागरिकता सम्बन्धमा समेत ।

**श्री क्षेत्रीय प्रशासन कार्यालय,**
**सवै ।**

केही जिल्लाहरुबाट वादी जातिका व्यक्तिहरुलाई नेपाली नागरिकताको प्रमाणपत्र वितरण कार्यमा जटीलता सृजना भएको र यी जातिहरुका अशोभनीय थरहरु संशोधन गर्न जिल्ला प्रशासन कार्यालयहरुमा जाँदा सरल रुपबाट काम हुन नसकेको भनी गुनासो प्राप्त भएको हुँदा वादी जातिका सन्तानहरुलाई प्रचलित ऐन नियम अनुसार सहज एवं सरल रुपबाट नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था र यी जातिका अशोभनीय थरहरु संशोधनका लागि यस अघि भएका परिपत्रहरु समेतका आधारमा सरल एवं सहज रुपमा थर संशोधन गरिदिने व्यवस्थाका लागि सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गरिदिने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

वोधार्थ

श्री व्यवस्थापिका संसद ।
महिला बालबालिका र समाज कल्याण समिति,
संसद भवन, सिंहदरवार ।

(पुण्यराज भट्टराई)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा हातहतियार
(.................................................. शाखा)

पत्र संख्या :- ०६७/६८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ४२४

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति २०६८।२।२७

विषय :- नागरिकता संसोधन गर्ने बारे ।

श्री नेपाल खड्गी सेवा समिति,
भद्रढोका, काठमाण्डौ ।

प्रस्तुत विषयमा त्यहाँको प.सं.१५७, मिति २०६८।२।१२ को पत्रबाट सर्लाही, सिराहा र उदयपुर जिल्लामा नागरिकताको प्रमाणपत्रमा थर संसोधन गर्ने सम्बन्धमा कारवाही अगाडि बढाइयोस भन्ने माग भै आएको पत्र अध्ययन भै निर्णयार्थ पेश हुँदा यस सम्बन्धमा नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०५२।४।४ को निर्णय अनुसार जातिय आधारमा आफूलाई हिनताबोध गर्ने व्यक्तिले बाबुको थर भन्दा फरक थर राखी ना.प्र.माग गर्न आएमा व्यहोरा मनासिब देखिएमा छानविन गरी ना.प्रमाणपत्रमा नयाँ थर राखी ना.प्र.दिने व्यवस्था गर्ने भन्ने निर्णय भै परिपत्र समेत भैसकेको हुँदा यसै विषयमा थप निर्णय गरिदिनु नपर्ने भन्ने नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६८।२।२५ मा निर्णय भएको व्यहोरा जानकारीका निमित्त अनुरोध छ ।

(पुण्यराज भट्टराई)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्या :- ना.तथा हा.ह. २०६७/०६८

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ८१

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६८/४/३

विषय :- परिपत्र ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

फरक लैङ्गिक पहिचान र यौन अभिमुखिकरण भएका व्यक्तिहरुका सम्बन्धमा तेस्रो लिङ्ग जनाई नागरिकता दिनु भनी हालसम्म परिपत्र नभएको हुँदा नयाँ कानूनी व्यवस्था वा अन्य निर्देशन नभएसम्म "प्रचलित कानून बमोजिम गर्न" सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र जारी गर्ने भनी मिति २०६८।३।२६ मा नेपाल सरकार (मा.उपप्रधान तथा गृहमन्त्री स्तरीय) को निर्णय भएकोले त्यस क्षेत्र अर्न्तगतका कार्यालयहरुलाई परिपत्र गरी दिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

पुण्यराज भट्टराई
(शाखा अधिकृत)

नेपाल सरकार

# गृह मन्त्रालय

(..........नागरिकता तथा हातहतियार........ शाखा)

पत्र संख्या :- ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मिति :-

चलानी ९४८

M/C

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६८।०५।०५

विषय : आमाको नामबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला दोलखा, लाँभोडाँडा गा.वि.स., वडा नं.२ घर भई ललितपुर जिल्ला, हरिसिद्धि गा.वि.स., वडा नं.९ बस्ने सबिना दमाई निवेदक एवं यस मन्त्रालय समेत विपक्षी भएको आमाको नामबाट सन्तानहरुलाई नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको सम्वत् २०६७ सालको रिट नं.-०६७-WO-०७०३, मिति २०६७।११।१५ को निर्देशात्मक आदेश कार्यन्वयन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्न गराउन हुन नेपाल सरकार (माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तर) को मिति २०६८।०५।०५ को निर्णयानुसार अनुरोध छ ।

१. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपाली नागरिक हुनेछ भन्ने व्यवस्था भएतापनि ऐनको दफा ३ (२) मा दफा ३(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिकबाट जन्मिएका सन्तानको हकमा दफा ५(२) बमोजिम हुने भन्ने उल्लेख भएकोले विदेशी नागरिकसँग विवाह गरी नेपाली आमाबाट जन्मिएका सन्तानको हकमा ऐनको उक्त प्रावधान अनुसार गर्ने ।

२. आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा ऐनको दफा ३(१) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र माग गर्न आउने १६ वर्ष उमेर पूरा भएका (बाबु नेपाली नागरिक रही नेपालमा नै जन्मिएका सन्तानहरुका हकमा) विभिन्न कारणले गर्दा बाबुको ठेगाना पत्ता लाग्न नसकि आवश्यक प्रमाण पेश गर्न नसक्नेहरुका हकमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(२) अनुरुपको आवश्यक प्रक्रिया पूरा गरी जो जे बुझ्नु पर्छ बुझी आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा आमाको थर, ठेगाना उल्लेख गरी नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने ।

३. आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा नागरिकता प्रमाणपत्र प्राप्त व्यक्तिहरुको पछि बाबु पत्ता लागेको अवस्थामा बाबुको नामथर र ठेगाना कायम गरी पाऊँ भनी आवश्यक प्रमाणसहित निवेदन दिएमा बाबुको नागरिकताको प्रमाणपत्र राखी सोही व्यहोरा जनाई त्यस्ता नागरिकताको प्रमाणपत्र संशोधन गरिदिने ।

(माधबप्रसाद ढुगाना)
शाखा अधिकृत

बोधार्थः
श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय, बार काउन्सिल भवन, ललितपुर ।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून शाखा, सिंहदरबार ।
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ ।
श्री कानून तथा न्याय मन्त्रालय, सिंहदरबार ।
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

नेपाल सरकार

# गृह मन्त्रालय

(...............नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्या:- ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ५५४

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०६८/०९/२६

विषय :- जन्मका आधारले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रमाणपत्र वितरण गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम जन्मका आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम-३ को उपनियम १ को खण्ड (क), (ख), (ग) र उपनियम २ बमोजिमको प्रक्रिया पूरा गरी वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्ने गरी नेपाल सरकार (मा.उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तर) को मिति २०६८।०९।२४ मा निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

(माधवप्रसाद ढुंगाना)
शाखा अधिकृत

**बोधार्थ:**
श्री क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

D:\Nagarikta Section\दैनिक प्रयोगका चिठीहरु1.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(.........नागरिकता.तथा.हातहतियार..शाखा)

पत्र संख्याः- ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मितिः-

च. नं.:- 246

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०६८/०९/२८

**विषय :-** <u>नागरिकतामा थर सच्याउने सम्बन्धमा</u> ।

**श्री क्षेत्रिय प्रशासन कार्यालय,**
**सबै ।**

समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातिय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरेमा छानविन गरी व्यहोरा मनासिव देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने गरी तत्कालीन श्री ५ को सरकार (मं.प.) बाट मिति २०५२।०४।०४ मा निर्णय भई २०५२।०४।२१ मा सबै जिल्लामा परिपत्र गरिएको र मिति २०६३।०४।२२ मा पुनः सोही व्यहोरा उल्लेख गरी सो व्यवस्था कडाईका साथ लागू गर्न परिपत्र गरिएको व्यहोरा अवगतै छ । उक्त परिपत्र अनुसारको कार्यान्वयन कतिपय जिल्लाहरुबाट नभएको भन्ने गुनासाहरु आएकोले यस सम्बन्धमा भएको पूर्व परिपत्र अनुसारको व्यवस्था कार्यान्वयन गर्न गराउन पुनः निर्देशन पठाउने नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६८।०९।२७ मा निर्णय भएकोले सो बमोजिम गर्न गराउन जिल्ला प्रशासन कार्यालयहरुलाई जानकारी गराइ दिन हुन निर्णयानुसार अनुरोध छ ।

(माधवप्रसाद ढुंगाना)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय दलित आयोग,
पो.ब.नं.१३७५८
अनामनगर? ...यबानेश्वर, काठमाडौं ।

नेपाल सरकार

# गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार......शाखा)

पत्र संख्या:- ना.तथा ह.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ३६८

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति: २०६८/०९/२८

विषय :- "निस्सा" सम्बन्धमा ।

श्री क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानलाई अंगीकृत नेपाली नागरिकता प्रदान गर्ने सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ को दफा ५, उपदफा (३) को खण्ड (ग) एवं नेपाल नागरिकता नियमावली, २०६३ को नियम ७, उपनियम (१) को खण्ड (ग) को प्रयोजनार्थ बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता नलिएको "निस्सा" भन्नाले "सम्बन्धित देशको नेपालस्थित राजदूतावासको पत्र वा सम्बन्धित देशको सरकारको आधिकारिक निकायबाट प्रमाणित भएको कागजातलाई मान्ने" भनी नेपाल सरकार (मा. उपप्रधानमन्त्री तथा गृहमन्त्रिस्तर) बाट मिति २०६८।०९।२६ मा नीतिगत निर्णय भएकोले सो बमोजिम गर्न गराउन जिल्ला प्रशासन कार्यालयहरुलाई जानकारी गराइ दिन हुन निर्णयानुसार अनुरोध छ ।

(माधबप्रसाद ढुंगाना)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार.......शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

त्र संख्याः- ना.तथा हा.ह २०६८/०६९

सिंहदरवार,
काठमाडौं, नेपाल ।
२०६८/१०/०२

ाप्त पत्र संख्या र मितिः-

च. नं.:- ४१०

मिति : ..............................

**विषय :-** परिपत्रमा "नियम ३" छुट हुन गएको बारे ।

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सबै ।**

यस मन्त्रालयको च.नं. ३९४ मिति २०६८।०९।२६ को परिपत्र प्राप्त भएकै छ । उक्त पत्रको हरफ ४ मा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम १ को ............. हुनु पर्नेमा " नियम ३" भन्ने वाक्यांश छुट हुन गएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

(माधवप्रसाद ढुंगाना)
शाखा अधिकृत

बोधार्थः
श्री क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

347

D:\Nagarikta Section\दैनिक प्रयोगका चिठीहर1.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार........शाखा)

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ४२६

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति : ...............................

विषय :- आवश्यक व्यवस्था मिलाई दिने।

श्री परराष्ट्र मन्त्रालय,
दक्षिणपूर्वी एशिया महाशाखा,
सिंहदरवार, काठमाडौं।

भारतीय भू.पू. सैनिक तथा प्रहरीहरु तथा तिनका परिवारका सदस्यले नागरिकता प्रमाणपत्रमा उल्लेख भएको नाम, थर, जन्म मिति र पेन्सन रेकर्डमा उल्लेख भएको विवरण फरक परेको अवस्थामा जिल्ला प्रशासन कार्यालयबाट आवश्यक जाँच बुझ गरी दुवै विवरण भएको व्यक्ति फरक फरक नभई एउटै भएको भन्ने व्यहोरा प्रमाणित गरी भारतीय पेन्सन क्याम्प पोखरा, काठमाडौं, धरान पठाउने गरिएकोमा ती कार्यालयहरुबाट यस्तो विवरण उल्लेख गरेको पत्रलाई मान्यता नदिई नागरिकताको प्रमाणपत्र नै सच्याई ल्याउनु भनी फर्काइ दिने गरेको र नेपाली नागरिकताको प्रमाणपत्र यस्तो अवस्थामा हाल संशोधन हुने व्यवस्था नरहेको हुँदा विवरण फरक भएमा पेन्सनहरको विषयमा दुवै विवरण भएको व्यक्ति एउटै भएको भन्ने जिल्ला प्रशासन कार्यालयको सिफारिशलाई आधिकारिक मानी पेन्सन सुविधा उपलब्ध गराउन यस अघिको व्यवस्था अनुरुप नै हुन त्यहाँ मार्फत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय भएको हुँदा आवश्यक कार्यार्थ अनुरोध गरिन्छ।

२०६८।११।०१

(पुण्यराज भट्टराई)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा हातहतियार
(...............................शाखा)

पत्र संख्याः- ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मितिः-

च. नं.:- ४३

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०६८/१०/२२

विषय :- **विद्यमान कानूनी व्यवस्था बारे ।**

**श्री परराष्ट्र मन्त्रालय,**
**कन्सुलर तथा कानूनी परामर्श शाखा,**
नारायणहिटी, पश्चिमगेट, काठमाडौं ।

तहाँ मन्त्रालयको संकेत नं.कन।का।१४६७।मिति २०६८।११।११ को पत्र साथ च.नं.८८९ मिति २०६८।०७।२८ को पत्र प्राप्त भयो । सो सम्बन्धमा तहाँबाट सोधनी भएका विषयमा निम्नानुसार उल्लेख गरी पठाइएको व्यहोरा अनुरोध छ ।

- आमा नेपाली नागरिक तथा बुबा विदेशी नागरिकबाट विदेशमा जन्मेका बच्चाहरु नेपाल नागरिकता ऐन, २०६३ बमोजिम नेपाली नागरिक नहुने ।
- आमा नेपाली नागरिक तथा बुबा पहिले नेपाली नागरिक भई हाल विदेशी नागरिकता ग्रहण गरेकाबाट विदेशमा जन्मेका बच्चाहरु नेपाली नागरिक हुने । यदि ती व्यक्तिहरु बाबुले विदेशीको नागरिकता लिएको आधारमा विदेशको नागरिक पनि हुने भए नेपाल नागरिकता ऐन, २०६३ को दफा १० (४) बमोजिम १६ वर्ष उमेर पुगेको मितिले २ वर्षभित्र नेपाली नागरिकता लिने नलिने विषयमा रोजी सक्नुपर्नेछ, २ वर्ष रोज्ने म्याद समाप्त भएमा नेपाली नागरिकता कायम नरहने कानूनी व्यवस्था रहेको ।
- बच्चा जन्मदा आमा बुबा दुवै नेपाली नागरिक रहेकोमा हाल बुबाले विदेशी नागरिकता ग्रहण गरेको प्रकृतिका विदेशमा जन्मेका बच्चाहरु नेपाली नागरिक हुने । यदि ती व्यक्तिहरु बाबुले विदेशीको नागरिकता लिएको आधारमा विदेशको नागरिक पनि हुने भए नेपाल नागरिकता ऐन, २०६३ को दफा १० (४) बमोजिम १६ वर्ष उमेर पुगेको मितिले २ वर्षभित्र नेपाली नागरिकता लिने नलिने विषयमा रोजी सक्नुपर्नेछ, २ वर्ष रोज्ने म्याद समाप्त भएमा नेपाली नागरिकता कायम नरहने कानूनी व्यवस्था रहेको ।

(पुण्यराज भट्टराई)
शाखा अधिकृत

D:\Nagarikta Section\दैनिक प्रयोगका चिठीहरु1.doc

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा हातहतियार

(........................................शाखा)

पत्र संख्या:- ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ४२४

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति : २०६८।११।१२

विषय :- **जन्मका आधारले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रमाणपत्र वितरण गर्ने सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सबै ।**

उपरोक्त विषयको यस मन्त्रालयको च.नं.३९४ मिति २०६८।०९।२६ र च.नं. ४१०, मिति ०६८।१०।०२ का परिपत्रहरु प्राप्त भएकै छन् । सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६८।११।०४ मा निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त परिपत्रहरु कार्यान्वयन नगर्न नगराउनु भनी अन्तरिम आदेश जारी भएको भनी सर्वोच्च अदालतको च.नं.५७५४ मिति २०६८।११।०५ को पत्रबाट अन्तरिम आदेशको जानकारी प्राप्त भएको हुँदा सो आदेश अनुसार उक्त परिपत्र बमोजिमका काम कारवाही नगर्न नगराउनु हुन आदेशानुसार अनुरोध छ ।

**बोधार्थ:**
क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

२०६८।११।१२
(पुण्यराज भट्टराई)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार........शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मितिः-

च. नं.:- ६७६

मिति : २०६९/०३/११

विषय :- स्पष्ट धारणा उपलब्ध गराई दिने ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाडौं ।

तहाँको प.सं. २/स्या/१८/०६८/०६९ च.नं. १९५३ मिति २०६८।१२।२८ को पत्र प्राप्त भयो । उक्त पत्रमा माग भए अनुसार " समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातिय आधारमा आफूलाई हीनतावोध गर्ने व्यक्तिले थर संशोधन गर्न चाहेमा छानविन गरी व्यहोरा मनासिव देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा सच्याई नागरिकताको प्रमाणपत्र दिने भन्ने तत्कालिन श्री ५ को सरकार (म.पं.) बाट मिति २०५२।०४।०४ मा निर्णय भएको समेत देखिन्छ "। जिल्ला प्रशासन कार्यालय, दोलखाबाट स्थलगत अध्ययन गरी आवश्यक छानविन एवं सर्वपक्षीय/ सर्वदलिय बैठकबाट निर्णय भए बमोजिम सुरी र खारे गा.वि.स. का केही सुनुवारहरुको माग भए बमोजिम सुरेलहरु जस्ले थर सुनुवार राखी नागरिकता लिए उनीहरुको मात्र नागरिकता संशोधन गरिएको भन्ने सम्बन्धित जिल्ला प्रशासन कार्यालय दोलखाबाट उल्लेख भै आएको व्यहोरा मिति २०६९।०३।०८ को नेपाल सरकारको (सचिवस्तर) निर्णयानुसार अनुरोध गरिन्छ ।

६।३।११

(विष्णु प्रसाद पौडेल)
उप-सचिव

D:\Nagarikta Section\all nagarikata\दैनिक प्रयोगका चिठीहरु1.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(........नागरिकता तथा हातहतियार......शाखा)

पत्र संख्या:-

ना.तथा हा.ह २०६८/०६९

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ६८४

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति : २०६९/०३/१४

विषय :- <u>खुलाई पठाइएको ।</u>

श्री राहदानी विभाग,

नारायणहिटी, काठमाडौं ।

उपरोक्त विषयमा तहाँको च.नं. ०९ मिति २०६९।०२।०४ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । तत्सम्बन्धमा निज पेमा सेम्निद दोर्जी लगायतका बाजे गाराप दोर्जे नेपालको अंगीकृत नागरिकता भएका निजले नेपालको अंगीकृत नागरिकता लिनु पूर्व तिब्बतियन नागरिक रहेका र निजहरुका बाबुहरु समेत निश्चित प्रक्रिया पूरा गरी नेपालको नागरिकता प्राप्त गर्ने हैसियत भएका तर नागरिकता लिई नसकेका हुँदा निजहरुलाई हाल विदेश जाने प्रयोजनार्थ Travel Document आवश्यक भएकोले निजहरुले नेपाली नागरिकताको प्रमाणपत्र लिई नसकेको अवस्था हुँदा निजहरुको राष्ट्रियताको Status तिब्बतीयन नै जनाई Travel Document जारी हुन आदेशानुसार अनुरोध गर्दछु ।

२०६९।३।१४

(गोविन्द सापकोटा)

शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\दैनिक प्रयोगका चिठीहरु1.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(...............नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्याः- ना.तथा हा.ह २०६९/७०

प्राप्त पत्र संख्या र मितिः-

च. नं.:- ४२

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति : २०६९/०५/०१

विषय :-

विवरण उपलब्ध गराइएको ।

श्री जिल्ला प्रशासन कार्यालय,
भक्तपुर ।

उपर्युक्त विषयमा तहाँको च.नं. १९१ मिति २०६९।०४।३२ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा "प्रचलित कानून बमोजिम नागरिकता प्रमाणपत्र दिने अधिकार प्र.जि.अ.लाई छदैछ । कानून बमोजिम नागरिकता दिन मिल्ने भए दिने र कानून बमोजिम ना.प्र. दिन नमिल्ने भएमा कारण खुलाई यो यो कारणले दिन मिल्दैन भनी सम्बन्धितलाई जानकारी गराई दिने गर्नु हुन भनी प्र.जि.अ.लाई लेखी पठाउने" भन्ने मिति २०६९।०५।०१ मा आदेश भएको हुँदा आदेशानुसार अनुरोध गर्दछु ।

६९।५।१

(गोविन्द सापकोटा)
शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\दैनिक प्रयोगका चिठीहरु1.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(..........नागरिकता तथा हातहतियार...शाखा)

पत्र संख्या:- ना.तथा हा.ह २०६९/७०

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ६९

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०६९/०५/१८

विषय :- **परिपत्र ।**

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल नागरिकता नियमावलीमा उल्लेखित वंशजको नाताले नेपाली नागरिकता प्राप्तिको लागि १६ वर्ष उमेर पुरा भएको हुनु पर्ने प्रावधानको सम्बन्धमा जानकारी भएको हुनु पर्दछ ।

नेपालबाट वैदेशिक रोजगारीको प्रयोजनको लागि विदेशमा गएका महिलाहरुको वास्तविक उमेर १२-१४ वर्ष भएतापनि नागरिकतामा १८-२० वर्ष जनाई केही जिल्लाहरुबाट नागरिकता दिने लिने गरिएको भन्ने जानकारी प्राप्त हुन आएकोले यस किसिमको अनियमितता हुन नदिने तर्फ गम्भिर रुपमा सचेतता अपनाउनु हुन निर्देशानुसार अनुरोध छ ।

०६९/०५/१८

(लक्ष्मण विक्रम थापा)
उप-सचिव

n\all nagarikata\दैनिक प्रयोगका चिठीहरु1.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(...नागरिकता तथा हातहतियार शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या ना.तथा हा.ह २०६९/७०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-९५६

मिति : २०६९/०६/११

विषय :-

**नाम र लिंग परिवर्तन सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,
काठमाडौं ।

तहाँको च.नं. ६४१ मिति २०६८।०५।२२ को पत्रसाथ प्राप्त प्रतिक पन्तको लिंग परिवर्तन गर्ने सम्बन्धी फाइल कारवाहीको लागि पेश हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९।०५।१८ को निर्णय, नेपालको मेडिकल बोर्डको मिति २०६९।०६।०३ को सिफारिश समेतको आधारमा निजको नाम र लिंग परिवर्तन गरिदिने भनी नेपाल सरकार (मा.उपप्रधान एवं गृह मन्त्रीस्तर) बाट मिति २०६९।०६।११ मा निर्णय भएकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।०५।१८ को निर्णय र नेपालको मेडिकल बोर्डको मिति २०६९।०६।०३ को सिफारिश पत्र यसैसाथ संलग्न गरी आवश्यक कार्यार्थ निर्णयानुसार अनुरोध गर्दछु ।

२०६९/०६/१२

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

nagarikata section/nagarikata letters.doc

नागरिकता तथा हातहतियार (शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

ना.तथा हा.ह २०६९/७०

पत्र संख्या :-

१६४

मिति : २०६९/०७/१५

विषय :- **लिङ्ग परिवर्तन सम्बन्धमा ।**

**श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**सिंहदरवार , काठमाडौ ।**

यस मन्त्रालयको नं.७/४२/०६९/५/१२ को प्रस्ताव मं.प. वै.सं.३२/०६९ मिति २०६९।०५।१८ को बैठकमा पेश भई निर्णय भए बमोजिम धापासी-६ काठमाडौं बस्ने प्रतिक पन्तको नाम र लिङ्ग परिवर्तन गर्ने सम्बन्धी विषयमा नेपाल मेडिकल बोर्डको मिति २०६९।०६।०३ को निर्णय तथा यस मन्त्रालय (मा.उपप्रधानमन्त्री तथा गृह मन्त्रीस्तर) को मिति २०६९।०६।११ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, काठमाडौले निज प्रतिक पन्तको नाम र लिङ्ग परिवर्तन गरी नाम एयना पन्त र लिङ्ग पुरुषबाट "महिला" कायम गरी प्रतिलिपि नागरिकता जारी गरेको व्यहोरा जानकारीको लागि आदेशानुसार अनुरोध गर्दछु ।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

nagarikata section/nagarikata letters.doc

नागरिकता तथा हातहतियार ........शाखा)

पत्र संख्याः- ना.तथा हा.ह २०६९/०७०

चलानी नं:- १६३

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति : २०६९/०८/१८

विषय :-

निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
पर्सा ।

तहाँ कार्यालयको प.सं.०६९।७० च.नं. ३६११ मिति २०६९।०८।१२ को फ्याक्स पत्र प्राप्त भै व्यहोरा अवगत भयो । उक्त पत्र मार्फत उठान गरेको व्यहोराको सम्वन्धमा जन्मको आधारवाट नागरिकता प्रमाणपत्र लिने सन्तानको हकमा निजहरुलाई नागरिकता प्रमाणपत्र जारी नगर्ने भन्ने सम्मानीत सर्वोच्च अदालतबाट मिति २०६८।११।०४ मा अन्तरिम आदेश जारी भै सकेको अवस्थामा नावालक परिचय पत्र पनि नागरिकता सरह नै मान्यता रहने हुँदा हाल नावालक परिचयपत्र पनि जारी गर्न नमिल्ने भनी मिति २०६९।०८।१८ मा निर्णय भएको हुँदा सोही व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(हस्ताक्षर) २०६९।८।१८
(गोविन्द सापकोटा)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(.....नागरिकता तथा हातहतियार.....शाखा)

पत्र संख्या:- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- 249

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०६९/०९/०९

विषय :-

**नागरिकता सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,
पर्सा , विरगंज ।

तहाँको च.नं. ३५३६ मिति २०६९।०९।०१ को पत्र प्राप्त भयो । तत् सम्बन्धमा नागरिकताको प्रतिलिपि जारी गर्दा कार्यालयको अभिलेखसँग फरक नपर्ने गरी अभिलेख अनुसारको दुरुस्त (सक्कल बमोजिम नक्कल) विवरण उतार गरी जारी गर्नु पर्ने कानूनी व्यवस्थाको पालना तहाँबाट भएको देखिएन । अतः अभिलेखभन्दा फरक पारी जारी भएको प्रतिलिपि नागरिकता खिची अभिलेख अनुसार कै विवरण भरी नयाँ प्रतिलिपि जारी गर्ने र ना.प्र.पत्रमा कुनै विवरण छुट भई थप गर्नु पर्ने देखिएमा बुझ्नु पर्ने कुरा बुझी कानूनको रित पुऱ्याई गर्न तहाँ कार्यालयको ध्यानाकर्षण गराउने भनी मिति २०६९।०९।०९ मा निर्णय भएको व्यहोरा अनुरोध गर्दछु ।

२०६९/०९/०९

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्या:- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति:-

च. नं.:- ८४६

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति : २०६९/०९/१२

विषय :- **खुलाई पठाइएको ।**

**श्री योजना तथा अनुगमन शाखा ,**

**गृह मन्त्रालय ।**

तहाँ शाखाको प.सं.०६९/७० च.नं. ५३ मिति २०६९।०९।०८ को पत्र प्राप्त भै व्यहोरा अवतग भयो । पत्र मार्फत उठान गरेको विषयको सम्बन्धमा निम्नानुसार खुलाई पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

**निम्न**

नागरिकता ऐन, २०६३ बमोजिम बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्नु पूर्व जन्मेका सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा नागरिकता सम्बन्धी मौजुदा कानूनमा स्पष्ट व्यवस्था भएको नदेखिएको हुँदा नेपाल सरकार (मा.उपप्रधानमन्त्री तथा गृह मन्त्रीस्तर) को मिति २०६८।०९।२४ को निर्णयबाट त्यस्ता व्यक्तिका सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्ने भन्ने व्यहोराको परिपत्र सबै जिल्ला प्रशासन कार्यालयहरुमा गरिएको ।

नेपाल सरकारको उक्त निर्णय विरुद्ध सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन परि सम्मानित सर्वोच्च अदालतको च.नं. ५७५४ मिति २०६८।११।०५ को पत्रबाट "संविधानमा उल्लेखित आधार र तोकिएका व्यक्ति वाहेक अन्य व्यक्तिलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन, दिलाउने विषयमा निर्णय गर्ने क्षेत्राधिकार तथा अख्तियारी नेपाल सरकार माननिय उपप्रधामन्त्री एवं गृहमन्त्रीमा नहुने हुँदा यस्तो क्षेत्राधिकार विहिन तथा अख्तियारी विहिन भएको मिति २०६८।०९।२४ को निर्णय र मिति २०६८।०९।२६ को परिपत्र कार्यान्वयन नगर्नु नगराउनु" भन्ने व्यहोराको अन्तरिम आदेश जारी भएको जानकारी प्राप्त भए पश्चात यस मन्त्रालयको च.नं. ४५४ मिति २०६८।११।१२ को पत्रबाट सबै जिल्ला प्रशासन कार्यालय र क्षेत्रिय प्रशासन कार्यालयहरुलाई पूर्व परिपत्रको कार्यान्वयन नगर्नु नगराउनु भन्ने व्यहोराको परिपत्र गरिएको र यसको अलवा यस विषयमा अन्य कुनै आदेश वा परिपत्र मन्त्रालयबाट नभएको व्यहोरा उल्लेख गर्दै माथि उल्लेखित सन्दर्भमा भएका परिपत्र थान -३ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गरेको छु ।

६९/०९/१६

(सुरेन्द्रराज पौडेल)

शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(......नागरिकता तथा राहदानी ......... शाखा)

पत्र संख्या :- ना.तथा रा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ४८६

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति : २०६९/०९/१७

विषय :-

**यौनिक तथा लैङ्गिक समुदायका व्यक्तिहरुलाई नागरिकता जारी गर्ने सम्बन्धमा ।**

**श्री क्षेत्रीय प्रशासन कार्यालय,**

**सबै ।**

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई पहिचान सहितको नागरिकता जारी गर्ने सम्बन्धमा नेपाल नागरिकता नियमावली, २०६३ का अनुसूचिहरु हेरफेर तथा थपघट गरी मिति २०६९।०३।०९ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भैसकेको व्यहोरा अवगत नै छ । सो समुदायका व्यक्तिहरुलाई नागरिकता विवरण गर्ने कार्यमा एकरुपता ल्याउन तयार भएको "यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्ने सम्बन्धि निर्देशिका, २०६९" लाई नेपाल सरकार (मा. उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तर) बाट मिति २०६९।०९।१६ मा स्वीकृति प्राप्त भएकाले सोको छाँयाप्रति संलग्न गरी मातहतका कार्यालयहरुमा जानकारी गराइदिनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

(सुरेन्द्रराज पौडेल)

शाखा अधिकृत

बोधार्थ/कार्यार्थ

श्री शिक्षा मन्त्रालय, सिंहदरबार ।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

बोधार्थ

श्री नील हिरा समाज, लाजिम्पाट ।

नेपाल सरकार

# गृह मन्त्रालय

(.....नागरिकता तथा राहदानी.......... शाखा)

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ९६०

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६९/१०/०७

विषय :-

निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय सबै ।
श्री जिल्ला प्रशासन कार्यालय सबै ।

सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मितिमा नागरिकताको विषयमा भएका आदेशहरुको कार्यान्वयन नभएको, कार्यान्वयनमा एकरुपता नभएको, सम्बन्धित ऐन नियमको कार्यान्वयन ठीक किसिमबाट हुन नसकेको, महिला अधिकारकर्मीहरुले सार्वजनिक रुपमा उठाएको सवालहरुमा सम्वोधन गर्न र नागरिकता वितरणको कार्यमा एकरुपता कायम गर्न वान्छनीय देखिएकोले नेपालको अन्तरिम संविधान, २०६३ नेपाल नागरिकता ऐन, २०६३ एवं नेपाल नागरिकता नियमावली, २०६३ को वर्खिलाप नहुने गरी देहायका अवस्थामा देहायानुसार सरल किसिमबाट नेपालको नागरिकता जारी गर्ने गरी सबै क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गर्न नेपाल सरकार (माननिय उपप्रधान तथा गृहमन्त्रीस्तर) बाट मिति २०६९।१०।०५ मा निर्णय भएको हुँदा निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

**देहाय**

१. **विवाहित महिलाले आफ्नो बाबुको नामबाट नागरिकता लिने सम्बन्धमा:**
विवाहित महिलाले नागरिकताको लागि आवेदन गर्दा श्रीमानको नाम, थर, ठेगाना लगायत माइत तर्फका बाबु आमाको विवरण समेत आवेदनमा स्पष्ट रुपले उल्लेख गर्नु पर्ने व्यवस्था रहेकोमा कुनै किसिमबाट निजले पतिको विवरण स्पष्ट गर्न नसकेको खण्डमा वंशज (बाबु आमाको नाताबाट) खुल्ने प्रमाणको आधारमा वंशजको नाताले नेपाली नागरिकता जारी गर्न सकिने ।

२. **बाबु वा आमाको ठेगाना मध्ये कुनै ठाउँबाट नागरिकता लिन सक्ने:**
बाबु आमाको अलग अलग वतन भएको कारणबाट नागरिकता लिन कठिनाई परेको अवस्थामा निवेदकको बाबु आमाको अलग अलग वतन भएपनि निजले रोजेको ठेगाना मध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिश साथ तोकिएको कार्यविधि पूरा गरी नागरिकताको प्रमाणपत्र माग्न आएमा निजले रोजेको बाबु वा आमाको ठेगाना मध्ये कुनै एक स्थानबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने ।

३. **आमाको नामबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने:**
बाबु पत्ता नलागेको वा बाबुको ठेगान नभएको तर नेपाली नागरिक आमाबाट नेपालमै जन्मेको बालवालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन, २०६३ र ऐ.नियमावलीको रित र कार्यविधि पूरा गरी

(.....नागरिकता तथा हालहतियार............. शाखा)

गृह मन्त्रालय

सङ्ख्या : ना.तथा हा.ह २०६९/०७०

पत्र संख्या र मिति :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : .................................

विषय :-

आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन बाधा नपर्ने । तर बाबु विदेशी हुन् भन्ने यकिन भएको अवस्थामा भने अङ्गीकृत नागरिकता तर्फ कारवाही अगाडि बढाउनु पर्ने ।

**४. मातृत्व वा पितृत्व ठेगान नलागेका सन्तानलाई नागरिकता जारी गर्नेः**

नेपाल सरहदभित्र भेटिएका तर मातृत्व वा पितृत्व ठेगान नलागेका सन्तानलाई पछि मातृत्व पितृत्व ठेगान लागेको वखत सोही बमोजिम हुने गरी संरक्षकको सनाखतबाट नियमानुसार नागरिकता जारी गर्ने । यसरी ना.प्र.प. जारी गर्दा कार्यालयको अभिलेखमा मात्र अभिलेखीकरण गरी ना.प्र.पत्रको बाबु आमाको महलमा कुनै कुरा उल्लेख नगरी खाली (—) राख्ने ।

**५. दलित जातीका नागरिकलाई नागरिकता प्रदान गर्नेः**

दलित जातीका मानिसहरुलाई नागरिकता प्रदान गर्दा अन्य नागरिक सरह थर राखी नागरिकता जारी गर्न कुनै बाधा नपर्ने ।

**६. पतिको सनाखतबाट नागरिकता दिनेः**

माइत पक्ष (बाबु आमा दाजुभाइ) यकिन गर्न नसकी अरुको सहारामा बसेका महिलाहरुलाई विवाह पश्चात कानूनले तोकेको रित पुऱ्याई पतिको सनाखतबाट नागरिकता जारी गर्ने ।

**७. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको नागरिकताः**

लिङ्गको महलमा अन्य लेखी नागरिकताको लागि आवेदन गर्ने यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुलाई लिङ्गको महलमा "अन्य" जनाई नागरिकता जारी गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार नागरिकता जारी गर्ने ।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा हातहतियार शाखा

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०

चलानी पत्र संख्या र मिति :-

च.नं. :- ३११

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति २०६९/११/१३

विषय :- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
चितवन।

प्रस्तुत विषयमा निर्देशन उपलव्ध गराई दिने वारेको तहाँको च.न.१६ मिति २०६९।६।३ को पत्र प्राप्त भयो । सो सम्वन्धमा दलित समुदायका मानिसहरुले आफ्नो परम्परागत जातथर जानिने शब्दहरुवाट हिनतावोध भई संशोधनका लागि निवेदन दिएका व्यक्तिहरुको थर संशोधन गरी नागरिकताको प्रमाणपत्र संशोधन गरी दिएकोमो पुन साविक कै थर उल्लेख गरी नागरिकता पाउँ भनि निवेदन पर्न आउने विषयमा उमेर, नाम र जात सच्चाउने नियमहरु २०१७ को नियम ६ (छ) को अधिनमा रही पेश भए अनुसारको काम कारवाही गर्न वाधा नपर्ने व्यहोरा नेपाल सरकार(सचिवस्तर) को मिति २०६९।११।६ को निर्णयानुसार अनुरोध गर्दछु ।

२०६९।११।१३

(गोविन्द सापकोटा)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(......नागरिकता तथा हातहतियार.............. शाखा)

पत्र संख्या :-ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- 806

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति : २०६९/१२/२३

**विषय :-** नागरिकता प्रमाणपत्रको अभिलेख कायम गर्ने सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालयहरु,

श्री जिल्ला प्रशासन कार्यालयहरु,

सबै ।

विगतको द्वन्दको क्रममा कार्यालयको अभिलेख नष्ट भएका नागरिकता प्रमाणपत्रको अभिलेख कायम गर्ने सम्बन्धमा पेश हुँदा देहाय अनुसार गर्ने गराउने गरी निर्देशन दिने भन्ने नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०६९।१२।२१ मा निर्णय भएको हुँदा सो अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

तपसिल

१. उपलब्ध भएसम्म व्यक्तिको सक्कल नागरिकता प्रमाण पत्र पेश गर्न लगाउने । सक्कल नागरिकता प्रमाणपत्र हराइसकेको वा अन्य कारणले नष्ट भइसकेको रहेछ भने निजले नागरिकता प्रमाणपत्र लिइसकेको थियो भन्ने व्यहोरा पुष्टि हुने उपलब्ध भएसम्मका अन्य कुनै प्रमाण(लालपूर्जा, ड्राइभिङ्ग लाइसेन्स, विधुत/खानेपानीको ग्राहक कार्ड आदि) पेश गर्न लगाउने ।

२. स्थानीय निकायको सिफारिश साथ नेपाली नागरिकता प्रमाणपत्र पाएको निजको परिवारभित्रको व्यक्तिबाट अनुसूचि फारममा सनाखत गर्न लगाउने ।

३. त्यसरी पेश भइसकेपछि अभिलेख रजिष्टरमा अभिलेख तयार पारी कार्यालयको अभिलेख नष्ट भएको कारण जनाई पुरानो नागरिकता नं.खुल्न सके नागरिकता कार्ड र कार्यालयप्रतिमा सो नं. समेत जनाई प्रमाणित गरी नागरिकता प्रमाणपत्र जारी गर्नु पर्दछ । पुरानो नं. खुल्न नसके पहिले नागरिकता प्रमाणपत्र जारी भएतापनि कार्यालयको अभिलेख नष्ट भएको कारणले नयाँ नागरिकता प्रमाणपत्र जारी गरिएको भन्ने व्यहोरा जनाई प्रमाणित गरी नागरिकता प्रमाणपत्र जारी गर्ने ।

४. त्यसरी नागरिकता प्रमाणपत्र जारी गर्न शंका लागेमा स्थानीय प्रहरी कार्यालयबाट रित पूर्वकको सर्जमिन गर्न लगाई पेश गर्न लगाउने ।

५. नागरिकता जारी गर्ने अधिकारीले नागरिकता प्रमाणपत्र जारी गर्दा उक्त व्यक्तिसँग अनिवार्य रुपमा आफैंले सोधपुछ गर्ने ।

६. विगतको द्वन्द्वको समयमा अभिलेख नष्ट भएका जिल्ला/इलाका प्रशासन कार्यालयबाट जारी भएका नागरिकता प्राप्त व्यक्तिले बसाईं सराई गरी अर्को जिल्लाबाट नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन वा आफ्ना परिवारका सदस्यको ना.प्र. लिने प्रयोजनका लागि माथि उल्लेख भएका प्रक्रिया पुरा गरी आएमा नयाँ अभिलेख हालको बसोबासबाटै कायम गरिदिने । सो को जानकारी सम्बन्धित नागरिकता जारी गर्ने कार्यालयलाई अनिवार्य रुपमा दिने ।

७. विगतको द्वन्द्वको क्रममा अभिलेख नष्ट भएको अवस्थामा बाहेक अन्य कारणले पुरानो अभिलेख नष्ट भै फेला पार्न नसकिएकोमा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद-९ दफा ४० को (५) बमोजिम गर्ने ।

१२।२३

(लक्ष्मणबहादुर खड्का)

शाखा अधिकृत

230

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्या : ना.तथा हा.ह २०६९/०७०

चलानी नं. : ५९८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६९/१२/३०

विषय :- <u>एकीकृत घुम्ति सेवा मार्फत नागरिकता प्रमाणपत्र वितरण सम्बन्धमा ।</u>

**श्री प्रमुख जिल्ला अधिकारीज्यू,**
**जिल्ला प्रशासन कार्यालय ,**
**सबै ।**

प्रचलित कानून बमोजिम नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यक्तिहरुलाई सरल र सहज रुपमा नेपालको नागरिकता प्रमाणपत्र वितरण गरी फोटो सहितको मतदाता नामावलीमा नाम समावेश गर्ने कार्यलाई सहज बनाउन प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित कार्यालयहरुसँग समन्वय गरी एकिकृत घुम्ति सेवा मार्फत नेपाली नागरिकताको प्रमाणपत्र वितरण, मतदाता नामावली संकलन, निःशुल्क स्वास्थ्य सेवा, पशु सेवा, कृषि सामाग्री वितरण, मालपोतका सेवाहरु, अपाङ्ग परिचयपत्र, शिक्षक अध्यापन अनुमति पत्र, बृद्ध भत्ता जस्ता जनतासँग प्रत्यक्ष रुपमा सरोकार रहने सेवाहरुको प्रवाह गर्नु गराउनु पर्ने कार्यक्रम रहेकोले त्यसरी एकिकृत घुम्ति सेवा मार्फत नागरिकता प्रमाणपत्र वितरण गर्दा देहाय बमोजिमको गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

**१. जिल्लास्तरमा एकीकृत घुम्ति सेवा कार्यक्रमको संचालन व्यवस्थाः-**

जिल्लास्तरमा एकीकृत घुम्ति सेवा मार्फत नागरिकता वितरण कार्यक्रमको संचालन, समन्वय, अनुगमन तथा मूल्यांकन गरी व्यवस्थापन गर्ने काम, कर्तव्य र अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । प्रमुख जिल्ला अधिकारीले निम्न अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछः-

**(क) सर्वदलीय/सर्वपक्षीय बैठक राख्नेः-**

- कार्यक्रम सञ्चालनपूर्व सर्वदलीय/सर्वपक्षीय बैठक राखी घुम्ति सेवा सञ्चालन गर्ने स्थानहरु र मिति तय गर्ने । यस्तो बैठकमा राजनीतिक दलहरु, कार्यालय प्रमुखहरु, नागरिक समाज, महिला, अपाङ्ग, दलित, आदिवासी जनजाति, अल्पसंख्यक समुदायका जिल्लामा उपलब्ध भएकासम्मका संघ संस्थाहरुलाई सहभागी गराउने ।

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति : ..................

- एकीकृत घुम्ति सेवाको स्थान छनौट गर्दा सदरमुकामबाट टाढा, नागरिकता वितरण कम भएका सरकारी सेवा सुविधा पाउनबाट वन्चित स्थानहरुलाई प्राथमिकता दिने ।
- एकीकृत घुम्ति सेवाको टोलीको संख्या निर्धारण गर्दा विनियोजित बजेट, जनगणनाको आधारलाई (जनगणनाको तथ्यांक र मतदाता नामावली तुलना गरी) समेत ख्याल गरी निर्धारण गर्ने ।

**(ख) कार्यक्रमको प्रचार प्रसारः-**

- विनियोजित बजेटको अधीनमा रही कार्यक्रमको प्रचार प्रसार स्थानीय पत्रपत्रिका, स्थानीय एफ.एम. रेडियो, कार्यालयगत निर्देशन र सूचना जस्ता विविध माध्यमबाट गर्न लगाउने । कार्यक्रम संचालन हुने मिति, स्थान, प्राप्त हुने सेवाहरु र समयावधि, कार्यक्रमको महत्व प्रचार प्रसार गर्ने गराउने ।
- कार्यक्रमको सूचना, प्रहरी, गा.वि.स. सचिव, राजनीतिक दलहरु मार्फत समेत व्यापक प्रचार प्रसार गर्ने ।
- प्रमुख जिल्ला अधिकारीले पत्रकार सम्मेलन समेत गरी कार्यक्रम बारे जानकारी गर्न प्रचार प्रसार गर्ने ।

**(ग) कार्यालय प्रमुखहरु/मतदाता नामावली संकलन कार्यक्रम व्यवस्थापन जिल्ला समितिको वैठकः-**

- एकीकृत घुम्ति सेवा संचालन गर्नका लागि कार्यालय प्रमुखहरुको वैठक र मतदाता नामावली संकलन कार्यक्रम व्यवस्थापन जिल्ला समितिको वैठक राख्न लगाई बढी से बढी जनताले एकीकृत रुपमा सेवा पाउने गरी एकीकृत घुम्ति सेवा सञ्चालन गर्न कार्यालयहरुलाई समन्वय र परिचालन गर्ने ।
- कार्यक्रम अवधिभर कार्यालय प्रमुखहरुलाई जिल्ला छोड्न नदिने ।
- जि.वि.स. मार्फत सबै गा.वि.स. सचिवहरुलाई कार्यक्रमको बारेमा सूचना प्रवाह गर्न लगाउने ।

**(घ) एकीकृत घुम्ति सेवा संख्या, अवधि र कर्मचारी खटाउने व्यवस्थाः**

- हिमाली १६ जिल्लाहरुमा प्रत्येक जिल्लमा कम्तिमा ३ वटा र पहाडी ३८ जिल्लाहरु प्रत्येक जिल्लामा कम्तिमा ४ वटा र तराईका २० जिल्लाहरु प्रत्येक जिल्लाहरुमा र काठमाडौमा कम्तिमा ५ वटा घुम्ति सेवा सञ्चालन गर्ने (जिल्ला वर्गीकरण यसै साथ संलग्न छ) ।
- एउटा एकीकृत घुम्ति सेवाको अवधि ५ दिनसम्मको हुनेछ ।
- एकीकृत घुम्ति सेवा टोलीमा सामान्यतया निम्न अनुसारको कर्मचारी खटाउने व्यवस्था मिलाउनेः-

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या :- मिति :-

च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति :

विषय :-

प्र.जि.अ. – १

स.प्र.जि.अ./प्रशासकिय अधिकृत/शाखा अधिकृत – १

ना.सु./खरिदार - ३

कार्यालय सहयोगी - १

सुरक्षाकर्मी- आवश्यकता अनुसार

आवश्यकता अनुसार प्र.जि.अ.ले यसमा थपघट गरी १५ जना सम्म खटाउन सक्नेछ । एकीकृत घुम्ति सेवामा खटिने कर्मचारीहरुलाई नियमानुसार दैनिक भ्रमण भत्ता दिइनेछ । टोलीलाई महिला कर्मचारी उपलब्ध भएसम्म लैंगिक दृष्टिले समावेशी बनाउनु पर्नेछ ।

- आफ्नो जिल्लाबाट कर्मचारी व्यवस्था हुन नसकेमा प्र.जि.अ.ले सम्बन्धित क्षेत्रीय प्रशासकलाई अनुरोध गर्ने र क्षेत्रीय प्रशासकले त्यस्ता जिल्लामा अन्य जिल्लाबाट कर्मचारीको व्यवस्था मिलाउनु पर्नेछ ।

**(ङ) भौतिक सामग्रीहरुः-**

नागरिकता कार्ड र होलोग्राम गृह मन्त्रालयबाट उपलब्ध हुनेछ । रजिष्टर र अन्य सामाग्रीहरुको व्यवस्था विनियोजित बजेटको अधीनमा रही जिल्ला प्रशासन कार्यालयले गर्नु पर्नेछ ।

**(च) बजेट व्यवस्था**

- एकीकृत घुम्ति सेवा सञ्चालनका लागि आवश्यक पर्ने रकम र खर्च गर्ने निर्देशन गृह मन्त्रालय आर्थिक प्रशासन शाखाले उपलब्ध गराउनेछ ।
- खर्च गर्ने अख्तियार प्राप्त अधिकारीले प्रचलित आर्थिक ऐन र प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमहरुको पालना गर्नु पर्नेछ ।
- खर्च गर्ने अख्तियार प्राप्त अधिकारीले लेखाको सम्बद्ध कर्मचारीहरु मार्फत श्रेस्ता राख्न लगाउने र लेखा परीक्षण समेत गराउँनु पर्नेछ ।
- खर्च व्यवस्थाका अन्य कुराहरु खर्च गर्ने अख्तियारीमा उल्लेख भए बमोजिम हुनेछ ।

**(छ) प्रगति विवरण**

- एकीकृत घुम्ति सेवा मार्फत नागरिकता प्रमाणपत्र वितरणको प्रगति विवरण कार्यक्रमको बीच बीचमा र कार्यक्रम समाप्ति पछि अन्तिममा क्षेत्रीय प्रशासन कार्यालय र गृह मन्त्रालयमा पठाउनु पर्नेछ (नमूना यसै साथ संलग्न छ)। त्यस्तो प्रतिवेदनमा महिला, पुरुष, अपाङ्ग, ६० वर्ष नाघेका जेष्ठ नागरिकहरुले नागरिकता प्रमाणपत्र लिएको संख्या, प्रतिशत समेत खुल्ने गरी पठाउनु पर्नेछ ।

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०
प्राप्त पत्र संख्या र मिति
चलानं :-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति :

विषय :-

- कार्यक्रम सम्झौतामा कूल वितरण हुने नागरिकता प्रमाणपत्र मध्ये ५०% महिला, ५% अपाङ्ग , १०% जेष्ठ नागरिकले पाउने लक्ष्य लिइएको हुँदा सो लक्ष्य पूरा हुने गरी कार्यक्रम संचालन गर्ने प्रमुख जिल्ला अधिकारी र एकीकृत घुम्ति सेवा टोलीले ध्यान दिनु पर्नेछ ।
- क्षेत्रीय प्रशासन कार्यालयहरुले आफ्नो क्षेत्रभित्रका त्यस्ता प्रगति विवरण एकीकृत गरी क्षेत्रीय प्रतिवेदन गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।
- एउटा एकीकृत घुम्ति सेवा टोलीले दैनिक कम्तिमा पनि १०० नागरिकता प्रमाणपत्र वितरण गर्ने, निःशुल्क स्वास्थ्य सेवा, कृषि सामाग्री वितरण, मालपोत सम्बन्धी सेवा, अपाङ्ग परिचयपत्र वितरण, गा.वि.स.बाट बृद्ध भत्ता लगायतका सेवाहरु उपलब्ध गराउने लक्ष्य लिइएको छ ।

**(ज) कार्यक्रमको अवधिः-**

कार्यक्रमको अवधि २०७० वैशाखको पहिलो हप्ता देखि जेठको पहिलो हप्तासम्म एक महिनाको हुनेछ ।

**(झ) शान्ति सुरक्षा व्यवस्थाः-**

एकीकृत घुम्ति सेवा कार्यक्रम र यसमा खटिने कर्मचारीहरुको सुरक्षा व्यवस्थालाई प्राथमिकता दिई पर्याप्त सुरक्षाकर्मीको परिचालन गर्नु पर्नेछ । शान्ति सुरक्षाको कारणले कार्यक्रमको प्रभावकारीता घट्न नदिन जिल्ला सुरक्षा समिति जिम्मेवारी पूर्ण तरिकाले क्रियाशील हुनेछ ।

**(ञ) निःशुल्क सेवा प्रवाहः-**

एकीकृत घुम्ति सेवामा सेवा ग्राहीहरुले निःशुल्क रुपमा सेवा पाउनेछन् । प्रमुख जिल्ला अधिकारीले सबै कार्यालयहरुसँग समन्वय गरी निःशुल्क सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**६. एकीकृत घुम्ति सेवा टोलीको काम, कर्तव्य र अधिकार**

- प्रचलित कानून बमोजिम नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यक्तिहरुलाई नेपालको नागरिकता प्रमाणपत्र सरल र सहज रुपमा उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीले आफूलाई प्रचलित कानून बमोजिम प्राप्त अधिकार आवश्यकतानुसार टोलीमा खटिने स.प्र.जि.अ./ प्रशासकिय अधिकृत/ शाखा अधिकृतलाई प्रत्यायोजन गर्नेछ ।
- एकीकृत घुम्ति टोलीले नेपाल नागरिकता ऐन, २०६३ , नेपाल नागरिकता नियमावली, २०६३, नागरिकता वितरण टोलीको कार्य संचालन निर्देशिका, २०७० (पछि प्राप्त हुने) र गृह मन्त्रालयबाट समय समयमा प्राप्त परिपत्र तथा निर्देशन अनुरुप एवं प्रचलित कानून बमोजिम नागरिकता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति : ..........................

विषय :-

- एकीकृत घुम्ति सेवा टोलीले घुम्ति सेवा सञ्चालन हुने स्थानमा पुगेपछि उक्त स्थानका स्थानीय राजनीतिक दल, नागरिक समाज, महिला, दलित र अल्पसंख्यकका सम्बद्ध संस्थाहरु, शिक्षक लगायत सबै पक्ष राखी उपलब्ध हुन सक्ने सुविधा, अवधि लगायतका कुराहरुको जानकारी र सेवा सुविधाको व्यवस्थापन लगायतका कामहरु सेवा शुरु हुनु अघि अग्रिम रुपमा प्रचार प्रसार गर्नु पर्नेछ ।
- एकीकृत घुम्ति सेवा टोलीले प्रतिवेदन तयार गरी जिल्ला प्रशासन कार्यालयमा पेश गर्नेछ । प्रतिवेदनको नमूना यसै साथ संलग्न छ ।
- जिल्ला प्रशासन कार्यालयले प्राप्त नागरिकता कार्ड, होलोग्राम लगायतका सामाग्रीहरुको व्यवस्थित अभिलेख राख्न लगाउनु पर्नेछ । प्रयोग गरी बाँकी रहेका, बिग्रेका समेत नागरिकता कार्ड, होलोग्राम र रजिष्टर लगायत बुझेका भौतिक सामाग्री बुझाउनु पर्नेछ ।

७. मतदाता नामावलीमा गैर नेपाली नागरिकहरु समावेश हुने तथा गैर नेपालीले नेपालको नागरिकता प्राप्त गर्ने संभावनालाई प्रमुख जिल्ला अधिकारीले विशेष ध्यान दिई नियन्त्रण गर्ने ।

२०७०/०९/०३.
(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

**बोधार्थ/कार्यार्थ**
श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै:- आफू मातहतका कार्यालयहरुलाई निर्देशन दिनु हुन ।

एकीकृत घुम्ति सेवा संचालन गर्ने सम्बन्धमा जिल्लाहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

| हिमाली जिल्लाहरु | | पहाडी जिल्लाहरु | | | | | | काठमाडौं तथा तराई जिल्लाहरु | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | १ | पाँचथर | १७ | पाल्पा | ३३ | स्याङ्गजा | १ | झापा | १७ | काठमाडौं |
| २ | संखुवासभा | २ | इलाम | १८ | गुल्मी | ३४ | डडेल्धुरा | २ | मोरङ्ग | १८ | बारा |
| ३. | सोलुखुम्बू | ३. | तेह्रथुम | १९ | अर्घाखाँची | ३५ | रामेछाप | ३. | सुनसरी | १९ | पर्सा |
| ४. | दोलखा | ४. | भोजपुर | २० | पर्वत | ३६ | सिन्धुली | ४. | सप्तरी | २० | चितवन |
| ५ | रसुवा | ५ | धनकुटा | २१ | म्याग्दी | ३७ | काभ्रे | ५ | सिरहा | २१ | बर्दिया |
| ६ | सिन्धुपाल्चोक | ६ | उदयपुर | २२ | बाग्लुङ्ग | ३८ | अछाम | ६ | सर्लाही | | |
| ७ | गोरखा | ७ | खोटाङ्ग | २३ | रुकुम | | | ७ | महोत्तरी | | |
| ८ | मनाङ्ग | ८ | ओखलढुङ्गा | २४ | सल्यान | | | ८ | धनुषा | | |
| ९ | मुस्ताङ्ग | ९ | धादिङ्ग | २५ | प्यूठान | | | ९ | रुपन्देही | | |
| १० | जुम्ला | १० | ललितपुर | २६ | रोल्पा | | | १० | कपिलवस्तु | | |
| ११ | कालिकोट | ११ | नुवाकोट | २७ | सुर्खेत | | | ११ | नवलपरासी | | |
| १२ | मुगु | १२ | भक्तपुर | २८ | दैलेख | | | १२ | दाङ्ग | | |
| १३ | हुम्ला | १३ | मकवानपुर | २९ | जाजरकोट | | | १३ | बाके | | |
| [illegible] | डोल्पा | १४ | कास्की | ३० | बाजुरा | | | १४ | रौतहट | | |
| १५ | बझाङ्ग | १५ | तनहुँ | ३१ | डोटी | | | १५ | कैलाली | | |
| १६ | दार्चुला | १६ | लमजुङ्ग | ३२ | बैतडी | | | १६ | कन्चनपुर | | |

मितिः

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू ,
जिल्ला प्रशासन कार्यालय,
..............................

विषयः प्रतिवेदन पेश गरेको सम्बन्धमा !

........ गा.वि.स. मा मिति ............ देखि .................. सम्म संचालन भएको एकिकृत घुम्ति सेवाबाट तपसिल बमोजिमको सेवा सुविधा उपलब्ध गराएको व्यहोरा अनुरोध गर्दछु ।

| सि.नं. | कार्यालय | उपलब्ध सेवा | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | | | |
| २ | जिल्ला निर्वाचन कार्यालय | | | |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय | | | |
| ४ | जिल्ला पशु सेवा कार्यालय | | | |
| ५ | जिल्ला मालपोत कार्यालय | | | |
| ६ | जिल्ला वन कार्यालय | | | |
| ७ . | जिल्ला कृषि विकास कार्यालय | | | |
| ८ | जिल्ला विकास समिति | | | |
| ९ | जिल्ला शिक्षा कार्यालय | | | |
| १० | जिल्ला खानेपानी कार्यालय | | | |
| ११ | महिला तथा वालवालिका कार्यालय | | | |
| १२ | गा.वि.स. को कार्यालय | | | |
| १३ | अन्य | | | |

## नागरिकता टोलीबाट वितरण गरिएको नेपाली नागरिकताको विवरण

| ना.प्र.प.को किसिम | | मिति..........देखि .......... सम्म | जम्मा | अपाङ्ग | ६० वर्ष नाघेका | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| वंशज | महिला | | | | | | |
| | पुरुष | | | | | | |
| जन्मका सन्तान | महिला | | | | | | |
| | पुरुष | | | | | | |
| वैवाहिक अंगिकृत | | | | | | | |
| जम्मा | | | | | | | |

नेपाल सरकार

# गृह मन्त्रालय

(..........नागरिकता तथा हातहतियार........ शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :- ना.तथा ह्र.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ४२८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०१/०३

विषय :-

**राउटे जातिलाई नागरिकता दिने सम्बन्धमा ।**

**श्री क्षेत्रीय प्रशासन कार्यालय,**
**मध्यपश्चिमाञ्चल विकास क्षेत्र, सुर्खेत ।**

त्यस क्षेत्र अन्तर्गत दैलेख, सुर्खेत, दाङ्ग, सल्यान र जाजरकोट जिल्लाका जंगलमा घुमन्ते जीवन विताउँदै आएका लोपोन्मुख अवस्थामा रहेका अल्पसंख्यक राउटेहरुलाई हाल वसोवास रहेको जिल्लाबाट नेपाल नागरिकता ऐन २०६३ को दफा ८ को उपदफा ४ र ५ एवं नेपाल नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम (२) समेतको आधारमा उक्त जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु संग समन्वय गरी उक्त जातिलाई सरल र सहज रुपमा नागरिकता प्रमाणपत्र वितरण गर्ने व्यवस्था मिलाउन तहाँ कार्यालयलाई निर्देशन दिन भनी मिति २०६९।१२।३० मा निर्णय भएकोले निर्णयानुसार हुन अनुरोध गर्दछु ।

०७०।१।५

(राजेशप्रसाद पोखरेल)
शाखा अधिकृत

**<u>वोधार्थ</u>**

श्री जिल्ला प्रशासन कार्यालय,
दैलेख, सुर्खेत, दाङ्ग, सल्यान र जाजरकोट :- सरल र सहजरुपमा नागरिकता वितरण गर्न हुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

(......नागरिकता तथा राहदानी तहतियार...... शाखा)

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्या :- ना.तथा रा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ४६८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०२/०१

**विषय :-** निर्णय कार्यान्वयन संबन्धमा

श्री क्षेत्रीय प्रशासन कार्यालय,
पाँचै विकास क्षेत्र ।

जन्मको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी नेपाली महिला नागरिकबाट जन्मेका सन्तानले कस्तो नागरिकता प्राप्त गर्ने भन्ने संबन्धमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट निर्देशन माग भई आएको सन्दर्भमा कारवाही हुंदा नेपालको अन्तरिम संविधान,२०६३ को धारा ८ को उप-धारा (७), नेपाल नागरिकता ऐन,२०६३ को दफा ५ को उपदफा (२) तथा नेपाल नागरिकता ऐन, पहिलो संशोधन अध्यादेश,२०६९ समेत लाई अध्ययन गर्दा निम्नानुसार गर्ने भनी नेपाल सरकार (सचिबस्तर) बाट मिति २०७०।०१।३० मा निर्णय भएकाले सो बमोजिम गर्न मातहतका सबै कार्यालयहरुलाई शिघ्र निर्देशन दिनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

**निम्न**

- जन्मको आधारमा नेपालको ना.प्र.पत्र प्राप्त गरेका ब्यक्तिको बाबु नेपाली नागरिक रहेको प्रमाण पेश भई प्रमाणित भएमा बंशजको आधारमा त्यस्ता ब्यक्तिका सन्तानलाई ना.प्र.पत्र उपलब्ध गराउन सकिने,
- जन्मको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी आमा जस्को पति विदेशी भएको अवस्थामा यस्ता ब्यक्तिका सन्तानलाई कानूनको प्रकृया पु-याई अंगिकृत ना.प्र.प. तर्फ कारवाही अघि बढाउने, बंशजको आधारमा ना.प्र.प. दिन नमिल्ने,
- जन्मको आधारमा ना.प्र.प. लिएका ब्यक्तिका दाजु भाइ तथा दिदी बहिनीहरुलाई बंशजको आधारमा ना.प्र.प. दिन नमिल्ने।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(............नागरिकता तथा हातहतियार............ शाखा)

पत्र संख्या ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ५९६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०२/१४

विषय :- नागरिकता सिफारिस संबन्धमा

श्री क्षेत्रीय प्रशासन कार्यालय,
पाँचै विकास क्षेत्र ।

गा.वि.स.सचिव हकहित संरक्षण केन्द्र नेपालले श्रीमान सचिवज्यू, गृह मन्त्रालयलाई संबोधन गरी नागरिकताको अनुसूचीमा सिफारिश गरेको कारणबाट थुप्रै गा.वि.स.सचिवहरुले मुद्दा,जरिवाना र जेलसजाय समेत ब्यहोर्नु परेको, निजामती कर्मचारीलाई कुनै मुद्दा चलाउँदा निजामती सेवा ऐन,२०४९ को दफा ५७ को उपदफा (१) र (२) बमोजिम अख्तियारवालाको अनुमति प्राप्त भएको हुनु पर्ने र उपदफा (४) बमोजिम नेपाल सरकारबाटै प्रतिरक्षा गर्ने ब्यबस्था भएको तथा अन्य कुनै कानुन बमोजिम कारवाही हुने भएमा दफा ६१क को उपदफा (१) बमोजिम संबन्धित अख्तियारवालाबाटै विभागीय सजाय हुने ब्यबस्था हुँदा हुँदै गा.वि.स.सचिवहरुलाई नागरिकता संबन्धी मुद्दा चलाएको हुँदा नागरिकता वितरण टोलिमा उपस्थित हुन र नागरिकताको प्रमाणपत्रमा उल्लेख भए बमोजिम नचिनेको ब्यक्तिलाई चिन्दछु भनी नागरिकताको प्रमाणपत्रमा सिफारिश गर्न नसक्ने भन्ने ब्यहोरा उल्लेख गरी यस मन्त्रालयमा पेश गरेको ज्ञापनपत्र कारवाहीको लागि पेश हुँदा आरोपित कसुरमा गा.वि.स.सचिवको संलग्नता रहे नरहेको विस्तृत अनुसन्धान गरेर मात्र निजामती कर्मचारीहरुलाई निजामती सेवा ऐनको प्रावधान अनुसार कानुनी कारवाही हुने प्रक्रिया अघि बढाउन मातहतका कार्यालयहरुलाई शिघ्र निर्देशन हुन निर्देशानुसार अनुरोध गर्दछु।

२०७०/०२/१४

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ:
श्री प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाण्डौं।

नेपाल सरकार

# गृह मन्त्रालय

(...............नागरिकता तथा हातहतियार........ शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :-ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ४६९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०३/०१

विषय :- २ वटा थर सम्बन्धमा ।

श्री परराष्ट्र मन्त्रालय,
राहदानी विभाग,नारायणहिटी।

तहाँको च नं ३९३ मिति २०७०।०२।०६ को पत्र प्राप्त भयो। तत्संबन्धमा हाम्रो मुलुकको सन्दर्भमा नागरिकताको प्रमाणपत्र मुख्य कागजात (prime document) हो र यसैको आधारमा राहादानी लगायतका अन्य कागजातहरु बन्ने र बनाउने गरिन्छ। तसर्थ नागरिकताको प्रमाणपत्रमा उल्लेखित विवरणमा फरक पर्ने गरी राहादानी जारी गर्न मिल्ने नदेखिंदा नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख गरेको विवरण अनुसार र नाबालकको हकमा नाबालक परिचयपत्रमा उल्लेखित बिवरण अनुसार राहादानी जारी गर्नु पर्ने भन्ने यस मन्त्रालयको राय रहेको व्यहोरा मिति २०७०।०२।३१ को निर्णयानुसार अनुरोध गर्दछु।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

पत्र संख्या :- ना.तथा हा.ह २०६९/०७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ५८८

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति : २०७०।०३।०२

विषय :- **निर्देशन सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**

**दाङ ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं.०६९/७० च.नं. ९५३३ मिति २०७०।०३।०२ को फ्याक्स कपि प्राप्त भयो । विदेशमा जन्मेका नेपाली नागरिकका सन्तानले विदेशमा जन्मिएको आधारभूत प्रमाण पेश गरी जन्मस्थानको महलमा विदेशको ठेगाना राख्न कानून बमोजिम निवेदन दिएमा राखी नागरिकताको प्रमाणपत्र दिने भनी यस मन्त्रालयबाट मिति २०५०।०८।२२ मा परिपत्र भएको हुँदा उक्त परिपत्रको छाँयाप्रति यसैसाथ संलग्न छ अतः विदेशमा जन्मेको आधारभूत प्रमाणको सत्यापन गरी जन्मस्थान विदेशको राख्न मिल्ने व्यहोरा आदेशानुसार अनुरोध गर्दछु ।

(रामप्रसाद ज्ञवाली)
शाखा अधिकृत

प्रो. शाखा,
यो कार्यालय पठाउने .....
... गरेको छ ।

332

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता, राष्ट्रिय परिचयपत्र तथा हातहतियार व्यवस्थापन शाखा)

पत्र संख्या : ना.रा.प.तथा हा.ह.व्य/०६९।७०

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ९६०-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०।०४।०३

**विषय :-** आदेश कार्यान्वयन सम्बन्धमा ।

श्री कानून,न्याय,सविधानसभा तथा संसदीय मामिला मन्त्रालय,
काठमाण्डौं।

तहाँको प.सं २०६९।७०(तर्जुमा) च.नं. २५५ मिति २०७०।०३।२६ को पत्र प्राप्त भयो। तत्सम्बन्धमा सरल र सहज किसिमबाट नेपाली नागरिकहरुले आ-आफ्नै घरदैलोमा सरकारी सेवा प्राप्त गरुन् भनेर एकिकृत घुम्ति सेवा तथा नागरिकता वितरण अभियान नेपालभर सञ्चालन भएको व्यहोरा तहाँ अवगत नै छ। सो अभियानबाट एकल महिला, जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्ति लगायत विभिन्न सिमान्तकृत जनताहरू लाभान्वित भएका छन्।

नेपाल नागरिकता ऐन,२०६३, नेपाल नागरिकता नियमावली,२०६३ तथा सम्मानित सर्वोच्च अदालतबाट समय समयमा भएका आदेशहरूको कार्यान्वयनका लागि यस मन्त्रालयबाट मातहतका कार्यालयहरूलाई विभिन्न निर्देशनहरू जारी भएकै छन्। विवाहित महिलाले आफ्नो वावुको नामबाट नागरिकता लिन सक्ने, वावु वा आमाको ठेगानामध्ये कुनै एक ठाउँवाट नागरिकता लिन सक्ने, नियमानुसार आमाको नामबाट नागरिकता जारी गर्न सकिने, मातृत्व पितृत्व ठेगान नलागेका सन्तानलाई नागरिकता जारी गर्ने, दलित जातिका नागरिकलाई अन्य नागरिकसरह थर राखी नागरिकता जारी गर्ने, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई लिङ्गको महलमा अन्य जनाई नागरिकता जारी गर्ने लगायतका विषयमा सम्मानित सर्वोच्च अदालतका आदेशहरू कार्यान्वयन भइरहेको व्यहोरा समेत अनुरोध छ। यसै सन्दर्भमा कुनै पनि एकल महिलाले आफ्नो इच्छाअनुसार नेपाली नागरिकताको प्रमाणपत्र नपाएको भन्ने सम्बन्धमा कहीं कतैवाट गुनासो प्राप्त भएको नदेखिएको तथा हालै संपन्न भएको एकिकृत घुम्ति सेवा तथा नागरिकता वितरण अभियानबाट योग्य नेपाली नागरिकलाई सरल र सहज किसिमबाट नेपाली नागरिकता प्रदान गरी फोटो सहितको मतदाता नामावली सङ्कलन गर्ने कार्य भएको हुनाले सम्मानित सर्वोच्च अदालतको आदेशको कार्यान्वयन भैरहेको व्यहोरा आदेशानुसार अनुरोध गरेको छु।

२०७०।०४।०३

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

बोधार्थ
श्री सर्वोच्च अदालत,
फैसला कार्यान्वयन निर्देशनालय,कोपुण्डोल ।

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता, राष्ट्रिय [illegible] तथा हातहतियार व्यवस्थापन

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :- ना.रा.प.तथा हा.ह.व्य.०७०/७१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ८५

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : ...२०७०/०४/१०

विषय :- **परिपत्र ।**

श्री जिल्ला प्रशासन कार्यालय,
**सबै ।**

नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ (१) मा कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेखित थर वा उमेर, शैक्षिक योग्यताको प्रमाणपत्र फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटी भई सो सच्याउन चाहेमा आवश्यक प्रमाण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्ने छ भन्ने उल्लेख भएकोमा नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद -८, विवरण सच्याउने सम्बन्धी व्यवस्थाको ३७ (१) मा "नाम, थर, उमेर" वतन उल्लेख भई त्रुटि भएको देखिएकोले कार्यविधि निर्देशिकाको परिच्छेद -८ ३७ (१) मा रहेको "नाम" शब्द हटाई कार्यान्वयन गर्नु गराउनु हुन मिति २०७०।०४।०८ को निर्णयअनुसार अनुरोध गर्दछु ।

(लक्ष्मणबहादुर खड्का)
शाखा अधिकृत

**बोधार्थ**
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता, राहदानी, परिचयपत्र तथा हातहतियार व्यवस्थापन

ना.रा.प.तथा हा.ह २०७०/०७१
पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ५१

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०४/१७

विषय :- **नागरिकता सम्बन्धमा ।**

**श्री परराष्ट्र मन्त्रालय,**
**दक्षिण पूर्व एशिया तथा प्रशान्त महाशाखा, सिंहदरवार ।**

तहाँको प.सं. SEAP/30/AUS/012 मिति २०७०/४/११ को पत्रसाथ प्राप्त अष्ट्रेलियन दूतावासको १९ जुलाई २०१३ को पत्रका सन्दर्भमा पेश हुँदा विदेशमा छोराछोरी जन्मेका व्यक्तिका आमाबाबु दुवै नेपाली नागरिक तथा बाबु नेपाली र आमा विदेशी भएको अवस्थामा नेपाल नागरिकता ऐन २०६३ को दफा १० को उपदफा (४) मा कुनै व्यक्तिलाई एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्नेछ । त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने व्यवस्था अनुरुप हुने । आमा नेपाली नागरिक र बाबु विदेशी भएको तथा आमा नेपाली नागरिक भएको र बाबुको राष्ट्रियता नखुलेका अवस्थाका वालकहरुलाई निजको जन्म नेपालमा नभई विदेशमा भएकाले नेपाल नागरिकता ऐन २०६३ को दफा ५ बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न नसकिने व्यहोराको जानकारी सम्बन्धित निकायलाई उपलब्ध गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

४।१७

(राजेशप्रसाद घिमिरे)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता,राष्ट्रिय परिचयपत्र तथा हातहतियार व्यवस्थापन

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या : ना.रा.प.तथा हा.ह २०७०/०७१
चलानी नं. : ६७
मिति : २०७०/०४/२३

विषय : **जन्मस्थान संशोधन गर्ने सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय ,**
गोरखा ।

जन्मस्थान स्वदेशमा देखाई नागरिकता प्राप्त गरेका तर पछि विदेशमा जन्म भएको प्रमाण राखी जन्मस्थान परिवर्तन गरी विदेशमा जन्म भएको राखी प्रतिलिपि माग गर्न आएमा के गर्ने भनि निर्देशन माग भएको तहाँ कार्यालयको च.नं. ११८१ मिति २०६८।६।२५ पत्र प्राप्त भै पेश हुँदा नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली २०६३ मा स्पष्ट व्यवस्था नभएतापनि जन्मस्थान विदेशमा भएको प्रमाण राखी निवेदन दिन आएमा जन्मस्थान परिवर्तन गरी नागरिकताको प्रमाणपत्रको प्रतिलिपि दिन बाधा नपर्ने भनि नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।४।२० मा निर्णय भएकाले सोही अनुसार गर्न हुन निर्णयानुसार अनुरोध छ ।

२०७०/४/२३

(राजेशप्रसाद पोखरेल)
शाखा अधिकृत

पत्र संख्या :- ना.राप.तथा हा.ह.व्य.०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ८८६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०।०४।२४

विषय :- निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
चितवन ।

तहाँ कार्यालयको प.सं.०७०/७१ च.नं. १/३८३ मिति २०७०।०४।२३ को फ्याक्स कपि प्राप्त भयो । तत् सम्बन्धमा निज (Durand Lama) डुराण्ड लामाले नेपाली नागरिकसँग विवाह गरी ३ वटा सन्तान जन्माइसकेको र स्थानीय निकायमा विवाहदर्ता समेत भैसकेको देखिएको हुँदा परराष्ट्र मन्त्रालय मार्फत फ्रेन्च राजदूतावासलाई समेत जानकारी दिने गरी निजलाई नेपालको वैवाहिक अङ्गिकृत नागरिकता जारी गर्न सकिने व्यहोराको निर्देशन तहाँ कार्यालयलाई दिने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७०।०४।२४ मा निर्णय भएको व्यहोरा निर्णयअनुसार अनुरोध गर्दछु ।

२०७०।४।२४

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता,राष्ट्रिय परिचयपत्र तथा हातहतियार व्यवस्थापन

पत्र संख्या ना.प.तथा हा.ह २०७०/०७१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- ८४

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति : २०७०/०४/२९

विषय :- **नागरिकता जारी गर्ने सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय ,**
**कालिकोट।**

तहाँको च.नं. १४१ मिति २०७०।४।११ को पत्र प्राप्त भै पेश हुँदा बाबुको नागरिकता प्रमाणपत्रमा उपाध्याय, जैसी, क्षेत्री, खत्री जस्ता जात जनाउने शब्द भै थर उल्लेख नभएको हकमा छोराछोरीको शैक्षिक प्रमाणपत्रमा बाबुको जात थरसँग फरक नपर्ने गरी थर वा जात मात्र उल्लेख भएकोमा नागरिकता लिने व्यक्तिको इच्छानुसार शैक्षिक प्रमाणपत्र अनुसार निजको नागरिकतामा जात वा थर मात्र र बाबुको नामको महलमा बाबुको नागरिकतामा उल्लेखित थर जात नै लेखी नागरिकता जारी गर्न वाधा नपर्ने तर एकै बाबुका छोराछोरीले फरक फरक जात थर राखी नागरिकता लिन भने नमिल्ने भनि नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।४।२८ मा निर्णय भएकाले सोही अनुसार गर्न हुन निर्णयानुसार अनुरोध छ ।

२०७०/४/२९

(राजेशप्रसाद पोखरेल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(........नागरिकता,राहदानी परिचयपत्र तथा हातहतियार व्यवस्थापन

पत्र संख्या :- ना.रा.प.तथा हा.ह २०७०/०७१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- १५६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति :२०७०/५/३१

विषय :- निर्देशन सम्बन्धमा ।

**श्री जिल्ला प्रशासन कार्यालय,**
**कपिलवस्तु ।**

तहाँ कार्यालयको च.नं. ३२३ मिति २०७०/४/२४ को पत्र प्राप्त भयो । सो सम्बन्धमा बाबुआमाको मृत्य भै सकेको र एकाघरका व्यक्ति सनाखत गर्ने कोही नभएको अवस्थाका अंगिकृत नागरिकता लिनु अघि जन्मिएका सन्तानलाई अंगिकृत नागरिकताको प्रमाणपत्र उपलब्ध गराउँदा देहाय वमोजिमको प्रक्रिया पुऱ्याई अंगिकृत नागरिकता जारी गर्न हुन निर्णयानुसार अनुरोध छ ।

१. नागरिकता वितरण कार्यविधि निर्देशिका २०६३ को परिच्छेद -४ को दफा २८ मा व्यवस्था भए वमोजिमको कार्यविधि पुरा गर्न लगाउने ।

२. अंगिकृत नेपाली नागरिकता प्रमाणपत्र पाएको बाबुआमाको मृत्यु भै सकेको भए बाबुआमाको नागरिकताको प्रमाणपत्र, बाबुआमाको मृत्यु दर्ता प्रमाणपत्र पेश गर्न लगाउने ।

३. बाबुले अंगिकृत नागरिकताको प्रमाणपत्र पाएको तर बाबुआमा दुवैको मृत्यु भै सकेको भए प्रमुख जिल्ला अधिकारीले सो सम्बन्धमा प्रहरी तथा गाउँ विकास समितिबाट सर्जमिन वुझ्ने, (गोप्यरुपमा स्थानीयस्तरमा वुझी थप छानविन गरी नागरिकता प्रमाणपत्र दिन सक्ने ।

४. आवेदक वसोवास गर्ने स्थानका व्यक्तिहरु मध्ये सर्जमिनमा बसेका व्यक्ति वाहेकका ३ जना नेपाली नागरिकता प्राप्त व्यक्तिबाट सनाखत गराई नागरिकता प्रमाणपत्र दिन सक्ने ।

२०७०/५/३१

(राजेशप्रसाद पोखरेल)
शाखा अधिकृत

गृह मन्त्रालय
नागरिकता, राष्ट्रिय परिचय पत्र तथा हातहतियार व्यवस्थापन
(.................................... शाखा)

पत्र संख्या ना.राप.तथा हा.ह.व्य.०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 968

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७०।०६।०६

विषय :- **नागरिकता सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**
**दाङ्ग।**

दाङ्ग जिल्ला सौडियार गा.वि.स.-८ ठेगाना उल्लेख भएका ज्ञानु शर्माले जिल्ला प्रशासन कार्यालय, दाङ्गले विना टोपी नागरिकता दिन अस्वीकार गरेको हुँदा विना टोपीको फोटो मार्फत नागरिकता पाउन यस मन्त्रालयमा निवेदन पेश गरेका ।

नागरिकता सम्बन्धी मौजुदा कानूनमा निश्चित पोशाकको आधारमा मात्र नागरिकता दिन मिल्ने भन्ने व्यहोरा कहीं कतै उल्लेख भएको नदेखिएकोले सोही बमोजिम छिटो छरितो रुपमा सेवा प्रवाह हुन आदेशअनुसार अनुरोध गर्दछु ।

२०७०/०६/०६

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

O/C

# गृह मन्त्रालय

( नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा )

पत्र संख्या :- ना तथा राप.व्य/०७०।७१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- २२८

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति २०७०।०७।१०

विषय : नागरिकतासम्बन्धी निर्देशन

**श्री क्षेत्रीय प्रशासन कार्यालय,**

**पाँचै विकास क्षेत्र ।**

एउटा जिल्ला प्रशासन कार्यालयमा दर्ता (जारी भएको) भएको ना.प्र.प.को परित्याग लगायतको कारवाही अर्को जिल्ला प्रशासन कार्यालयबाट हुने गरेको भन्ने विषय यस मन्त्रालयमा जानकारी प्राप्त भई कारवाहीको लागि पेश हुँदा यस किसिमको कार्यबाट अभिलेख व्यवस्थापन,क्षेत्राधिकार लगायतको विषयमा समस्या आउन सक्ने देखिएकाले नेपाली नागरिकता परित्याग सम्बन्धमा कारवाहीका लागि प्राप्त हुने निवेदनहरू नागरिकता जारी गरेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत नै कारवाही हुने व्यवस्था गर्ने गरी मातहतका सबै जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गराउने व्यवस्थाको लागि आदेशअनुसार अनुरोध गर्दछु।

(सुरेन्द्रराज पौडेल)

शाखा अधिकृत

**बोधार्थ:** श्री जिल्ला प्रशासन कार्यालय,

काठमाण्डौं : तहाको च.नं.७९० मिति २०७०।७।७ को पत्रको सन्दर्भमा

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या :- ना तथा राप.व्य/०७०।७१
प्राप्त पत्र संख्या र मिति :-
च. नं. :- ३५५

मिति:- २०७०।१०।०६

विषय :- विदेशमा जन्मिएका बच्चा नेपाल ल्याउने सम्बन्धमा

श्री परराष्ट्र मन्त्रालय,
कन्सुलर सेवा विभाग,त्रिपुरेश्वर।

तहाँको च.नं. ५१० मिति २०७०।०९।१७ को पत्र प्राप्त भयो। सो पत्रमा उल्लेखित तहाँबाट राय माग भएका दुइटा छुट्टाछुट्टै विषय कारवाहीको लागि पेश हुँदा पहिलो विषयको सन्दर्भमा एउटा अबोध नावालक/ नावालिकालाई एक्लै विदेशी मुलुकमा छाड्नु पनि उपयुक्त नहुने र निजको बाबुआमाको विषयमा टुङ्गोमा पुग्नुपर्ने पनि देखिन्छ। यस अवस्थामा सो बच्चाको बाबुआमा निज कृष्ण दर्जी र कबिता परियारनै हुन् भन्ने विषयमा अन्य कुनै सवुतप्रमाणबाट यकिन गरी प्रमाणित भएमा निजको नाउमा Travel Document जारी गर्न बाधा नपर्ने र बाबु आमा यकिन भैसकेको दोस्रो विषयको सन्दर्भ हेर्दा बाबुले छाडेको भए पनि आमाको साथमा बच्चा रहन सक्ने भएकोहुँदा वावुको राष्ट्रियतामा विदेशी (भारतीय) जनाई Travel Document जारी गर्न सकिने भन्ने यस मन्त्रालयको राय भएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।१०।०२ को निर्णयअनुसार अनुरोध गरेको छु।

२०७०।१०।०६

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

O/C

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या :-
ना तथा राप.व्य/०७०।७१

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- 368

सिंहदरबार,
काठमाडौं, नेपाल।

मितिः- २०७०।१०।१५

विषय :- खुलाई पठाइएको

श्री जिल्ला प्रशासन कार्यालय,
रुपन्देही।

तहाँको च.नं. ५२५७ मिति २०७०।१०।०३ को पत्र प्राप्त भयो। तत्सम्बन्धमा नेपाल नागरिकता ऐन,२०६३ को दफा ५(२) बमोजिम नेपालको अङ्गिकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले दफा ३ बमोजिमका कागजाहरू संलग्न गरी तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्ने भन्ने व्यहोरा सो ऐनको दफा ५(३) मा उल्लेख भएकाले आवश्यक कागजात/प्रमाणहरू व्यक्ति स्वयंले सङ्कलन गरी तोकिएको अधिकारीसमक्ष पेश गर्नुपर्ने व्यहोरा तहाँको जानकारीको लागि आदेशअनुसार अनुरोध गरेको छु।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

OIC

(निवेदकले 'नितल' कार्यालयबाट रेकर्ड पाउँ भनी निवेदन गरेको सम्बन्धमा)

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या :- ना तथा राप.व्य/०७०।७१
प्राप्त पत्र संख्या र मिति :-
च. नं. :- 820

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति: २०७०।११।०९

विषय : ज्ञानकारी गराइएको

श्री कन्सुलर सेवा विभाग,
त्रिपुरेश्वर , काठमाण्डौं।

तहाँको च.नं.१३३७ मिति २०७०।१०।१२ को पत्र प्राप्त भयो। तत्सम्बन्धमा जन्मस्थान विदेशमा भएको प्रमाण राखी संबन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएमा पेश भएका कागजातहरुको आधिकारिकता एकिन गरी जन्मस्थान परिवर्तन गरी नेपाली नागरिकताको प्रतिलिपि जारी गर्ने गरेको व्यहोरा तहाँको जानकारीको लागि आदेशअनुसार अनुरोध गरेको छु।

(सुरेन्द्रराज पौडेल)
शाखा अधिकृत

O/C

नागरिकता तथा राष्ट्रिय परिचय पत्र व्यवस्थापन

ना तथा राप व्य.०७०/७१

४२६

२०७०।११।१३

परिपत्र ।

**श्री क्षेत्रीय प्रशासन कार्यालय,**
**सबै ।**

निर्वाचन आयोग, नेपालको च.नं. ५९४ मिति २०७०।११।११ को पत्रबाट "७५ वटै जिल्ला प्रशासन कार्यालयहरुमा मतदाता दर्तास्थल संचालन गर्न आवश्यक देखिएकोले यहि मिति २०७० फाल्गुन १५ गतेदेखि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयको तर्फबाट त्यस्तो दर्तास्थल संचालन गर्न खटिने १ जना कर्मचारीलाई जिल्ला प्रशासन कार्यालयको नागरिकताको प्रमाणपत्र वितरण हुने विन्दुमा बसी कार्य गर्नको लागि आवश्यक पर्ने स्थान/कक्षको उपलब्धताको लागि सबै जिल्ला प्रशासन कार्यालयहरुलाई आवश्यक निर्देशन दिने व्यवस्था हुन श्री गृह मन्त्रालयलाई अनुरोध गर्ने" भन्ने उल्लेख भै आएको हुँदा सो अनुसार गर्न गराउन मातहतका जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गरी दिन हुन आदेशानुसार अनुरोध गर्दछु ।

२०७०।११।१३

(सहदेव महत)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थः-
श्री जिल्ला प्रशासन कार्यालयहरु

०।८

698

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा हातहतियार ........................ शाखा)

पत्र संख्या तथा हा.ह. ०६९/७०

प्राप्त पत्र संख्या र मिति :-

च. न. :- 888

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति:- ..........................

२०७०।११।२५

विषय :-

परिपत्र ।

श्री जिल्ला प्रशासन कार्यालय,

बाँके ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. ०७०/७१ च.नं. ७०२८ मिति २०७०।१०।२७ को पत्र प्राप्त भइ कारवाहीको लागि पेश हुँदा विदेशी पुरुषसँग विवाह भएको नेपाली नागरिक महिलाले नेपालको नागरिकता कानून बमोजिम नत्यागेसम्म वा विदेशी नागरिकता नलिएसम्म निज नेपाली नागरिकताबाट वञ्चित हुने छैनन् । निज नेपाली नागरिक महिलाले विवाह गर्नु अघि नेपालको नागरिकताको प्रमाणपत्र नलिएको र पतिको मुलुकको नागरिकता समेत नलिएको अवस्थामा पतिको राष्ट्रियता खुलाई निज महिलालाई बाबुको नागरिकताको आधारमा नेपाली नागरिकता माग गरेमा नागरिकता प्रदान गर्न सकिने" गरी च.नं. ७५६ मिति २०६४।०१।०४ मा यस मन्त्रालयबाट परिपत्र गरिएको देखिएको हुँदा सो बमोजिम हुन र नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ मा उल्लेखित "निस्सा" भन्नाले नेपालस्थित सम्बन्धित देशको कुटनीतिक नियोगको आधिकारिक पत्रलाई आधार मान्ने गरी मिति २०७०।११।२३ को नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थः-

श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

श्री जिल्ला प्रशासन कार्यालयहरु, सबै ।

(सहदेव महत)

शाखा अधिकृत



nagarikat section nagarikata letters.doc

नेपाल सरकार

# गृह मन्त्रालय

(................................शाखा)

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन

पत्र संख्या :**ना. तथा रा. प. व्य/०७०/७१**

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ४४५

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति:- २०७०/११/२५

विषय :- स्पष्ट पारिएको ।

श्री राहदानी विभाग,
नरायणहिटी, काठमाण्डौ ।

त्यस बिभागको प.सं. ०७०।७१। डि.ओ.पि. । भि च. न. १३१४ मिति २०७०।११।१६ को पत्र प्राप्त भयो । प्रस्तुत विषयमा बिदेशमा बसोवास गर्दै आएका नेपाली नागरिक र निजको अविवाहित विदेशी महिला साथीबाट जन्मेको नावालकले नेपाली नागरिकता प्राप्त गर्ने सम्वन्धमा नेपालको नागरिकता प्राप्ति सम्वन्धित प्रचलित कानूनमा व्यवस्था नभएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(सहदेव महत)
शखा अधिकृत

४ मिसिल
उपरोक्त बमोजिम जवाफ पठाउने निर्णयार्थ पेश गरेको छु ।
सहदेव
२०७० ११।२५
[signature] ११।२५

O/C

[signature]

[signature] ११/२५

C:\Users\user\Desktop\Raju BP\letters Nepali.docx

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या तथा राप.व्य. ०७०/७१
प्राप्त पत्र सख्या र मिति :-
च नं. :- 448

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति:- २०७०।११।२७

विषय :-

**राय उपलव्ध गराइको सम्बन्धमा**

**श्री शिक्षा मन्त्रालय**
**विद्यालय शिक्षा शाखा, सिंहदरवार ।**

तहाँ मन्त्रालयको प.सं. ०७०/७१ च.नं. १६४ मिति २०७०/०५/१८ को पत्र प्राप्त भयो । सो सम्बन्धमा श्री रत्नराज्य उ.मा.वि. तौलिहवा, कपिलवस्तुका मा.वि.द्वितीय शिक्षक अनिल कुमार श्रीवास्तवको जन्ममिति यकिन गर्न दुविधा भएको, निजले नेपाली नागारिकता प्राप्त गर्दा निजको उमेर १४ वर्ष भएको र तत्कालिन समयमा १४ वर्षमा नागारिकता प्राप्त गर्न सकिने अवस्था रहे नरहेको भन्ने सम्बन्धमा कारवहीको लागि पेश हुँदा नेपाल नागारिकता ऐन, २०६३ र नेपाल नागारिकता नियमावली, २०६३ जारी हुनु पूर्व तत्कालीन नागरिकता सम्बन्धी कानूनमा नागरिकता प्राप्तिका लागि १६ वर्ष उमेर पुग्नुपर्ने प्रावधान अनिवार्य नदेखिएको हुँदा कतिपय जिल्ला प्रशासन कार्यालयहरुबाट १६ वर्ष भन्दा कम उमेरका व्यक्तिका नाममा नेपाली नागारिकताको प्रमाणपत्र जारी भएको व्यहोराको राय पठाउन नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७०/११/२५ मा निर्णय भएकोले निर्णयानुसार अनुरोध गर्दछु

O/C

२०७०/११/२६

(सहदेव महत)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन

पत्र संख्या : ना. तथा राप. व्या. ०७०/७१

चलानी नं. : ४६८

२०७०।१२।१०

## निर्देशन ।

श्री जिल्ला प्रशासन कार्यालय,
कास्की ।

तहाँ कार्यालयको च.नं.१०५२९ मिति २०७०।११।२२ को पत्रबाट कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं.-१० मा स्थायी घर भएका श्री मनभक्त गुरुङ्गले स्वेच्छाले विदेशी नागरिकता लिएको र नेपालको नागरिकता त्यागनको लागि कुनै सूचना नदिएको अवस्थामा निजको नेपाली नागरिकताको हैसियत के हुने भनी स्पष्ट निर्देशन माग भै आएको विषय पेश हुँदा निज मनभक्त गुरुङ्ग वेलायती नागरिक भएको कुरा प्राप्त प्रमाणबाट स्पष्ट भएको र नेपाल नागरिकता ऐन २०६३ को १० (१) मा नेपालको कुनै नागरिकले आफूखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपालको नागरिकता कायम रहने छैन भन्ने स्पष्ट उल्लेख भएकोले ऐनको दफा १० (५) र नेपाल नागरिकता नियमावली २०६३ को नियम १० बमोजिम निम्न निर्णय भएको व्यहोरा नेपाल सरकार (माननीय उपप्रधान तथा गृहमन्त्रीस्तर) को मिति २०७०।१२।०९ को निर्णयानुसार अनुरोध गरिएको छ ।

**निर्णय**

१. निजको नेपालको नागरिकता कायम नरहने ।
२. निजसँग रहेको नेपाली नागरिकताको प्रमाणपत्र खिची अभिलेखमा समेत सो कुरा जनाई ७५ वटै जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिन कास्की जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाउने ।

O/C

(राजु बाबु पुडासैनी)
शाखा अधिकृत

729

नेपाल सरकार

# गृह मन्त्रालय

(....नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन

पत्र संख्या:- ना. तथा राप. व्या. ०७०/७१

प्राप्त पत्र संख्या र मितिः-

च. नं.:- 859

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति२०७०।१२।२०.......

विषय :-

परिपत्र ।

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ द्वारा नेपाल नागरिकता ऐन २०६३ को दफा ३ को उपदफा ४ मा उल्लेखित व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ को धारा ८८ उपधारा २ को प्रतिवन्धात्मक बाक्यांशको खण्ड ग बमोजिम मिति २०७०।१२।१२ गतेदेखि निस्क्रिय हुने भएकोले सो व्यवस्था बमोजिम सोही मितिदेखि नागरिकता जारी नगर्ने भनी नेपाल सरकार (मा.उप.प्र.म. तथा गृहमन्त्रीस्तर) बाट मिति २०७०।१२।११ मा निर्णय भएकोले निर्णय अनुसार अनुरोध गर्दछु ।

२०७०।१२।२०

(सहदेव महत)

शाखा अधिकृत

बोधार्थ:

श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।

O/C

745

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन ………………………शाखा)

पत्र संख्या ना. तथा राप. व्या. ०७०/७१

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- 853

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः- २०७०।१२।२१

विषय :- **निर्देशन सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सिरहा ।**

तहाँ कार्यालयको प.सं. ०७०/७१ च.नं. ४१०६ मिति २०७०।०९।२२ को पत्र प्राप्त भै कारवाहीको लागि पेश हुँदा कुनै पनि व्यक्तिले नागरिकता प्राप्त गर्नु र नागरिकता प्रदान गर्नको लागि निर्णय हुनु फरक कुरा हुन् । अतः असर्फी लाल दासको छोरा कृष्णलाल कर्णलाई अंगीकृत नेपाली नागरिकता प्रदान गर्न निर्णय भएपतापनि निजको नागरिकता प्राप्त गर्नु पूर्व नै मृत्यु भइसकेको भन्ने व्यहोरा उल्लेख भएको सम्बन्धमा उक्त व्यक्तिले मृत्यु हुनु पूर्व नै नागरिकता लिनुपर्नेमा नागरिकता नलिई रेकर्ड मात्र प्रमाणित गराएको भरमा नागरिकता लिएको भन्न नमिल्ने देखिएकोले निज कृष्णलाल कर्णको छोरा रामानन्द कर्णलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ (५) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिन नमिल्ने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७०।१२।२० मा निर्णय भएकोले निर्णयअनुसार अनुरोध गर्दछु ।

MIC

(सहदेव महत)
शाखा अधिकृत



nagarikat section nagarikata letters.doc

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

गृह मन्त्रालय

पत्र संख्या :- ना. तथा राप. व्या.

०७०/७१

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ५०८

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति२०७१।०१।०४

विषय :-

**निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,

सबै ।

भारतीय र बृटिश सेना, प्रहरीमा नोकरी गरी सेवा निवृत्त भएका व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र र नोकरीको पारिवारिक विवरणमा नामथर, जन्ममिति लगायतको विवरण फरक परी निवृत्तिभरण लगायतका सुविधा पाउन कठिन परेको भनी विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट निर्देशन माग भई आएको सम्बन्धमा कारवाहीको लागि पेश हुँदा दुरुपयोग हुन नपाउनेतर्फ प्रमुख जिल्ला अधिकारीले विशेष सतर्कता अपनाउने गरी देहाय बमोजिम गर्ने गराउने गरी सबै जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गर्ने भनी नेपाल सरकार (माननीय उपप्रधान तथा गृहमन्त्रीस्तर) बाट मिति २०७१।०१।०३ मा निर्णय भएकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

**देहाय**

"भारतीय र बृटिश सेना, प्रहरीमा नोकरी गरी सेवा निवृत्त भएका व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र र नोकरीको पारिवारिक विवरणमा नामथर, जन्ममिति लगायतको विवरण फरक परी निवृत्तिभरण लगायतका सुविधा पाउन कठिनाई परेमा त्यस्ता पेन्सनरहरु र निजका श्रीमतीको हकमा मात्र निजहरुको पेन्सन पट्टामा भएको विवरण अनुसार नागरिकताको प्रमाणपत्रमा फलानो भन्ने फलानो भनी संशोधन गरिदिई रेकर्डमा कारण जनाई पुरानो नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपि जारी गर्ने।"

२०७१/०१/०४

(सहदेव महत)

शाखा अधिकृत

बोधार्थ:-

श्री क्षेत्रिय प्रशासन कार्यालय,

सबै ।

श्री इ-गभर्नेन्स शाखा, गृह मन्त्रालय ।

:- मन्त्रालयको वेभ साइटमा upload गरिदिनु हुन ।

757

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन
(......................................शाखा)

पत्र संख्या :-ना. तथा राप. व्या.०७०/७१
प्राप्त पत्र संख्या र मिति :-
च. नं. :- ४३८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:- २०७१/०१/२१

विषय :- नागरिकताको प्रतिलिपि सम्बन्धमा ।

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सुनसरी ।**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री कृष्णहरी बास्कोटाज्यूले सुनसरी र गोर्खा जिल्लाको स्थलगत निरीक्षण गर्दा सुनसरी जिल्ला प्रशासन कार्यालयले नागरिकताको प्रतिलिपि जारी गर्दा दोस्रो पटक, तेस्रो पटक भनी जनाउने नगरेको तर गोर्खाले यस्तो पटक जनाउने गरेको पाइएकोले यस विषयमा एकरुपता कायम गर्ने व्यवस्था हुन सहकारीको ध्यानाकर्षण गराएको भनी प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं.०७०/७१ च.नं. ६४३ मिति २०७१।०१।१० को पत्रबाट लेखी आएको हुँदा यस विषयमा के कसो भएको यथार्थ जानकारी यस मन्त्रालयमा पठाउनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

२०७१।१।२१
(सहदेव महत)
शाखा अधिकृत

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

श्री क्षेत्रीय प्रशासन कार्यालय सबैः- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि जारी गर्दा नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका २०६३ को नियम ४० मा भएको व्यवस्था अनुरुप प्रतिलिपि जारी गर्न मातहतका जिल्ला प्रशासन कार्यालयहरुमा जानकारी गराउनु हुन ।

O/C

777

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचय पत्र व्यवस्थापन
(..................................................शाखा)

90

पत्र संख्या :- ना तथा राप व्य. ०७०/७१
चलानी पत्र संख्या र मिति :-
५८४

सिंहदरवार,
काठमाडौं, नेपाल ।

२०७१।०२।१८

**न.पा./ गा.वि.स. कोड नम्वर वारे ।**

श्री जिल्ला प्रशासन कार्यालय सबै,
...................

कतिपय जिल्ला प्रशासन कार्यालयहरुवाट हालसम्म पनि हस्तलिखित नगरिकताको प्रमाणपत्र वितरण गर्ने गरिएको सन्दर्भमा हालै नेपाल सरकारले विभिन्न गा.वि.स.हरुलाई मिलाई नगरपालिका घोषणा गरेकोले ना.पा को कोड नम्वर तपसिल बमोजिम व्यवस्थापन गरी हस्तलिखित नागरिकताको प्रमाणपत्र जारी गर्न गराउन हुन अदेशानुसार अनुरोध गर्दछु ।

तपसिल

- जिल्लाका साविकका गा.वि.स / नगरपालिकालाई दिएको कोड नम्वरलाई यथावत कायम राख्ने ।
- हाल घोषाणा भएको नगरपालिकाका लागि साविकको सवैभन्दा पछिल्लो कोड नं. पछिको नम्वरलाई कोडनं कायम गर्ने ।(उदाहरणको लागि साविक गा.वि.स / न.पा का लागि १ देखि ३० कोड नं. कायम भएको भए हाल घोषाणाभएको न.पा.को लागि ३१ कायम गर्ने, एक भन्दा बढी न.पा. घोषणा भएका जिल्लामा सोही बमोजिम क्रमश कोड नं. कायम गर्ने )
- साविक जिल्ला कोड, गा.वि.स / ना.पा.कोड र हाल कायम गरिएको कोड नं. को विवरण सम्वन्धित जि.वि.स.को कार्यालय, गृह मन्त्रालय ई-गभर्नेन्स शाखा र नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखालाइ तत्काल उपलव्ध गराउने ।
- CIMS software प्रणालीवाट नागरिकता वितरण गर्ने कार्यालयको हकमा software ले नागिरकता नम्वर प्रदान गरे बमोजिम नै हुने छ ।

(राजु बाबु कुँडासैनी) २०७१।२।१८
शाखा अधिकृत

बोधार्थ
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।
श्री गृह मन्त्रालय, ई-गभर्नेन्स शाखा ।

M/C

नागरिकता तथा राहदानी पत्र व्यवस्थापन

नेपाल सरकार
गृह मन्त्रालय

ना.तथा.राप.व्य.०७१।०७२

२०७१।०४।१६

## नागरिकताको प्रतिलिपी जारी गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय बाराको CIMS software मा गा.वि.स.हरु छुट भएकोले पुरानो नागरिकताको प्रतिलिपि दिन कठिनाइ भएको हुंदा उक्त गा.वि.स.हरु software मा समावेश गरी दिने विषयको प.सं.०७०।७१ च.नं. १०६५८ मिति २०७१।३।३१ को पत्रमा कारवाहि हुंदा कुनै जिल्लाले साविकको गा.वि.स.र कुनै जिल्लाले हालको गा.वि.स राखी प्रतिलिपि दिने गरेको बुझिएकोले सबै जिल्लामा एकरुपता हुने गरी नागरिकताको प्रतिलिपि जारी गर्दा परिवर्तित गा.वि.स.।न.पा. को ठेगाना लाईनै आधार मानी प्रतिलिपि जारी गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

२०७१।४।१८
(सहदेव महत)
शाखा अधिकृत

बोधार्थ:
श्री ईगभर्नेन्स शाखा
गृह मन्त्रालय ।

M/C

684

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचय पत्र व्यवस्थापन
(.................................शाखा)

पत्र संख्या :- ना तथा राप व्य.०७१।०७२

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ३८

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति:- २०७१।०४।२७

**विषय :-** **निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

कपिलबस्तु जिल्लाको पत्थरदेइया गा.वि.स.वडा नं. ८ बस्ने कृष्ण प्रसाद काफ्लेको पत्नी डिलमाया काफ्लेले आफ्नो पति भारतको मिजोरैममा प्रान्तीय सरकारको गभरमेन्ट सर्भेन्टको रुपमा स्वीपर पदमा काम गरी पेन्सन आएको हाल उहाँको मृत्यु भएको मैले प्राप्त गरेको नेपाली नागरिकतामा पतिको नाम थर कृष्ण प्रसाद काफ्ले पेन्सन पट्टामा नाम थर तिर्थ बहादुर छेत्री उल्लेख भएको हुँदा मैले प्राप्त गरेको नेपाली नागरिकतामा पतिको महलमा कृष्ण प्रसाद काफ्ले भन्ने तिर्थ बहादुर छेत्री कायम गरी पाउँ साथै मेरो नाम थर नेपाली नारिकतामा डिलमाया काफ्ले र पेन्सन पट्टामा दिलमाया उल्लेख भएको हुँदा नेपाली नागरिकता को प्रमाणपत्रमा डिलमाया काफ्ले भन्ने दिलमाया कायम गरिपाँउ भनि निवेदन दिनु भएकोमा यस कार्यालयबाट दुबै नाम थर भएको व्यक्ति एउटै हुन भनि प्रमाणित गरी दिएकोमा निज निवेदिकाका अनुसार सो प्रमाणीतले पोखरा पेन्सन क्याम्पले नमानेको नागरिकतामा नै संसोधन गरी ल्याउन भनि भनेको भन्ने भनाइवाट यस्ता राज्य सरकार सिभिल सर्भेन्टको रुपमा काम गर्नेहरुको नाम थर जन्म मिति फरक परेमा के गर्ने आवश्यक निर्देशन पाउन अनुरोध गर्दछु भनी जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको च.नं.६३ मिति २०७१।०४।०५को पत्र कारवाहिकोलागि पेश हुँदा देहाय बमोजिम गर्ने गराउने गरी सबै जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गर्ने भनी नेपाल सरकार (माननीय उपप्रधान एवं गृहमन्त्री स्तर) वाट मिति २०७१।४।२२ मा निर्णय भएकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

" विदेशका अन्य सेवामा नोकरी गरी सेवा निवृत्त भएका व्यक्तिहरुको हकमा नागरिकताको प्रमाणपत्र र नोकरीको पारिवरिक विवरणमा नामथर, जन्म मिति लगायतको विवरण फरक परी निवृत्तिभरण लगायतका सुविधा पाउन कठिनाई परेमा त्यस्ता पेन्सनरहरु र निजका श्रीमतीको हकमा पनि निजहरुको पेन्सन पट्टामा भएको विवरण अनुसार नागरिकताको प्रमाणपत्रमा फलानो भन्ने फलानो भनी संशोधन गरिदिई रेकर्डमा कारण जनाई पुरानो नागरिकाको प्रमाणपत्र खिची प्रतिलिपि जारी गर्ने " ।

२०७१।४।२८
(सहदेव महत)
शाखा अधिकृत

बोधार्थ:
श्री क्षेत्रीय प्रशासन कार्यालय सबै ।
श्री ई-गभरनेन्स शाखा,
गृह मन्त्रालय :-मन्त्रालयको वेभ साईटमा upload गरिदिनु हुन ।

692

नेपाल सरकार

# गृह मन्त्रालय

(आन्तरिक व्यवस्था ........ शाखा)

पत्र संख्या :- आ.व्य.क/०७१।७२ च.नं. ७२३

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति : २०७१/९/२२

विषय :- **नाबालक परिचयपत्र सम्वन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय,
सवै।

नेपाली नागरिकका सन्ततीहरु बालिक नहुन्जेलको हकमा नावालक परिचयपत्र वितरण गर्ने सम्वन्धमा विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट जारी हुने नाबालक परिचयपत्रमा एकरुपता नपाइएको। कतिपय जिल्ला प्रशासन कार्यालयबाट कार्डकै ढाँचामा लेटरप्याडमा नाबालक परिचयपत्र जारी गर्ने गरेको तथा केहीले कार्डकै रुपमा जारी गर्ने गरेको पाइयो ७५ वटै जिल्ला प्रशासन कार्यालयहरुबाट जारी हुने नाबालक परिचयपत्रमा एकरुपता कायम गर्न आवश्यक भएकोले हाल प्रचलनमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रको कार्डको साइजमा देहायको नमूना बमोजिम नाबालक परिचयपत्र जारी गर्नु गराउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७१/९/१४ को निर्णयानुसार अनुरोध छ।

नाबालक परिचयपत्रको नमूना

अग्रभाग

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, .............

ना.बा.प्र.नं. ......... नाबालक परिचय-पत्र

फोटो

नाम, थर : ........................................ लिङ्ग :..............
जन्मस्थान :...................... जिल्ला : ................ म.न.पा./गा.वि.स. ............. वडा नं. ........................................ टोल
जन्म मिति : ........................................................
बाबुको नाम, थर : ........................ ठेगाना : ......................
आमाको नाम, थर : ........................ ठेगाना : ......................

पछिल्लो भाग

संरक्षकको नाम/ठेगाना : ........................................................
मिति : २० / / को निर्णयानुसार यो नाबालक परिचय-पत्र दिईएको छ।

नाबालक परिचय-पत्र जारी गर्ने अधिकारीको
दस्तखत :
नाम, थर :
पद : प्रशासकीय अधिकृत
मिति : २० / /

(श्रीकृष्ण श्रेष्ठ)
उप सचिव

D:\sudarshan\Antarik\Letters\Vivid.ka.-lett.doc

323

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या :- ना. तथा राप. व्या.०७१/७२

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- 855

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मिति:- २०७२।०२।०३

विषय :-

जन्मस्थान संशोधन गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,

गुल्मी ।

प्रस्तुत विषयमा अमर अर्वाथोक-३, गुल्मी निवासी चेत बहादुर राना र शिव बहादुर रानाले मेरो बुबा लोक बहादुर राना पेशाले ब्रिटिश आर्मीको हुनु हुन्छ । जागीरको अवधिमा मेरो जन्म क्रमशः हङकङ र ब्रुनाईमा भएकोमा मेरो अज्ञानतावश नागरिकता लिंदा जन्म स्थान अमर अर्वाथोक-३, गुल्मी लेखिन गएकोले जन्म स्थान परिवर्तन गरी वास्तविक जन्म स्थान हङकङ र ब्रुनाई कायम गरी पाउँ भनी यस मन्त्रालयमा छुट्टा छुट्टै दिएको निवेदनमा कारवाही हुँदा निवेदकहरुको माग बमोजिम नागरिकता प्रमाणपत्रको जन्म स्थान परिवर्तन गरी हङकङ र ब्रुनाई कायम गरी दिन मिल्ने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७२।०१।१८ मा निर्णय भएकोले निर्णयानुसार जन्म स्थान परिवर्तन गरी दिनु हुन अनुरोध गर्दछु ।

२०७२।२।२

(सहदेव महत)

शाखा अधिकृत

MIC

1172

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या :- ना. तथा राप. व्या.०७१/७२

चलानी पत्र संख्या र मिति :-

च. नं. :- ५६८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः- २०७२।०३।१३

विषय :- नागरिकता नम्बर सम्बन्धमा ।

श्री क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट नागरिकता जारी गर्दा फरक फरक नागरिकता प्रमाणपत्रमा एउटै नागरिकता नम्बर उल्लेख भएबाट MRP (मिसिन रिडेवल राहदानी) बनाउँदा समस्या भएकोले निर्देशनका लागि विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट अनुरोध भै आएकोमा देहाय बमोजिम हुने गरी मिति २०७२।०३।११ मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन आफू मातहतका सबै जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र हुन निर्णयानुसार अनुरोध छ ।

**निर्णयः** नागरिकता नं. दोहोरिएको कारणले राहदानी प्राप्त गर्न नसकेका व्यक्तिको सक्कल नागरिकताको प्रमाणपत्र खिची प्रतिलिपि जारी गर्ने र प्रतिलिपि जारी गर्दा सक्कल नागरिकताको नम्बरपछि/(slash) राखी प्रतिलिपि नं. वा अन्य उपयुक्त संकेत उल्लेख गर्ने ।

**बोधार्थ**
श्री ई-गभर्नेन्स शाखा,
गृह मन्त्रालय ।

M/C

(विष्णुभक्त सिग्देल)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचय पत्र व्यवस्थापन
(.................................................शाखा)

पत्र संख्या: ना.तथा.रा.प व्य.०७१।०७२

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ४६९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:- २०७२।०३।१७

विषय :- **नेपाली नागरिकता परित्याग सम्वन्धमा ।**

श्री कन्सुलर सेवा विभाग,

त्रिपुरेश्वर काठमाडौं ।

त्यस विभागको च.नं. ४५४७ मिति २०७२।३।११ को सक्कल नागरिकता हराएका कुनै नेपाली नागरिकले नागरिकता त्याग गर्न निवेदन गरेको अवस्थामा नागरिकता परित्याग सम्वन्धी कारवाही अगाडि वढाउन मिल्ने नमिल्ने सम्वन्धी पत्र निणर्यका लागि पेश हुँदा सक्कल नागरिकता हराए नहराएको सम्बन्धमा प्रहरी प्रतिवेदन लगायत जे जो बुझ्नु पर्ने हो सवै बुझि हराएको हो भन्ने यकिन गर्न सकिने अवस्थामा नागरिकता परित्याग सम्वन्धी कारवाही अगाडी वढाउन सकिने भनी मिति २०७२।३।१६ मा नेपाल सरकार (सचिवस्तर) को निर्णय भएकोले जानकारी एवं आवश्यक कारवाहीका लागि अनुरोध छ ।

(विष्णुभक्त सिग्देल)
शाखा अधिकृत

OTC

2

नेपाल सरकार
**गृह मन्त्रालय**
नागरिकता तथा राष्ट्रिय परिचय पत्र व्यवस्थापन

पत्र संख्या:- ना.तथा.राप.व्य.०७१।०७२ | सिंहदरबार
प्राप्त पत्र संख्या र मिति:- | काठमाडौं, नेपाल।
चलानी:- ६२८ | मिति २०७२।०३।२४

विषय:- नागरिकतामा नम्बर उल्लेख नभएको सम्बन्धमा।

श्री क्षेत्रीय प्रशासन कार्यालय,

सबै।

प्रस्तुत विषयमा नागरिकता प्रमाण पत्र जारी गर्दा कतिपय अवस्थामा नागरिकता नम्बर लेख्न छुट हुन गई समस्या पर्ने गरेको सम्बन्धमा निर्णयका लागि पेश हुँदा नम्बर उल्लेख नभएका नागरिकताधारीले नम्बर कायम गर्न निवेदन गरेको अवस्थामा सक्कल नागरिकता खिची नियमानुसार प्रतिलिपी नागरिकता जारी गर्ने र उपयुक्त नम्बर कायम गरी दिने नेपाल सरकार (सचिवस्तर) को मिति २०७२।३।२२ मा निर्णय भएकोले सोही अनुसार गर्ने गराउन व्यवस्था हुन मातहतका जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन हुन निर्णयानुसार अनुरोध छ।

(विष्णुभक्त सिग्देल)
शाखा अधिकृत

बोधार्थ

श्री ई गभर्नेन्स शाखा,

गृह मन्त्रालय :- मन्त्रालयको Web site मा upload गरि दिनु हुन।

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचय पत्र व्यवस्थापन

ना तथा राप व्य. ०७१।०७२

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- 66

सिंहदरबार,
काठमाडौं, नेपाल ।

२०७२।०६।६

## नेपाली नागरिकता परित्याग सम्वन्धमा

श्री कन्सुलर सेवा विभाग,

त्रिपुरेश्वर काठमाडौं ।

त्यस विभागको च.नं३९० मिति २०७२।५।१६ पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा सक्कल नागरिकता हराएका कुनै नेपाली नागरिकले नागरिकता त्याग गर्न निवेदन गरेको अवस्थामा नागरिकता परित्याग सम्वन्धि कारवाही अगाडि वढाउन मिल्ने नमिल्ने सम्वन्धी पत्र निणर्यका लागि पेश हुँदा सक्कल नागरिकता हराए नहराएको सम्बन्धमा प्रहरी प्रतिवेदन लगायत जे जो बुभ्नु पर्ने हो सवै वुभी हराएको हो भन्ने यकिन गर्न सकिने अवस्थामा नागरिकता परित्याग सम्वन्धी कारवाही अगाडी वढाउन सकिने भनी मिति २०७२।३।१६ मा नेपाल सरकार (सचिवस्तर) को निर्णय भएको जानकारी यस मन्त्रालयको च.न ५७९ मति २०७२।३।१७ बाट जानकारी गराइएको छ । नेपाली महाबणिज्य दुतावास हङकङको प.स. HK/VG/ ११४९५ मिति २०७२।५।११ को पत्रानुसार 'थप जे जो बुझ्नु पर्ने हो बुझी हराएको हो भन्ने यकीन' के कसरी गर्ने भन्ने सम्बन्धमा द्विविधा पर्न गएको र अन्य थप कुराहरु बुझ्ने परिस्थति विदेशमा नरहने हुँदा सो सम्बन्धमा थप स्पष्ट गराई दिनु हुन लेखी आएकोले नागरिकता हराएको सम्वन्धमा यकीन गर्न प्रहरी प्रतिवेदन वा अन्य के कस्ता कागजात चाहिने (जस्तै नागरिकता हराएको सम्वन्धमा दुतावास / महावाणिज्य दुतावास वा नियोगलाई पनि सूचना दिनु पर्ने व्यवस्था छ कि ? ) हो सम्वन्धित निकायले नै प्रकृया तोक्ने वा यकीन गर्न सक्ने अवस्था नरहने भन्ने हुदैन । यस्तो अवस्थामा यस मन्त्रालयले बुंदागत रुपमा यसो यसो गर्नु भन्ने अवस्था रहदैन । तसर्थ हराएको नागरिकता परित्याग गर्ने सम्वन्धी कारवाही अगाडी वढाउन सम्बन्धित निकायले उपयुक्त ठानेको प्रकृया अवलम्बन गरी नागरिकता हराएको हो भनी यस मन्त्रालयमा सिफारिश भै आएमा नागरिकता परित्यागको प्रकृया अगाडी वढाउन सकिने कुरामा कुनै द्विविधामा नपरी स्पष्ट हुन निर्णयानुसार अनुरोध छ ।

श्रीमान्
उपरोक्त अनुसारको पत्र
जानकारीका लागि स्वीकृतार्थ
पेश

(विष्णुभक्त सिग्देल)
शाखा अधिकृत

२०७२।६।६

०७२.६.६



nagarikat section nagarikata letters.doc

(९१)

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

ML

पत्र संख्या: तथा राप. व्या.०७३/७४

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ३३६

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति:- २०७३।११।२४

विषय:- राउटेजातिलाई नागरिकता दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
दैलेख/सुर्खेत/दाङ्ग/सल्यान/जाजरकोट ।

प्रस्तुत विषयमा मन्त्रालयको च.नं. ४२४ मिति २०७०।१।३ को पत्रबाट हाल बसोवास रहेको जिल्लाबाट राउटेजातिलाई सरल र सहज रुपमा नागरिकता वितरण गर्नु हुन भनी क्षेत्रीय प्रशासन कार्यालय सुर्खेत मार्फत पत्राचार भएको व्यहोरा विदितै होला । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय पञ्जिकरण विभागको च.नं. ७६३ मिति २०७३।११।५ को पत्रबाट राउटे जातीको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा नागरिकताको प्रमाणपत्र नभएको हुँदा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दा कानूनी समस्या आएको र नागरिकता प्रमाणपत्र प्राप्त नगरेका राउटे जातीका व्यक्तिहरु यो सुविधा उपभोग गर्नबाट वञ्चित हुन सक्ने देखिएकोले उक्त जातिलाई नागरिकता प्रमाणपत्र वितरणको व्यवस्था गरिदिन हुन भनी पंजिकरण विभागबाट पत्र प्राप्त हुन आएको हुँदा सो सम्बन्धमा अल्पसंख्यक राउटे समुदायलाई हाल बसोबास रहेको जिल्लाबाट नेपाल नागरिकता ऐन २०६३ को दफा ८ को उपदफा ४ र ५ एवं नेपाल नागरिकता नियमावली २०६३ को नियम ३ को उपनियम(२) समेतको आधारमा विभिन्न जिल्लाहरुमा बसोबास गर्दै आएका राउटे जातीलाई उच्च प्राथमिकतामा राखी सरल र सहज रुपमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने व्यवस्था मिलाउन आदेशानुसार अनुरोध छ ।

**बोधार्थ:**

श्री केन्द्रीय पंजिकरण विभाग,
बबरमहल, काठमाडौं ।

२०७३/११/२४

(हिरामणि सुवेदी)
शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2073.docx

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

ना. तथा राप. व्या.०७४/०७५

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ३८९

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति: २०७४।०१।०७

विषय: नागरिकता खारेज गरी पुरानो नागरिकता नै कायम गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,

म्याग्दी, बेनी ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. ३०१६ मिति २०७५।०१।०३ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा रद्द गर्नु पर्ने नागरिकता सोही जिल्ला प्रशासनबाटै जारी भएको बुँझिदा रद्द गर्ने अधिकारी पनि सम्बन्धित जिल्लाकै प्रमुख जिल्ला अधिकारी भएको व्यहोरा प्रचलित कानूनमा रहेको हुँदा सोही अनुसार गर्नु हुन आदेशानुसार अनुरोध छ ।

२०७५।०१।०८

(यशोदा गौतम)

शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2074.075.docx

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या:- ०७४/७५
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४३

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:२०७४।०४।२३

बिषयः घुम्ति सेवाको नागरिकता नं. सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपरोक्त सम्बन्धमा घुम्ति सेवा संचालन गरी नागरिकता वितरण गर्दा नागरिकता नं.मा निम्नानुसारको अनुक्रम कायम गरी नागरिकता वितरण गर्नु हुन अनुरोध गर्दछु ।

**निम्न**

नागरिकता नं.= जिल्ला कोड+घुम्ति कोड+चालु बर्ष+पाँच अङ्कको ना.प्र.नं.

जस्तैः काठमाण्डौको वि.सं.२०७४को पहिलो घुम्तिको ना.प्र.नं.=२७-१०-७४-००००१

साथै घुम्ति कोड १० भन्दा माथि राख्न एवं एउटा जिल्ला भित्रको हकमा एक भन्दा बढी घुम्ति सेवा सञ्चालन गर्दा घुम्ति कोड क्रमशः १०,११,१२,१३,१४,१५...कायम गरी नागरिकता वितरण गर्नुहुन अनुरोध छ ।

२०७४/४/२२

(सागरमणि पाठक)
उपसचिव

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्याः- ना. तथा राप. व्या.०७४/७५

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- १४५

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः-२०७४।०७।२४

बिषयः- जिल्लागत कोड नं.सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), परासी ।

श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पुर्व), कावासोती ।

श्री जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम भाग), मुसीकोट ।

श्री जिल्ला प्रशासन कार्यालय, रुकुम(पुर्वी भाग), रुकूमकोट ।

उपरोक्त विषयमा नागरिकता प्रमाणपत्र वितरण गर्दा देहाय वमोजिमका जिल्लाहरुमा देहाय वमोजिमको जिल्लागत कोड नं. कायम गरी वितरण गर्न सम्माननिय प्रधानमन्त्री तथा गृह मन्त्रीज्युको मिति २०७४।०७।१७ को निर्णयानुसार अनुरोध छ ।

१. जिल्ला प्रशासन कार्यालय, रुकुम(पश्चिम भाग)साविकको जिल्ला प्रशासन कार्यालय रुकुमको कोड नं ५६

२. जिल्ला प्रशासन कार्यालय, रुकुम (पुर्वि भाग) कोड नं. ७६ (नयाँ कायम हुने)

३. जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) साविकको जिल्ला प्रशासन कार्यालय नवलपरासीको कोड नं. ३६

४. जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पुर्व )कोड नं. ७७ (नयाँ कायम हुने)

५. प्रतिलिपि नागरिकता प्रदान गर्दा साविककै नं. यथावत राखी प्रतिलिपि नागरिकता प्रमाणपत्र जारि गर्ने ।

( तोरण प्रसाद पराजुली)
शाखा अधिकृत

बोधार्थः-

ई-गभर्नेन्स शाखाः- निर्णयाअनुसार कार्यन्वयन हुन ।

C:\Users\USER\Desktop\Nagarikta\letters of 2073.docx

परिच्छेद-१५

# जिल्लागत कोड नम्बर

| सि.नं. | जिल्लाको नाम | कोड नं. |
|---|---|---|
| १ | ताप्लेजुङ्ग | ०१ |
| २ | पाँचथर | ०२ |
| ३ | इलाम | ०३ |
| ४ | झापा | ०४ |
| ५ | मोरङ्ग | ०५ |
| ६ | सुनसरी | ०६ |
| ७ | धनकुटा | ०७ |
| ८ | तेह्रथुम | ०८ |
| ९ | भोजपुर | ०९ |
| १० | संखुवासभा | १० |
| ११ | सोलुखुम्बु | ११ |
| १२ | खोटाङ | १२ |
| १३ | ओखलढुङ्गा | १३ |
| १४ | उदयपुर | १४ |
| १५ | सिराहा | १५ |
| १६ | सप्तरी | १६ |
| १७ | धनुषा | १७ |
| १८ | महोत्तरी | १८ |
| १९ | सर्लाही | १९ |
| २० | सिन्धुली | २० |
| २१ | रामेछाप | २१ |
| २२ | दोलखा | २२ |
| २३ | रसुवा | २३ |
| २४ | सिन्धुपाल्चोक | २४ |
| २५ | नुवाकोट | २५ |
| २६ | धादिङ्ग | २६ |
| २७ | काठमाडौं | २७ |

| सि.नं. | जिल्लाको नाम | कोड नं. |
|---|---|---|
| ३९ | पाल्पा | ३९ |
| ४० | अर्घाखाँची | ४० |
| ४१ | गुल्मी | ४१ |
| ४२ | स्याङ्जा | ४२ |
| ४३ | तनहुँ | ४३ |
| ४४ | गोरखा | ४४ |
| ४५ | लमजुङ | ४५ |
| ४६ | कास्की | ४६ |
| ४७ | मनाङ | ४७ |
| ४८ | मुस्ताङ | ४८ |
| ४९ | म्याग्दी | ४९ |
| ५० | बाग्लुङ्ग | ५० |
| ५१ | पर्वत | ५१ |
| ५२ | दाङ | ५२ |
| ५३ | प्यूठान | ५३ |
| ५४ | रोल्पा | ५४ |
| ५५ | सल्यान | ५५ |
| ५६ | रुकुम | ५६ |
| ५७ | डोल्पा | ५७ |
| ५८ | मुगु | ५८ |
| ५९ | हुम्ला | ५९ |
| ६० | जुम्ला | ६० |
| ६१ | कालिकोट | ६१ |
| ६२ | जाजरकोट | ६२ |
| ६३ | दैलेख | ६३ |
| ६४ | सुर्खेत | ६४ |
| ६५ | बर्दिया | ६५ |

| सि.नं. | जिल्लाको नाम | कोड नं. |
|---|---|---|
| २८ | ललितपुर | २८ |
| २९ | भक्तपुर | २९ |
| ३० | काभ्रेपलाञ्चोक | ३० |
| ३१ | मकवानपुर | ३१ |
| ३२ | रौतहट | ३२ |
| ३३ | बारा | ३३ |
| ३४ | पर्सा | ३४ |
| ३५ | चितवन | ३५ |
| ३६ | नवलपरासी | ३६ |
| ३७ | रुपन्देही | ३७ |
| ३८ | कपिलवस्तु | ३८ |

| सि.नं. | जिल्लाको नाम | कोड नं. |
|---|---|---|
| ६६ | बाँके | ६६ |
| ६७ | कैलाली | ६७ |
| ६८ | डोटी | ६८ |
| ६९ | अछाम | ६९ |
| ७० | बाजुरा | ७० |
| ७१ | बझाङ्ग | ७१ |
| ७२ | दार्चुला | ७२ |
| ७३ | बैतडी | ७३ |
| ७४ | डडेल्धुरा | ७४ |
| ७५ | कञ्चनपुर | ७५ |
| | | |

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या:- ना. तथा राप. व्या.०७४/०७५
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ५१४

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति:-२०७५/०३/२१

विषय: नागरिकता प्रतिलिपि जारी गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
काभ्रेपलाञ्चोक ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. ३७१० मिति २०७५।०२।३१ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा नेपाल नागरिकता ऐन २०६३, नागरिकता वितरण कार्यविधि र सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम पतिको नाम थर हटाई नागरिकताको प्रतिलिपि दिन सकिने भन्ने २०७५।०३।१८ मा (सचिवस्तर) निर्णय भएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

MIC

(कल्पलता निरौला)
शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2074.075.docx

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सङ्ख्या - ना. तथा राप. व्या.०७५/०७६

पत्र संख्या र मितिः-

-- ४९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७५।०४।०२

विषयः आवश्यक निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
धनुषा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. २९८२ मिति २०७५।०३।१९ को पत्रको सन्दर्भमा जिल्ला धनुषा देवपुरा रुपैठा वडा नं. ९ हाल जनकपुर उ.म.न.पा. वडा नं. २० बस्ने सुदिप ठाकुरले मालपोत कार्यालय धनुषाबाट मिति २०७२।०४।३१ मा पारित गराएको धर्मपुत्रको कागज पेश गरी धर्म बाबुको नाम कायम गरी नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भन्ने निवेदनको सम्बन्धमा नागरिकता ऐन, २०६३ को व्यवस्था बमोजिम आवश्यक प्रक्रिया पुरा गरी यकिन गर्नु पर्ने कुरा यकिन गरी व्यहोरा साँचो ठहरे कानून बमोजिम नागरिकता दिन बाधा नपर्ने भनी निर्णय भएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०४।०१ को निर्णयानुसार अनुरोध छ ।

(यशोदा गौतम)
शाखा अधिकृत

M/C

ना. तथा राप. व्या.०७५/०७६

११८

मितिः- २०७५।०४।१६

## विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्ला **प्रशासन कार्यालय**,
तनहुँ ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मु./०७३/७४ च.नं. ४३७ मिति २०७३।०२।२० को पत्रको सन्दर्भमा तनहुँ जिल्ला तत्कालिन क्यामिन गा.वि.स. वडा नं. ९ वस्ने पूर्ण बहादुर गुरुङ्गको छोरा देवेन्द्र गुरुङ्गले British National (Overseas) को हैसियतमा राहदानी प्राप्त गरेको तर वेलायतको नागरिकता प्राप्त गरेको नदेखिएकोले नेपाली नागरिकताको प्रतिलिपि प्रदान गर्ने तर्फ प्रचलित कानून बमोजिम आवश्यक कारवाही हुन मिति २०७५।०४।१३ को (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

(यशोदा गौतम)
शाखा अधिकृत

०१८

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्या:- ना. तथा राप. व्या.०७५/०७६

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- १२६

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति: २०७५।०४।२०

विषय: जन्मको आधारमा नागरिकता प्राप्त नागरिकको सन्तानको नागरिकता सम्बन्धमा ।

श्री प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम ।

श्री जिल्ला प्रशासन कार्यलय,
सबै ।

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका वालिग सन्तानले नेपालको नागरिकता प्राप्त गर्न नसकेको तथ्यप्रति नेपाल सरकार संवेदनशील छ । नेपालको संविधानले दिएको नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकको कार्यान्वयनमा नेपाल सरकार प्रतिबद्ध रहेको छ । नेपालको नागरिकता सम्बन्धी विषय नेपालको संविधान बमोजिम संघीय कानूनले निर्धारण गरे बमोजिम हुने भएको हुँदा संविधानले दिएको अधिकार प्रयोगका लागि सम्बन्धित कानूनको आवश्यकता पर्ने भएकाले मौजुदा नेपाल नागरिकता ऐन, २०६३ मा समयानुकूल परिमार्जन एंव संशोधनका लागि मसौदा तयार भै संसदमा पेश गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रीपरिषदमा पेश भएको अवस्था रहेको छ । यसलाई छिट्टै संसदमा पठाउने प्रयत्न भइरहेको र संसदबाट संशोधन विधेयक पारित भै ऐन बने पश्चात संघीय कानून बमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने व्यहोरा नेपाल सरकार ( माननीय मन्त्रीस्तर ) को मिति २०७५।०४।२० को निर्णयानुसार अनुरोध छ ।

गंगाप्रसाद न्यौपाने
उपसचिव

M। C

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

९८

पत्र संख्याः- ना. तथा राप. व्या.०७५/०७६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ९४२

मितिः २०७५।०४।२४

विषयः निर्देशन सम्बन्धमा ।

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सबै ।**

जिल्ला प्रशासन कार्यालयमा कुनै समस्या परेको खण्डमा कतिपय जिल्ला प्रशासन कार्यालयबाट प्रमुख जिल्ला अधिकारीलाई जानकारी नै नभई सिधै यस मन्त्रालयमा पत्राचार गरेको पाइयो । तसर्थ अब उप्रान्त मन्त्रालयमा कुनै विषयमा राय/आदेश/निर्देशन माग गर्दा प्रमुख जिल्ला अधिकारीको राय निर्णय सहित वा दस्तखतको पत्र पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

(कल्पलता निरौला)
शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्याः- नाराप/परिपत्र/०७५/७६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- 958

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मितिः-२०७५/०५/२१

**विषयः** विद्यमान मुलुकी (संहिता) ऐन सन्दर्भमा नागरिकता जारी गर्ने बारे ।

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सबै ।**

जिल्ला प्रशासन कार्यालय, तनहुँले च.नं. ८१७ मिति २०७५।०५।०७ को पत्रबाट मिति २०७५।०५।०१ देखि लागू भएको मुलुकी संहितामा २० वर्ष नपुगी कसैले पनि विवाह गर्नु नहुने र गरेमा स्वतः बदर हुने साथै बहुविवाह समेत स्वतः बदर हुने जस्ता ऐनको व्यवस्थाको सन्दर्भमा नेपाली नागरिकता जारी गर्दा २० वर्ष नपुगी पति वा पत्नीको नाम कायम गर्न आएमा वा बहुविवाह गरी पति वा पत्नीको नाम कायम गर्न आएमा नयाँ वा प्रतिलिपि नागरिकता जारी गर्न दुविधा परेको भनी जानकारी हुन आएको हुँदा तत् सम्बन्धमा देहाय बमोजिम गर्न नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०५।१८ को निर्णयानुसार अनुरोध गरिन्छ ।

तपसील

१. मिति २०७५।०५।०१ भन्दा अगाडी भएका विवाहको हकमा तत्काल प्रचलित कानून बमोजिम यस अघि जे जसरी नागरिकता वा प्रतिलिपि जारी गर्ने गरिन्थ्यो सोही अनुसार गर्ने ।

२. मिति २०७५।०५।०१ देखि पछि भएका विवाहको हकमा हाल प्रचलित कानून बमोजिम गर्ने ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

OC

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्याः- नाराप/०७५/७६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- 202

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मितिः- २०७५।०५।२४

**विषयः सक्कल फायल पठाइएको सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**

**सुनसरी ।**

प्रस्तुत विषयमा उमेश ताम्राकारको नागरिकता परित्याग सम्बन्धी कारवाही अगाढि बढाउने गरी गृह मन्त्रालयको च.नं. ३३५ मिति २०७४।१२।१२ को पत्र जिल्ला प्रशासन कार्यालय सुनसरीलाई लेखिएकोमा उमेश ताम्राकारले नागरिकता परित्याग सम्बन्धी निवेदन दिनु अगावै झुठ्ठा विवरण पेश गरी नागरिकता लिएको उजुरी परेको भन्ने कारण देखाई नागरिकता रद्दको लागि जिल्ला प्रशासन कार्यालयको च.नं. ८३८ मिति २०७५।०४।३० को प्राप्त पत्र निर्णयार्थ पेश हुँदा, अधिकार प्राप्त निकाय वा अधिकारीबाट नागरिकता रद्दको निर्णय नभएसम्म उक्त नागरिकतालाई कानून बमोजिम नै भएको मान्नु पर्ने हुन्छ । रद्दको निर्णय हुनु अगावै सम्बन्धित व्यक्तिले नागरिकता लिंदासम्म आफू वंशजको नाताले नेपाली नै भएको र पछि भारतीय नागरिक भएको भन्ने व्यहोरा दर्शाई आफूले प्राप्त गरेको सक्कल नागरिकता प्रमाणपत्र संलग्न गरी नागरिकता परित्यागको निवेदन कार्यालयमा पठाएको हुँदा प्रचलित कानून र कार्यविधि अनुसार परित्याग सम्बन्धी कारवाही अगाडी बढाउन र परित्याग दर्ता पश्चात नागरिकता परित्याग गर्नुको कारण (भारतीय नागरिक भएकोले) सहित परित्याग दर्ता भएको विवरण निजको नागरिकता मुल अभिलेखमा जनाई प्रमाणित गरी राख्ने गरी सक्कल फाइल जिल्ला प्रशासन कार्यालय सुनसरीमा फिर्ता पठाउन मिति २०७५।०८।२१ मा नेपाल सरकार (सचिवस्तर) को निर्णय भएको हुँदा सक्कल फाइल यसैसाथ संलग्न राखी निर्णयानुसार पठाइएको व्यहोरा अनुरोध छ ।

MC

२०७५।५।२४

(कल्पलता निरौला)

शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
# गृह मन्त्रालय
फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्या:- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- २९८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:-२०७५/०८/०३

विषय: परिपत्र सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालय, दाङको च.नं. १३८३ मिति २०७५।०६।२८ को नावालक परिचयपत्रको बाबु/आमाको महलमा धर्मपिता/धर्मआमाको नाम उल्लेख गरी परिचयपत्र दिन मिल्ने नमिल्ने भन्ने विषयको पत्र पेश हुँदा, देहाय बमोजिम गर्ने भनी मिति २०७५।०७।२९ मा यस मन्त्रालयको (सचिवस्तर) निर्णय भएकोले आवश्यक कार्यार्थ अनुरोध छ ।

देहाय

"नावालक परिचयपत्रको बाबु/आमाको महलमा जन्मदिने बाबु/आमाकै नाम उल्लेख गर्ने र संरक्षकको महलमा अदालतद्धारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने अनुमति प्राप्त दम्पत्ती (व्यक्ति) को नाम उल्लेख गरी कोष्ठभित्र धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने व्यक्ति जनाई, यी विवरण निर्णय पुस्तिका, अभिलेखमा समेत जनाई नावालक परिचयपत्र जारी गर्ने ।"

(यशोदा गौतम)
शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्याः- नाराप/०७५/०७६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ३०६

सिंहदरवार,
काठमाडौं, नेपाल ।

विषयः आवश्यक जानकारी ।

मिति २०७५।८।१०

श्री जिल्ला प्रशासन कार्यालय,
काठमाण्डौ ।

नेपाल ह्योल्मो समाज सेवा संघ, काठमाण्डौबाट बिभिन्न कारणले नागरिकता लिने बेलामा आफ्नो थरको पछाडि वास्तविक थर (जाति) ह्योल्मो उल्लेख नभई तामागं, शेर्पा, गुरुङ्ग, लामा, कागते उल्लेख भई फरक पर्न गएकोले आफ्नो पहिचान खुल्ने ह्योल्मो थर (जाती) उल्लेख गरि नागरिकता संशोधन अथवा प्रतिलिपि उपलब्ध गराई सो नागरिकतामा ह्योल्मोहरुको आफ्नो नामको पछाडि पहिले जे लेखिएको भएता पनि त्यसलाई हटाई ह्योल्मो भनि उल्लेख गरि नागरिकता मा सशोंधन गरि दिनका लागि लेखि आएकोमा निर्णयको लागि पेश हुंदा, नेपाल नागरिकता ऐन, २०६३ मा व्यक्तिगत रुपमा आफ्नो नागरिकताको प्रमाणपत्रमा उल्लेखित थर वा उमेर तथा सानातिना त्रुटी सच्याउन दिएको निवेदनको आधारमा सवुद प्रमाण साक्षी सर्जमिन बुझी सम्वन्धित अधिकारीले साविकको नागरिकताको प्रमाण पत्र खिची अर्को नागरिकतको प्रमाण पत्र दिन सक्ने व्यवस्था छ । यस कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा आफ्नो नागरिकताको विवरण सच्याउन चाहने व्यक्तिले सम्वन्धीत अधिकारी समक्ष निवेदन दिन सक्ने भनि यस मन्त्रालयबाट मिति २०७५।८।९ मा (माननीय मन्त्रीस्तर) निर्णय भएको व्यहोरा जानकारिको लागि अनुरोध छ ।

वोधार्थः
नेपाल ह्योल्मो समाज सेवा संघ
वौध, काठमाण्डौ ।

MIC

०७५।८।१०
(कल्पलता निरौला)
शाखा अधिकृत

D:\KALPALATA\nagarikata letters. 075.076

नेपाल सरकार
# गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

पत्र संख्या:-नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ३४६

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति: २०७५।०८।२६

विषय: निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
रौतहट, गौर ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. १७४३ मिति २०७५।०६।२२ को जगरनाथ महतोलाई वंशजको नागरिकता दिन मिल्ने नमिल्ने विषयको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा बाबु आमा वा तीन पुस्ता भित्रको नेपाली नागरिकता नभएको र निजको सनाखत गर्ने व्यक्ति कोही नभएको खण्डमा नेपाल नागरिकता ऐन, २०६३ दफा ८ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) को खण्ड (क) र (ख) ले समेत व्यवस्था गरेको छ भने नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को परिच्छेद-२ दफा ७ ले अझ बढी मार्ग निर्देश गरेको देखिन्छ । सनाखत गर्ने कोही नभई थप व्यक्तिको सनाखत गराउनु पर्ने आवश्यकता बोध भएमा हालको परिप्रेक्षमा सम्बन्धित स्थानीय तहका निर्वाचित पदाधिकारी (नगर प्रमुख वा गाउँपालिका अध्यक्ष वा उप प्रमुख वा उपाध्यक्ष वा वडाअध्यक्ष) ले सनाखत गरिदिएमा स्थानीय तहका पदाधिकारीलाई जिम्मेवार बनाउन उपयुक्त हुने भनी यस मन्त्रालयबाट मिति २०७५।०८।२३ मा (सचिवस्तरीय) निर्णय भएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
# गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 368

मितिः- २०७५।०९।१२

विषयः नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ मा संशोधन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै

श्री ईलाका प्रशासन कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा साविकमा "साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाई सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाई सराइको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकता सम्बन्धी प्रामाणिक अभिलेख मगाई सो को आधारमा प्रतिलिपि दिई साविक कार्यालयलाई जनाउ दिनुपर्छ" भन्ने व्यवस्था भएको मा "साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाई सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाई सराइको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकता सम्बन्धी प्रामाणिक अभिलेख मगाई वा नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) अनुरुप गृह मन्त्रालयको केन्द्रीय विद्युतीय भण्डार (सर्भर) मा भएको अभिलेख हेरी सो को आधारमा प्रतिलिपि दिई साविक कार्यालयलाई जनाउ दिनुपर्छ" भनी यस मन्त्रालयको मिति २०७५।०९।०९ को (सचिवस्तर) निर्णयानुसार नागरिकता प्रमाणपत्र वितरण कार्यविविधि निर्देशिका, २०६३ को दफा ४० को उपदफा ६ मा संशोधन भएकोले संशोधन भए बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

साथै गृह मन्त्रालयको CIMS मा Entry भई केन्द्रिय सर्भरमा भण्डारण भएको नागरिकताको अभिलेख, सेवाग्राहीले विभिन्न सेवा लिने क्रममा पेश गर्ने नागरिकताको प्रमाणपत्र रुजु गर्न समेत प्रयोग गरी सरल एवं छिटो छरितो सेवा प्रवाह गर्नु गराउनु हुन समेत निर्णयानुसार अनुरोध छ ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः नाराप/०७५/०७६
प्राप्त पत्र संख्या र मितिः–
च.नं.: 880

मितिः२०७५/१०/११

**विषयः अदालतबाट आदेश भएका व्यक्तिलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा परिपत्र ।**

श्री जिल्ला प्रशासन कार्यालयहरु,
सबै।

जन्मको आधारमा नागरिकता पाएका सन्तानको बाबु र आमा दुवै नेपाली नागरिक रहेको अवस्थामा भएका सन्तानलाई वंशजको नागरिकता दिइयोस् भनी अदालतको आदेश सहित निवेदनहरु बढिरहेको सन्दर्भमा नीतिगत तथा कानूनी स्पष्टता एवं निर्देशनको लागि जिल्ला प्रशासन कार्यालय, धनुषाको च.नं. ५४९८ मिति २०७५/०९/२७ को पत्रबाट लेखि आएको सम्बन्धमा "अदालतबाट स्पष्ट रुपमा कानून बमोजिम नागरिकता दिन नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय वा प्रमुख जिल्ला अधिकारीको नाममा परमादेश जारी भएका मुद्दाका सम्बन्धमा जुन व्यक्तिको हकमा अदालतले आदेश दिएको छ, निजको बारेमा, वंशजको नागरिकता जारी गर्नु अघि गरिने आवश्यक सम्पूर्ण कार्यविधि, प्रकृया पु-याई जे, जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिन आएमा आवश्यक सबै अभिलेख राखी कानून बमोजिम नागरिकता प्रदान गर्न सकिने" भनी मिति २०७५/१०/९ मा यस मन्त्रालय (गृहमन्त्री स्तरीय)बाट निर्णय भएको हुँदा जानकारी एवं आवश्यक कारवाहीको लागि निर्णयानुसार अनुरोध छ।

गंगा प्रसाद न्यौपाने
(उपसचिव)

बोधार्थ
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ३, गण्डकी प्रदेश, प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्या:- नाराप/०७५/०७६

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-४६४

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति:- २०७५।१०।२३

विषय :- राहदानी सम्बन्धमा।

श्री राहदानी विभाग,
नारायणहिटी, काठमाडौं।

मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ८ बस्ने कमल कुमार तोदीले ' जन्मको आधारमा ' नेपाली नागरिकता प्राप्त गरेका हुन्। ' जन्मको आधारमा ' नागरिकता प्राप्त गरेका सन्तानलाई प्रचलित कानूनमा व्यवस्था नभएसम्म नागरिकता दिन नमिल्ने भनि २०७०।१२।२० देखि नागरिकता प्रदान गर्न रोकिएको अवस्था छ। यसैबिच नेपालको संविधान जारी भई संविधानको धारा ११ को उपधारा (३) ले "यो संविधान प्रारम्भ हुनु भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नेछ।" भनि व्यवस्था गरे बमोजिम निज कमल कुमार तोदीकी छोरी नताशा तोदी नेपाली नागरिकता प्राप्त गर्न योग्य देखिन्छ। तर, नेपाल नागरिकता ऐन, २०६३ मा संविधान बमोजिम आवश्यक संशोधन भइनसकेको (संशोधन विधेयक हाल संघीय संसदमा विचाराधीन रहेको) अवस्था रहेकोले त्यस्ता जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिएको छैन। हाल निज नताशा तोदीले फ्रान्सको Sciences Po Paris मा Masters in International Security विषयमा अध्ययन गर्न जाने सिलसिलामा राहदानी नभएको कारणले राहदानी सिफारिस गरि दिन यस मन्त्रालयको सचिवज्यू समक्ष निजको बाबु र आमाको नागरिकता एवं निजले यस अघि प्राप्त गरेको नाबालक परिचयपत्र र राहदानीको छायाँप्रति समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज नताशा तोदीको नियमानुसार राहदानी बनाईदिने तर्फ आवश्यक कार्यार्थ आदेशानुसार अनुरोध छ।

(प्रमिला गौतम)
शाखा अधिकृत
शाखा अधिकृत

M/C

D:\KALPALATA\nagarikata letters. 075.076

नेपाल सरकार

# गृह मन्त्रालय

कानून तथा फैसला कार्यान्वयन

पत्र संख्याः-२०७५/०७६

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ४२१

सिंहदरबार,
०१-४२११ काठमाडौं, नेपाल ।
०१-४२११२६९
e-mail : legal.moha@gmail.com

मिति :-२०७५।११।१२

श्री जिल्ला प्रशासन कार्यालय सबै ।

विषय :-अदालतको आदेश कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा रिट निवेदक आरिका के.सी (रिट नं.०७४-WO-०७२५) विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत भएको परमादेशको रिट निवेदनमा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७५।०४।१३ मा भएको फैसलामा "नागरिकता ऐन र नियमावलीमा नै स्पष्ट रुपमा उल्लेख भएको नागरिकता प्राप्त गर्न निवेदन दिएको व्यक्तिको बुवा वा आमा मध्ये एकजना व्यक्ति सनाखत गर्न उपस्थित हुनु पर्ने भनी जिल्ला प्रशासन कार्यालयबाट हुने गरेको कार्य संविधान एवं विद्यमान नागरिकता सम्बन्धी कानून विपरीत रहेकोले नागरिकता प्राप्तिको लागि परेको निवेदन साथ पेश भएको जन्मदर्ताको प्रमाणपत्र लगायतका शैक्षिक योग्यताको प्रमाणपत्र एवं अन्य कागजातहरुबाट बुवा आमाको स्पष्ट पहिचान भइरहेको र बुवा वा आमा नेपाली नागरिक रहेको अवस्थामा त्यस्ता व्यक्तिलाई नेपाली नागरिकता दिनलाई बुवा वा आमा मध्ये एकजना लाई अनिवार्य उपस्थित गराई सनाखत गराउने कार्य नगर्न नगराउनु, नागरिकता प्राप्तिको लागि दिएको निवेदन, सम्बन्धित निकायको सिफारिस, जन्मदर्ताको प्रमाणपत्र लगायतका कागजातका आधारमा नेपाली नागकिताको प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा सबै जिल्ला प्रशासन कार्यालयमा पत्राचार गर्न भनी नेपाल सरकार गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ" भन्ने समेत व्यहोराको मिति २०७५।०४।१३ मा आदेश भएको छ ।

उल्लेखित निर्देशनात्मक आदेश कार्यान्वयन गर्न सबै जिल्ला प्रशासन कार्यालयहरुमा पत्राचार गर्ने भनी गृह मन्त्रालय (सचिवस्तर) बाट मिति २०७५।११।०८ मा निर्णय भएको हुँदा निर्णय अनुसार गर्नु गराउनु हुन अनुरोध छ । साथै, सम्मानीत अदालतबाट मिति २०७५।०४।१३ मा भएको फैसलाको छाँयाप्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(भोजराज दाहाल)

कानून अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

## नागरिकता तथा राष्ट्रिय परिचय पत्र व्यवस्थापन

नाराप/०७५/७६

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ४२१

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः- २०७५।११।१९

विषयः सुरक्षा गोष्ठीको लागि दिइने निर्देशन सम्बन्धमा ।

श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा
गृह मन्त्रालय ।

प्रस्तुत विषयमा ताहाँ शाखाको च.न. १६८४ मिति २०७५।१०।२० को प्राप्त पत्रानुसार सुरक्षा गोष्ठीमा प्र.जि.अ.हरुलाई दिइने निर्देशनका विषयहरु देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

१. दलितले शुरुमा नागरिकता बनाउन आउँदा आमा-बाबुको थर जेसुकै भएपनि निजको शैक्षिक प्रमाणपत्र अनुसारको र सो नभए जन्मदर्तामा राखिएको थर राखी नागरिकता प्रमाणपत्र जारी गर्न सकिने ।

२. दलित व्यक्तिले आफ्नो नागरिकतामा उल्लेख भएको थर आफूलाई हिनताबोध भएको भनी सच्याउन आएमा दमाई, कामी, सार्की जस्ता थर भएमा एक पटकलाई मन्त्रालयको परिपत्र अनुसार सच्याई दिने ।

३. बाबुको पहिचान नभएको (बाबु विदेशी हो भनी खुलेको अवस्थामा बाहेक) व्यक्तिलाई प्रचलित कानून बमोजिम आमाको नागरिकताको आधारमा बाबुको महलमा XXX उल्लेख गरी नागरिकता दिन सकिन्छ, दिनुपर्छ ।

४. जन्मको आधारम नागरिकता प्राप्त नागरिकका सन्तानलाई निजको बाबु र आमा दुवैको नागरिकता प्रमाणपत्र रहेछ र अदालतबाट समेत आदेश भएको छ भने वंशजको नागरिकता दिंदा पु-याउनु पर्ने प्रक्रिया पुरा गरी नागरिकता दिने ।

५. विदेशी व्यक्तिले झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकता प्राप्त गरे भन्ने विषयको उजुरी उपर पुरा अनुसन्धान नै नगरी पर्याप्त प्रमाण र आधार बेगर नेपाल नागरिकताबाट हटाउन कतिपय जिल्लाबाट सिफारिस भै आएको देखिन्छ । अवदेखि निम्न कुरालाई मध्यनजर गरेर मात्र निर्णय सिफारिस गर्नेः

- निजको नेपालभित्र घरबास कतै नभएको पाइएमा ।
- नागरिकता दिंदा प्राप्त अनुसूची हेरी सो अनुसूची र कागजात अनुसार सिफारिश गर्ने, सनाखत गर्ने र (सर्जमिन भए सोमा बस्ने व्यक्तिबाट समेत वयान लिई निजहरुले व्यक्त गरेको व्यहोरा विदेशी देखिएमा
- विदेशमा स्थायी बसोबास भएको वा विदेशी नागरिक भएको प्रमाण फेला परेमा र सोको आधिकारिकता प्रमाणित भै आएमा ।
- सम्बन्धितको समेत वयान लिई नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ अनुसार प्रक्रिया पुरा गरी पठाउने । कसैले पोलेको, उजुरी गरेको र निज व्यक्ति विदेशको फलाना व्यक्ति नै हो भनी भनेकै आधारमा सिफारिस नगर्ने ।

६. अंगीकृत नागरिकताको लागि सिफारिश गर्दा ऐन र नियमले तोकेको सबै शर्त पुरा भएमा सोको प्रमाण राखेर मात्र सिफारिश गर्ने । खासगरी अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग कारवाही चलाएको निस्समा सम्बन्धमा सम्बन्धित देशको सरकारको वा दूतावासको पत्र संलग्न गर्ने ।

७. नागरिकताको किसिम, आर्थिक वर्ष, संख्या समेटेर नागरिकताको विवरण तयार गर्ने र अभिलेख दैनिक अध्यावधिक गर्ने ।

८. CIMS मा दिएको Read only access को उपयोग गरी सेवा प्रवाह सहज तुल्याउने ।

९. नागरिकता नियमावली र कार्यविधिमा कुनै संशोधन परिमार्जन गर्नुपर्ने देखिएको भए सो को लागि सुझाव प्रस्तुत गर्ने ।

बोधार्थ

श्री योजना अनुगमन तथा सुल्यांकन शाखा, गृह मन्त्रालय ।

जुना खड्का खत्री
(शाखा अधिकृत)

D:\Nagarikta Section\all nagarikata\masik pragati bibaran१.doc

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्या:- नाराप/०७५/०७६

प्राप्त पत्र संख्या र मितिः--

च.नं.:- ४२६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः- २०७५।११।२७

विषय : निर्देशन सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
पाल्पा ।

प्रस्तुत विषयमा निवेदकहरु ठाकुर प्रसाद पाण्डे र पारस पाण्डेलाई वंशजका आधारमा नागरिकता जारी गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा निर्देशन माग भई ताहाँ कार्यालयको च.नं. ३२८१ मिति २०७५।११।०३ को पत्र प्राप्त भई निर्णयका लागि पेश हुँदा, 'नेपालको संविधानको धारा ११ को उपधारा (५) मा "नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजका आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ" भन्ने व्यवस्था रहेको साथै, नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा "कुनै व्यक्ति जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने व्यवस्था रहेको हुँदा निजहरु नेपालको नागरिक आमाबाट जन्मिएको, नेपालमा बसोबास गर्दै रहेको र बाबुको पहिचान नखुलेको (बाबु विदेशी हो भन्ने नखुलेको अवस्था) आधारमा नागरिकता माग गर्न आएमा वंशजको आधारमा नागरिकता प्रदान गर्न संविधान र कानून बाधक नभएको' भनि मिति २०७५।११।२६ मा यस मन्त्रालयबाट (सचिव स्तरीय) निर्णय भएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

२०७५।११।२६

(प्रमिला गौतम)
शाखा अधिकृत

MIC

D:\KALPALATA\nagarikata letters. 075.076

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail=nagarikta@moha.gov.n

पत्र संख्या:- नाराप/०७५/०७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं. १४३१

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति:- २०७५।११।२८

**विषय : पशुपती वृद्धाश्रममा रहेका वृद्ध वृद्धाहरुलाई नागरिकता दिलाउन समन्वय गरिदिन हुन ।**

**श्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं।**

प्रस्तुत विषयमा समाज कल्याण केन्द्र वृद्धाश्रम देवपतन पशुपतीमा रहेका नागरिकता प्रमाण पत्र विहिन २६ (छब्बीस) जना वृद्ध वृद्धाहरुलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा सरोकारवाला निकायहरुबीच विभिन्न चरणमा छलफल भए बमोजिम उक्त आश्रममा रहेका नेपाली नागरिकता बनाउनु पर्ने वृद्धहरुको विवरण संलग्न गरी नागरिकता प्रमाणपत्र प्रदान गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई अनुरोध भई आएको र सोही सम्बन्धमा कतिपय वृद्धाहरुको तीन पुस्ता भित्रको सनाखत गर्ने व्यक्ति समेत कोही नभएको तथा अधिकांशको ठेगाना अन्य जिल्ला रहेकोले निजहरुलाई नेपाली नागरिकता प्रदान गर्ने प्रक्रिया सम्बन्धमा दुविधा उत्पन्न भएको भनी आवश्यक निर्देशन माग भई यस मन्त्रालयमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट पत्र प्राप्त भई निर्णयका लागि पेश हुँदा देहाय बमोजिमको मिति २०७५।११।२७ मा यस मन्त्रालयबाट (सचिव स्तरीय) निर्णय भएकाले निजहरुलाई नागरिकता दिलाउन तहाँ मन्त्रालयले नेतृत्व लिई समन्वय गरिदिन हुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१.सम्बन्धित वृद्ध व्यक्ति कहिलेदेखि कुन व्यक्ति मार्फत वृद्धाश्रममा रहनुभएको हो विस्तृत विवरण सहित निजलाई नागरिकता दिलाउन सिफारिस गर्ने, सम्बन्धित स्थानीय तह वडाबाट अनुसूची फाराम, जन्म लगायत आवश्यक सिफारिस कागजात प्राप्त गर्न पहल गर्ने र तीन पुस्ता भित्रको कोही नभएका व्यक्तिको हकमा संरक्षकको नाताले सनाखत गर्ने कार्य वृद्धाश्रमले गर्ने।

२.वृद्धहरुलाई नागरिकता दिलाउने कार्यमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले नेतृत्व लिई सम्बन्धित वृद्ध व्यक्तिको ठेगाना पत्ता लागेकोमा उक्त सम्बन्धित स्थानीय तह वडाको जन्म प्रमाण/सिफारिश लगायतका आवश्यक सिफारिश तीन पुस्ता भित्रको कोही फेला परेमा निजको ना.प्र.प को प्रतिलिपि, सम्बन्धित वृद्धसँगको नाता प्रमाणित लगायतको प्रमाण संकलन गरी माथि बुँदा नं. १ को कार्य समेतको लागि सहजीकरण गरिदिन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई अनुरोध गर्ने।

क्रमश:

D:\KALPALATA\nagarikata letters. 075.076

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail=nagarikta@moha.gov.np

पत्र संख्या:- नाराप/०७५/०७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४८१

सिंहदरबार,
काठमाडौं, नेपाल।

३.संलग्न सूची अनुसारका वृद्धहरुको तत्कालिन ठेगाना अन्य जिल्ला भएपनि हाल बसोबास काठमाडौं जिल्ला भित्र वृद्धाश्रममा असहायको रुपमा रहेको हुँदा काठमाडौंमा स्थायी बसोबास भएको मानी सिफारिश सहितको अनुसूची -१ फाराम प्रास भएपछि जिल्ला प्रशासन कार्यालय,काठमाडौंले प्रचलित कानून र समयसमयमा मन्त्रालयबाट भएको परिपत्र अनुसार आवश्यक छानविन एवं जे जो बुझ्नुपर्छ बुझी नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने।

४.बाबु आमाको नाम खुलेको तर आफ्नो तीन पुस्ता भित्र सनाखत गर्ने व्यक्ति कोही नभएको वा तीन पुस्ता भित्रको कसैको नागरिकता प्रमाणपत्र नभएको व्यक्तिको हकमा यस अघि यस मन्त्रालयको मिति २०७५।०८।२३ को निर्णय बमोजिम मिति २०७५।०८।२६ मा जिल्ला प्रशासन कार्यालय, रौतहटलाई दिएको निर्देशन यस सन्दर्भमा समेत लागु हुने हुँदा सो निर्देशनलाई समेत आधार मानी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले कार्य गर्न सक्ने।

(प्रमिला गौतम)
शाखा अधिकृत

<u>बोधार्थ तथा कार्यार्थ</u>

श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं - माथि बुँदा नं. ४ मा उल्लेख गरिए अनुसार जिल्ला प्रशासन कार्यालय, रौतहटलाई दिइएको निर्देशन पत्रको छायाँप्रति समेत संलग्न छ। निर्णयानुसार हुन।

श्रीमान,
प्रस्तुत व्यहोराको पत्र पत्राचार गर्न स्वीकृतार्थ पेश गरेको छु।
२०७५/११/२८

O/C

२०७५/११/२९

D:\KALPALATA\nagarikata letters. 075.076

नेपाल सरकार
# गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

पत्र संख्या:- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४४१

सिंहदरबार,
काठमाडौं, नेपाल।

मितिः २०७५।१२।१३

विषयः नेपाली नागरिकता परित्याग सम्बन्धमा ।

श्री परराष्ट्र मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

विदेशमा रहेका नेपाली नागरिकले आ-आफ्नै कारण देखाई नेपाली नागरिकता परित्यागको लागि विदेशस्थित नेपाली नियोगमा निवेदन दिने गरेको र सो उपर कानून बमोजिम हुन कन्सुलर सेवा विभाग मार्फत निवेदन यस मन्त्रालय हुँदै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाइने गरिएको व्यहोरा बिदितै छ । कतिपय नेपाली नियोगहरुले नाबालकहरुको पनि नागरिकता परित्यागको निवेदन लिई पठाउने गरेको र सोही आधारमा कतिपय जिल्ला प्रशासन कार्यालयहरुले समेत नाबालकको नागरिकता परित्याग भएको जानकारी पठाउने गरेको पाइयो ।

१६ वर्ष भन्दा कम उमेरका व्यक्तिको लागि नाबालक परिचयपत्रको व्यवस्था गरिएको र निज १६ वर्ष पुगेपछि त्यस्तो नाबालक परिचयपत्र स्वतः निष्कृय हुन्छ । कतिपय नेपाली नियोगबाट १६ वर्ष उमेर पुगिसकेका व्यक्तिलाई समेत नाबालक परिचयपत्रकै आधारमा राहदानी बनाउन सिफारिश भै राहदानी जारी भएको समेत देखिएको ब्यहोरा ध्यानाकर्णको लागि अनुरोध छ।

नेपाल नागरिकता ऐन, २०६३को दफा ८(१)ले बंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न १६ वर्ष उमेर पूरा गरेको हुनुपर्ने व्यवस्था गरेको हुँदा १६ वर्ष उमेर नपुगी नेपाली नागरिकता जारी गरिँदैन । अर्कोतर्फ, आफू कुन देशको नागरिक हुने भन्ने कुराको स्वनिर्णय नाबालकले लिन सक्ने होइन, त्यस्तो निर्णय कानून बमोजिम निज बालिग भएपछी मात्र गर्न सक्ने हुन्छ । अतः नावालकबाट निवेदन लिने कार्य आवश्यक र उपयुक्त नदेखिएको हुँदा नाबालकहरुको नागरिकता परित्याग सम्बन्धमा आवश्यक जानकारी त्यहाँबाटै सम्बन्धित व्यक्ति र विदेशी निकायलाई गराइदिने व्यवस्थाको लागि यस मन्त्रालयको मिति २०७५।१२।१२ को (सचिव स्तर) निर्णयानुसार अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थ

श्री कन्सुलर सेवा विभाग, नारायणहिटी दरवार, काठमाडौ ।

श्री जिल्ला प्रशासन कार्यालय

सबै (७७जिल्ला) – नागरिकता नलिएको भनि बालिग व्यक्तिले आफ्नो नागरिकता परित्यागको लागि निवेदन दिएमा नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १० बमोजिमको दर्ता किताबमा दर्ता नगर्ने । तर, नागरिकता अभिलेख हेरी निजको नाममा नागरिकता जारी भए नभएको ब्यहोरा जानकारी गराउने । नाबालक परिचयपत्र जारी गर्दा कार्डमा स्पष्ट देखिने गरी "परिचयपत्र बाहकको उमेर १६ वर्ष नपुगेसम्म यो परिचयपत्र मान्य हुनेछ ।" भन्ने ब्यहोरा अनिवार्य उल्लेख गर्ने ।

०।८

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

पत्र संख्या:- नाराप/०७५/७६
चलानी नं.:- २१३

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः-२०७५।१२।१९

विषयः जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७ जिल्ला) ।

विद्यमान नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न पेश भएको विधेयक संघीय संसदमा बिचाराधीन रहेको लामो समय भएको, सम्मानित सर्वोच्च अदालतवाट जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई कानून बमोजिम नागरिकता दिन आदेश भएको र नागरिकका उमेर पुगिसकेका बालिग सन्तानले नागरिकता नपाएर आफ्नो शैक्षिक एवं वृत्ति विकास गर्न नपाई झेलिरहनु परेको समस्यालाई संवोधन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा ११ को उपधारा (३) को व्यवस्था बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानले आफ्नो बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी नेपाली नागरिकता पाउन निवेदन दिएमा नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्दा अपनाउनु पर्ने कार्यविधि प्रक्रिया अपनाई जे जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिएमा वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने भनी यस मन्त्रालयबाट मिति २०७५।१२।१९ मा (मा.मन्त्रीस्तर) निर्णय भएकोले निर्णयानुसार गर्नु हुन अनुरोध गर्दछु ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं.१/प्रदेश नं.२/प्रदेश नं.३/गण्डकी प्रदेश/प्रदेश नं.५/कर्णाली प्रदेश/सुदुरपश्चिम प्रदेश

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्या:-नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ५९५

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७५/१२/२५

विषय - प्रगति सहितको दैनिक जाहेरी पठाउने ।

श्री जिल्ला प्रशासन कार्यालय,

सबै (७७ जिल्ला) ।

जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता उपलव्ध गराउने सम्बन्धी यस मन्त्रालयको च.नं. ५८३ मिति २०७५।१२।१९ को परिपत्र प्राप्त भएकै होला । सो सम्बन्धमा देहाय बमोजिमको ढाँचामा प्रगति सहितको छुट्टै जाहेरी प्रत्येक दिन कार्यालय समयभित्र अनिवार्य रुपमा यस शाखाको इ-मेल nagarikta@moha.gov.np वा फ्याक्स नं. ०१-४२११९४६ मा पठाउनु हुन श्रीमान् सचिवज्यूको निर्देशानुसार अनुरोध गर्दछु ।

१) उल्लेखित परिपत्र पश्चात जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता बितरण कार्य शुरु गरिएको मिति —

२) उल्लेखित नागरिकताको दैनिक बितरण संख्या-

मिति - संख्या —

३) नागरिकता बितरण कार्य शुरु गर्न नसकिएको हो भने त्यसको कारण —

४) नागरिकता बितरण शुरु भैसकेपछि, त्यस्ता सेवाग्राहीको चाप कत्तिको रहेको छ? के कस्ता समस्या आएका छन्? समाधानका उपायहरु के के छन् ?

साथै, अब देखि मासिक तथा बार्षिक प्रगति विवरण पठाउदा 'जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानलाई' वितरित नागरिकता संख्या (महिला,पुरुष र अन्य) समेत खुल्ने गरी पठाउनु हुन समेत अनुरोध छ ।

(जुना खड्का खत्री )
शाखा अधिकृत

C:\Users\user\Desktop\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२१११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ८२९

मिति: २०७६।०१।१५

विषय: दैनिक प्रगति विवरण पठाउने सम्बन्धमा ।

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सबै ।**

उपर्युक्त सम्बन्धमा यस मन्त्रालयको च.नं. ५८३ मिति २०७५।१२।१९ तथा च.नं. ५९५ मिति २०७५।१२।२५ को पत्र प्राप्त भई व्यहोरा अवगत भएकै छ । उक्त पत्रमा उल्लेख भए अनुसार जन्मका आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई ताहाँ कार्यालय एवं मातहतका कार्यालयबाट वितरण गरिएको एकमुष्ट नागरिकताको प्रगति विवरण दैनिक रुपमा निम्न फर्मेटमा भरी अनिवार्य रुपमा यस शाखाको E-mail=nagarikta@moha.gov.np वा फ्याक्स नं.०१-४२१११४६ मा पठाउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

निम्न

| जन्मका आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वितरित वंशज नागरिकता विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति २०७६/०१/..... का दिन वितरित | | | अघिल्लो दिनसम्मको वितरित | | | हालसम्मको जम्मा | | | कैफियत |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | |

श्रीमान्,
उपरोक्त बमोजिम जिल्लालाई (दर्ता ७७) परिपत्र गर्न सकेत।
[signature]
O/C

[signature] २०७६-१-१५

[signature]
(जुना खड्का खत्री)
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६४१

मितिः २०७६।०१।२०

विषयः नागरिकता प्रदान गर्ने सम्बन्धी निर्देशन ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
ललितपुर ।

प्रस्तुत विषयमा गोदावरी नगरपालिका वडा नं.-३ बस्ने दिवाकार क्षेत्री र प्रभाकर क्षेत्रीले नागरिकता दिलाई न्याय पाउँ भनी यस मन्त्रालयमा पेश गरेको निवेदन उपर कारवाही हुँदा माननीय गृह मन्त्रीज्यूको तहबाट मिति २०७६।०१।१९ मा भएको देहायको निर्णय कार्यान्वयनको लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

देहायः-

निर्णयको व्यहोरा

१. निवेदकको बाबु स्व. रुडल (रुडल्फ) क्षेत्रीको नागरिकता प्राप्त नगर्दै मृत्य भएको र आमा सुष्मा राई क्षेत्री वंशजको नागरिक रहेको अवस्थामा बाबुको वंशीय सम्बन्ध खुल्ने कागजात प्रमाण नभएकै आधारमा नेपाली बाबु र आमाबाट नेपालमा नै जन्म भई पेशा व्यवसाय गरी परिवारका साथ बसोबास गर्दै आएका हामी निवेदक दिवाकर क्षेत्री र प्रभाकर क्षेत्रीलाई वालिग भएको ३० वर्षभन्दा बढी समयसम्म पनि नागरिकताबाट वञ्चित गरिएकोले अन्याय प-यो भनी प्राप्त निवेदन र संलग्न मिसिल कागजातमा उल्लेखित विवरण बमोजिम निवेदकहरुलाई मर्का परेको देखिएको ।

२. निवेदकहरुको जिकिरमा बाबु र आमा दुवै नेपाली रहेको भनिएको तर बाबुको हकमा तीन पुस्ते र जन्म ठेगाना, स्थायी ठेगाना, पेशा व्यवसाय, हुलिया तथा स्वदेशी, विदेशी लगायतको पहिचान खुल्ने प्रमाण नरहेपछि निवेदकको बाबुको नाम मात्र उल्लेख भएको, वंशीय सम्बन्ध र ठेगाना आदि नखुलेको अवस्थालाई बाबुको पहिचान खुलेको मान्न सकिने अवस्था विद्यमान नरहेको ।

३. बाबुको पहिचान नखुलेको अवस्थामा आमाको नामबाट नागरिकता दिन सकिने सिद्धान्त संविधानको धारा ११ को उपधारा ५ स्थापित गरिसकेको । साथै बाबुको राष्ट्रियता गैर नेपाली ठहर हुने अवस्था आएमा सोही बमोजिम हुने नै हुँदा संविधान, नागरिकता सम्बन्धी प्रचलित कानून र अभ्यास बमोजिम गरेको अवस्थामा आमाको नामबाट वंशजको नागरिकता दिन सकिने संवैधानिक व्यवस्था रहेको ।

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:

४. सम्मानित अदालतले निवेदकहरुले कुन किसिमको नागरिकता पाउने हो छानविन गरी निर्णयमा पुग्न जिल्ला प्रशासन कार्यालयलाई आदेश गरेको र प्रचलित कानून बमोजिम पनि निवेदकलाई नागरिकता प्रदान गर्ने वा गर्न नसकिने कारण र आधार भए सो खुलाई निवेदकलाई जानकारी गराउने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीमा रहेको ।

## निर्णय

यस सन्दर्भमा प्रचलित संवैधानिक तथा कानूनी व्यवस्था, यस अघि मन्त्रालयले यस्तै प्रकृतिको सवालमा गरेको निर्देशन/परिपत्र साथै माथि उल्लेखित बुँदा नं. २ मा भएको विश्लेषण बमोजिम स्व. रुडल (रुडल्फ) क्षेत्री र सुष्मा राई क्षेत्रीका सन्तान निवेदक दिवाकर क्षेत्री र प्रभाकर क्षेत्रीलाई नेपालको संविधानको धारा ११(५) र सोको प्रतिवन्धात्मक वाक्यांश बमोजिम नागरिकता प्रदान गर्न वाधा पर्ने नदेखिएकोले सोही बमोजिम गर्न जिल्ला प्रशासन कार्यालय ललितपुरलाई निर्देशन दिने ।

(जुना खड्का खत्री)
शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
गृह मन्त्रालय
फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्याः नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६४१

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७६।०१।२५

**विषयः** आदेश कार्यान्वयन गर्नु गराउनु हुन ।

**श्री जिल्ला प्रशासन कार्यालय,**
**सबै ।**

उपर्युक्त सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको च.नं. ७५३०६-२९५७२६ मिति २०७६।०१।२४ को पत्रसाथ प्राप्त हुन आएको रिट निवेदक अधिवक्ता बालकृष्ण नेउपाने र विपक्षी नेपाल सरकार गृह मन्त्रालय समेत भएको ०७५-wo-०९९१ नं. को उत्प्रेषणयुक्त परमादेश समेत रिट निवेदनमा मिति २०७६।०१।२४ गते गृह मन्त्रालयको च.नं.५८३ मिति २०७५।१२।१९ को पत्रको विषयमा पूर्ण ईजलाशबाट सुनुवाई भई अन्तरिम आदेश जारी हुने, नहुने सम्वन्धमा टुंगो नलागेसम्म नेपाल सरकार गृह मन्त्रालयको च.नं.५८३ मिति २०७५।१२।१९ को पत्र कार्यान्वयन नगर्नु नगराउनु, हाल सो पत्र कार्यान्वयन नगरि यथास्थितिमा राख्नु भनी अल्पकालिन अन्तरिम आदेश जारी भएकोले सोको प्रतिलिपी यसैसाथ राखी पठाईएको छ ।सो आदेशानुसार गर्न गराउनु हुन समेत अनुरोध छ भनी आदेश समेत संलग्न राखी पत्र प्राप्त हुन आएकोले आदेशानुसार गर्नु गराउनु हुन फैसलाको प्रति पाना-२ समेत यसैसाथ संलग्न राखी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(हिरादेवी पौडेल)
उप-सचिव

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२१११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

पत्र संख्या: नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- 622

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०७६/०३/०४

विषय: स्वतन्त्र नामथरबाट नागरिकता बारे ।

श्री जर्ज एभरेष्ट,
काठमाडौं ।

तपाईले मिति २०७६/०२/२८ मा पेश गरेको जात विहिन स्वतन्त्र नामथरबाट नागरिकता दिलाई पाउँ भन्ने विषयको निवेदन सम्बन्धमा कारवाही हुँदा तपाईले जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट ना.प्र.नं. १८३१० मिति २०४६/०५/०८ मा नरबहादुर विश्वकर्मा नामबाट नागरिकता लिइसकेको देखिएकोले स्वतन्त्र नामबाट नागरिकता प्रतिलिपि जारी गर्ने सम्बन्धमा मैजुदा कानूनी व्यवस्था नरहेकोले सोही व्यहोरा निवेदकलाई जानकारी दिने भनी मिति २०७६/०३/०३ मा (सचिवस्तरीय) निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

बोधार्थ

श्री मानव जागरण अभियान-नेपाल,
काठमाडौं ।

MIC

(अरुण सापकोटा)
शाखा अधिकृत

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

नाराप/०७५/७६

O/C

पत्र संख्या र मितिः-
६२४

सिंहदरबार,
मिति : २०७६/०३/०९ काठमाडौं, नेपाल ।

विषय : वृद्ध वृद्धालाई नागरिकता प्रदान गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,

काठमाण्डौ ।

प्रस्तुत विषयमा मन्त्रालयको च. न. ५३१ मिति २०७५/११/२८ को पत्रको सन्दर्भमा लेखिँदैछ । पशुपति वृद्धाश्रममा रहनुभएका २६ जना वृद्ध वृद्धाहरु नागरिकता विहिन भई समस्या परेको व्यहोरा उक्त पत्रबाट लेखिएको विदित नै छ । वृद्ध वृद्धालाई नागरिकता प्रदान गर्नेतर्फ प्रचलित कानून र अभ्यास बमोजिम यथाशीघ्र आवश्यक प्रक्रिया पुरा गरी कारबाही हुन र सो को जानकारी मन्त्रालयमा पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

संलग्न कागजातहरु

१. च.न. ५३१ मिति २०७५/११/२८ को मन्त्रालयको पत्रको छाँयाप्रति थान -२ ।

२. मन्त्रालयको च. न. ३४६ मिति २०७५/०८/२६ को जिल्ला प्रशासन कार्यालय रौतहटलाई दिएको निर्देशनको पत्र छाँयाप्रति थान -१ ।

३. पशुपति वृद्दाश्रममा बसिरहनुभएका २६ जना वृद्द वृद्दाहरुको नामावलीको सूचि थान- १ ।

**बोधार्थ / कार्यार्थ**

श्री महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार काठमाण्डौ । आवश्यक सहयोग र समन्वयका लागि अनुरोध ।

(जुना खड्का खत्री)
शाखा अधिकृत

D:\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
# गृह मन्त्रालय
फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्या:- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
चलानी:- 668

MIC

सिंहदरबार,
काठमाडौं, नेपाल।
मिति: २०७६।०३।३०

विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
मोरङ्ग।

तहाँ कार्यालयको च.नं. ८३२८ मिति २०७६/०३/१५ को पत्रको सन्दर्भमा लेखिदैछ ।

उक्त पत्रमा उल्लेखित वैवाहिक अंगीकृत नागरिकता प्रमाणपत्र प्राप्त गरेकी महिलाको अदालतको फैसला अनुसार सम्बन्ध विच्छेद भएपछि पतिको नाम हटाई प्रतिलिपि नागरिकता प्रमाणपत्र जारी गर्न सकिने व्यहोरा मिति २०७६/०३/३० को (मा.गृहमन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध छ ।

(अरुण सापकोटा)
शाखा अधिकृत

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

नेपाल सरकार
# गृह मन्त्रालय
(सूचना प्रविधि शाखा)

फोन नं.: ०१-४२११२०४
फ्याक्स: ०१-४२११२५२
इमेल : egov@moha.gov.np

visit Nepal 2020 Lifetime Experiences

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७६/७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १२

मिति:२०७६।०४।१६

बिषय: निर्देशन सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय सबै ।
श्री ईलाका प्रशासन कार्यालय सबै ।

उपरोक्त सम्बन्धमा इलाका प्रशासन कार्यालय बुर्तिबाङ बाग्लुङको प.सं. ०७६/७७ च.नं. ५० मिति २०७६।०४।१६ को पत्रबाट साविक गुल्मी जिल्ला अन्तर्गत रहेको दगातुंडाँडा हालको बागलुङ जिल्लाको बडिगाड गाउँपालिका अन्तर्गत रहेको र हाल CIMS Software मा गुल्मी जिल्ला अन्तर्गत दगातुंडाँडा गा.वि.स. नरहेको हुँदा साविकमा जन्मस्थान र स्थायी ठेगाना गुल्मी जिल्ला दगातुंडाँडा गा.वि.स. कायम गरि दिइएको नागरिकता प्रमाणपत्रहरुको प्रतिलिपि जारी गर्दा जन्मस्थान तथा स्थायी ठेगाना के राख्ने भन्ने सम्बन्धमा निर्देशन माग भएको सन्दर्भमा त्यस जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालयबाट CIMS Software मार्फत प्रदान गरिने प्रतिलिपि नागरिकता प्रमाण पत्रहरुको हकमा साविक अन्य जिल्ला अन्तर्गत रहेका नगर/गाउँपालिकाहरु हाल त्यस जिल्ला अन्तर्गत रहने गरी भौगोलिक सिमा परिवर्तन भएको भए सोको एकिन गरी साविक जिल्लाको सट्टा हालको जिल्ला कायम गरी नागरिकताको प्रतिलिपि जारी गर्नुहुन नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७६।०४।१६ को निर्णयानुसार अनुरोध छ ।

(दिपकराज नेपाल)
उपसचिव

नेपाल सरकार
# गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

संख्या:- नाराप/०७६/७७
पत्र संख्या र मिति:- M1C
-६६

मिति: २०७६/०४/२३

नेपाल सरकार
गृह मन्त्रालय

विषय: आवश्यक कार्यार्थ पठाइएको ।

श्री जिल्ला प्रशासन कार्यालय,
काठमाडौं ।

तहाँको च.नं. १९५० मिति २०७६/०३/२३ र च.नं. १९७१ मिति २०७६/०३/३१ को पत्रबाट नयाँ नागरिकता, प्रतिलिपि नागरिकताको बाबुको महलमा धर्मपिता/माताको नाम राख्ने सम्बन्धमा माग भएको निर्देशनका सम्बन्धमा देहाय बमोजिम निर्देशन पठाउने मिति २०७६/०४/१७ को (मा.गृहमन्त्रीस्तरीय) निर्णयानुसार अनुरोध छ ।

"कानून बमोजिम धर्मपिता/माता कायम भएको अवस्थामा निवेदकको माग बमोजिम धर्मपिता/माताको नाम राखी नागरिकता दिन सकिने, तर बायोलोजिकल पिता/माताको पहिचान भए सो को अभिलेख र धर्मपिता/माताको अभिलेख निर्णय पुस्तिकामा जनाई नागरिकता प्रमाणपत्रको बाबु आमाको नामको महलमा धर्मपुत्र/पूत्री ग्रहण गर्ने व्यक्तिको नाम राख्न सकिने ।"

(अरुण सापकोटा)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल।

प.सं. नाराप/०७६/७७
च.नं. ११६

मितिः-२०७६।०५।०३

विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सुर्खेत ।

तहाँको च.नं. ४३८ मिति २०७६/०४/१४ को पत्रबाट निर्देशन माग भएको सम्बन्धमा लेखिदैछ ।

पत्रमा उल्लेखित नागरिकताको प्रमाणपत्रमा थर संशोधन सम्बन्धमा जातिगत संकिर्णता जनाउने थरहरु संशोधन गर्न सकिने व्यवस्था यस मन्त्रालयको पूर्व परिपरत्रबाट भएकै छ । यसैसँग सम्बन्धित मिति २०६८/०९/२८ को परिपत्रको छायाँकपि पाना-१ संलग्न छ ।

जातीय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिलाई बाबुको भन्दा नयाँ फरक थर राखी वा थर सच्याई नागरिकता प्रमाणपत्र दिन सकिने तर जातै संशोधन हुने गरी थर संशोधन गर्न नसकिने व्यहोरा निर्देशन दिने भनी मिति २०७६/०५/०२ को निर्णयानुसार अनुरोध छ ।

०१

(अरुण सापकोटा)
शाखा अधिकृत

फ्याक्स नं. ०१४२१११४६
फोन नं. ०१४२११२४५
Email:- nagarikta@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ९८६

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७६।०५।११

श्री कानून तथा फैसला कार्यान्वयन शाखा
गृह मन्त्रालय ।

**विषय : फैसला/आदेश कार्यान्वयनको विवरण पठाइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा त्यस शाखाको च. नं. ९६ मिति २०७६।०५।०८ को फैसला/आदेश कार्यान्वयन सम्बन्धमा पत्रको शिलसिलामा लेखिदैछ ।

सो सम्बन्धमा रिट निवेदक डिल बहादुर विश्वकर्मा विपक्षी यस मन्त्रालय समेत भएको २०६० सलको रिट नं. ००४२ रिट निवेदनमा.... "**बादी समुदायका बालबालिकाहरु लगायत बाबुको ठेगान नलागेको सवै बालबालिकालाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरुको जन्मदर्ता गर्न इन्कार नगर्नु तथा त्यस्ता बालबालिकालाई नेपाल अधिराज्यको संबिधान २०४७ को धारा ९ को उपधारा (२) तथा नेपाल नागरिकता ऐन २०२० को दफ ३ को उपदफ (४) बमोजिम नेपालको नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गरी त्यस्ता ब्यक्तिहरुलाई नेपालको नागरिकता प्रदान गर्न विपक्षीहरुकाको नाममा परमादेश जारी हुने ठहर्छ । साथै उल्लेखित रिट निवदनमा जस्तै प्रस्तुत रिट निवेदनमा पनि बादी समुदायका समस्याको बारेमा अध्ययन गर्न अदालतको आदेशानुसार श्री ५ को सरकारका सम्बन्धित निकाय तथा बादी समुदायका ब्यक्ति तथा निजहरुको समस्याको बारेमा अध्ययन अनुसन्धान गरिरहेका संस्था समेतको प्रतिनिधिहरु सहभागी भइ वादी समुदायका ब्यक्तिहरुका विद्यमान समस्या र त्यसको समाधानका लागि अपनाउनु पर्ने भनी सर्वसम्मत रुपमा पेश गरिएको प्रतिबेदनमा उल्लेख गरिएको प्रतिबेदनमा उल्लेख गरिए अनुरुपका उपायहरुलाई प्राथमिकताको आधारमा कमश लागु गर्दै जानु र त्यसको जानकारी यस अदालतलाई दिनु** ... "भनि सम्मानित सर्वोच्च अदालतबाट मिति २०६२।०५।३० मा भएको फैसलाको कार्यान्यनको लागि गृह मन्त्रालयको पत्र संख्या ०६७०६८ च.नं.२४५ मिति २०६७।१०।१२ पत्रबाट वादी समुदायको नागरिकता सम्बन्धमा सवै क्षेत्रीय प्रशासन कार्यालय मार्फत सवै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिएको छ । साथै उक्त परिपत्र कार्यान्वयन भइरहेको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**वोधार्थ** : सवै जिल्ला प्रशासन कार्यालय :- माथि उल्लेखित सम्मानित सर्वोच्च अदालतको आदेश र गृह मन्त्रालयको पत्र संख्या ०६७०६८ च.नं. २४५ मिति २०६७।१०।१२ पत्रबाट वादी समुदायको नागरिकता सम्बन्धमा गरिएको परिपत्रको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु हुन ।

नारायण न्यौपाने
(शाखा अधिकृत)

D:\Letter Narayan 2076.077.docx

नेपाल सरकार
# गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१४२१११४६
फोन नं. ०१४२११२४५
Email:- nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 966

मिति : २०७६/०५/२३

**विषयः निर्देशन सम्बन्धमा**

श्री जिल्ला प्रशासन कार्यालय
काठमाण्डौ ।

प्रस्तुत विषयमा त्यस कार्यालयको प.सं. ०७६ /७७ च.नं. २०० मिति २०७६।०५।०३ को पत्र अनुसार काठमाण्डौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. ५ बस्ने सकिला महर्जनले श्रीमान राम शरण मर्हजनको नामथरबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि सम्बन्धित वडाले दोस्रो श्रीमतिको रुपमा विवाह दर्ता गर्न नमानेकोले निवेदिकालाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न द्विविधा परेको भनी निर्देशनका लागि लेखि आएकोमा निजले पेश गरेका कागजातका आधारमा निवेदिका नेपाली नागरिक भएकोमा कुनै द्विविधा नदेखिएकोले निज सकिला महर्जनलाई नेपाली नागरिकता प्रमाण पत्र दिन जिल्ला प्रशासन कार्यालय काठमाण्डौलाई निर्देशन दिने भनी माननीय गृह मन्त्रीस्तरबाट मिति २०७६।०५।१९ मा निर्णय भएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

(नारायण न्यौपाने)
शाखा अधिकृत

D:\Letter Narayan 2076.077.docx

नेपाल सरकार
गृह मन्त्रालय
फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा
सिंहदरबार
काठमाडौं, नेपाल

०१५

पत्र संख्या:- नाराप/०७६/७७
चलानी पत्र संख्या र मिति:-
च.नं.:- २३६

मिति:-२०७६/०७/०३

विषय: राय प्रतिक्रिया उपलब्ध गराइएको ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,
पोखरा ।

तहाँ आयोगको प.सं. ०७६/७७ च.नं. ४७५ मिति २०७६/०५/३१ को पत्रानुसार पर्वत जिल्ला साविक पिपलटारी-९ हाल कुश्मा-१० माइत तथा साविक दुर्लुङ्ग-५, हाल कुश्मा -३ घर भएकी ऋषिराम शर्माकी श्रीमती विन्दु शर्मा पौडेलले चारित्रिक प्रमाणपत्र पेश गरी जन्म मिति संशोधन गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिएको सम्बन्धमा मिति २०७६/०६/०३ को सचिवस्तरबाट देहाय बमोजिमको राय पठाउने निर्णय भएको व्यहोरा अनुरोध छ ।

"नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममिति फरक परेमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेखित मितिलाई आधार मान्ने भनी तत्कालीन श्री ५ को सरकार (म.पं.) बाट मिति २०५०/११/१६ मा निर्णय भएको देखिन्छ भने एस.एल.सी. भन्दा मुनी शैक्षिक योग्यता हुनेको हकमा के गर्ने भन्ने विषयमा पेश हुँदा त्यस्ताको हकमा पनि शैक्षिक योग्यताको प्रमाणपत्रलाई नै आधार मान्ने र सो आधार शंकास्पद देखिन आएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा वुझी प्रमाणित हुन आएमा मात्र त्यसलाई आधार मान्ने तर विदेशबाट प्रमाणपत्र लिएको रहेछ भने शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मितिलाई मान्यता नदिने गरी तत्कालीन श्री ५ को सरकार (मन्त्रीस्तर) बाट मिति २०५३/०२/०८ मा निर्णय भई सोही अनुसार सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र भएको देखिन्छ ।

अतः नेपाल नागरिकता ऐन, २०६३, नागरिकता नियमावली, २०६३ र माथि उल्लिखित परिपत्रहरुमा उल्लिखित प्रक्रियाहरु पूरा गरी नागरिकतामा रहेको जन्म मिति संशोधन गरेको भए मात्र कानून सम्मत हुने देखिन्छ । तसर्थ माथि उल्लिखित निर्णय बमोजिमको परिपत्रहरु समेत संलग्न गरी सोही व्यहोराको जवाफ अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखरामा पठाउने ।"

बोधार्थ :- श्री नागरिकता व्यवस्थापन शाखा
गृह मन्त्रालय ।

(नारायण न्यौपाने)
शाखा अधिकृत

D:\Nagarikta Section\NAGARIKTA SECTION 2076.077\letters of 2076.077.docx

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- नाराप/०७६/७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- 308

मिति:-२०७६/०८/१०

विषय: CIMS मा Entry गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा नेपाली नागरिकता वंशज, अंगीकृत/वैवाहिक अंगीकृत समेतको प्राप्ती, समाप्ती, पुनः प्राप्ती तथा नेपाल सरकारको निर्णयले नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिएका व्यक्तिहरुको विवरण अनिवार्य रुपमा CIMS मा अध्यावधिक (update) गर्नु हुन मिति २०७६/०८/१० को निर्णयानुसार अनुरोध छ ।

बोधार्थ
श्री सूचना प्रविधि शाखा,
गृह मन्त्रालय, सिंहदरवार:- अपडेट भए नभएको चेक गरी प्रतिवेदन गर्नु हुन ।

(अरुण सापकोटा)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

पत्र संख्याः- नाराप/०७६/७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 305

MIC 13

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः-२०७६/०८/११

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

उपरोक्त विषयमा श्रीमान् सचिवज्यूको अध्यक्षतामा मिति २०७६/०८/१ मा बसेको बैठकबाट भएको देहाय वमोजिमको निर्णय कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय

"सबै जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयहरुले अर्को आदेश नभएसम्म घुम्ती टोलीबाट नागरिकताको लागि आवश्यक पर्ने कागजातहरुको प्रकृयाका विषयमा जनचेतना जगाउने तर नागरिकता भने जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयबाट मात्र दिने व्यवस्था मिलाउने"।

(अरुण सापकोटा)
शाखा अधिकृत



D:\Nagarikta Section\NAGARIKTA SECTION...

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थाप शाखा)

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

पत्र संख्या:- नाराप/०७६/७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 330

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७६/०८/२२

विषयः राय सम्बन्धमा ।

श्री परराष्ट्र मन्त्रालय,
(नीति, योजना, विकास कूटनीति तथा विदेशमा रहेका नेपालीसम्बन्धी महाशाखा) ।
सिंहदरबार, काठमाडौ ।

तहाँको च.नं. **PPDO/ED-5100** मिति २०७६/०८/११ को पत्र प्राप्त भै व्यहोरा अवगत भयो । सो सम्बन्धमा नेपाली नागरिकताको प्रमाण-पत्र लिंदा बैकुण्ठ प्रसाद पराजुली नाम उल्लेख गरेको हुँदा जुन नाम थरबाट नागरिकता जारी भएको हो सोही नाम थर राखी नेपालको राहदानी बन्ने र सोही राहदानीको आधारमा व्यक्ति विदेश जाने अवस्था विद्यमान रहेको सन्दर्भमा गैर आवासीय नेपाली परिचय-पत्र जारी गर्ने क्षेत्राधिकार परराष्ट्र मन्त्रालयको भएको हुँदा सो सम्बन्धमा तहाँ मन्त्रालयबाटै आवश्यक निर्णय गर्न उपयुक्त हुने व्यहोराको राय लेखी पठाउने भनी मिति २०७६/०८/२० मा भएको (सचिव स्तरीय) निर्णय अनुसार अनुरोध छ ।

(अरुण सापकोटा
शाखा अधिकृत

\\Nagarikta Section\NAGARIKTA SECTION 2076.077\letters of 2076.077.docx

नेपाल सरकार
गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)
फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

पत्र संख्याः- नाराप/०७६/७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३४९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७६/०९/०९

विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

जिल्ला प्रशासन कार्यालयबाट मन्त्रालयमा निर्देशन माग गर्ने सम्बन्धमा एकरुपता नहुने र सामान्य विषयमा समेत विद्यमान ऐन, नियम, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट समय समयमा भएका निर्देशन/परिपत्र अध्ययन नगरी पत्राचार गर्ने गरेको पाइएकोले मन्त्रालयमा निर्देशन माग गर्ने सम्बन्धमा देहाय बमोजिम गर्न गराउनु हुन मिति २०७६/०९/०९ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

१) केही जिल्ला प्रशासन कार्यालयहरुले मन्त्रालयमा राय उपलब्ध गराइ पाउन भनी पत्राचार गर्ने गरेको पाइएकोले मन्त्रालयसँग राय माग नभई निर्देशन माग गर्नु हुन ।

२) कुनै पनि विषयमा निर्देशन माग गर्नु भन्दा अगाडि त्यस विषयसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट समय समयमा भएका निर्देशन/परिपत्रहरु अध्ययन गरी अस्पष्टता/द्विविधा उत्पन्न भएमा मात्र निर्देशन माग गर्नु हुन ।

३) निर्देशन माग गर्ने विषयवस्तुको संक्षिप्त व्यहोरा, निर्देशन माग गरिएको मुख्य विषय र त्यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट भएको पहल/अध्ययन/छानविन र राय सहित निर्देशन माग गर्नु हुन ।

४) निर्देशन माग गर्दा र मन्त्रालयमा पत्राचार गर्दा उपलब्ध भएसम्म प्रमुख जिल्ला अधिकारीबाट नै हस्ताक्षर गरी पठाउने व्यवस्था मिलाउनु हुन । साथै हस्ताक्षर गर्ने अधिकृतको नामथर र पद अनिवार्य रुपमा उल्लेख गर्नु हुन ।

५) प्रमुख जिल्ला अधिकारीले सामान्य किसिमका समस्याको पनि समाधानको पहल नगरी मन्त्रालयमा पत्राचार गर्ने गरेको पाइएकोले नागरिक/सेवाग्राहीलाई मर्का पर्ने गरेको गुनासो आउन थालेकोले बढी जिम्मेवार र उत्तरदायी भई सेवा प्रवाहलाई प्रभावकारी बनाउनु हुन ।

(नारायण न्यौपाने)
शाखा अधिकृत

D:\Nagarikta Section\NAGARIKTA SECTION 2076.077\letters of 2076.077.docx

नेपाल सरकार
गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन)

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

पत्र संख्या: नाराप/०७६/७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.: ४८६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः-२०७६/११/२७

विषयः- नागरिकता रद्द भएका व्यक्तिको अचल सम्पत्ति सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम "कुनै विदेशी व्यक्तिले झुठो विवरण वा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनेछ" भन्ने कानूनी व्यवस्था रहेको विदित्त नै छ । सो व्यवस्था बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश भएका निर्णयको छायाँप्रति प्राप्त गर्नु भएकै छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र रद्द भई नेपाली नागरिकबाट हटाइएका व्यक्तिको हैसियत विदेशी सरह हुने हुँदा विदेशी नागरिकको नेपालमा रहेको अचल सम्पत्ति मुलुकी देवानी संहिताको दफा ४३२ वा ४३३ को अधीनमा रही नेपाल सरकारको नाममा कायम गर्ने भनी माननीय गृह मन्त्रीस्तरको मिति २०७६/११/२० मा निर्णय भएकोले सो निर्णय कार्यान्वयन गर्न गराउन एवं कार्यान्वयनको प्रगति नियमित रुपमा मन्त्रालयमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ ।

२०७६/११/२८

(हरिचन्द्र बुढा)
शाखा अधिकृत

D:\Nagarikta Section\NAGARIKTA SECTION 2076.077\letters of 2076.077.docx

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फ्याक्स नं.:- ०१-४२११९४६
फोन नं.:- ०१-४२११२४५
ई-मेल:- nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:-नाराप/०७७/७८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४४०

मिति :- २०७७/१०/२८

विषय : राय सम्बन्धमा।

श्री परराष्ट्र मन्त्रालय,
(मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखा)
सिंहदरवार।

प्रस्तुत विषयमा तहाँको प.सं. CAWAA-WAA/077-78 च.नं. ३५२६ मिति २०७७/०७/२५ को पत्र साथ प्राप्त काठमाडौं स्थित इजरायलको राजदूतावासको मिति ९ नोभेम्वर २०२० को 091/FM/2020 नं. को नोटबाट राय माग भएको विषयमा यस मन्त्रालयबाट तपशिल बमोजिम राय पठाउने भनी निर्णय(सचिवस्तर) भएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ।

तपशिल :

क) बुंदा नं. १ का सम्बन्धमा : नेपालको संविधानको धारा ११ को उपधारा (७) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (२) मा विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोरा छोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ भन्ने व्यवस्था रहेको छ। नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन १६ वर्ष उमेर पुगेको हुनु पर्ने व्यवस्था गरेको हुँदा नेपालको प्रचलित कानून बमोजिम नाबालक (Minor) लाई नागरिकताको प्रमाणपत्र दिन मिल्ने देखिदैन। यदि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोरा छोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने मात्र निजलाई अङ्गीकृत नागरिकता प्रदान गर्न सकिने व्यवस्था गरी नेपाल बाहिर नेपाली नागरिक आमा र विदेशी बुबाबाट जन्मिएका छोरा वा छोरीको हकमा नेपाली नागरिकताको प्राप्ति प्रचलित नागरिकता सम्बन्धी कानूनको आधारमा नमिल्ने।

D:\Letters\Letter2077078.docx

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फ्याक्स नं.:- ०१-४२११११४६
फोन नं.:- ०१-४२११२४५
ई-मेल:- nagarikta@moha.gov.np

पत्र संख्या: नाराप/०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।


ख) बुँदा नं. २ का सम्बन्धमा : माथि बुँदा नं. १ को कानूनी व्यवस्थाको आधारमा नेपाल बाहिर नेपाली नागरिक आमा र विदेशी बुबाबाट जन्मिएका छोरा वा छोरीले नेपाली नागरिकता पाउन नसक्ने र नेपालको प्रचलित कानूनमा दोहोरो नागरिकता सम्बन्धी कानूनी व्यवस्था नरहेको।

ग) बुँदा नं. ३ का सम्बन्धमा : विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट विदेशमा जन्मिएका व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न नसक्ने हुँदा नेपालमा आउन प्रचलित अध्यागमन नियमावली, २०५१ को नियम ८ को उपनियम (१) खण्ड (ज१) बमोजिम नेपाली मूलका विदेशी वा नेपाली बाबु वा आमाको विदेशी राहदानी वाहक सन्तान नेपालमा कुनै नातेदार भेट्न आउने भएमा वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी बाबु, आमा, दाजु, भाइ, दिदी वा बहिनी सम्बन्धित दूतावासको नाता खुलेको सिफारिससहित निजलाई भेट्न आउने भएमा, त्यस्तो व्यक्तिलाई गैर पर्यटक भिसा दिइने व्यवस्था रहेको।

(संगम सापकोटा)
शाखा अधिकृत

D:\Letters\Letter2077078.docx

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४५
E-mail: nagarikta@moha.gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थाप)

पत्र संख्या: नाराप/०७६/७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४८६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः-२०७६/११/२७

विषयः- नागरिकता रद्द भएका व्यक्तिको अचल सम्पत्ति सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम "कुनै विदेशी व्यक्तिले झुठो विवरण वा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनेछ" भन्ने कानूनी व्यवस्था रहेको विदित्त नै छ । सो व्यवस्था बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश भएका निर्णयको छायाँप्रति प्राप्त गर्नु भएकै छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र रद्द भई नेपाली नागरिकबाट हटाइएका व्यक्तिको हैसियत विदेशी सरह हुने हुँदा विदेशी नागरिकको नेपालमा रहेको अचल सम्पत्ति मुलुकी देवानी संहिताको दफा ४३२ वा ४३३ को अधीनमा रही नेपाल सरकारको नाममा कायम गर्ने भनी माननीय गृह मन्त्रीस्तरको मिति २०७६/११/२० मा निर्णय भएकोले सो निर्णय कार्यान्वयन गर्न गराउन एवं कार्यान्वयनको प्रगति नियमित रुपमा मन्त्रालयमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ ।

२०७६/११/२८

(हरिचन्द्र बुढा)
शाखा अधिकृत

D:\Nagarikta Section\NAGARIKTA SECTION 2076.077\letters of 2076.077.docx

नेपाल सरकार
गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फ्याक्स नं. ०१४२११११४६
फोन नं. ०१-४२११२४५
ई-मेल:-nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या: ०७६/०७७
प्राप्त पत्र संख्या र मिति
च.नं.: ४२१

मितिः २०७७/०३/०९

विषयः राय पठाइएको सम्वन्धमा ।

श्री परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाण्डौ।

उपर्युक्त विषयमा तहाँ मन्त्रालयको प. सं. २०७६/०७७, च. नं. GA/LAW १००४०, मिति २०७७/०१/२८ को प्राप्त पत्रद्वारा राय माग गरिएको विषयमा "बिना विवाह नेपाली महिलाबाट विदेशमा जन्मिएको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई नेपालको नागरिकता प्रदान गर्ने सम्बन्धमा नेपालको संविधान र अन्य प्रचलित कानूनहरुमा स्पष्ट व्यवस्था नभएको परिप्रेक्ष्यमा त्यस्ता व्यक्तिलाई नेपाली नागरिकता प्रदान गर्न नमिल्ने हुँदा सोही व्यहोराको जबाफ तहाँ मन्त्रालयमा पठाउने" भनी मिति २०७७/०३/०१ मा सचिवस्तरीय निर्णय भएकाले सोही व्यहोरा अनुरोध छ ।

(हरिचन्द्र बुढा)
शाखा अधिकृत

o/c

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्याः- नाराप/०७७/७८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ७४९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७७।११।१३

विषयः निर्देशन सम्बन्धमा ।

**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**
**श्री इलाका प्रशासन कार्यालय, CIMS लागू भएका सबै ।**
**श्री सीमा प्रशासन कार्यालय, CIMS लागू भएका सबै ।**

प्रस्तुत विषयमा नेपाली नागरिकताको प्रमाणपत्र वितरण सम्बन्धी अभिलेखलाई व्यवस्थित, वैज्ञानिक, आधुनिक एवं Paperless बनाउनका लागि नागरिकताको प्रमाणपत्र जारी गर्दा प्रमाणको रुपमा पेश गरिने अनुसूची लगायतका प्रमाणजन्य कागजातहरू (Supporting Documents) नागरिकताको विस्तृत विवरण रहने *नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS)* मा मिति २०७८/०१/०१ देखि अनिवार्य अपलोड गर्ने सम्बन्धमा मिति २०७७/११/०४ मा यस मन्त्रालयबाट देहायबमोजिम (सचिवस्तरीय) निर्णय भएको हुँदा सोही बमोजिम गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

देहायः

१. VPN जडान भई अनलाइन प्रणालीबाट नागरिकताको प्रमाणपत्र वितरण सुरु गरेका जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूले मिति २०७८/०१/०१ बाट अनिवार्य रुपमा अनुसूची (दुवैतर्फ), वंश खुल्ने कागजात तथा जन्म मिति र स्थान खुल्ने कागजात लगायतका महत्वपूर्ण प्रमाणजन्य कागजातहरू CIMS मा अनिवार्य अपलोड गर्ने व्यवस्था मिलाउने ।

२. CIMS मा अपलोड गर्ने अनुसुचीमा पेश गर्ने कर्मचारी तथा सदर गर्ने अधिकारीको नामथर, पद र मिति स्पष्ट उल्लेख गरी हस्ताक्षर भएको हुनुपर्ने र सोको नियमित निर्देशन र अनुगमनको व्यवस्था मिलाउने ।

३. आफ्नो कार्यक्षेत्र भित्रका स्थानीय तहहरूसँगको समन्वयमा अनुसूची फाराम लगायतका कागजातहरूको साइजमा एकरुपता कायम गर्न A4 साइजको कागज मात्र प्रयोग गर्न अनिवार्य गर्ने।

४. कागजात अपलोड गर्दा अरु समयमा भन्दा बढी समय खर्च हुने हुँदा प्रविष्ट तथा अपलोड गर्ने जनशक्तिको कार्यविवरण/कार्यभार पुनरावलोकन गर्ने, उक्त कार्यको लागि Dedicated कर्मचारीको

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- नाराप/०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

व्यवस्था गर्ने तथा निजामती कर्मचारी प्रशासन शाखा, गृह मन्त्रालयसँगको समन्वयमा जनशक्तिको कुशल व्यवस्थापन गर्ने ।

५. कागजात Scan गरी अपलोड गर्नका लागि उपयुक्त किसिमको स्क्यानर (सम्भव भएसम्म Duplex Scanner with Document Feeder) को व्यवस्था गर्ने । कागजात अपलोड गर्ने सन्दर्भमा Lease Line (VPN) को मौजुदा Bandwidth नपुग हुने अवस्था भएमा सूचना प्रविधि शाखा, गृह मन्त्रालयसँगको समन्वयमा Bandwidth थप गर्ने ।

(सन्तोष शर्मा)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थः

श्री सुचना प्रविधि शाखा, गृह मन्त्रालयः माथि उल्लिखित बुँदा नं. १ को कार्यान्वयको सन्दर्भमा कार्यचाप बढी भएका जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूमा मौजुदा Bandwidth पर्याप्त नहुने अवस्था भएमा मिति २०७८/०१/०१ भित्र उक्त जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूमा आवश्यकताअनुसार इन्टरनेट (Lease Line - VPN) को Bandwidth थप गरी पर्याप्त Bandwidth को व्यवस्था गरिदिनुहुन ।

श्री निजामती कर्मचारी प्रशासन शाखा, गृह मन्त्रालयः माथि उल्लिखित बुँदा नं. ४ कार्यान्वयनको लागि सम्बन्धित जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूमा जनशक्ति व्यवस्थापनमा सहजीकरण गरिदिनुहुन ।

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।)

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फोन नं.:- ०१-४२११२४५
ई-मेल:- nagarikta@moha.gov.np

पत्र संख्या:- नाराप/०७७/७८

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ४६८

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति :- २०७८/०१/०५

**विषय : नागरिकतामा थर सच्याउने सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय (सबै)।

प्रस्तुत विषयमा समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातिय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरेमा छानविन गरी व्यहोरा मनासिब देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिन सकिने व्यहोराको समय-समयमा गरिएको निर्देशन अवगत नै होला।

मन्त्रालयबाट नागरिकतामा थर सच्याउने सम्बन्धमा भएका निर्देशन अनुसारको कार्यान्वयन कतिपय जिल्लाहरुबाट नभएको भन्ने व्यहोराको जानकारी नेपाल खड्गी सेवा समितिको प.सं. ५०३ च.नं. ०७७/७८ मिति २०७७/१२/०५ को पत्रबाट प्राप्त भएको हुँदा यस सम्बन्धमा मन्त्रालयबाट समय-समयमा भएको निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु हुन मिति २०७८/०१/०३ को निर्णयानुसार (सचिवस्तर) अनुरोध छ।

२०७८।१।५

.....................

(संगम सापकोटा)

शाखा अधिकृत

<u>बोधार्थ :</u>

श्री नेपाल खड्गी सेवा समिति, मरुढोका, इन्द्रसभास्थान, काठमाडौं।

नेपाल सरकार
फोन नं. ०१-४२११२४५, ४२१११४६
इमेल: nagarikta@moha.gov.np
गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्याः ८४२०७
चलानी नं. :- २८६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

**मितिः २०७८/०६/२०**

**विषयः निर्देशन ।**

**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**

**श्री ईलाका प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ४४५ मिति २०७८/०५/२१ को पत्रबाट कानूनी प्रावधान बमोजिम भएको विवाह दर्ता र जन्मदर्ताको विषयमा जिल्ला प्रशासन कार्यालयले घटना दर्ताको प्रमाणपत्र माथि नै वैधताको प्रश्न गर्ने गरेको पाइएकोले परिपत्र गरी सहजीकरण गरिदिनुहुन भनी अनुरोध भई आएको सम्बन्धमा तपसिल बमोजिमको निर्देशन दिने भनी निर्णय (सचिवस्तर) भएकोले आवश्यक कार्यान्वयनका लागि अनुरोध छ ।

**तपसिल :**

कानूनले बदरयोग्य र बदर घोषित गरेका वीस वर्ष उमेर नपुगी भएका विवाह, पुरुष र महिलाको मञ्जुरी नभई भएको विवाह, विवाहित पुरुष वा महिलाको वैवाहिक स्थिति कायम रहेको अवस्थामा गरेको अर्को विवाह, जबरजस्ती करणी वा हाडनाता करणीबाट जन्मिएको वा झुक्याई विवाह गरेको र मुलुकी देवानी संहिता, २०७४ को दफा ७०(२) बमोजिम आफ्नो धर्म र संस्कृति अनुसार कुलमा चलि आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह अगाडि नै जन्मिएका बच्चाको जन्म दर्ता गर्न र सोही अनुसार जन्म प्रमाणित गर्न सकिने कानूनी प्रावधान रहेको हुँदा सोही प्रावधान बमोजिम भएको विवाह दर्ता र जन्म दर्ताको विषयलाई कानूनी रुपमा भएको वैध कार्य मानी काम कारवाही अगाडि बढाउन, सबै जिल्ला प्रशासन कार्यालय, ईलाका प्रशासन कार्यालयहरुलाई निर्देशन दिने ।

(संगम सापकोटा)
शाखा अधिकृत

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।)

नेपाल सरकार
# गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फोन नं. ०१-४२११२४५, ४२११११४६
इमेल: nagarikta@moha.gov.np

पत्र संख्या:- ८४२०७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३९५

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७८/०७/२६

**विषयः निर्देशन ।**

**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**

**श्री इलाका प्रशासन कार्यालय, सबै ।**

**श्री सीमा प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) को च.नं. १०१०, मिति २०७८/०७/०४ को पत्रबाट सानीभेरी-५, रुकुम (पश्चिम) स्थित पशुपति रिजाल (वीर बहादुर कुसारी) ले दोहोरो नागरिकता लिएकोमा झुठ्ठा विवरण पेश गरी पहिलो पटक लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द हुने ठहरी सम्मानित रुकुम जिल्ला अदालत, मुसिकोट रुकुमबाट फैसला भएको तर नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को दफा ३४(३) मा पछिल्लो पटक लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्नुपर्ने व्यवस्था रहेको हुँदा नागरिकता रद्द गर्न द्विविधा उत्पन्न भएकोले निर्देशनको लागि अनुरोध भई आएको छ । उक्त सम्बन्धमा देहायबमोजिम गर्नु/गराउनुहुन मिति २०७८/०६/१७ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

**देहायः**

१. कुनै नेपालीले झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको ठहरी सम्मानित अदालतबाट फैसला भई कार्यान्वयनको लागि आएमा सम्मानित अदालतबाट जुन नागरिकताको प्रमाणपत्र रद्दको लागि फैसला भएको हो, सोही नागरिकता रद्द गरी सही विवरण पेश गरी लिएको नागरिकता कायम राख्ने ।

२. कुनै नेपालीले झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित भई नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ बमोजिम नागरिकताको प्रमाणपत्र रद्द गर्दा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को दफा ३४(३) बमोजिम गर्ने ।

२०७८/०७/२६
..................
(सन्तोष शर्मा)
शाखा अधिकृत

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।)

नेपाल सरकार

फोन नं. ०१-४२११२४५, ४२११११४६

इमेल: nagarikta@moha.gov.np

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सिंहदरबार,

काठमाडौं, नेपाल ।

पत्र संख्या: ०७८/७९

चलानी नं.: ८४२०७

मिति: २०७८/०७/२६

३०५

**विषय: निर्देशन ।**

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

श्री इलाका प्रशासन कार्यालय, सबै ।

श्री सीमा प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) को च.नं. १०१०, मिति २०७८/०७/०४ को पत्रबाट सानीभेरी-५, रुकुम (पश्चिम) स्थित पशुपति रिजाल (वीर बहादुर कुसारी) ले दोहोरो नागरिकता लिएकोमा झुठ्ठा विवरण पेश गरी पहिलो पटक लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द हुने ठहरी सम्मानित रुकुम जिल्ला अदालत, मुसिकोट रुकुमबाट फैसला भएको तर नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को दफा ३४(३) मा पछिल्लो पटक लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्नुपर्ने व्यवस्था रहेको हुँदा नागरिकता रद्द गर्न द्विविधा उत्पन्न भएकोले निर्देशनको लागि अनुरोध भई आएको छ । उक्त सम्बन्धमा देहायबमोजिम गर्नु/गराउनुहुन मिति २०७८/०६/१७ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

**देहायः**

१. कुनै नेपालीले झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको ठहरी सम्मानित अदालतबाट फैसला भई कार्यान्वयनको लागि आएमा सम्मानित अदालतबाट जुन नागरिकताको प्रमाणपत्र रद्दको लागि फैसला भएको हो, सोही नागरिकता रद्द गरी सही विवरण पेश गरी लिएको नागरिकता कायम राख्ने ।

२. कुनै नेपालीले झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित भई नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ बमोजिम नागरिकताको प्रमाणपत्र रद्द गर्दा नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को दफा ३४(३) बमोजिम गर्ने ।

२०७८/०७/२६

(सन्तोष शर्मा)

शाखा अधिकृत

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।)

नेपाल सरकार
फोन नं. ०१-४२११२४५, ४२११९४६
ईमेलः nagarikta@moha.gov.np

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

पत्र संख्याः८४२०७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 328

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७८/०८/०६

<u>विषयः निर्देशन ।</u>

**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**
**श्री इलाका प्रशासन कार्यालय, सबै ।**
**श्री सीमा प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, रौतहटको च.नं. ३२, मिति २०७८/०४/०४ को पत्रबाट नेपाली नागरिकताको प्रमाणपत्रको लागि निवेदन दिने निवेदकको दुवै हात नभएको अवस्थामा अनुसूची फाराम र नेपाली नागरिकताको प्रमाणपत्र लगायतका कागजातहरुमा ल्याप्चे सहिछाप गर्ने/गराउने सम्बन्धमा द्विविधा भएकोले निर्देशनको लागि अनुरोध भई आएको छ ।

उक्त सम्बन्धमा **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद ४ को दफा ३१, ३२, ३३ र ३४ मा भएको व्यवस्था बमोजिम रेखात्मक सहिछाप (ल्याप्चे) को रीत पुऱ्याई सहिछाप गर्न गराउन सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गर्ने** भनी मिति २०७८/०८/०१ मा (सचिवस्तरीय) निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७८/०८/०६

(सन्तोष शर्मा)
शाखा अधिकृत

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।)

फोन नं. ०१-४२११२४५, ४२११९४६
इमेल: nagarikta@moha.gov.np

गृह मन्त्रालय
(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या: ८४२०७
चलानी नं.: 0236

मितिः २०७८/०८/१४

<u>विषयः निर्देशन ।</u>

**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**
**श्री इलाका प्रशासन कार्यालय, सबै ।**
**श्री सीमा प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा यस मन्त्रालयको मिति २०७५/०६/०९ को (मा. मन्त्रिस्तरीय) निर्णयानुसार *नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिनेसम्बन्धी कार्यविधि, २०७५* स्वीकृत भई गृह मन्त्रालयमा रहेको नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) को केन्द्रीय सर्भरमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रको डाटाको पहुँच तहाँ कार्यालयहरूलाई प्रदान भएको व्यहोरा अवगत नै छ । त्यस्तै, नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ को दफा ४० को उपदफा ६ मा *"साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाईं सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाईं सराईको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रतिलिपी माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकता सम्बन्धी प्रामाणिक अभिलेख मगाई <u>वा नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) अनुरुप गृह मन्त्रालयको केन्द्रीय विद्युतीय भण्डार (सर्भर) मा भएको अभिलेख हेरी</u> सोको आधारमा प्रतिलिपी दिई साविक कार्यालयलाई जनाउ दिनुपर्छ"* भनी यस मन्त्रालयको मिति २०७५/०९/०९ को (सचिवस्तरीय) निर्णयानुसार संशोधन भएको जानकारीसहित सोही बमोजिम गर्न गराउन यस मन्त्रालयको च.नं. ३७४, मिति २०७५/०९/१२ को पत्रबाट निर्देशन भएकै छ ।

उल्लिखित व्यवस्थाका बाबजुद कतिपय जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूबाट संशोधित व्यवस्थाबमोजिम नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) को केन्द्रीय सर्भरमा रहेका नागरिकतासम्बन्धी डाटाहरूको प्रयोग गर्नुको सट्टा पुरानै तरिकाबाट अभिलेख मगाउने गरेका र सो कार्यबाट सेवाग्राहीहरूलाई अनावश्यक मर्का पर्न गएको गुनासो प्राप्त भएको छ । अतः साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिई हाल अन्य जिल्लामा बसाईं सरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाईं सराईको तथा विवाहको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रतिलिपी माग गरेमा वा सेवाग्राहीहरूले विभिन्न सेवा लिने क्रममा पेश गर्ने नागरिकताको प्रमाणपत्र रुजु गर्न समेत यस मन्त्रालयको नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) को केन्द्रीय सर्भरमा रहेको नेपाली नागरिकताको प्रमाणपत्रको डाटाको प्रयोग गरी सरल एवं छिटो छरितो माध्यमबाट सेवा प्रवाह गर्नुहुन आदेशानुसार अनुरोध छ ।

२०७८/०८/१४

(लिला कुमारी के.सी.)
उप-सचिव

**<u>बोधार्थः</u>**
श्री महाशाखा प्रमुख, नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा, गृह मन्त्रालय ।

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ ।)

O/C

M/C

फोन नं. ०१-४२११२४५, ४२११११४६
इमेलः nagarikta@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

८४२०७

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४४२

सिंहदरबार,
काठमाडौं, नेपाल।
मितिः २०७८/०९/१९

**विषयः निर्देशन।**

**श्री मातहतका निकाय, सबै।**

प्रस्तुत विषयमा मातहतका कार्यालयहरूबाट समय समयमा सेवा प्रवाहको क्रममा आईपर्ने समस्याहरूको मौजुदा कानूनी व्यवस्थाबाट निकास ननिस्केको अवस्थामा यस मन्त्रालयमा निर्देशन माग हुने गरेको तथा मन्त्रालयबाट समेत उक्त समस्याहरूउपर विस्तृत छलफल गरी निकास सहितको निर्देशन दिने गरिएको विदितै छ। तर कतिपय अवस्थामा कतिपय कार्यालयहरूबाट सेवा प्रवाहको क्रममा सिर्जित प्रश्नको सम्बन्धमा पर्याप्त अध्ययन/अनुसन्धान तथा निकासको पहल नै नभई निर्देशन माग हुने गरेकोले निर्देशन प्रक्रिया नै प्रभावित हुन पुगेको तथा आधारभूत सेवाको लागि समेत सेवाग्राहीहरूले अनावश्यक विलम्बको सामना गर्नुपरेबाट निर्देशन प्रक्रियामा एकरूपता कायम गर्नुपर्ने आवश्यकता बोध भएको छ।

अतः तहाँ कार्यालयहरूबाट सेवा प्रवाहको क्रममा यस मन्त्रालयमा निर्देशन माग गर्दा यसैपत्रसाथ संलग्न स्वीकृत ढाँचामा, संलग्न निर्देशिका बमोजिमको प्रक्रिया पुऱ्याएर माग गर्नुहुन यस मन्त्रालयको मिति २०७८/०९/१३ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ।

२०७८/०९/१९

(सन्तोष शर्मा)
शाखा अधिकृत

**<u>बोधार्थ/कार्यार्थः</u>**

**श्री सबै महाशाखा, गृह मन्त्रालय।**

**श्री सबै शाखा, गृह मन्त्रालयः** मातहतका निकायबाट निर्देशन माग भई मन्त्रालयबाट निर्देशन हुँदा संलग्न निर्देशिकाबमोजिम, स्वीकृत ढाँचामा माग भएका निर्देशनहरूउपर मात्र कारवाही हुन तथा रित नपुऱ्याई माग हुने निर्देशनहरूको हकमा रित पुऱ्याई पेश गर्न लगाउनुहुन।

(पत्रको जवाफ पठाउँदा यस शाखाद्वारा प्रेषित पत्रको च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ।)

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः–

प्राप्त पत्र संख्या र मितिः–

च.नं.:–

सिंहदरवार,

काठमाडौं, नेपाल।

## मातहतका निकायबाट गृह मन्त्रालयमा निर्देशन माग गर्दा पुऱ्याउनुपर्ने रीतसम्बन्धी निर्देशिकाः

### खण्ड कः निर्देशन माग गर्ने ढाँचा भर्दा पुऱ्याउनुपर्ने रीत

१. **"विषयवस्तुको संक्षिप्त व्यहोरा"** अन्तर्गत विषयवस्तुको पृष्ठभूमी, निवेदकले पेश गरेका तथा कार्यालयमा रहेका तथ्य प्रमाणहरू, आर्थिक दायित्व (यदि पर्ने भए) लगायतका विषयहरू छोटकरीमा उल्लेख गर्ने। यसरी विवरण उल्लेख गर्दा सम्भव भएसम्म कालक्रम (Chronological Order) अनुसार सरोकार पर्ने मितिहरू खुलाई लेख्ने।

२. **"विद्यमान कानूनी व्यवस्था"** अन्तर्गत उक्त विषयसँग सम्बन्धित मौजुदा ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड लगायतमा भएको व्यवस्था, सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा प्रतिपादित नजीर तथा मन्त्रालयबाट भएका पूर्व निर्देशन/परिपत्रहरूको विवरण लगायत उल्लेख गर्ने।

३. **"निर्देशन माग गर्नुपर्नाको कारण र सिर्जित प्रश्न"** अन्तर्गत सिर्जित समस्या तथा प्रश्न र त्यसको औचित्य, समस्याको समाधान नहुँदा सेवाग्राहीमा पर्न सक्ने मर्का, समाधानको आवश्यकता र त्यसबाट पर्न सक्ने प्रभाव लगायतका विवरण उल्लेख गर्ने। सिर्जित प्रश्न उल्लेख गर्दा जुन विषयमा निर्देशन आवश्यक परेको हो, क), ख), ग) गरी बुँदागत रुपमा प्रश्नगत रुपमा लेख्ने ।

४. **"महानिर्देशक/कार्यालय प्रमुख/प्रमुख जिल्ला अधिकारीबाट भएको पहल र प्रगति"** अन्तर्गत प्रमुख जिल्ला अधिकारीले राय परामर्श लिएको भए सोको विवरण, यथार्थ बुझ्न गरिएको पत्राचार तथा सर्जमिनबाट खुलेको तथ्य, माग गरिएको सिफारिसबाट खुलेको विवरण, प्रहरी प्रतिवेदन तथा गोप्य प्रतिवेदनबाट खुलेको विवरण, यसपूर्व कुनै निर्णय भएको भए सोको विवरण र तत्प्रयासबाट भएको प्रगति उल्लेख गर्ने।

५. **"महानिर्देशक/कार्यालय प्रमुख/प्रमुख जिल्ला अधिकारीको राय"** अन्तर्गत प्रस्तुत विषयमा आईपरेको समस्या र यस विषयमा निर्णय हुन उपयुक्त हुने विकल्प (Wayout) सहितको स्पष्ट राय उल्लेख गर्ने।

### खण्ड खः निर्देशन माग गर्दा ध्यान दिनुपर्ने अन्य विषय

६. कुनै विषयमा निर्देशन माग गर्नुपूर्व त्यस विषयसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मन्त्रालयबाट समय समयमा भएका निर्देशन/परिपत्रहरू अध्ययन गरी द्विविधा/अस्पष्टता उत्पन्न भएको खण्डमा मात्र निर्देशन माग गर्ने। निर्देशन माग गरिएको विषयसँग सम्बन्धित कागजातहरू संलग्न गर्ने।

७. सिर्जित समस्याको हकमा महानिर्देशक/कार्यालय प्रमुख/प्रमुख जिल्ला अधिकारीबाट पर्याप्त पहल/अध्ययन/छानविन/अनुसन्धान भएपछि मात्र स्पष्ट रायसहित निर्देशन माग गर्ने । उस्तै प्रकृतिको विषयमा सोही अधिकारीलाई पहिले निर्देशन दिईसकिएको भए पुनः निर्देशन माग नगर्ने।

८. नीतिगत विषयमा निर्देशन माग नगर्ने तथा अदालतमा विचाराधीन विषयमा निर्देशन माग नगर्ने।

९. निर्देशन माग गर्दा विभागको हकमा महानिर्देशक, कार्यालयको हकमा कार्यालय प्रमुख तथा जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयहरूको हकमा प्रमुख जिल्ला अधिकारी वा नि. प्रमुख जिल्ला अधिकारीको हस्ताक्षरबाट मात्र गर्ने। इलाका/सीमा प्रशासन कार्यालयहरूबाट निर्देशन माग गर्दासमेत प्रमुख जिल्ला अधिकारीमार्फत माग गर्ने। हस्ताक्षरपश्चात् हस्ताक्षर गर्ने व्यक्तिको नामथर र पद स्पष्ट रुपमा खुलाउने।

१०. सामान्य प्रकारका समस्याहरूको हकमा समेत महानिर्देशक/कार्यालय प्रमुख/प्रमुख जिल्ला अधिकारीबाट समाधानको पहल नगरी मन्त्रालयमा पत्राचार गर्दा सेवाग्राही/नागरिकहरूमा पर्न जाने मर्काको ख्याल राखी जिम्मेवार र उत्तरदायी भई निर्देशन माग गर्ने।

(स्वीकृत मितिः २०७८/०९/१३)

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल सरकार गृह मन्त्रालय

..........................................................**

मितिः २०.../.../...

**विषयः निर्देशन सम्बन्धमा ।**

**१. विषयवस्तुको संक्षिप्त व्यहोराः**

**२. विद्यमान कानूनी व्यवस्थाः**

**३. निर्देशन माग गर्नुपर्नाको कारण तथा सिर्जित प्रश्नः**

**४. महानिर्देशक/कार्यालय प्रमुख/प्रमुख जिल्ला अधिकारीबाट भएको पहल र प्रगतिः**

**५. महानिर्देशक/कार्यालय प्रमुख/प्रमुख जिल्ला अधिकारीको रायः**

......हस्ताक्षर........

(निकाय प्रमुखको नाम, थर)

पद

(स्वीकृत मितिः २०७८/०९/१३)

**** सम्बन्धित निकाय/कार्यालयले आफ्नै पत्रशीर (Letterhead) मा यो ढाँचामा विवरण भरी निर्देशन माग गर्नुपर्नेछ ।**